श्री मदध्यात्म रामायण भाषानुवाद

पद्वाक्यादि विशेषमा

भावादि बोधक टिप्पणी सहित

अनुवादकः–

पं० कोशनाथ देवकोटा

संशोधकः–

पं० जगन्नाथ मिश्र

प्रकाशिकाः–

महारानी कमलादेवी राणा

श्री मदध्यात्म रामायण भाषानुवाद

पद्वाक्यादि विशेषमा

भावादि बोधक टिप्पणी सहित

अनुवादकः–

पं० कोशनाथ देवकोटा

|||

संशोधकः–

पं० जगन्नाथ मिश्र

|||

प्रकाशिकाः–

महारानी कमलादेवी राणा

मुद्रक :–

नेपाल प्रिन्टिंग सर्विस

१२२, असन त्यौड टोल

काठमाडौं–११ ।

निवेदन

रामायणको परिचय, – त्यो पनि हिन्दुजगतलाई दिनखोज्नु–सूर्यको गतिबिधिलाई नै आधार बनाई समस्तक्रियाकलाप सम्पन्न गर्ने हिन्दुजगत्लाई, सूर्यको परिचय दिनु जस्तै हो। तरपनि परंपराको निर्वाहनिमित्त दुइ चार शब्द पाठकवर्गको लागि प्रस्तुत गर्दैछू।

वैदिक युग देखि सुचारुरूपले चलेको सामाजिक ब्यवस्था, पछि गएर खलबलिएकोले त्यसलाई नियन्त्रित गरी आदर्शलोकचरित्र सृष्टि गर्न बाल्मीकिले बाल्मीकि रामायणको रचना गर्नुभए जस्तै, सामाजिक अब्यवस्थाले खलबलिएको प्राचीन आध्यत्मिक ब्यवस्थालाई, सुब्यवस्थितरूपबाट बोधगम्य बनाइ तत्त्वजिज्ञासुहरूको जिज्ञासा शान्त गर्न, यस अध्यात्मरामायणको रचनाभएको हो।

यसबाट, शिवजीले आफ्नी प्रियतमापत्नी पार्वतीलाई परमआत्मतत्त्वको रूपमा रामको परिचय गराउनु भएको छ। यसमा श्रीरामलाई परमतत्त्वको रूपमा प्रतिष्ठापन गर्दै त्यसकै संदर्भमा, पद–पद मा भक्ति ज्ञान उपासनाको लक्षण, तिनको परिपाकविज्ञानकालक्षणको परिचयका साथै, नीति र सदाचार सम्बन्धी अमूल्य-उपदेश, समावेश गरिएकाछन्।

हरेक विषयकालक्षण र दृष्टान्त समेतको विवरणबाट, यो ग्रन्थ अध्यात्मतत्त्वविवेचन प्रधान भएको हुनाले नै "अध्यात्मरामायण" नामले प्रसिद्ध छ। यसमा, उपदेशका प्रसङ्गमा आएका, कुनैपनि कथा उपाख्यानहरू कममहत्त्वका छैनन्। साथै, यस ग्रन्थका मूलस्थपदवाक्यादिको यथार्थ बोधलाई, श्रुति स्मृति दर्शनका साथै कहीँ–कहीँ आगम आदिको पनि विशेषज्ञान आवश्यक पन आउने हुनाले, त्यसको पनि आवश्यक अंश, टीकाटिप्पणीबाट समावेश गरिएकोछ।

ऋषि देवता योगीहरूको समेत अनिर्वचनीय भएको 'परमात्मतत्त्व' को यथार्थ स्पष्ट विवेचन – जो यस ग्रन्थको विषय हो, – केवल शब्दबाट मात्र कसरी हुन सकला? जो अवाङ्मनसगोचर छ! तथापि यस विषयलाई यथासम्भव सरल र सुबोध गराउन प्रयत्न गरिएकोछ।

हुन त, आर्यजगतमा सर्वत्र र सदा सम्मान्य भएको यस ग्रन्थको, अनेक भाषामा अनुवाद हुनुको साथै, नेपाली भाषामा पनि भएकोछ, परन्तु मूलग्रन्थमा बीच-बीचमा प्रयोग भएका विशेष पद र वाक्यहरूमा

मुख्यअर्थांशको बोध, अन्य दार्शनिकग्रन्थमा भरपर्ने हुनाले त्यस्ता विषयलाई समेत सप्रमाण यथासक्य टीका, टिप्पणी आदिको रूपले स्पष्ट गराई अनुवाद गरिएको यस्तो ग्रन्थ, आजसम्म अन्यत्र नदेखिएको र आज, भोलि धार्मिक जनतामा गीताको व्याख्यान, वेदान्तको भाषण, एकान्तवास इत्यादिमा चाखपनि बढदै गएको देखिएकोले, त्यस्ता विषय र जिज्ञासुलाई समेत सहायक हुन सक्ने भएकोछ ।

यसैग्रन्थमा उल्लेखगरिएका सृष्टिक्रम, तत्त्वको बोध, साधु सज्जनको लक्षण, भक्तिको साधन, भक्ति ज्ञान विज्ञानकामार्गको र क्रियामार्गको उपदेश, देहादि उत्पत्तिको क्रमबोध, भक्ति र भक्तकोलक्षण तपस्याकोलक्षण आदिकोमनन र अभ्यासद्वारा जीवात्मा र परमात्माको एकताबोध हुनसकेमा, यसै ग्रन्थमा लेखिएका सात्त्विक राजस तामसलक्षण तपस्याहरूका मध्यमा, राजस तामसलक्षण तपस्याबाट केवल अभिमान बढी त्यसबाट हुनआउने,–आफ्नो आत्मस्तुति, त्यस्तै–स्वार्थ प्रेरित अहंमन्यताबाट भएकोदुराग्रहद्वारा अरूलाई होच्याउनु आदि अहंकारी प्रवृत्तिलाई छुटाउनु नै आजका युगको प्रथमआवश्यक कर्तव्य हुंदा, तत्तद्विषय समेतको बोधलाई उपयुक्त प्रामाणिक टिप्पणी समेतगरी, धार्मिक जनताकाहितका निमित्त प्रस्तुत गरिएकोछ ।

यो गूढार्थक ग्रन्थको अनुवाद, सबै अंश श्लोकवद्ध गर्दा भाव र रहस्य पूर्णरूपबाट स्पष्ट हुन नसक्ने भएकोले, कथा भाग गद्यद्वारा गरिएको छ; स्तुतिहरू भने मूलग्रन्थमा जुन छन्द र जति श्लोकमा लेखिएका छन्, तिनलाई त्यसैछन्दमा र त्यत्तिनै श्लोकमा अनुवाद गरी विशेष बोधलाई टीका टिप्पणी गरिएकोछ ।

भावबोधनमा, समर्थशब्दहरूको कमी भएको र पर्यायशब्दहरूको पर्याप्तता पनि नरहेको हाम्रो नेपाली भाषामा गरिएको– यस गूढार्थकग्रन्थको अनुवादमा, स्वभावतः हुनजाने त्रुटि र यत्र–कुत्र अज्ञानवश वा दृष्टिदोषबाट रहन गएका केहि त्रुटिहरूमा, गुणैक पक्षपाती विद्वज्जन प्रति क्षमाप्रार्थी छू ।

अनुवादक

श्रीमदध्यात्म रामायणका कथाको अनुक्रमणिका

बालकाण्ड

विषय	सर्ग	पेज
अध्यात्मरामायणको प्रारम्भमा, व्यास जीबाट मंगलाचरणको साथै रामायणको संक्षेपफलस्तुति (पद्य), पार्वतीबाट भक्ति बैराग्य विज्ञान सहित ज्ञानको विषयमा र रामको विषयमा प्रश्न, शिवजीबाट रामका तत्त्वको व्याख्यान...	१	१
राक्षसका भारले पानीमा धसिएकी पृथिवीले भूभारहरणलाई ब्रह्मामा प्रार्थना गर्दा ब्रह्माबाट नारायणमा प्रार्थना, नारायणबाट आफ्नो र सीताको भावीजन्म सूचना	२	६
राजा दशरथले गरेको पुत्रकामेष्टियज्ञको प्रभावले कौशल्याबाट चतुर्बाहुरूप रामकोजन्म हुँदा कौशल्याबाट स्तुति (पद्य), कैकेयीबाट भरतकोजन्म, सुमित्राबाट लक्ष्मण र शत्रुघ्न दुइकोजन्म, रामको बाललीला इत्यादि......	३	८
अयोध्यामा, विश्वामित्रको आगमन, वसिष्ठको सम्मतिले दशरथबाट, विश्वामित्रका साथमा राम र लक्ष्मणको प्रस्थान, रामबाट ताडकाकोवध...	४	१३
रामको एकै प्रहारबाट, मारीचको समुद्रमापतन र सुबाहुको मरण, रामका पाउको स्पर्श पाउँदा शापबाट छुटेकी अहल्याबाट रामकोस्तुति (पद्य)...	५	१५
रामलक्ष्मणसहित विश्वामित्रको मिथिलामा गमन, रामबाट माहेश्वर धनुको तोडन, सीताबाट राममा स्वयंवर, बिवाहको निमित्त फौजसहित राजा दशरथको जनकपुरमा आगमन, रामसमेत चारैभाइको बिवाह, सीतामा पातिव्रत्यशिक्षा...	६	२०
अयोध्यातर्फ फर्कदा बाटोमा रामबाट परशुरामको तेजोवध, भरतको युधाजितका राज्यमा गमन...	७	२५

अयोध्याकाण्ड

विषय	सर्ग	पेज
रामछेउ आएका नारदबाट रामको तत्त्वकथन साथै ब्रह्माको समाचार निवेदन...	१	३०
रामका निमित्त राज्याभिषेकको तर्जुमा हुँदा देववाणीबाट मन्थराद्वारा कैकेयीको बुद्धि विपर्यय...	२	३६
कैकेयीकोकठोरवाक्यबाट राजादशरथमा अपशोच, रामको अभिषेकोत्सव दर्शनलाई जनतामा उत्सुकता, बोलावटले आएका रामसंग कैकेयीको निर्दयीकुरा सुन्दा दुःख मानेका दशरथबाट राममा नीति पूर्णउपदेश, रामबाट राजालाई शान्त्वना र कौशल्या छेउ गमन...	३	३९
राम र कौशल्याको सम्वाद, क्रुद्धभएका लक्ष्मणलाई रामबाट सत्त्याऽसत्त्यको उपदेश, कौशल्याबाट आशीर्वादपूर्वक रामना बिदाई, सीताको नैतिकजिकीर, सीता र लक्ष्मण साथमा लिएका रामको दशरथका मन्दिरतर्फ पैदल प्रस्थान...	४	४५

विषय	सर्ग	पेज
नङ्गापयरको प्रस्थान देख्दा अपशोच मानेका नागरिकहरूमा, वामदेवबाट रामका तत्त्वको बोधपूर्वक शान्त्वना, पिताजीका मन्दिरमा पुगेपछि कैंकेयीबाट प्राप्त भएको जङ्गल सुहाउँदो पोशाक फेरेकारामको जङ्गलतर्फ प्रस्थान, तमसानदीको किनारमा पुगेका रामसंग गुहको भेट, राजा दशरथको कौशल्या छेउ गमन...	५	५२
गुहको बिलौनामा लक्ष्मणबाट नैतिक उदेश, बिहान राम सीता लक्ष्मणको भरद्वाज र बाल्मीकिका आश्रममा गमनरामका प्रश्नबाट बाल्मीकिले रामकाबासस्थानको निर्देश र रामनामको महिमामा आफ्नो अगिल्लो जन्मको इतिहासबाट दृष्टान्त... ...	६	५७
रामलाई गङ्गाजीको किनारसम्म पुऱ्याई, फर्केका सुमन्त्रबाट दशरथमा समाचार । बिलौना साथै रामको चिन्तनबाट दशरथको स्वर्गारोहण, भरतको प्रत्यागमन, शोक संतप्तभरतमा बसिष्टबाट उपदेश, दशरथको देह संस्कार...	७	६४
रामलाई फर्काउने उद्देश्यलिई फौजका साथै निस्केका भरतको भरद्वाजको आश्रममा विश्राम...	८	७२
भरतबाट, चित्रकूटमा रामको दर्शन, दशरथको स्वर्गारोहण सुन्दा, रामसमेतमा अपशोच, भरत र रामको परस्पर सम्वादमा भरतबाट अनशनमा आग्रह, रामबाट बसिष्ठद्वारा भरतमा शान्त्वना, कैकेयीबाट राममा क्षमा प्रार्थना, रामबाट शान्त्वना, संतुष्ट भरतको फौज साथै अयोध्यामा प्रत्यागमन, रामको अत्रिका आश्रमतर्फ प्रस्थान... ...	९	७६

आरण्यकाण्ड

विषय	सर्ग	पेज
अत्रिका आश्रमबाट दण्डकतर्फको गमनमा, रामबाट विराधको वधहुँदा त्यसैका देह देखि निस्केका विद्याधरबाट रामको स्तुति (पद्य)...	१	८३
रामको, शरभङ्गका आश्रममा गमन, शरभङ्गबाट आफ्नो पुण्य समर्पणपूर्वक अग्नि प्रवेश, दण्डकारण्यका मुनिहरूबाट राममा दर्शन र दयनीय प्रार्थना, सुतीक्षणबाट राममा स्तुति (पद्य), प्रसन्नरामबाट सुतीक्षणमा सायुज्य प्राप्तिको बचन र अगस्त्यका आश्रमतर्फ पदार्पण...	२	८६
अगस्त्यबाट, शक्तिको लक्षण निर्गुणको लक्षणका साथै महत्तत्त्वादिको क्रमले सृष्टिको वर्णन, साधुको लक्षण, साधुसंगका संगतको प्रशंसा इत्यादि साथै स्तुति प्रार्थना... ...	३	८९
रामको जटायुसंग संगम, पञ्चवटीमा आश्रम, लक्ष्मणबाट भक्ति वैराग्य विज्ञान सहितज्ञानको बिषयमा प्रश्न, रामबाट मायाको लक्षण मायाको स्वरूप, ज्ञानकोसाधन, शरीरको लक्षण, जीवको लक्षण, जिवलाई चिन्हाउने साधन, भक्तिको कारण इत्यादिको उपदेश...	४	९३
शूर्पणखाका नाक कानको छेदन, खरसमेत चौधहजार राक्षसको मारण, शूर्पणखाको विलौनाबाट रावणमा चिन्ता... ...	५	९७
रामसंग विरोधगरेमा रामबाट आफ्नो मरण हुन पाउने निश्चय लिएको रावणले, सीताहरणलाई सहाय लिएको मारीचबाट मृगरूपधारण...	६	१०३

विषय	सर्ग	पेज
सीताको अग्निमा अन्तर्धान, मृगरूप मारीचकोमरण, छायासीताको दुर्वचनबाट लक्ष्मणको निष्क्रमण, भिक्षुकरूपरावणमा सीताबाट स्वागत, स्वाभाविक रूपलिएको रावणबाट सीताकोहरण, रावण र जटायुमा लडन्त ...	७	१०४
मारीचलाई मारी फर्कंदा, बीचैमा लक्ष्मणसंगको भेटबाट राममा चिन्ता, जटायुको मुक्ति र स्तुति (पद्य)...	८	१०९
रामबाट मारिएको कबन्धको देह देखि उत्पत्तिभएको गन्धर्वबाट, हिरण्यगर्भ र विराटरूपको वर्णनले राममा स्तुति (पद्य), शास्त्र संगत स्तुतिमा रामबाट फलस्तुति	९	११३
गन्धर्वको सूचनाबाट, रामलक्ष्मणको शवरीका आश्रमतर्फ गमन, शवरीबाट रामलक्ष्मणमा पूजन, रामबाट शवरीमा भक्तिका साधनहरूको शिक्षा र सीताको विषयमा प्रश्न, शवरीबाट सीताको स्थलो र सीतालाई भेटने उपाय सूचना, शवरीको अग्नि प्रवेश.	१०	११८

किष्किन्धाकाण्ड

विषय	सर्ग	पेज
रामलक्ष्मणको पम्पातलाउमा गमन, ऋष्यमूकमा सुग्रीवबाट हनूमानद्वारा रामलक्ष्मणको परिचय, राम र सुग्रीवमा मित्यारी, सुग्रीवबाट, बालीद्वारा आफूलेभोगेका दुःखको कथन साथै बालीका बल पुरुषार्थकीवर्णन र रामको पुरुषार्थ देखदा स्तुति (पद्य) बाट भक्ति प्रार्थना...	१	१२१
बाली र सुग्रीवमा लडन्त, ताराबाट युक्ति युक्त बचनले बालीमा सम्झौता, रामबाट बालीमा प्रहार, बालीको बकबकी, रामको उपदेश र स्पर्शबाट बालीको इन्द्रस्वरूपमालीन	२	१२७
विलौना लिएकी तारालाई रामबाट जीवतत्त्वको उपदेश, किष्किन्धामा सुग्रीवको अभिषेक, प्रवर्षणमा रामको आश्रम... ...	३	१३२
लक्ष्मणको प्रश्नमा, रामबाट लौकिक—पूजारूपक्रियामार्गको क्रमकथन, किष्किन्धामा सुग्रीवबाट सातै द्विपका बानरहरूलाई आह्वान		
सीतासंगको वियोगबाट राममा गुनासो, लक्ष्मणको किष्किन्धामा गमन, फौज जम्मा भएका सुग्रीवको रामछेउ प्रस्थान... ...	५	१४१
सुग्रीवबाट, राममा बानरका सेनापतिहरूको परिचय, सीताको खोजीलाई बानरहरूको खटन, सीताको विश्वास निमित्त रामबाट हनूमानमा औंठीअर्पण, जङ्गलभित्रको गुफामा पसेका बानरका फौजबाट रामको खवर सुन्दा, भक्तिले रामछेउ पुगेकी स्वयंप्रभाको, रामका आदेशबाट वदरीवनमा गमन	६	१४५
सीताको पत्ता लिन नसक्ता भय मानेका अंगदउपर हनूमानबाट सम्झौता, समुद्रको किनारमा पुग्दा समुद्रलाई देखदैमा हतास भएका बानरहरूको अनशनमा प्रवृत्ति, आपनो भाइ जटायुकोमरण सुन्दा, पखेटानभएकागिद्ध संपातिबाट बानरका मद्दतले, स्नान साथै जटायुका नाममा जलाञ्जलिदान र बानरका फौजलाई सीता बसेका ठाउँको सूचना. . . .	७	१५१
संपातिले, आपनो पखेटा नरहेको कारण बताउँदा, प्रसंगले चन्द्रमा नामक मुनिबाट आफूले शिक्षा पाएको—देहादिउत्पत्ति विषयक तत्त्वको कथन, तत्कथन कालैमा पखेटाको उत्पत्ति हुँदा, मुनिका बाक्यमा सत्यताको दृष्टान्तबाट बानरहरूमा प्रोत्साहन.	८	१५५
समुद्रलङ्घनलाई, बानरहरूको परस्परमा		

विषय	सर्ग	पेज
सामर्थ्यकथन, जाम्ववानको उक्तिबाट हनूमानमा उत्साह...	९	१५८

सुन्दरकाण्ड

विषय	सर्ग	पेज
समुद्रलाई फटकनभनी महेन्द्राचलको शिखरमा उभिई, उफ्रँदैउडेका हनूमानको सुरसाको मुखमा प्रवेश, मैनाकबाट हनूमानमा संमान हनूमानबाट छायाग्रहलाई दण्ड, रातमा सूक्ष्मशरीरले लंकाप्रवेशगर्दा लंकिनीबाट हनूमानमा पादाघात, हनूमानको चपेटाले रगतछादेकी लंकिनीबाट हनूमानमा सीताका स्थलोको सूचना र रामको स्मरणबाट स्तुति. . . .	१	१६१
हनूमानको, लंकाभ्रमण साथै अशोकका बगैंचामा प्रवेश, शिशौको फेदमा सीताको दर्शन, रावणको चर्चा निमित्त शिशौका झाँग भित्र गुप्तवास, सपनाको लक्षणखे खोपीबाट निस्कीआएको रावणबाट सीतामा त्रास गराउने अनुचित हाँक, सीताको मनमनैले विलौना	२	१६४
हनूमानबाट, सीताल्लाई विश्वास निमित्त सूक्ष्मशव्दले रामको जन्मदेखि आफू खटीई आएसम्मका व्यहोराको संक्षेपवर्णन साथै औंठीको समर्पण, सीता र हनूमानमा सम्वाद, सीताकोविलौना, सीताबाट विदापाई निस्केका हनूमानबाट बगैंचाको ध्वस्त, राक्षसका फौजको मरण ब्रह्मास्त्रद्वारा हनूमानमा बन्धन...	३	१६८
बन्धनले त्रस्तझैंभई रावणछेउ पुगेका हनूमानबाट रावणमा तत्त्वको दृष्टान्तले उपदेश, पुछरमा आगोलागेका हनूमानबाट लंकादाह	४	१७५
हनूमानको प्रत्यागमनबाट बानरहरूमा हर्ष, हनूमानबाट रामछेउमा सीताकोखवर निवेदन, रामबाट हनूमानमा प्रशंसासाथै अंकमाल	५	१७९

लंकाकाण्ड

विषय	सर्ग	पेज
हनूमानबाट लंकाकास्थितिको वर्णन, फौजसाथका रामको दक्षिण समुद्रतर्फ प्रस्थान	१	१८४
लंकाध्वस्तहुँदा उँधोमुण्टौलाएको रावणबाट मंत्रीहरूसंग सल्लाह, कुम्भकर्णबाट रावणलाई रामको परिचय, मत विरुद्धहुँदा निकालिएका विभीषणबाट रावणमा रामका स्वरूपको प्रशंसासाथै उपदेश, चेवामा पठाएको दूत शार्दूलबाट वानरका फौजको बल–साहससुन्दर रावणमा शौर्यहीनता.	२	१८७
आकाशमार्गले रामछेउ पुगेका विभीषणबाट रामका निर्विकारत्त्वबोधक स्तुति (पद्य), रामबाट विभीषणलाई लंकाराज्य निमित्तक अभिषेक, रावणकोदूत "शुक"लाई वानरबाट चपेटा र बन्धन, रामदेखि त्रासिएको समुद्रले राममा क्षमाप्रार्थना साथै, सृष्टिक्रमको दृष्टान्तबाट आफूमा जडत्त्वप्रकाश । समुद्रमा पुलको प्रबन्ध... — ...	३	१९०
पुलको प्रारम्भमा "रामेश्वर" स्थापन, तयारीपुलबाट फौजसहित रामको त्रिकूटाचलमा प्रवेश, बाँधिएकोशुकलाई मोचन, शुकबाट रावणमा वानरका फौज र तिनका बल–पराक्रमको वयानका साथै, देह र चैतन्यमा भिन्नताको दृष्टान्तबाट रावणमा उपदेश. . .	४	१९६
रावणबाट शुकलाईनिकाला, शुकको अगिल्लो वृत्तान्त (राक्षस बन्नुपरेक कारण), माल्यवानबाट रावणमा, लंकामा, उठेका उत्पातका दृष्टान्त साथै 'रामसंग विरोध नगर' भन्ने अर्ति, अटालीमा बसेको रावणको किरीटहरू रामकोवाणले चूर्ण, राक्षस र वानरमा लडन्त, वानरहरूको बचाउलाई बुटीका निमित्त हनूमानबाट द्रोणाचलको आनयन. . .	५	२००

विषय	सर्ग	पेज
रावणबाट वानरहरूको नोक्सानी र विभीषण उपर छोडेको शक्ति लक्ष्मणमा पर्दा, लक्ष्मण मूर्छित, राम र रावणमा लडन्त, रामबाट लक्ष्मणका निमित्त बुटी ल्याउन हनूमानमा आदेशहुँदा चिन्तामा परेको रावणको कालनेमीछेउ गुनासो, कालनेमीबाट आत्मा र र प्रकृतिमा भिन्नताको दृष्टान्त समेतबाट रावणमा उपदेश...	६	२०५
रावणको धम्किले, कालनेमीबाट तपोवनको कल्पना, हनूमानका मुडकीबाट कालनेमीको देहान्त, बुटीकाप्रभावले लक्ष्मणको जागा, रावणको विलौना, कुम्भकर्णबाट रावणमा रामसीताको परिचयबोध साथै सम्झौता. . .	७	२०९
कुम्भकर्णबाट वानरहरूमा थिचोमिचो, रामबाट कुम्भकर्णको देहान्त, नारदबाट रामकोस्तुति (पद्य), इन्द्रजितबाट निकुम्भिलामा हवनारम्भ.	८	२१४
निकुम्भिलामा लक्ष्मण र इन्द्रजितको लडन्त, लक्ष्मणबाट इन्द्रजितकोमरण, लक्ष्मण उपर पुष्पवृष्टि, शोकग्रस्तरावणले सीताउपर खड्गउठाउँदा सुपार्श्वबाट शान्तबचनलेसंझौता	९	२१९
शुक्रको शिक्षाबाट रावणले प्रारम्भगरेको आभिचारिक हवनयज्ञमा, अङ्गदहरूको प्रवेशबाट यज्ञ विध्वंश, मन्दोदरीको गुनासोमा रावणबाट ज्ञानमार्गका बचनले सम्झावट. . .	१०	२२३
राम र रावणमा घोरयुद्ध, रावणको देहान्तमा उसकाशरीरबाट निस्केको तेज राममा प्रवेश भएको देखदा आश्चर्य मानेका देवताहरूलाई नारदबाट, रावणमा रहेको भक्तिको वोध.	११	२२८
रामबाट सबै फौजका उपर उत्साहवर्द्धक वाक्य, शोक सन्तप्त विभीषणमा लक्ष्मणबाट तत्त्वको उपदेश, रावणको मृत्युसंस्कार, लंकाराज्यमा बिभीषणको अभिषेक, रामका आदेशबाट हनूमानको सीताछेउगमन, सत्कारपूर्वक रामछेउ पुगेकी सीतामा रामबाट अनुचित वचनहुँदा, सीताको अग्नि प्रवेश.	१२	२३३
राममा, ब्रह्माआदि देवताहरूबाट पृथक पृथक्स्तुति (पद्य), अग्निबाट राममा सकली सीताको समर्पण, शिवजीका साथमा आएका दशरथमा रामलक्ष्मणबाट दर्शन, मरेका वानरहरूमा अमृतको वृष्टि जीवदान, फौजसहित रामको पुष्पकविमानद्वारा अयोध्यातर्फ प्रत्यागमन.	१३	२३९
भारद्वाजका आश्रममा रामको विश्राम, हनूमानद्वारा भरतमा सूचना, अयोध्यामा रामागमन समाचारबाट उत्सव, फौजसहित भरतको रामछेउ गमन, रामबाट भरतको आश्रममा प्रवेश र गुरुवसिष्ठका पाउमा दर्शन.	१४	२४४
भरतबाट राममा राज्यसमर्पण, रामको राज्यस्वीकारबाटस्नान शृंगारादि उत्सवपूर्वक अयोध्यामा प्रवेश, राममा राज्याभिषेक, शिवजीबाट तत्त्वगर्भस्तुति (पद्य) र इन्द्रादि देवगणहरूबाट पनि पृथक्-पृथक्स्तुति (पद्य).	१५	२५०
रामबाट, प्रशस्तनगद जिनिसहरू वितरण, हनूमानलाई सीताबाट मोतिको माला र रामबाट इच्छा बमोजिमको वरदान, गुहलाई सारूप्य र तत्त्वको उपदेश, सुग्रीवसमेत सबैलाई सम्मानपूर्वक विदाई, लक्ष्मणलाई यौवराज्य, अध्यात्मरामायणको फलस्तुति. . . .	१६	२५५

उत्तरकाण्ड

विषय	सर्ग	पेज
रामको विषयमा शिवजीसंग पार्वतीको प्रश्न, राज्याभिषिक्त रामकोदर्शनका निमित्त, ऋषिहरूको आगमन, र.मका प्रश्नको प्रसङ्ग-बाट अगस्त्यले रावण र इन्द्रजित समेतको जन्म र वृत्तान्त वर्णन...	१	२६०
रावण, कुम्भकर्ण, विभीषणको तपस्या र वर प्राप्ति वर्णन, प्रहस्त आदि दैत्यको उक्तिबाट रावणको कुवेरसंग विरोध र लंका-मा रावणको राज्याभिषेक, मेघनादको जन्म, रावणबाट लोकैलाई मारपिट, रावणलाई र मेघनादबाट इन्द्रलाई बन्धन, रावणमा नन्दि-श्वरको सराप, अगस्त्यबाट राममा विराटरूप को भावनाले स्तुति.	२	२६४
बाली र सुग्रीवको जन्मकथन, रावणको 'लोकभरमा सबैभन्दा ठूलो र बलीयो के हो' भन्ने प्रश्नमा शनदकुमारको उपदेश.	३	२६९
श्वेतद्वीपमा रावणको अपहेलन, रामबाट तपस्वीशूद्रलाई स्वर्गलोक र ब्राह्मणको बालक-लाई जीवदान; सीताबाट राममा देवताहरू-को प्रार्थना निवेदन, सीतामा पर्नआएको लोकापवादले सीतालाई वनवास.	४	२७३
धर्माऽधर्मका विषयमा लक्ष्मणको प्रश्न, रामबाट रामगीता व्याख्यान.	५	२७८
ऋषिहरूका प्रार्थना रामका आज्ञाले शत्रुघ्नद्वारा मथुरामा लवणराक्षसलाई मारी राजधानीको स्थापन, वाल्मीकिका आश्रममा सीताबाट कुश, लव दुईकुमारको जन्म, वाल्मीकिका शिक्षाले ती दुइबाट रामायणको ज्ञान, रामबाट अश्वमेधादि यज्ञकर्म, कुशका प्रश्नमा वाल्मीकिबाट ज्ञानशास्त्रको उपदेश	६	२८६
कुश लवका ज्ञानको प्रशंसा सुनी, रामबाट जनतासहित कुश लवलाई बोलावट, सीताको सत्यताउपर वाल्मीकिको शपथ, सीताको शपथग्रहणबाट पृथिवीमा अन्तर्धान; रामबाट कौशल्यामा भक्तिको लक्षण र भक्ति-योग सहित ज्ञानयोगको उपदेश, कौशल्या समेत तिनैजना आमाहरूको परमद प्राप्ति	७	२९१
रामकाआज्ञाबाट, भरतले गन्धर्वदेशमा गन्धर्वहरूलाईमारी, "पुष्करावती" र "तक्षाशिला" नामराखी दुइ राजधानीबसाली दुइ छोरालाई राज्यमा अभिषेक र लक्ष्मणले पश्चिम दिशाका दुष्टमल्लहरूलाईमारी, त्यसै राज्यमा अपनाछोरा दुइलाई अभिषेक। ऋषिका भेषले आएका कालबाट राममा निवेदन, आपनो प्रतिज्ञा लंघनहुने हुंदा, रामबाट लक्ष्मणलाई त्याग, लक्ष्मणको स्वर्गारोहण. .	८	२९७
रामबाट रैतिलाई संतोष, कुश लवलाई विदाई, मथुराबाट शत्रुघ्नको आगमन, जम्मा हुन आएका विभीषणसमेत सबैमा प्रियवाक्यले यथोचित संतोष गराएका श्रीरामको, सकल देवताहरूका साथमा चतुर्बाहु विष्णु स्वरूपबाट वैकुण्ठारोहण.	९	३०२

श्रीराम :

हाम्रो हिन्दू संस्कृतिमा श्रीरामको स्थान ज्यादै महत्वपूर्ण छ भन्ने कुरामा दुइ मत हुन सक्दैन । आदि-अनादिकालदेखिनै ठूला ठूला सन्त-महात्माहरूले रामनामलाईनै अपनाई आएका छन् । रामानन्द, कवार, नानक, रामदासहरूले रामनामलाईनै सवभन्दा ठूलो धन सम्झे । रामनाममानै रमेर हजारौं भक्तहरूले परमपद प्राप्त गरेका छन् । महात्मा गांधीकोपनि रामनाम नै सर्वस्व थियो । स्वर्ग-वासी महाराज भोमशमशेर जङ्गबहादुर राणाको जीवनपनि रामभक्तिमानै वितेको थियो । उहाँका सुपुत्र मेरा पतिदेव स्वर्गवासी महाराज पद्मशमशेर जङ्गबहादुर राणापनि रामनामको यस्तो प्रेमी होइबक्सिन्थ्यो कि दिनरात त्यसैमा रङ्गिबक्सिन्थ्यो। यो अध्यात्म-रामायण नेपाली भाषामा कोशनाथजीले लेख्न थालेको कुरा उहाँलाई ज्ञात थियो । यसलाई छपाई वितरण गर्ने मनसूबापनि थियो तर उहाँको जीवन-कालमा यो पुस्तक पूर्ण हुन सकेन ।

आज उता अमेरिकामा रामायणको अंग्रेजी अनुवादको लाखौं कापी विक्री भएको र ज्यादै लोकप्रिय भएको कुरा समाचार पत्रहरू बताउँछन् । यता रामायणतिर अभिरुची देखाउने व्यक्तिहरु ज्यादै कम देखिन लागे । यही बीचमा यो नेपाली भाषामा लेखिएको अध्यात्म-रामायण पनि पूरा भयो । श्रीरामको पावननाम र गुणानुवादद्वारा लाखौं पतितहरुकोसमेत उद्धार गर्ने ग्रन्थ रामायण नै हो । त्यसमापनि अध्यात्म-रामायणले भगवान्‌को निर्गुण सगुण दुवै रूपको प्रतिपादन गरेको छ। यो ग्रन्थ नेपाली भाषामा तयार भएकोले जनतालाई पनि राम्रो ज्ञान यसबाट मिल्न सक्ने देखिएको र स्वर्गवासी महाराज पद्मशमशेर जङ्गबहादुर राणाको मुरादपनि पुग्ने सम्झी यो पुस्तक प्रकाशन र वितरण हुन लागिरहेछ । यस्तो अवसर पाएकोमा श्रीरामलाई "त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये" भन्दै यो ग्रथ चढाँउछु ।

—कमलादेवी राणा

श्री गणेशाय नमः ॥

अथ अध्यात्म रामायणम् ॥

बालकाण्डम् ॥

त्रिगुणभिन्न[१] रही सब ढाकने बचनले मनले ति नजानिने ।
अतुलनिर्मलचिन्मयरामको सततभक्त बनोस अनुरागले ॥

श्रीशिवपार्वतीकोसंवादरूप "अध्यात्मरामायण" को आरम्भकोपूर्व, व्यासजी भगवान्‌रामको स्मरणरूपमंगलाचरण र फलस्तुति गर्दछन्:-

पृथ्वीको अतिभारहर्न[२] बिधिले[३] गर्दा अगि प्रार्थना[४] ।
मायावाट[५] मनुष्यरूप चितिको[६] भूलोकमा जन्म भो ॥

निःशेषै गरि मारि राक्षस, प्रभु फेरी फिरे धाममा ।
छोडी रम्यपवित्रकीर्ति भवमा, ती राम लौ भज्दछू ॥

संसारसृष्टिहरुको[७] भइ एकहेतु, मायाश्रयैबनि पृथक्[८] र अचिन्त्यमूर्ति[९] ।
आनन्द[१०] निर्मल[११] रही निजवोधरूप,[१२] सीतेशरामकन गर्छु नुही प्रणाम ॥

पढनेछ जो नित्य अनन्यचित्तले, सुन्नेछ वा सार बुझेर भक्तिले ।
अध्यात्मरामायणको कथा सबै, सायुज्य[१३] पाएर उमिल्छ ब्रम्हमा ॥

१-सत्त्वरजः तमोगुणदेखि अलग रही । २-दुष्ट राक्षस आदिवाट, हुनआएको पृथ्वीभरिकोभार, । ३-ब्रह्माले । ४-"परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्, धर्मसंस्थापनार्थाय संभवामि युगे युगे" यो भगवान्‌को उक्ति हुनाले दुष्टहरूकोविनाशबाट धर्मसंस्थापननिमित्तको प्रार्थना ५-असंभवको संभव गराउन सकने ईश्वरशक्तिबाट । ६-केवलचैतन्य । ७-सृष्टि स्थिति प्रलयहरूको । ८-माया (आवरणशक्ति) को आश्रयमात्रभई त्यसदेखि अलग । ९-मन वचनले टुङ्गिन नसक्ने । १०-केवल ब्रम्ह । ११-उपाधि (सत्वरजस्तमोगुण) लेरहित । १२-आफैं स्वाभाविकबोध भएका, (यस उक्तिबाट, रामावतारमा हुन आएको शोक, क्रोधहरू, नचुवाको हाउ-भाउ जस्तो मात्र हो भन्ने सूचना हुन्छ ।) १३-ईश्वरसंग एकत्व ।

जो गर्छ इच्छा भवबन्धमुक्तिको, अध्यात्मरामायण नित्यनै पढोस ।
असंख्यगोदानसमानपुण्यको, इच्छाभए नित्य उ भक्तिले सुनोस ।।

जन्मी कैलासमा, मिल्ने रामरूपी समुद्रमा।
अध्यात्मरामगङ्गाले[१] गर्छिन् शुद्ध जगन्त्रय ।।

अगिकुनैसमयमा, कैलासपर्वतकोटाकुरामा, शयकडौंसूर्यकोकिरण झैं उज्ज्वल मणि-मन्दिरमा, सिद्धसमाजवाटसेबितभई रत्नसिंहासनउपर ध्यानमा मग्नभएका आनन्द-स्वरूपशिबजीको समाधिको अन्त्यमा, उनैसंग भक्तिलेनम्रभएकीपार्वतीले, अज्ञानरूपीमयल-लाई पखाली, निर्मलज्ञान प्राप्त गर्न प्रश्न गरीन्ः–

"हे देव ! हे जगन्निवास ! हजूर सधैं सर्वात्मद्रष्टा[२] परमेश्वर होइबक्सिन्छ, अतः सनातनरूपपुरुषोत्तमको[३] बास्तबिकतत्व, हजुरबाट सुन्न इच्छा गर्दछू ।

हजूर पनि सनातनहुनाले, हजूरले नजानेको कुनै कुरो छैन ! महात्माहरू, अरूलाई भन्ननहुने अत्यन्तगोप्यकुरा पनि, आफ्ना भक्तलाई बताउँदछन्, म हजूरकी भक्त हूँ अतश्च हजूरलाईप्रियमान्ने अधिकार पाएकी छू। हे भगवन् ! भक्ति[४] बैराग्य[५] बिज्ञान[६] प्राप्तिको उपायसमेतबुझाउने बाक्यले सहितभएको 'ज्ञान'[७] क्लिष्ट हुनाले, म अवलास्त्रीले हजूरकोउक्ति बुझ्न सक्नेगरी, सरल र रुचिवढाउने बाक्यबाट सुन्नपाऊँ ।

अर्कोरहस्यकुरामा पनि प्रश्न गर्दछू– 'संसारबाट मोक्ष पाउनलाई भक्तिबाहेक अरु साधन छैन' भन्दछन् । त्यस्तै–'सबैतत्वकोसारस्वरूप–रामप्रति दढभक्ति नै, संसाररूपी समुद्र तर्ने बलीयो डुङ्गाहो' भन्ने कुरापनि प्रसिद्ध छ । अतः रामलाई 'मायासंगको संवन्धले मात्र हुने–राग द्वेष आदि देखि अलग, एकमात्र अनादितत्व' भनी, ज्ञानी सिद्धजन-हरु दिन–रात भजन गर्दछन्, मोक्ष पनि पाएकै छन् ।

कसैले,–'राम, चिन्मय भए पनि आफैंमाआश्रितमायाबाट ढाकिएका हुँदा, आफ्नो ब्रम्हस्वरूप आफैले जान्दैनन्, अर्कालि सम्झाएमा[८] मात्र संझन्छन्' पनि भन्दछन् । हो पनि

१–अध्यात्मरामशब्दले, अध्यात्मरामायणलाई बुझाइएको छ । त्यही रूपीगङ्गा । २–ब्रम्हज्ञ । ३–उपाधिनभई सधैं एकनास । ४–ईश्वरमा अनुराग । ५–विषयमा हुने (लाग्ने) तृष्णालाई वशमा राख्नु । ६–पुनःपुनः स्मरणादिको परिपाकबाट हुने 'अपरोक्षज्ञान' । ७–श्रवण, मननबाट हुने परोक्ष (ब्रह्म), जसबाट जनहरू पुनर्जन्म आदि सांसारिक संसर्गवाट छुट्न पाउंदछन् । ८–रावणलाई मारेपछि, रामलाई ब्रम्हाले स्तुतिबाट पूर्वदेहको स्मरण गराई, तमोगुण (क्रोधादि) वाट छुटाए, भन्ने वाल्मीकीय रामायण समेतमा लेखिएको हुनाले ।

ठीक ! रामले आफूलाई मायाजन्य–रागद्वेषआदि देखि अलग 'ब्रम्ह' जानेको भए, सीताकालागी ताप शोक लिनु नपर्ने हो ! नजानेकोभए अरु जीव सरहनै हुने भएकाले रामको उपासना के जानीगर्ने ? यो मेरोहृदयमाशंकारुपीबन्धन पनि रहेको हुनाले, पहिले यसैलाई छुटाउने निर्मलशिक्षा पाऊँ"।

शिवजी भन्दछन्:– "यस अगि, यो गूढरहस्य बताउनलाई कसैको प्रश्न थिएन, तिमीले रामको तत्व बुझ्नलाई, भक्तिपूर्वक जो प्रश्नगर्‍यौ त्यो उत्तम हो, तिमी परब्रम्हको भक्त रहीछौ ! म रामलाई नमस्कार गरी, ती कुराको रहस्य बताउंदछु सुनः–

राम, प्रकृतिदेखिअलग जीवमाउत्तम एकमात्र आनन्दस्वरूप अनादि 'ब्रम्ह'नै हुन्। यस्ता ब्रम्हको, मनुष्यशरीरधारण किन ? कसरी ? त भने, आफ्नै अघटितघटना शक्तिरूपमायावाट[१] जगत्‌को सृष्टि गराएर, त्यसैमा आकाशझैंभित्र–बाहिरगुप्तभई रहने हुनाले त्यसैको अन्तर्गत-मनुष्यशरोर लिई प्रकट हुनु आश्चर्य छैन ।

परन्तु, ऊ शरीर आफ्नो प्रयोजनसिद्धिनिमित्तनभई, लोकको उपकारका लागी उक्त मायाद्वारानै शरीर पाए जस्तो, जन्मेजस्तो देखिएको सम्म हो। आत्मा(ब्रम्ह), सर्वत्र गुप्तरूपले ब्यापकभई, गुप्तैरही, आफ्नो कल्पनामात्रबाट मायाद्वारा सृष्टि भएको सबैदृष्य देखिनै रहेको हुन्छ र उसैका नगीचमा रहेको सबै जगत्, निष्क्रियचुम्वककोशक्तिविशेषले गर्दा उसकानगीचमारहेकाफलामका टुक्राहरू चलेझैँ, आफ्ना आफ्ना चेष्टा (चहल–महल) गर्नेहुन्छन् ।

ज्ञानजनकबिद्याप्रति यिरोधीभावपर्दा मूढचित्तभएका जीवहरु, मायाकागुण (सत्व रजस्तमः)देखि अलग शुद्धज्ञानस्वरूप–राम मा, आफ्नोअज्ञानको आरोप गर्दछन्, अर्थात् आफुजस्तो छ उस्तै (अज्ञानी) ठहर्‍याऊदछन् र त्यस्ता अज्ञानीहरु, परिवारमा आसक्तरही यज्ञआदिअन्यान्य लौकिककाम्यकर्ममामात्र[२] लग्नूभई जन्मनु मर्नु इत्यादिसांसारिक-यातनारूपीदुःखकाभागीनैवनीरहन्छन् ।

अवूझले, आफ्नोघाँटीमा लाएको सुनकोगहना नचिन्हेझैँ आफ्नोहृदयमारहेको आत्मालाई चिन्दैन । [जस्तो–ज्योतिःस्वभावकासूर्यमा अध्यारो रहन शक्तैन, त्यस्तै–विशुद्ध विज्ञानरूपराममा अविद्या पर्न सक्तैन । [एकमारहेकोकुरालाई अर्कामा आरोप कसरी

१–असंभवको संभवगराउने दैवीशक्ति । २–लोककोमात्र भोगगराउने कर्महरूमा ।

त भने, जस्तो–कुनैरोगादिलेविग्री घुमेकोदेख्नेआँखाभएकोपुरुषले, गृहादि बस्तुनै घुमेको ठह्र्याउँदछ, अर्थात् देखेकोबस्तुमा नै घुमनेआरोप गर्दछ। त्यस्तै–अहंकारबादहुनआएको विषयलाई सर्वधर्मावच्छिन्नचैतन्यमा आरोपगरी, 'जीव' मोह[१] हुन्छ।

जस्तो,–सूर्यमा प्रकाश नछुट्नेहुनाले दिन र रातको विभाग रहदैन; त्यस्तै,–शुद्ध चिद्रूपराममा, ज्ञान र अज्ञान मिसिनसक्तैन। त्यसकारणले, आनन्दमय[२] निर्विकल्पकज्ञानरूप, अज्ञानसाक्षी, मायाको आश्रयमात्र[३] राममा, मोहकोकारण–'अज्ञान' रहनै सक्तैन।

हे पार्वति! अब तिमीलाई, मोक्षकोसाधनबनेको,–सीता राम हनुमान्को संवादरूप रहस्य एउटा सुनाउँदछू:–

अगि,[४] देवताको काँढोबनेको 'रावण', लडाइँमा भाइ छोरा फौजसहित मारिएपछि, सीता सुग्रीव लक्ष्मण र हनूमान्सहित सबैफौज साथमालिई अयोध्यामाफर्केका रामलाई वसिष्ठ आदिबाट राज्याभिषेकभएपछि सिंहासनमाबसेकारामले, सबैकाम पूर्णगरेका कुनैविषयमा आकांक्षानराखी, केवल ज्ञानप्राप्तिमामात्र अभिलाषालिएका तीक्ष्णबुद्धि हनूमान्लाई, आफ्नो अगाडि हातजोरी नुहीरहेकोदेखेर, सीतातर्फफर्की–"हेर! हामीदुबैमा नित्यभक्तिभएको, विषय बासनारूपी कसरकत्तिनभएको,[५] ज्ञानकोपात्रबनेको यो हनूमानलाई, तिमीले मेरोगुप्ततत्त्व बताइदेऊ" भने।

लोकविमोहिनी[६] सीता, निहुरीरहेका हनूमानलाई रामकोतत्त्व (यथार्थरूप) बताउंछिन्:–

"हे हनूमान्! रामलाई, स्थूलसूक्ष्मआदि सकलउपाधि र डु:खपीडाआदिले रहित, निर्मलनिर्विकार,[७] अविद्या र अविद्याबाटहुने तम:स्वभावले अस्पृष्ट, सत्तामात्र,[८] एकमात्र,[९] ज्ञानस्वरूप, आनन्द, मन–बचनले अठोटगर्न नसकिने, शान्त सर्वव्यापी अन्तरात्मा[१०] स्वप्रकाश,[११] 'परब्रम्ह' भनी जान।

१–बेसमझ २–उनैमा रहेको आनन्दको मात्राबाट, सबैप्राणीको उपजीवन हुने हुनाले 'आनन्दमय! ३–आश्रय लिनेमा रहेको अज्ञान, आश्रितमा नरहने लोकस्वभावैहुनाले 'आश्रयमात्र! । ४–रामावतारका वखतमा । ५–ज्ञानपाउन अक्तियार पुगेको । ६–यसबिशेषणबाट, बन्धनगराउनेमा नै फुकाउनेपनि समर्थ रहेको हुन्छ, भन्ने भाव र भगवतिको कृपानै मोक्षकोकारणछ, भन्ने पनि बुझाइएको छ। ७–पैदाहुन्छ, छ, बढदछ, बदलिन्छ, घट्दछ, नाशिन्छ भन्नेछ भावलाई 'विकार' भनिन्छ; यी कुनै नरहनेलाई 'निर्विकार' भन्दछन्। ८–बस्तुमामात्र 'सत्'छ भन्ने व्यवहारले बुझाइएको। ९–असहाय। १०–सबैमारहने आत्मा। ११–आफै उज्यालो,-जसमाको उज्यालोले जगत् उज्यालो गराउँदछ।

त्यसोभए, 'राम' जगत्काकारण (सृजनागर्ने) भएनन्! 'सृष्टि' कसबाटभएको हो त? भनौलासुन:-सबैजगत्को उत्पत्तिस्थिति प्रलयगर्ने, मूलप्रकृति (उपादानकारण) मैं (सीता) हूँ। रामको सान्निध्यमात्रले,१ उहाँकोकल्पनाबमोजिम, तत्परभइ जगत्को सृजनागर्दछू। तथापि, 'राम' यस्ताहुन् भनी नबुझ्नेमूर्खहरु, उहाँकोसान्निध्यमात्रबाट मैलेगरेकोसृष्टिलाई, निर्विकार राममा, 'उनलेगरेको' भनी आरोप गर्दछन्। सुन:-

अयोध्यामाजन्मनु, विश्वामित्रकोसहायभई यज्ञकोरक्षागर्नु, अहल्यालाई शरापबाट छुटाउनु, शिवजीको धनुभाँचनु, मसंगविवाहगर्नु, परशुरामकोसेखिझार्नु, मायाबाट मृगरूप-लिएको मारीचलाईमार्नु, मायारूपलिएकीमलाई रावणलेहर्नु, जटायुलेमोक्षपाउनु, कवन्ध-राक्षसलाई शरापबाटछुटाउनु, शवरीबाट पूजितहुनु, सुग्रीवलाईभेटनु, वालीलाईमारनु, सिताकहाँहोभनी खोजिगर्नु, समुद्रमा पुलवाँधनु, लंकामा वानरबाट घेरालाउनु, छोराहरू-सहित दुष्टरावणलाईमारनु, विभीषणलाई राज्यदिनु, मेरोसाथै पुष्पकविमानबाट अयोध्यामा फर्कनु, राज्याभिषेकहुनु र अरूपनि ब्राम्हणससेतलाई दानआदि जेजति कर्मभए, ती सबै मैलेनै गरे गराएकी हूँ। अबुझहरू निर्विकार आत्मास्वरूप राममा 'कर्तृत्व, आरोप गर्दछन्।

राम, हिंडनु बस्नु सुत्नु लिनु छोडनु इत्यादि कुन्हैगर्ने होइन, अचल परिणामरहित आनन्दस्वरूपमात्र हो। अत: सकलवुद्धिसमष्टिरूपमायाबाट सृष्टिभएकाबस्तुको अधिष्ठान-मात्रस्वरूप-'राम'मा, सृष्टिकर्तृत्वरूपकोभानहुनुता डोरीमा सर्पको भानहुनुजस्तो मात्र हो।" भनी, रामकातत्त्वको बोधगराइन्।

त्यसपछि रामआफैले:- "ए हनूमन्! आत्मा परात्मा अनात्माकोतत्त्व सुन:- जस्तो, महाकाश जलाशयाकाश प्रतिविवाकाश२ गरी तानप्रकारका हुन्छन्। त्यस्तै,-आत्मापनि, आत्मा (ईश्वर३), परात्मा (चैतन्य), अनात्मा (चिदाभास४) गरी तीनप्रकारको हुन्छ। यसैचिदाभास (मिथ्या) बाट भएको क्रियालाई अज्ञानीहरु आफ्नै भ्रान्तिले, निर्विकार अविच्छिन्न (अटूट) साक्षीस्वरूप ईश्वरमा कर्तृत्व, जीवत्त्वको आरोप गर्दछन्। आभासनै मिथ्या (अज्ञान) हुनाले, त्यसबाटको कामपनि मिथ्या हुन्छ। जस्तो-ऐनामा देखिएको अनुहार, ऐनामारहेको हुँदैन।

१-नगीचको बसाई। २-मुख्यजस्तो अर्को (टक)। ३-मायावच्छिन्न (मायादेखिअलग) चैतन्य। ४-ईश्वर प्रतिबिंबभूत 'जीव'।

अतः, 'बृम्ह' अविच्छिन्न (सर्वत्रअभिन्न) छ, उपाधिलेमात्र भिन्नजस्तो देखिएको हो। जव, कर्मकोअनुष्ठानबाट पापक्षयभई, मननादि संस्कारले शुद्धभएको अन्तःकरणबाट, अज्ञानको नाश हुन्छ; तव उपाधिदेखिअलग जीव र ईश्वरमा ऐक्यज्ञान[१] उत्पन्नहुन्छ। यी कुरा जाने-पछि, मेरो भक्त, मेरोसायुज्यपाउने हुन्छ। शास्त्रलेबताएका कर्महरुमा लागेकै भएपनि, ममा भक्ति छैन भने ता त्यस्ताले, शयजन्ममापनि ज्ञान र मोक्ष पाउँदैन ।यो साक्षात् मैलेनै बताएको मेरो रूपचैतन्यको "हृदयरहस्य," ममा भक्तिनभएकालाई नदिनू" (नसुनाउनू) भने।

शिवजी भन्दछन्,"हे देवि! पार्वति! पापशोधनगर्ने, मनलाई आनन्दगराउने, वेदान्तका अर्थको सारसंग्रहभएको, पवित्र र अतिगोप्य, साक्षात् रामले बताएको 'श्रीरामहृदय', मैंले तिमीलाई सुनाएँ। जो भक्तिपूर्वक अर्थबुझी सधैं पढदछ त्यो मुक्त हुन्छ। अति भ्रष्टनै होस् पापीनै होस्, दृढभक्तिले रामको पूजागरी अर्थाश बुझी पाठगर्छभने ऊ पनि, उत्तमयोगीहरुले पनि नपाउने, सबै देवताहरुको अभिलषित 'ब्रम्हलोक'मा, पुग्नपाउँछ" इति ॥

इति बालकाण्डे श्रीरामहृदयनाम प्रथमःसर्गः ॥१॥

पार्वतीले, "हे भगवन्! हजूरको मुखारविन्दबाट निस्केको, रामकोतत्वरूपी अमृतको पानबाट, मेरो मनकोशंका[२] मेटिएकोहुनाले, म आफुलाई धन्य र कृतार्थ मानेकी छू। तथापी, संक्षेपले सुनेको रामकोकथाबाट, मेरोमन तृप्तनभएको हुनाले, बितृतरूपबाट अरुपनि रामकोकथा[३] सुन्नचाहान्छू" भनीन्।

शिवजीभन्छन्,– त्यसो हो भने जुनकुरा सुनीबुझेपछि, अज्ञानले गराउने सांसारिक भयहरू भोगनु पर्दैन, दीर्घायु सुख-समृद्धि र सन्तानपनि प्राप्त हुन्छ। त्यो, आध्यात्मिक[४] आधिभौतिक[५] आधिदैविक[६] तीनै प्रकारका दुःखलाई हटाउने,– अतिगोप्य 'अध्यात्म-रामायण'[७] सुनाइदिन्छू, एकचित्तभई सुनः–

अगि, रावणादि राक्षसको भारलेगर्दा, आफ्नो आधार बनेको पानीमा धसिएकी पृथिवीले, गाईकारूप बनी देवता र मुनिहरूको सहायलिई रुँदै ब्रम्हलोकमा पुगेर, आफूमा परिआएको बिपत्ति सबै ब्रम्हामा निबेदन गरिन्।

१–यसकोबिधिक्रम, उत्तरकाण्डको पञ्चमसर्ग,- रामगीतामा खुलेको छ। २–'राम' 'बृम्ह' भए, शोक क्रोधहरू रहनुनपर्ने, साधारण जीवभए उपास्य कसरी, भन्ने अगिको शंका। ३–प्रबन्ध। ४–रोगादि र काम क्रोधादिबाट पर्ने दुःख। ५–चोर आदि बाट पर्ने दुःख। ६–ग्रह आदिको आबेशबाट पर्ने दुःख। ७–सबैका आत्मामा, अन्तर्यामी भई रहने 'राम'-का चरित्रको वर्णन।

बृम्हाले दुइघडीसम्मको विचारवाट, उनिहरूलाई परेकोदु:खकोकारण र त्यसलाई हटाउने उपायको पनि निश्चयगरी, आफूमाआएका पृथिवीसहित देवताहरू सबैलाई साथमालिई, क्षीरसमुद्रको किनारमापुगेर भक्तिले गद्गद्भई आँसु गिराउँदै सबैका अन्तर्यामी नारायणको भक्तिरसपूर्ण–श्रुतिसम्मतपौराणिकस्तोत्रद्वारा स्तुतिगर्दा, पूर्वदिशापट्टि हजारमूर्यजस्तोतेज, इन्द्रनीलमणि जस्तो चमक, हंसिलोमुहार र कमलजस्तानेत्रभएका, मुकुट चौगडी मोतिका-माला वाजु वाला कौस्तुभ[१] श्रीवत्स[२] संख चक्र गदा पद्म वनमाला[३] सुनकोजनै, सुनकावर्णको दुइपीताम्वर समेत धारणगरेका र, सनकादि[४] ऋषि साथै पार्षदगणबाट सेवाभएका, लक्ष्मीलाई साथमा राखी गरुडकोपीठमाबसेका नारायणको[५], ब्रम्हामात्रले दर्शनपाईस्तुति गर्दछन्:—

"हे भगवन् ! कर्मरूपीपाशोबाट मुक्तहुन खोजनेले नित्यचिन्तन गरिने तिम्राापाउमा, प्राण[६] बुद्धि[७] इन्द्रिय[८] मन[९] सबैद्वारा नमस्कार गर्दछू। सत्वरजस्तमोयुक्तमायाबाट, जगत्कोसृष्टि, स्थिति, प्रलय गर्छौ तापनि, आनन्दानुभूति र आत्मस्वरूप तिमीमा, 'मेरो-सृष्टि' भन्ने आभास[१०] सम्म पर्दैन, अर्थात् मायाका सत्त्वादि गुणदेखि अलग छौ ।

तिम्रा गुणकीर्तनमा तत्पररहनेको 'अन्त:करण' जत्तिको शुद्ध रहन्छ । मलिनचित हुनेकोअन्त:करण दान। अध्ययनबाट पनि त्यत्तिको शुद्ध हुदैन। अत: सात्विकस्वभावका मुनिहरूको अन्त:करणदेखिनै प्रार्थ्य भएको, मैले स्वार्थसिद्धिकालागी[११] पहिलेदेखि सेवा गरेको, ज्ञानवान्हरूबाट मोक्षकालागि चिन्तन गरिएको तिम्रापाउकोदर्शन, सदाकाल मेरो चित्तशुद्धगर्ने भइरहोस् ।

हे प्रभो ! लक्ष्मीले, तिम्रापाउ आफ्नो छातिमा राख्न पाएकीछन् तापनि, तिम्रा पाउकोप्रसाद, तुलसीकामाला देखदा, सौताझैं ईर्ष्या गर्दछीन् ! अत:, तिम्रो प्रेम, लक्ष्मीमा भन्दा भक्तउपर वढता रहने स्पष्ट हुनाले, तिम्रो तत्वबुझेका भक्तहरू, सधैं भक्तिनै खोज ने हुन्छन् । अतश्च संसाररूपी–रोगको औषधिनै भक्ति हुनाले, तिमीमा मेरो भक्ति अटूट रहोस्" इत्यादि ।

१–नारायणले लगाउने मणि बिशेष। २–नारायणको चिन्ह विशेष । ३–घुँडासम्मपुग्ने लामोमाला। ४–सनक, सनन्दन, सनातव सनत्कुमार। ५–देहिने माथिल्लोबाहुदेखि, दहिने प्रदक्षिणवाट क्रमैले पद्, गदा, चक्र, शंख धारण भएको मूर्तिलाई 'नारायण' भन्दछन्। ६–क्रियाशक्तिको मुख्य अंश। ७–निश्चयात्मकअन्त:करण बृत्ति। ८–नाक, कान, इत्यादि ज्ञानेन्द्रिय। ९–संकल्पविकल्यात्मक अन्त:करणबृत्ति। १०–झझल्को। ११–आफ्नोकर्तव्य सृष्टि आदिको सिद्धिका निमित्त ।

ब्रम्हाको प्रार्थनाबाट, नारायणले "मैले के गर्नुपर्‍यो?" भन्दा, ब्रम्हाले "हे भगवन् ! पौलस्त्यको छोरो सकलराक्षसकोअधिपति रावण, मैले 'मनुष्यवाट मरण हुनेछ' भनी दिएको वरबाट वरदृप्तभई तीनैलोकलाई बाधागराउनेभई रहेछ, तसर्थ, हजूरले पृथिवीमा मनुष्य-रूपमा जन्मलिई त्यसलाई मारिदिनु पर्‍यो" भने ।

नारायण, ब्रम्हालेमात्र सुननेगरी भन्दछन् "अगि, कश्यपको तपस्याबाट संतुष्टभई मैले 'वरमाग' भन्दा, उनले "तिमीलाई छोराकोरूपमा पाऊँ" भनेका थिए, मैलेपनि 'हुन्छ' भनेको थिएँ । अहिले उनी, पृथिवीमा 'दशरथ'का रूपमा प्रसिद्धछन्, तिनैकी रानीमध्ये कौशल्याबाट म जन्म लिनेछू। अरू उनकी रानी कैकेयी सुमित्राबाट समेतगरी, मेरै आत्माका अंशले म समेत जम्मा चारको जन्म हुनेछ। त्यस्तै, जनककाघरमा 'सीता' नामलिई योगमाया[१] जन्मनेछन् र उनैका सहायबाट सबैकाम सिद्धगर्नेछू" पत्तिसुनाई अन्त-र्धान भए ।

ब्रम्हाले, देवताहरूलाई "बिष्णुभगवान् पृथिबीमा मनुष्यकोरूपले, रघुकाकुलमा दशरथका छोराभई जन्मनेछन्, तिमीहरूपनि आफ्ना-आफ्नाअंशवाट वानरको रूपमा जन्म लिएर, जहाँसम्म भगवान् पृथिवीमा रहलान्, त्यहाँसम्म उनकाकार्यमा सहायगर्ने भईरहू" भनी, अन्हाएर, गाईकोरूपकी पृथिवीलाई पनि संतोषदिलाई आफूपनि संतुष्टभई ब्रम्हलोक-तर्फ फर्के ।

देवताहरूपनि, भगवान्लाइ सहायनिमित्त, ठाउँ-ठाउँका पहाड-जङ्गलतर्फ, पहाद सम्मपनि उखेडी लडनसक्ने प्रशस्तबलियाबानरको रूपलिएर भगवान्का अवतारको प्रतीक्षामा[२] रहे ।

इति बालकाण्डे द्वितीयः सर्गः ॥२॥

लोकप्रख्यात सत्यपरायण भईकन संताननहुँदा दुःखमानेका दशरथले, आफ्नाकुलका आचार्य बसिष्ठसंग "हे ऋषिज्यू ! छोरा नहुनाले, राज्य धन सबै दुःखमनाउमा सहायक भईरहेछन्, के गरेमा सर्वलक्षणसम्पन्न छोरा होलान् ? भनी प्रश्नगरे ।

वसिष्ठले, "हे राजन् ! शान्ताकापति[३] तपस्याकाधनी 'ऋष्यश्रृंग'लाई बोलाई, हामी-हरू समेतद्वारा चाढैनै 'पुत्रकामेष्टि' गर्नुभएमा, लोकपालजस्ता सत्यंसम्पन्न चारछोरा हुनेछन्" भने ।

१–ईश्वरका कल्पनाको अंशमा रहने माया (समस्त बुद्धि समष्टिरूप), २–पर्खी खोजीगर्नु (बाटो हेर्नु)। ३–'शान्ता' दशरथका मित्र अंगदेशकाराजा लोमपादकी कन्या, दशरथले-आफ्नी छोरीमा कल्पना गरिएकी, भन्ने आख्यायिकाछ ।

दशरथले, ऋष्यश्रृगलाईल्याई वसिष्ठसमेतवाट, यज्ञ प्रारम्भगरे। श्रद्धाले बिधिपूर्वक हवनभईरहेको बेलामा, सुनकोपात्रमा पायसलिएका-निर्मल सुवर्णजस्ता उज्ज्वलकान्तिका अग्नि प्रकटभई, हे राजन्! तपाईको पुत्रोत्पति निमित्त, देबताहरूबाट तर्जुमाभएको यो पायस लिनुहोस्, परमात्मालाई छोराकोभावमा पाउनु हुनेछ, शंकाछैन" भनि, राजाका हातमा पायसदिई, अन्तर्धान भए।

इच्छा पूर्णहुनेकुरावाट, हृष्टभएका राजाले ऊपायस हातमालिई, वसिष्ठ र ऋष्य-श्रृगलाई प्रणामगरी, उहाँहरू दुबैको आज्ञावाट उक्त पायस, कौशल्या र कैकेयीलाई आधा-आधा गरीदिए, त्यस पायसको आशालिई उत्नीखेरै आईपुगेकी सुमित्रालाई, कैशल्या र कैकेयी दुबैले स्नेहपूर्वक आफ्ना-आफ्ना भागवाट, आधा-आधा भागदिए, उक्त पायसखाई गर्भवतीभएका सबै रानीहरू, देवताकापत्नी देवीजस्ता तेजिला हुँदैआए!

दशमहिना पुगेपछि, चैत्रशुक्लनवमीकोदिन, सूर्य मंगल बृहस्पति शुक्र शनिश्चर यी पाँचैग्रह, आफ्ना-आफ्ना उच्चस्थानमारहेको,[१] पुनर्बसुनक्षत्रयुक्तकर्कटलग्नमा, पुष्पबृष्टि भईरहेको समयमा, नीलकमलकापातकोजस्तो वर्ण, सहस्रसूर्यजस्ताउज्ज्वल कमलका-पातका आकारका नेत्रभएका मुकुट चौगडी श्रीवत्स[२] हार[३] वाजू वनमाला कल्ली-चाँपहरू र दुइपीताम्वर पहिरेका, चारवाहुभई शंखचक्र गदा पद्म धारणगरेका, भक्तानुग्रहसूचक हँसिलोमुहारभएका जगदीशसनातन परमात्मा, कौशल्याकोगर्भबाट पुत्रकोरूपमा पैदाभए। उक्तस्वरूपका परमात्मालाई देखेर, आश्चर्यले चकितभई हर्षको आँसुकाढेकी कौशल्या, स्तुति गर्दछिन्:-

"प्रणामगर्छु हे देब! शंख चक्र गदाधर!।
पूर्णरूप[४] परानन्द[५]! हौ तिमी पुरुषोत्तम[६] ॥
अनन्त[७] अविकारी[८] छौ मेटिन्नौ[९] बुद्धि आदिले।
नभेटिने हुँदा 'सत्ता',[१०] 'ज्ञानरूप' बताउँछन् ॥

१-मेषको सूर्य, मकरको मंगल, कर्कटको बृहस्पति, मीनको शुक्र, तुलाकोशनि, उच्च कहिन्छन्। २-बिष्णुका छातिमारहने चिन्हबिशेष। ३-मोतिको माला। ४-ठाउँ र समयले नभेटिने। ५-शुद्ध, बुद्ध मुक्त स्वभाव। ६-सबैको अधिष्ठान हुनाले उत्तमआत्मा। ७-संधैको नित्यहुनाले अन्तनभएको। ८-आफ्माको स्वभावबाट कदापि नवदलिने। ९-बचन, बुद्धि र अरूपनि कुनै इन्द्रियबाट नभेटिने, (जस्तै-बस्तुदेखाउने उज्यालो बा बत्ति कुनै बस्तुको बिषय हुँदैन। १०-सर्वत्र, आफै सम्बन्ध हुनाले 'सत्' भन्ने व्यवहारमात्रले बुझाइने।

मायाजनित सत्वादि गुणले युक्त भैकन ।
१सृष्ट्यादिकर्ता पनि छौ, छौ है 'निर्गुण'२ 'निष्क्रिय' ।।
नगर्नेभै गरेझैं छौ, हिंडदैनौ, छौ हिंडेसरी ।
सुन्नुछैन सुनेझै छौ, नहेरी सव देख्दछौ ।।
प्राणै छैन मनै छैन उज्याला अबिकारि३ छन् ।
सबैमा समभै बस्छन्'' भनी, बेद बताउँछन्४ ।।
अज्ञानीजनका अन्धोचित्तले छौ नदेखिले ।
देख्तछन् तत्वबुझ्नेले, सूक्ष्मदर्शी भई सधै ।।
रहन्छ पेटमा जस्को 'ब्रम्हाण्ड' परमाणु झैं ।
मबाट जन्म त्यस्ताको, दुनियाँ छल्नुमात्र५ हो ।।
भक्तकावशमा छौ है, बुझें आज रघूत्तम ! ।
भवसागरमा डुब्दै पति पुत्र धनादिमा ।।
मायाले भुल्दथें आज भएँ पाउनगीचकी ।
स्वरूप यो चतुर्बाहु मनमा नित्यनै रहोस ।।
माया हजुरकी लोकमोहिनी, नपरून् ममा ।
यो अलौकिक–सद्रूप६ लुकाई, बालदेहली ।।
देखाइवक्सियोस् 'बालभाव,' लोक सुहाँउँदो ।
जसको परिचर्यालि,७ तरूं संसारदेखि म ।।"

यतिसम्म कौशल्याको, भक्तिपूर्वकको स्तुति सुनेर, भगवान्ले "हे आमा ! तपाइँको भावना सबै सत्यछन्, तपाइँको इच्छा सबै पूर्णहुनेछन् । पृथिवीकोभार हटाउनको निमित्त रावणमार्नलाई ब्रम्हाले प्रार्थना गर्दा, मैले मनुष्यजन्म लिनुपरेको र, अगि दशरथकासाथ

१–मायालाई साथमालिई, मायाका सत्त्वरजस्तमोगुणलेयुक्तभई, सृष्टयादिको प्रवर्तक, अर्थात–रज:प्रधानले ब्रम्हाभई सृष्टिगर्ने, सत्वप्रधानले बिष्णुभई स्थितिगर्ने, तम:प्रधानले रूद्रभई प्रलयगर्ने । (यसउक्तिबाट सत्वप्रधान बिष्णुमा, तमोगुणको स्वभावलेहुने–दैत्यादि मार्नेकाम, कसरी भयो ? भन्ने शंकालाई, दुष्टनिग्रह नभई शिष्ट रक्षानहुने हुनाले, त्यो कामपनि, शिष्टपालनकै निमित्तको हुँदा, सत्वप्रधानकै ठहरेकोछ) । २–मायाकागुण सत्वादि नरहेको । ३–पैदा-हुन्छ, छ, बदलिन्छ बढदछ, घटदछ, नाशिन्छ भनिने कुनै भाव नभएका । –४"दिव्योह्यमूर्तः पुरूषः स बाह्याभ्यन्तरोह्यजः । अप्राणोह्यमनाः शुभ्रो्ऽक्षरात् परतर:पर: ।।" यो मुण्डकश्रुतिकोबाक्यले बताउँदछन् । ५-मबाट जन्मेको भन्ने पारी, मेरो माहात्म्य गराउनु भएको हो । ६–लोकमा नमिल्दो वा तेजोमय हुँदा, हेर्न नसकिने । ७–टहलले ।

तपाईलेगरेको तपस्याद्वारा, मलाई छोरो गराउने इच्छागर्नु भएको हुनाले, अगिकै तपस्याको फलबाट, तपस्या नगर्नेले देख्नैपनि नपाउने–'मोक्षदायकरूप', तपाइँले देख्नपाउनु भएको हो। हामी दुइको यो संवाद जसले पढदछ वा सुन्दछ त्यसलाई, मरणकालमा म उपर सम्झना आई मेरो सारूप्य मिल्नेछ" भनि सुनाएर आफ्नो अवतारको प्रतीक्षा गरीरहेका इन्द्रादि लोकपाललाई पनि संतोष दिलाउँदै, इन्द्रनीलमणि जस्तोवर्ण, भर्खर उदाएका अरूणको जस्तो कान्ति, विशालनयन इत्यादिद्वारा, अति सुन्दररूपको साधारण बालकबनी, "च्याहाँ–च्याहाँ" गर्दै रूनपनि लागे।

राजादशरथले, पुत्रोत्पत्तिको खबर सुनेर, आनन्दरूपी समुद्रकाबिहारको अनुभवगर्दै, गुरु वसिष्ठलाई साथमालिई सूतिकागृहमा आउँदा, अतिसुन्दर बालकलाई देखी हर्षकोआँसु गिराउँदै, जातकर्मादि गरे।

त्यसैवखतमा, कैकेयीबाट कमलपत्रजस्ता नेत्र भएका सुन्दरवालक एक र, सुमित्राबाट पूर्णिमाका चन्द्रमाजस्ता सुन्दरभई लक्षणयुक्त बालक दुइ पैदाभए !

अतिहर्षिएका राजाले, अनेक उत्सवमनाउँदै, ब्राम्हण र अरूसमेतलाई हजारौं गाऊँ, गाई, रत्न, सुवर्ण, बस्त्रहरू वितरण गरे।

ती नवजात बालकहरूको नामकरणमा, 'अज्ञानको नाशनिमित्त मुनिहरू रमाउने' भन्ने अर्थमा 'राम', भरणगर्ने हुँदा 'भरत', लक्षण सम्पन्नहुँदा 'लक्ष्मण', 'शत्रुको नाशगर्ने' अर्थमा 'शत्रुघ्न' नाम रहचो। राम, लक्ष्मणकासाथमा बाललीलागर्ने भए।

निधारमा,–चारौंतर्फ मोतिजडेको पिपलकापातका आकारको, सुनकोपत्ता। घाँटीमा, बीच बीचमा बाघकानङ्ग्राउनेको[१] रत्नकामाला। कानमा,–काहुलोको काँचोफलका आकारको रत्नजडित कुण्डल। पाउमा,–रत्नकाझुम्काले शव्द निस्कने चाप। कम्मरमा,–रत्नका झुम्का भएको कन्दनी। पाखुरामा,–रत्नालंकृतबाजू पहिरेका, मसिनादाँत हँसिलोमुहार इन्द्रनीलमणिजस्तो प्रभाभएका रामले, पटांगिनीमा बाललीलाले खेलबहाडगर्दै, वाच्छा–बाच्छीका पुच्छर समाती, आफूपनि घुम्ने उसलाई पनि घुमाउने, इत्यादि खेलकुद गरेको देख्दा, दशरथसहितकौशल्याहरू सबै अतिहर्ष मान्दथे।

१–चिरञ्जीवीका निमित्त, हात्ती, सिंह, बाघहरूका अवयवकोधारण लेखिएको छ, तिनका आकारबनाई नक्कल धारण–गर्न भने निषेध छ।

राजादशरथले, भोजनमाबसदा 'हेराम ! यता आऊ' भनी, प्रेमले बोलाउँदापनि खेलकूदमामस्तभई नआएमा, हाँसीरहेकी कौशल्यालाई, 'जाउ लिईआउ' भनेमा सो सुनेका राम परैदेखि भागदथे र कौशल्याले, लखेटदै दगुर्दापनि भेटियो कि जस्तो मात्रभई, योगीका मनकोबिषय मानिएका 'राम'लाई छुनसम्मपनि भेटतिनथिन् र पछि आफै हीलो–माटो लागेको हातगोडालिई, हाँसी–हाँसीआएर, एक–दुइ गाँसमात्रखाई, फेरि भागी दगुर्दथे ।

कौशल्या, रामको कल्याणनिमित्त,–महिनैपिछे सधवाहरूलाई अनेक खाद्यपदार्थका साथै, विचित्रका सौभाग्यबस्तुहरू वितरण गर्दथिन् । रामको चकचक–छुरछुरलेगर्दा,१ कौशल्याले, भित्रको कामपनि छोड्दै आइन् ।

एकपटकरामले, आमाकौशल्याछेउगई खानेकुरामागदा, काममालागेकी कौशल्याले निधोपाइनन् र रामआफैले भंडारभित्र पसी, लहुरोले वर-परका भाँडाहरू ठटाउँदै, झुण्डिएका-सिकमा राखेका, दुध, दही, घिऊ, नौनीकाभाँडा खसाली, पोखी लक्ष्मण भरत शत्रुघ्नलाई क्रमैसंग बाँडे ।

त्यो उपध्रो देखेकी भंडारेले कौशल्याछेउ गई सुनाउँदा,– दगुर्दैआएकी कौशल्यालाई परैबाटदेखेर, सबैभाइ हाँसदै दगुर्दैभागे र उनीहरूलाई लखेटदा भेटिएजस्तोमात्रभई, भेट्न नसकी, बीच–बीचमा धर्मराउँदै दगुरेकी कौशल्याले, बल्ल–बल्ल रामलाई समातदैमा, केही भन्ननपाउँदै सबैभाई बालभावलिई 'हुँहूँ–हिँहीँ' गरी रूनलागे, र कौशल्याले सबैछोराहरू-लाई प्रेमले हलुका अँगालोसम्महाली, केहीनभनी छोडिदिईन् ।

एवं, बाललीलाबाट माता–पितासमेत सबैलाई आनन्दितगराउँदै, मायामात्रबाट मनुष्यभई बालककोस्वभावलिएका,– जगदानन्दकारकरामको, पाँचवर्ष वित्यो ।

कौमाराबस्थालागेपछि, वसिष्ठले उपनयनादि संस्कार पुऱ्याई शास्त्रशिक्षा गरे । लीलामात्रले मनुष्यरूपलिएका चारैभाई, चाँढैनै सकलविद्यामा धृष्ट र सकलशास्त्रार्थमा धुरन्धरभई, धनुर्वेदमा पनि निपुणभए । लक्ष्मण, आदरपूर्वक,–सेव्य–सेवकभावले सधैंरामको र शत्रुघ्न सधैं भरतको पछि लाग्दथे ।

राम, नित्त्य धनुवाणठोक्रोभिरी घोडामाचढी, लक्ष्मणलाईसाथमालिएर शिकारमा-गई, मारिएका मृगआदि सबै पिताकासामुन्नेल्याई समर्पण गर्दथे ।

१–हानि नोक्सानीको बिचार नभई गरिने काम ।

दिनचर्यामा पनि, सबेरै उठी स्नानादि गरी माता-पिताको दर्शन गरेर, नम्रता-पूर्वक दुनियाँकाकाममा लाग्दथे र रोजिन्दै, बन्धुहरूका साथमा भोजनगरी, मुनिहरू-संग धर्मशास्त्रका रहस्यहरू सुन्ने व्याख्यान गर्ने गर्दथे। मनुष्यशरीर लिएका परमात्मा-बाट, सबैकाम लोककै चाल-चलन सुहाउंदोहुन्थ्यो ।

इत्ति बालकाण्डे तृतीयः सर्गः ॥३॥

एकपटक, 'आफ्नै मायाबाट अवतीर्ण,'– 'ईश्वर' भन्ने जानेर, रामको दर्शनगर्न भनी आएका तेजस्वी-बिश्वामित्रलाई, दशरथले टाढैबाट देखेर, झटपट उठी वसिष्ठका साथै नगीचमा पुगेर, यथायोग्य अभिवादन-पूजनगरी, हात जोरेर, "तपाइँको आगमनबाट म कृतार्थछू, जहाँ तपाइँजस्ताको आगमन हुन्छ, त्यहाँ सबैकुराको कुशलोदय हुन्छ ! जुनइच्छाले पाल्नुभएकोछ आज्ञाहोस्, पूर्णगराउने छू" भने ।

दशरथको बचनबाट खुशीमानेका विश्वामित्रले, "म देवता-पितृहरूको तृप्तिका निमित्त पर्वपर्वमा जुन-जुनवेला यज्ञहरू गर्न थाल्दछू, त्यसबेलामा दैत्य-"मारीच" 'सुवाहु' र तिनैका पछुवा समेत आई अनेकविघ्न पारिदिन्छन् । अतः तपाइँको मनले खान्छ भने, वसिष्ठ संग पनि सल्लाह लिएर, ती दैत्यहरूलाई मार्नकानिमित्त केहीसमयलाई लक्ष्मण-का साथ 'राम' मलाई दिनुहोस्; तपाइँको पनि कल्लाण हुनेछ" भने ।

विश्वामित्रका कुरासुन्दा, अतिचिन्तालिएका दशरथले, वसिष्ठ संग एकान्तपारी "हे गुरु ! के गरूँ? रामलाई छोड्न मनमान्दैन ! हजारौं वर्षमा कष्ठले देवताजस्ता चारछोरा भएका छन् ! त्यसमापनि अतिप्यारोभएको 'राम' म देखि टाढा भयो भने, म केही गरेपनि बाँचन शक्ने छैन ! 'नाइँ' भनूँभने, ऋषिले शराप देवैनन् भन्ने शंका-पनि छैन ! के गरेमा मलाई असत्त्य[१] ले छुनपनि नपाउने, कल्याण[२] पनि हुने हो?" भने ।

बसिष्ठले,–"हे महाराज ! यत्नपूर्वक गोप्यराखनुपर्ने– देवताहरूकोरहस्य सुन्नुहोस् । 'राम' मनुष्य होइनन् ! अगि पृथिवीकोभार पन्छाउनलाई, ब्रह्माद्वारा प्रार्थना भएका सना-तनपरमातमा नै अहिले तपाइँका घरमा कौशल्याबाट जन्मेकाहुन् ।

१. पहिले नै प्रतिज्ञाभएको,– 'जे इच्छाले पालनुभएको छ, त्यो पूर्णगराउने छ' भन्ने बचन, असत्य हुन नपाउने ।
२. रामसंग को वियोगबाट, मेरो मरण हुन नपाउने भई कल्याण हुने ।

तपाई, पहिले ब्रह्माकाछोरा प्रजापति (कश्यप) हुनुहुन्थो, 'कौशल्या' देवताकी आमा 'अदिति' (तपाईकै पत्नी) हुनुहुन्थ्यो। तपाईहरू दुवैले ब्रह्मचर्यमारही, हरबखत विष्णुको पूजा-उपासनामा तत्परभई, धेरै समयसम्म उग्रतफ्स्या गर्नु भएको थियो र त्यसैबाट प्रसन्नभगवान्ले "वरमाग" भन्दा, तपाईले 'तिमि मेरोछोरो होइदेऊ' भनेकोले भगवानले पनि 'हुन्छ' भनेका थिए। उनैभक्तवत्सल अहिले तपाईको छोरोभई जन्मेका 'राम' हुन्।

लक्ष्मण, शेषकोअंशहुँदा रामको पछिलाग्ने भएकाछन। तिनै भक्तवत्सलपरमात्माकोबाहुमा रहने 'शंख' भरत र, 'चक्र' शत्रुघ्नभई जन्मेका हुन्। त्यस्तै,–मिथिलामा, जनकराजाकी छोरीको भावमा, 'सीता' नामले प्रसिद्धभई 'योगमाया' जन्मेकीछन्। तिनै सीता संग रामको संयोग गराउन विश्वाभित्र आएकाहुन! यो अतिगोप्यकुरा, कहीं कसैगरे पनि कसैमा नखुलाउनु। अतः चिन्तालिनुपर्ने कुरा केही नहुँदा, खुशीसाथै विश्वामित्रको सन्मानपुऱ्याई, लक्ष्मण सहित रामलाई उनैका साथमा पठाउनुहोस्" भने।

वसिष्ठको उपदेशबाट हृष्टभई, आफूलाई कृतकृत्य सम्झेका दशरथले, राम र लक्ष्मणलाई वोलाई, दुइहातले अंकमालगरी, शिरमा[१] सुंधी, आदर पूर्वक विश्वामित्रको जिम्मा लगाए।

वाण ठोक्रो धनु तरवारभिरी आफ्नो समीपमा आएका राम लक्ष्मणलाई विश्वामित्रले आशीर्वाददिदै साथैमाहिँडाई केहिपर पुगेपछि, देवताहरूबाट तर्जुमा र प्रयोग पनि भएको 'बला', 'अतिवला' दुइविद्या[२], रामलाई प्रदान गरे।

गङ्गाजीतरी ताडकानामको वनमा पुगेपछि विश्वामित्रले सत्त्यपराक्रम–रामसंग "यहाँ, ताडका नामगरेकी कामरूपिणीराक्षसी[३], सबैलोकलाई बाधागराई वसेकी छ, अतः कुनैकुरामा विचार[४] नगरी, मारीदिनुहोस्" भने।

रामले, ताँदोचढाएकोधनुको टंकारबाट एक आवाज दिए! बनै थर्काउने त्यो

१. पुत्रादिको आयु वृद्धिका निमित्त लेखिएको 'प्रजापतेस्त्वा' इत्यादि मन्त्रले। २. शरीरमा सामर्थ्य संपादनद्वारा इष्टसिद्धि गराउने 'बला', मनको कल्पना मात्रले इच्छापुराउने 'अतिबला', यी बिद्या लिनालेमात्र पनि भोक, प्यास हराउँदछन्। ३. इच्छा माफिकको रूपलिन सक्ने। ४. 'स्त्रीजाति मारिन योग्य हुँदैनन्' भन्ने समेत कुनै बिचार नगरी।

आवाज सहनै नसकी, अति क्रुद्धभई भयानकरूपलिई रामलाई झम्टन आएकी ताडका, रामको एकैवाणको चोटबाट प्रशस्तरगतवमनगर्दै लडी! त्यसैका देहबाट,–गहनासितसबै श्रृंगारले सजिएकी अतिसुन्दरी यक्षिणी प्रकटभएर रामलाई नमस्कार र प्रदक्षिणा गर्दा, रामको आज्ञाले देवलोकमा गईन! यस घटनाबाट साह्रै खुशीभएका विश्वामित्रले, रामलाई अंगालोहाली शिरमासुँधी आशीर्वाद चढाउँदै मनमनै केही सोचेर[१], अस्त्रसम्वन्धी रहस्यसहित-मन्त्रको शिक्षा गरे।

इति बालकाण्डे चतुर्थः सर्गः ॥४॥

एकरात, ताडकात्रस्त मुनिहरू एकत्रभई बसेको कामा[२] श्रममा विश्रामगरी, विहान रामलक्ष्मणसहित विश्वामित्र सिद्धा[३] श्रमतर्फ गए। उहाँ, विश्वामित्रको आगमन सुनी जम्मा भएका मुनीहरूले, रामलक्ष्मणको सन्मानगरे।

रामले, विश्वामित्रसंग,– "हे मुनिजी! यज्ञको प्रारम्भगरेर, तो दुष्टराक्षसहरू[४] कताबाट आउँदछन्? देखाइदिनुहोस्" भने।

विश्वामित्रले यज्ञको प्रारम्भ गर्दा, मध्यान्हमा रगत र हाडहरू बर्षाउँदै, मारीच र सुबाहु देखाह परे। रामले, धनुउठाई एकैपटकदुइवाणचढाई, ती दुइकाउपर छुट्टाछुट्टै प्रहार गर्दा, एक वाणले मारीचलाई शयौंयोजन[५] लछार्दै समुद्रकोकिनारमा लडाएकोले, सबैले आश्चर्य माने। दोश्रो आग्नेयास्त्रले, तुरुन्तै सुवाहुको अन्त्य गरायो! बाँकी तिनैका पछुवाहरूलाई, लक्ष्मणले मारे!

राम लक्ष्मण उपर, देवताहरूले पुष्पबर्षाए, आकाशमा देवताका बाजाबज्नलागे, सिद्ध[६] चारण[७] हरू नाचगान गर्नलागे। हर्षले रसिलाआँखालिएका विश्वामित्रले पूजनीयरामलाई भक्तिसहित स्नेहले आलिंगनगरी काखमाराखेर, दुवैभाइलाई उत्तम भोजन गराई, तीनदिनसम्म पुराणका बाक्यहरू सुनाउँदै त्यसैआश्रममा विश्रामगराए।

१–रामको गुरुबनेमा, आफूलाई अन्त्यकालमा मुक्तिपदको योग्यता पाउने सोच। २–ताडका मारिएकै ठाउँमा, अघि रुद्रले कामदेवलाई अंगहीन गराएको थियो र 'कामाश्रम' नाम रहेको थियो। ३–विश्वामित्रको बासस्थान, यहीँलाई अगि 'बामनाश्रम' पनि भन्दथे। ४–अगि, दशरथसंगको भेटमा उल्लेखभएका मारीच र सुवाहु। ५–योजन एकमा, चारकोस मानिन्छ। ६-देवयोनि विशेष। ७–गानागर्ने (गवैया)।

चारौंदिनमा, विश्वामित्रले,– "हे राम ! विदेहदेशमा, जनकराजाको महायज्ञ छ, हेर्नजाऔं । त्यहाँ, शिवजीले अगिदेखि 'माहेश्वरधनु' नासो राखनुभएको छ, त्यो अति-बलियो र सुन्दर छ; हेर्नपनि पाइने छ । तपाईँलाई, जनकराजाले सन्मानपनि गर्नेछन् ।" भनी, अरू मुनिहरूलाई पनि बोलाई रामलक्ष्मणलाई साथैमालिई, प्रस्थान गरे ।

जादाजादैबाटोमा, गङ्गाजीकोनगीच–गौतमकोआश्रममापुग्दा कतैपनि कुनैजातका पशु, पक्षी, क्षुद्रजन्तु[१] समेत केही नभएको, जताततै दिव्य-फल-फूल फलेफुलेको, अनेक-जातका सुन्दर-बृक्षहरूले शोभागराएको अतिरमणीयथलो देखेर, रामले–"जन्तुकेहीनभएको, राम्रा-राम्रा पात, फूल, फल लागेको, अति उज्यालो र पवित्र यो, कसको आश्रम हो ? यसलाईदेखदा मेरोमन अतिआल्हादित भयो ! यथार्थ सुन्नपाऊँ" भने ।

विश्वामित्रले,–"पुरानोबृत्तान्त सुन्नुहोस,– सकलधर्मात्मामा श्रेष्ठ, लोकविश्रुत गौतम ऋषि, नारायणको आराधनगर्दै तपस्यामालागेका थिए ! उनीलाई ब्रह्माले आफ्नी छोरी अतिसुन्दरी 'अहल्या' दिनुभयो ! ब्रह्मचर्यले उद्दीप्तगोतम, अहल्याकाटहलबाट संतुष्ट भई उनैकासाथमा यहाँ बसेका थिए । इन्द्रले, अहल्याको सौन्द्रर्यदेखेर उनीसंग उपभोग गर्ने इच्छाले, छिद्र[२] खोज्दै रहेकाथिए ।

एकदिन, 'गौतम' आश्रमदेखि बाहिरगएको मौकामा, इन्द्रले गौतमकोभेषलिई आश्रम भित्र पसी, उपभोगगरी तुरुन्तनिस्कदा, तत्कालैमा मुनिपनि आईपुगे र आफ्नो रूपको अर्कोपुरुष देखदा, अतिकुपित भएका मुनिले "मेरोरूपलिने तँ छोटोनियतको कोहोस् ? साँचोबता, होइनभने तँलाई भस्मगराइदिन्छु" भने ।

इन्द्रले हातजोरेर ऋषिकापाउमापरी "म इन्द्र हूँ, कामवशभई नीचबुद्धिले निन्दित कर्मगरें ! माफपाऊँ, रक्षाहोस्" भने ।

क्रुद्धभई राताआँखालिएका मुनिले,–"हे योनिलम्पट ! दुष्टात्मन् ! तँ हजार योनि रहेको भएस्" भनी शरापदिइ आश्रमभित्र पसदा, बाहिरको घटनासुनी भयभीतभई हात-जोरी थरथरभई कामीरहेकी अहल्यालाई देखेर, ऋषिले–"तिमी दुष्कर्ममापरी भ्रष्टभएकी

१–जंगलमा हुने सानातिना प्राणीहरू । २–मुनि नभएको समय ।

हुनाले, यस आश्रमको पत्थरमा लीनभई अहोरात्र निराहाररही, घाम हुरी पानी सही, परमेश्वररामलाई एकाग्रचित्तले हृदयमाचिन्तनगरीरहू । मेरो यो आश्रम, कुनै जन्तु रहन नसक्ने हुनेछ ।

केहीहजारवर्ष बितेपछि, राजादशरथकाछोरा 'राम' आफ्नोभाइ लक्ष्मणलाई साथमालिई आउनेछन र, तिमी लीनभईरहेको यस पत्थरमा, उनकापाउले टेकेपछि, तिम्रो पाप पखालिनेछ र तिमीले प्रकाशभई, रामलाई भक्तिपूर्वक नमस्कार प्रदक्षिणा स्तुति गरेपछि, अगि झैं सुखशान्तिले मेरो शुश्रूषागर्न पाउने छौ' भनी, गौतम हिमालयतर्फ गएका थिए ।

त्यहाँदेखि, अहल्या कसैबाट नदेखिनेभई हावामात्र खाई, आफ्ना आश्रमको पत्थरमा लीनभई तपाईका पाउका धुलोको स्पर्शपाउनलाई पर्खदै, अहिलेसम्म दुष्कर[१] तपस्यामा[२] छन । अतः तपाईले, मुनिकीपत्नी ब्राह्माकी छोरी अहल्यालाई पबित्रगराउनुहोस भनी, रामको हातमा समातेर उक्तपत्थर देखाउनगए ।

त्यस पत्थरलाई रामकापाउले छुनाकासाथै, रामलेनै झट्ट अहल्यालाई देखेर 'रामोहं' भनी, नमस्कार गरे । अहल्यालेपनि आफ्नोसामुन्नेमा, सुनौलारेशमीबस्त्र पहिरेका, चारबाहु-मा शंख चक्र गदा पद्मलिएको[३] मूर्तिको झलक र, उत्नीखेरै धनुर्वाणलिई लक्ष्मणकोसाथमा रहेको, हँसिलोमुहार कमलजस्तानेत्रभएका, छातिमा श्रीवत्सको[४] चिन्हभएका, नीलमणिको जस्तो वर्णभई, दशैदिशा उज्यालोगराउने उज्ज्वलतेजयुक्तरामको दर्शनपाउँदा, हर्षले आँखा झिमिक्क पनि नगरेकी अहल्याले, गौतमको बचनपनि झट्टसंझेर 'नारायण' हुन, भन्ने निश्चयलिई, अर्घ्य आदिद्वारा पूजा र दण्डवत्प्रणामगरी, रोमाञ्चितशरीरभएकी अहल्या, हर्षको आँशुले कोशभिजेका आँखा एकतारसंग राममालगाई, स्तुतिगर्दैछिनः—

"अहो ! भएँ आज कृतार्थ[५], हे विभो ! हजूरको स्पर्शहुँदा म धन्य छु ।
हजूरको दर्शनकानिमित्तनै, शिवादि गर्छन तप उग्ररूपमा ।।

१–गर्नसक्नु । २–तपस्याको लक्षण, उत्तरकाण्डको द्वितीयसर्गमा टिप्पणी भएको छ । ३–यहाँ आफू, भगवानको अवतार हूँ भनी अहल्यालाई बुझाउनलाई चारबाहुकोरूप, अहल्यालेमात्र देख्नेगरी झलक्क देखाएर, दुईबाहुकै रूपले रहे । भन्ने व्याख्यान छ । ४–बिष्णुकोछातिमा रहेने चिन्ह बिशेष । ५–गौतमको शरापबाट छुटेकी हुनाले कृतार्थ ।

मनुष्यभैं मुग्धगराउने जगत्, अहो[१] ! हजूर्को छ बिचित्रचेष्टित ।
सधैं परानन्द भएर, मायिक - बनेर गर्ने खलबृन्दनाशन ।।

जुन्पाउको कणमिलेर भईपवित्र[२] –'भागीरथी' शिव विरिञ्चि पवित्र पार्छीन् ।
साक्षात् – तिनैचरण नेत्रसमक्षपर्दा, के पो गरेछु अगि पुण्य भनेर गम्छु[३] ।।

मर्त्यावतारीप्रभुको स्वरूप यो, ठोक्रो भिरेका शतपत्रनेत्र ली ।
नीलोमणीझैं रमणीयमूर्तिमा, छोडी[४] सबै मग्नरहोस यो मन ।।

जसको पदाब्जरज खोज्दछ वेदसार,[५] जुन्नामका रसिकछन् भगवान् पुरारि[६] ।
जसमा छ यो जगत नाटकझैं चलेको, ती रामचन्द्रकन चिन्तन नित्त्यगर्छू ।।

जसको चरित्रलिइ वर्णन नित्त्य गर्छन, सर्वत्र ती शिव विरिञ्चि र नारदादि ।
आनन्दको भलल आँसु गिराइ देवी वागीश्वरी[७] गरनुहुन्छ पवित्रगान ।।

ती हुन परात्मा जगदादिदेव, ज्योतिः[८] स्वयं आद्य[९] अनन्तरूप[१०] ।
मायातनू[११] ली जनमोह[१२] पार्नू अनुग्रहै हो परकानिमित्त ।।

उत्पत्तिनाशस्थितिका त कारण, स्वतन्त्रआत्मा परिपूर्ण भैकन ।
मायागुणैले प्रतिर्विवितैभई, बन्छौ त ब्रह्मादि[१३], अनेकरूपली ।।

जुनपाउ लक्ष्मी लिनुहुन्छ छातिमा, जुनपाउले लोकसबैत[१४] ढाकियो ।
जुन्पाउ लिन्छन् मुनिदेव ध्यानमा, गरी नमस्कार ति पाउपर्छु म ।।

जगत्काआदि[१५] तिमीहौ जगत् र जगदाश्रय ।
संसर्गहीन एक्लोभै पूर्णरूप अनाश्रय ।।

शब्दादिको अबिषय बाच्य ॐकारमात्रको ।
बाच्य-बाचकले भिन्न, सारा विश्व हजूरनै ।।

१–हात गोडा केही नभई, सर्वव्यापी, आनन्दमय, चैतन्यरूप हजुरले, लोकका अनुग्रह निमित्तमात्र मायाबाट मनुष्य-स्वरूपलिई, मायाबाटनै मनुष्यको स्वभावमा चल्नुभएकोले, यही, हजूरको जगतलाई मोह गराउने बिचित्र चेष्टा छ, अहो आश्चर्य ! । २–बिष्णुका पाउबाट निस्केकी हुँदा पवित्र । ३–अगिल्लो जन्ममा गरेको, शुभाशुभकर्मको ज्ञान नहुँदा गम गर्दछू । ४–अरु कुनै कोचिन्तन छोडी । ५–उपनिषद, (जस्तो–कमलमा, सुगन्ध गराउने सत्ता, भित्री तवरले रहेको हुन्छ, त्यस्तै–विश्वकोसत्ता भान गराउने 'ब्रम्ह' उपनिषदले खोजने हुन्छ । ६–महादेव । ७–सरस्वती । ८–आफै प्रकाश । ९–सबैको निमित्तकारण । १०–कहिल्यै नाश नहुने । ११–अर्काको अनुग्रहनिमित्त कर्तव्य सम्झी, लोक मोह गराउने मायाशरीर (अरूको जस्तो पाञ्चभौतिक शरीर होइन) १२–परम सुन्दररूप र सबैलाई स्वभावैले मोह पार्ने । १३–ब्रम्हा (रजः प्रधानभई सृष्टिगर्ने), विष्णु (सत्त्वप्रधानभई स्थिति प्रतिपालन गर्ने), रुद्र (तमः प्रधानभई प्रलयगर्ने) । १४– वामनावतारमा । १५–जगतका कारण हुनाले, 'आदि' ।

कार्य[1] कारण[2] कर्त्तृत्वफल[3] साधन[4] भेदले ।
गराउँछौ भिन्नभान मायाका बहुरूपले ।।

मायामा फसनेलेता मायारूप हजूरको ।
जान्दैनन् 'तत्त्व', मान्छेनै ठान्दछन् मन्दबुद्धिले ।।

कर्मसङ्गनभै[5], शुद्धबुद्ध[6] नित्य[7] सद[8] व्यय[9] ।
छौ हे, सर्वत्ररहने आकाश झनि निर्मल ।।

स्त्री[10] छु, मूढाछु, अज्ञा[11] छु, तत्त्वजानूँ कसोगरी! ।
राम ! गर्छु नमस्कार, चित्त एकाग्रको गरी ।।

मेरो जहाँ कहाँनै होस् बास, हे राम ! लोकमा ।
प्रभुका पाउको भक्ति सदा जागोस चित्तमा ।।

ढोग्छूलौ पुरुषाध्यक्ष[12]! नुतिल्यौ भक्तबत्सल[13] ! ।
छौ है ढोग ऋषीकेश[14]! नारायण[15]! लिनोस् नुति ।।

भव–भय सबहर्ने कोटिसूर्यप्रभावान्,
शर धनुहरू भिर्ने मेघकोतुल्य वर्ण ।

दुइबसन[16]सुनौला, चौगडी पैह्रिएका,
कमलनयन ! गर्छू भक्तिसाथैप्रणाम ।।

यसरी, रामकोस्तुतिगरी, दण्डवत् र प्रदक्षिणा सकी विदापाएकी अहल्या, तुरुन्तै गौतमको आश्रम–हिमालयतर्फ गईन् ।

अहल्यालेगरेको यो स्तोत्र, जसले स्वाचारमारही, भक्तिपूर्वक रामलाई हृदयमा सम्झी ध्यानगर्दै नित्त्य पाठगर्दछ; त्यसको सकलपाप पखालिई ब्रह्मपद प्राप्तिहुन्छ। सन्तानकानिमित्त, रामलाई नित्त्य हृदयमा सम्झी, भक्तिपूर्वक पढेमा वन्ध्यानै भएपनि बर्षदिन भित्रमा पुत्र पैदागर्ने हुन्छे। सबैइच्छा पूर्ण हुन्छन्।

१–महत्तत्वादि। २–मायास्वरूप मूलप्रकृति। ३–स्वर्ग नरकादि । ४–यज्ञ, वेद आदि। ५–कुनै कर्म र हलचलै पनि नभएको। ६–ज्ञानरूप। ७–अनादि। ८–सत्तारूप। ९–अनन्त। १०-तमोगुण प्रधान। ११-ज्ञाननभएकी। १२-सकल आत्माका साक्षी। १३-भक्त उपर वाछा जस्ता। १४-सकल इन्द्रियका अधिष्ठाता। १५-जीवसमूहमा अन्तर्यामी भइ रहने, अथवा जलशायी, यो 'नारायण' संसारको भयनाशक, स्मरणीय मन्त्र, भनी कहिएको छ, जस्तै– 'नारायणाय नमः इत्ययमेब सत्यं, संसारघोरबिषसंहरणायमन्त्रः' (नृसिह पुराण)। १६-उपर्ना र धोती।

इति बालकाण्डे पञ्चमः सर्गः ।।५।।

अहल्या विदा भएपछि, उहाँहरू मिथिलाको बाटोलिई, गङ्गाजी तर्न खोजदा, माझीले रोकीः–

"धुन्छु पाउ पहिले रघूत्तम ! के छ पत्थर र काठमा फरक ? ।
'जो रहन्छ कण पाउमा त्यही, स्त्री बनाउँछ' भनी कुरासुनें ।।
पखालि पाऊ विमलै गराउँछु, पछाडि तारेर म पार गर्दछू ।
नहीं त डुङ्गा पनि नारिभै भने, होला कसोरी परिवारपोषण ।।
कुटुम्बको बृद्धि हुनेभयो प्रभो !, नारी बनी, नाउ जती छ काठको ।
मलाइपक्कै गरछन् ति हानि पो, त्यसकारणै क्षालन होस पाउको ।।"

भनी, रामकोपाउ धोएर, सबैलाई डुङ्गामा चढाई पार पुऱ्याएपछि, उनीहरूले मिथिलाको बाटो लिए ।

बिहान, मिथिलाको राजधानी,–ऋषिहरूको बासस्थानमा पुगेपछि, राजाजनकले, विश्वामित्र आएको सुनो अतिहृष्टभई पूजा-सन्मानको सामानलिई, पुरोहित-शतानन्दको[१] साथमा आएर विश्वामित्रलाई दण्डवत्प्रणाम[२] गरी पूजा-सन्मान गरे । त्यसै बखतमा, सर्व-लक्षणसंपन्न,–दोश्रा चन्द्र-सूर्य जस्ता तेजस्वी रामलक्ष्मणलाई देखेर, विश्वामित्रसंग,–"देखतैमा मेरोमनलाई आनन्द गराउने, नरनारायण जस्ता यी दुई, देवताका छोरा पो हुन् कि ! कसकाछोरा हुन्?" भनी, सोधे ।

प्रसन्नविश्वामित्रले, जनकलाई संतुष्ट गराउँदै,–"यी दुइभाइ, राजादशरथका छोरा,–'राम' र 'लक्ष्मण' नाम गरेका हुन् । मेरो यज्ञरक्षानिमित्त, मैले आयोध्याबाट ल्याएको थिएँ, बाटोमा आउँदा मेरै प्रेरणाबाट, पराक्रमीरामले विश्वकै नाशगर्न उद्यत भएकी 'ताडका' लाई एकैबाणले मारिदिए ! त्यहाँबाट मेरो आश्रममा पुगेपछि पनि, मेरो यज्ञविगार्ने सुवाहुहरूलाई एकै प्रहारलेमारी, मारीचलाई समुद्रको छेउमा हुत्याइदिए !

त्यसपछि, गङ्गाजीको किनार–गौतमको आश्रममा आएर, अहल्या लीनभइरहेकी

१-गौतमका छोरा । २-घोप्टोपरी, लट्ठीझैं पसारिई हातजोरी गर्ने प्रणामलाई 'दण्डवतप्रणाम' भन्दछन् ।

पत्थरमा रामका पाउले छुँदा मानिसकोरूपमा प्रकटभएकी अहल्यालाई राम आफैले नमस्कार गरे, पछि उनीले दर्शन गरी पूजनादि गरिन्। अहिले, तपाइँकाघरमा शोभित भइरहेको 'माहेश्वर धनु' सबै राजाहरू आई दर्शन मात्र गरी फर्कन्छन्[1] भन्नें सुन्दछू, त्यही धनु हेर्ने इच्छाले आएका छन्। त्यो शिवजीको धनु देखाउनुहोस्, त्यसलाई हेरेर मात्र पिताजीको दर्शनलाई अयोध्याफर्कने इच्छा भएको छ" भनी, सुनाए।

यतिसम्म विश्वामित्रको कुरा सुनेर, धर्मकाज्ञाता जनकले पूजनीय ठह्न्याई, दुवै भाइलाई पूजनप्रणामादिबाट सन्मानगरी, आफ्नो मन्त्री सुदामालाई—"जाऊ, चाँढो-गरी शिवजीको धनुल्याई, उहाँ रामलाई देखाऊ" भनी, अह्राएर, विश्वामित्रसंग "यदि, रामले धनु उठाएर कोटिमा[2] ताँदो चढाउन सके भने, मेरी छोरी 'सीता' म रामलाई दिनेछू" भने।

ती दुइका कुरासुन्दै मुसु–सुसु हाँसी रहेका रामतर्फ आँखा घुमाएका विश्वामित्रले, "हुन्छ, चाँढो देखाउनुहोस्" भने। यत्ति कुरा हुँदैमा रत्नहरू जडेको र ठाउँ–ठाउँमा घण्टाहरू झुण्डिएको 'शिवधनु,' पाँचहजार पुरुषले बोकी ल्याइपुऱ्याउँदा, सुदामाले राम-लाई बाहिर बोलाई, धनु देखाए।

ब्रह्माण्डभरका सबै प्राणीका बलको सारस्वरूप :रामले उक्त धनुलाई हेरी, त्यहाँ जम्मा भएका राजा रजौटा सहित फौजका अगाडि कटिवद्ध[3] भएर, बायाँहातले हलुकैं-सँग उठाइ ताँदो चढाउन भनी केहि मात्र नुहाउँदैमा 'धनु' दुइटुक्रा भई भाँचियो! त्यसको शब्दले स्वर्ग मर्त्य पाताल सर्वत्र ढाक्यो ;।

आश्चर्य चकित भएका रानीहरू "अहो : के हो यो! भन्दै, खोपीबाट पटाङ्गिनीमा जम्मा हुन आए। आकाशमा बसी हेरीरहेका देवताहरू विष्मय भई, पुष्पबृष्टि गराउँदै स्तुति गर्न लागे। आकाशैमा कर्णाल, —नगराहरू वजन र अप्सराहरू नाचन लागे। धनु दूइटुक्रा भएको देखेर, आश्चर्य साथै हृष्टभएका जनकले रामलाई प्रेमले आलिंगन गरे।

१–कसैले ताँदो चढाउन नसकेको हुँदा, दर्शनमात्र गरी फर्कने। २–धनुको दुइतर्फ टुप्पामा। ३–धोतीहरू स्याहारी, कम्मरमा बाँध्नुलाई 'कटिवद्ध भन्दछन्, भाषामा 'कम्मरकस्नु' भन्दछन्।

शुभ मुहुर्तमा, जुहारातका माला रत्नजडाउ चौगडी आदि गहनाहरू र रेशमका सुनौला पोशाक पैरी, सुन्दर घुम्टोमा सुवर्णजस्मो चहकिलो चेहडा हँसिलो मुहार भएकी सीता, शर्मिन्दा हुँदैं दाहिने हातमा सुबर्णको माला लिएर, रत्न जडाउ सुवर्णका पाउजेबको आवाजका साथै, केही छिटोसंग रामको अगागि पुगी, रामलाई माला पहिराई, मुसु–मुसु लिदै तुरून्त फर्कीन । राजमहलका आँखिझ्याल खिडकीहरूबाट च्याइरहेका राजपरिवाररहरूले, स्वभावतः सुन्दर र अलंकारहरू पहिरेका रामलाई देखेर अति प्रसन्नता मनाए ।

राजाजनकले,– विश्वामित्रसंग "हे मुनिजी ! कुमारहरूको विवाहकानिमित्त; रानी, छोरा, मन्त्री आदि सकल परिवार सहित राजा दशरथलाई, जसरीहुन्छ यह चाँढै आइपुग्नेगरी लिखतसहित मानिस पठाउनुहोस्" भने ।

विश्वामित्रले,–"हुन्छ" भनी, लिखतसाथ पठाएका मानिसहरूले, अयोध्यामापुगी दशरथ छेउ रामको कुशलसमाचार निवेदन गर्दा, धनु भाँचेको र स्वथंबर भएको समेत सुनी, हर्षले गद्गद भएका राजा दशरथले, मिथिला जान भनी मन्त्रीहरूलाई ताकिता गर्दै, "हात्ति घोडा रथ र पैदल समेत सबैफौजले आज जानु पर्दछ चाँडो गर मेरो रथपनि ल्याऊ; गुरू वसिष्टले सपत्नीक भई अग्नि[1] र रामका आमाहरूलाई पनि साथैमा लिई अगाडि लागनुपर्दछ" भनी, उहाँहरूको प्रस्थान गराई, आफूले पनि रथमाचढी, सबै फौजकासाथमा प्रस्थान गरे ।

राजा दशरथ मिथिलामा आइपुगेको सुनी, अति हृष्टभएका राजा जनकले शतानन्दलाई साथमा लिई दशरथ खेउ पुगेर शास्त्रोक्तरीतिले पूजा सन्मान गरे । राम लक्ष्मणले पनि पिताजीका पाउमा दण्डवत भई दर्शन गरे ।

अति प्रसन्न राजा दशरथले, " हे राम ! फुलेको कमलजस्तो तिम्रो सुन्दर मुहार, धेरैदिन पछि आज आनन्द देखन पाउँदा सारै खुशी लाग्यो । हाम्रो, यो सबै कल्याणोदय, मुनि शिश्वामित्रको अनुग्रह हो" भनी, शिरमासूँधी आशीर्वादका साथै

१–(आहिताग्नि) अग्निहोत्रीले अरू आगोबाट खान–पान गर्न नहुने र अग्निलाई छोडन पनि नहुने हुनाले, सो अग्नि साथैमा लिई जानु परेको हो ।

प्रेमले अङ्कमाल गरे । पुत्रमिलन, पुत्रबिवाह आदि को प्रसन्नता, एकै समयमा आइपर्दा अति प्रसन्न भएका दशरथ, ब्रह्मानन्दमा[1] पुगेजस्ता भए ।

राजाजनकले, सपरिवार दशरथलाई, सकल उपभोग्य बस्तुद्वारा सुसम्पन्न–सुन्दर महलमा प्रवेशगराई, सन्मानपूर्वक विश्राम गराए।

शुभ मुहूर्त, शुभ लग्न परेको दिनमा, बाहिर ठाउँ–ठाउँमा सुन्दर ढोकाहरू बनी, चित्र–विचित्रका– ध्वजा पताकाले सिंगारिएको र नगरा कर्णाल आदि बाजाका साथै नाच–गान पनि भइरहेकोले, सबै नगर गुञ्जायमान थियो ।

भित्र, रत्नका खम्बाहरू खडागरो, ठूला–ठूला चहकदारा चधुवाफैलाई फल–फूलकामाला र मोतिकाझुप्पा आदिद्वारा सजधजभएकोबिवाह मण्डप बनेको थियो ।

सुनकाबाजूहरू लगाएका ब्राह्मणहरू रश्रृंगारका साथै असर्फीकामाला लगाएका सुबासिनीहरू यत्रतत्र रहेको उक्त मण्डपमा, सबै भाइसहित रामलाई ल्याई, रामलाई दिव्यरत्न जडित सुवर्ण सिंहासनमा बसाली, दायाँ–बायाँमा बसिष्ठ र विश्वामित्रलाई राखी, पुरोहित शतानन्दद्वारा ती दुइको पूजागराई, अग्नि प्रज्वालन भएपछि, सकल उपचारबाट श्रृंगार भएकी सोतालाई अगिलगाई, सपत्नीक जनकराजा, रामको अगाडि नगीचमा पुगेर, रामको पाउ प्रक्षालन गरी, जुन पाउकोजल (गङ्गारूप), शिब ब्रह्मा मुनिहरूको नित्त्य सेव्य छ, ऊ जल एिरमा धारण गरेर, जलकुशाक्षतादिका साथै सीताको हात समाती, पाणिग्रहण बिधानले "सीता कमलपत्राक्षी स्वर्णमुक्तादि भूषिता । दीयते मे सुता तुभ्यं प्रीतोभव रघूत्तम ! पढदै, रामका करकमलमा समर्पण गरे ।

त्यसै लग्नमा, राजाजनकले आफ्नै कन्या 'ऊर्मिला' लक्ष्मणलाई र, आफ्नोभाइ कुशध्वजकी दुइकन्यामध्ये 'माण्डवी' भरतलाई; 'श्रुतकीर्ति' शत्रुघ्नलाई, बिधिपूर्वक समर्पण गरे ।

राजा जनक, अगि आफूलाई नारदले बताएको साताकोबृत्तान्त, अहिले वसिष्ठ र विश्वामित्रलाई सुनाउँदछन् :– "अगि आफूलाई भूमि संस्कार निमित्त हलो लगाउँदा,

१–समाधिमा

फालीको डाव परेको ठाउँबाट शुभ लक्षणकीकन्या, उत्पन्न भइन । तिनीलाई शरत्कालको चन्द्रमा जस्ती, निर्मल उज्यालो देखेर हर्षले, छोरीको भावनागरी, रानीकोहातमा सुम्पेको थिएँ ।

एकदिन, म एकान्तगरी बसेको ठाउँमा, महती[१] वीणा बजाउँदै नारायणको गानगर्दै नारदजी पाल्नुहुँदा, मैले यथायोग्य सन्मान गरेपछि, उहाँले "तपाइँकी उदयकोकारण बन्न आएको 'गुप्तकुरा' सुन्नुहोस् :–

परमात्मा 'हृषीकेश', भक्तउपर अनुग्रहकोइच्छाले, देवताकोकार्यसिद्धि र रावणको वधलाई, मायाले मनुष्यकोभेषलिई, दशरथका छोरा बनी 'राम' नामले प्रख्यात भई, चारमूर्ति[२] गरी जन्मेका छन्! यता, 'योगमाया',[३] पनि 'सीता नामगरीं, तपाइँको घरमा उत्पन्नभएकी छन् । यसैकारणले यत्नपुऱ्याई, तपाइँकीसीता रामलाई नै दिनुपर्दछ । सीता, अगि पनि परमात्मारामकी भार्या[४] हुन्, अरूलाई दिनुहुँदैन" भनी, फर्किएकाथिए ।

त्यहाँदेखि, मैले सीतालाई 'विष्णुकीपत्नी 'लक्ष्मी' भनी चिन्हें । परन्तु 'रामलाई कुन उपायले दिने भनी गमगर्दा, एउटा उपाय फेलापारें,–मेरोकुलमा महेश्वरले छोड्नु भएको धनु म संग छ! सीताको पाणिग्रहन गराउनलाई, यसैमा ताँदो चढाउने पण गरेमा, अरू सबैकोमान[५] भँग पनि हुन्छ, सीतापनि रामको हातमा पर्छिन्, भन्ने निश्चयलिएर काम उठाएँ । हे मुनिश्रेष्ठ! अहिले तपाइँका प्रसादले 'राम' धनु हेर्न भनी यहीं पाल्नुहुँदा, मेरो मनोरथ सिद्ध हुन सक्यो' भन्दै, रामतर्फ आँखा लगाएर :–

'हे राम! सीतासंग एकासनमा बिराजमान हजूरको दर्शन पाउँदा, मेरो जन्म सफल भयो! हजूरका पाउको जल धारणगर्नाले 'ब्रह्मा' सृष्टिचक्र प्रवर्तक भए। वलि, देवताका अधिपति भए। हजूरकापाउका धुलोको स्पर्शले अहल्या, पतिका शरापबाट

१–नारदको बीणाको नाम 'महती' ,जस्तै–"विश्वावसोस्तु 'वृहती' तुम्बरोस्तु 'कलावती', 'महती' नारदस्यस्यात् सरस्वस्यास्तु 'कच्छपी' । २–राम लक्ष्मण बरत षत्रुघ्न रूपले चार मूर्ति। ३–अनादिशक्ति। ४-भरणात्- (बिराट रूप भनें हुनाले) भार्या, अतः अनादि शक्ति । ५–कसंले उठाउन वा ताँदो चढाउन नसक्ने हुँदा, मानभङ्ग ।

तुरुन्त छुटोन् । अतः जगत्मा, हजूरभन्दा बढ्ता प्रभावशाली रक्षक को ? जसका पाउ-रूपी कमलका रसमा मग्न रहनाले, योगीहरू कालचक्रलाई जिती, संसारको भय (जन्मनु मर्नु) बाट उम्केका छन् ! जसको नामकीर्तन बाट, देवताहरूले दुःख–शोकादि जितेकाछन् ! तिनै हजूरका चरणमा, म सधैं शरण पर्दछू" भन्दै, स्तुतिगरेर, रामलाई शयकोटी नगद, दशहजार रथ, एकलाख घोडा, छ शय हात्ती, एकलाखफौज, तीनसय सुसारे र र सीतालाई रत्न जडेका थरि–थरिका गहना सहित दिव्य बस्त्रहरू समर्पण गरी, भरत लक्ष्मण शत्रुघ्न घसिष्ठ र राजादशरथ समेत सपत्नीक सबैलाई, यथोचित दान मानादिबाट प्रसन्न गराई बिदागरे ।

बिदाका बखतमा आँसु काढेकी सीतालाई, आँखाभरि आँसुलिएका आमाहरूले उनका आँसु पुछिदिंदै 'सासुको टहल–शुश्रूषामा लागनू, पतिरामको मनमाफिक चलनू, पति शाशू शशुराहरूको बचन ननाघ्नू" इत्यादि भन्दै, पुराणहरूमा कहिएका पतिब्रत्य धर्महरू पनि संझाउँदै, "जे–जस्तो परेपनि, सुख–संतोषमानी वसनु" भनी, शिक्षा गरे ।

रामको प्रस्थान समयमा बजेका लौकिक बाखाहरूका शब्दमा, स्वर्गमा बजेका देवताका बाजाहरूको ध्वनि समेत मिसिदा, त्यस ध्वनिलेसर्वसाधारण प्राणीहरू बहिरा टीलाहा जस्ता भए ।

इति बालकाण्डे षष्ठ सर्गः ॥६॥

अयोध्या निमित्तको प्रस्थानमा बाह्रकोश परपुग्दा, अशुभसूचक–उत्पात1 देखिन लागेकोले, शंकामानेका राजादशरथले वसिष्ठ संग– "यो के हुन आँटेको हो ?" भनी सोधे ।

बसिष्ठले "यो आगामीभयको सूचक हो ता पनि पशु–पक्षीहरूले दाहिने प्रदक्षिण गरेको हुनाले, चाँढैनै शुभगराउने सूचना पनि छ" भने ।

१–पक्षीहरूमा चिल्लाहत इत्यादि ।

यत्तिकैमा, भयलाग्दो हुरी चलनथाल्यो ! धुलो–माटोले आँखा खोल्न नसकिने गरायो ! केही अगि बढ्दैमा, अगाडिबाट सूर्य झैं चम्किलो बिजुलिको थुप्रो जस्तो, केही बस्तुपनि देखिदै आयो र क्रमशः, – हातमा धनु र वञ्चरो लिएका, जटा बाँधेका मेघको वर्णका–प्रलयको कालजस्ता 'परशुराम' आफ्नो अगाडि आइपुगेको देखेर, झस्के झैं भई धैर्य त्यागेका दशरथले, "त्राहि त्राहि" पनि भन्दै, "छोराहरूको प्राण बचाइदेऊ" भने ।

रिसले चुरिएका परशुरामले, दशरथमा वास्तै नराखी चुरिदै रामका अगाडी पुगेर कठोर वाक्य वोलन लागे "हे क्षत्रिया धम ! नेरोनाम चोरी 'राम' भनाई हिडने तिमीमा 'क्षत्रियहु" भन्ने अभिमान छ भने म संग लड । पुरानो थोत्रिएको धनु भाँचेर, बिनासित्ति आफूलाई नामी भनाउन चाहन्छौ ! लौ, यो वैष्णव धनुमा ताँदो चढाउनमात्र सक्यौ भने पनि, म तिमीसंग लडुँला, होइन भने तिमीहरू सबैलाई मारि नै दिन्छू; क्षत्रियको अन्त गराउने मै हूं" भन्दै, आफ्नो हातको थनु देखाए ।

यत्तिहुँदैमा भूकम्प भयो । सबैका आँखामा अन्धकारले छायो । बीररामले, परशुरामलाई ठाडाआँखालिई हेरेर, वायाँ हातले उनकाहातको धनु खोसी दाहिनेले ताँदो चढाई, आफ्नो ठोक्रोबाट बाणझिकी ताँदोमा लगाई, ताँदो खिचेर "सुन ! मेरो वाण व्यर्थ हुँदैन, तिमी ब्राह्मणहुनाले तिम्रो प्राणलिन भएन, त्यसकारणले, तिम्रो यस लोकको[१] गति वा परलोकको[२] गति रोक्नु मेरो कर्तब्य हुनआयो, अतः कुनलाई तारोगराउने भन्दछौ ! चाँढो भन" भने ।

रामको बाक्यसुन्दैमा, निस्तेजभई चेहरा बिग्रेकापरशुराम, आफ्नो पूर्ववृत्तान्त पनि झलक्क संझी, भन्दछन् :– "हे राम ! हे महाबाहो ! हजूरलाई 'परमेश्वर' 'पुराण पूरुष' 'विष्णु' भनी, चिह्नें ।

अगि बालकमा, बिष्णुको साधननिमित्त चक्रतीर्थमा गई गरेको तपस्याले, प्रसन्न भएका चतुर्बाहु बिष्णुबाट, मलाई दर्शन बक्सी " हे ब्रह्मन् ! उठ, तिम्रो तपस्या सफल भयो ! जुन कामनाले तपस्या गरेका हौ, त्यो पूर्ण हुनेछ,–मेरो चित्‌अंशलेयुक्त

१–तीर्थादि गमन निमित्तको गति । २–आकाशमार्गको गति ।

भई आफ्नो वावु जमदग्निको हत्त्यागर्ने–'कार्तवीर्य' लाई मार्न सक्ने छौ र त्यसपछि पनि एक्काइसपटक पृथिवीलाई प्रदक्षिणा गर्दै, दुष्ट क्षत्रियहरूलाई मारी, सबै पृथिवी कश्यपलाई समर्पण गरेर शान्ति पाउने छौ ।

त्रेतायुगको प्रारम्भमा, दशरथका छोरा 'राम' नामभई, 'म' उत्पन्नहुनेछू, र तिमीमा रहेको परमशक्तिले मलाई चिह्नैपछि, तिमीलाई अहिले मैलेदिएको तेज (चिदंश), फर्काउने छू त्यसपछि पनि तिमी चारहजार युगसम्म, तपस्यामा नै लीन रहनेछौ" सम्म उपदेशगरी, अन्तर्धान भै बक्सेको थियो ! उपदेश बमोजिम सबै मैले गरें ।

अहिले, उनै 'बिष्णु' ब्रह्माका प्रार्थनाबाट, हजूर जन्मिबक्सियो र ममा रहेको हजुरको तेज, हजूरलेनै फर्काइबक्सियो ! आज हजूरका अनुग्रहबाट मेरो जन्मपनि सफल भयो ! यी सबैकुरा पनि, अहिलेमात्र मलाई चट्ट संज्ञना[१] भयो ।

हजूर, प्रकृतिदेखि अलग हुनाले, ब्रम्हाहरू द्वारापनि राम्ररी चिह्न नसकिने हजूरमा,–अज्ञानजन्य षट्भावको[२] विकार नरहने हुनाले हजूर निर्विकार, ज्ञानमात्रले पूण; हजूर कै आधारमा हजूरकै अधीनमारहने मायाबाट नै पानीमा फिज आगोमा धुवाँ झैं सबै सृजना हुनेहुनाले हजूरमा गमनादि क्रिया पनि कुनै रहदैन । अतः लोकहरू जहाँसम्भ मायाले छोपिएका हुन्छन्, त्यहाँसम्म तिनीहरू कसैले हजूरलाई चिह्न सक्तैनन् !

मायाका अज्ञानबाट पैदाहुने हुनाले त्यसैलाई 'अविद्या' पनि भन्दछन् । त्यसैबाट[३] बनेको, देह सहित इन्द्रियका समूहले ढाकिएको–अन्तःकरणमा, प्रतिविंवत[४] चित्शक्तिलाई, जीवलोकमा 'जीव'[५] भन्दछन् जहाँसम्म, विवेकको अभावरूपकारणबाट, शरीर मन प्राण बुद्धिहरूमा, 'म' मैले भन्ने अभिमान[६] रहन्छ, त्यहाँसम्म सांसारिक सुख दुःखहरूको भोगीमात्र बन्दछ ।

१–अगावैं, यो सम्झना किन आएन त भन्ने शंकालाई लिएर बताउँदछन् । २–जन्मन्छ, छ, बदलिन्छ, बढदछ, घटदछ, नाशिन्छ भन्ने षड्भाव । ३–मायाबाट, सबै सृजन हुने भनी, अगि कहिएको कुरालाई यो दृष्टान्त हो । ४–त्यो देखि भिन्न, त्यो जस्तै भई अनिर्वाच्य संवद्ध भएको । ५–प्राणधारक । ६–आरोप ।

'आत्मा', अपरिणामी हुनाले त्यसमा कर्तृत्व भोक्तृत्व आदिको संसर्ग नै रहँदैन । 'बुद्धि', जड हुनाले त्यसमा ज्ञान रहँदैन । मेघमारहेको आगो र[१] पानीझैं, चैतन्यको संयोगले जड पनि चैतन्य जस्तो र, जडको संयोगले चैतन्य पनि जडजस्तो हुने हुनाले यिनै दुइकोयोगबाट, 'जीव' अहंकर्ता (म मैले) इत्यादिमा प्रवृत्त[२] हुन्छ।

अतश्च त्यो जीव, जहाँसम्म[३] हजूरकाभक्तसंगको संगतबाट प्राप्तिहुने 'सुख' जान्दैन बुझ्दैन, त्यहाँसम्म सांसारिक दुःखबाट छुट्न सक्तैन । जव, सत्संगतबाट पाइने भक्तिद्वारा हजूरको उपासनामा[४] लागला, तव बिस्तार बिस्तार मायासंगको संवन्धबाट छुटदै, हजूरमा भक्तिभएको सद्गुरू मेटदछ रत्यस्ता गुरूका[५] बाक्यकोज्ञानबाट, हजूरकै प्रसादले मुक्ति पाउने हुन्छ ।

त्यसकारणले, हजूरमा भक्ति नभएको व्यक्तिले, कोटि जन्मलिएपनि मुक्तिको त के कुरा ! सत्–शास्त्रको ज्ञान र संतोष सम्म पनि पाउँदैन ! अतः, मेरो जन्म–जन्मान्तर सम्मपनि, अविद्यालाई नाशगर्ने दुइकुरा,–हजूरका भक्त मंगको संगत र हजूरका पाउमा भक्ति, कहिल्यै नछुटोस् । हे विभो ! लोरमा, हजूरको भक्तिमा ;लागी हजूरको तत्त्वज्ञानरूपीं अमृत बर्षाउनेहरू, आफ्ना कुलकौ ता के कुरा ! लोकैलाई पवित्र गराउन सक्दछन् ।

नमोऽस्तु जगतांनाथ ! नमस्ते भक्ति भावन ।
नमः कारूणिकानन्त ! रामचन्द्र, नमोस्तुते ।।

हे देव ! मँलै, पुम्यलोक जित्नभनी जे जति पुण्य गरें, ती लबै हजूरका वाणको लक्षका निमित्त समर्पण[६] गर्दछू ! हे राम ! नमस्ते" सम्म सुनाई खडा गरे।

परशुरामका बाक्यहरूबाट, प्रसन्न भई मुसुमुसु हाँसेको रामले, "हे ब्रम्हन् ! तिम्रो मनकोइच्छा[७] पुऱ्याइदिनेछू, शंका लिनु पर्दैन" भनी, संतुष्ट गराए ।

१–जस्तो– बिजुलीको प्रकाश, पानीले छोपदछ; पानीको स्वरूप जड़ छ तापनि बिगुलीको चहक पाउँदा, चहकिलो हुनेहुन्छ; त्यस्तै – २–सांसारिक व्यवहारी हुन्छ । ३–त्यसोभए, मुक्ति कसरी त भन्ने शंकालाई, यो उक्ति भएको छ । ४–उहज । ५–'तत्त्वनसि' इत्यादि बाक्यको ज्ञानबाट । ६–यस उक्तिबाट,– अगि 'यसलोकको गति वा परलोकको गति, कुनलाई तारो गराउने भन्दछौ' भन्ने रामको सोधनीमा, सकल पुण्य समर्पणवाट सर्वकर्मक्षयद्वारा मुक्तिको प्रार्थना, बुझाइएको । ७–सकल पुण्यसमर्पणबाट सर्वकर्मक्षयद्वारा मुक्तिको इच्छा ।

हर्षले गद्‌गदभएका परशुरामले "हे राम! यदि म उपर अनुग्रह रहन्छ भने, ममा हजूरका भक्तहरू संगको संगत र हजूरका पाउमा निश्चल भक्ति पनि सधैं भरी रहोस्, र यो मैले गरेको स्तुति, भक्ति हीन जनले पनि सधैं सम्झन्छ पढदछ भने, उसलाई हजूरमा भक्ति उत्पन्न गराउने बनोस्, त्यति हुँदैन भनेपनि, अन्त्यकालमा हजूरलाई संझने गराओव्" भनो, प्रार्थनागर्दा, रामबाट 'तथास्तु' बचन भयो र कृत कृत्य परशुराम, रामलाई प्रणाम प्रदक्षिणागरी, तपस्या निमित्त 'महेन्द्रांचल' तर्फ गए।

उपरोक्त सबैकुरा सुनो, देखो अति हर्ष मानेका राजा दशरथ, मरेर फर्केको छोरो भेटेझैं गरी, हर्षको आंसु वहाउँदै रामलाई वारंबार आलिंगन गर्दै, शान्तचित्तले अयोध्या पुगे ।

अयोध्यामा, देवतासरहका, राम लक्ष्मण भरत शत्रुघ्न चारै भाइ, आफ्ना मन्दिरमा सपत्नीक भई रमाई बसे । बिशेषगरी, माता–पिताका अतिप्रिय 'राम' सीता सहित हुँदा बैकुण्ठमा लक्ष्मीसहित नारायण झैं सुशोभित थिए ।

केहिदिनपछि भरतकामामा 'युधाजित्' स्नेहले भरतलाई आफ्ना राज्यमा लैजान भनी लिन आएकाले, राजा दशरथले पनि स्नेहपूर्वक शत्रुघ्नसमेत साथमा दिई भरतलाई पठाए ।

लोकाधिवीर्य राम्रा गुण जति सबका, खानि भै निर्विकार ।
गाइन्छन् कीर्तिजस्का बुधजनहरूले भक्तका भव्य लागि ।।
मायादेखि अलग भै निर वधिक सुखी, नैपनि मानिसै झैं ।
संसारी कार्यकर्ता बनि रहनुभयो 'राम' सीता संगै ली ।।

इति बालकाण्डे सप्तम: सर्ग: ।।७।।

इति बालकाण्डं समाप्तम् ।।

—: ※ :—

अथ अयोध्याकाण्डम् :–

एकदिन कौस्तुभ[१] आदि मंगलकारक अलंकालहरू पहिरी, आनन्द लिई सिंहासनमा बसी पान चपाउँदै, चमर डोलाइरहेकी सीतासँग विनोद गरीरहेका रामले, उहाँकै दर्शननिमित्त, आकाशमार्गबाट आएका स्फटिक जस्तो चहक भएका निर्मल नारदलाई देखेर, हर्षले झटपट उठी सीता सहित भई शिर झुकाई नमस्कार गर्दै "हे मुनिश्रेष्ठ ! हामीजस्ता बिषयासक्त संसारीलाई, तपाइँजस्ता ऋषिको दर्शन दुर्लभ छ, मैले पूर्वजन्मको पुण्यले दर्शन पाएँ ! संसारीलाई सज्जनसंगको समागम पनि काकतालीले मात्र पर्न आउने हुन्छ ! तपाइँको दर्शनबाट कृतार्थ छू, मैले के गर्नु पऱ्यो ? भन्नुहोस्" भने ।

रामको नम्रबचन सुनी नारद भन्दछन् "हे राम ! आफूलाई 'संसारी' 'म' भनी साधारण लोक सुहाउँदो बाक्य गरी, मलाइ किन मोह गराउँछौ ? हो, कुरो त साँचो हो ! जगतको आदिकारण मूलप्रकृति नै तिम्रीं गृहिणी छन् र उनीले नै तिमीसंगको सन्निकर्षबाट[२] ब्रह्मा आदि पैदा गर्दछिन् । अतएव, तिमी सत्त्वरजस्तमो-गुणरूप प्रकृतिको आश्रय छौ । तिमीमा आश्रयमात्र भएकी प्रकृतिबाट भिन्न–भिन्न स्वभावका[३] प्रजा पैदा हुन्छन् ! अतः त्यस्ती गृहिणीले युक्त तिमी, तीनैलोकरूपी ठूलो गृहको गृहस्थ[४] छौ ।

जस्तो,–तिमी बिष्णु, सीता लक्ष्मी । तिमी शिव, सीता पार्वती । तिमी ब्रह्मा, सीता सरस्वती । तिमी सूर्य, सीता प्रभा । तिमी चन्द्रमा, सीता रोहिणी । तिमी इन्द्र, सीता पौलोमी । तिमी अग्नि, सीता स्वाहा । तिमी कालरूप यम, सीता संयमनी । तिमी निर्ऋति, सीता तामसी । तिमी वरूण, सीता भार्गवी । तिमी वायु, सीता सदागति । तिमी कुवेर, सीता सर्वसंपत् । तिमी लोकनाशक[५] रूद्र, सीता रूद्राणी ।

१–नारायणमा रहने मणि बिशेष । प्रकृतिमा चैतन्य नहुँदा, चैतन्यका निमित्त तिम्रो सन्निकर्ष । ३–सत्त्वर-जस्तमो गुणका स्वभाव अनुसार, सुख दुःख मोह स्वभावका । ४–यस बाक्यबाट, अगि रामले 'संसारी' भनेको र नारदले' कुरो त साँचो हो' भनेकोलाई समर्थन भएको छ । प्रलय गर्ने ।

एवं च स्त्री जाति सबै सीता र पुरुष जाति सबै तिमी हो ! यसकारणले,–तीनैलोकमा तिमी दुइ देखि भिन्न, स्त्री वा पुरुष कोही छैन ।

तिमीसंगको संबन्धमात्रले सृष्टिमा उन्मुख भएकी मायालाई 'अव्याकृत'[१] भन्दछन् । त्यसैबाट बुद्धितत्त्व[२] अहंकार र त्यसैबाट जन्म मरण सुख दुःख आदि रहने–सर्बकार्यात्मक[३] लिङ्गशरीर बन्दछ । त्यही समष्टिरूपलाई लोकता, 'जीव, 'जगन्मय', 'हिरण्यगर्भ' भनीने भान हुन्छ । सत्त्वाज्सत्त्वलेअनिर्वाच्याअनादि त्यसैलाई, ब्रम्हको 'कारणोपाधि'[४] भन्दछन् ।

चित्मा, स्थूल[५] सूक्ष्म[६] कारण[७] गेरो, तीनप्रकारका उपाधि रहन्छन् । यसै समष्टि लाई 'जोव' भन्दछन् । ती उपाधि कुनै नरहने चौथोलाई, 'परमेश्वर'[८] भन्दछन् ।

जाग्रत्[९] स्वप्न[१०] सुषुप्ति[११] –यी तीनै अवस्था अविद्यात्मक हुनाले ती देखि अलगर, कुनै कारण नरही एकनासको–चिन्मात्ररूप साक्षी (कारणोपाधि)[१२] तिमीनै छौ । तिमीमा नै रहेको अविद्यासहितजगत् सबै, तिमीबाटै प्रकट हुन्छ र पछि पनि तिमीमा नै लीन हुन्छ; त्यसैकारणले, तिमी सर्वकारण हौ ।

जस्तो,–अज्ञानले, डोरीमा सर्पको भ्रान्ति पार्दा भय गराउने हुन्छ र डोरीमा डोरीकै ज्ञानहुँदा, त्यो भय हराउने हुन्छ । त्यस्तै, आत्मामा जीवत्त्व समझ पर्दा, संसाररूप[१३] भय गराउने हुन्छ । आत्मा नै परमात्माको भाव ज्ञान हुँदा, सँसाररूप भयलाई हटाउने हुन्छ ।

१–प्रकट नहुने वीजरूप जगतको मुख्य वस्तु, यसैलाई आरण्यकाण्ड तृतीयसर्गमा अगस्त्यका वाक्यबाट 'मूलप्रकृति' इत्यादि उक्ति गरी त्यसैबाट सृष्टिक्रमसमेत वर्णन भएको छ । २–उत्साहरूपी महत्तत्त्व । ३–अहंकार, बुद्धि, ज्ञानेन्द्रिय, प्राण आदिको जम्मा, यसको क्रमपनि आरण्यकाण्ड तृतीय सर्गमा अगस्त्यको उक्ति छ । ४–संसारको कारणरूप भई कूट (दुर्बोध) रूपमा रहेको 'ब्रम्ह'को 'कारणोपाधि' । ५–स्थूलदेह, त्यसको समष्टि उपाधि 'विराट' । ६–लिङ्गदेह, त्यसको समष्टि उपाधि'हिरन्यगर्भ' । ७–ईश्वर, सर्बत्र अन्तर्यामी हुँदा चित्मा पनि अन्तर्भाव हुने हुनाले 'कारणोपाधि' । ८-'विराट् हिरण्यगर्भश्च कारणं चेत्युपाधयः, ईशस्य यन्त्रिभिर्हीनं तुरियं तत्पदं विदुः' (वार्तिक) । ९–इन्द्रियादिको काम रहेको अवस्था । १०–बाहिरी इन्द्रियको ग्राह्य नभएको, केबल अंतःकरणको बासनाबाट प्रत्यक्ष झैं देखिने,सुनिने अवस्था । ११–गाढा निद्रावस्था । १२–यस उक्तिबाट, कारणोपाधि (ईश्वर), स्थूल, सूक्ष्म उपाधिदेखिबेखि अलग छ भन्नेपनि बुझाइएको छ । १३–जन्म मरणादि दुःख रूप ।

चिन्मात्र ज्योतिः स्वरूप तिमी, सबैका देहमा रहने अन्तःकरणलाई प्रकाश गराउने हुनाले सबैको अन्तर्यामी छौ ! परन्तु, तिम्रो स्वरूप नजानदा, अज्ञानले, डोरीमा सर्पको आरोप गरे झैं, तिमीमा जगत्को आरोप[१] गर्दछन् ! तिम्रो स्वरूपको यथार्थ ज्ञान पाएपछि जगतै लीन हुन्छ ! त्यसकारणले त्यस ज्ञानको निमित्त सधै अभ्यास[२] गर्नुपर्दछ । तिम्रा पाउमा, भक्तिको[३] अभ्यास भएकालाई, क्रमशः 'विज्ञान'[४] पैदा हुन्छ । अतश्च, तिम्रा भक्तिमा लाग्नेहरू मुक्तिभागी हुन्छन् ।

हे देव ! म तिम्रा भक्तका भक्तको र तिनका पनि भक्तको र तिनका पनि भक्तको परिचारक हूँ ! मलाई मायाबाट मोहित नगराऊ । अर्कोकुरा,–तिम्रो नाभि-कमलबाट उत्पन्न भएका ब्रह्मा, मेरा पिता हुनाले, म तिम्रो नाति पनि हूँ भक्त छू मलाई रक्षा गर" भनी, वारंवार नमस्कार गरी, आनन्दको आँसु बहाउँदै "तिमी, रावणलाई मार्न पैदा भएका हो ! अहिले, तिमीलाई तिम्रा पिताजीले राज्यरक्षा निमित्त अभिषेक गर्ने इच्छा गरेको बुझिएकोले, यदि राज्यमा लाग्यौभने रावण मार्ने काम हुन पावैन ! सत्त्यप्रतिज्ञ छौ छौ भूभार हरणलाई गरेको 'प्रतिज्ञा' सत्त्य गराऊ" भन्ने, ब्रह्माको समाचारलिई आएको हूँ" भने ।

नारदका कुरा सवै सुनी, मुसुमुसु हाँसेका रामले, "हे नारद ? मैले नसंझेको नबुझेको कहीं केही छ र ? अगि गरेको प्रतिज्ञा, अवश्य पूरा गर्ने छू शंका छैन । किन्तु, समय र परिस्थितिको पनि बिचार गर्नुपर्ने हुनाले, क्रमैसंग बिस्तार विस्तार राक्षसका फौजलाई मारी, भूभार हेर्ने छू र त्यसकानिमित्त, भरे-भोलीमा नै 'दण्डकारण्य' जानेछू र चौधबर्षसम्म मुनिको भेषमा, त्यहीं रही, सीता हरणक बहानापारी रावणका कुलैलाई ध्वस्त' पार्ने छू" भनी, सुनाउँदा, प्रसन्न भएका नारद रामलाई प्रदक्षिणा र दण्डवत प्रणाम गरी, विदा पाएर देवलोक तर्फ गए ।

१–जगद्रूप भनी ठान्दछन् । २–'तच्चिन्तनं तत्कथन मन्योनं तत्प्रवोधनं, एकान्ते तत्परत्वं च तदभ्यासं विदुर्बुधाः' त्यसैको चिन्तना, त्यसैको कथन, त्यसैमा परस्परको छलफलद्वारा तह तह गरी बुझ्दै जानु, एकान्तमा: त्यसैमा लाग्गु भई रहनुलाई 'अभ्यास' भन्दछन् । ३–'स्तवनं कीर्तनं बिशणोः-स्मरणं पाद सेबनं, अर्चनं वन्दनं दास्वं सख्यमात्मनिवेदनम्' विष्णुको गुणहरू सुन्नु, कीर्तन गर्नु, सम्झनु, पाउको सेवा गर्नु, पूजागर्नु, ढोगनु, टहल गर्नु, आफ्नो सखि जस्तो भावना गर्नु आत्मसमर्पण गर्नु यी नौ प्रकारका कामलाई 'भक्ति' भन्दछन् । ४–अपरोक्ष साक्षात्कार (विशेषरूपले आत्माको अनुभव) ।

जो नित्य, यी नारद रामका कुरा, यथार्थ जानेर गमेर चित्तमा ।
सम्झन्छ वा पढ्दछ शुद्ध भक्तिले, त्यो लिन्छ वैराग्य र मुक्त बन्दछ ॥

इति अयोध्याकाण्डे प्रथमः सर्गः ॥१॥

एकदिन, एकान्तमा बसेका राजादशरथले आचार्यवसिष्ठलाई वोलाई "हे गुरो ! नगरवासीमहाजन बृद्ध बिद्वान र मन्त्रीहरू समेत, रामलाई अति रूचाई प्रशंसा गर्दछन् र म संग–"हामी सबैलाई आनन्द प्रदान गर्ने रामलाई, चाँढै नै राज्यमा अभिषेक गराऊ" भन्दछन्, म बूढो पनि भएँ । अतः सकलगुण संपन्न ज्येठोछोरो रामलाई चाँढै नै राज्यमा अभिषेक गराउँदछू ।

अहिले, भरत शत्रुघ्नलाई लिएर मावलीमा गएको[१] छ, म भोली[२] नै अभिषेक गराउन चाहन्छू । यसमा तपाइँले पनि सहमति दी, चाहिने सराजाम जुटाउन अह्राई रामछेउ गएर उनलाई पनि यसको सूचना[३] दिनुहोस्" भन्दै, मन्त्री सुमन्त्रलाई बोलाएर "मैले रामलाई राज्याभिषेक गरिदिने निश्चय गरें । त्यस बिषयमा मुनिजीसंग सोधी, जे जे भन्नुहुन्छ तजबीज गर । नगरमा सर्वत्र, चित्र–विचित्र ध्वजा–पताका लगाइयून, सुन रत्नहरू जडिएका चित्र–विचित्रका ढोकाहरू पनि वनाइयून्" इत्यादि अह्राए ।

तो कुराबाट प्रसन्न मन्त्रीले वसिष्ठसंग सामग्रीका बिषयमा प्रश्नगर्दा, वसिष्ठले "भोली प्रातःकालमा नै माझ खण्डको ढोकामा गहनासनेतबाट सजिएका कन्याहरू सोह्रौटी, चारदाँतका सुसज्जीत हात्तीहरू; सबै तीर्थका जलले भरिएका सुनका कलश हजारौं, भद्रपीठका निमित्त पूरा अंग भएका वाघका छाला तीन वा ना, एवं रत्न जडेका सेता छाता, आस–गुर्जा र उत्तमखालकामाला कपडाहरू तयारी रहून । कुशपवित्रधारी ऋषि मुनि ब्राम्हणहरू सत्कारपूर्वक राखियून् ।

१–यस उक्तिमा, कहीँ व्याख्यान कर्ताले–'भरत नआउँदै अभिषेक सिध्याउँछु, कैकेयीबाट केही प्रतिवन्ध पर्न आयोभने, 'उ फर्केपछि दुवैको भाग लगाउँला' भनी उनको चित्त बुझाउँला 'भन्ने भाव छ' भनी कहेका छन् । २–यहाँ भोली शब्दले चाँढै भन्ने बुझाइन्छ । ३–अधिबासन (अगिल्लो दिनमा लिनुपर्ने नियमहरू) को सूचना ।

पटाङ्गिनीमा, नर्तक–नर्तकीहरूको नाच र वस्तादहरूको गान–वजान चलीरहोस् । त्यसदेखि बाहिरपट्टि, सुसज्जित हात्ती घोडा रथका साथै हातहतियार सहितका पैदलफौज खडा चलीरहोस् । ठाउँ–ठाउँबाट नजराना लिई आउन्, राजा रजौटा पनि चाँढो आमन्त्रित होऊन् । इत्यादि आदेश गरी, आफू रथमा चढेर रामका मन्दिरतर्फ गए । मन्दिरको नगीचमा पुगेपछि, रथबाट ओर्ली, अतिवृद्ध र रामका आचार्य पनि हुनाले ढोकेहरूबाट रोक तोक केही नहुँदा मन्दिरभित्र पसे ।

रामले गुरु आएको थाह पाई, झटपट उठी नगीचमा पूगेर भक्तिपूर्वक दण्डवत् नमस्कार गरे । सीताले‘ झटपट गरी अर्घ्य–पाद्यका निमित्त सुनको झारीमा जल ल्याइन् र रामले गुरूलाई रत्नासनमा बसाली पाउ धोई पाउको जलले आफ्नो शिरमा अभिषेक गरी "हजूरको पाउको जल शिरमा चढाउन पाउँदा, म आफुलाई धन्य सम्झन्छू" भने ।

रामको त्यो बाक्य सुन्दा हाँसेका वसिष्ठले "हजूरका पाउका[१] जलको धारणले ‘शिवजी’ ठूला र भाग्यवान् भएका छन् । त्यही पाउरूपी तीर्थको सेवाले, मेरा पिता ‘ब्रह्माजी’ शुद्ध र पवित्र अन्तःकरण हुनुहुन्छ । अहिले हजूरबाट ‘म आफूलाई धन्य संझन्छु’ आज्ञाहुनु ता हजूर लोक शिक्षक हुनाले, ‘ब्राम्हण उपर यस्तो भक्ति गर्नु पर्दछ’ भनी, लोकलाई उपदेश बक्सेको हो, भन्ने मात्र सम्झन्छू ।

हजूरलाई, भक्तहरूको भक्ति[२] सिद्धि र देवताको कार्यसिद्धि निमित्त रावण मार्नलाई, स्वयं ‘परमात्मा ईश्वर’ सीतारूपिणी लक्ष्मीलाई पनि लिई, मर्त्यलोकमा अवतार लिनु भएको हो, भनी जानेको छू; तथापि देवताका कार्य निमित्तको यो गुह्यकुरा कहीं खुलाउँदिन । जस्तो–हजूरले, मायाबाटढाकिएको शरीर लिएर, सबै ब्यवहार गरि बक्सेको छ ! त्यस्तैगरी, म पनि हजूरमा शिष्यभावदेखाई, गुरू मात्र बनेर, हजूरको पछि लागी काम गर्दछू ।

ईजूर, गुरूको पनि[३] गुरू पितृका पनि पितामह, मन–वचनले न चिह्निने सर्वान्तिर्यामी भइकन जगत्‌रूपी यन्त्रलाई चलाउने हुँदा, हजूर आफैले आफ्नै इच्छाबाट

१–गङ्गाको । २–यसउक्तिबाट, ‘ईश्वरको अरू स्वरूपमा मुख्य इष्टसाधन भक्ति नै छ’ भन्ने बुझाइएको छ ।
३–हाम्रा गुरू ब्रम्हा, उनका पनि गुरू ।

शुद्ध सत्त्वद्वारा' बनेको शरीर लिएर लोकमा मनुष्यको भान पार्नुभएको छ ।

मैलेपनि,–'पुरोहित्याइँ'लाई 'निन्दचकर्म' 'दुश्चरवृत्ति' भनी, जानेको हूँ तापनि अगि ब्रम्हाजीले "इल्वाकुका कुलमा राम नाम गरी मनुष्यरूपमा परमात्माको जन्म हुनेछ" भनेको, सुनेको हुनाले, हजूरसंग सम्ब:ध१ राखन पाउने आशा लिई, निन्दचकर्म भएपनि हजूरका वंशमा 'पुरोहित्याइँ' गर्दै आएको थिएँ अहिले हजूरको सान्निध्य पाउँदा 'मनोरथ' पूर्णभएको छ ।

अव, हजूरमा गुरूको उपकार गर्ने इच्छा पर्छ भने, रूपैबाट लोकलाई मोहमा पार्ने 'महामाया' हजूरका अधीनमा रहने हुनाले, ती मायालाई म उपर मोहित गराउन नपाउने गराइ बक्सियोस् ! यो गुह्यकुरा भएपनि प्रशङ्गले मात्र अहिले निवेदन गरेको हूँ ।

हे प्रभू ! राजा दशरथबाट भोली हजूरमा राज्याभिषेक बक्सिनेभएको हुनाले, अहिले हजूरलाई नियमाचरण निमित्त सूचना दिन भनी पठाइ बक्सिदा हाजीर भएको हूं ।

आज, सीता सहित हजूरले भूमिशयनादि नियम सहित उपवास गरिबक्सिएला, 'अहिले म राजाछेउ पुगन विदा पाऊँ, हजूर बिहान पाल्नु हुनैछ' यत्ति सुनाई विदा पाएका बसिष्ठ रथमा चढी फर्किए ।

राम, लक्ष्मणका मुखमा हेरी मुसु–मुसु हाँसदै भन्दछन् :–"हे लक्ष्मण ! सुन्यो ! भोली मेरो राज्याभिषेक हुने रे ! म ता निमित्त (कारण) मात्र हूँ, गर्ने खाने तिमी नै हौ । तिमी मेरो प्राण हौ बुझेका छौ ।'

त्यसदिन राम, गुरूको आदेश वमोजिम नियमाचरणमा रहे ।

अगि राजा दशरथले रामको अभिषेकलाई वसिष्ठसंग गरेका कुरा, एककान–दुइकानबाट फैलिदै सहरभित्र पनि एकजनाले सुनी तुरून्तै कौशल्या र सुमित्रालाई सुनाउनपुग्दा, हर्ष गद्गद भएका दुबैले उसलाई मोतिका माला दिए ।

१–आचार्यत्त्व सम्वन्ध ।

पुत्रवत्सला कौशल्या रामको समृद्धि निमित्त लक्ष्मीको पुजा–टहलमा लागिन् । परन्तु–कौशल्याका मनमा,–'सत्यवादीराजाले बोलेको फरक ता पर्नेछैन, तथापि कहिले कहीं कामुक बनी, कैकेयीका वशमा पर्ने हुनाले के होला ! कसो होला !' भन्ने तुलबुली उठ्ता 'सकल दुःख हारिणी दुर्गादेवी'को पनि पूजा गरिन् ।

उता–देवलोकमा, देवताहरूले 'दैवीवाणी'[१]लाई बोलाई "हे देवि ! तिमी पृथिवीमा अयोध्यामागई पहिले मन्थरामा र पछि कैकेयीमा पसी उनका समझलाई बिगारी रामको अभिसेकमा विघ्नपार्ने प्रयत्न गर विघ्नउठेपछि मात्र फर्की आऊ" भनी अह्राए ।

देवताका अह्रौटबाट 'तथास्तु' भनी अयोध्यामा पुगेकी वाणीले त्रिबक्रा[२] – मन्थरामा प्रवेश गरिन् । वाणीले छोपिएकी मन्थराले अटालीमा उक्लिएर चारौंतर्फ आँखाचुमाउँदा,–जताततै ध्वजा–पताका फर्फराएको र नानारूपका सुन्दर ढोकाहरू पनि बनी, चारौंतर्फ सहरै सिंगारिएको र जनताको घञ्च–मञ्चले ठूलो ऊत्सव पनि भई-रहेको देखदा, आश्चर्य मान्दै फर्किएर धाईसंग प्रश्न गर्दछिन् :–

"हे आमा ! आज किनहो ? सहर सबै सिंगारिएको छ ! कौशल्या पनि अति खुशीराजी भई अनेक उत्सवमा लाग्दै, ब्राह्मणसमेतलाई जात–जातका कपडाहरू वाँडन लागेकी छन् ! किन हो"

धाई भन्दछिन् :– "भोलो, रामचन्द्रको राज्याभिषेकहुनेभएकोले आजैदेखि शहर सबै शिंगारिएको हो" त्यत्ति सुनेकी मन्थरा, तुरून्तै दगुरी कैकेयी भएठाउँमा पुगेर, एकान्तमा आनन्दले पल्टीरहेकी कैकेयीलाई भन्न लागिन् :– "के सुतदछचौ ? अभागिनी[३] ! मूर्ख ! कत्रो भय पर्ने भईरहेछ ! सौन्दर्यमात्रको अभिमानले मत्तभई, सुननु बुझनू केही छैन ! राजाको अनुग्रहले, भोली रामको अभिषेक हुने रे !"

१–देवताको पनि उपकार गर्ने 'वाणी' (अगि, कुम्भकर्णलाई, निद्राको वर माग गराउने पनि यिनै हुन्) । २–छाति वाँटी कम्मर तीन ठाउँमा वाँगिएकी कुब्री । ३–छोराले राज्य नपाउने हुंदा 'अभागिनी', त्यस कुर चिन्ता नलिदा 'मूर्ख' ।

त्यत्ति सुन्दैमा मीठो स्वभावकी कैकेयी झटपट उठेर मन्थराका हातमा "लौ लाऊ" भनी, रत्नजडाउ सुवर्णको पाउजेब दिदै, भन्दछिन् :– "ए मूढे ! हर्षको ठाउँमा, 'भय पर्ने भयो' किन भनेकी ? मलाई भरतलेभन्दा रामले निको मान्दछन्, हितकाकुरा गर्दछन्; कौशल्यामा र ममा वरावरदेखी संधै मेरो सुश्रूषा पनि गर्दछन् । मूढे : तँलाई रामबाट के को भयपर्ने भयो ? लौ भन ?

कैकेयीको बाक्यबाट केही लोलाएजस्ती भएकी मन्थरा, वाणीका प्रवेशको कारणले गर्दा वैरी बनी धृष्टभई बोल्दछिन् :– "मैले, 'भयपर्ने' भनेकोलाई यथार्थकुरा सुन्नुहोस, –

"राजा दशरथले तपाईंलाई सधैं प्रियबचनगरी संतुष्ट गराउनु हुन्छ तापनि, कामुक भई 'तिमी नै मेरी प्रिया छौ' इत्यादि बनौटेकुराले संतुष्टगराई, हितहुनेजति सबै रामकी आमाको निमित्त नै गर्नुहुन्छ ।

अतश्च तपाइँका छोरा भरतलाई शत्रुघ्नसमेत साथलगाई ठिक्कपारी, मावलीमा पठाउनु भयो !

"लक्ष्मण, रामको पछिलागने हुनाले राज्यको अनुभव उनैलाई हुन आउने हुँदा, सुमित्राको पनि भाग्य खुलने भयो !

भरत, रामकोनोकर मात्र बनने छन् वा निकालिने छन्, वा केहीदिनपछि मारिने पनि होलान् !

तपाइँले पनि चाकरझैं भई कौशल्याको टहलमा रहनुपर्ला ! सौताको टहलमा रहनुभन्दा मरनुनिको छ.

त्यसकारणले अहिले नै भरतलाई राज्याभिषेक गराउने र रामलाई चौधबर्ष बनवास गराउने उपाय पुऱ्याउन सकनु भयो भने मात्र, तपाइँकोछोरा निर्भयभई राज्यमा दृढरहन पाउलान् ।

"ज्येठोलाई छोडी कान्छोलाई राज्य कसोगरी दिनहोला' भन्ने शंका छ भने, पहिलेनै निश्चत भइरहेको उपाय, 'म' बताइदिन्छु सुन्नुहोस् :-

अगि, देवता र दैत्यको लडाइँमा इन्द्रले यहाँ राजासंग मद्दतमाग गर्दा, राजाले फौज र तपाईंलाई समेत साथैमा लगी राक्षसहरूसंग परस्पर लडीरहेकै मौकामा, आफू बसेको रथको पाङ्ग्राको चुकुल भाँचिइ खसदा राजाले थाह नपाउँदै तपाईंले पतिको रक्षा निमित्त त्यस चुकुलको बदला आफ्नो हात छिराई१ धैर्यले रहनु भएको थियो !

त्यो कुरा, राजाले दैत्यहरूलाई मारिसकेपछि मात्र देखनुभयो र आश्चर्य साथै खुशीपनि मानी तपाईंलाई आलिगनगर्दै "तिम्रोमनमा जे जे इच्छापर्दछ दुइकुरा वर माग म पूर्ण गराउनेछू" भन्नुहुँदा, तपाईंले-"हजूरबाट बक्सिने दुइवर अहिले मेरो नासो भई हजूरमा नै रहीरहोस । पछि मलाई चाहिएमा मागुँला र बक्सिएला" भन्नुहुँदा, राजाले पनि 'हुन्छ' भनो सकार्नुभएको थियो" भन्ने कुरा अगि तपाइँकै मुखबाट मैले सुनेको थिएँ ।

अहिले मौकामा झलक्क संझना पनि आयो ! अतश्च, तपाइँ अहिलेनै रिसालु बनी शरीरमा लाएका गहना कपडाहरू यत्र-तत्र पारी, कसैले बोलाएपनि नबोलने भई असरल्ल परी, चुभचाप लागो भूइँमा सुतीरहनुहोस् !

राजा आफै आई बोलाएपनि, इच्छापूर्ण गराउने प्रतिज्ञा नगरेसम्म नबोलनु होला, उपाय सिद्ध हुनेछ" भनीन् ।

मन्थराको कुरा सुनेर, दु:संगले गर्दा अहितमा पनि हितबुद्धि सम्झी दुष्ट बनेकी कैकेयी भन्दछिन् "तिमीमा, यत्तिको बुद्धि होलाभन्ने ठानेकी थिइनँ ! यस्तो बुद्धि कहाँबाट आयो ? टेढी कुब्री भएपनि, मेरा लेखा सुन्दरीरहिछौ ! मेरो छोरो भरत राजा भयोभने, मेरो प्राणभन्दा प्यारी तिमीलाई शय गाऊँ दिनेछू" भन्दै,

१-यसमा -'कैकेयीले बाल्यावस्थामा कुनै ऋषिलाई लहुरो दिदा, ऋषिले उनीलाइ "तिम्रो वायाँहात लहुरो जस्तै दहरो हुनेछ' भनेका थिए" भन्ने कथा आनन्द रामायणमा लेखिएको छ ।

मैला–पुराना लुगालगाई, श्रृंगार गहनाहरू पनि सबै यत्र–तत्र पार्दै,– धुलो–माटो भएको एउटा कुनामा लडेर "ए मन्थरा ! सुन्यौ ? जहाँसम्म रामको वनवास होवैन, त्यहाँसम्म सुतीनै रहनेछू; केही लागेन भने प्राण पनि छोड्नेछू" भनी, सुनाइन् । मन्थराले "हे कल्याणि ! यही निश्चय लिई रहनुहोस, तपाइँको कल्याण हुनेछ ।" भनी, कैकेयीलाई छोडी आफू आफ्नो घर तर्फ फर्कीन् ।

विद्वान होस्, अति धीर, कारूणिक होस्, नीतिज्ञ होस्, साधु होस,
आचारी, विधि औ निषेध सबको व्याख्यानदाता, बनोस ।
पापी–निष्ठुर–हीन बुद्धि संगको संगत् परे त्यो पनि,
बिस्तारै हुनजान्छ, दुर्जन सरी, पापी, अभागी, बनी ।।
तस्माद् र्जनको संग छोड्नु पर्छ जहाँतहीँ ।
कैकेयी झैं स्वार्थबाट च्युत हुन्छ कुसंगले ।।

इति अयोध्याकाण्डे द्वितीयः सर्गः ।।२।।

राजा दशरथले, सुमन्त्र आदि मन्त्रीहरू र नागरिकजन मुख्यहरूलाई समेत, रामको उदयनिमित्तका कामहरू अह्राएर, आनन्दित भई मन्दिर भित्र पस्ता, कैकेयी-लाई नदेखेर आश्चर्यमानी, 'म भित्र पस्ता हँसिलो मुख लिंदै नगीच पर्ने कैकेयी, आज किन देखिन्नन्', भन्ने, मनको तुलबुलिले,–सुसारेहरूसंग "तिमीहरूकी मालिकनी, पहिले झैं मेरो अगाडि देखिन्नन् ! किन ? कहाँ छन् ?" भनी सोधे ।

सुसारेहरूले "उहाँ भित्रैबसी, क्रुद्ध भई रहनुभएको छ ! के कारण हो ! हामीलाई थाहा छैन, हजूर आफै गई बुझनु पर्ला" भने ।

त्यो सुन्दैमा आत्तिएका राजादशरथले, भित्र पसी कैकेयीको नगीचमा पुगेर, उनका शरीरमा हलुका हात लगाउँदै, "तिमीलाई के भयो ? पलङ्ग बिछचौनाहरू छोडी, लाएका गहनाहरू फेंकी सिंगार बिगारी, मैलालुगा लगाई, म संग पनि पराइ जस्तीभई नबोली, मलाई खिन्न गराउने,–डरलाग्दो जस्तीबनेर भूइँमा किन सुतेकी हौ ? कारण वताऊ ! तिम्रो इच्छा पुऱ्याइदिनेछू ।

कसले तिम्रो के बिगार गऱ्यो? स्वास्नीमानिस होस् वा लोग्नेमानिस, त्यसलाई तिम्रो खुशीले कुनै सजाय वा मार्नैपर्ने भएपनि म अहिल्यै गरि छोड्ने छू, बोल।

तिमीले मलाई आफ्नो दुःखसहन नसक्ने र म तिम्रो वशमा छू भन्ने पनि, जानेकी बुझेकी छौ। यति नगरेकी भएपनि, तिम्रोइच्छा म पुऱ्याइदिने थिएँ। मलाई, यसरी खिन्न किन गराउँदछ्यौ! यो तिम्रो व्यर्थको परिश्रम हो, के भन्नु छ झट्ट भन। तिम्रो हितगर्ने कुनै गरीवलाई धनी गराउनु पऱ्यो कि! अथवा अहितगर्ने कुनै धनीलाई गरीव गराउनु के पऱ्यो? तुरुन्तै गर्नेछू। कसैलाई मार्नैपऱ्यो वा मारिनेभएकोलाई माफीदिनु के पऱ्यो? धेरै के भनूँ! तिम्रोलागि प्राण पनि त्यागने छू! मेरो प्राण भन्दा प्यारो रामलाई लिएर शपथ गरी प्रतिज्ञा गर्दछू" भने।

रामको नामलिई शपथगरेको सुनेपछि, दुबै आँखा खोली राजातर्फ फर्किएकी कैकेयीले—"यदि सत्यप्रतिज्ञ भई शपथलिएको हो भने, चाँढै नै मेरो माग पुऱ्याउनु पर्दछ;—अगि, देबता र दैत्यको लडाइँमा हजूरलाई मैले वचाउ गर्दा, हजूरकै खुशीले मलाई दिएको दुइवर मैलेहजूरमै नासो गराएको थिएँ।

अहिले, त्यसमध्ये—एकवरले, मेरो प्यारोछोरो भरतलाई यही भइरहेको सामग्रीबाट यौवराज्यमा अभिषेक होस्' अर्कोवरले—रामलाई मुनिको भेष लिई जटाबल्कल१ धारण गरी कन्दमूल—फल खाई चौधबर्ष दण्डकारण्यमा बस्नेगरी, बिहानै पठाइबक्सियोस् र त्यसपछि फेरि आउन् वा आफ्नोखुशीले उहीँ बसुन्। बिहानभन्दा, केही मात्रपनि ढिला भयो भने, हजूरकोअगाडिनै प्राणत्याग गर्नेछू। यदि सत्यप्रतिज्ञा हो भने, मेरो मनसुवा यत्ति हो" भनीन्।

एवं, सुन्ने व्यक्तिलाई पनि, आँगै जुर्जुराई रौं ठाडागराउने, डरलाग्दो क्रूरबचन बोलेको सुनेर, राजा बज्रलागे झैं भई भूइँमा लडे!

आँसुसमेत भरिई टोलाएका दुइ आँखा, ठूलोडरले२ चिम्ला, आँसुपुछ्दै, मनमनमा—'यो, मैले दुःस्वप्न पो देखेको हुं कि! अथवा मेरो चित्तविभ्रम भएको के

१-रूखको बोक्रा। २-आँसु भरिएका ठाडा आँखा देखेर झन रिसले 'रामलाई मार्नुपर्छ' पनि भन्ने हो कि, भन्नो ठूलो डरले।

हो ?' भन्ने भ्रान्ति समेत भएका राजाले, आफूपट्टि टुलटुली हेरीरहेकी वाघिनीजस्ती कैकेयीलाई 'मेरो प्राणैलिने बचन के बोलेकी ? रामले तिम्रो के अपराध गऱ्यो ? अगि, मै संग वारंबार, रामको प्रशंसा गर्दथ्यौ र "कौशल्या र ममा रतिभर फरक नराखी सधैं मेरो शुश्रुषा गर्दछ" पनि भन्दथ्यौ ! अहिले, यस्तो कुरा गरेकीले, पहिले र अहिलेको कुरा जुद्धा, कुन पत्त्याउनु कुन नपत्याउनु भयो ! भइगयो, तिमीलाई राज्यको लोभभए छोराका निमित्त राज्य लेऊ; राम, घरैमा बसोस् ! रामबाट, तिमीहरू कसैले कुनै भय लिनुर्दैपन । मेरो विरूद्धमा उठेकी हुँदा, वाउँठी वनेकी तिमीले म माथी अनुग्रह गर, राम देखि डर छैन" भन्दै, आँखाबाट आँसु चुहाएका राजा, कैकेयीका गोडामा घोप्टिए ।

दैवीवाणीबाट प्रेरितभएकी हुनाले, राता आँखा गरेकी कैकेयी भन्दछिन् – "हे महाराज ! हजुरलाई भ्रान्ति त भएन ? शपथपूर्वक बोलेको कुरा, अहिलेको अहिल्यै फरक पर्न लाग्यो ! आफुले बोलेको–आफैले झुठो गराउनेले नरकको भोक गर्नु पर्दछ :–

भोली बिहानै मृगचर्म ओडी, बनमा नजाओस् यदि रामचन्द्र ।
झुण्डोइ होस् वा बिष खाइ होस् वा, अवश्य मर्नेछु सबै समक्ष ।।
सर्वत्र मनैध्य सभाहरूमा 'छौसत्त्यवादी' भनि ढोल पिट्नु ।
लो रामको नाम शपथ गरेर असत्त्यवादी बनि नर्क खोज्नु ।।"

यति भनीन् ।

त्यो सुनी निरूपाय भएर निदाउरो मुखलगाई दुःखरूपी समुद्रमा डुबेका राजा, मूर्छामा परी मुर्दा लडे झैं भूइँमा लडे । एवं दुःखले बर्ष विते झैं त्यो रात वित्यो ।

अरूणोदयको[1] समयमा, सधैंका झैं गवैया–भाटहरू[2] हाजिर भई गानागर्न लागेकालाई, कैकेयीले रोकेर झन क्रुद्धहुँदै[3] उग्ररूप लिन थालीन् ।

१–रातको चारघडी बाँकी । २–प्रातःकालमा, स्तुतिहरू गाएर राजालाई जागा गराउने । ३–विहानपख हुँदै आएर पनि, रामलाई बोलाई बनमा पठाउने काम गर्दैनन् भन्ने भावले क्रुद्ध हुँदै ।

प्रातःकाल हुँदै आयो ! अगि भएको तर्जुमा बमोजिम, छाता चमर हात्ती घोडा इत्यादि उत्सवका सामानका साथै ऋषि ब्राह्मण कन्या, एवं नाचगानका नचुवा–वस्तादहरू र अरू नगरबासी नरनारीरू समेत, बाहिर माझका ढोकामा सज्जित भए ।

रामको अभिषेकोत्सवको उत्सुकतामा,१ 'कहिले उज्यालो होला र सुनौला रेशमी पोशाक, किरीट, कुण्डल, बाजू आदि गहनाहरूसमेतले अलंकृतभई, सकल लक्षण सम्पन्न–लक्ष्मणलाई साथमाराखी, सुसज्जित हात्तीमा बसी, सेतो छाता ओडी, अभिषेक निमित्त आएका श्यामवर्णका सुन्दर रामलाई देखन पाउँला' भन्ने चिन्ताले, रातमा निद्रानपरेका, स्त्री बृद्ध बालक सहितका लस्कर पनि, यत्र–तत्र जम्मा हुँदै आए ।

यता, 'राजा किन जागा भएनन्' भन्ने चिन्तामापरेका मन्त्री सुमन्त्र, शिर निहुराई हात जोरी जय–जय पुकार्दै, बिस्तार–बिस्तार राजा बसेकोठाउँमा पुगे । त्यहाँ, अलग्गमा लडी अति खिन्नभइरहेका राजालाई देखेर कैकेयीसंग "हे देवि ! राजा, शोकमा परिबक्सेजस्तो,–अस्वस्थदेखिनु हुन्छ ! किन हो ?" भनो सोधे ।

कैकेयी भन्दछीन्–"राजाले, रातभर राम ! राम ! राम ! मात्र भनी, रामको चिन्तन लिंदा, उहाँलाई निद्रा नपरी, जाग्राम हुनआएको हुनाले, आफै अस्बस्थ देखिनु भएको हो, रामलाई भेट्न इच्छा गर्नु हुन्छ, तिमी गई चाँढै ने रामलाई बोलाई ली आऊ ।" ।

सुमन्त्रले "हे भामिनि ! राजाको आज्ञा नपाई, म कसरो बोलाउन जाऊँ" भने । त्यो सुनेका राजाले "हे सुमन्त्र ! रामको सुन्दर मुख हेर्न चाहन्छू, जाऊ चाँढैली आऊ" भन्दा, सुमन्त्रले झटपट रामका मन्दिरमा पुगी बृद्ध र प्रिय पनि हुनाले कसैबाट रोकतोक नहुँदा, चटपटिदै राम छेउ पुगेर रामको दर्शन गरी भन्दछन्–हजूरलाई बोलावट भएको छ, मेरो साथै पितृमन्दिरमा पाल्नुहोस" ।

मन्त्रीको उक्तिसुन्दा, लक्ष्मणलाई साथमा लिई तुरून्तै रथमा चढेर हडबढीसंग गएका रामले, मध्यखण्डमा बसेका वसिष्ठ समेतलाई देखेतापनि, दृष्टिमात्रबाट शिष्टाचार

१–मनपरेको कुरो पाउनलाई हुने घन्ना । २–रिसालु स्वभाव लिएकी स्त्रीलाई 'भामिनी' भन्दछन्, भाषामा 'भाग्मती'

जताउँदै, छिटो संग पिताजीका नगीचमा पूगी, 'रामोऽहं वन्दे' भनी, पाउमा दर्शन गरे । राजा दशरथ, रामको वोली सुनी प्रेमले झट्ट उठी रामलाई आलिगन गर्न भनी दुइवाहु पसारी, 'राम !' भन्न हुँदैमा, मनका विरहको वेगले वेहोस भई धर्मराउँदै बीचैमा लड्नलाग्दा, रामले 'हा! हा ! हा !' भन्दै राजालाई झट्टै समाती काखमा राखे ।

राजा वेहोस भएको देखता, सबै स्वास्नीमानिस रूनलागे ! रूवाबासी सुनेर "के हो !' भन्दै वसिष्ठ पनि राजमन्दिरभित्र पसे ।

रामले कैकेयीसंग "राजालाई कष्ट परेको कारण के हो ?" भनी सोधे ।

कैकेयी भन्दछीन्–"राजालाई परेको दुःखको निवारण गर्ने काम, तिमीमा नै निर्भर छ ! राजाका हित्तका निमित्त, तिमीद्वारा हुनुपर्ने केही काम पर्न आएको छ !! सत्त्य प्रतिज्ञ छौ, राजालाई सत्त्यवादी बनाऊ; सुन :– राजाबाट, मलाई अगि नै दुइवर वक्सिएको थियो, अहिले ती दुवैवर तिमीसंग संवद्ध हुन आए ! राजा, तिमीसंग मुख फोर्न गाहारो मानि बक्सिन्छ । सत्त्यरूपी पासोबाट वाँधिएकी वावुलाई, तिमीले मुक्तगर्नु पर्‍यो, पुत्र शब्दको[२] अर्थ बुझेकै छौ;"

कैकेयीको त्यो बाक्य सुन्दा, भाला लागेझैं मर्माहत भएका रामले, कैकेयीको मुखमा हेरेर "मलाई, यो के सुनाउनु भएको हो ? पिताकोलागि जीवन दिन्छू पिताका आज्ञाले विषखान्छू, सीतालाई त्यागन, मुमा कौशल्यालाई छोड्न, राज्य त्यागनसमेत, जे जे परेपनि तत्पर छू :–

"भन्न नपरि गर्ने जो त्यो छोरो हुन्छ उत्तम ।
भनेमा मात्र गर्नै जो त्यस्तो हुन्छ सुमध्यम ।।
भन्दा पनि नगर्ने जो, त्यो छोरो मलमात्र हो ।

अतः, पिताबाट जो आज्ञाहुन्छ त्यो सबै, सत्त्य–सत्त्य गरी पुर्‍याउने छू, राम दुइवोली वोल्दैन भने ।"

१–हुन आँटेको, रामसंगको बियोगको विरह । ४–पु' भनेको नरक, त्यसवाट 'त्रायते' रक्षा गर्दछ भन्ने अर्थमा 'पुत्र' शब्द बनेको छ, अर्थात् बाबुलाई हरेक दुःखबाट छटाउनेलाई 'पुत्र' भन्दछन्; यही पुत्र शब्दको अर्थ ।

रामको, बचनैबाट दृढ प्रतिज्ञता देखी, कैकेयीले "हे राम ! मैले अगि पाएका दुइवरमध्ये एउटा वरद्वारा, तिम्रो अभिषेकका निमित्त जोरजाम भएको सराजामले मेरो प्यारो भरतको अभिषेक गराउनु र अर्को वरबाट तिमीले मृगचर्म लगाई जटा बाँधी, मुनिहरूको खाद्य खानेगरी, चौधबर्ष निमित्त अहिल्यै जङ्गल तर्फ जानू, भन्ने छ । पिताको बचन, सत्यगराउने हो भने, यही अनुसार तिमीले गर्नु पर्‍यो ! राजा, आफै मुखफोर्न संकोच मान्नुहुन्छ" भनीन् ।

रामले,–"राज्य भरतकै होस, म दण्डक जान्छू, किन्तु यस बिषयमा, राजा मसंग किन वोलनु हुन्न ! के कारण हो ! बुझ्न सकिन !" भने ।

पिताको बचन सुन्न नपाउँदा दु:ख मानेका रामसंग, अति संतप्त भएका राजाले रामको मुखमा हेर्दै "स्त्रीको वशमा परेको, कुबाटोमा[१] लागेको चित्तस्थिर नभएको मलाई, सजाय[२] गरेर यो राज्य लेऊ, यसमा पाप[३] छैन । त्यसो[४] भएमा मलाई पनि, असत्यले छुन पाउने छैन र तिमीले पनि बनमा जानु पर्ने छैन" भन्दै, दु:खले अत्यन्त दग्ध भएका राजा, "हा राम ! हा जगन्नाथ ! हा प्राण[५] वल्लभ ! मलाई कसोगरो छोडेर, घोर जङ्गलमा जान्छौ ?" भनी, बिलाप गर्दै, रामलाई अंगालो हालेर डाँको छोडी रूनलागे ।

नीतिमा कुशल राम, हातमा पानीलिई पिताका आँखा पुछिदीदै संझाउन लागे :–

"हे महाराज ! भाइ पनि हजूर कै छोरा हुन् भक्त पनि छन उनैले राज्य गरून्; यसमा मलाई दु:खमनाउ कत्ति छैन म बनबासको अवधि पूरागरो, फेरि हजूरका राज्यमा आउन्यै छू । मलाई बनमावस्ता, राज्यभन्दा कोटीगुण वढी सौख हुनेछ ।

१–ज्येठोबाट उछिनेर कान्छोलाई राज्य दिनु नै कुबाटो, अतः चित्तस्थिर नभएको । २–'गुरोरत्यवलिप्तस्य कार्य्याऽकार्य मजानतः उथ्पथं प्रतिपन्नस्य दण्डएव विधीयते" घमण्ड भएको, कार्य अकार्यमा बिचार नरहेको, कुबाटो (उटपटयाङ) मा लागेको छ भने गुरू बावुनै भएपनि सजायको भागी नै हुन्छ' भन्ने मनुको बचन हुनाले सजाय । ३–नीति वमोजिम हूने हुनाने पाप छैन । ४–तिमीले नीति बमोजिमको काम पुर्‍याई, राज्य लिएमा । ५–यी पदबाट, तिमी जगतका मालिक हुने हूनाले तिमीलाई राज्य र जङ्गलमा फरक छन; तापनि तिम्रो प्यारो भई रहेको मेरो प्राण तिम्रो साथै जानेछु, भन्ने भाव परेको छ; अतश्च प्राणबल्लभ ।

हजूरको सत्त्यरक्षा,[१] देवताको कार्य,[२] मुमा कैकेयीलाई संतोषसमेत हुनेहुँदा, बनबासमा धेरै फाइदा छ । अब, म माता कौशल्याको मन बुझाउन जान्छू :–

भरत यहाँ नभएकाले, अहिले अभिषेकका निमित्त भएको तर्जुमा हटाइयोस् । माताजोलाई संझाई, सीतालाई साथमा लिई आएर, हजूरको दर्शन गरी प्रसन्नताकासाथ बन जान्छू" यति भनी कौशल्या छेउ गए ।

कोशल्याले, रामको अभिषेकादि कार्य निर्विघ्नसमाप्तिका निमित्त, ब्राह्मणद्वारा होम गराई दान–दक्षिणाहरूको कार्य पूरागरी, बिष्णुको पूजामा एकाग्रचित्तले हृदयरूपी कमलमा एकमात्र चित्स्वरूप भगवानको भावनागरी, ध्यानमा रहेकी हुँदा, नगीच परेका रामलाई देखिनन् ।

इति अयोध्याकाण्डे तृतीयः सर्गः ।।३।।

कौशल्याको नगीचमा बसेकी सुमित्राले, रामलाई देखेर "राम आए" भनी, कौशल्यालाई वोध गराइन् । रामको नाम सुनी, वाहिर आँखा खोलेकी कौशल्याले, नगीचमा रहेका रामलाई देखेर अंकमाल गरी काखमा राखेर, आशीर्वाद[३] मन्त्रले शिरमा सुँघी, हातले शरीरमा सुमसुमाई, भोक लागेको भए मिष्ठान्नहरू तयार छन् खाऊ" भनीन् ।

रामले "मुमा ! मेरो खानेबेला छैन, अहिल्यं चाँढो–चाँढो गरो दण्डकारण्यमा जाने निश्चित भएको छ ! सत्त्यपालनमा रहनुभएका पिताजीबाट, अगि कैकेयीलाई बक्सिएका दुइ वरदानले भरतलाई राज्य र मलाई उत्तम वन बक्सिएको हुनाले, चौधवर्ष मुनिका भेषमा त्यहीँ बसी, फेरि चाँढै नै फर्कने भएको छू । मेरो बिषयमा चिन्ता नलिई बक्सिएला" भनी सुनाए ।

त्यो सुन्नुकोसाथै, अकस्मात उद्वेगले बेहोस भई पछारिएर, फेरि उठी दुःखरूपी समुद्रमा डुवेकी कौशल्याले "हे राम ! यदि साँच्चै बनजाने होभने, मलाइपनि

६–कैकेयोलाई दिएका दुइवरले 'सत्त्यकोरक्षा' । ७–राक्षस मारिने काम । ३–'प्रजापतेस्त्वा' इत्यादि मन्त्रले ।

साथैमा लिई जाऊ । तिमीविना मेरो जीवन आधाक्षण पनि कसरी रहला ! जस्तो,— गाई भरखरको बाछोलाई छोडी अन्यत्र कतैलाग्न सक्तैन र उसैका पछि—पछि लागने हुन्छ; त्यस्तै,—मेरो प्राणभन्दा प्यारो छोरो तिमीलाई म छोड्न सक्तिन !

प्रसन्न राजाले भरतलाई राज्य दिऊन् लौ, तिम्रो वनवास के कारणले भनेको हो ? कैकेयीलाई वर दिने राजाले सर्वस्व नै दिनु, तिमीले राजाको वा कैकेयीको के अपराध गर्‍यौ ? हे राम ! तिम्रो, जत्तिको पूज्य बाबु, उत्तिकै पूज्य म पनि हूँ; अझ, म वढता[१] भनेपनि सुहाउँछ । अतः बनबासलाई बाबुको बचन भएपनि, म मेरो बचनले रोक्तछू । यदि, मेरो बचनलाई नाघेर राजाको हुकुममात्र मानी जानेहो भने, प्राण छोडी यमलोकमा पुग्नेछू''[२] भनीन् ।

कौशल्याको बाक्यसुनेर, दिक्कमानी रिसले चुरिएका लक्ष्मणले, रामको मुख हेर्दै—''उन्मत्त भई भ्रान्तचित्त भएका, अतएब कैकेयीको वशमा परेका राजालाई बाँधेर, भरतलाई मार्नु परेमा मारो पनि दिन्छू । त्यसका पक्षका नातादार मामाहरूलाई पनि मारि नै दिनेछू । अगि, लोकैलाई दाह गराउने कालाग्निरूप मेरो वल, लोकैले देखुन् । हे राम ! हजूरले अभिषेकलाई यत्न गरि बक्सियोस, त्यसमा विघ्नकारीहरूलाई, हातमा धनुलिएर एक—एक गरी मारि नै दिनेछू'' भने ।

रिसले रन्केका लक्ष्मणलाई, अंगालो हालेर ''तिमी शूरा छौ, मेरो अत्त्यन्त हितकारी छौ, भन्ने र तिमोमा रहेको सत्यपनि[३] सबै मैले बुझेको छू । किन्तु, त्यसको समय अहिले होइन । राज्य, शरीर इत्यादि सबै जे देखिन्छ, जगतै सत्य छैन । सत्त्य हुँदा हुन् त तिनका निमित्तको तिम्रो प्रयास, सफल हुँदो हो । भोग भनेको मेघका समूह भित्रको विजुलीको चमक जस्तो चञ्चल छ । आयु पनि, आगोमा पोलिएको तातो फलाममा परेको पानीको थोपा जस्तो हो ।

जस्तै,—सर्पकोमुखले च्यापिसकेको भ्याक्तोले, आफूमा परिसकेको मृत्युको संज्ञना नगरी, सर्पका गिजाभित्रको कमलोमासु टोक्द चाहन्छ ! त्यस्तै,—कालरूपी—सर्पको गाँस

१—'पितुर्दशगुणं माता गौरवेणाऽतिरिच्यते' यो धर्म शास्त्रको बचनखे । २—यस बाक्यबाट, वनगमनमा बाबुको हुकुम भन्दा मातृवध दोष बढता पर्ला, भन्ने भाव परेको छ । ३—कालाग्नि रुद्र तुल्य र त्यसको रूप ।

बनेका जनहरू, अनित्त्यबस्तुको भोगमा लालची, भई नै रहन्छन् । अतश्च शरीरका निमित्तको भोगलाई धनकमाउन भनी, रात–दिनकौ दु:ख उठाई, अनेक कर्म गर्दछन्; परन्तु, शरीर सधैंको हुँदैन ! शरीर देखि अलगको 'आत्मा' नित्त्य छ; ऊ भोग चाहदैन[१] ।

शरीरको भोग निमित्त लोक, दु:खै गरी गर्छ अनेक कर्म ।
शरीर देखो अलगै छ आतमा, उस्मा कसोरी कुन भोग पर्ला ।।

बाबु, आमा, भाइ, छोरा, स्वास्नी, बन्धुवर्ग इत्यादिसंगको सम्बन्ध–संसर्ग पनि, पौशाला (पनेरो) मा जम्मा भएका प्राणीहरू र नदीमा बहेका दाउरा–मूढाहरू जुधे जस्जै अस्थिर छन ।

धन भनेको, छाया जस्तो चञ्चल छ भन्ने पनि सबैले बुझेकै छ । तरूनोपना, पानीको लहरी जस्तो क्षणिक छ । स्त्रीसुख, सपना सरिको छ । आयु वेहदको छोटो छ । तथापि, प्राणीमा 'म' 'मेरो' भन्ने र 'यति भएता धेरैदिन भोग गर्दो हूं' भन्ने व्यर्थको लालसा रहेको हुन्छ । संसारको स्थिति नै, सपनाजस्तो थोरै समयको र रोगादिले मुछिएको छ; त्यस्तोमा अबूझ मूर्खले मात्र पछि लागदछ ।

सूर्यको उदय र अस्तबाट, आयु छोटिदै जान्छ, अरूमा पर्दै आएको बुढचाइँ र गत्यु देखेरै पनि, आफूमा पर्ने बुझदैन बितेको र पछि आउँदैको,–दिन–रातको बिशेषतामा बिचार नभई कालको वेग नबुझेका अबूझहरू मात्र, भोगमा लग्गू हुन्छन् । आयु पनि, काँचोमाटाको घैंटोमा भरेको पानी घैंटो रसाउँदै प्रतिक्षण चुहे झैं, घट्दै जान्छ । शत्रुसरहका रोगहरू पनि, शरीरलाई गाल्दै रहेका हुन्छन् । अगाडि परेको बाघले तर्साए झैं, बुढचाइँले तर्साउँदै गर्दछ । त्यसैका साथमा रहेको मृत्युले, समय ताकिरहेको हुन्छ ।

एवं, किरा, बिष्ठा, खरानीको संकेत[२] भएको शरीरमा, 'म' भन्ने भावराखी, प्राणीहरू 'म राजा', 'म लोक प्रसिद्ध' इत्यादि भनी, अभिमान लिन्छन् ।

१–यहाँसम्मको उक्तिले 'भोग' परमार्थ छैन । भन्ने बुझाई, यसपछिको उक्तिले वैराग्य बोधका निमित्त, संवन्ध –संसर्ग पनि अस्थिर छ भन्ने बुझाउन्छ । २–प्रथमावस्थामा, भूइँमा रहने हुँदा 'किरा', मध्यमावस्थामा, जन्त्रले खाइने हुँदा 'विष्टा', अन्त्यावस्थामा, पोलिने हुँदा 'खरानी' ।

शरीर,–छाला हाड मासु विष्ठा मूत्र शुक्र रगतहरूले बनेको हुँदा 'विकारी' र वाल्य तारूण्य, वार्द्धक्य अबस्थाले फेरिदै जाने हुनाले 'परिणामी' छ । त्यस्तो शरीरलाई न त विकारी, न त परिणामी, सधैंको नित्य 'आत्मा' कसरी मान्दछौ! आफै भन ।

राग,[१] द्वेष आदि लिएर, लोकै सिध्याउन खोज्दछौ! राग द्वेष आदि ता, शरीरका अभिमानी अबूझबाट मात्र प्रकट हुन्छन् । त्यसकारणले देहलाई नै 'म' भनी सम्झने बुद्धिलाई 'अविद्या' भन्दछन् । 'म' भनिने देह होइन, 'चिदात्मा' हो, भनी सम्झने बुद्धिलाई 'विद्या' भन्दछन्, संझ ।

अविद्याले, काम क्रोध राग द्वेष आदि पैदा गराउँदछ । विद्याले, राग द्वेषादिको कारण अविद्यालाई हटाउँदछ । त्यसैकारण, मोक्ष खोजनेले सधैं विद्याभ्यासमा यत्न गर्नु पर्दछ ।

विद्याभ्यासमा,–काम क्रोध लोभ मोहहरू विघ्नपार्ने शत्रु बन्दछन् । त्यस मध्यमा पनि सबैभन्दा बलियोशत्रु, क्रोध नै हुन्छ । क्रोधले छोपिएको मानिसले बाबु दाज्यू–भाइ, मित्र[२] भन्दैन ! मारि पनि दिन्छ । क्रोधले, मनमा ताप गराउँदछ र हननादिमा उपाय खोजाउँछ संसारको दुःख भोग गराउने पनि क्रोध नै हुन्छ । त्यस-कारणले, क्रोधलाई छोड ।

क्रोध, ठूलो[३] शत्रु हो । तृष्णा, पारनलाग्ने[४] वैतरणी नदी जस्तो हो स्वभावैले आनन्द गराउने नन्दनबन जस्तो 'संतोष' मात्र हो । सबैकामना पूऱ्याउने शान्ति हो, अतश्च शान्ति लेऊ, तिम्रो शत्रु नै रहने छैन ।

आत्मा भनेको, शरीर इन्द्रिय मन प्राण बुद्धि देखि अलग र शुद्ध, कुने कारण नभई आफै उज्यालो, एकै तवर रहनेभई, आकार–विकार केही नभएको अनौठो छ ।

१–अगाडि, सुखको अनुभव भएकालाई, सुख वा त्यसका साधनमा हुन आउने इच्छालाई 'राग' र, अगाडि दुःखको अनुभव परेकालाई, दुःखको सझमाहुंदैमा जो निन्दारूप अनभिलाषा (मन नपराउनु) भई, त्यसलाई हटाउने चेष्टा हुन्छ त्यसैलाई 'द्वेष' भन्दछन् । २–आफू, पतित हुने भएपनि विचार राख्तैन । ४–परिणाममा, आफ्नो प्राणहरण सम्म गराउने हुंदा, ठूलो शत्रु । ४–'नजातुकामः कामानामुप भोगेन शाम्यति, इःधनैः कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते'–तृष्णा, भोगले समन हुँदैन, जस्तो-आगोमा काठपर्दा, आगोको ज्वाला झन बढ्ने हुन्छ ।

जहाँसम्म, 'आत्मा' सबैदेखि अलग छ' भन्ने ज्ञान हुँदैन, त्यहाँसम्म 'म' 'मेरो' भन्ने अभिमान रहिरहने हुनाले, त्यसैवाट जन्म मरण आदि साँसारिक दुःखहरूले पीडित भइ नै रहन्छ । त्यसकारणले तिमी आफूलाई, बुद्धि आदि जडदेखि अलग ठह-याई, आत्मालाई सधैं आफ्नो हृदयमा भावना गर्दै रही, लोकमा परिआएको व्यवहार पनि टार्दै रहू, कुनैकुरामा खेद नलेऊ । "व्यवहारमा पर्न आएको सुख दुःख-लाई, प्राब्धकर्म सम्झी टार्दै रहनुपर्दछ" भनी बुझेमा, 'खेद' पर्नै आउँदैन ।

भित्रको शुद्धस्वभाव भई, वाहिरमात्र कर्ताको भाव लिएर निरन्तर व्यवहारमा रहँदा, कुनै कर्मले छुन सक्तैन; अतश्च दोषभागी[1] बन्नु पर्दैन । यी कुरा सबै नित्त्य सम्झना राख" भनी, लक्ष्मणलाई बोध गराए ।

त्यसपछि, कौशल्या तर्फ फर्केर "हे आमा ! तपाइँ पनि, मैले वताएका यी सबैकुरा सम्झना राखी, म फर्केपछि हुने भेटलाई पर्खी रहनुहोस्; धेरै दिन दुःखमनाउ पर्ने छैन । जस्तो,–बहदोपानीमा पौडनेपक्षीहरूको सधैं एकत्र सहवास हुँदैन । चौधबर्ष भनेको एकक्षण, आधाक्षण भने झैं गन्दागन्दै बित्ने छ ।

हे आमा ! तपाइँले, मनको दुःखलाई पन्छाएर मेरो गमनमा अनुमति दिनु भयो भने, मैले वनवासमा पनि सुख पाउनेछू" भन्दै, आमाका पाउ समाती दण्डवत पसारिएर अनुमति नपाए सम्म पाउमा नै रहँदा, कोशल्याले, रामलाइ दुइहातले उठाइ, काखमा राखेर :–

"सबै देव र गन्धर्व ब्रह्म बिष्णु शिवादिले ।
बसदा सुतदा हिंड्दा गरून् रक्षा निरन्तर ॥"

भनी, आशीर्वाद र आलिंगन पनि गर्दै संतोष लिई आनन्द दिलाएर प्रस्थान गराइन् ।

पूर्वोक्त शिक्षा पाउँदा हृष्टभई आँसुकाढेका लक्ष्मणले, रामलाई हातजोरेर "मेरो भित्रको संशय मेटाइबक्सियो, हजूरको सेवा निमित्त पछिलाग्न आदेश पाऊँ,

१–पाप पुण्य भोगन ।

हुँदैन भने प्राण छोड्नेछू" भने ।- रामले "हुन्छ हिंड" भनी, आमाको मन्दिरबाट निस्केर, सीतालाई सम्झाउन आफ्नो मन्दिर तर्फ गए ।

फिरेका रामलाई, हँसिलो स्वभावकी सीताले, सुनको झारीको जलले पाउधोई, पतिको मुख हेर्दै "हे देव ! किन सेनावेगर, कहाँबाट फिर्नु भएको हो ? कहाँ पाल्नु भएको थियो ? हजूरको सेतो छाता कहाँ हो ? के कारणले हो माथमा किरीट पनि देखिदैन ! वाजा पनि बन्दछ ! हडबढीले एकलै कहाँपुगी फिर्नुभएको हो ?" भनी, सोधीन् ।

रामले मुसुमुसु हाँसी "हे कल्याणी ! मलाई राजाबाट दण्डकारण्यको राज्य सबै बक्सिएको हुनाले त्यहाँको पालन पिमित्त, म अहिले चाँढै नै बन जाने भएको छू; तिमी सासूसंग बसी, मेरी आमाको शुश्रूषा गर । ठट्टा मानौली ! हामो झुठो बोल्दैनौं" भनी सुनाए ।

त्यो सुन्दा, झस्के झैं भई डराएकी सीताले "हजूरलाई पिताजीबाट के कारणले राज्य बकिसएन त ?" भनो सोधीन् र रामले "कैकेयी देखि खुशी हुनुभएका राजाले कैकेयीलाई दुइवर दिनुहुँदा, कैकेयोले भरतलाई राज्य र मलाई चौधबर्ष बनवास मागेकी हुनाले, राजाको ममा दया भएतापनि, सत्त्यवादी हुँदा, उहाँले उक्तमाग सकारनु भयो । अतः म चाँढै हिंडीहाल्छु, तिमी विघ्न नपार" भनी सुनाए । त्यो सुन्दापनि खुशी नै रहेकी सीताले "हुन्छ, म अगाडि लागूँला, हजूर पछाडि पाल्नु होला, म बिना जानु हजूरलाई उचित[१] पनि पर्दैन" भनीन् ।

रामले "हे प्रियवादिनी ! घोर जङ्गलमा जतातते, सिंह बाघ बनेल इत्यादि भयकारक जनावरहरू घुमोरहेका हुन्छन् । त्यस्तै,–रूप देखदैमा भयलाग्दा, मानिस खानेराक्षस पनि धेरै बसेका हुन्छन्, तिमीलाई कसरी लिइजाऊँ ! खानुमा पनि मालपुवा, पुरी इत्यादि परिकार ता संभवै पर्दैन, फल मूल सम्म पनि समय–समयमा कहीँ–कहीँ मात्र हुन्छन्, सर्बत्र र सधैं पाइदैनन् ।

१–शुद्ध चैतन्य हजूरमा, म (शक्ति) नभई कार्यको असक रहने हुनाले, र विवाहमा 'नातिचरिष्यामि' (अतिचार गर्ने छैन) भन्ने प्रतिज्ञा परेको हुनाले पनि, मलाइ छोडी एकलै जान उचित पर्दैन, भन्ने भाव ।

जङ्गलमा, सर्वत्र गेगर, गिर्खा, बालुआ, काँडा, मूढा, लहरा, झार–पातले ढाकिने हुनाले र जन सञ्चार नहुनाले पनि, बाटो देखिदैन; त्यसमा पनि नङ्गापयरले हिंड्नुपर्दछ । बासस्थानलाई, कहीँ गुफा ओडार भेटिएमापनि, डाँस, प्युसा, झ्याउँकिरी इत्यादिले ढाकिएको भई, बस्न नसकिने हुन्छ । यस्तै, धेरैकुराबाट बाधारहेको दण्यकारण्यमा, कहीँ ज्यादै ठण्डा, कहीँ ज्यादै गरम, कतै ज्यादै हावालाग्ने पनि हुन्छ । त्यस्तो जङ्गलमा, राक्षसादिलाई देखदैमा जीवन नै मायामार्नु पर्ने पनि होला ! त्यस कारणले हे कल्याणि ! घरं बस, मलाई चाँढैनै भेटन पाउने छौ भनी सम्झाए ।

रामको वाक्य सुन्दैमा, मनै कोपिएर ओठ कमाएकी सीताले "हे दयासागर ! हजूरदेखि भेद[१] पनि नभएकी, धर्मपत्नी, पतिव्रता मलाई छोड्ने इच्छा, हजूरमा कसरी पर्न आयो ? जो राक्षसहरू देखिको डर हो, त्यो पनि हजूरका साथमा रहेकीमलाई, कसले कुनकुरामा धक्का लाउन सक्ने ? खानेकुरामा पनि 'फल–मूल' आज्ञा भएकोलाई हजूरले खाई शेष रहेको जो हुन्छ, त्यही मलाई अमृत वरावरको हुनेछ र संतुष्ट भई रमाउने छू । हजूरका साथमा हिंडेकी मलाई, कुश, काश, काँढा, गिर्खाहरू पनि फूल बिछ्याएजस्ता हुनेछन्; हजूरलाई कुनै कुराबाट क्लेश पार्नै छैन । परन्तु, हजूरको कार्यमा साधन[२] हुनेछू :–

अगि, बाल्यावस्थामा, मलाई कुनै ज्योतिषि ब्राह्मणले "पतिका साथमा वनबास हुनेछ" भनेका थिए, ती ब्राह्मण सधैंका सत्त्यवादी भइरहुन्; म हजूरका साथमा अवश्य जान्छू ।

अर्कोकुरा पनि निवेदन गर्दछू, – त्यो सुनेर पनि मलाई साथमा लगि बक्सियोस्,– ब्राह्मणहरूले, धेरै रामायण सुने जानेका हुन्छन्, सीतावेगर 'राम' बनमा गएकाछन् भन्ने कहीँ छ भने कहाँ छ ? बताइ बक्सियोस् ! अतः हजूरलाई सहायगर्ने[३] भई हजूरका साथमा अवश्य जान्छू । यदि मलाई छोडेर पाल्नुहूने हो भने, हजूर कै अगाडि प्राणत्याग गर्दछू" भनीन् ।

१–शक्ति र शक्तिमानमा अभेद मानिने हुनाले । २–राक्षस मार्नलाई परि आउने काममा साधन । ३–यस बचनबाट 'सृष्टि आदि सबै कार्यमा सहाय मै हूँ भन्ने 'झल्का पनि देखाएको छ ।

सीताले, साथलाग्ने निश्चयलिएको बुझी, रामले "त्यसोभए चाँढोगरी, तिम्रा गहनाहरू सवै अरून्धतीलाई[1] समर्पण गरेर मेरा साथमा हिंड, धन जति ब्राह्मणहरूलाई दिएर जाऊँ' भनी, लक्ष्मण द्वारा ब्राह्मणहरू जम्मा गराई, हजारौंगाई, गहना, कपडाहरू पढे जानेका कुटुम्वी[2] ब्राह्मणहरूलाई समर्पणगरी, आमा कौशल्याका सेवक र आफ्ना अन्तःपुरका परिचारक, त्यस्तै अरू नगरवासो साधारण रैतिहरू समेत हजारौंलाई, प्रशस्त नगद, जिनिस वितरण गरे । सीताले, आफ्ना गहनाहरू अरून्धतीलाई लगाई दिईन् ।

लक्ष्मणले आमा सुमित्रालाई, कौशल्याको जिम्मालगाई आएर, हातमा धनुहरू लिई रामको अगाडि पुगेपछि, राम सोता लक्ष्मण तीनैजनाले, पैदलबाट पिताजीका मन्दिर तर्फको बाटो लिए ।

सीता साथलि 'राम' लक्ष्मण संगै पाल्नूहुँदा पैदल ।
आश्चर्यै भइ टुल्टुली–नजरले हेर्ने सबै रैतिमा ।।
नीलोउज्ज्वल कामरूप प्रभुले, आँखा दिदै प्रेमले ।
बिस्तारै पृथिवी पवित्र गरदै पुग्नूभयो बाबुमा ।।

इति अयोध्याकाण्डे चतुर्थः सर्गः ।।४।।

बाटोमा, सीता र लक्ष्मणलाई साथमालिई पैदल आइरहेका रामलाई देखेर, नगरबासीहरूको, आफू–आफूमा कुराहुँदा, कैकेयीले पाएको वरदानको कुरा समेत सुनी, दुःखमानेका रैतिहरू परस्परमा, "हेर ! कामकावशमा परेका राजा दशरथले, स्वास्नीका लागि सत्त्यमारहेको प्यारो छोरोलाई त्याग गर्छन भने, तिनको सत्त्यता कहाँ रह्यो ! धिक्कार ! अगि आफूलाई सन्मान गर्ने भनी, राममा अतिप्रीति देखाउने कैकेयी पनि, अहिले अतिमूर्ख भई, यस्तो क्रूरकर्म गर्ने कहाँसम्मकी दुष्टा भइछन् ! लोभले, भरतका निमित्त राज्य माग्दीहुन् भइगयो, निरपराध सत्त्यसन्ध सकलगुणसम्पन्न रामलाई निकालनु किन !

१–वसिष्ठकी पत्नी । २–जहान छोरा छोरी भएका ब्राम्हण, दानपात्र हुने हुनाले ।

यसरी बिना अपराध, निर्दोष उपर, दुष्टचाइँ गरिने ठाउँमा बस्नुपनि ठीक पर्दैन ! अतः भाइ स्वास्नीलिएर राम जहाँ जान्छन्, हामी पनि त्यसै जङ्गलमा पसौं। पैदल हिंडेकी सीताजीको, मौकाले पाएको नङ्गापाउको दर्शन सबैले गरौं । लोक सुन्दरी सीता,–जसको दर्शन बाहिरी पुरूषले आजसम्म पाउन सकेका होवैनन्, तिनीले पनि आज पर्दाविना, समाजको बीचमा नङ्गापाउले हिड्नुपरेको देखनुपऱ्यो !

कैकेयी, सर्वनाश गर्ने राक्षसो बनिछन् ! रामलाई बनबासको कुरामा दुःख मनाउ होवैन तापनि, सीताको पैदलयात्राबाट ता केही दुःखमनाउ अबश्यै गराउला। हरे ! शिव ! मानिसको यत्न भन्दा दैव नै बलवान रहेछ" इत्यादि भन्दै थिए।

ती कुरा सुनिरहेका त्यसै फौजभित्रका मुनि वामदेवले "तिमीहरू, राम सीताका बारेमा अपशोच नलेऊ, उहाँहरूको बास्तबिक तत्त्व बुझाइदिन्छू सुन :–

यी राम, जडदेखि अलग सर्व व्यापक बिष्णु आदिनारायण हुन् । जो अहिले सीता छन्, तो योगमाया 'लक्ष्मी' हुन् । साथ लागेका लक्ष्मण 'शेष' हुन् । यिनै राम, मायाका सत्त्वरजस्तमोगुणले युक्त भई, गुण अनुसारका स्वभावले भिन्न–भिन्न रूपका देखिन्छन् । जस्तै–रजोगुणले सकल सृष्टिकर्ता 'ब्रम्हा', सत्त्वगुणले जगतका प्रतिपालक ,विष्णु' तमोगुणले सृष्टिको अन्त्यमा जगत प्रलयको कारण 'रूद्र', बन्दछन्।

यिनै रामले, अगि माछाको रूप लिएर, भक्त–वैवस्वत्मनुलाई, डुङ्गामा राखी प्रलय अबस्थाको अन्त्यसम्म रक्षा गरे ! समुद्रमथनमा, मदानी गराएको 'मन्दराचल' पातालमा गाढिदा, यिनैले कछुवा बनेर आफ्नो पिठचूँमा मन्दराचललाई अड्याए ! प्रलयका बखतमा, रसातलमा गढेको पृथिवीलाई, यिनै रामले 'बनेल' बनेर दाह्राले उठाए ! तोनैलोकको काँढो भएको दैत्य हिरण्यकशिपुलाई नृसिहको रूपबाट नङ्ग्राले पेटफोरी मारेर, भक्त प्रह्लादलाई वर दिने पनि यिनै राम हुन् ! दुष्ट क्षत्रियहरू बाट हुनआएको पृथिवीको भार हटाउनलाई 'परशुराम' पनि यिनै भए ! उनै जगदीश्वर, अहिले दशरथका घरमा जन्मनुपर्ने कारण के त भने, रावणको मरण, मनुष्यबाटमात्र हुने भएको र अगि राजादशरथले तपस्याबाट, 'बिष्णु, मेरा छोरा होऊन्' भनी, वरमाग्दा, 'हुन्छ' भनी वरदान दिएको हुनाले समेत, दुवै कामको पूर्तिका निमित्त,

दशरथका घरमा अवतार लिएको हो । अहिले लक्ष्मणलाई साथमा लिएर वनमा जाँदैछन् । 'सीता' उहाँकी सृष्टि, स्थिति, प्रलय सबै कार्यमा सहकारिणी नै हुन्! यस कुरामा राजा वा कैकेयी, कसैलाई पनि दोष छैन ।

हिजैमात्र पनि नारद आएर, भूभार हरणलाई ब्रम्हाको निवेदन सूचितगर्दा, साक्षात राम आफैले "म भोलि नै बन जान्छू" भनेका थिए । यसकारणले केटाकेटी जस्ता तिमीहरू, रामउपर दुःख पर्ला भन्ने चिन्ता छोडिदेऊ ।

यसैकारणले पृथिवोमा जो नित्त्य भक्तिले, 'राम राम' भनी, जप्तछन्, तिनीहरूमा तत्त्वको ज्ञान हुने भई, मृत्यु आदिको भय पनि रहदैंन! त्यस्ता रामका उपर, दुःखपर्ला कि भन्ने के को शंका! कलियुगमा ता अरू योगाभ्यास आदि नै चाहिदैन; राम नाम जपमात्रले मुक्ति गराउँदछ ।

यस्ता ईश्वरले पनि शरीर किन लिएको त भनौला आफ्नो आचरणबाट आमा–बाबुले छोरालाई झैं, लोकलाई सदाचारको शिक्षा, भक्तहरूको भजनलाई साधन, रावणको मरण र राजा दशरथको इच्छा[१] पूर्तिसमेतका निमित्त, माया[२]बाट मनुष्य रूपलिएको हो । यो राम सीताको रहस्य प्रप्रसंले नित्त्य सम्झन्छ । त्यसलाई बिज्ञान[३] पूर्वकको निश्चलभक्ति राममा रहने हुन्छ । राम उपर–तिमीहरूको अचलप्रेम देखिएकोले, यो रहस्य सुनाइदिएको हूं; सबैलाई नबताउनू" भनी, वामदेव आफ्नो बाटो लागे ।

वामदेवको शिक्षासुनी, रामलाई 'ईश्वर' भन्ने बुझेर, सबेले राममा मनुष्यत्त्वको भावना र दुःख आदि पर्ला कि भन्ने शंका छोडी, साक्षात् 'परमात्मा' जानी त्यही रूपको चिन्तन गर्न लागे ।

लक्ष्मण र सीतासहित रामले, राजमन्दिरमा पसता छोरा हुनाले ढोकेहरूबाट रोक्का पनि नभई सरासर दशरथका नगीचमा पुगेर कैकेयीसंग–"आमा! तपाइँको मनसाय बमोजिम बनमा जानलाई हामी तीनैजना तयार भई आएका छौं, चाँढैने पिताजीबाट बिदापाऊँ", भन्ने वित्तिकै झट्टै उठेकी कैकेयीले, जङ्गललाई सुहाउने[४]गरी

१–विष्णु, मेरा छोरा होउन् भन्ने इच्छा । २–आवरण शक्ति । ३–बिशेषरूपले आत्माको अनुभव । ४–मृगचर्महरू वा वृक्षका बोक्राहरूबाट बनेका ।

तर्जुमागरेका लुगाहरू, राम समेत तीनैजनालाई छुट्टाछुट्टै हात–हातमा दिइन् र राम लक्ष्मणले अगि लाएका बस्त्र फुकाली, ती वल्कलवस्त्र धारण गरे । सीताले ती लुगा लगाउने काइदा जानिनन् र सरमले हातमालिई रामका मुखमा हेरिरहँदा, रामले उनकाहातबाट लिई रूमालमा पोकोपारी उनैका हातमा दिए ।

त्यो चरित्र देखेर, मन्दिरमा रहेका स्त्रीजनहरू सबै बिलौनागरी डाँको छोडी रूनलागे ! रूवाइ सुनेर, कैकेयीदेखि अति झोक्किएका वसिष्ठले, कैकेयीलाई "ए दुष्टे ! तिमीले रामलाई पो बनवास गराउन मागेकी थियौ, त्यो जङ्गली पोशाक सीतालाई समेत किन दियौ ? पतिव्रतासीता, आफ्नो भक्तिले पतिका साथ लागी जान्छिन भने भने पनि, उनका दिव्य पोशाक र सौभाग्य श्रृंगारका सामग्रीहरू समेतको उपयोग गर्न उनलाई नित्त्यनै अधिकार छदैछ; रामलाई बनवासको तकलिफ बिर्साएर रमाउने भइ रहुन्" भने ।

राजा दशरथले, सुमन्त्रलाई सम्बोधन गरी "बनमा रहने मुनिहरूमा प्रेमबसेका यिनीहरू रथमा चढी जाऊन्, रथ लिई आऊ" भनी, राम सीता लक्ष्मणका मुख–मुखमा हेर्दै, तापले आँसुकाढेर हुंक्क–हुंक्क रूँदै भूइँमा लडे ।

उत्तीखेरै आइपुगेको रथमा, झटपट अगि[१] सरेर सीता चढीन् । रामले पिताजीलाई प्रदक्षिणा गरी रथमा चढेपछि, लक्ष्मणले दुइखड्ग, दुइठोक्रो र धनुसमेत लिई रथमा चढेर, सुमन्त्रलाई रथहाँकने ईशारा दिए ।

रथ हाँकिसकेका सुमन्त्रलाई, राजा दशरथले "ए सुमन्त्र ! पर्ख ! पर्ख भनेका थिए, तापनि रामको 'चलाऊ' भन्ने इशाराबाट सुमन्त्रले रथबढाए[२] । केही[३] टाढा पुग्दैमा, राजा मूर्च्छापरी भूइँमा लडे । शहरबासी, बूढा–वालकहरू र ज्ञानवृद्ध ब्राम्हणहरू "हे राम ! पर्खनुहोस पर्खनुहोस" भनो कराउँदै रथको पछि लागे ।

धेरैवेरसम्म हुंक्क–हुंक्क रूँदैरहेका राजा दशरथले, परिचारकहरूसंग "मलाई रामकी आमा कौशल्याको घरमा पुर्‍याइदेऊ, रामसंगको बिछोडबाट दुःखीभएको मेरो

१–यस उक्तिबाट, सीतामा 'कार्यसाधक उत्साह' रहेको बुझाइएको छ । २–राजाले, रामको अधीनमा गराइ सकेको हुनाले, राजाको आज्ञाभन्दा रामको इशारा मुख्य ठहर्‍याई बढाए । ३–नजरबेखि बाहिर ।

जीवन, त्यहाँपनि केही समयमात्रको हुनेछ ! धेरै बाँचने छैन तापनि उनलाई सान्त्वना हुन्छ" भनेकाले, परिचारकहरूले उठाई कौशल्याकहाँ पुऱ्याउँदा पुग्नासाथै पछारिई फेरि मूर्च्छामा परे ! धेरैवेरपछि ब्युँझिएतापनि ई सबै काण्ड आफैबाट अपराधबाट भएकोले लज्जितभई चूपचापै रहे ।

राम, तमसानदीको किनारमा पुगेर विश्राम गरी, निराहार भई जलमात्र पिएर सीतालाई साथमा राखी रूखका फेदमा सुते । कर्तव्यनिष्ठ धर्मात्मा लक्ष्मण, रामको रक्षानिमित्त हातमा धनुलिएर सुमन्त्रका साथमा रातभर खडारहे ।

पछि लागेका नागरिकहरू पनि, त्यहीं पुगी केही नगीचमा बास बसेकाले, रामले उनीहरूको "सके रामलाई फर्काउँला नसके जङ्गलँमा पछि लागूँला" भन्ने, निश्चय बुझी उनीहरूको आफूप्रतिको अनुराग देखेर 'म अहिले फर्कन्न ! यिनीहरू जङ्गलमा दुःखमात्र पाउनेछन्' भन्ने ठहऱ्याई, सुमन्त्रलाई "रथ ल्याऊ, हामी अयोध्या तर्फ फर्के झैं गरी अहिल्यै जाउँ" भन्दा, सुमन्त्रले घोडा जोती ल्याएको रथमा तीनै जना बसी, छिटोसंग रथबढाई, अयोध्यातर्फको बाटो लिई, केही पर पुगेपछि, उनीहरू छलिनेगरी अर्कै बाटो लिई फर्किए ।

पछि लागेका नागरिकहरू पनि, विहान उठीहेर्दा रामलाई नदेखेर दुःखमानी, रथका पाङ्ग्राको डोव हेर्दै जाँदा, अयोध्याशहर मै पुगी रामलाई नभेटदा निराशभई राम र सीताको चिन्तन गर्दै दिन कटनी गर्न लागे ।

उतापट्टि सुमन्त्रले रथ बढाउँदै जाँदा, राम सीता लक्ष्मण सबै आफ्नो रमणीय देश र सम्पन्न दुनियाँमा नजर घुमाउँदै, शृंगवेरपुरको[१] नगीच गङ्गाजीका किनारमा पुगेपछि रथबाट उत्री गङ्गाजीलाई नमस्कार गरी, स्नानादि गरेर, आनन्द लिई शिशौको फेदमा बसे ।

त्यहाँ नगीचका जनताबाट, 'राम आउनु भयो' भन्ने खवर सुनी हर्षमानेका गुहले, आफ्नो साथी[२] पनि स्वामी पनि भएका रामको दर्शन गर्न हडबडाउँदै फल–

१–शृंगी ऋषिको आश्रम, त्यसैको नगीच पुर्वपट्टि गङ्गाजी । २–गुह, समान तत्त्वज्ञ हुनाले रामका सखि ।

फूलहरूलिई, रामछेउ पुगेर सौगात समर्पण गरी, दण्डवत् प्रणाम गरे । रामले पनि, प्रेमराखी झट्टै उठाई अंकमाल गरेर, कुशल प्रश्न गरे ।

हात जोरेकागुहले "लोकपवित्रकार हजूरका गाथाको स्पर्शबाट, म निषाद (किरात जाती)को जन्म पवित्र भयो ! धन्य रहेछू ! हे रघूत्तम ! हजुरका नोकरको नैषादराज्य,[१] आफ्नै अधीनगरी यहीँ राजभई हामी सबैलाई पालन गरि बक्सियोस । पाल्नुहोस शहरमा जाऊँ, मेरो घर पवित्र[२] गराइ बक्सियोस । म हजूरको नोकर हूं, हजूरकै निमित्त संग्रहगरि राखेको फल–मूलहरू स्वीकार गरी कृतार्थ गराइ बक्सियोस" भनी प्रार्थना गरे ।

रामले "हे सखे ! मेरो कुरा सुन, म चौध बर्षसम्म, घर वा शहर वा गाउँ कहीँ प्रवेश गर्दिन ! अर्कालि दिएको फल–मूलहरू पनि केही खान्न ! तिमी, तत्त्वज्ञ हुनाले मेरो प्यारो छौ, यो तिम्रो राज्य सबै मेरै हो" यति भनी, निजैद्वारा वरको दुध मगाई, राम लक्ष्मण दुवैभाइले जटाकोमुकुट बाँधी जलमात्र पिएर केहीवेर आराम लिएपछि लक्ष्मणले तह लगाइएको कुशपत्रहरूमा, रामले सीतालाई साथमा राखी शयन गरे ।

भिरेर ठोक्रो, धनु हातमा ली, दिएर चौतर्फ, सतर्क दृष्टि ।
गरे त्यहाँ लक्ष्मणले सुरक्षा, शस्त्रास्त्रधारी गुह साथमाली ।।१

इति अयोध्याकाण्डे पञ्चमः सर्गः ।।५।।

रामलाई, कुशपत्रहरूमा सुतेको देखेर, अति मनदुखाई आँसु काढेका गुहले लक्ष्मणसंग "हे भाइ ! हेर्नुहोस, सुनका पलङ्गमा, पस्मिना समेतबाट बनेका कोमल शैय्यामा सुखला गर्ने राम, अहिले सीतासमेत पनि कुश–पत्रका स्याउलामा सुतनु भइरहेछ ! कैकेयीले गर्दा रामले दुःख भोगनु पर्‍यो ! मन्थराको बुद्धिमा लागेर कैकेयीले पाप बोकीन्" भने ।

१–निषादहरू रहने राज्य । २–यहाँ हजूरका पिताको अधीन नहुनाले यहाँ बस्नु दोष छैन, भन्ने अभिप्राय ।

लक्ष्मणले "हे सखे ! मेरो कुरा सुन, कसका दु:खको को कारण ? कसका सुखको को कारण ? अगि, आफूले कमाएको कर्म नै अहिले आफ्नो सुख वा दु:खको कारण बन्दछ ।

हुन्नन् पराई[१] सुखदु:ख कारण, 'पराइ हो' भन्नु कुबुद्धि मात्र हो ।
स्वकर्म नै सूत्र लिई नचाउँछ,[२] 'म गर्छु'[३] भन्ने अभिमान व्यर्थ छ ।।

त्यस्तै–सुहृत्[४] मित्र[५] शत्रु उदासीन[६] द्वेष[७] मध्यस्थ[८] बान्धवहरू[९] पनि, आफैंले गरेकाकर्मअनुसार आफूप्रति भावना भएका हुन्छन् । यसकारणले आफ्ना–आफ्ना कर्मकावशमा परेका मनुष्यले, सुख वा दु:ख जो जो परिआउँदछ, त्यसलाई भोगले टारेर, रागद्वेष[१०] केही नलिई प्रसन्न रहनुपर्दछ ।

मलाई ता, 'सुख होस्" भन्ने वा 'दू:ख नपरोस' भन्ने कुनै भावना छैन; आओस वा नआओस भोगको वशमा म छैन ! जस्तो मेरो मनमा भावना छ, त्यस्तै रामको मनमा पनि; हामी दुवैलाई 'यस्तो दु:ख पऱ्यो' भन्ने किञ्चितक्लेश छैन ।

जो कोहीले पनि जुन ठाउँमा वा जुनवेलामा, शुभ वा अशुभ जे जस्तो गरेको हुन्छ; त्यस कर्मको भोग, त्यसले भोगेरै टार्नु पर्दछ, अर्को बाटो छैन । ईश्वरले बाँधेको यो नियम देव–दानव कसैबाट लङ्घनहुन सक्तैन । अतश्च–शुभ–अशुभको फल, सुख वा दु:ख जे परेपनि, हर्ष वा विष्मात लिनु हुँदैन ।

शरीर, पुण्य र पापका परिणामले बनेको हुनाले, त्यसमा स्वभावैले सुख वा दु:ख रहने र सुखका पछि दु:ख र दु:खकापछि सुख हुनु यी दुइ दिन र रात बने झैं,

---

१–आफूदेखि भिन्न अरू कोही । २–त्रस्तो,–काठकोपुतली नचाउनेले पुतलीभित्र बाँधिएका धोराको चालबाट पुतलीले हात–गोडाहरू चाली नाचेको देखाउँदछ, त्यस्तै–ईश्वरले पनि आपआपना कर्मरूपी डोराको चालबाट नै सुख दु:खादिको भोग गराउँदछ । ३–'म सुख हुने काम गर्दछु' भन्नु आफूमा स्वतन्त्रता नहुँदा, व्यर्थको अभिमानमात्र हो । ७–समान चित्त भई हितकारक । ४–विधिपूर्वक मित्यारी लाएको 'मित' र आफ्नो सधियारदेखि पल्लो साँधको लाई 'मित्र' भन्दछन् । ५–न मित्र न शत्रु । ६–रीस परेको । ७–आफ्नो सल्लाहमा रहेको वा रहने । ८–नगीच वा टाढाका सातपुंडो भित्रका दाज्यूभाइ । ९–रागद्वेषको लक्षण, यसैकाण्डको चतुर्थसर्गको टिप्पणीमा––खुलाइएको छ ।

सबै प्राणीमा अनिवार्य छन् । हिलोमा धुलो र पानी मिले झैं, विषयमा सुखसंग दु:ख र दु:खसंग सुख मिलेको हुन्छ । अत: विवेको ज्ञानवान्हरूले "संसार सबै दु:ख मिश्रित छ,' भनी निश्चय गरेका छन् । त्यसकारणले विद्वानहरू 'यो 'यो सबै माया हो' भन्ने भावनालिई धैर्यगरी, इष्टकुरा१ आइपरेमा हृष्ट पनि हुँदैनन् र अनिष्ट२ आइपरेमा बिषाद पनि लिदैनन्" भनी, सम्झाए ।

यसरी, गुह र लक्ष्मणको कुराहुँदैमा, पूर्व आकाश खुल्यो। रामले प्रात:कालिक कर्महरू समाप्तगरी, गुहसंग "हे सखे! मलाई पारीतर्नलाई डुङ्गा मगाऊ" भन्दा, गुह आफैले समस्तसाधन युक्त सकल लक्षण संपन्न डुङ्गाल्याई "लौ यस डुङ्गामा सबै जना राजहोस् मेरा बन्धुहरू समेतभई, म आफैले खियाउँछू" ।

डुङ्गामा, पहिले राम आफैले सीतालाई चढाई, आफू गुहका दुइहात समाती उक्लिए । लक्ष्मणले, हतियारहरू उकाली, आफूपनि चढेपछि, गुहले चारौंतर्फ आफ्ना बन्धुहरू राखी बहनाहरूद्वारा आफैले डुङ्गा हाँके ।

डुङ्गा केही माझमा पुगेपछि, सीताले "हे देविगङ्गे! तिमीलाई नमस्कार छ, बनबासबाट राम लक्ष्मणका साथै फर्कदा, तिमीलाई मदिरा, मासुसमेतका बलिद्वारा, श्रद्धापूर्वक पूजा गर्नेछू" भनीन्।

पारी, तीरमा पुगी डुङ्गाबाट उत्रेपछि, गुहले "म पनि हजूरका साथैमा जान आज्ञापाउँ, होइन भने प्राणत्याग गर्दछू" भन्दा, रामले "म चौधवर्ष दण्डकमा बसी फर्की आउने छू, रामको बोलीकदापि झूठो हुनेछैन" भनी, भक्तगुहलाई प्रेमले अंगालो हालो, संतुष्ट गराई फर्काए ।

रामले, त्यहीँ गंगाका किनारको जङ्गलमा, पवित्रमृगलाई मारी पोलेर, वैश्व देवदेवताहरूलाई हवनगरो केही खाएर, त्यसदिन तीनैजनाले त्यहीँ बसी, रूखका फैदमा सुती, रात कटाए ।

१ मनपराउने आइपरेमा । २–मन नपराउने आइपरेमा ।

भोलिपल्ट, भरद्वाज ऋषिका आश्रमको नगीचमा पुगी, बाहिरैबाट एउटा केटो-लाई देखेर, रामले "हे बटुक! तिमी मुनिजीछेउ गएर, 'दशरथका छोरा राम, सीता र लक्ष्मणलाई साथमा लिई आएर बाहिर बसेकाछन्,' भनी समाचार पुऱ्याइदेऊ" भने ।

बटुकले, दगुर्दै गएर मुनिका पाउमा दण्डवत् गरी "बाहिर, तीनजना आइ बसिरहेका छन्, देखता देवता जस्ता छन्, म संग 'सीता र लक्ष्मणलाई साथमालिई राम आएका छन्, भनी मुनिछेउ समाचार पुऱ्याइदेऊ' भन्दछन्" भनी सुनाए ।

त्यो सुनो, झट्टै उठेका मुनीश्वरले, अर्घ्यपाद्यादि लिई रामको नगीचमा पुगेर, दुवै भाइलाई यथोचित सन्मानगरी "हे राम! मेरो झुपडीमा पाल्नुभई, पाउको धुलोले पवित्र गराउनुहोस" भनो, कुटीमा पुऱ्याई, फेरि तीनैजनालाई भक्तिपूर्वक पूजागरी, उत्तमरीतिसंग पाहुनाको सत्कार पुऱ्याएर रामसंग "हे परमात्मन्! आज तपाइँको दर्शन पाउनाले मेरो तपस्या सफल भयो! तपाइँको अगिको' र पछिहुनेसमेत सबै वृत्तान्त, तपाइँकै उपासनाले 'पाएको दिव्यदृष्टिबाट, मैले जानेको छू। तपाइँ परमात्मा, कार्यका निमित्तमात्र मायाकागुणमा मिली मनुष्य हुनुभएको छ । अगि ब्रह्माजीबाट जुनकामलाई तपाइँसंग प्रार्थना गरिएको थियो । अहिले जुन कामका निमित्त बनवास भएको छ, अब जुन कामगर्ने हुनुभएको छ, ती सबै मैले बुझेको छू; यस देखि अरू के बिनति गरूँ! जो अहिले प्रकृतिदेखि अलग,–परमात्मस्वरूप तपाइँको दर्शन पाइ-रहेछू, त्यसैबाट म आफूलाई धन्य र कृतार्थ सम्झन्छू" भनी, प्रार्थना गरे ।

सीता लक्ष्मण सहित रामले, भरद्वाजलाई प्रणामगरी, "हे ब्रह्मन्! हामी क्षत्रिय हौं, तपाइँले अनुग्रह गर्नुपर्दछ" भने ।

एवं, परस्परमा कुरा गरेर, त्यसदिन त्यहीँ आश्रममा बसी, बिहान उठेर यमुनामा स्नानादि गरी, बाटो देखाउनलाई भरद्वाजले खटाएका शिष्यहरूलाई साथमा लिई, यमुना तरेर, बाल्मीकि ऋषिको आश्रम,– चित्रकूटपर्वत्त तर्फ गए ।

सदाकाल, फूल–फल फुलने–फलने भई, नाना जातका पक्षीहरू र मृग आदि चौपायाहरू समेत रमाएको र, ऋषि१ –ब्राह्मणहरूका आश्रमले घेरिएको, बाल्मीकिको

१–योगबाट मन्त्र थाह पाउनेलाई 'ऋषि', अरूलाई 'ब्राम्हण' भन्दछन् ।

रमणीय आश्रममा पुगेर, आसन बाँधी बसेका बाल्मीकिलाई, तीनैजनाले शिर झुकाई नमस्कार गरे ।

बाल्मीकिले, कमलपत्र जस्ता नेत्र भएका जटाको मुकुट बाँधेका, साथमा सीता र लक्ष्मणलाई लिएका, कन्दर्प झैं, लोकसुन्दर रामलाई देखेर, अचम्म भई आँखा झिम्म पनि नगरी हर्षको आँसु लिई, झटपट उठी, रामलाई अंकमाल गरेर आदर-पूर्वक भक्तिले अर्घ्यादिबाट पूजागरी, स्वादिष्ठ फल–मूलहरू चढाई, प्रीतिले 'यो गुलियो छ, यो रसिलो छ, यो स्वादिलो छ ज्यूनार होस' ईत्यादि भन्दै, भोजन गराए ।

रामले, नम्रभई हातजोरेर, हामो, पिताजीको आज्ञाबाट दण्यकारण्यमा आएको कारण, तपाइँ जस्ताले बुझ्नु भएकै छ ! मलाई, सोतालाई साथमा लिएर केही समय बिताउनलाई, कहाँबस्न 'ठीकपर्ला ? सुख बासस्थान बताइ दिनुहोसू" भने ।

बाल्मीकिले मुसुमुसु हाँसी "यो जगतै तपाइँबाट उत्पत्ति भएको हुनाले, सबै लोकको उत्तम बासस्थान तपाइँनै हुनुहुन्छ ! तपाइँ सर्वत्र अन्तर्यामी हुनाले, तपाइँको बासस्थान पनि, संपूर्ण प्राणीहरू नै छन् साधरणस्थान यही हो । तथापि तपाइँबाट 'सीताका साथमा' भनी, बिशेष प्रश्न भएकोले बिशेष बासस्थान बताउँदछू :–

शत्रु, मित्र, उदासीन१ जो होस सबैमा समदृष्टि भई, कसैमा द्वैतभाव नराखी, शान्तस्वभावले, सधैं तपाइँकोचिन्तनमा रहनेको हृदय सीतासहित तपाइँको सुखबासस्थान हुन्छ । विहित होस, निषिद्ध होस, सबै कर्म छोडी हर बखत तपाइँकै चिन्तनमा रहनेको हृदय पनि, तपाइँको सुखमन्दिर हो राग द्वेष अहंकार नभएका, माटो ढुङ्गो रत्न सून जे होस सबैमा, समदृष्टि भएकाको हृदय पनि तपाइँको सुख बासस्थान हो ।

जो, मन, बुद्धि तपाइँमा लगाइ, सकलकर्मपनि तपाइँमा समर्पण गरी संतुष्ट रहन्छ, त्यसको हृदय पनि, तपाइँ बस्ने घर हो। जसले, 'यो संसार मायामय हो' भन्ने निश्चय मानी, दुख परेमा असंतोष र सुखपरेरा हर्ष नलिई, तपाइँलाई भजदछ,

---

१–न मित्र न शत्रु । २–छोडुँ, सिऊँ, राखूँ इत्यादि नभएका ।

त्यसको मन पनि, तपाइँकै घर हुन्छ । 'जन्मनु रहनु विग्रनु बढनु घटनु नाशिनु यी छ विकार शरीरमा रहने हुन्; आत्मामा हौइनन्,' भन्ने र भोक प्यास प्राणको बिषय हो, सुख दुःख भयको बिथय हो,' भन्ने बुझेर, संसार प्रयोजक कर्महरू[1] बाट अलग रहनेको मन पनि, तपाइँकै बासस्थान हो ।

जसले तपाइँलाई, अन्नमय[2] प्राणमय[3] मनोमय[4] विज्ञानमय[5] आनन्दमय यी पाँच गुफामयस्थानमा रहने. एकमात्र, चैतन्यरूप, सत्त्य, अनन्त, मुख्य कहीँ कसैमा संलग्न (ओतपोत) नभएका, भनी चिन्दछ, त्यसको हृदयरूपी कमलमा, सीतासहित तपाइँले बास गर्नुपर्दछ । निरन्तर ध्यानको अभ्यासले तपाइँमा दृढचित्त बनेका को, तपाइँका पाउको सेबामा लग्गु रहनेको, तपाइँको नाम–कीर्तनबाट सकलदौषदेखि छुटेका को हृदय पनि सीतासहित तपाइँको सुख बासस्थान हो ।

हे राम ! तपाइँका नामको महिमा पनि कसैले कुनै तवरले बर्णन गर्न सक्तैन । जुन कामको प्रभावबाट, म ब्रह्मर्षि हुन पाएँ ।

अगि, म किरातको देशमा जन्मी किरातैका संगतमा हुर्कें । संगतले गर्दा जन्ममात्रको बाहुन भई सधैं रौद्राचारमा रहन्थें, अतः भ्रष्टाचारी मेरो सुद्रास्त्रिबाट नै धेरै छोरा भए । चोरहरूसंग मिलेर चोरी पनि गरें । सधैं, धनुर्वाण भिरेर प्राणोकाउपर यमराज पनि बनें !

एक, भ्रष्ट भएको मैले, कुनै समयमा घोर जङ्गलभित्र, सूर्यझैं आफ्ना प्रभाले जगत उज्ज्वल गराउँदैं आएका सप्तर्षिहरूलाई देखें, र उनीहरूसंग रहेका लुगा–झिटी-हरूमा लोभ गरो, मैले 'पर्ख–पर्ख' भन्दा, उनीहरूले हे ब्राह्मणाधम ! तँ किन आइस ?" भने । मैले "हे ऋषि हो ! मेरा भोकाएका जहान छोरा धेरैं छन्, तिनैंको रक्षाका निमित्त केही पाइन्छ कि भनो, खोजदैं, म सधैं बनमा घुमिरहन्छू, भनें ।

१–पुण्य, पाप गराउने कर्महरू । २–खाद्य पदार्थबाट बनेको (स्थूल शरीर) । ३–प्राण, अपान, व्यान, उदान, समान यी पाँचबाट बनेको (यसैमा कहीं कर्मेन्द्रिय पाँच पनि अन्तर्गत मानिएको छ) यसैबाट मनुष्यलाई सुख दुःखादिको ज्ञान गराउँदछ । ४–मनोरूप (यसैमा कहीँ, मन अहंकार र कर्मेन्द्रिय पनि अन्तर्गत मानिएको छ) । ५–ज्ञानस्वरूप । ६–आनन्द समूह सम्पन्न । ७–यहाँदेखि, वाल्मीकिले आफ्नो अगिल्लो जन्मको इतिहास कहन लागे ।

मैले पनि 'हुन्छ त' भनी, घरमा गई, मुनिहरूले भने बमोजिम छोरा स्वास्नी सबेसंग सोद्धा,–सबैले 'त्यो पाप सबै तिम्रो मात्र हो, हामी ता तिमीले कमाएका धनादिको भोगगर्ने मात्र हौं'' भने ।

त्यो सुनेपछि, आफूमाने धिक्कार मान्ने बुद्धि पसेर, 'यो छोराहरू कहीँ पनि उपकारी हुँदा रहेनछन् !' भन्ने समझ गराउँदा, फरक्कफर्की करूणापूर्ण चित्त भएका पूर्ण चित्त भएका ऋषिहरू बसेका ठाउँमा आएँ ! उहाँहरूको दर्शन पाउँदैमा, मलीन स्वभाव हराइ, शुद्ध अन्त:करणको भएँ, र हातका धनुर्वाणहरू फ्याँकी, दण्डवत भई भूईंमा पसारिई ''हे मुनिश्रेष्ठ हो ! नरकका समुद्रको बाटो लागेको मलाई, रक्षा गर्नुहोस'' भनी, कराउँदे शरणमा परें । अगाडि पसेको देखेर, ऋषिहरूले ''उठ् उठ् सत्समागम सफल हुन्छ, तंलाई केही उपदेश दिन्छौं, त्यसैबाट संसारको दु:खदेखि पार तर्नेछस्'' भने ।

मेरो निर्दयी–बचन सुन्दा पनि, कत्ति नहच्केका उनीहरूले ''तँ पहिले तेरा कुटुम्व भए ठाउँमा गएर, एक–एक संग 'मैले प्रतिदिन जो जो पाप गर्दछू, त्यसको भागी तिमीहरू हुन्छौ कि हुँदैनौ ?'' भनी सोधी आइज तँ नआएसम्म, हामो यहीँ बसी रहने छौं'' भने ।

त्यसपछि, आफू–आफू परस्परमा मुख हेरेर ''यो, दुश्चरित्रद्विजाधम हुनाले, पन्छाउनु नै पर्ने हो । तापनि शरणमा परेको हुनाले यत्नपुऱ्याई मोक्षमार्गको उपदेश-बाट रक्षा गर्नुपर्ने हुनआयो'' भनी, हे राम ! तपाइँका नामको अक्षर, अगाडिको पछाडि, पछाडिको अगाडि उल्टोपाल्टो पारी, मलाई ''हामी फेरी नआएसम्म सधैं यहीँ बसेर, अक्षरमा एकाग्रचितलगाई 'मरा' भनी जपगरी रहनू'' भनी, दिब्यदृष्टिका मुनिहरू, आफ्नो बाटो लागे ।

मैले उनीहरूको उपदेश बमोजिम त्यहीँ बसी, 'मरा' अक्षरमा, एकचित्तले ध्यान दिई जपतै रहँदा, केही समयमा नै बाह्य बिषय सबै बिर्सिएँ१ । एवं, धेरै काल बितेपछि, सर्वसंग बिहीन निश्चल शरीर–म उपर, धमिराको गुड लाग्यो ।

१–'म रा' शब्दको बाच्य अन्तर्यामी नै विषय भई पाएजस्तो चित्त भयो ।

हजारौं युग बितेपछि, तिनै ऋषिहरू आएर मलाई "निस्की" भनी सुनाए ! त्यो आबाज सुन्दा, हिउँका थुप्राबाट सुर्य निस्के झैं, धमिराका गुडबाट म निस्कें !

ऋषिहरूले "अहिले तिमी, बल्मीकबाट[१] जन्मेको हुनाले, तिम्रो दोश्रोजन्म भयो,–'मुनीश्वरबाल्मीकि' भयौ' भनी, उहाँहरू अल्पिनुभएको थियो । तपाइँका 'राम' नामको प्रभावले यस्तो[२] भएँ ! अहिले पनि सीता र लक्ष्मण सहित तपाइँको, साक्षा द्दर्शन पाएकोले म सर्वथा सुक्तछू ।

हे राम ! तपाइँ बस्ने उत्तम थलो म देखाउँदछू, पाल्नुहोस" भनी, शिष्यहरू-लाई साथमा लिई, पर्वत र गङ्गाजीको बीचमा पुगेर, त्यसै ठाउँमा पूर्व–पश्चिम लाइनको एक, उत्तर–दक्षिण लाइनको एक, उत्तर–दक्षिण लाइनको एक गरी दुइ मन्दिर र एउटा ठूलो टहरो समेत बनाउन लगाई त्यसैमा, बाल्मेकिले मान्यता गरेका राम, लक्ष्मण र सीतालिई सुबिस्तासंग बसे ।

वाल्मीकि संपूजित राम त्याहीँ, सीता र सौमित्रि लिएर साथ ।
देवादि संपूजित इन्द्र झैं भै बसे सुबिस्ता लिइ स्वर्गमा झैं ।।

इति अयोध्याकाण्डे षष्ठः सर्गः ।।६।।

उता, रामलाई श्रृंगवेर शहरको नगीच, गङ्गाजीको किनारसम्म पुऱ्याई, रथ लिई फर्केका सुमन्त्रले, साँझमा अयोध्यामा पुगी रथलाई बाहिरै छोडेर, आँखाभरि आँसुलिदै रूमालले मुखछोपी "जय जय" शव्द पुकार्दै, अन्तःपुरमा पसेर दशरथको दर्शन गरे ।

रामसंगको बिछोटबाट बिफल भएका राजा, सुमन्त्र ! सीता लक्ष्मण साथका राम कहाँछन् ? कहाँ छोडेर आयौ ? म पापीलाई उनीहरू क कसले के के भने ?, रामगुणका खानि ! हा सोते प्रियवादिनी तिमीहरूसंगको वियोगबाट उत्पन्न भएको दुःखरूपी डुवी, समुद्रमा मर्नै आँटेको मेरो मुख हेर्न किन आउँदैनौ ?" इत्यादि बिलाप गर्दै, हुँक्क–हुँक्क रूनलागे ।

१–धमिराको गुंड । २–ब्रम्हर्षि भनी सतकार गरिने ।

सुमन्त्रले "हे महाराज ! मैले, रथहाँकेर राम सीता लक्ष्मणलाई, शृंगवेरको नगीच गङ्गाजीका किनारमा पुऱ्याएँ । त्यहाँ गुहले ल्याएको फल–मूलहरू, प्रीतिले हातले मात्र छोई छोड्नु भयो लिनु[१] भएन । उनै गुहद्वारा वरको दुध मगाई दुवै भाइले जटाकोमुकुट वाँधर, रामले मसंग "राजालाई मेरो दण्डवत चढाई, मेरो निमित्त शोक नलिइबक्सिएला,, त्यसो भएमा हामीलाई अयोध्याभन्दा जङ्गल, बढतासौख्यकारक हुनेछ, भनी विनति चढाई, मेरो लागि शोकलाईछोडी, शोकले छोपिएका बृद्ध पिताजी-लाई संझाइ बुझाई धैर्य गराइबक्सिएला भनी, मेरो तर्फबाट निवेन गर्नू" आज्ञा भयो ।

आँखाभरि आँसुलिएको सीतापनि, केही नजर रामतर्फ लगाई, दुःखले घुंक्क–घुंक्कको आवाज सहित बोलीले "सासू ससुराज्रूका पाउमा, मेरो दण्डवत चढाइदेऊ है" भनी, केहि निहुँरदै फर्कनुभयो, आँखाभरि आँसुलिएका तीनैजना, डुङ्गामा बसनु भयो । म डुङ्गापार नभएसम्म, किनारैमा बसी, पछि ठूलो दुःखको भार बोकी फर्की आएँ" भनी सुनाए ।

सुमन्त्रका कुरासुनी, रूँदै कौशल्याले राजासंग "यदि प्रियपत्नी कैकेयी देखि प्रसन्न भई उनीलाई वर बक्सिएको र, त्यसैका आधारमा उनका छोराले राज्य पाओस । राज्य भनेको लिइने दिइने कुरा पनि हो, भइ गएथ्यो ! मेरो छोरो निकालनुमा ता कारण केही थिएन ! किन निकालियो ? बिनाबिचारबाट, त्यो सबै आफैले गरेर अहिले किन रूनु ? भनीन् ।

कौशल्याको बाक्य सुन्दा, आगोले पोलेको घाउमा हात लगाउँदा झैं, अति दुःखित भई आँसु काढेका राजाले "यसै पनि पीरले मर्न आँटेको मलाई, पीर माथि पीर किन थप्दछ्चौ ! भइगयो ! मेरो प्राण ! अहिल्यै नै निस्कने निश्चय छ । अगि, निषिद्धाचरणरूप बालकर्मले गर्दा, कुनै मुनिबाट मैले शराप पाएको पनि थिएं; सुन :–

१–यसमा,–'कैकेयीको छोराको हुने भएको राज्यमा, म आहार गर्ने छैन' भन्ने प्रतिज्ञाले, ती फल–मूलहरू लिनु भएन' भन्ने पनि, कहीँ व्याखयान छ ।

म अगि यौबनाबस्थामा यौबनमदले दृप्त भई, रातमा शिकारखेल्न भनी, धनुर्वाणलिई नदीको किनार जङ्गलमा घुमेको थिएं । आधारातका समयमा, प्यास लागेका कुनैमुनि प्यासिएका आमा बाबु समेतका निमित्त, पानी लिन भनी नदीमा रहेछन्, उनीले गाग्रो डुवाई पानी भर्दा, ठूलो शब्द निस्केकोले, त्यस शब्दलाई मैले, हात्तोले पानीपिउंदा भएको शब्द होला भन्ने ठानी, अंध्यारो मध्यरातमा, शब्दवेधो धनुमा चढाई छोडें ।

त्यस वाणको चोटबाट "हा मारिएं नि !" भन्ने मनुष्यसूचक शब्द निस्कियो र साथै – "हे विधाता ! मैले कसैको विगार गरेको थिइन ! कसले मार्‍यो ! प्यासि-एका माता–पिता, पानीको आकाँक्षाले मलाई पर्खीरहनुहुनेछ" भनी, कराएको पनि सुन्दा, भयले संत्रस्त भई बिस्तारै, उनको नगीचमा पुगेर रून्चेवोलीले "हे स्वामि ! म दशरथ हूं, मैले थाहा नपाएर बाण छोडको हूं, हे मुनिजो ! बिराएं, क्षमारहोस" भन्दै उनका गोडामा पसारिएं ।

मुनिले, हे राजन ! नडराऊ तिमीलाई ब्रह्महत्त्याले छुदैन; म तपस्यामा बसेको वैश्य हूं । मेरा मातापिता भोक–प्यासले पीडितभई मेरो बाटो हेरिरहेछन्, अति शान्तस्वभाव छन्; तिमीले कुनै बिचार बिस्तार नगरी, ती दुवैलाई पानी पुर्‍याइदेऊ । ढिलो भयो र प्यासकोपीडाले कदाचित रिसाए भने, मेरा पिताले तिमीलाई भस्म गराउन सक्ने छन् । त्यसकारणले पहिले पानीदिएर दुवैलाई नमस्कार गरी, आफूले गरेको, मेरो वधदेखिको सबैकुरा सुनाउनू ! मलाई अति पोडा भइरहेछ ! शरीरबाट काण निकाली देऊ, प्राण छोड्दछू" भने ।

मैले, झट्टै उनका देहबाट काणउखाडी, पानी भरेको घडाबोकी, ती दुइ भएका ठाउँमा पुगें । दुवैजना अति बूढा, अन्धा, भोक–प्यासले अतिपीडित रहेछन्, दुवैजना परस्पर, "छोरो अहिलेसम्म पनि पानो लिएर आएन ! के कारण हो ! कुनै गति नभएका बूढा, भोकप्यासले पनि पीडित भएका दयनीय हामीलाई त्यागनु ता उचित थिएन ! त्यो हामी उपर भक्ति भएको पनि हो !" भन्द, चिन्ताले आकुल-ब्याकुल भएका रहेछन् । मेरो पाहिलाको आवाज सुनेर बूढाले "ए वाबु ! किन ढिलो गर्‍यौ ?" भनी, दुवैले मुखले "पहिले हामीलाई पानी दि हाल, तिमीपनि पिऊ वावु !" भने ।

त्यो प्रेमको बोलो सुनेर, मैले डराउँदं उनीहरूको नगीचमा पुगी, नम्रपूर्वक उनका गोडामा समाती "म छोरो होइन, अयोध्याको राजा दशरथ हूं, शिकारमा लग्गु भई रातमा समेत पशुमार्ने भएको म पापी, पानीघाटदेखि केहीपरमा बसेको थिएँ ।

त्यसै बखतमा पानीबाट उठेको आबाज सुनी, म शव्द वेधी हुनाले एउटा वाण छोडदा 'मरें' भनेको बोली सुनी, त्यहाँ आउँदा, जटा फिंजो लडेका मुनिलाई देखें र भयभीत भई उहाँको पाउ समाती, 'रक्षा गर्नुहोस् क्षमापाऊँ' भनें ।

मेरो विनीत प्रार्थना सुनेर, दुःखले पीडित भएका दुवैंले छोरालाई सम्झी अति शोक लिई विलाप गर्दै, म संग "हामी दुवैंलाई छोरो भएको ठाउँमा पुऱ्याइदेऊ" भने । मैले ती दम्पतीलाई बोको उनको छोरो लडोरहेको ठाउँमा पुऱ्याएँ! दुवैंका हातले छोरालाई सुमसुम्याई "हे पुत्र! हा पुत्र!" भनी, रूँदै कराउँदै "पानीदेऊ बाबु! अहिलेसम्म किन दिदैनौ" इत्यादि बिलाप गर्दै, म संग "हे राजन! चाँढै चिता बनाईदेऊ" भने ।

मैले, चिता बनाएर उनैका आज्ञाले तीनैजनालाई चितामा चढाई आगो दिंदा, उनीहरू खाग भई स्वर्गमा गए । प्राणजाने बखतमा बाबु बूढाले मलाई "तिमीपनि पुत्रशोकले मर्ने छौ" भनेका थिए! अहिले मेरो, त्यही शराप फल्नेवेला आयो!" भनी बिलौना गर्दै, शोकले आकुल भएका राजा "हा राम! हा पुत्र! हा सीता! हा लक्ष्मण! हा गुणका खानी! कैकेयीबाट उठेको, तिमीहरू संगको बिछोटले मृत्युका मुखमा परें ।" भन्दै, बिलापदै प्राणछोडी स्वर्ग गए । कौशल्या सुमित्रासहित राजस्त्रोहरू, कोलाहल शब्दले बिलाप गर्दे छातिपिटी रून लागे!

बिहान, मन्त्रीहरूका साथमा बसिष्ठ आएर, दशरथलाई तेल भरेको नावर[१]मा डुबाउनलगाई, दूत[२] हरूलाई "तिमीहरू घोडामा चढी, चाँढोगरो युधाजितका राजधानीमा पुगेर शत्रुघ्न सहित भरतलाई भेटी, 'अयोध्यामा राजा र कैकेयीको दर्शन गर्न चाँढै आउनू' भनी, मैले पठ,एको भन्नू" भनी अह्राइ पठाए ।

१–काठको डुङ । २–समाचार पुऱ्याउने, हालकारा ।

छिटोहुंदै गएका दूतहरूले, हडबडीसाथ पुधाजितको अगाडि पुगेर सबैलाई प्रणाम गरी, शत्रुघ्न साथका भरतसंग "हे राजन् ! बसिष्ठ ऋषिबाट, 'दुवैभाइ कुनै बिचारमा नलागी चाँढै अयोध्यामा आइपुगु" भन्ने निर्देश भएको छ" मनी, सुनाए ।

गुरूको आदेश पाएका भरत, भय विह्वल भई शत्रुघ्नलाई साथमा लिई, उनै दूतका साथसाथै अयोध्यातर्फ आए । बाटोमा, राजा वा रामका उपर कुनै आपत्ति पर्न आएछ कि ! भन्ने चिन्तापनि लिदै अयोध्याशहरमा पुगदा, शहरै सम्पत्ति हराए जस्तो, उत्सवरहित जनताकौ घञ्च–मञ्च पनि नभएको, उजाड लाग्दो देखेर साह्रै चिन्तित भए ।

श्रीहीन भएको राजभवनमा पसेर खोपीमा पुग्दा, पृथक जासनमा एक्लै बसि-रहेकी कैकेयीलाई देखेर आमाका पाउमा शिर निहुराई दर्शन गरे ।

कैकेयीले भरतलाई देख्नुकासाथै, प्रेमबे हडबडीसंग उठी, अंगालो हाली काखमा राखेर शिरमा सुँधी, माइती तर्फ आमा बाबु भाइहरूका बिषयमा कुशलप्रश्नगर्दै, 'तिमी कुशल रहेछौ, आनन्दसाथै देखें" भनीन् ।

चिन्ताविष्ट भई मनै खल्बलिएका भरतले "हे आमा ! पिताजी कहाँ हुनुहुन्छ ? तपाइँ यहाँ एकलै बसनु भएको छ, पिताजी तपाइँबिना एक्लै बसनुभएन ! अहिले यहाँ देखिनु हुन्न ! कहाँ बस्नु भएको छ ? झट्टै बताइदिनुहोस् ? पिताजोको दर्शन नपाउँदा, भय र चिन्ताले पीडित गराइ रहेछ" भने ।

कैकेयीले "हे पितृवत्सल ! तिमी निर्दोष छौ, दुःख के पर्‍यो र ? धर्ममा आस्था भएकाअश्वमेघ आदि महायज्ञगर्ने सत्यवादीहरूको जुन उत्तमगति प्राप्त हुन्छ, त्यही गतिमा तिम्रो पिनाजी पुगनुभयो !" भनीन् ।

त्यो सुन्नसाथै, शोक विह्वल भरत भूइँमा लडी "हा तात ! मलाई दुःखरूपी समुद्रमा खसालेर कहाँ जानुभयो ! मलाई राज रामको जिम्मा नलगाई१ कहाँ पुग्नु भयो !" इत्यादि विलौना गर्न लागे ।

१-'यसलाई मैले जो तिमीले प्रतिप्रालन गर्नु' इत्यादि बचनबाट जिम्मा ।

कैकेयीले शोक विह्वल भरतलाई उठाई आँसु पुछिदिएर "हे सुव्रत ! अहिले तिमीले आफ्नो निमित्त गर्नुपर्ने कर्तव्य केही छैन शान्त होऊ, मैले सबै तर्जुमा मिलाएको छू, तिम्रो कल्याण छ" भनीन् ।

भरतले, "पिताजीले मर्नेवेलामा के भन्नु भयो ?" भनी सोधे ।

कत्ति भय नलिएकी कैकेयीले "धेरैवेरसम्म 'हा राम ! हा राम ! हा सीता ! हा लक्ष्मण !' भनी वारंवार बिलापगर्दै, पार्थिवदेह त्यागेर स्वर्गमा जानुभयो !" भनी, सुनाइन् ।

भरतले, "किन आमा ! त्यसबखतमा राम नगीच हुनुहुन्नथियो र ! किन ? सीता र लक्ष्मण पनि कहाँ गएका थिए ?" भनी सोधे ।

कत्ति फिक्री नलिएकी कैकेयीले, "ए बाबु ! तिम्रो पिताजीले, रामको यौब-राज्याभिषेक निमित्त आदर पूर्वक कार्यक्रम तयार गर्नु भएको थियो; त्यसै बखतमा मैले तिमीलाई राज्य दिलाउन भनी, अभिषेकलाई विघ्न पारें ! अगि मलाई राजाले दुइवर बक्सेको थियो । अहिले त्यसैमध्ये एकवरबाट सबैराज्य तिमीलाई राज्यदिएर, रामलाई बनवासमा पठाउनु भयो । पातिव्रत्य धर्ममा रहेकी सीता, रामको साथमा गइन्; दाज्यूमा श्रद्धा देखाउँदै लक्ष्मण पनि रामसंग पछि लागे ! ती सबै बनवास गर्न गएपछि, राजा उनीहरूकै चिन्तालिई, 'राम राम' भनी प्रलापगर्दै मर्नुभयो !" भनीन् ।

आमाको निष्ठुर भाषण सुनी वेहोस भएका भरत, बज्रपरेको पहाड झैं भूईंमा पछारिए । निश्चेष्ट भरतलाई देखेर दुःख[१] मानेकी कैकेयीले, फेरि भनीन् "हे बाबु ! तिमीले किन शोक लिनु पर्‍यो ? यत्रो ठूलो राज्य पाएपछि पनि, दुःखको अवसर कहाँबाट पर्न आयो ?

यसरी भनिरहेकी आमालाई, भरतले आँखैले निलुँला झैं गरी पल्टाएका ठूला आँखाले हेर्दै "हे डरलाग्दी ! पापीनी ! तिमी भर्तृघातिनी हुँदा, बोल्नै अयोग्य भएकी

१—यसबाट, भर्तृशोक, भन्दा पुत्रशोक, ठूलो भयो भन्ने बुझाएको छ ।

रहिछौ ! तिम्रो गर्भबाट जन्मेको हुँदा म पनि पापवान नै रहेछु, अहिले निश्चय पाएँ, यसैले अब अग्निमा प्रवेश गर्छु या बिष खान्छु अथवा खड्गले आत्महत्त्या गरी यमलोकमा जान्छू !' हे दुष्टे ! भर्तृघातिनी ! तिमी मरेपछि 'कुम्भीपाक नरक' मा पर्नेछौ" भनी, कैकेयीलाई गालीगरी, आफू कौशल्याका महलमा गए ।

कौशल्या, भरतलाई देखेर डाँको छोडी रून लागीन् । भरत पनि रूँदै कौशल्याका पाउमा लडे । अति मलीन यो चरित्र१ भयो ! आमाले सुनाएकै होला, तिमीले सुनेकै होला ! यो सबै तिम्री आमा कै चालबाजी हो ।

हा दैव ! रघुकाकुलमा जन्मेरपनि रामचन्द्रले जीर्ण बस्त्र लगाई, जटा बाँधेर पत्नी साथमा लिई, आमाबाबुलाई रूवाउँदै, वनमा जानुपऱ्यो ! हा राम! हा रघुनाथ! तिमी जगदीश्वरकी जननी भएर पनि मलाई पीर–दुःखले छोडेन ! अतः दुःख नाशको साधन जुटेर पनि दुःख नछुटेकोमा दैवनै बलवान रहेछ, भन्ने, सम्झी बसेकी छू !" भनीन् ।

एवं, बिलौनागर्दै,–निन्याउरो मुख लगाएकी कौशल्याको पाउ समातेर, भरतले "हे आमा ! मेरो बचन सुनिदिनुहोस्, कैकेयीले रामको राज्यभिषेकमा विघ्नपार्नु, वा अरू जे जो गरीन् त्यसमा मैले लगाएको वा थाहमात्र पाएको भए पनि, मलाई शयौं ब्राह्मणको हत्या र अरून्धती सहित गुरू वसिष्ठलाई खड्गले काटेमा हुने अपराध सरहको पाप लागोस" भनी हुंक्क–हुंक्क गरी रूनलागेका भरतलाई, कौशल्याले अंगालो हाली "हे पुत्र ! तिम्रो हृदयलाई मैले चिह्नेको छू, व्यथा नबढाऊ" भनीन् ।

त्यसै बीचमा, भरत आइपुगेको सुनी मन्त्रीहरूलाई साथमा लिई आएका बसिष्ठले, रोइरहेका भरतलाई "हे बाबु ! पूर्णज्ञान र सत्यप्रतिज्ञा भएका बृद्धराजा दशरथले, मर्त्यलोकको सकल भोग गरो' प्रशम्त दानादिले अश्वमेघ आदि महायज्ञहरू समेत सकी, साक्षात हरिको स्वरूप 'राम' छोरो पाएर, अन्त्यमा स्वर्गमागई देवताका राजा इन्द्रको आधा आसन पाएका छन् ।

त्यस्ता मोक्षको पात्र बनी अशोच्य भएका उहाँका लागि, तिमी व्यर्थको शोक गर्दछौ ! अर्को कुरा, 'आत्मा' जन्म मरणादि रहित छ नित्त्य छ शुद्ध छ । शरीर

१–राजाको मरण, रामको बनबास ।

जड छ, अति अपवित्र छ, अनित्य छ बिचार गरेमा शोकको ठाउँनै छैन । बाबु होस वा छोरो, मऱ्यो भने, अबूझ मूर्खहरू मात्र, आफ्नो शरीरलाई ठोकतै शोक गर्दछन् ।

निःसार संसारमा, कसैसंग पर्न आउने वियोग पनि, ज्ञानवानका निमित्त वैराग्यको कारण हुन आउँदछ र सुख शान्ति गराउने हुन्छ । लोकमा जन्मलिनेको साथसाथै मृत्युपनि पछि लागेकै हुन्छ त्यसकारणले, जन्मलिनेको मृत्यु, सधैं अनिवार्य छ । ज्ञान नभएका मूर्खले पनि, 'प्राणीको जन्म–मरण स्वकर्मानुसारको हुन्छ' भनी जानेकै हुन्छ ! शोक किन लिन्छ !

कोटियौं ब्रह्माण्ड नष्टभए ! कैयौं सृष्टि बिते ! समुद्र पनि सबै सुक्दछन् ! भने, क्षणभरको ज्यूनीमा के को भरोसा ! हल्लने पातका टुप्पामा परेका पानीको थोपा झैं छिनैमा नाशिने आयु, बालक अबस्थामा नै नाशिने पनि हुन्छ; त्यसमा तिम्रो कुन विश्वाल ! के को भरोसा !

जीव, अगिल्लो जन्मको देहले कमाएका कर्मबाट, फेरि देहवान् हुन्छ, त्यस देहबाट पनि कमाएका कर्मको अनुसार, फेरि अर्को देह लिन्छ । एवं पुरानो लुगालाई छोडेर नयाँ लुगा फेरे झैं बारंबार पुरानो शरीरलाई छोडी, नयाँ शरीर लिइनै रहेको हुन्छ अतश्च जीवको, स्थूल होओस वा सूक्ष्म होओस, शरीरसंग वियोग कहिल्यै नहुनेहुदा, त्यसमा शोकको अवसर नै रहदैन ।

आत्मालाई, न जन्मन्छ, न वढदछ न मर्दछ, षडभाब[१] नभएको, अनन्त[२], निर्बिषयक[३] सत्यज्ञाननै शरीर मानिएको, आनन्दरूप र निश्चय आदिरूप, सकल अन्तःकरण बृत्तिकी साक्षी, अविनाशी, एकमात्र भई सर्वत्र समबाले रहने, भनी दृढज्ञान लिएर आत्माको स्वरूप आफूमा नै सम्झी, शोक छोडी कर्ममा लाग ।

बाबुको देहलाई तेलको नावरबाट झिकेर, मन्त्रीसहित हामीहरूलाई साथमा लिई, रीतिपूर्वक और्ध्वदेहिक कृत्यकर्म गर गर" भनो, गुरूले सम्झाएका भरतले, अज्ञानजन्य शोकलाई छोडी, अग्निहोतृका बिधानबाट, पिताको देहसंस्कार गरे ।

२–जन्मन्छ, छ, बदलिन्छ, वढदछ, घटदछ, नाशिन्छ भनिने यी छ षडभाव । २–एस ठाउँको भनी नछुट्टिने ।
३–कुनै बिषयसंग संवद्ध नभएको सत्यज्ञान ।

एघारौं दिनमा, पितृको उद्देश्यले, वेदपारंगत ब्राह्मण हजारौंलाई भोजन गराई, हजारौं गाई, गाऊँ, रत्न, गहना, कपडा इत्यादि दान गरेर, गुरू मन्त्री भाइससेत साथमा भएका भरत, आफ्नो मन्दिरमा रामको चिन्तामात्र लिई बसे ।

'सीता सौमित्रि साथै लिइकन बनमा पाल्नु भो राम, आज ।
देख्दैमा राक्षसी झैं कुदहनसरिकी छन इनी मेरि आमा ।।
त्यसकारण जान्छु छोडी, अनुचित बिधिको राज्यले के छ काम ।
सीता साथैं रहेका रघुपतिपदमा नित्यगर्छू प्रणाम ।।'

इत्यादि चिन्ता लिए ।

इति अयोध्याकाण्डे सप्तमः सर्गः ।।७।।

देवसभातुल्य राजसभामा, मन्त्री र अरू मुनिहरूका साथमा आई उच्च आसनमा सेका तेजस्वी वसिष्ठले, शत्रुघ्न सहित भरतलाई नगीचमा राखेर, देशकाल सुहाउँदो बचन गरी "हे बाबु भरत! निम्रा पिताको हुकुमबाट, हामी तिमीलाई राज्यमा अभिषेक गर्दछौं । कैकेयीले तिम्रो निमित्त मागेको राज्य, सत्यप्रतिज्ञ राजा दशरथले, हामीं सबैलाई थाह हुने गराई, दिनु भएको छ; मुनिहरूबाट मन्त्रपूर्वक अभिषेक चाँढै होओस्" भने ।

भरतले "हे गुरूबर्य! मलाई राज्य किन? राज्याधिकारी राम हुनुहुन्छ; हामी ता उहाँका परिचारक मात्र हौ । भोलि बिहान सबेरे म तपाइँहरू र राक्षसी कैकेयी बाहेक अरू आमाहरूपनि सबै जम्मा भई रामलाई लिन जाऊँला भन्ने बिचार गरेको छू आमा भन्न पनि घिनाउनुपर्ने कैकेयीलाई ता अयिल्यै मारिदिने थिएँ; किन्तु, मलाई रामले 'स्त्री हत्यागर्ने' भनीं सहनु होवैन! भैगो ।

तपाइँहरू आउनुहोस वा नआउनुहोस, म ता बिहानैं, शत्रुघ्नलाई साथमा लिई, पैंदलबाट दण्डकारण्यमा जान्छू । जुन भेषले, राम वनमा जानुभयो, राम नफर्केसम्म त्यहीं भेष लिई, फल–मूलको आहार गरि, भूमिशायि जटाधारि भई बस्तछू" भनि, सुनाएर, चुपलागि बसे । भरतको उक्तिलाई सभामा बसेका सबैले मान्यतादिई खुशि मानि एकैं बोलिगरि "हो ठिक हो! राम्रो हो!" भनि प्रशंसा गरे ।

भोलिपल्ट, बिहान, महलबाट निस्की हिंडन आँटेका भरतसंग, कौशलना आदि राज भार्याहरू र वसिष्ठ आदि ब्राह्मणहरू सहित सबै फौज, दायाँ–वायाँभई पछिलागे। सुमन्त्रले, राज्यको नियम अनुसार, फौजको नायकत्त्व गर्दै हात्री घोडाहरू पछिलगाए। श्रृंगवेरपुरको नगीच गङ्गाको किनारमा पुगेपछि, सबैको बास भयो ।

त्यहाँ, भरत आएको सुनी गुहले "ठूलो फौजलिई आएका रहेछन्! बनमा बसेका वृत्तान्त केही थाह नपाएका रामको उपर, कुनै पाप चिताई आएका पो हुन् कि !" भन्ने शंका लिएर, आफ्ना अनुयायीहरू संग "पहिले, त्यहाँ गई मन बुझूँ, शुद्ध रहेछन् भने, गङ्गा तर्लान्; होइन भने, तिनीहरूलाई तर्न नदिई, तिमीहरूले सबै डुङ्गा किनारमा तानी, हतियारहरू भिरी, चारौंतर्फ आँखा घुमाउँदै खडा रहो" भनी आफू हतियार भिरेका बन्धुवर्गका साथमा, थरी–थरीका सौगात लिई, भरतका अगाडिमा पुगे ।

त्यहाँ पुरानावस्त्रलगाई, जटाको मुकुट वाँधी, मन्त्रीहरूसहित शत्रुघ्नलाई साथमाराखी 'राम राम' भन्दै रामको चिन्तनमा बसेका, श्यामलो वर्णका भरतलाई देखेर, श्रद्धासंग सौगात चढाई, शिर भूइँमा निहुराई 'म गुह हूं' भनी नमस्कार गरे ।

सशस्त्र फौंज देखतापनि कत्ति सशंक नभएका भरतले, गुहलाई सखि सम्झी झट्ट उठाई अंगालो हालेर, आरामो प्रश्नगरी "हे भाइ ! तिमीले यसै ठाउँमा रामलाई भेटयौ, साथमा बस्यौ, रामले चिसो आँखा लिएर तिमीलाई अंकमाल गर्नुभयो, तिमीले कुरापनि गर्‍यौ ! भन्ने सुनेको छू, तिमी धन्य रहेछौ, कृतकृत्य छौ ! तिमीले जुनठाउँमा, सीता र लक्ष्मण साथका रामको दर्शन पाएथ्यौ, जुनठाउँमा सीतालाई साथमालिई राम सुकला भएथ्यौ, त्यो ठाएँ मलाई देखाइ देऊ । तिमी रामको अति प्यारो हुँदा, भाग्यवान् छौ" भनो, रामलाई सम्झी–सम्झो आँसूकाढेका भरत गुहलाई अगाडि लगाई, अगि जहाँ रामको मुकला भएको थियो, त्यसैं ठाउँमा पुगे ।

त्यहाँ, अगि विछचाइ सुतेको कुश–पत्रहरूमा सीताको गहना दलिनाले, सुनका टीका जस्तो भई चिह्न परेको शयनस्थल देखेर, हृदयदेखि नै दुःखमानेका भरतले

१–भरतका फौजमा, विकार वा अविकारको परीक्षालाई आँखा घुमाउँदं ।

शोक लिदैं "अहो ! जो जनकको छोरी अति सुकुमारी सीता, राजनहलमा रत्नको पलङ्गमा बिछ्याएको कोमल शय्यामा, रामका साथमा सुत्तथीन्, तो अहिले रामको साथ भैकन मेरो दोषबाट, कुशकामूठमा कुन कष्टले सुती होलिन् ! जो म, पापका थुप्रो समानकी कैकेयीबाट जन्में, मलाई धिक्कार छ ! मेरै निमित्त, परमात्मा रामलाई यो क्लेश पऱ्यो ।

अति सफलजन्म, लक्ष्मणको रहेछ ! सधैं रामको सेवा गर्दछन्, रान बनमा बसेका छन् ता पनि हृष्ट चित्तले रामको सेवार्थ पछि लागेका छन् । म रामका नोकरका नोकरको चाकरसम्म हुन पाए पनि जन्म सफल भएको ठान्ने थिएँ, ए माइ ! राम कहाँ बस्नुभएको छ? तिमीलाई थाह भए बताइ देऊ, म त्यहीँ लिन जान्छू"भने ।

गुहले, उनोलाई शुद्धचित्त ठहऱ्याई स्नेहले "हे देव ! राम सीता लक्ष्मणका उपर यस्तो भक्ति भएका तपाइँनै धन्य ! सुन्नुहोस,–चित्रकूट र मन्दाकिनीको बीचमा, मुनिहरूको आश्रम भएको ठाउमा फल–मूलादि समृद्ध हुनाले, राम त्यहीँ आनन्दलिई बस्नुभएको छ । हामी त्यहाँ जाऊँ झट्टै गङ्गाजी तर्नुहोस" भनी, झटपट गई, सबैं फोज तार्नलाई आदर देखाएर, पाँचशय डुङ्गा मगाई, एउटा राजयोग्य डुङ्गा आफैले ली आएर, त्यसमा भरत, शत्रुघ्न, कौशल्या र वसिष्ठलाई चडाई कैकेयो सहित अरू राजस्त्रोहरूलाई भिन्दैं डुङ्गामा राखे । एवं, डुङ्गाबाट गङ्गाजी तरेपछि सबैं फौजहरूले भरद्वाज ऋषिका आश्रमको वाटो लिए ।

आश्रमदेखिएपछि, आश्रममा घञ्च–मञ्च हुन नपाओस भन्नाका लागि, फौजलाई टाढैमा थापी, शत्रुघ्नलाई मात्र साथमा लिई ग्रएका भरतले, आश्रममा पुगेर, जलेको अग्निजस्ता तेजस्बी भरद्वाजलाई अति भक्तिले साष्टाङ्ग दण्डबत गरे ।

ऋषिले, दशरथका छोरा भनी चिह्नेर प्रीतिपूर्वक सन्सार र कुशल प्रश्नगरी "अहिले राज्यचलाउनुपर्ने तिमीले, यो जटावल्कलादि धारण किन गऱ्यौ ? मुनिहरूवसेको यो जङ्गलमा के का निमित्त आयौ ?" भने ।

आँखाभरि आँसु लिएका भरतले "हे भगबन ! तप:शक्तिद्वारा सकलप्राणीका आशयमा[1] रहनेले, सबैकुरा थाह पाएकै हुन्छ; तथापि सोधनी हुनु मेरो उपर अनुग्रह नै हो ।

कैकेयोले, रामको राज्यबिगातक कर्म वा बनबासादि जो गरीन् गराइन्, त्यो मैले थाह पाएको होइन ! हजूरका पाउ प्रमाण" भन्दै, ऋषिका दुइपाउसमाली "म शुद्ध छु वा अशुद्ध छु आफै जानि बक्सियोस । हे स्वामो ! राज्यको अधिकारी राम खडा छंदै, मलाय राज्य किन ? म ता रामको सधैंको[2] दास हूं ! अतश्च, रामका चरणमा परी, राज्यभार समर्पेर, यहिं नै सकल नागरिकनजनका समक्ष वसिष्ठ आदि बाट उहाँको राज्याभिषेक गराई उहाँलाइ अयोध्यामा लिई जान्छू र म दास हूं नम्र भई रामको सेवा गर्दछू, भनो आएको हुं" भने ।

भरतको भ्रातृ भक्ति देखेर अति विष्मय भएका भरद्वाजले, भरतलाई अंकमालगरी, शिरमा सुँघी आशीर्वाद दिएर– "हे वाबु ! यी सबैकुरा, ज्ञानदृष्टिबाट मैले पहिलेनै जानेको थिएँ; शोक नलेऊ । लक्ष्मण भन्दा तिमी, रामका परमभक्त छौ, मैले बुझेको छु । आज फौजमाथैका तिम्रो अतिथ्य सन्मान गर्न चाहन्छू, यहीं बसी भोलिमात्र रामछेउ जाउला" भन्दा, भरतले 'आज्ञा शिरोधार्य छ' भने ।

तप:शक्तिद्वारा, वाञ्छितबस्तु तयारगर्न सक्ने मुनिले, हात–पाउधोई हवन–गृहमा पसी, ध्यानमुद्राले 'कामवर्षिणो'[3] को ध्यानद्वारा, फौज सबैलाई ज जसलाई जे जस्तो जति इच्छाहुन्छ, ती सबै अलोकिक खाद्यबस्तुहरू यथेष्ट सृजनागरो, पहिले शास्त्रीयबिधानबाट वसिष्ठको सत्कार पुऱ्याएर, पछि भरतसहोत फौजलाई तृप्त गराए ।

भरत, त्यसदिन त्यहीं आश्रममाबसी, बिहान भरद्वाजताई अभिवादरगरी बचन लिएर, फौज साथै रामको आश्रमतर्फ जाने बाटो लिए ।

चित्रकूठमा पुगेपछि, सबै फौजलाई टाढैमा राखी, शत्रुघ्न गुह मुमन्त्रमात्र साथमालिई नगीच वर–परका आश्रमसडलमा रासकोआश्रम खोजदै गए । त्यहाँ कतै

१–सबैका आशयमा रवने अन्तर्यामीसंग, तत्त्वज्ञको अभेद हुनेहुनाले सबैका आशयमा रहनेले । २–यस उक्तिबाट आफूमा 'शंखको अवतार' भन्ने पनि सूचना हुन्छ । ३–मनको इच्छा पुऱ्याउने विद्या ।

नभेटिदा, फर्के जस्तोभई ऋषिमण्डलमा यएर ऋषिहरूसंग "सीता लक्ष्मण साथका राम, कहाँ बस्नु भएको छ ?" भनो सोधे ।

ऋषिहरूले "यहाँबाट केहि अगाडि गएपछि, चित्रकूट देखि पछाडि, गङ्गाजीको उत्तर किनार एकान्तमा, सदाकाल फले–फुलेका, हरएक जातका फल–फूलयुक्त रमणीय वघैंचा देखिने छ, त्यहीं रामको मुन्दरमन्दिर पनि देखिने छ" भनी बताए। एबं, बताएबमोजिम हेर्दै अगाडि लागेका भरतले, टाढैब,ट चहकिलो मन्दिर देखे ।

देखे परैबाट झलक्क–मन्दिर, श्रीरामको रम्य मुनीन्द्र सेवित ।
वृक्षाग्रमाथी पनि चर्म–वल्कल, देख्दा दुवैभाइ खुशो हुँदै गए ।।

इति अयोध्याकाण्डे अष्टमः सर्गः ।।८।।

मन्दिर देख्देमा, खुसीहुँदै दगुरेका भरत, आश्रमको नगीचमा पुग्दा, सीता र रामको पाहिला परेको जमीनमा बज्र, अंकुश, कमल, ध्वजाआदि पदचिन्ह देखेर हर्षले:–

'जुन्पाउको आश्रय खोज्दछन् सबै, ब्रम्हादि वेदादि ति रामपाउका ।
ध्वजादिरेखान्वित भूमि पाउँदा, आफै अहो ! धन्य रहेछु भन्दछू ।।'

भन्दै, दुवैभाइ धुलोमा लोटपोटिन लागे । एवं, अद्भुत प्रेमरसले व्याप्त अन्तःकरणभई, रामको भावनामा तत्परचिन्त भएका भरत, हर्षको आँसुखसाल्दै रामको आश्रममा पुगे ।

आश्रममा, नयाँ बोक्राको पहिरन पहिरेका, जटाको सुकुट बाँधेका, प्रातःकालीन अरूण जस्ती कान्ति, दुवाको जस्तो श्यामलोवर्ण, कमल जस्ता विशालनेत्र, हँसिलो मुहार लिई, सोतासंग बिनोद गर्दै बसेका, लक्ष्मणद्वारा पाउदापिएका रामलाई देखेर शोकले पनि हर्षले पनि झट–षट दगुर्छै गई, रामको दुवैपाउ समाते ।

रामले, दुइवाहु पसारी भरतलाई तानेर अंकमालगरी आँसुखसाल्दै काखमा राखो, प्रेमले च्यापे । त्यतिखेरैमा, प्यासलागेका गाई जलाशयमा दगुरे झैं, रामलाई देख्न आतुर भएका आमाहरू हडबडाउँदै आइपुगे ।

रामले, आमा कौशल्यालाई देखेर, झट्टै उठी आँसु खसाल्दै पाउमा दर्शन गरे । कौशल्याले रामलाई अंगालो हाली पतिसंगको वियोग पनि सम्झेर, मनमनै अति दुःख मानीन् । रामले, अरू आमाहरूलाई पनि अभिवादन गरी बसेपछि, तत्कालै आइपुगेका वसिष्ठलाई देखेर साष्टाङ्ग प्रणिपातगरी "हजूरको दर्शन पाउँदा, म आफूलाई धन्य ठान्दछू" भनी, सबैलाई यथायोग्य आसनमा बसालेर– "हे ऋषोश्वर ! मेरा पिताजी कुशल हुनुहुन्छ ? कस्तो छ ? मसंगकौ बिछोटले दुःखितभई के भन्नुहुन्छ ?" भनी सोधे ।

वसिष्ठले "हे रघुनन्दन ! तिम्रा पिताजीले, तिमीसंगको वियोगजन्य दुःखले जलेका अन्तरात्माद्वारा, तिमीलाई सम्झदै "हे राम ! हे राम !! हे सीते ! हे लक्ष्मण !" भनी, तिम्रो चिन्तना गर्दै प्राणत्याग गर्नु भयो ।" भनी सुनाए ।

गुरूको कर्णशूल जस्तो बचन सुनेर, राम लक्ष्मण सीता सबै "हा हतोस्मि" भनी रूँदै भूइँमा लडे ! आमाहरू र फौजहरू पनि रून लागे ! राम, हे पिता ! हे दयासागर ! मलाई छोडेर कहाँ जानु भयो ! म अनाथ भएँ ! अब मलाई कसले लालना गर्ला !" इत्यादि विलाप गर्न लागे । सोता र लक्ष्मण पनि, चिच्याउँदै रामले भन्दा ज्यादै विलाप गर्न लागे ।

बसिष्ठले, सान्त्वनायुक्त बचनद्वारा, अगिका राजाहरूमा परेका बियोगका कथाहरू सुनाई, संसारको अनित्यता बुझाउने बाक्यका साथै, तत्त्वज्ञानको उपदेशहरू समेत सम्झाई, बुझाई शोक शमन गराएपछि, सबैले मन्दायिनोमा गई, स्नान गरेर दशरथलाई जलाञ्जलि दिए । लक्ष्मण सहित रामले, धर्मशास्त्रको "वयं यदन्नाः पितरस्तदन्नाः" (हामी जे खान्छौं, त्यही पितृ खान्छन्) भन्ने बचनानुसार१ च्युलोकाफलको गुदीमा मह मिलाइ बनेको पिण्ड, समर्णण गरो, फेरि स्नानगरेर आँसु खसाल्दै आश्रममा फर्किए । त्यसदिन तीनैजनाले उपवास गरे ।

भोलिपल्ट मन्दाकिनीमा स्नानगरी फर्केपछि, भरतले रामसंग "हे महाभाग ! हजूरले आफूलाई अभिषेक गराई, रोलले आएको बाबुको राज्यपालन गर्नुहोस, हजूर ज्येठो हुनाले मेरो जस्तो बाबु, त्यस्तै हजूर हुनुहुन्छ ।

१–च्यूलीको पिण्ड, राजालाई सुहाउँदो होइन तापनि, उक्त धर्मशास्त्रको बचनबाट, ठाउँ–समयको अनुकूल मिल्दो गरेछ ।

जस्तो–पिताजीको उपस्थितिमा हजूरको, राज्यमा अधिकार थिएन, त्यस्तै–हजूर छदाछदै मेरो अधिकार छैन । क्षत्रीयको धर्म प्रजापालन हो, राज्यमा ठूला–ठूला यज्ञहरूगरी, कुल थाम्नलाई छोराहरू पैदागरेर, छोराहरू राज्यमा राखी बनमा पाल्नुहोला । अहिले बनबासगर्ने बेला होइन ! म देखि प्रसन्न हुनुहोस । मेरी आमाको दुष्कर्ममा, कत्तिपनि दृष्टि नदिई हामी सबैलाई रक्षा गर्नु होस" भनी, दाज्यूका दुइपाउ उठाई आफ्नो शिरमा राखेर लहुरो झैं पसारिई भूइँमा लडे ।

भरतको अतिभक्ति देखेर, स्नेहले चिसा आँखा लिएका रामले, भरतलाई झट्ट उठाई काखको अगाडि राखेर "हे बाबु ! मेरो कुरा सुन,– तिमीले भनेको कुरा सवै सत्य हो, किन्तु मलाई पिताजीबाट "चौधवर्षसम्म दण्डकारण्यमा बसी, पछि शहरमा पसनु; अहिले मैले सवेराज्य भरतलाई दिएँ" भनी आज्ञा भएको हुनाले, पिताजीबाट तिमीलाई सदरको राज्य र मलाई दण्यकादण्यबास बक्सेकोस्पष्ट छ ! अतः बाबुको आज्ञालाई यत्नपूर्वक पालन गर्नु, शास्त्रानुसार हामी दुवैको कर्तव्य छ । जो बाबुको बचनलाई उल्लङ्घन गरी, स्वेच्छाचारी वन्दछ, त्यो ज्यूदै मरेको ठहर्दछ; छोडेपछि नरकमा जान्छ । त्यसकारणले, तिमी राज्यशासन गर, म डण्डकको रक्षा गर्दछू" भने ।

भरतले "कामुक भई स्त्रीद्वारा जितिएका, समझ विग्रेका, अतः चित्त भ्रान्त उन्मत्त पिताले यदि केहि अनुचितकुरा भन्नुहोला ! त्यसलाई 'सत्य' भनी लिन हुँदैन । जस्तो, बिद्वानहरू भ्रान्तवाक्यलाई सत्य मान्दैनन्" भनी, आफ्नो बिचार व्यक्त गरे ।

रामले, "पिताजीले कामुक भई स्त्रीका वशमा परी अथवा भ्रान्तचित्त भै, अथवा समझ विग्रो वोलेको होइन । सत्यवादी हुनाले, आफूले अगाडि नै प्रतिज्ञा गरेको कुरा, प्रतिज्ञाभङ्गको भयले दिनु भएको हो । ठूला बढाहरू, नरकबाटभन्दा असत्यबाट ठूलोभय मान्दछन् । मैलेपनि मुमाकैकेयीसंग 'आज्ञानुसार गर्दछू' भनी, बनवास आदिको प्रतिज्ञा गरिसकेकौ छू; रघुकै सन्तान हूं आफ्नो बचनलाई असत्य कसरी गराऊँ ?" भने ।

भरतले, केहि अगाडि सरेर–"म हजूरको प्रतिनिधि भएर, चीर बस्त्र लगाई चौध वर्ष सम्म बनमा बस्तछू; हजूरले सुखपूर्वक राज्य गर्नुहोस" भने ।

रामले, "पिताँजीबाट तिमीलाई नै राज्य र मलाह बनबास दिनुभएको हो । अहिले एकथोक गर्नुपर्नेमा, अर्कै थोक गरें भने, अगि कहेजस्तै असत्य पर्न्यौं भयो !" भने । भरतले "त्यसोभए म पनि बनैमा आउँछू, लक्ष्मण झैं हजूरको सेवा गर्दछू, त्यो पनि हुँदैन भने, प्रायोपवेशनले[1] यस देहलाइ यहीँ त्याग्दछू" भनी, निश्चय गरेर घाममा कुश बिछ्याई, पूर्व मोहढा गरी पलेटीकसी बसे ।

भरतको निश्चय सत्याग्रह देखेर, अति बिष्मित रामले, गुरू वसिष्ठलाई आँखा तर्काई, 'यसलाई उठाऊ' भन्ने इशारा दिए ।

ज्ञानकाखानी वसिष्ठले, भरतसंग एकान्तगरी "हे बाबु ! मेरो बाक्यबाट, निश्चित गुह्य कुरा सुन राम, राक्षात्नारायण[2] हुन ! अगि ब्रह्माले प्रार्थना गरेको हुँदा, अहिले रावण वधका निमित्त, दशरथका छोरा भई जन्मेका छन । सीता, जनककी छोरी बनी 'योगमाया'[3] जन्मेकी हुन । लक्ष्मण, "शेष' हुन, उनो सर्वदा रामको पछि लाग्दछन । यी सबै रावणलाई मार्ने मनसायले हिंडका छन, यसमा शंका छैन ।

कैकेयोको बिषयमा पनि, उनोले पाएको वरदान आदि देखि लिएर, उनीका मुखबाट जे जती निष्ठूर बचनहरू बोलीन, ती सबै दैवले गराएको हो ! होइन भने राजा दशरथकी रानी, राममा अतिप्रीति पनि भएकी कैकेयीले, त्यस्तो निष्ठूर बचन कसरी निकाल्दि हुन ! त्यसकारणले हे बाबु ! रामलाई फर्काउने आग्रह छोडो, आमाहरू र फौजसमेतसबैलाई साथमा लिई, राजधानोमा । फर्क राम, कुलै समेतको रावणलाई मारी, चाढैनै फर्कने छन्" भनो, बोध गराए ।

गुरूबाट यथार्थकुरा सुन्दा, आश्चर्य मानी ठाडा आँखा लिएका भरतले रामको नगोचमा गएर, "हे महाराज ! राज्यपालनको सामर्थ्य प्राप्तिलाई, हजूरको चिह्नपरेको पूज्य कठपाउ दुइ पाऊँ । हजूर नफर्केसम्म त्यसैको सेवा गरी आत्मबल प्राप्त गर्नेछू" भनी, रामका पाउमा दुइ खराउ योजना गरे । रामले ती खराउ अति श्रद्धासंग भरतका हातमा दिए ।

१-प्राणत्याग नभएसम्म केही पनि नखाने व्रत । २-[illegible]बैमा रहने अन्तर्यामी । ३-नारातणको शक्तिस्वरूप ।

भरतले, ती रत्नजडित खराउ दुइहातमा लिएर रामलाई वारंवार प्रदक्षिणा र प्रणाम गरी, भक्तिले गद्गद भएको बोलीले "हे राम ! चौधबर्ष पुगेको भोलिपल्टै, पाल्नु भएन भने म अग्निमा प्रवेश गर्नेछू" भने ।

रामले "हुन्छ" भनी, संतुष्ट गराई विदा गरे ।

भरत, सबै फौजलाई जम्मागरी नयरप्रस्थानको तयारीमा लाग्दा, कैकेयी अगि आफूले गरेको कुकर्म सम्झी व्याकुल हुँदै, रामसंग एकान्तपारी आँसु खसाल्दै हात जोरेर भन्दछीन—"हे राम ! मैले मायाबाट मोहमा परेको चित्तले दुष्टबुद्धि लिई, तिम्रो राज्यप्राप्तिमा विघ्न पारो वनबास गराएँ ! यो मेरो दुष्टचाइँ क्षमा गर । साधु—सज्जनमा सबैभन्दा प्रधान गुण क्षमा नै रहेको हुन्छ ।

तिमी, स्पष्ट रूपका साक्षात बिष्णु सनातन परमात्मा हौ ! तथापि मायाबाट लिएको मनुष्यरूपले सबै जगतलाई मोह गराउँदछौ । तिमीले नै खटाएको लोक, राम्रो नराम्रो पनि काम गर्दछ । यो जगतै तिम्रो अधिनको छ, अस्वतन्त्र छ; स्वतन्त्र नहुँदा, आफू कुनै केही गर्न सक्तैन ! जस्तो :—बनौटे पुतलीहरू नचाउनेको इच्छा अनुसारले नाचने[१] हुन्छन् ! त्यस्तै :—तिम्रो अधीनकी माया पनि जडरूपकीनर्तकी छ, तिम्रै खटनले मात्र चल्दछ ! म पनि, देवकार्यमा लागेका तिमीवाट प्रेरित हुँदा, बुद्धि बिचलित भएकी मैले पापकर्म[२] गरें ।

देवताहरूले पनि नचिह्निने, अवाङ्मनस गोचर तिमीलाई, अहिले तिम्रै प्रसादबाट मैले चिह्नें[३] ! हे अनन्त ! हे विश्वेश्वर ! हे जगन्नाथ ! तिमीलाई नमस्कार छ रक्षा गर । धन—पुत्रादि बिषयमापरेको स्नेहरूप पासोलाई, तिमीमारहेको ज्ञानरूप खड्गले काटी, शरणमा परेकी मलाई रक्षा गर" ।

कैकेयीको गुनासो सुनी मुसुमुसु हाँसेका रामले, "हे महाभागे ! तपाइँले जति कुरा भन्नुभयी सबै सत्य छ, झूठो छैन । देवकार्यरूप—मतलब सिद्धिका निमित्त मैले

१—काठ वा कपडाका पुतलीहरू. नचाउनेले आफ्नो इच्छा बमोजिम, पुतली भित्र रहेका डोरा गुप्तरीतिले चाल्दा, पुतली नाचने हुन्छ र त्यसका नाचबाट लोकलाई बिष्मय गराउने हुन्छ । २—'तिम्रो खटन नभए, आफैले दुःख भोगनुपर्ने काम म आफैबाट कसरी भयोहोला' भन्नेभाव । ३—बास्तवस्वरूपमा चिन्हें ।

नै खटाएकी वाणी, तपाइँका मुखबाट निस्केकी हो ! यसमा तपाइँलाई केहि दोष छैन, जानुहोस; आफ्नो मनमा अहोरात्र मलाई भावना गरो बसनुहोस । म मा गरिएको भक्तिबाट, सकल बिषयमा स्नेह छुटी, चाँढै नै मोक्ष पाउनु हुनेछ । म सर्वत्र सम-द्रष्टा छू । मेरो 'द्वेष' प्रिय छैन ।

जस्तो :—चटकबाट देखिन आएका कुरामा चटकीको द्वेष, प्रीति नरहने हुन्छ[1], त्यस्तै—मेरो पनि द्वेष वा प्रिय कहीँ केही हुँदैन; तथापि आफ्ना भक्तको रक्षाखातिर आफू पनि पछि लागने मेरो स्वभाव छ । हे आमा ! मेरा मायाद्वारा मुग्ध बुद्धि हुनेहरूमात्र, मलाई सुख दुःखादिले जलेको मनुष्य सम्झन्छन ! म त्यस्तो होइन । अहिले संयोगले, मलाई चिह्नाउने भवभय नाशक ज्ञान, तपाइँमा उत्पन्न भयो। मलाई सम्झी घरमा बसनुहोस, कर्मको भोग[2] पर्ने छैन" भनी सम्झाए ।

यसरो सम्झाइएकी कैकेयी, हर्षले शिर झुकाउँदै रामलाई प्रदक्षिणा र शयौं पटक प्रणाम गरेर आनन्दित भई फर्कीन ।

भरतपनि, आमा भाइ गुरू सहित सबै फौजलाई साथमा लिई, रामलाई चिन्तन गर्दै अयोध्यामा पुगेर, त्यहाँका रेतीहरूलाई रीतिपूर्रक स्थिति लगाई, आफू शत्रुघ्नलाई साथमा लिएर नन्दिग्राममा गए ।

नन्दिग्राममा पुगेपछि, रामको खराउ राजसिंहासनमा स्थापना गरी त्यसँमा, रामको भावनाले गन्ध—पुष्पादि राजयोग्य उपचारद्वारा नित्यपूजा गरी' आफू जटा-बल्कल धारण गरी, फल—मूलमात्र खाई, भूइँमा सुती, जितेन्द्रिय भई, ब्रह्मचार्य व्रत लिई, परि आएका राजकार्य सबै खराउमा निवेदन गरेर, ब्रह्मज्ञानो झैं मनै समेत राममा अर्पी बिषयमा अनाशक्त भई, राम फर्कने दिन गन्दै बसे ।

उता, सोता लक्ष्मण सहित राम, मुनिहरूका आश्रमले घेरिएशो रमणीय चित्र-कूटमा, केहिसमय सुविस्थासंग बसेका थिए । परन्तु, त्यहाँ वसेको थाह पाई रामको दर्शनमा लालसा भएका जनता, वरावर आउनलागेकाले, जनताको घुइँचो चलेको देखेर, दण्डकारण्यमा जानुपर्ने कामको[3] पनि बिचार राखेर, सीता लक्ष्मण सहित राम

१—आफूबाट कल्पना भएको बिषय हुनाले, 'मिथ्या' भनी निश्चय जानेर द्वेष प्रीति नरहने । २—कर्ममा प्रवृत्ति गराउने अभिमान नै नष्ट हुने हुनाले कर्मको भोग पर्ने छैन । ३—रावणलाई मार्नेकाम ।

जनताको संसर्ग नरहने एकान्त सुखबास भएको अत्रिऋषिको आश्रम तर्फ गए ।

उक्त आश्रममा पुगेपछि, अति तेजस्वी ऋषिलाई दण्डवत प्रणिपात गरी,–"म राम हुं अभिबादन गर्दछू, पिताजीको आज्ञा मानेर दण्डकमा आएको हूं अभिवादन गर्दछू, पिताजीको आज्ञामानेर दण्डकमा आएको हूं, बनबासको प्रंशगले भएपनि हजूरको दर्शन पाउँदा, आफूलाई भाग्यमानी सम्झन्छू" भने ।

ऋषिले, रामको बाक्य सुन्दैमा 'अन्तर्यामी परमात्मा' भनी चिह्नेर परमभक्तिले विधिवत पूजा गरी फल–फलहरू समर्पी, सबैलाई आतिथ्य सत्कार पुऱ्याइ हृष्टभई, सीता र लक्ष्मण तर्फ पनि आँखा घुमाउँदै रामसंग "धेरैकालसम्म तपस्यामा रहेकी धर्मवत्सला, अनसूया नामले प्रसिद्ध मेरोपत्नी, अतिशयबृद्ध हुनाले भित्रे बसेकी छन्, सीताजीले भेटनु हुन्छ कि !" भने । रामले "हुन्छ" भनी, सीतालाई "जाऊ देवीलाई नमस्कार गरो आऊ" भन्दा, सीताले भित्रपसी अनसूयाका नगीचमा पुगेर, दण्डवत् प्रणिपात गरिन ।

सीतालाई देखदा अति प्रीतिमानेकी अनसुवाले, भक्तिपूर्वक "वत्से ! सीते !" भन्दै, आदरले अंकमाल गरेर, बिश्वकर्माबाट बनेको चौगडी एकजोडा, निर्मल दोपट्टा दुइजोडा र शरीरलाई सुगन्धित बनाउने दिर्व्य बुकुवा बिशेष पनि टक्र्याई 'यो सुगन्धित बुकुवाले, तपाइँको शोभालाई कहिल्यै कम हुन दिने छैन । जानकि ! पतिव्रत्यलाई[१] अगाडि राखेर रामको पछिलाग्नु होला ! राम, कुशलपूर्वक तपाइँका साथैमा घरमा फर्कनु हुनेछ" भनी, शिक्षासहित आशीर्वाद चढाइन । ऋषिजो, तीनै जनालाई श्रद्धासंग भोजन गराई, रामलाई हात जोरी प्रार्थना गर्दछन् :

"आफै बनाइ 'भुवनत्रय,' राम ! त्यसका रक्षानिमित्त लिनु हुन्छ नरादिदेह[२] ।
किन्तु त्यहाँ[३] गुण[४] समृद्ध नदेखिदामा, 'माया' पनी हजुरलाइ डराइ[५] हेर्छिन् ।।"

इति अयोध्याकाण्डे नवमः सर्गः ।।९।।

अयोध्याकाण्डम् समाप्तम् ।।

१–पतिका उपर गर्नुपन सेवा सत्यताहरू । २–देवदेह 'वामन' आदि, नरदेह 'राम' आदि र आदि शब्दले अरू मत्स्य, कच्छप आदि देह । ३–भुबनको रक्षानिमित्त लिएको देव नरादि देहमा । ४–भोग, आदि गुण रहेको । ५–हजूरम रनने ज्ञानबाट, आफू (माया) दाकिने हुंदा डराइ हेर्छिन ।

अथ अरण्यकाण्डम् ॥

त्यसदिन, त्यहीँ आश्रममा बसी, बिहान स्नानादि सकेर प्रस्थान गर्ण भनी, रामले "हे ऋषिजी ! अब हामी धेरै तपस्वीहरू बसेको दण्डक बन तर्फ जान्छौं, आज्ञा दिनुहोस र बाटो देखाउनलाई शिष्यहरूलाई पनि अह्राइ दिनुहोस" भने ।

रामको बाक्य सुन्दा, हाँसेका अत्रिले "सबैलाई बाटो देखाउने तपाइँ ! तपाइँलाई बाटो देखाउने को ? तथापि लोकाचारमा हिंडेका तपाइँलाई लोक सौंधो गरी बाटो देखाउन वटुकहरू आउनेछन्" भनी, शिष्यहरूलाई आदेश दिई, आफूपनि पछि लागे ।

केही पर पुगेपछि, रामले,, ऋषिलाई प्रीतिपूर्वक फर्काए । कोश भर हिंडेपछि ठूलो नदो देखियो र मुनिकुमारहरूसंग "नदी तर्ने उपाय केही छ कि छैन ?" भनो सोद्धा, उनीहरूले "गहकिलो डुङ्गा छ, तपाइँहरूलाई हामीले नै तार्दछौं" भनी, किनारमा पुगेपछि, पहिले रास सीता लल्मणलाई चढाई, पछि आफूहरू पनि बसी, डुङ्गा खियाउँदै नदीपार गराए । त्यसपछिको बाटो बताएपछि, रामबाट बिदापाएका कुमारहरू आश्रम तर्फ फर्के ।

राम सोता लक्ष्मण, जताततै झ्याउँकिरीका 'झ्याउँ–झ्याउँ' शब्दले ढाकिएको, अनेक जातका मृगहरू छ्याल–व्याल भएको, सिंह वाघ आदिवाट भय रहेको, भयङ्कर रूपका राक्षसहरूले बास गरेको, भयङ्कर जङ्गलभित्र पसेर रामले "ए लक्ष्मण ! अब यहाँ देखि, यत्नपुर्व साथमा मिलेर हिंड्नु पर्दछ" भन्दै, धनुमा ताँदो चढाई, एक हातमा वाण लिएर "म अगाडि लाग्दछू, तिमो धनुलिई पछि–पछि आऊ, आत्मा र परमात्माको बीचमा 'माया' रहेझैं, हामी दुइको माझमा सीता हिंड्नून्; चारौंतर्फ, आँखा पनि लगाउँदै गर ।

अहिले भइरहेका अपशकुनबाट राक्षस देखि भय परि आउने देखिन्छ । अगि, ऋषिहरूका मुखबाट पनि 'दण्डारण्यमा राक्षसहरूबाट ठूलो डर हुन्छ' भनेको सुनिन्थ्यो"

भनी, एवं कुरागर्दै छक्रोस हिंडेपछि, जात–जातका सुगन्धि कमल र निर्मल जलपूर्ण ठूलो तलाऊ देखियो र त्यहाँको जलपिएर, तीनैजना बृक्षका छायाँमा बसेका थिए ।

केही वेरपछि, टुप्पामा मानिसहरू उनेको ठूलो त्रिशूल बाँया काँधमा बोकेको, हात्ती बाघ अर्नाहरू खाने,– लामा तेर्सा दाह्रा भएको ठूलो मुख वाई, आफ्नो गर्जनाले जङ्गलै थर्काउने गरो आएको अति भयानक राक्षस देखियो ! र हातमा धनु लिएका रामले लक्ष्मणसंग "हे भाइ ! हेर ! कातरहरूलाई ता देख्तैमा भय गराउने विशाल शरीरको यो राक्षस हाम्रो सन्मुख हूंदै आइरहेछ ।! धनु सोज्याइ रहू, ए जानकी ! तिमी नडराऊ है !" भनी, वाण लिई निश्चल भइ रहे ।

राक्षसले, उनीहरूलाई देख्तैमा खित्का सहितको हाँसोले तर्साउँदै "तिमीहरू दुइठिटा सुन्दरअनुहारका दया लाग्दा रहेछौ ! तर जटावल्कल लगाई मुनिको भेष लिएको र स्त्री सहाय भई धनु ठोक्रो भिरेकोले दुर्मद जस्ता देखिन्छौ ! मेरामुखभित्र परेका गाँस[1] जस्ता छौ ! को हौ ? जीवघातीहरूलेसेवा गरेको यसघोरजङ्गलमा के कामले आयौ ?" भन्यो ।

राक्षसको कुरा सुन्दै मुसुमुसु हाँसेका रामले "म राम हूं, यिनी मेरा अनुगत भाइ लक्ष्मण र यिनो मेरी प्राणबल्लभा सीता हुन्, हामी पिताजीको बचन मानेर, तिमीहरू जस्तालाई तह लगाउन आएका हौं" भने ।

रामको कुरा सुनी, खित्केहाँसो छोडेको राक्षसले, काँधको त्रिशूल दुइ हातले उठाई ठूलो मुख बाहेर –"हे राम ! तिमीले मलाई चिह्नेको छैनो, म लोक प्रख्यात 'विराध' हूँ, मेरो डरले गर्दा यहाँका मुनिहरू सबै, यस बनलाई छोडेर भागी सके; तिमी दुइलाई पनि बाँच्न इच्छा छ भने, सीतालाई यहीं छोडेर,– बिना हतियारका भई चाँढो भाग ! होइन भने, तिमी दुवैलाई खाइदिन्छू" भनदै, सीतालाई समात्न भनी दगुर्‍यो ।

रामले, हाँसदै एक वाण छोडेर हेलैसंग उसका दुवै पाखुरा काटिदिए। क्रोधले चुरिएकोविराध भय लाग्दोमुखबाही रामलाई समात्न आइलाग्दा रामले फेरि एकवाण छोडी, उसका दुइखुट्टा, एकैचोटमा अचम्मसित छिनिदिए !

१–यस भनाइबाट 'सजिलैसंग मारिने' भन्ने झल्का बुझाउँछ ।

तथापि रामलाई निल्न भनी ठूलो मुख बाहेर, सर्प झैं छातिले घिसि्दै उफ्री–उफ्री आइलाग्यो र, रामले अर्द्ध चन्द्राकारको वाण छोडी उसको ठूलोटाउको काटिदिदा, ऊ टाउको रगतको ठूलो भलको साथै भूइँमा लडचो! त्यो तमासा देखदा आश्चर्य भएकी सीताले 'अहो!' भन्दै रामलाई अंगालो हाली प्रशंसा गरीन् । त्यो चरित्र देखेर प्रसन्न भएका देवगणहरूको प्रेरणाबाट, आकाशमा कर्णाल बज्न लाग्यो! त्यसका साथै गन्धर्व,–किन्नरहरू गाउन र अप्सराहरू नाचनलागे ।

उतालडेकोविराधको शरीरबाट, निर्मल टलकदार बस्त्र र सुनका गहनाहरूसमेत धारण गरेको अति सुन्दर अति तेजस्वीपुरूष निस्केर, शरणागतकादु:ख नाशक दयाका खानि रामलाई प्रसन्नचित्तले दण्डवत प्रणाम गर्दै प्रार्थना गर्न लागे :–

रिसालु आकार स्वभाव उग्र–दुर्वासद्वारा छु बृथाभिशप्त ।
हे राम! 'विद्याधर' हूँ अगीको हजूर द्वारा अब मुक्ति पाएँ ।।

हजूरका ती चरणारबिन्दमा सदा रमाओस् मन पाप नाशियोस् ।
नुही रहोस यो शिर नित्त्य ढोघमा, पदार्चनैमा दुइ हात लग्न हून् ।।
बाणी सधैं नाम हजूरकै जपोस्, उत्साहले कान कथामृतं पिऊन् ।

आफ्नोस्वरूप आत्मामा, सधैंभरि रमाउने ।
राममा छ नमस्कार, विशुद्ध ज्ञानमूर्तिमा ।।
हजूरले बिदाबक्से, जान्छू म देवलोक मा ।।"
यसरी प्रार्थनाबाट प्रसन्न भइ रामले ।
गन्धर्वलाइ दिनु भो वरदान बिदा पनि ।।
"जाऊ गन्धर्व! तिमोले मेरो दर्शन पाउँदा ।
मायादोष जितेका छौ, ज्ञानयूर्ण र भक्त छौ ।।
लोकमा दुर्लभै भक्ति, त्यही छ मुक्तिदायिनी ।
तिमी छौ भक्ति सम्पन्न चाँढैनै कोक्ष षाउँछौं ।।"

१–मानिसको जस्तो मोहोडा र घोडाको जस्तो शरीर भएकालाई 'किन्नर' भन्दछन् ।

एवं च त्यो राक्षस मारिदामा, विधाधरै रूप लि भक्ति गर्दा ।
पायो सुसद्भक्ति र मोक्ष, तस्मात् मोक्षार्थिले राम भजोस नित्य ।।

इत्यारण्यकाण्डे बिराधबधो नाम प्रथमः सर्ग ।।१।।

विधाधर बिदा भई स्वर्गतर्फ गएपछि, रामहरू शरभङ्गको आश्रमतर्फ लागे ।

शरभङ्गले उनीहरूलाई टाढैबाट देखेर, झटपट उटी दगुर्दै सन्मुखमा पुगेर सन्मान पूर्वक आश्रममा ल्याई कुशासनमा राखी पूजापूर्वक कन्दमूल–फलहरू अर्पी आतिथ्य सत्कार पुऱ्याएर हर्षले गद्गद भई "हे राम ! हजूर परमेश्वर हुनाले, हजूरका दर्शनको आकांक्षाले तपस्याको शरण लिई धेरै कालदेखि यहीँ बसीरहेको छू । आज दर्शन पाउँदां अहिलेसम्मको तपस्याबाट सञ्चित भएको पुण्य सबै, हजूरलाई चढाई, म मुक्ति प्राप्त गर्दछू" भनी, सकल पुण्यफल राममा समर्पण गरी तत्कालैमा चिता बनाई राम सीता लक्ष्मणलाई प्रणाम गर्दै चितामा उक्लेर, आफ्नौ संमुखमा सीता र लक्ष्मणको माझमा खडा भइरहेका, दुवाको जस्तो श्यामलो वर्ण, कमलपत्र जस्ता नेत्र भई चिल्लो जटाकोमुकुट र चीर वस्त्र धारण गरेका, सर्वान्तिर्यामी श्रीरामको मूर्तिमा, अन्तःकरण-लाई एकाग्रपारी केहीवेर ध्यान लिएर, भन्नलागे :–

को हो ! जगतमा अरू, कामधेनु झैं अभीष्ट दाता रघुनाथ भिन्न लौ ।
एकाग्रपारों मन भज्दथें सधैं, मनें म जानी स्वयमेव पाल्नु भो ।।

देवेश रामले देखून् अहिले नै म मर्दछू ।
निष्पापदेह यो पोली ब्रह्मलोक[1] म पुग्दछू ।।
जस्को बामाङ्कमा' सीता' मेघमा बिजुली झईं ।
बस्छिन्, ती 'राम' मनमा मेरो नित्य रहीरहून् ।।"

भन्दै, प्रत्यक्षरूपले अगाडि रहेका राम मूर्निको दर्शन र मनले चिन्तन पनि गर्दै, चितामा आगोसल्काएर पन्चभूतात्मक शरीरत्राई भष्म गराई, दिव्य देहधारो बनो ब्रह्मलोकमा पुगे ।

१–उपासक भइ मोक्षकार बनेका हुनाले ब्रम्हलोक ।

त्यसैपछि, त्यसै आश्रममा रामको दर्शन गर्न भनी, दण्यकारण्य बासीऋषिकाफौंज आइपुगे । ती ऋषिफौजलाई, मायामनुष्यरूपरामसीतालक्ष्मण सबैले भूइँमा दण्डत् भई प्रणाम गरे ।

ऋषिहरूले, धनुर्वाण भिरेका रामलाई आशोर्वादले सम्मानित गरी हात जोरेर, —"हजूर पृथिवीको भार हरणलाई ब्रह्माको प्रार्थनाबाट जन्मनु भएको हो, हजूरलाई हरि, सीतालाई लक्ष्मी, लक्ष्मणलाई शेषांश, भरतलाई शंख र शत्रुघ्नलाई चक्र भनी, हामीले जानेका छौं; अतश्च पहिले यहाँका ऋषिहरूको दुःख१ छुटाइ बक्सियोस् —

पाल्नोस जाऊँ मुनिका ,बनैमा, सौमित्रि सीता संगमा लिएर ।
सबै व्यबस्था नजरै भएमा, हामी सबै माथि दया हुनेछ ।।"

भनी निवेदन गरे ।

रामले 'हुन्छ जाऊँ' भनो, सीता र लक्ष्मण सहित भई, मुनिहरूका साथसाथैमा जङ्गल हेर्दै जाँदा, ठाउँ–ठाउँमा, सुकेका हाड मात्र बाँको रहेका–टाउका का थुप्राहरू देखेर अचम्म मानो, 'यी हाडका थुप्रा कसका हुन् ?" भनी सोधे ।

मुनिहरूले "हे प्रभो ! समाधिमा लीन भई भाग्न असमर्थ हुंदा, राक्षसद्वारा खाइएका ऋषिहरूका टाउकाका हाड हुन् । यहाँ राक्षसहरू, ऋषिहरूको छिद्र खोज्दै घुम्दछन" भनी, सुनाए ।

एवं मुनिहरूको भय सहित दुःखमनाउको कुरा सुन्दा रामले–सबै राक्षसलाई मार्ने प्रतिज्ञाबाट ह्वषिहरूलाई संतोष दिलाई केही समय त्यहीँ विश्राम लिए ।

एवं, क्रमैसंग सबै ऋथिको आश्रम हेर्दै, सदाकाल सबै ऋतुका गुणले सम्पन्न भई सधैं सुखदायक भएको र प्रशस्त ऋषिहरू बसेका हुंदा प्रख्यात पनि भएको, अगस्त्यका शिष्य सुतीक्षणको आश्रम तर्फ गए ।

१–खरहरूलाई मारी दुःख छुटाउने ।

रामका मन्त्रको उपासक सुतीक्ष्णले रामको आगमन सुन्दा, भक्तिले उत्कण्ठित[1] भई आँखा पल्टाउँदे गएर, आश्रममा पुऱ्याई बिधिपूर्वकपूजागरी स्तुति गर्न लागे :–

"सीतापते ! हजुर निर्गुण[2] अप्रमेय[3] पाऊ म पर्छु प्रभुको हुन दास–दास ।
जुन पाउ हो हो हजुरको शिव आदि नम्य, संसार तार्दछ पाउ बनेर नाऊ ॥
माया परेर, सुतदेह गृहादि रूप–अन्धो कुवा बिच डुबी मल झें वसेको ।
देखी अगोचर[4] ! प्रभो ! स्वयमेव आफ पाल्नूभयो म तिर आज दया लिएर ॥
जो हुन्छ भक्त उसबाट छुटाइ माया, जो भक्तिहीन छ उ माथि थुपारि माया ।
सम्पूर्नका हृदयमा घर वार गर्ने, सेवानुसार जसरी फल दिन्छ राजा ॥
सृष्टिस्थिति प्रलयका तिमी एक हेतु, माया उपाधि अरू हुन बिधिबिष्णु ईश[5] ।
देखिन्छ पानिबिच सूर्य यथा अनेक, देखून् ति मूढ मति लौ विविध स्वरूप ॥
हे भक्तकाहृदयमारहने सुचिन्त्य !, नेत्रादिको पनि अगोचर ! आज मैले ।
प्रत्यक्ष यो हजुरको पद देख्न पाएँ, जो भक्त हुन्छ उसमा प्रभु कामबर्षी ॥
हे राम ! रूप नहुनेप्रभुको छ रूप, माया बिडम्वन मनुष्य शरीर भेष ।
कन्दर्प कोटि सम सुन्दर 'हास्य वक्र' भिर्छौं धनू तर छ शान्त मुहार चित्त ।
सीता संगै रहि जटा मृगचर्म धारी ! सौमित्रिले सतत सेवितपाद पद्म ॥
नीलोत्पलै सरि छ श्यामल शान्तमूर्ति भाग्यै खुलाउन म गर्छू प्रणाम नित्य ॥
जानून्[6] महर्षिहरू लौ 'घनचित्प्रकाश–आत्मस्वरूप' प्रभुको गुणभिन्न नित्य ।
मैले त जो नजरले परिपञ्च देखें, खोज्दोन केहियहिमात्र रहोस् मनैमा ॥"

एवं, स्तुतिबाट, मुसुमुसु हाँसेका रामले "हे मुनिजी ! मेरो अन्तर्दृष्टिमा, 'तपाइँको चित्त निर्मल छ' भनी जानेको हुनाले, तपाइँलाई भेटनलाई म आफै आएको हूं ।

लोकमा, मुक्तिको साधन, मेरो भक्ति बिना अरू छैन । कुनैकुराको अपेक्षा नराखी मेरो शरणमा परी, मेरो नाममन्त्रको उपासना[7] गर्नेको लागि, म रोजिन्दै

१–त्यो कुरा पाएमा ता मनोरथ सिद्ध हुने थियो 'भन्ने तरहको इच्छालाई 'उत्कण्ठा' भन्दछन् । उत्कण्ठा' लिएकालाई 'उत्किण्ठित' । २–सत्वरजस्तमोगुण नरहेका । ३–देश र कालले नछुट्टिने । ४–इन्द्रियको बिषय नभएका । ५–शिव । ६–अरू योगीजनहरू नैं, जानी रहुन । ७–टहल ।

देखिने हुन्छु । तपाईंले गरेको यो स्तुति, मेरो प्रिय छ, जसले सधैं पढदछ त्यसलाई म उपरको सद्भक्ति सहित निर्मलज्ञान पैदा हुनेछ ।

तपाइँ, मेरो उपासनाबाट नै सर्वथा मुक्त हुनुभएको छ, देहान्तमा मेरो सायुज्य पाउनुहुनेछ, शंका छेन । तपाइँका गुरू "मुनिनायक अगस्त्यको दर्शश गर्न र केहीकाल त्यसैतर्फ बस्नपनि, नेरो मन चञ्चल भई रहेछ" भने ।

सुतीक्ष्णले "हवस भोलि पाल्नुहोला, मैलेपनि धेरैदिन भयो गुरूको दर्शन पाएको छैन, म पनि साथैमा आउँदछू" भने ।

भोलिपल्ट बिहान, अगस्त्यसंगको भेटलाई चञ्चलचित्त भएका राम, सुतीक्ष्णलाई साथमा लिई सीता लक्ष्मण सहित बिस्तार–बिस्तार, पहिले अगस्त्यका भाइ 'अग्निजिह्व' ऋषिका आश्रमतर्फ गए ।

इत्यारण्यकाण्डे द्वितीयः सर्गः ।।२।।

मध्याह्नमा, अग्निजिह्वको आश्रममा पुग्दा, उनीले पूजागरी अर्पेको फल–मूलादि भोजन गरेर, त्यसदिन त्यहीँ बिश्राम गरे ।

भोलिपल्ट बिहान प्रस्थान गरी, सदाकाल सकल ऋतुका फल–मूलहरूले सम्पन्न भई, अनेक जातका मृग–पक्षीहरू रमाएको र ब्रह्मर्षि, देवर्षिहरूका मन्दिरको घेरा भएको, दोश्रो ब्रह्मलोक जस्तो अगस्त्य ऋषिको आश्रम नगीचमा पुगेपछि, रामले "हे सुतीक्ष्ण जी ! पहिले तपाइँ भित्र गएर, मुनिजीलाई म आएको समाचार सुनाउनु होस" भने ।

सुतीक्ष्णले "हवस" भनी, आश्रमभित्र पसेर, ऋषिहरूका घेराभित्र रामभक्तहरूका नगीचमा बसी, रामका मन्त्रको व्याख्यान गरिरहेका अगस्त्यको पाउमा दण्डवत्प्रणाम गरी "हे भगवन ! हजूरको दर्शनका निमित्त दशरथका छोरो राम, सीता र लक्ष्मण-लाई साथमा लिई बाहिर आई बस्नु भएको छ" भनी सुनाए ।

अगस्त्यले जुर्मुराइँदै उठेर "तिनैको खोजीमा लागि तिनैको ध्यानलिई यहाँ बसेको हूं, मेरो हृदयमा रहेका रामलाई झट्टै ल्याऊ" भन्दै, सबै मुनिहरूलाई साथमा लिई रामका नगीचमा पुगेर "हे राम! पाल्नुहोस, आज मेरो भाग्यले तपाइँको समागम भयो। मेरो अभोष्ट पाहुनालाई आज पाएँ। मेरो सफलताको दिन आजै रहेछ" भने।

भाइ पत्नी सहित रामले, आफ्नो अगाडि आइपुगेका ऋषिलाई दण्डवत्प्रणाम गरे।

ऋषिजीले, रामलाई झटपट उठाई अंकमाल गरेर, रामको देहस्पर्शद्वारा भएको आस्वादबाट चुहेको आँसुकाढदै, एक हातले रामको हातमा समाती आश्रमा पुऱ्याएर, आसनमा राखो भक्तिपूर्वक पूजागरो, बनका फल;मूलादि बस्तुका परिकारद्वारा भोजन गराए।

शान्त भई बसेका रामलाई अगस्त्यले "जुन बखतमा पृथिवीको भार हरण निमित्त रावण मार्नलाई, ब्रह्माजीले क्षीर समुद्रका किनारमा प्रार्थना गर्नुभएको थियो, त्यसैबेला देखि हजूरका दर्शनको आकांक्षाले हजुर पाल्नुहुनु प्रतीक्षागर्दै, मुनिहरूलाई साथमालिई, हजूरको चिन्तनगर्दै तपस्यागरी बसीरहेको हूं।

हजूर, सृष्टिभन्दा अगि कुनै उपाधिसंग सम्वद्ध नभएको र सत्त्वरजस्तमोगुणका बिकलपरूप प्रपञ्च नरहेको, एकमात्र होइबक्सिन्थ्यो। हजूरमा आश्रयमात्र, हजूरसंग संवद्ध नभएकी[1] मायालाई, हजूरकी 'शक्ति' भन्दछन्। ती शक्तिसंग, हजूर आफूले कहिल्यै संवद्ध नमानिने हुनाले हजूरलाई 'निर्गुण' भन्दछन्।

त्यसता निर्गुणमा, ती शक्तिले आफ्नो कल्पित संवन्धवाट जुनबखतमा, आफूलाई हजूरमा संवद्ध कल्पना गर्छीन, त्यस अवस्थामा तिनीलाई वेदान्तमा 'अव्याकृत,' कहीं 'मूल प्रकृति कहीं 'माया' कहीं अविद्या' कहीं 'सँसृति,' कहीं 'बन्ध' इत्यादि भन्दछन्।

१–आनेरण शक्ति।

त्यही कल्पित संवन्धलाई हजूरबाट प्रभावित गराउँदा मायाले 'महत्तत्त्व'[१] पैदा गरीन । त्यसै महेत्तत्त्वबाट, सात्त्विक, राजसिक, तामसिक गरी तीन[२] प्रकारका अहंकार पैदा भए । तो मध्ये तामस अहंकारबाट, सूक्ष्म[३] तन्मात्र यथोत्तर अधिक गुणका पञ्च[४] महाभूतहरू पैदा भए । राजसअहंकारबाट, दश[५] इन्द्रिय पैदा भए । सात्त्विक अहंकारबाट, इन्द्रियका देवता[६] र मनको[७] र मनको उत्पत्ति भयो ।

यिनै सबैका जम्माबाट, प्राण आदि क्रियाशक्तिको सूत्ररूप 'लिङ्गशरीर'[८] खडा भयो । इन्द्रियादिको स्थूल समुदायबाट, स्थूल समष्टिरूप 'बिराट'[९] पैदा भयो। त्यही ठूलो समुदायरूप बिराटबाट, स्थावर[१०] जङ्गम[११] सबै जगत प्रकट भयो, र त्यसैबाट काल र कर्मका[१२] क्रर्मले देवता, मनुष्य, जन्तुहरू र अरू बस्तुहरू समेत भए ।

हजूरमाआश्रयभएकोमायाकागुण, – सत्त्वरजस्तमोरूपउपाधिकाभेदले, ब्रह्माआदि रूपपनि हजूरकै हो । रजोगुणरूपउपाधिबाट सकलजगतकाकारण 'ब्रह्मा' सत्त्वरूपउपाधि-बाट जगतको प्रतिपालक 'ष्णिु', तमोरूपउपाधिबाट प्रलयनिमित्तक 'रुद्र', यी सबै हजूरकै स्वरूप हुन। तिनै तीनगुणबाट भिन्न-भिन्नको प्राधान्यले जाग्रत, स्वप्न, सुषुप्तिनामका बुद्धिबृत्ति[१३] पैदा हुन्छन । ती अवस्था देखिअलग, बिनाकारण अनौठाको अबिनाशी, चिन्मय, साक्षी (अन्तर्यामो) हजूर होइबक्सिन्छ ।

१–ज्ञेय नभइकन ज्ञानको आबिर्भाव हुनु नै महत्तत्त्वको लक्षण हुन्छ, अर्थात पूर्ण ज्ञानशक्ति, यसैलाई प्रकृतिको 'आद्यकार्य' पनि भन्दछन् । २–मूल प्रकृति, त्रिगुण पुक्त हुनाले त्यसको कार्यं 'महत्तत्त्व' पनि त्रिगुणयुक्त भइ त्यसबाटको कार्यं 'अहंकार' पनि तीनप्रकार । ३–शब्द स्पर्श रूप रस गन्ध । ४–शब्द माछ्र गुण भएको 'आकाश', शव्द र स्पर्श गुण भएको 'बायु', शल्द स्पर्श रूप गुण भएको 'जल', शब्द स्पर्श रूप र रस गुण भएको 'जल', कब्द स्पर्श रूप रश र गन्ध भएको 'पृथिवी,' यिनै पाँचलाइ 'पञ्चमहाभूत' भन्दछन् । ५-वाक् पाणि पाद पायू (गुदद्वार), उपस्थ (भग र लिङ्ग), यी पाँच 'कर्मेन्द्रिय' र नेत्र श्रोत्र त्वक् जिह्वा घ्राण यी पाँच 'ज्ञानेन्द्रिय' गरी जम्मा दशइन्द्रिय । ६–नेत्रको सूर्य, श्रोत्रको दिशा, छालाको वायु, जिह्वाको वरुण, नाकको अश्विनी कुमार, बचनको अग्नि, हातको इन्द्र, गोडको उपेन्द्र, पयूको मित्र, उपस्थको ब्रह्मा । ७-'मन' इन्द्रिय मानिएको छ तापनि अवान्तर (प्रधानको मध्यगत) हुनाले छुट्टै कहिएको हो । ८–सर्वसूक्ष्म –समष्टिरूप 'हिरण्यगर्भ' । ९–विराट्को स्वरूप यसैकाण्डको नवम सर्गमा गन्धर्वको स्तुतिबाट वयानभएकोछ । १०–नचलने । ११–चलने । १२–कालक्रमले,–हेमन्तमा धान, वसन्तमा जौ इत्यादि र कालसहित कर्मक्रमले देव मनुष्य जन्तु इत्यादि । १३–सत्त्वगुणबाट जागरण, रजोगुणबाट स्वप्न, तमोगुणवाट सुषुप्ति ।

हे रघुनन्दन ! हजूरले जुनबखतमा सृष्टि आदि लीलागर्न इच्छालिनुहुन्छ, त्यसै-बखतमा मायाको कल्पित संबन्धलाई स्वोकारगर्नुहुँदा, आफूबास्तबमा निर्गुणभइकन गुण रहेको जस्तो देखिनुहुन्थ ।

हे राम ! त्यस्तो कल्पितसंवन्धमात्रले हजूरमारहनआएकीमायापनि विद्या र अविद्यागरी दुइप्रकारको हुन्छ । निवृत्तिमार्गमालगाउने,– वेदान्तकोअर्थज्ञानगराउनेलाई 'विद्या' र, प्रवृतिमार्गमालगाउने स्थूलकारणलाई 'अविद्या'[१] भन्दछन ।

प्रबृत्तिमालाग्नेहरू अविद्याकावशमापरेका हुन्छन् । निबृत्तिमार्गमालाग्नेहरू वेदान्तबक्य[२] का पदार्थकोज्ञानबाट, हजूरकोभक्तिमा लागी तत्त्वज्ञानसम्पन्न हुन्छन ।

अविद्याकोवशमापरेकाहरू सधैं, सांसारिकदुःखका भागी बनीरहन्छन् । विद्याको अभ्यासमा रहने सधैंकामुक्त हुन्छन। 'विद्या' हजूरकाभक्तिमालाग्ने र हजूरकामन्त्रको उपासनागर्नेहरूमा मात्र प्रादुर्भाव हुन्छ; अरुमा कदापि हुँदैन। अतश्च हजूरमा भक्ति संपन्नहुनेहरू अबश्य मुक्त हुन्छन् । हजूरमा भक्तिहीनभएकालाई ता 'मोक्ष'भन्नेकुरा सपनामा पनि पर्नआउँदेन ! हजूरका अगाडि धेरै के भनँ, केहीसारसम्म बताउँदछु[३]:–

साधुसंगकोसंगतिनै मोक्षकोकारणबन्दछ । साधुभनेका,–शत्रुहोस व मित्रहोस कसैमा, रागद्वेष[४] केहीनरही समचित्तभएका, रागद्वेषकोकारणबन्नेविषयहरू कुनैमा अभिलाषानभएका, बाहिरका[५] इन्द्रियलाई र भित्रको अन्तःकरणलाई[६] वशमाराखेका, इष्टसिद्धिमा हर्ष र विपत्तिमा बिषादनभएका, दुःसंगमानपरेका; हेजूरउपर भक्ति दृढ रहनाले, कुनै बिषयमा लोभ इच्छा स्नेह केही नरहका, काम्यकर्मआदि सकलकर्म त्यागी, सर्वदा ब्रह्ममा एकचितभएका, यम-नियम[७] आदिगुनले संपन्नभई, केहीलेनै संतुष्टभएका हुन्छन् ।

१–अतश्च "साविद्या परमा मुक्तेर्हेतुभूता सनातनी, संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी" यो मार्कण्डेयको उक्ति पनि छ । २–वेदान्तवाक्य (तत्त्वमसि) को पदार्थ विवरण, उत्तरकाण्ड पञ्चमसर्ग रामगीताबाट स्पष्टीकरण भएको छ । ३–यो वाक्य आपना शिष्यहरूलाई बिश्वास निमित्त मात्र रामका अगाडिमा उक्ति भएको हो । ४–रागद्वेषको लक्षण, अयोध्याकाण्ड चतुर्थसर्गमा टिप्पणीभएको छ । ५–अगि कहिएका कर्मन्दिय र ज्ञानेन्द्रिय गरी दश । ६–मन बुद्धि अहंकार र चित्तको जम्मा । ७–योगशास्त्रमाबताइएका,—यम नियम आसन प्राणायाम प्रत्याहार ध्यान धारण समाधि ।

त्यस्तासाधुसंग संगतहुनपायोभने, हजूरकोकथा सुन्न बुझ्न रमाउनेस्वभावबस्तछ र त्यसैबाट 'भक्ति' पैदाहुनेहुन्छ। भक्तिउत्पन्नभएपछि, 'विज्ञान' स्पष्टहुनआउँछ। कुशलजनहरूले सेवागरिआएको पहिलोमुक्तिमार्ग यही हो। त्यसकारण मेरो, हजूरमा प्रेमलक्षण सद्भक्ति र विशेषगरी हजूरका भक्तसंगसंगतपनि अटूट रहोस।

आज, हजूरको दर्शन पाउँदा मेरो 'जन्म' सफल भयो। आजसम्म गरेका मेरा यज्ञहरू सबै सफल भए! हे प्रभो! मैले, धेरैकालसम्म एकाग्रचित्त भई तपस्या गरें, त्यसैको फल,–आज हजूरका पाउमा पूजागर्न पाएँ। हे राघव! सीतालाई साथमालिई मेरो हृदयमा सधैं रही बक्सियोस। हिंडदा वस्तामा पनि, मेरो स्मरण, हजूर मै रही रहने होस" भनो, प्रार्थना स्तुति गरेर, केही काल अगि इन्द्रले रामका निमित्त नासो राखेको, अक्षय्यबाणले भरिएको दुइठोक्रो, रत्नविभूषित खड्ग र धनु समेत रामका हातमा टक्र्याई "हे राघव! जुन कामका निमित्त, मायासाथमा रहने मनुष्यको आकार भई, अवतार भएको हो; त्या भभार भइरहेका राक्षसको मण्डललाई मार्नेकाम सिद्ध गर्नुहोस।

यहाँबाट आठकोश गौतमीका[१] किनारमा रमणीय वघैंचा भएको, 'पञ्चवटी' नाम गरेको पुण्य आश्रम छ। केहि समय त्यहीँ विश्रामगरी देवताका निमित्तको कार्य पनि गर्दै रहनुहोस" भने।

सुनेर तत्त्वार्थ समन्वित स्तुति, खुशीभई केहि कुरा पनि गरो।
श्रीराम, सर्वज्ञ भएर नै पनि बाटो बताए अनुसार पाल्नु भो॥

इत्यारण्यकाण्डे तृतीयः सर्गः ॥३॥

अगस्त्यका आश्रमबाट जाँदा जाँदै बाटोमा, पहाडको टाकुरो झैं टुपुक्क बसी रहेको ठूलो बूढो जटायुलाई देखेर अचम्म मानेका रामले–"ए लक्ष्मण! धनु ल्याऊ, यो अगाडिपरेको राक्षस हो, ऋषि भक्षकलाई मार्दछू" भने।

---

[१] गोदावरी।

रामको बोलि सुनी डरलेकाँपेको जटायुले "हे राम ! म तपाइको वधयोग्य होइन, तपाइँका पिताको प्रियमित्र जटायु नाम गरेको गिद्ध हूं, तपाईँलाई कल्याण छ, तपाइँको हितचिताई पञ्चवटीमा बसने छू, कदाचित लक्ष्मणसमेत सिकारमा पाल्नु भएमा' जनकराजाकी कन्या सीतालाई म यत्नपूर्वक रक्षा गर्नेछू" भने ।

गिद्धको कुरा सुनेर रामले, उनीलाई स्नेहपूर्वक आलिंगन गरी "हुन्छ, मेरो हित चिताई मेरो नगीच यसै बनमा बस" भनी, आफू पञ्चवटीमा पुगेर, अनेक जातका फल फलेका बृक्षहरू फैलिएको, जनताको घंच–मंच पनि नभएको, कुनै कुराको बाधा नदेखिने दोश्रो देवलोक जस्तो रमणीय गौतमीका उत्तर किनारमा, ठूलो मन्दिर बनाउन लगाई त्यसैमा विनोद गराउँदै शान्तिपूर्वक बसे ।

तीनै जनाको स्नान गौतमीमा हुन्थ्यो । रामका सेवामा लागेका लक्ष्मणले, दिनहुं ताजा फलमूल र जलसमेत ल्याई अर्पन्थे, रातमा धनुर्वाण लिई जागरित रहन्थे । हिंडडुल गर्दा सीतालाई माझमा पार्दथे । एवं तीनैजना शान्तिपूर्वक बसेका थिए ।

एकदिन लक्ष्मणले, "हे वाबु ! जुनकुरा जानेपछि, मनुष्यले संसारका बिषयमा, 'के हो ! कसो हो !' गराउने भ्रमलाई हटाउँदछ, त्यो अत्यन्त गुह्यकुरा तिमीलाई बताइदिन्छू सुन :–

पहिले मायाकोस्वरूप, त्यसपछि ज्ञानको साधन, त्यसपछि विज्ञानसहित ज्ञान र त्यसपछि जसलाई चिह्नेमा सांसारिक भयबाट मुक्त होइन्छ ती परमात्मालाई चिह्नाउँदछू :–

आत्मादेखिभिन्नको शरीरलाई 'आत्मा भनी सम्झने बुद्धिलाई 'माया' भन्दछन् । त्यसै मायाबाट, अबस्तुभूतसंसार देखिन आएको छ । त्यस मायाको विक्षेपशक्ति र आवरणशक्ति गरी दुइरूप निश्चित छ ।

विक्षेपशक्तिबाट स्थूल र सूक्ष्मका भेदले, महत्तत्त्व देखि चतुर्मुख ब्रह्मासम्मको कल्पना हुन्छ । अर्को आवरणशक्तिबाट, सकल ज्ञानरूपलाई ढाकी, डोरीमा डोरी भन्ने

ज्ञानलाई भ्रान्तिले सर्प भन्ने समझ गराए झैं, परमात्मामा परमात्माको चैतन्यरूपलाई छोपी, कल्पनाबाट जगद्रुप देखाएको हुन्छ । बिचारबाट तत्त्वको ज्ञान भएमा, परमात्मामा केही रहेको देखिदैन ।

लोकमा, मानिसहरूले, जो जे सुन्दछन्, देख्तछन् सम्झन्छन् ती सबै, स्वप्नमा सुने देखे सम्झेका कुरा जाग्रतमा कामनलाग्नेभए झैं, असत्का[1] ठहरिन्छन्; सत् भनिने कुनै पनि हुंदैनन् ।

शरीर,–पञ्चमहाभूत पञ्चतन्मात्र अहंकार बुद्धि दशइन्द्रिय चिदाभास मन मूलप्रकृति[2] समेतको मिलोटबाट बनी सांसारिक कर्मको उत्पादक हुने हुनाले, संसाररूपी बृक्षको गहकिलो जरा बन्दछ र त्यसंबाट धन स्वास्नी छोरा आदि बन्धन उब्जन्छन् । त्यही शरीरलाई 'देह' 'क्षेत्र' पनि भन्दछन् । देह नभएमा ती वन्धन, आत्माबाट उब्जने होइनन् । ती सबंदेखि भिन्न बिलक्षणकोलाई[3] 'जीव' भन्दछन् । जो 'जीव' हो, त्यही परमात्मा' हो ।

जीवलाई, चिह्नाउने साधन पनि सुन :–जीव र परमात्मामा भिन्नता गराउने बुद्धि नलिनू, दम्भ[4] हिंसा आदि[5] कर्म छोडनू, अर्काले गरेको निन्दा आदि सहनू, कसैसंग बाङ्गो टेढो कपटी नहुनू, मन बचन शरोरबाट, सज्जनको र गुरूको सेवा गर्नू । यिनै सत्स्वभावबाट, भित्र–बाहिर समेत शुद्ध रहो, सम्पर्कादिमा अवश्यकर्तव्य बुद्धि लिई धैर्यले रहनू । अर्काको अनिश्ट (कुभलो) नचिताउनू, पराइमा निन्दा गालीहरूको बोलि नगर्नू । कसैमा, हानि नोक्सानी, मार–पिट नपार्नू । बिषयहरूमा इच्छा रहित हुनू । अहंकार नलिनू। अर्काको जन्म बुढचाइँ आदि[6] हेर्नू । धन परिवारादिमा आसक्त नभई, स्नेह शून्य हुनू इष्ट अनिष्ट परेमा, हर्ष विष्माद नलिई, चित्तलाई सधैं समतामा राख्नू । सबैका आत्मस्वरूप म (राम) मा अनन्यचित्त भई, एकोहरो[7] बुद्धि लिनू । जनताको धंच–मंच नभएको शुद्धठाउँमा बस्नू । साधारण

१–कर्मअनुसारको भोगलाई. कर्म गराउने हुनाले असत । २–आफनै कल्पित संमन्धले आत्मासंग रहेको माया । ३–कुनै लक्षण वा कारण नभई आफै अनौंठाको । ४–छलकपट । ५–चोर्नु ढाँटनु कुटनु मार्नु इत्यादि । ६–आफूमा वैराग्य पैदाका निमित्त हेर्नु । ७–अरू बिषयमा सम्झनै नरहेको बुद्धि ।

सांसारिक[१] जनहरूसंग अतिप्रीति नराख्नू । आत्मज्ञानको साधन—श्रवणादिमा,[२] आदर पूर्वक यत्नगर्नू । वेदान्तको अर्थमा, अवलोकन गर्नू, सुन्नू, बिचार गर्नू ।

यिनै कुराका नियमबाट, आत्म बिषयक ज्ञान पैदा हुन्छ । यिनैका विपरीतबाट, सांसारिक गति हुन्छ । बुद्धि प्राण देह मन अहंकारदेखि अलग, अनौठो र नित्य शुद्ध बुद्ध चिदात्मा म हूं भनी आफूमा निश्चय लेऊ ज्ञान प्राप्त हुन्छ । यही मेरो निश्चित छ । यही ज्ञानलाई, निदिध्यासनको परिपाकमा ' बिज्ञान' भन्दछन् ।

'बिज्ञान'बाट, सर्बत्रपूर्ण चिदानन्दरूप अविनाशी, बुद्धि प्राण मन देह अहंकारका उपाधि[३] नरहेको, रूपान्तर र जडत्त्व, भाष्पत्त्व नभएको, आफ्नो प्रकाशले सर्वत्र प्रकाश गराउने, स्वतन्त्र, जोडा नभएको एकलो, कहीँ कसैमा संलग्न नभएको 'सत्यं-ज्ञानमानन्दं ब्रह्म' इत्यादि वेदोक्त लक्षण पूर्ण आफ्नै प्रभाले सर्वत्र देख्ने हुनाले 'सर्व-साक्षी' भनी, आत्मालाई चिह्निने हुन्छ ।

जुनबखतमा, आचार्यले बताएको 'तत्त्वमसि'[४] आदि बाक्यको उपदेशबाट, पर-मात्मामा ऐक्यज्ञान हुन्छ, त्यसैबखतमा कार्य[५] र कारणका[६] साथै 'मूल अविद्या' पर-मात्मामा लीन हुन्छ; र त्यसै अबस्थालाई 'मुक्ति' भन्दछन् । जो अबिद्या हराउनु हो, त्यही मुक्ति हो । आत्माको उपर यही उपचार[७] छ ।

हे रघुनन्दन! म—परमात्माको ज्ञान विज्ञान वैराग्य सहित मोक्षस्वरूप, तिमी-लाई बताएँ । जो मोक्षाबस्था हो, त्यही मेरो स्वरूप हो । किन्तु, यी सबैकुरा ममा भक्ति नभएकालाई दुर्लभ छ । जस्तो,—आँखा हुनेको पनि, रातमा चोर आदिको पाहिला नदेखिने हुन्छ, बत्ति लिनेको भने राम्रैसंग देखिने हुन्छ— मेरो भक्ति लिएका-लाई मात्र 'आत्मा' प्रकाश हुन्छ ।

१—अविद्याले गर्दा संसारको भोगादि मात्रमा लागेका जनहरूसंग । २—श्रवण मनन निदिध्यासनमा । ३—राग द्वेष आदि । ४—यस बाक्यको पदार्थ व्याख्यान, उत्तरकाण्डको पञ्चम सर्ग राम गीतामा टिप्पणी सहित बोध गराइएको छ । ५—स्थूल । ६—इन्द्रिय । ७—जस्तो,—आफ्नै घाँटीमा रहेको गहनालाई, 'हरायो' भन्ने बुद्धिले अन्यत्र खोज्दछ र अरूले 'घाँटो मै छ' भनी बोध गराएमा 'पाइयो' पनि भन्दछ त्यस्तै उपचार ।

म मा भक्तिगराउने कारण पनि केही बताउँदछू सुन,–मेरा भक्तसंग संगतगर्ने, मेरो र मेरा भक्तको निरन्तर सेवा गर्ने, एकादशीमा उपवास आदि लिने, मेरो पर्व (रामनवमी आदि) मा उत्सव मनाउने, मेरो कथा सुन्न पढन व्याख्यान गर्नमा तत्पर रहने, मेरो नामकीर्तन र पूजामा सधैं लागुपर्स्नेलाई, म उपर अखण्ड भक्ति पैदा हुन्छ । त्यसभन्दा अर्को ज्ञान साधन छैन ।

अतश्च, म मा भक्तिभएकालाई ज्ञान बिज्ञान बैराग्य चाँडै नै स्फुर्दछ र त्यसैं-बाट मुक्ति गराउँदछ । तिम्रो प्रश्नानुसार सबै कहेको छू, यसमा मन लगाई बस्ने जो हुन्छ, त्यही मुक्ति भागी हुन्छ । यी कुरा, म मा भक्ति नभएकालाई नकहनू । मेरो भक्तलाई भने, बोलाएर पनि यत्नपूर्वक सुनाइ दिनू । यी सबैकुरा,श्रद्धा भक्ति हुनेले नित्य पढदछ भने त्यो, अज्ञानरूपी पर्दाले गराएको अन्धकारलाई पन्छाएर नुक्त पनि हुन्छ ।

आत्मा, निर्मलज्ञानपूर्ण छ सदा जसको म मा भक्तिले ।
जसलेतत्पर चित्त भैकन म मा सेवा सधैं गर्दछ ।।
त्यस्ता भक्त र योगयुक्त जनको जो गर्छ सेवा सधैं ।
त्यसको मोक्ष छ हातमा र म पनी देखिन्छु नित्यै त्यहीँ ।

भनी, लक्ष्मणलाई ज्ञानको शिक्षा दिए ।

इत्यारण्यकाण्डे चतुर्थः सर्गः ।।४।।

त्यसैताक, त्यहीँ जङ्गलको नगीच जनस्थानमा बसेकी, प्रशस्त बल भएकी, कामरूपिणी राक्षसी, जङ्गलका छेउ–छाउ गौतमीको किनारमा घुमि रहन्थी । एकदिन पञ्चवटीको नगोच किनारमा पुग्दा, कमल, वज्र, अंकुश का रेखापरेका पाहिला देखेर पाहिलाको सौंदर्यले नै मोहमा परी, काममुग्ध भएकी त्यो राक्षसी, पाहिला पहिलाउँदै रामको आश्रममा पुग्दा, सीतालाई साथमालिई बसेका कन्दर्प जस्ता सुन्दर रामलाई देखेर भन्न लागी :–

१–इच्छामाफिकको रूप लिनसक्ने ।

"तिमी कसका को हौ ? उटावल्कलयुक्त भई आश्रमलिई किन बस्यौ ? यहाँको बसाइबाट के काम गर्न आँटेका छौ ? सबै बताउ, म[1] राक्षसका राजामहात्मरावणकी बहिनी 'शूर्पणखा' नाम गरेको, कामरूपिणोराक्षसी हू । राजाले यो सबै जङ्गल मलाई दिएको हुनाले, मुनिहरूलाई खानेभई खर[२] नाम गरेको भाइलाई साथमा लिई यसै जङ्गलमा बसेकी छू । तिमीलाई पनि चिह्न खोज्दछु ।"

रामले "म अयोध्याका राजाको छोरो हूं मेरो नाम राम हो, यी जनककी छोरी सीता नाम गरेकी मेरो पत्नी हुन्, ती लक्ष्मण नाम गरेका म भन्दा कान्छा मेरा भाइ हुन् । हे भुवन सुन्दरी ! तिम्रो निमित्त मैले के गर्नुपर्‍यो ? भन" भने ।

कामोद्दीप्तराक्षसीले 'हे राम ! म कामार्ता छू, कमल जस्ता नेत्र भएका तिमोंलाई छोड्न सक्तिन, यो पहाड र जङ्गलमा मेरो साथमा रमण गर" भनो ।

रामले, मुसुमुसु हाँसो सीतातर्फ कर्के आँखा दिएर "क्षण भरपनि अलग नभएको त्याग्न पनि नसकिने यी कल्याणी, मेरी भार्या छन् । हे सुन्दरी ! तिमी सौंताने दुःखले कसरी बसौली ! अति सुन्दर मेरा भाइ लक्ष्मण बाहिर बसेका छन्, तिम्रो रूप सुहाउँदो पनि हुनेछन्, तिनैसंग रमण गरे" भने ।

काममुग्ध राक्षसीले, लक्ष्मणको नगोचमा गएर "हे सुन्दर ! दाज्यूको आज्ञा मानेर मेरा पति होऊ ढीलो नहोस् अहिल्यै नै दम्पतिभावले जाऊँ" भनी ।

लक्ष्मणले ,'हे माध्वी ! म तिनै एश्वर्यवान दूर दर्शी रामको दास हूँ, तिमी पनि दासी हुन्छचौ ! त्योभन्दा ठूलोदुःख तिमीलाई के पर्ला ? ती सकलका राजा हुन् तिनैसंग जाऊ कल्याण हुनेछ ।" भने ।

त्यो दुष्टचित्तकी राक्षसी रिसले फेरि रामकानगोचमा पुगेर, "ए राम ! बोलिको ठेगान नभएका तिमी मलाई किन घुमाउँछौ ! जो संगको प्रीतिलेगर्दा मलाई घुमाएका

१–यो उक्ति, आफ्नो प्रश्नको जवाफ र अर्काको प्रश्न पनि हुन नपाउँदै आफ्नो कुलको महत्त्व बुझाउने समझले भएको । ७–रावणको सानिमाको छोरो ।

ह्वौ त्यस सीतालाई तिम्रोअगाडिमा अहिल्यै खाइदिन्छू" भन्दै, विकटरूप लिएर सीता तर्फ जाइलाग्दा, रामका इशाराबाट लक्ष्मणले खड्ग उठाई, उसका दुइकान र नाक समेत काटी छोडिदिए ।

रगतले भिजेकी राक्षसी भयंकर चिचाहट निकाल्दै, दगुर्दै खरको अगाडि पुगेर धिक्कारको बोलि गर्दै पछारिई ।

खरको "यो के आश्चर्य हो ! कसले यस्तो गरायो ? मृत्युका मुखमा पस्न खोज्ने त्यो को हो ? वताऊ; यमराज जस्तो भएपनि क्षण भर मै मार्नेछू" भने ।

राक्षसीले, "गोदावरोकोकिनारमा दण्डकलाई निर्भय गराउँदै, स्वास्नी सीता र भाइ लक्ष्मणलाई साथमालिई राम भन्ने बसेको रहेछ ! त्यसैको अह्रौटबाट भाईचाहिँले, मेरो यो गति गरायो ! यदि, तिमी कुलमा जन्मेका ह्वौ र बीर ह्वौ भने, ती दुवैलाई मार, ती दुर्मत्त दुवैको रगत पिउँछू र दुवैलाई खाइपनि दिन्छू; नाहीँ भने तिम्रै अगाडि प्राणलाई त्यागेर यमलोक जानेछू" भनी ।

तो कुरासुन्दा रिसले चुर्मूरिएको खरले तुरून्तै, अनेक हतियार भिरेका उग्रकर्मका राक्षस चौध हजारलाई हाँकी, त्रिशिरा र दूषणलाई साथमालिई रामका आश्रम तर्फकोको बाटो लाग्यो ।

रामले, टाढैबाट राक्षसको खलवली सुनेर, लक्ष्मणसंग "ठूलो हल्ला सुनिन्छ, अवश्य राक्षसहरू आएका हुन्; अहिल्यै ठूलो लडाइँ पर्नै भयो ! तिमी सीतालाई लिएर गुफाभित्र गइबस, म यी भयानक राक्षसहरू सबैलाई मार्दछू; यसमा केही बोल्यौ भने मलाई मारेजस्तो हुनेछ" भनी, अह्राए ।

लक्ष्मणले 'हवस' भनी, सीतालाई साथमा लिई गुफाभित्र पसेपछि, राम निष्ठूरी धनु र अक्षप्य शरले भरिएको दुइठोक्रो भिरी तयांर रहे। राक्षसहरू, नगीच—नगीच पर्दै, रामका उपर बिचित्रका हतियारहरू र ढुङ्गा, बृक्षहरू समेत बर्षाउन लागे ।

१–कहिल्यै व्यर्थ नजाने, ननाशिने ।

रामले पनि हजारौं बाण छोडो' खर त्रिशिर दूषण सहित सबै फौजलाई हेलै-सित चारघडीभित्रमा मारे !

लक्ष्मणले, सीतालाई गुफाबाटनिकासी राममासमर्पेर, मरेकाराक्षसको थुप्रोदेख्ता मा। सीताले प्रसन्नमुहारकारामलाई अंगमालगरेर, अंगमा हतियारलाग्दापरेका घाउहरू पुछी, आफ्नो सत्यतालेपूर्ण गराईन ।

आफ्नाफौजसबै मारिएकोदेख्ता, दगुर्दै लंकामापुगेको शूर्पणखा, चिच्याउँदै सभाका माझमा रावणकाखुट्टाअगाडिभूइँमा लडो ।

रावणले, भयविह्वलबहिनीलाई "ए नानी ! उठ ! उठ ! तिम्रो वैरूप्य गराउने को हो ? बताऊ इन्द्र यम वरुण बा कुवेरै होस, जो होस, त्यसलाई क्षणभरमा भस्म गर्नेछू" भने ।

राक्षसीले "चारचक्षुनभएका तिमी, कसरी राजाकहलाउला ! मूढबुद्धि प्रमत्तछौ। अतः सुरापानमालागेको, स्त्रीलेजितेको, शत्रुउपर पुरुषार्थनभएको, भनी सर्वत्रलक्ष्य हुनेछौ। सुनः– दैत्यकोशत्रु रामले, खर दूषण त्रिशिराआदि चौधहजार वीरराक्षसहरू सबैलाई क्षणैमा मारिसक्यो ! मुनिहरूको जनस्थान सबै निर्भय गरायो ! तिमी मूढोजस्तो भई केही थाह नपाउने भयौ ! अतश्च मैलेपनि भन्नेठाउँरह्यो !" भनीन् ।

रावणले "रामभनेको को हो ! त्यसले, दैत्यको त्यत्रोफौजालाई के प्रयोजनले कसरीमाऱ्या ? नहडवडाउ, सबैकुरा यथार्थबताऊ, त्यसको जरोउखाड्नेछु" भने ।

शूर्पणखाले "म एकदिन जनस्थानवाट गौतमीका किनारमा गएकी थिएँ, त्यहाँ अगि, मुनिजनकोआश्रमभएको पञ्चवटीमा आश्रमगरोबसेको कमलजस्तो खुलाआँखाभएको, जटा–वल्कलधारणगरेको, धनुर्वाणपनि भिरेको 'राम' लाई देखें ।

त्यसकासाथमा त्यसैकारूपको त्यसैको कान्छोभाइ लक्ष्मण र ठूलाआँखागरेकी दोश्रीलक्ष्मीजस्ती अतिसुन्दरी, त्यसैरामकीभार्यापनि रहीछ ! त्यस्तीसुन्दरी देव गन्धर्व नाग मनुष्य कसैमा देखेसुनेको थिएन ! हे राजन् ! जंगलै उज्यालोगराउने अतिशोभाकी देखेर

त्यसलाई तपाइँकी भार्यानिमित्त यहाँल्याउनभनो मैले उद्योगगर्दा, रामको अह्रोटबाट लक्ष्मणले मेरो नाकपनि कानपनि काटिदियो ! अतिबलियो रहेछ ।

म त्यहाँबाट अतिकष्टखपी, रुँदै, खरभएठाउँमा पुगें । रामसंगलड्नभनी चौधहजार फौजसबैलाई साथमालिई गए । पराक्रमीकहलाएका ती फौजसबैलाई क्षणैमा भुसुक्क पाऱ्यो! महावलभएकोरहेछ ! हे प्रभो ! म ता, यदि रामले मनलगायो भने तीनैलोकलाईपनि आधा झिमिकमा भस्मगराउन सक्ला भन्ने ठान्दछू ।

हे राजेन्द्र ! यदि, ती कमलकापातकाआकारकोनेत्रभएकी सकललोकभरकी सुन्दरी सीता, तपाइँकी भार्या भइन भने ता तपाइँकोजीवन सफल हुँदो हो भन्ने ठान्दछु, जसरी हुन्छ त्यसमा यत्न गर्नुहोस । तपाइँ, साक्षातरामको अगाडिपर्न ता सक्नुहुनेछैन, रामलाई मायाले मोह गराएर मात्र, सीतालाई पाउनसक्नुहुनेछ" भनी ।

यी सबैकुरासुनेपछि, बहिनोलाई राम्रोबचनले सम्झाई दान-मानादिले संतोषपनि गराएर, रावण आफ्नो घरभित्र पसे । रातमा चिन्तामापरो निद्रा पाएनन्:-

"ती भाइ नै बीर र शौर्ययुक्त हुन्, फौजैपनि वीर पराक्रमी थिए ।
मनुष्यचोलाभइ एक रामले, कसोरिमाऱ्यो 'रबर' फौजसाथनै ।।
यद्वा भनूँ 'राम' मनुष्य होइन ! जन्मे परात्मा विधिकास्तवादिले ।
फौजैसवै साथमलाइमारन, मद्दत सबै बानर फौजको लिई ।।"
यस्तैगरी चिन्तनले विचारदे 'यी हुन् परमात्मा' भनि निश्चययै बुझी ।
" हुन्नन् खुशो ती झटपट्ट भक्तिले विरोधको बुद्धि लिएर जान्छु म ।।
परात्मबाटै म मरी गएँ भने वैकुण्ठको राज्य म गर्न पाउँछू ।
बाँचे अझै राक्षसराज्य भोग्दछू ताकेर ठूलै म त जान्छु राममा ।।"

इत्यादि बिचार लिए ।

इत्यारण्यकाण्डे पञ्चमः सर्गः ।।५।।

एवं, रातको बिचारबाट, एकमात्र कार्यको१ निश्चयलिई खुशी२ नै मानेको बुद्धिमान रावण रथमा चढेर, समुद्रको ओल्लो किनार मारीचको घरमा आइपुगे ।

मारीच, केहिबेर मुनिझैं जटाबल्कल धारणगरी निर्गुणपरमात्मालाई प्रकृतिध्यानमा संझीबसेका थिए। ध्यानछोडेपछि अगाडिबसिरहेको रावणलाईदेखेर, झटपटउठीप्रीतिले अंकमालगरी यथायोग्यसत्कारपुऱ्याएरः–

"हे राजारावण ! एकलैरथमात्रबाट के कामले आउनुभएको हो ? केही कार्यको चिन्तापरेजस्तो आभास हुन्छ, गोप्यछैन र न्यायको छ भने बताउनुहोस; मलाई पापले छुननपाओस्, तपाइँको अभीष्टकार्य म पनि गर्नेछू" भने ।

रावणले,–"अयोध्याकोराजादशरथले आफ्नो ज्येठोछोरो सत्यपराक्रमीरामलाई भाइ लक्ष्मण र स्वास्नोसीतालाईसाथगराई, बनजनमात्ररहने जङ्गलमा निकाले। अहिले भयलाग्दोजङ्गल भएको पञ्चवटीमाआई आश्रमबाँधीबसेको रहेछ ।

त्यस दुष्टले निर्दोषकीमेरीबहिनीशुर्पणखको नाक-कानकाटी, मेरा निरपराधका पराक्रमी राक्षसकाफौज र खरसमेतलाई मारेछ; तैपनि निर्भयभई त्यहीं बसीरहेकैछ। त्यसकीपत्नी सीता, ठूलाआँखागरेकी–लोकैलाई मोहगराउने अतिसुन्दरी रहीछ; त्यस-कारण तिम्रो सहायबाट राम नभएको मौका पारेर, त्यसकी सीतालाई म ल्याउँदछु।

तिमी, मायाबाट बिचित्रमृगकोरूपलिएर, रामलक्ष्मणदुबैलाई आश्रम देखि पर पुऱ्याइदेऊ; त्यसैबेलामा म सीतालाई हरणगर्दछू । त्यतिसम्म सहायपुऱ्याएर तिमी आफ्योस्थानमागई चुपलागी बसौंला भने ।

रावणको कुरा सुन्दा आश्चर्य मानी ठाडा आँखालिई रावणको मुखमा हेरेको मारीचले "यो तपाइँको जरो उखाडने कुरा,३ तपाइँलाई कसले सिकायो ? तपाइँको नाश पार्न खोज्ने शत्रु त्यही हो ! हे राजन् ! रामको पुरुषार्थ सम्झदा अहिले सम्म पनि मेरो चित्त खडबडिन्छ ! अगि, विश्वामित्रको यज्ञरक्षालाई आउँदा, ऊ बालकै

१–सीताको हरणले, रामबाट आफ्नो मरण हुन पाउने कार्यको । २–रामका हातबाट मर्न पाउने हुँदा 'खुशी' । ३–'सीता' उत्तम स्त्री छ, त्यसलाई हरण गर्नुपर्छ,' भन्ने कुरा ।

थियो तापनि, मलाई एकैवाणले शयौंयोजन हुत्याई, समुद्रमा लडाएथ्यो ! त्यहाँदेखि त्यसको त्यो काम सम्झदा विह्वलभई जताततै कसैलाई देख्तछू !

फेरि, दण्डकपनो म पुगेथें, बैरभाव अगिको चिताउँदै ।
तीक्ष्ण श्रृंग मृगरूप लिएर, तत्समान मृगफौज भित्र भै ।।
भाइ पत्नि दुई साथ बसेको राम छेउ छरितो हुंदै पुगें ।
देखतै चिनि बगालभित्र नै, रामले शर उठाइ फ्याँकदा ।।
त्यो विझेर रगतै त छादर्दै, हुत्तिएर म पुगें समुद्रमा ।
त्यसपछो यहि कुनू लिई बसें, आउला कि भनि थर्थरी छु म ।।
राम नै मनमनै चिताउँछू काँपि काँगिकन, भोगमा पनि– ।
राज रत्न रमणी रथादिको, 'र' सुनेर मन थर्र काँप्तछ ।।
आइपुग्छ कि भनी डराइ नै, बाह्यकर्म सब छोडि नै दिएँ ।
नीद लागि जब सुत्न लाग्दछू, राम मात्र मनले म देख्तछू ।।
स्वप्नमा जब म देख्दछु राम, ब्यूँझि आसन लि बस्छु थुचुक्क ।
भो,! तपाइँ पनि आग्रह[१] छोडी राममा, फिरनुहोस घरैमा ।।
गर्नुहोस सबराक्षस रक्षा, त्यो[२] लिदा सब भुसुक्क हुनेछन् ।
हजुरको हित बोल्दछु यो सबै लिनु[३] हवोस, र राम परात्म मा ।।
भजनुहोस बिरोध नगर्नुहोस, अति दयालु ति छन् रघुनन्दन ।
अगि पनो मुनिबाक्य म सुन्दथें 'यिनि सनातन ईश्वर हुन्' भनी ।।

केही समय अगि, "ब्रह्माको स्तुतिबाट प्रसन्न भगवान्ले 'तिम्रो इष्ट के हो ? भन, म पूर्ण गराइ दिन्छू' भन्दा, ब्रह्माले 'हजूरबाट दशरथको छोरो भन्ने भाव पारी, पृथिबीमा मनुष्यको शरोर लिएर शत्रु रावणलाई चाँढै मार्नुपर्‍यो' भनेका थिए" भनी, नारदको मुखबाट मैले सुनेको थिएँ ।

अतश्च 'राम' मनुष्य होइनन्, साक्षातनारायण हुन् । मायाबाटं मनुष्यको भेष लिई निर्भय भई, भूभार हरणलाई बनमा पसेका हुन् ! हे बाबु ! संतोष लिई घरैमा फर्कनुहोस" भनी सम्झाए ।

१–रामसंग बिरोध उठाउने आग्रह छोडी । २–रामसंग विरोध गर्ने आग्रह लिदा । ३–मेरो बचन लिनु हओस ।

रावणले 'हे मारीच! यदि राम, ब्रह्माबाट प्रार्थनाभएका परमात्मा हुन र मलाई मार्नलाई यत्न पुऱ्याई मनुष्न भएर यहाँ आएका हुन् भने, सत्यसंकल्प१ ईश्वरले जो गर्नुपर्दे चाँढैनै गरी पुऱ्याउने छन् । अतः म यत्नपुऱ्याई रामको आँखा छलेर सीतालाई लिएरै जान्छू,

हे बीर! लडाइँ परेमा, रामबाट मारिएँ भने म परात्मपदमा पुग्ने छू, अथवा रामलाई मारेर, निर्भय भई सीतालाई पाउने छू । त्यसकारणले, हे महाभाग! उठ, बिचत्र मृगको रूप लिई राम र लक्ष्मणलाई, उनका आश्रमबाट टाढा गराई, झट्टै फर्केर तिमी आफ्नो आश्रममा गई आनन्दसंग बसौला । अब पनि बोल्यौ भने तिमी-लाई यसै खड्गले यहीँ टूक्र्याउने छू" भने ।

रावणको कडावचन सुनेका मारीचले, मनमनै 'यदि मलाई रामले मारे भने, म संसार रूपी समुद्रबाट मुक्त हुनेछू, यस दुष्टले माऱ्यो भने ता, मेरो अवश्य नरक बास हुनेछ; मर्नु परेपछि रामबाट मर्नु नै योग्य छ' भन्ने निश्चय लिई जुरूक्क उठेर "हे राजन्! लौ हुन्छ, तपाइँको आज्ञा मान्दछू" भनी, दुवैजना रथमा बसी रामको आश्रमतर्फ गए ।

आश्रममा नपुग्दै मारीचले, शुद्ध सुवर्णको वर्ण भई ठाउँ ठाउँमा चाँधीको टीका परेको शरीर, मणिहरूको सिंग र खुर, नीलमणिको आँखा, बिजुलिको जस्तो चहक भएको मृगकोरूप बनेर, रामका आश्रमको नगीच यता–उतिमा, सीताकानजरमा पर्दै घुम्न लाग्यो ।

कहीँ दगुर्थ्यो, कहिँ थुच्च वरतथ्यो, नगीचमा आइ डराइ भाग्दथ्यो ।
यसै गरी, त्यो मृगरूप राक्षस, सीताजिमा मोह गराउँदै चऱ्यो ।।

इत्यारण्यकाण्डे षष्ठः सर्गः ।।६।।

रामले पनि, रावणको चालवाजी सबै थाह पाएर एकान्तमा, सीता संग "तिम्रो नगीचमा भिक्षुकको रूप लिई रावण आउने छ, तिमी तिम्रै रूपको छाया

१–इच्छा सत्य भएका ।

(मायावाट बनोटे मूर्ति) खडा गरी कुटीमा राखेर, तिमी अदृश्य भई मेरो बचनले वर्षौं दिनसम्म अग्निमा बस । रावण मारिएपछि मात्र म संग भेट हुनेछ" भने ।

सीताले, रामको शिक्षा बमोजिम मायाबाट बनेकी छायासीतालाई बाहिर राखी' आफू अग्निमा अन्तर्धान भईन ।

मायासीताले मायाबाट बनेको मृगलाई छिन–छिनमा देखेर, हाँसदै रामका नगोचमा पुगेर नम्र भई भन्न लागीन् "हे भगवन्! बाहिर नजर होस, रत्नले शिंगारिएको बिचित्र टोका परेको अति राम्रो, अनौठाको सुनकोमृग निर्भयभई घुमी–घुमी चरिरहेछ! त्यसलाई बाँधेर मलाई दिनुभएमा मेरो खेलानालाई हुने थियो" भनोन् ।

रामले "हुन्छ" भनी धनुलिएर निस्कदा, लक्ष्मणसंग "जङ्गलमा देख्तै डरलाग्दा र छल कपटका सिपालु पनि राक्षसहरू धेरै हुन्छन्, तिमी सावधान भई मेरी प्राण वल्लभा सीतालाई, यत्नपूर्वक रक्षा गरो बस" भने ।

लक्ष्मणले "हे देव ! यस्तो मृग कहाँ हुन्छ र! कहीँ पनि हुंदैन! यो मृग रूप लिएको मारीच हो । शंका छैन, नजानुहोस" भने ।

रामले "यदि मारोच रहेछ भने मारिनै दिन्छू! मृग रहेछ भने सीताको बहाड निमित्त, बाँधी झट्टै लिइ आउने छू, तिमी सीताकौ संरक्षणलाई यत्न पुऱ्याई बस म जान्छू" भनी, मायामृगको पछिलागे ।

जगदाधाकी लोकमोहिनी माया उनि जसको आश्रयमा रहन्छीन्, त्यस्ता निर्विकार पूर्णरूप परमात्माले, मारीच भनी जानेर पनि 'सीताको प्रियवस्तु' भन्ने उद्देश्यले, मृगमा धावा गर्नु भक्तहरूले मानिएको 'भक्तानुकम्पी'१ इत्यादि बचनलाई सत्य गराउनु मात्र हो । अन्यथा, कामनापूर्ण परमात्मालाई, मृग वा स्त्रीको के मतलव !

१–भक्तमा दया राख्ने, यस बाक्यमा,–'रामबाट मर्नु श्रेस्ठ छ,' भनी निश्चय लिने मारीचको आफूमा प्रेम पर्न गएकोले, भक्त हो भन्ने सम्झी उसको इच्छा पुऱ्याउन र रावण पनि उसले अगि लिएको बिरानवाट श्रद्धाले भक्त हुन आएको हुनाले, उसको पनि इच्छा पूर्ण गराउन निमित्त दयाले पछि लाग्नु भयो, भन्ने तात्पर्य छ' भनी, बुझाएको छ ।

मृगले, कहिले नगोच जस्तोमा झुलुक्क देखिने, कहिले लुकी दगुरी टाढामा गर्दै छल्दै, रामलाई टाढामा पुऱ्यायो ।

रामले, यो मृगरूप लिएको राक्षस हो भन्ने स्पष्ट बुझी शर जोडी वेध गर्दा, त्यसबाट अगि कै मारीचको रूप खडा भई रगत बमनगर्दै लढेर, रामको बोली गरी "हा लक्ष्मण ! म मारिएँ ! रक्षा गर !" भनी, श्वासद्वारा आफ्नो रगतको घुटको पिउँदै मऱ्यो।

आकाशमा बसी हेरिरहेका देवताहरू, मारीचको देहबाट निस्केको तेज राममा पसेको देखेर बिष्मय१ भई परस्परमा–"यो मुनिर्हिसक पातकीले कुन कर्म गऱ्यो र यो फल पायो ! अथवा थो सबै रामकै महिमाको फल हो कि ! पहिले रामको बाणले छेडिएको हूँदा, डरले रामलाई संझदै, घर धन सबै त्यागी सधैं रामको चिन्तना लिदा, सबै पाप पखालिएको भई अन्त्यमा रामको दर्शन पाउँदै राम वाटै मारिएको हुनाले राममा मिल्न पाएको हो !

ब्राह्मण होस वा राक्षस होस, पापी होस वा धार्मिक; अन्त्यमा 'राम' सम्झी देह त्यागने जो हुन्छ परमपदमा पुगने त्यही हुन्छ ! अतः त्यस्ता हरिलाई अगाडिमा देखी–देखी, उनैबाट मारिएको दैत्यले 'सायुज्य पायो' भन्नुपर्ने ता कुरै रहेन" भन्दै, देबलोक तर्फ गए ।

राम मनमनै "यस अधमदैत्यले अन्त्यावस्थामा मेरो बोली जस्तो गरी 'हा लक्ष्मण !' किन भन्यो; मैले बोले जस्तो सुनेर, सीताको कुन हालत भयो होला' भन्ने चिन्ता लिदै फर्के।

यता राक्षसको बोलोलाई रामको बोली जस्तो सुनेर, डराई दुःख मानेकी सीताले ए लक्ष्मण झट्ट जाउन, तिम्रो दाज्यूलाई राक्षसबाट पीडा परेछ, 'हा लक्ष्मण !' भनो कराएको सुनेनौ कि कसो हो ?" भनोन् ।

लक्ष्मणले "हे देवि ! त्यस्तो भाक्य रामको हुनै सक्तैन ! मर्नलागेको कुनै राक्षसको बोली हो जसमा रिस उठ्यो भने, तीनैलोकलाई क्षणभरमा नाशन सक्तछ ! त्यस्ता देवपूजित रामका मुखबाट, दयालाग्दो बोली कसरी निस्कला !" भने ।

१–रामको महिमा विषयमा आश्चर्य भई विष्मय ।

आँखाभरि आँसुलिइ क्रुद्ध भएकी सीताले "है दुर्बुद्धि ! तिमी दाज्यूको विपत्ति खोजदा रहेछौ ! रामको विगार खोजने भरतले पठाई, रामको नाश भएमा मलाई लिई जान आएको रहेछौ ! मलाई भेट्टाउने छैनौ, अहिल्यै प्राणत्याग गर्नेछू तिमीलाई, भार्याहरणको उद्योगमा लागेको भन्ने, रामले थाहं पाउनु भएन । भरतलाई होस वा तिमीलाई होस, रामदेखि अरूलाई म छुन्न" भनी, आफूलाई दुइहातले ठोक्तै रून लागीन् ।

सोताको वचनसुन्दा, अति दुःख मानेका लक्ष्मणले आफ्नो दुइकान१ थुनेर "हे चण्डि ! म उपर यस्तो वचन लगायौ, तिमीलाई धिक्कार छ, आफै हराउने छौ" यति भनो दिक्क मानी सीतालाई वनदेवीका भरमा छोडेर, रामलाई भेटन गए ।

त्यसै मौकामा भिक्षुकको भेष लिएका रावण लट्ठी र कमण्डलु हल्लाउँदै सीताको नगीचमा पुगे ।

भिक्षुकलाई देखेकी सोताले, झट्ट भक्तिपूर्वक नमस्कार र स्वागत गरी कन्दमूल फलहरू अर्पेर "हे मुनिजी ! यी फल–मूलहरू खानुहोस र आनन्द लिई विश्राम गर्नु होस, मेरा स्वामि अहिल्यै आइपुग्नु हुनेछ र विशेष सात्कार गर्नुहुनेछ" भनीन् ।

भिक्षुकले "कमलका पातका आकारका नेत्र भएकी तिमी को ह्वौ ? तिम्रो पति को हुन् ? राक्षसहरू वसेको यो घर जङ्गलमा के कारणले तिम्रो बास हुन आयो ? वताऊ; म पनि आफ्नो बृत्तान्त सुनाउने छू" भने ।

सीताले,–"अयोध्याका राजादशरथका ज्येठा छोरा सकललक्षण संपन्न रामको धर्म पत्नी म, राजा जनककी छोरो सीता हूं, राम, वाबुका आज्ञावाट आफ्नो कान्छा भाइ लक्ष्मणलाई साथमा लिई, चौधवर्षसम्म दण्डकमा वस्न आउनु वएको छ । तपाइँको पनि पहिचान दिनुहोस" भनीन् ।

भिक्षुकले "म पौलस्त्यको छोरो राक्षसको अधिपति रावण हूँ, तिमोसंगको कामनाले तातेको म, तिमीलाइ आफ्नो शहर लङ्कामा लिइजान आएको हूँ, मुनिको

१–यस्तो पाप वोल्दछिन्, भनी सुन्न अयोग्य हुनाले कान थुनेर ।

भेष लिएको रामवाट के पाउँछचौ ? मेरा साथमा वसी ऐश्वर्यको भोग गर, वनको दु:खलाइ छोडिदेऊ" भने ।

रावणको बाक्य सुनेर केही भय मानेकी सीताले, 'म संग यस्ताकुरा गर्छौ भने तिमो, मेरा पति रामबाट नाशिने छौ ! क्षणभर पर्ख, भाइ साथैका उहाँ अहिल्यै आइपुग्नु हुनेछ । सिंहकी स्वास्नीलाई खरायोले झैं, मलाई धक्का लाउन सक्ने को ? तिमी रामका बाणले फुटी भूइंमा लड्ने छौ" भनीन् ।

सींताको कुरा सुन्दैमा, क्रोधले चुरिएको रावणले दश टाउको बिश हात प्रलय कालको मेघ जस्तो कालो वर्णभएको ठूलो पहाडजस्तो आफ्नो स्वरूप देखाए ! त्यो रूप देखेर त्यहाँका सकल जन्तुहरूका साथै वनदेवोहरूसमेत तर्सिए !

पृथिवीमा संवद्ध१ भईरहेकी सीतालाई राबणले सबै हातका नङ्ग्राले भूइंमा खोस्रिई, तौंले झैं गरी सबै हातले उठाई रथमा राखेर, झट्टै आफू पनि बसो आकाश मार्गबाट गए ।

भयले विह्वल भई मनै खडवडिएकी सीता, निहुरी भूइँतिर आखा लगाउँदै "हे राम ! हे लक्ष्मण ! भन्दै कराउँदै थिइन् ।

त्यसै बखतमा, ठूलो पहाडको टाकुरामा बसेका—ठूलो शरीर तिखो चुच्चो भएका बुद्धिमान जटायुले सीताको दयालाग्दो चिचाहट सुनी, उथेर "ए पर्खी ! पर्खी !! यज्ञमा मंत्रिएको पवित्र पुरोडाशलाई कुकुरले चोरे झैं, जनताशून्य वनको आश्रमबाट लोकेश्वरकीपत्नीलाई चोरी, मेरो अगाडिबाट जाने तँ को होस ?" भन्दै, झम्टेर, चुच्चोले रथ र दुइखुट्टाले वाहनसमेत ध्वस्त गराई हातको धनुपनि चूर्ण गराए !

क्रोध चढेकारावणले, सीतालाई त्यहीं छोडी खड्ग उठाएर जटायुको पखेटा दुवै काटिदिए ! र केहीसम्म प्राण रहेका जटायु भुइँमा लड्दा रावणले मायावाट कल्पदा गरेको अर्कोरथद्वार सीतालाई लिएरै गए ।

१–कीला गडेझैं भई, भूइंमा मिलेको ।

असहायकी सीता, "हा राम! हा जगन्नाथ! दुःखितलाई किन हेर्नुहुन्न! हे हे राघव! राक्षसले हरण गरेकी आफ्नी पत्नीलाई छुटाउनुहोस, हा लक्ष्मण! हा महाभाग! म अपराधिनोलाई रक्षा गर, मैले बचनरूपी बाण लगाएँ क्षमा गर" भन्दै, चिच्याउन लागीन् । रावणले राम आइपुग्लान् भन्ने शंकालगाई छिटो हूंदै आकाश-मार्गबाट बायुबेगले दगुराए ।

चिच्याउँदै निहुरीरहेकी सीताले, पहाडका टापुमा बसी रहेका पाँच ओटा बानरलाई देखेर,–रामलाई सूचना दिउन्' भन्ने अभिप्रायले, आफ्ना अंगको गहनाहरू फुकाली पछ्योराको टुक्रामा पोको बाँधेर, ती पाँचबानरका नगीचमा पर्ने गरी फ्याँकी दिईन् ।

उता, रावणले समुद्र पार गरी लङ्कामा पुगेपछि सीतालाई, आफ्नो अन्तःपुरको[१] नगीच अशोकका बघैंचाको गुप्तठाउँमा, राक्षसीहरूको पहरागराई, 'आमा' भन्ने समझले पालन गरे ।

शरीर संस्कार टुटी निहाउरी, मलीन भै विह्वलमा परेकी ।
हा राम! हा राम! बिलाप गर्दै, सीता रहिन् राक्षसाफौज बीचमा ।

इत्यारण्यकाण्डे सप्तमः सर्गः ॥७॥

रामले, कामरूपी मारीचलाई मारी आश्रमतर्फ फर्कदा, मलीन भई मुख सुखाउँदै आएका लक्ष्मणलाई टाढैबाट देखेर. मन–मनै–"मैले मायासीता खडा गरेको लक्ष्मणलाई थाहाछैन । मलाई सबै याद छ तापनि, यिनीलाई झुक्याई साधारण जनले झैं अपशोच लिन्छू; नदि पन्छेर चुपलागी बसें भने, करोडौं राक्षस मार्नेउपाय पो कसरी होला! अतः पोरमा परेकोकामुक पुरुष झैं भई सीतामा शोक लिएँ भने, सीताको खोजीको निहुंले रूलैसंग बिस्तार–बिस्तार लङ्कामा पुग्नेछू र कुलै समेतको रावणलाई मारेर, मैलेनै अग्निमा प्रवेश गराएकी सोतालाई साथमा लिई निश्चिन्त भई अयोध्यामा फर्कने छू ।

१–राजाका स्वास्नीमानिसहरू रहने 'खोपी' ।

म ब्रह्माको मागबाट मनुष्यभावले जन्मेको हूँ, मनुष्यभावले नै पूर्ण भई केही काल पृथिवीमा बस्तछु र त्यतबाट मायामनुष्य मेरो चरित्र सुन्ने, भक्तिमार्गमा लाग्ने हरू बिना प्रयासले 'मुक्तिप्राप्त' हुनेछन्" इत्यादि चिन्तनलिदैमा, नगीच आइपुगेका लक्ष्मणलाई "तिमी सीतालाई छोडी किन आयौ? हामी दुवै नरहदा, सीतालाई राक्षसले लग्यो वा खायो!" भने ।

आँसु बहाउँदै हातजोरेका लक्ष्मणले 'हे राम! राक्षसले हजूरको बोली जस्तै गरी 'हा लक्ष्मण!' भनेको सुनेर, सीताले मलाई "चाँढै जाऊ" भनी रूनलागनु भयो र मैले "हे देवि! यो राक्षसले बोलेको हो, रामको बचन होइन शान्त हुनुहोस" भनी सम्झाउँदा, मलाई जुन दुर्वचन गर्नुभयो त्यो हजूरलाई सुनाउन मेरो बाक्य फुटतैन' कान निस्केर दर्शनलाई आएको हूँ" भने ।

रामले "स्त्री स्वभावले केही भनेकै भएपनि, सीतालाई छोडी आउनु तिम्रो अनुचित हो, एकली सीतालाई नदेखदा, अति दुःख मानेका रामले "हा प्रिये! आश्रममा छैनौ? कहाँ गयौं! अथवा ठट्टाले मलाई छकाउन भनी कहीँ लुकेकी छौ कि!" भन्दै, बिलापदै बनमाघुमी खोज्दा कहीँ नदेखेर, बनदेवीहरूमा सम्वोधन गर्दै, 'मेरी सीता कहाँछन्? बताइदिउन्, हे मृग! हे बृक्ष हो! मेरी प्रियालाई देखाइदेओ,' इत्यादि बिलापदै घुमी घुमी सर्वप्रकारले खोजी गर्दा पनि सीतालाई कहीँ देखेनन् ।

सर्वशक्तिसमृद्ध आनन्दमय भइकन, पहाडपनि चल्ने भएझैं, आश्चर्यको शोक[1] लिन लागने! मेरो भन्ने नभएका, अहंकार नरहेका, अखण्ड आनन्द नै स्वरूप भई कुनै बिषयमा आसक्त नभएका राम, अज्ञानीका दृष्टिबाट आसक्त[2] जस्ता देखिन लागे! बास्तवमा, तत्त्ववेत्ताका दृष्टिबाट होइन ।

सीतालाई खोजदै जङ्गलमा घुमेका राम लक्ष्मणले एकठाउँमा भाँचिई टुटी लडीरहेको रथ छाता धनु जुआहरू देखेर, रामले "हेर भाइ! यो, एउटाले लिई जानलागेकी सीतालाई अर्कोले झम्टी जिती लिइजाँदाको निस्सा हो" भन्दै, केहीपर

१–मायाबाट लिएको मनुष्यरूपलाई लोकमा 'मनुष्य' भनी प्रतीत पार्नलाई शोक लिनलागे । २–मेरी जाया भनी विलापेको हुनाले आसक्त ।

पुग्दा, रगतले भिजेको शरोर भएको पहाडको थुम्को जस्तो देखेर, ए लक्ष्मण ! धनुर्वाण ल्याऊ, मेरी सोतालाई खाई तृप्त भएर एकान्तमा सुतो, टुलू–टुलू हेरिरहेको यस राक्षसलाई मार्दछू" भने ।

रामको बोलि सुन्दैमा, डराएजस्तो भएको जटायुले "हे राम ! तपाईंको कल्याण होस, आफ्नै कर्मले मर्नलागेकोमलाई नमार्नुहोस; म जटायु हूँ । तपाइँको पत्नीलाई हरणगर्ने रावणलाई झम्टदा लडन्त परि उसका रथ घोडा धनुहरू छिया पारेर बसेको मलाई, उसले काटी यो गतिको घाइते गराउँदा लडी रहेछू, हे जगन्नाथ ! म मा नजरपरोस प्राण छौड्दछू" भने ।

रामले दयालाग्दो अबस्था भई घाँटीसम्म प्राण पुगेको जटायुलाई चिह्न र दयाले आँखा भरि आँसु गरी, दुइहातले उसका शरीरमा छुँदै "हे जठायु ! तिमीले मेरो कार्य निमित्त ठूलो चोट पाएछौ ! यो गति भएछ । अतः मेरो प्रियबान्धव बनेका छौ, मेरी पत्नीलाई कसले लगेको हो ? भन त," भनी सोधे ।

जटायुले, मुखबाट रगत बहाउँदै अन्त्यको सुस्थबोलोले "हे राम ! सीतालाई अलिबलियो राक्षस रावणले लिई, दक्षिण मोहडा भई गएको छ ! यस देखि अरू अरू बोलनेशक्ति मेरो छैन ! भाग्यले अन्त्याबस्थामा हजूरको दर्शन पाएको छू, प्राण छोड्दछू ।

हजूर, मायाबाट मनुष्यरूप लिएका 'बिष्णु परमातमा' होइ बक्सिन्छ, अन्त्य कालमा हजूरको दर्शन पाउँदा, म मुक्त छू; हे राम ! मलाई फेरि दुइबाहुले छोइ–बक्सियोस, हजूरका पदमा पुग्न पाउने छू" भन्दा, रामले, मुसुक्क[१] हाँसो 'हुन्छ' भनी उनका देहमा हात लगाए । जटायु तत्कालैमा प्राणछोडी लडे ।

रामले जटायु उपर बन्धुवर्गमा झैं अपशोच लिई आँसु काढेर लक्ष्मणद्वारा दाउरा–मूढा जम्मा गराई उनको देहलाई दाह गरे ।

१–पक्षीमा पनि यस्तो पराक्रम र यस्तो ज्ञान हुँदोरहेछ भन्ने आश्चर्यले हांसो ।

दाह सकेपछि, दुवैभाइले आँसु खसाल्दै स्नान गरेर, मृगलाई मारी मासुका टुक्राहरू "सबै पक्षीहरू खाउन तृप्तहुन तिनी पक्षिराज" भनी,१ एक–एक गरी चारौं तर्फ, चहुरहरूमा छर्दै "हे जटायो ! सकल लोकका अगाडि मेरो सारूप्य सेवा गर परमपदमा जाऊ" भने ।

तत्कालैमा, शंख चक्र गदा पद्म किरीट र पीताम्वर समेतको धारणबाट, उज्ज्वल दिव्य स्वरूप भई प्रकाशहुंदा, योगीजनवाट स्तुति र विष्णकापार्षद चारबाट सन्मान पाएका 'जटायु' विमानमा बसी रामलाई संवोधनगर्दै स्तुति गर्न लागे :–

"अगणित गुण भै प्रमेयशून्य,२ सकलजगात्स्थिति नाशका त हेतु ।
गुणरहिकन शान्ति नै छ शोभा, परमपरात्म ! प्रणाम रामचन्द्र ! ।।
निरबधिसुख३ ! इन्दिराकटाक्ष४ ! सब परसारि दिने सुरेन्द५ दुःख ।
वर६ धनुशरहस्त ! आईचित्त ! नरवर ! गर्छु सधैं प्रणाम राम ! ।।
त्रिभुवनकमनीयरूप ! आद्य ! रविशतभासुर ! इय्ट दानशील७ ! ।
घर भनि बसनू छ भक्तमा८ नै, शरणदिने प्रभुमा प्रणाम राम ! ।।
भवघनबनको९ छऊडढेलो, शिवहरूका छउ देवता दयालु ।
दनुजकुल कठोरका त काल, रवितनया१० रंगका हरे ! नमस्ते ।।
भवबिषय११ स्वभावलाई टाढा, भव विमुखै१२ नुनिका त नित्यदृश्य ! ।
भवजलनिधि तारने ति नाऊ–पद दुईमा शरणै म पर्छु राम ! ।।
परधन परदार त्यागनेको परगुण सम्पतिमा खुशी१३ हुनेको ।
'मन' परहितमा रहन्छ जस्को, हजुर मुसेव्य जगत्पते ! त्यसैको ।।
मुसु–मुसु हँसिलो खुशी मुहार ! निरमणिको चहकै सरी छ मोढा ।
सितकमल झईं छ नेत्रशोभा, रघूवर ! व्रह्मगुरो१४ ! नमोनमस्ते ।।

१–संकल्पको रूपले बढी । २–अनन्तशक्ति हुनाले, अगणित गुण भइकन पनि ठाउँ र बेलाले छुट्टयाउन नसकिने । ३–सुखको अवधिनभई, निरन्तर सुखस्वरूप,–यस बचनबाट–अरू ब्रम्हासम्भमा पनि सुखको अवधि रहन्छ भन्ने भाव ब्यक्त हुन्छ । ४–लक्ष्मीका नजरका कुनावाट हेरिरहने, अर्थात् आशय निमित्त कर्के आँखा परिरहने । ५–देवताहरूमा परेको दुःख पन्छाइदिने । ६–वरमुद्रा । ७भक्तको इच्छा पुऱ्याउने स्वभाव भएका । ८–भक्तका चित्तमा । ९–संसाररूपी बाक्लो बनको दुःखबाट उतार्ने हुनाले डढेला । १०–सूर्यकी पुत्री यमुनाका बर्णका, अर्थात निर्मलनीलो बर्णका । ११–सांसारिक भोलादि विषवमा लागु नरहनेलाई । १२–सांसारिक बिषयमा लागु नरहने मुनिहरूका । १३–इर्ष्या नरहनेको । १४–बृम्हाका गुरू ।

हरि, बिधि, शिव, भेद हुन् गुणैले, रवि शशि नै जलपात्रमा अनेक ।
तिनगुण रहि ईश नै हजूर, सब सुरका स्तुतिपात्रमा नमस्ते ।।
शतपथ[1] बिधिले छ झट्ट लभ्य, रतिपति कोटि झनी छ सुन्दराङ्ग ।
यति[2] पति मनमा सधैं झलक्क !, रघुवर ! दुःख विनाशक ! प्रपद्ये ।।"

एवं, स्तुतिबाट प्रसन्नरामले, जटायुलाई "तिमीलाई कल्याण छ, मविष्णुको परमपदमा जाऊ; तिमीले गरेको यो स्तोत्रमा जसले अभ्यास गर्दछ त्यसले मर्नेबेलामा मलाई सम्झने छ र मेरो सारूप्यपाउने छ ।" भनी, स्तोत्रमा फलस्तुति सुनाए ।

यति वाक्य सुनेर रामको, अति आनन्द लिएर गिद्ध जी ।
रघुनन्दन तुल्य भै गए, बिधि[3] संपूजित बिष्णुलोकमा ।।

इत्यारण्यकाण्डे अष्टमः सर्गः ।।८।।

सीताको खोजीमा लागेका राम लक्ष्मण, फेरि दुःख मनाउगदै अर्को जङ्गलभित्र पसे ।

त्यस जङ्गल भित्र, आँखाहरु केही नभएकौं, छातिमा ठूलो मुख भएको चार चार कोसका लामा दुइहातले, कुन साना कुन ठूला सकल प्राणीलाई सोरी खाने, आश्चर्यका आकारको 'कबन्ध' नाम गरेको राक्षस देखियो ।

रामले, आफू दुवैभाइ त्यसैका पसारिएका दुइहातको बीचमा परेको देखेर "ए लक्ष्मण ! हेर कस्तो राक्षस रहेछ । टाउको, खुटा केहीनभएको, छातिमा—लामा दुइहातले खोज्दा जे–जे आउ छ त्यही खाई निश्चलभई बस्तोरहेछ । हामीपनि, त्यसैका वाहाँभित्र परि सक्यो, फुत्कने—बाटो देखिदैन । अब हामीले के गर्ने हो ? यसले त अहिल्यै खानेछ !" भने ।

लक्ष्मणले "यसमा बिचार पो के छ र ? कत्ति व्याकुलनभई, यसका दुवैहात एक–एकले काटि दिऊं" भन्दा, रामले 'हो, लौ' भनी, खड्ग उठाई दाहिने पाखुरा र लक्ष्मणले बायाँ पाखुरा काटी दिए ।

१–माध्यन्दिनीय 'शत पथ ब्रह्मण' मा कहिएको बिधानले । २–सकल इन्द्रियलाई वशमा राखी, योगभएका
३–ब्रम्हाले पूजिएको विष्णु लोकमा ।

दुवैपाखुरा काटिदा, आश्चर्यमानेको कबन्धले–"अहो ! स्वर्गमा रहने देवतामा पनि संभावना नभएको मेरा पाखुरा काटने, यस भूर्लोकमा तिमी दुइ कहाँबाट आएका को ह्वौ ?" भन्यो ।

रामले मुमु–मुसु हाँसी "म अयोध्याकाराजा दशरथको छोरो राम हूं, मेरा साथका यिनीं, मेरो कान्छो भाइ लक्ष्मण हुन्, हामी शिकारमालागेको वखतमा, मेरोपत्नीसीतालाई, कुनै राक्षसले लगेको हुनाले, तिनैलाई खोजदै यस जङ्गलमा पसदा, तिम्रो हातको घेरामा परेको हुनाले, आफ्नो रक्षाको निमित्त तिम्रो दुवैहात काटनुपरेको हो; बिकटरूपतिमी को ह्वौ ?" भने ।

कवन्धले "मेरो नगीचमा आइपुगेका तपाँइ, राम हो भने ता म धन्य रहेछू। म अगि गन्धर्वको राजा हूं, तपस्यागर्दा ब्रह्माबाट अवधवर[१] पाएको र रुप यौवनले पनि मत्त थिए। कुनै बखत लोकमा घुम्दै हिंडदा अष्टावक्रमुनिलाई देखेर हाँसिदिए। क्रुध्द भएका मुनिले "हे दुष्ट। दुर्मते। तं राक्षस भएस" भनी सराप दिए, पछि मैले प्रार्थना गर्दा, दयावान मुनिले "त्रेतायुगमा,'स्वयनारायण' दशरथका छोरा भई आउनु हुनेछ र, तिनैबाट तेरा चार–चार-कोसका दुइहात काटिएपछि, तं सरापबाटमुक्तभई अगिको जस्तै हुनेछस" भनेका थिए । उसै बखतमा मैले आफ्नोशरींरलाई राक्षसीशरीर बनेको देखें ।

राक्षसी शरीर बाट कुनैबखत इन्द्रलाई झम्टन पुगें । इन्द्रले मेरोटाउकोमा बज्रले ठटउदा टाउको कोखामा पस्यो । दुइखुट्टा पनि नष्ट भए । परन्तु, ब्रहनाबाट अवध्यवर पाएको हुनाले, बज्रको ठोक्कर बाट मेरो मृत्यु हुन पाएन । त्यसैबखतमा मेरो खानेमुख नदेखदा दयावानहरूले इन्द्रसंग "मुख नभएमा यो कसरी बाँचला ।" भन्दा, इन्द्रले मलाई "तेरो पेटमा मुख वन्नेछ, चार–चार कोसका लामा दुइहात पनि हुनेछन्, यहोँबाट छातिले घिस्रिदै जा" भनेका हुनाले घिस्रिदै यहाँ आई, दुइहातले सोहोर्दा जे भेटिन्छन् ती बस्तुहरू खाई बसेको थिएँ ।

हे निर्दोष ! अहिले तपाईंबाट दुवैहात काटिए ! अब मलाई आगो सल्केका मूढा भरिएको खाडलमा हालोदिनुहोस । हे रघूत्तम ! तपाईंका कृपाबाट आगोले सल्केको म, अगिल्लो रूपमा प्राप्तभई, तपाईंकोपत्नी भेटिने बाटो बताइदिनेछु भन्यो ।

१–नमारिने ।

लक्ष्मणले, झट्टै खाडल खनी दाउरा–मूढाहरू भरी आगो सल्काएर उसलाई त्ययाँहालीं डढाउँददा, डढढैको शरोरबाट सर्वालङ्कारपूर्ण कन्दर्पका आकारको सुन्दर पुरूष निस्केर हातजोरीं रामलाई प्रदक्षिण र शाष्टाङ्ग[1] प्रणाम चढाउँदै, भक्तिले गद्‌गद भई स्तुति गर्दछन् :–

"हे राम! स्तुतिका लागी मन आदर गर्दछ ।
परन्तु छैन आद्यन्त,[2] छौ[3] अनन्त आगेचर[4] ।।
सूक्ष्म[5] स्थूल[6] दुईरूप छन् तिम्रा ती विलक्षण[7] ।
'सूक्ष्म' जानिनसक्नू[8] छ, जानिने सब छन् जड ।।
मनै पनि जड[9] हुंदा चिह्नोस[10] त्यसले कसोगरी ।
चित्तात्मा[11] भाष दुइको ऐक्यता 'जीब' जो छ त्यो ।।
ब्रह्मादि जड साक्षी[12] हो, हैन 'चैतन्यब्रह्म' त्यो ।
जगदात्मा–निर्विकार 'ब्रह्म' चिन्मात्र रूप छ ।।
त्यस्तामा 'जगदारोप,' अज्ञानबश मात्र हो ।
'हिरण्यगर्भ'[13] हो सूक्ष्मदेह, स्थूल त हो 'बिराट'[14] ।।
ध्याताको मङ्गलै[15] सूक्ष्म भावना[16] बिषयै छ त्यो ।
भावना सिद्ध छ भने त्रिकालज्ञ[17] गराउँछ ।।

१–"पद्भ्यां कराभ्यां जानुभ्यामुरसा शिरसा सह, वचसा चैव द्रणोमोऽष्टाङ्ग ईरीत" भन्ने बचन बमोजिम अष्टाङ्ग प्रणाम । २–यो वेलादेखि, यो वेला सम्म भन्ने भएका । ३–सर्वव्यापी अन्तर्यामी हुनाले, यस ठाउँको भनी छुट्टिने नसक्ने । ४–रूप रस गन्ध स्पर्श शब्द केंही नरहेको हुंदा मनबचनहरूले अठोट लिन नसकिने । ५–रिरण्यगर्भ । ७–विराट् । ७–आकार नरहदा एक तमासको (अनौठो) । ८–केवल ज्ञान स्वरूप हुनाले, योग लिएकायोगीने पनि हतपति जानीनसक्नु । ९–'मन' आत्मा देखि भिन्नको हुनाले 'जड' । १०–ब्रम्हस्वरूप तिमीलाई कसर चिन्होस । ११–चित्त र चित्तमा परेको आत्माको टक । १२–अन्तर्यामी । १३–सकल लिङ्गदेह समष्टि रूप । १४–सकल स्थूल समष्टिरूप । १५–आपनो पदमा पुऱ्याउने हुनाले 'मङ्गल' । १६–चित्तमा मात्र चिन्तन हुने विषयको छ । १७–भावना (चिन्तन) सिद्ध भएमा त्रिकालको ज्ञान गराउँदछ ।

अण्डकोश विराट्रूप प्रभुको स्थूल देह मा ।
उत्तरोत्तर वर्ता भै महदादि१ छ ढाकने ।।
त्यसैलाई त 'वैराज' भन्दछन् 'धारणाश्रय'२ ।
हजूर 'सर्वकैवल्य'३ लोक हुन् अङ्ग ती सबै ।।
'पाताल'४ हुन्छ पैंतालो, कुर्कुच्चा हो 'महातल' ।
'रक्षातले' गोलिगाँठा, पिंडौला हो तलातल ।।
घूंडा दुई 'सुतल' हुन, तिघ्रा 'वितल' भन्दछन ।
त्यस देखि माथि 'अतल, जाँघ भूर्लोक' भन्दछन् ।।
नाभिनै छ 'भुवर्लोक', छाति 'स्वर्लोक' भन्दछन् ।
घाँटी हुन्छ 'महर्लोक', मोहढा 'जनलोक' हो ।।
खप्परै छ 'तपोलोक' शिर हो 'सत्यलोक' त्यो ।
इन्द्रादि लोकपाले हुन्, 'हात कान दिशा' प्रभो ! ।।
अश्विनी दुइ हुन् 'नाक', 'मुख' अग्नि हजूरको ।
'आँखाँ' सूर्य, 'मनश्चन्द्र, 'काल'५ भ्रुभङ्ग६ भन्दछन् ।
'बाणी वेदहरू, 'दाहो' यम, नक्षत्र 'दाँत' हुन् ।।
'हाँसो' छ प्रभुको माया, जनमोह गराउने ।
'कर्केनजर' हो सृष्टि, प्रभुको भनि मान्दछन् ।।
अगाडि भागमा 'धर्म', 'अधर्म' छ पछाडिमा ।
'चिलनू – हेरनू लाई' निशा र दिन मान्दछन् ।।

१-यस बचनले — "आफूबाट वरण पनि आफूबाट ढाकिने अहंकारको आवरण भन्दा दशगुण वढताको 'महत्तत्व' वाह्यावरण हुन्छ र त्यसैभित्र अहंकारावरण रहन्छ । त्योअहंकारावरण पनि आफूबाट ढाकिने व्योमावरणभन्दा दशगुण बढता भइरहेको हुन्छ र त्यसैभित्र व्योमायरण रहन्छ । एवँ ढाकिने भन्दा ढाकने दशगुग बढता भई, व्योमावरण भित्र वाय्वावरग, वाय्वावरण भित्र तेजको आवरण । तेजको आवरण भत्र 'जलावरण भित्र पृथिव्यावरण रहन्छ । आफूभन्दा दशगुण बढता भईरहेको त्यसै पृथिवीको मण्डल (अण्डकोश) को माझमा, स्वयम्भूको चतुर्दश घुवनात्मक 'स्थूल शरीर' रहेको हुन्छ । स्वयम्भूः, संकल्प (कल्पमा) बाट नै उत्पन्न हुन्छ" भन्ने पौराणिक प्रक्रि- या बुझाइएको छ । २-यस स्थूलमोहदेधारण (भावना), दुइ आँखिभौंको बीचबाट हुन्छ भनी मानियेको छ । ३-अन्त्यमा पाइने सारवस्तु । ४-यस उक्तिले,-ध्यानयोग्य विराटको रूप (अङ्ग) बताइन्छ । ५-झिमिकदेखि दुइ पराद्ध सम्मको समय, त्यसैलाई भ्रूभंग । ६-दुइ आँखिभौंको माझमा गाँठो पर्नु । ७-बृहस्पति ।

सातैसमुद्र 'कोखा हून्, 'नसा' हुन् ताँ नदो सबै ।
बृक्ष–औषधि[1] जो जे छन्, ती सबै, 'रउँ' भन्दछन् ।।
वृष्टि हो, 'शुक्र' प्रभुको, महिमा 'ज्ञानशक्ति' हो ।
यस्तो हजूरको स्थूलरूपमा चित्तलाउने ।।
बिनाप्रयत्नले 'मुक्ति' पाउंछन् सजिलैसंग ।
यस् देखि सजिलोबाटो, मुक्तिको छैन क्ये पनि ।।
यसैकारण हे राम ! हजूर्को 'स्थूलरूप' नै ।
भावना गर्छु, जस्बाट मुक्ति पाउंछ जीव ले ।।
त्यो स्थूल भावना गर्न अशक्य छ भने रहोस ।
जुन् ध्यानमा 'प्रेम रस',[2] रोमाञ्च भइ उठ्तछ ।।
यही[3] हजूरको रूप चित्तमा लिन्छु सर्वदा ।
'धनुर्वाण जटावल्क भिरी लक्ष्मण साथ ली ।।
तरूणोवयको नीलो, सीताखोज्ने डुली–फिरी' ।
यही रूप सधैं मेरो चित्तमा गढिनै रहोस् ।।
सर्वज्ञ भै 'महादेव' पार्वती साथमा लिई ।
हजूरको यही रूप ध्यानगर्दै रहीकन ।।
काशीमा मोक्ष खोज्नेको तारने 'राम, राम' यो ।
उपदेश दिदै बस्नु हुन्छ संतोष ली सधैं ।।
निश्चय अतश्च छ यो,–'परमात्मा, हजूर हो' ।'
यथार्थ चिन्हस क्तैनन् मूढ[4] बुद्धि हुनेहरू ।।
परमातमन ! राम भद्र ! प्रणाम छ हजूरमा ।
अयोध्याधिपते ! राम! नमो लक्ष्मण सेवित ! ।।
रक्षा पाँऊ जगन्नाथ ! मायाले नछु ओस म मा ।।"

एवं, स्तुतिबाट प्रसन्न रामले "ए गन्धर्व ! तिम्री भक्तिसम्पन्न स्तुतिले म संतुष्ट छू, योगबलले पाइने परमस्थान स्वर्गमा जाऊ ! तिमीले गरेको शास्त्रसंगत स्तुति, जसले एकाग्र

१–औषधि शब्दले अन्न आदि खाद्य पदार्थलाई पनि बुझाइएको छ । २–यो कुरा पुगोस, भइरहेको पनि नबटोस भन्ने कही प्रेमरस । धनुर्वाण भिरी यहीं अगाडि रहेको । ४–अज्ञानले ढाकिएको बुद्धि हुनेहरू ।

भई नित्य जप्तछ, त्यसले अज्ञानजन्य संसार लाई त्यागेर, नित्यज्ञानको जनुभवलेमात्र भेटिने म मा मिलन पाउनेछ" भनी सुनाए ।

इत्यारण्यकाण्डे नवमः सर्गः ।।९।।

एवं, वरदान पाई जाने भएका गन्धर्वले, "हे रघुनन्दन[1] ? यहाँबाट केहीपर, अगाडि मै भेटिने आश्रम मा, हजूरका चरणको भक्तिले, भक्तिमार्गमा धृष्ट भएकी 'शवरी' बसेकी छन् तिनीलाई भेटि बक्सियोस, सीता रहेको ठाउं र सीतालाई भेटिने उपाय समेत तिनैले बताउनेछन्" यति भनी, आफु बिमानबाट स्वर्गतर्फ गए । राम नाम स्मरण[2] मात्रबाट गन्धर्वले यस्तो फल पाए ।

राम लक्ष्मण, बिस्तार–बिस्तार शवरीका आश्रममा पुगे । शवरीले राम लक्ष्मण लाई बेखेर, झट पट उठी हर्षले आँखाभरि आँसुलिई पसारिंदै दण्डवत गरीन् र शुद्ध आसनमा बसाली दुवैको पाउ धोएर चरणामृतले आफ्नो शरिरमा अभिषेक गरेपछि, अर्घ्य आदि उपचार बाट पूजा र रामकानिमित्त भना अगावै संग्रह भइरहेका फलहरू समर्पण गरी, पाउमा पुष्पाञ्जलि चढाएर भन्न लागीन् :–

"हे रघुवर ! यस आश्रममा, मेरा गुरूमहर्षिहरु हजारौ बर्ष सम्म वस्नु भएको थियो, म उहाँहरूको टहल गरी एकछेउमा बसेंकी थिए । उहाँहरू अहिले ब्रह्मलोक मा पाल्नु भयो !

उहाँहरू पाल्नुहुंदा मलाई तिमी धैर्यलिई यही बस 'सनातन परमात्मा' दशरथका छोरा राम भई जन्मनु भएको अहिले चित्रकूटमा बस्नुभएको छ । केहि दिन पछि राक्षसको बध र ऋषिहरूको रक्षानिमित्त यहाँ आउनु हुनेछ । ऊहाँको आगमन नभएसम्म शरीरलाई रक्षागरो एकाग्रध्यानमा लागी स्थिर भई रहु; रामको दर्शन पाएपछि शरीरलाई डढाएर, उहाँका परमपदमा पुग्न पाउने छौ" भन्नु भएको थियो ।

मैले पनि गुरूका आदेश बमोजिम हजूरको आगमनलाई बाटो हेर्दै, ध्यानमा एकाग्रभई बसेकी थिएँ । अहिले गुरूको बचन पाएँ ।

१–यसं अगाडिको सर्गमा 'हजूरकी पत्नी भेटिने बाटो बिनति गर्नेछू' भनी प्रतिज्ञा गरेकोलाई यो वाक्य भएको छ ।
२–अस्टावक्रले भनेको सरापमुक्तिको बचनबाट, रामको नाम सम्झीरहेकोले ।

हे अप्रमेयात्मन[1] ! म सानोजातमा जन्मेकी स्त्री, मूर्ख हूंदा हजूरका दासको दास, त्यसका पनि दास एवं शयौंपछि की भन्न सुहाउने हुनाले, साक्षात हजूरकी दासी हुन ता मेरो अधिकारं छैन ! त्यसकारणले योगीजनका पनि बचनले नभेटिने हजूरलाई मैले कसरी दर्शन पाएँ ! हे देवेश ! स्तुति गर्न जान्दिन प्रसन्न होइवक्सि-योस भनी प्रार्थना गरीन् ।

श्री रामबाट "हे भामिनी ! पुरूष होस वा स्त्री होस अथवा जात नाम आश्रम सबै भएको कुनै होस, मेरो भक्तिमा विमुख छ भने, त्यसले यज्ञ दान तपस्या वेदाध्ययन वेदोक्त कर्मको अनुष्ठान इत्यादिबाट पनि मलाई देख्न पाउँदैन। त्यसकारणले भक्तिको साधन पनि संक्षेपले कहिदिन्छू सुन :–

पहिलो मुख्यसाधन,–सत्संग हो । दोश्रो,–मेरो चरित्रको कथा भन्नु, सुन्नु । तेश्रो,–मेरोगुणकीर्तन गर्नु । चौथो, मलाई चिह्नाउने बचनहरूको[2] व्याख्यान गर्नु, गुरू र मान्यजनहरूमा निष्कपट भई ईश्वर भन्ने बुद्धिले सेवा गर्नू । पाँचौ,–पुण्य-विषयमा, रसिलो भई लग्गु रहनू र यमादि[3] र नियमादिमा[4] लग्गु रहनू । छैठौं,–मेरो पूजामा तत्पर हुनू । सातौं,–मेरा मन्त्रको साङ्ग[5] सेवा गर्नू । आठौं,–मेरा भक्त उपर, म मा भन्दा, बढता आदर[6] गर्नू, सबै प्राणीमा मेरो समझ[7] लिनू, वाह्य विषयमा शम[8] दम[9] सहित वैराग्य लिनू । नवम,–आफूमा तत्त्व (ब्रह्म) को बिचार[10] गर्नू यी साधन स्त्री हुन् वा पुरूष हुन् वा, सानो जातमा जन्मेका हुन्, सवैमा उपर समान छन् ।

जसमा यीं भक्तिका साधन सबै रहन्छन्, त्यसमा मात्र प्रेमका लक्षणको[10] भक्ति पैदा हुन्छ । त्यस्तो भक्ति पैदा भएपछि, मेरो तत्त्व (ब्रह्म) को अनुभव

१–थलो र समय नभएका केवल आत्मस्वरूप । २–उपनिषदका बचन । ३–अहिंसा, सत्य, अस्तेय, ब्रम्ह-चर्य, अपरिग्रह (दानादि नलिनु), आदि शब्दले आसन, प्राणायाम, प्रत्याहार (इन्द्रिय वशगर्नु) ४–शौच, संतोष, तपः स्वाध्याय,इश्वर प्रणिधान (प्रार्थना), आदि शब्दले धारणा, ध्यान समाधि । ५–जुन मन्त्र छ, त्यसैको कल्पना गरिएका ।यास ध्यान आदि अङ्ग सहित । ६–यसबाट, –ओरोसा–गरेको आदरबाट, बावुले संतोष पाउने भएझैं भक्तउपर गरेको आदर, मलाई संतोष गराउने हुन्छ; भन्ने भाव बुझाइएको छ । ७–भगवान 'सबैका अन्तर्यामी' हुनाले, यो पनि 'भगवान्' भन्ने समझ । ८–अन्तरिन्द्रय निग्रह । ८–बाह्येन्द्रियनिग्रह १०–'तत्त्वमसि' आदि बाक्यबाट बिचार । १०–'मलाई यो कुरा पुगोस, भएर पनि ननाशियोस' भन्ने प्रेमका लक्षणको भक्ति ।

हुन्छ; त्यो अनुभव सिद्ध भएपछि, यसै जन्ममा मुक्तिप्राप्त हुन्छ । त्यसकारणले "मुक्तिको कारण भक्ति नै हो," भन्ने निश्चित छ; जान ।

जसको पहिलो साधन१ सिद्ध हुन्छ; त्यसको क्रमैले नवै साधन सिद्ध हुँदै आउंदछ र त्यसबाट भक्ति सिद्ध हुन्छ; 'भक्तिबाट मुक्ति मिल्दछ' भन्ने निश्चय छ । यसैकारणले, मेरो भक्तिमा लागेकी तिमी छेउ, म आफै आएँ । अब, मेरो दर्शनबाट तिमीले मुक्ति पायौ शंका छैन । यदि तिमीलाई थाह छ भने मेरी प्रियासीता कहाँ छन्? वा कसले लगेको हो? बताइदेउ" भने ।

शवरीले 'हे सर्वज्ञ! हजूर विश्वव्यापक हुंदा सबैकुरा आफै जानि बक्सिन्छ! यथापि लोकको चालमा रहित्रक्सेको हुनाले, सोधनो भएको हो; बताउँदछू—सीतालाई रावणले लगेको हो, अहिले लंकामा बस्नुभएको छ!

हे भगवन्! यहाँबाट केही नगीचमा, 'पम्पा' नाम गरेको ठूलोतलाउ छ, त्यसैका नगीचमा 'ऋष्यमूक' नामगरेको ठूलो पहाडमा, बानरका अधिपति सुग्रीव आफ्नै दाज्यू बालीको डरले, चारजना मन्त्रीलाई साथमा लिई बसेका छन् । त्यहाँ ऋषिहरूका डरले बाली आउन नसक्ने हुंदा बसेका हुन् । त्यहीँ पाल्नुभई तिनीसंग मित्यारी लगाइ बक्सियोस, हजूरको सबैकाम तिनैले सम्पन्न गराउने छन् ।

म हजूरका अगाडि अग्निमा प्रवेश गर्दछू, शरीरलाई डढाएर हजूरको परमपदमा नपुगेसम्म दुइघडि यहीँ राजगरी बक्सियोस" भनी, शवरीले अग्निमा प्रवेशगर्दा, क्षणैमा, अज्ञानजन्यसांसारिक देहलाई खाग गराएर, रामका प्रसादबाट मोक्ष पाईन् ।

जगतका अन्तर्यामी, भक्तवत्सल राम प्रसन्न भएमा दुर्लभ के रहेछ! सानो जातमा जन्मेकी स्त्री भइकन शवरीले मुक्ति पाइन् भने, आचारमा रहेका ब्राह्मण, पुण्यात्मा, रामका चिन्तनमा रहेकाहरू मुक्ति हुन्छन् भन्नु केही आश्चर्य छेन; रामका उपरको भक्ति नै मुक्ति हो ।

जो 'भक्ति' त्यहि 'मुक्ति कारण' बुझी, हे लोक हो रामका,—
इच्छापूर्ण गराउने पद दुई सेवा सधैं गर्नुहोस ।।
छोडी मन्त्र अरू अनित्यफलका,२ श्री शम्भुका चित्तमा—
नित्यै जो छ, प्रकाशश्यामलतनु श्री राम नै जप्नुहोस ।।

इत्यारण्यकाण्डे दशमः सर्गः ।।१०।।

इत्यारण्यकाण्डम् समाप्तम् ।।

१—सत्संगत । २—सांसारिक अनित्यफलको भोग गराउने ।

अथ किष्किन्धाकाण्डम् ॥

राम लक्ष्मणले शवरीकी उक्ति बमोजिम पम्पातलाउमा पुग्दा, सज्जनको चित्त जस्तो निर्मलसंग्लो पानीले भरिएको, कोस भर फैलिएको, भूइँ नभेटिने गहिरो, अनेक जात भई फुलेका कमलका केशरको सुगन्ध उठेको, चारौंतर्फ किनारमा जात–जातका उत्तम फुल–फल फुलेका, भिन्न–भिन्न रूपका लहरा रबृक्षहरूबाट शोभापाएको, यत्र–तत्र, हाँस घोगेर चखेवा कोहिली मयूर कन्याङ–कुरुङ आदि पक्षीका शब्दले प्रतिध्वनि रहेको,–तलाउको महिमा देखेर आश्चर्य भई केहीवेर बिश्राम गरी स्नान र श्रमनाशक जलपान गरी, सुगन्धयुक्त ठण्डाहावा लिंदै, ऋष्यमूकको बाटो लिए ।

ऋष्यमूक पहाडका थुम्कामा, आफ्ना सल्लाहकार चारजना बानरलाई साथमा लिइ बसेको सुग्रीवले, टाढैबाट जटाबल्कल धारण गरेका हातमा धनुर्वाण लिएका, पहाडका दृश्यमा आँखा घुमाउँदै, ऋष्यमूकको कोखामा हिंडेका, राम लक्ष्मणलाई देखेर, डरले भागी टाकुराको टुप्पामा पूगी, बिश्वस्तमन्त्री हनूमान्संग "हे सखे ! ती दुइ ठूला पराक्रमो जस्ता देखिन्छन् को रहेछन् ! तिमी ब्राह्मणकारूपको बटुक भई गएर बुझ; तिमीलाई कक्ष्याण१ छ कदाचित मलाई मार्न भनी, बालीले पठाई आएका हुन कि ! दुवैसंग कुरा गरी, दुवैको मन बुझ यदि, दुवै दुष्टचित्तका रहेछन् भने, मलाई भाग्ने मौकालाई हातका औंलाले इशारा गर; सज्जन रहेछन् भने हँसिलो देखाऊ" भनी अह्राए ।

हनूमानले 'हवस' भनी, वटुकको रूपले, तो दुइको नगीचमा पुगी, नम्र भई नमस्कार गरेर "तपाइँहरू आफ्नो प्रभाबाट सूर्यले झैं दिशै उज्यालो गराउने, भरखरका उमेरदार, वीरपुरूष जस्ता को हुनुहुन्छ ! मेरो मनले ता दुवैलाई, त्रैलोक्यकर्ता, जगतका कारण, मायाबाट मनुष्यकोरूप लिई लीलाले जगतको स्थिति लयमा उद्यत भएका, भूभार हरण र भक्तको पालन निमित्त क्षत्रियको आकार बनेका, सबैका हृदयमा रहने अन्तर्यामो ईश्वर नरनारायण नै यसलोकमा हिंडेका छन् कि ! जस्तो लाग्दछ" भने ।

१–आफ्नो निमित्त काभलगाउँदा, अरूलाई खुशी गराउने आशीर्वादको बोली ।

रामले ए लक्ष्मण! वटुकरूपको यो, शब्दशास्त्रसमेत धेरै सुने बुझेको सिपालु रहेछ, यसले बोलेकोमा अपभ्रंश कत्ति छैन" भनी, हनूमानसंग "म दशरथको छोरो 'राम' हूं, यिनी म भन्दा पछि छन्मेका भाइ 'लक्ष्मण' हुन् । बाबुको आज्ञाबाट मेरी पत्नी सीतालाई पनि साथमा लिई, दण्डकबनमा आई बसेको थिएँ । त्यहाँ सीतालाई कुनै राक्षसले हरण गऱ्यो र तिनैलाई खोजदै यहाँ आएका हौं; तिमी कसका को ह्वौ? भन" भने ।

वटुकले "बानरका राजा बुद्धिमान् सुग्रीव, चारजना सल्लाहकारलाई साथमा लिएर यसै पहाडका टाकुरामा बसेका छन्, दुष्ट चित्त भएको बालीको कान्छा भाइ हुन । तिनै बालीले निकाली उनकी स्वास्नी पनि हरेको हुनाले, तिनैका डरले यो यो ऋष्यमूक पहाडको आश्रय गरो बसेका हुन म उनै सुग्रीवको मन्त्री, वायुको छोरो अञ्जनीको गर्भबाट जन्मेको 'हनूमान्' भनी प्रख्यात छू । हजूरले उनै सुग्रीवसंग मित्यारी लगाउन योग्य होला भन्ने ठान्दछू । हजूरकी स्त्री हरण गर्नेलाई मार्न, हजूरलाई सहाय हुनेछ; यदि चित्तले मान्दछ भने अहिल्यै जाऔं पाल्नुहोस" भने ।

रामले "हे कपीश्वर! म पनि तिनैसंग मित्यारी लाउन भनी आएको हूं, सखिलाई परेको काम१ गर्नेछू" ।

हनूमानले "हे राम! सुग्रीव बसेको टापुमा जाऔं," अनी, आफ्नो स्वरूप लिई दुइकाँध थापेर "लौ दुवैभाइ मेरा काँधमा चढनु होस" भनी, दुवैलाई काँधमा चढाई, उफ्रदै टापूमा पुऱ्याए ।

टापुमा, राम लक्ष्मणलाई बृक्षका छायाँमा विश्राम गराई, आफू सुग्रीव छेउ पुगेर "हे राजन् बालीले पठाएको हो कि' भन्ने झस्का नलिनुहोस झट्टै उठनुहोस राम लक्ष्मण आइपुगे! तपाईंले रामसंग मित्यारी लगाउने योजना पनि गरेको छू । अग्निलाई साक्षी राखो, मित्यारो लगाइ हाल्नुहोस" भने ।

१–बालीलाई मार्नपर्ने काम ।

हनूमानको कुरा सुन्दा, दङ्गपरेका सुग्रीवले, रामछेउ आई रूखको हाँगा काटेर रामलाई आसन दिए । हनूमानले लक्ष्मणलाई र लक्ष्मणले सुग्रीवलाई रामचन्द्रको बनबास देखि सीताहरण सम्मको वृत्तान्त सबै सुनाए ।

सुग्रीवले, रामसंग "हे राजेन्द्र ! सीताको खोजीगर्ने काम म गर्दछू, हजूरको शत्रु मार्नलाई सहाय पनि हुनेछू । पहिले, अगि मैले देखेको केही कुरा बताउँदछू :—

एकपटक, म यिनै साथीहरूका साथमा यसै टापूमा बसी रहेको थिएँ, कसकी को हुन यौटी, रूँदै कराउँदैको यौबनावस्थाकी सुन्दरी स्त्रीलाई, कुन राक्षसले हो आकाशमार्गबाट लगी रहेको देखें, उनी 'राम राम' भनी कराउँदै पनि थिइन । उनीले हामीलाई देखेर झटपट गहनाहरू फुकाली, पछ्यौराका टुक्राले पोको बाँधी तलतिर हेरी खसालीन । उनीलाई राक्षसले परै पुऱ्यायो । त्यो पोको मैले, गुफामा राखेको छू, हजूरले हेरी हजूरको पत्नीको हो वा होइन, निश्चय गर्नुहोस" भनी, पोको ल्याई देखाए ।

राम, उ पोको फुकाई हेर्दैमा साधारण मानिस झैं त्यस पोको छातिमा जोरेर "हा सीते ! हा सीते !" भन्दै, रूनलागे । लक्ष्मणले रामलाई संतोष गराउँदै "बानरेन्द्रका सहायबाट, रावणलाई मारी चाँढै नै सीतालाई भेटिबक्सिने छ" भने ।

सुग्रीवले "हे राम ! म प्रतिज्ञा नै गर्दछू, युद्धगरो रावणलाई मारेर हजूरकी जानकी म टक्र्याउने छू" भने ।

हनूमानले अग्नि प्रज्वालन गरी दुवैका मुखमा हेरेर "अग्निलाई साक्षी गराई मित्यारी लाउनुहोस" भने । राम, सुग्रोव दुवैले, पाखुरा पसारो परस्परमा अंकमाल गरेर 'सखे' भन्दै, बिधिपूर्वक[1] मित्यारी लगाए ।

सुग्रीवले रामलाई आफ्नो वृत्तान्त सुनाउँदछन् — "हे सखे ! वालीले अगि, म उपर गरेको वृत्तान्त सुन्नुहोस । 'मय' को छोरो 'मायावी' दैत्यले, वालीसंग लड्न

१–शिष्टाचारमा लेखिएको,–'अञ्चल बन्धन, दुर्वाबटन, आलिगन, प्रदक्षिणा आदि बिधिपूर्वक ।

भनो किष्किन्धमा आएर, सिंह झैं गर्जदै बालीलाई जिस्क्याउन लाग्यो, त्यो सुनी सहन नसक्ता रिसले जलेको बालीले उसलाई एक मुट्की चख्याए ! त्यसको चोट सहन नसक्ता, मायावी दगुदैं भाग्यो । त्यसलाई लखेटदै बाली दगुरे, म पनि उनको पछि लाग्दै दगुरें ।

मायावी गुफाभित्र पसेको देखेर, बालीले मलाई "तिमी बाहिरै बस म भित्र पस्तछू" भनी गुफाभित्र पसेर महिना दिन सम्म निस्केनन् !

महिना बितेपछि, गुफाको द्वारबाट रगतको भल निस्कदा, 'वाली मरेछन' भन्ने ठानी, मन दुखाउँदै जीवै तातेको मैले, गुफाको ढोका ठूलो ढुङ्गाले छोपी फर्केर, घरमा दाज्यू–भाइहरू सवैसंग "दाज्यू राक्षसबाट मारिएछन्। भनें । त्यो सुनी दुःख मानेका सवैले, मेरो इच्छा थिए तापनि मलाई राज्याभिषेक गराए ।

केहि कालपछि, वाली आएर मलाई रिसले खरो[१] बचन लगाउंदै, मुटकीले ठटाउँदा, डरले नगरबाट भागी लोकै भनेजस्तो घुमो, यो ऋष्यमूक पहाडमा ऋषिको शरापको[२] डरले बाली आउन नसक्ने हुंदा, मैले आश्रय लिएको हूँ । त्यसैबखत देखि मेरी स्वास्नी पनि उसैले सुमरी रहेछ । अतश्च, स्वास्नी घर केही नहुंदा दुःखित भई बसी रहेछू; आज तपाइँजस्ता मित्र पाउँदा सुखी संझेको छू" भने ।

मित्रको दुःखमनाउवाट, आफूले पनि दुःख मानेका रामले "तिम्रो स्वास्नी हर्ने शत्रुलाई म चाँढै नै मारि दिनेछू" भनी प्रतिज्ञा गरे ।

सुग्रीवले "हे महाराज ! बाली, 'जगत भरिमा अति बलियो' भनो कहलाएको छ ! देवताहरूको पनि आँट नपुग्ने त्यसलाई, हजूरले कसरी मार्नुहोला ! त्यसको बल सुन्नुहोस :–

अगि, कुनैबखतमा अति ठूलो शरीर र अत्यन्त बलभएको 'दुन्दुभि राक्षस'ले बालीसंग लडन्त गर्न भनो ठूलो राँगोको रूप लिई रातमा किष्किन्धामा आई डर-

१–'भ्रापृद्वेषी' इत्यादि बचन । २–सरापको कारण केंही पछि खूल्ने छ ।

लाग्दो आबाज निकाली बालीलाई बोलायो । त्यो सुन्दा, रिसले चुरिएकै बालीले, बाहिर आई उसका सिंगमा समाती, भूइँमा लडाएर एकखुट्टाले उसको शरीरलाई थिची, दुइहातले उसको ठूलो टाउको समाता घुमाउँदै, गर्धनबाट छिनालेर आकाश तर्फ उफारी फ्याँकि दियो! त्यो टाउको, चारकोस आकाशमा पुगी रगत चुहाउँदै, 'मातंग ऋषि' का आश्रमको नगीचमा लडेछ ।

आश्रममा रगतको बृष्टि परेको देखेर, क्रोधले मूर्च्छामा परेजस्तो भएका मातंगले बालीलाई "अब यस पर्वतमा आइस भने टाउको फुटेर मर्नेछस" भनी सराप दिएका थिए! अतः ऊ यहा आउन नसक्ने थाहा पाएर, म निर्भय भई बसेको हूँ ।

हे राम! त्यस दुन्दुभिको टाउको पर्वतको आकारमा रहेको ऊ त्यही हो हेर्नु होस! त्यसलाई बाणले हुत्याउन सक्नुभयो भने मात्र बालीलाई मार्न सक्नुहोला! भनी, पहाड जस्तो टाउको देखाए ।

रामले, त्यस टाउकोलाई टुलुटुलु लेरी, मुसुमुसु हाँसी, हातका बुढो औंलाले चालिस कोस पर हुत्याइ दिए! त्यो अद्भूत देखेर सबैले "जय! जय! धन्य! धन्य! को शब्द उठाए ।

फेरि पनि सुग्रीबले "हे राम! बालीले ती अगाडि रहेका सातओटा अति बलिया, ताडका रूखलाई, हातले हल्लाई सहजैसंग निप्पत्र गराउँदछ! यदि हजूरले एकै बाणले छेडी सबैमा प्वालपार्न सक्नु भयो भने ता, हामी सबैलाई, 'हजूरबाट बाली मारिने भयो' भन्ने विश्वास पर्दो हो" भने ।

रामले, "हुन्छ" भनी, धनुमा वाण चढाई छोडदा, ऊ वाण सातै बृक्षलाई छेडेर, पहाड र जमीन समेत ठक्करले फोर्दै फर्की रामका ठोक्रामा पस्यो! त्यो समेत देखदा, आश्चर्य मानेका सुग्रीव रामको स्तुति गर्नलागे :–

"हजूर ता जगन्नाथ' 'परमात्मा' भनी चिन्हें ।
गरेछु अगि पुण्यै र, पाएँ संगत आज यो ॥

महात्मा भज्दछन् जस्को, मायाभोग[१] छुटोस भनी ।
त्यस्ता मोक्ष दिने पाई, मागूँ भोग कसोगरी ! ॥

स्त्रीपुत्रधनराज्यादि, मायाका हुन वनोट ती ।
चटकै झइ बन्छन् र, देखिन्छन जगतै भरी ॥

अतः खोज्दिन[२] केही म, होइबक्स्योस प्रसन्न नै ।
माटोमा यत्नगर्नेले, खानि[३] भेटे झईं गरी ॥
आनन्दको अनुभव, पाएँ यो आज भाग्यले ।
अनादिको अविद्याले बनेको बन्धनै[४] छुट्यो ॥
यज्ञ दान तपः कर्म सक्तैनन छिन्न बन्धन ।
किन्तु झन बलियो[५] पारी संसारैमा भुलाउँछन ॥

पाद दर्शन मात्रै हो, नाशने झट्ट बन्धन[६] ।
आधाक्षण पनी जस्को, चित्त लाग्छ हजूरमा ॥

त्यसको नाशिन्छ अज्ञान, जो हो मूल अनर्थको[७] ।
अतश्च 'मन' यो मेरो, प्रभुमा नै रहोस सधैं ॥

'राम' 'राम' लिई नाम, जसको वाणी त गाउँछ ।
जस्तोसुकै पनि पाप, नाशिई शुद्ध हुन्छ त्यो ॥

खोज्दीन शत्रुको नाश, धनदार सुखै पनी ।
प्रभुमा भक्ति नै खोज्छू, जो बन्धन छुटाउँछ ॥

माया हजूरकीले नै संसारी म बनाइएँ ।
अंश[८] हूँ हजुरेको म, पाउको भक्ति बक्सियोस ॥

मायाले ढाकि बिग्रेको चित्तको म थिएँ अगी ।
देख्दथें शत्रु मित्रादि उदासीन[९] यताउती ॥
पाउका दर्शनैबाट, के का शत्रु र मित्र छन ? ।
सबै समान हो 'ब्रह्म', भन्ने ज्ञान म मा पस्यो ! ॥

१–जन्म मरणादि । २–मायाबाट बनेको संसारको भोग खोज्दिन । ३–धनको थुप्रो । ४–बिषयबासनारूप बन्धन । ५–यज्ञ आदिले पाइने फलको भोगबाट बासनालाई बलियो गराई । ६–बिषय वासनारूप बन्धन । ७–केही काम नलाग्ने अनियत कुराको । ८–हजूरकै प्रतिबिम्बि रूप हुनाले 'अंश' । ९-शत्रुका शत्रुको शत्रु ।

मायामा भुलिदासम्म, गुणले[1] छ विशेषता[2] ।
विशेषता रहेसम्म भिन्न भाव गराउँछ ।।
भिन्न भाव रहेसम्म मृत्युले भय पार्दछ ।
अतश्चाऽज्ञान सेवाले पर्छ है अन्धकारमा ।।
मायामूल छ संसार,– पुत्र दारादि बन्धन ।
त्यो माया प्रभुकी दासी हो, छुटाउनुहोस म मा ।।

चित्त, अर्पण रहोस पाउमा, बोलि, नाम प्रभुको लिई रहोस ।
भक्त सेवन गरून यि बाहुले, अंगसंग प्रभुमा रही रहोस ।।
आँखा परून मूर्ति र भक्तमा प्रभो! त्यस्तै त आफ्ना गुरूमा पनी परून् ।
कानै सुनुन् जन्म र कर्मका कथा, गोडा पनी मन्दिर खोजदै हिंड्डुन ।।
हजूरको पाउ धुलो मिलेको,–तीर्थै सबै घुम्न रहुन यि पाऊ ।
शिवादिको सेव्य यिपाउमा नै, शिरै सधैं ढल्कि रहोस राम! ।।"

इति किष्किन्धाकाण्डे प्रथमः सर्गः ।।१।।

एवं, आफ्नो आलिंगन परेबाट, सकल पाप पखालिएका सुग्रीवको स्तुति सुनेर, रामले कार्यसिद्धिका[3] निमित्त सुग्रीवलाई, हाँस्दै मोहगराउने मायाले[4] छोपी, हे सखे! तिमीले म उपर जो जो भन्यौ, त्यो सबै सत्य छ । किन्तु लोकले 'रामले अग्निलाई साक्षी राखी मित्यारी लगाएर सुग्रीवको उपकार पो के गरे!' भन्नेछन् र मलाई लोकापवाद पर्नेछ । त्यसकारणले मेरो बचन लिएमा तिम्रो पनि कल्याण हुन पाउने हुंदा,–किष्किन्धामा गएर युद्ध गर्न भनी बालीलाई बोलाऊ, म त्यसलाई एकै वाणले मारेर, तिमीलाई राज्यमा अभिषेक गराउने छू" भने ।

सुग्रीवले 'तथास्तु भनी, किष्किन्धाको बघैंचामा पुगेर, ठूलो शब्द गरो बालीलाई बोलाए ।,भाइको बोलि सुनी राता आँखा लिदै निस्केको बाली सुग्रीवको नगीचमा पुग्दा उनको छातिमा, सुग्रीवले एकमुटकी ठटाए । अति क्रूर भएको बालोले

१–मायाका सत्त्वरजस्तमोगुणले । २–मित्र, शत्रु उदासीन आदि विशेषता । ३–रावण वधगर्ने कार्यको सिद्ध । ४–आरण्यकाण्डको नबमसर्गमा कहिएको,—विराटरूपको वयानमा बताए बमोजिम, भगवानको हाँसो नै मोह गराउने मायाको रूप हुनाले, त्यसबाट छोपेर ।

दुवै हातको मुट्की उठाई सुग्रीवको छातिमा ठटाए । एवं दुवै क्रुद्ध भई परस्परमा लड्न लागे ।

त्यस बखतमा, दुवैको समान रूप देखिदा बिस्मय भएका रामले, सुग्रीवमा पर्ला भन्ने शङ्काले वाण छोडेनन् । डरले आत्तिएका सुग्रीव, रगत वमनगर्दै भागे । बालो पनि आफ्नो घरभित्र पसे ।

पछि, सुग्रीवले "राम ! तपाइँलाई मराउने इच्छा भए, दाज्यू रूपी शत्रुबाट किन मराउनु हुन्छ ? तपाईंले नै मार्नुहोस; हे सत्यवादिन[१] ! हे शरणागतबत्सल ! मलाई त्यत्रो विश्वास देखाएर, के कारणले पन्छाउनु हुन्छ ?" भने ।

सुग्रावको दयालाग्दो बचन सुन्दा, आँसु काढेका रामले, सुग्रीवलाई अंकमाल गरी "तिमी न डराऊ, तिमीहरू दुवैको एकै रूप देखिदा मित्रघातित्त्वदोष पर्नजाला भन्ने शङ्काले, मैले वाण छोड्न सकिन ! अब, भ्रम हुन नपाओस भन्नाका निमित्त, तिमीलाई चिह्न लगाई पठाउँदछू । एकपटक फेरि गई बोलाऊ, तिम्रो शत्रु मरेको देख्न पाउने छौं । हे भाइ ! म राम[२] हूँ तिमोसंग शपथ गर्दछू तिम्रो शत्रुलाई क्षणैमा मार्नेछू,' भनी, सुग्रीवलाई शान्त गराएर लक्ष्मण संग "सुग्रीवका घाँटीमा फुलकोमाला बाँधेर पठाऊ भने । लक्ष्मणले सुग्रीवको गलामा फुलको माला बाँधी 'जाऊ' भनी पठाए ।

सुग्रोबले तमसिदै गएर अद्भुतशव्द गर्दै, वालीलाई जिस्क्याउन लागे । त्यो भीषण शब्द सुनेर आश्चर्यसाथै क्रुद्ध भएको बाली, कम्मर कस्दै निस्किन लाग्दा, ताराले[३] हातमा समाती रोकेर– "अहिले ता जान ठोक परोइन कि ! मलाई ता ठूलो शङ्का लाग्यो ! भर्खरै मात्र डराइ भागेको जोरि तुरून्त आउँदछ भने, त्यसको अर्को कोही बलवान सहाय पनि अवश्य आएको हुनु पर्दछ" भनीन ।

बालीले "हे सुन्दरि ! त्यो तिमीलाई परेको शङ्का[४] परै रहोस हात फुकाइ परै रहोस हात फुकाइ जाऊ, म शत्रुलाई मारी चाँढै फर्कने छु । त्यसको सहाय को

१–यसमा, "ए सत्यवादी भनाउंदो" भने झैं आक्षेप परेको छ । २–यस बचनले, मिथ्यावादी होइन भन्ने बुझाउंछ । ३–बालीकी पत्नी । ४–सहाय आएको होला भन्नेकुराको शंका ।

होला ! रहेछ त भने दुवैलाई एकक्षणैमा मारी आउने छू; शङ्का शोक नलेऊ । शूरो बलोयोले आफूसंग लड्न बोलाउने शत्रु आएको थाह पाइकन, घरभित्र चुपलागी कसरी बस्ला ! छोड, त्यसलाई मारेरै आउने छू" भने ।

ताराले "हे राजेन्द्र ! अगि, छोरो अंगदले "शिकारमा जाँदा सुनेको" भनी, मलाई सुनाएको एउटा कुरा पनि सुनाउँदछू, त्यो पनि बिचार राखी यथोचित गर्नु होला,—अयोध्याको राजा दशरथको छोरो राम, भाइ लक्ष्मण र पत्नी सीतालाई साथमा लिई, दण्डकारण्यमा आइबसेको बखतमा, सीतालाई रावणले हरण गरेछ र रामले भाइलाई साथमा लिई सीताको खोजी गर्दै ऋष्यमूकमा पुगेर सुग्रीवलाई भेटेछन् । सुग्रीवले, अग्निलाई साक्षी राखी रामसंग मित्यारी पनि लाएछन र रामले सुग्रीवसंग "बालोलाई मारी, तिमीलाई राजा गराउने छु" भनी, प्रतिज्ञा पनि गरे रे' भनी सुनाएको थियो, अहिले त्यही निश्चय लिएर अवश्य ती दुवै आएका होलान्, यो मेरो निश्चय१ लिनुहोस । नहीं भने भर्खरै भागेको फेरि किन आयो ?

अतश्च तपाईंले, सर्वथा वैरभाव छोडी सुग्रीवलाई बोलाई, योबराज्यमा अभिषेक गरो चाँढे नै रामको शरण लिएर, म छोरो राज्य कुल समेत सबैको रक्षा गर्नुहोस" भन्दै, आँसुको धारा बहायकी तारा, दुइहातले बालीको गोडा समाती पसारिएर विह्वल हुंदै रून लागोन ।

बालीले, तारालाई अंगालो हालों "हे प्रिये ! स्त्री स्वभावले गर्दा तिमो भय मान्दछयौ, मलाई भय छैन; यदि राम आएका रहेछन् भने, रामसंग मेरो स्नेह२ नै हुनेछ, शङ्का छैन !

राम, साक्षात्, नारायण जगदीश्वर भूभार हरणलाई अवतार लिएको भनी, मैले पहिल्यै सुनेको छू । उहाँ देबताका पनि ईश्वर, भक्तिले मात्र चिह्निने, आफ्ना भक्त उपर आफू पनि भक्तिलिने स्वभाव भएको हुनुहुन्छ । त्यस्ता परमात्मामा, स्वपक्ष परपक्ष भन्ने भाव रहदैन, उहाँका चरणमा दर्शन गरेर घरैमा लिई आउनेछू । यदि सुग्रीव एकलो आइलाग्दछ भने, त्यसलाई क्षणैमा मारी छोडने छू ।

१—परस्पर सहाय भएको निश्चय । ४—रामको कार्य तिमित्त, सुग्रीवमा भन्दा म मा समर्थ हुनाले, भन्ने भाव ।

तिमीले "सुग्रीवलाई यौवराज्य दिनु' जो भन्यौ, त्यसकुरालाई पनि, सकल लोकमा सुरो बलियो भनी कहलाएको र शत्रुले लड्न भनी बोलाएको म] बालीले, शत्रुसंग अत्यन्तकातरको बोली कसरी बोलला ! त्यसकारणले हे सुन्दरी ! शङ्का पीर कत्ति नलिई, चुपलागो बसी रहू" भनी, आँसुखसालेकी तारालाई कुराले संझाएर, बाली बाहिर निस्के ।

सुग्रीवले आफूतर्फ आउँदैका बालीलाई पुतली उडे झैं उफ्री झम्टदै दुवैहातका मुड्कीले ठटाए । एवं बालीले सुग्रीवलाई र सुग्रीवले बालीलाई पिट्तै दुवै लड्न लागे । मुग्रीव, रामतर्फ पनि आँखा[१] दिदै थिए ।

ती दुइको लडन्त हेरदै, बृक्षका झाँग भित्र अदृश्य भई बसेका रामले, ठौक्रो-बाट वाण निकाली ऐन्द्र[२] धनुमा चढाई, काँधसम्म खिचेर बालीको हृदयलाई तारो गराई वेध गरे । वज्र समानको त्यस बाणले, धनुकाटंकारबाट जिमिनै थर्काउने शब्द निकाल्दै उफ्रेर बालीको छातिमा पछारिई छाति फुटायो ।

वाणको चोटले, दुइघडी निश्चेष्ट भई, होसमा आएको बालीले आफ्नो अगाडि वायाँहातमा धनुर दाहिने हातमा वाण लिएका, कमलजस्ता नेत्र, फैलिएको छाति, लामा–लामा मोटा दुइ बाहु भएका, रूखका बोक्राको बस्त्र, जटाको मुकुट, झलंकदार बनमाला पहिरेका, दुवाको जस्तो कान्ति भएका, दायाँ–बायाँमा सुग्रीव र लक्ष्मणले सेवा गरेका, रामलाई देखेर, सुस्त–सुस्त बोलीले, अपवाद लगाउँदै भन्न लागे :–

हे राम ! मैले तिम्रो अपकार के गरें ? जसबाट म मारिएँ ! रूखका अन्तरमा लुकी, वाण छोडने तिमी, राजधर्म नजानी निन्दित कर्म गर्‍यौ ! चोरले झैं युद्धगर्ने तिमीले, मलाई मारेर यश पो के पाउला[३] ! यदि तिमोमा, 'मनुका वंशमा जन्मेको क्षत्रिय हूँ' भन्ने अभिमान रहदो हो त, मेरो समक्षमा युद्ध गरेर त्यसको फल यश वा मरण प्राप्त गर्ने थियौ ! सुग्रीवले तिम्रो उपकार के गर्‍यो ? अथवां मैले के

१–यसलाई चाँडै मार, भन्ने आंखाको इशारा । २–र्अग, अगस्त्यले बुझाएको धनु । ३–अपयशै पाउला भन्ने भाव ।

विगारें ? 'जङ्गलमा, तिम्रो पत्नीसाई रावणले हऱ्यो, त्यसैका निमित्त तिमी सुग्रीवको शरणमा गयौ' भन्ने सुनेको थिएँ ।

हे राम ! के भनूं ! मेरो लोक प्रख्यात बल तिमीले थाह पाएनौ ! मैले मन लगाउँदो हूं त, एक घडोको भित्रमा कुलै समेतको रावणलाई बाँधी, लंका सहित सीतालाई ल्याउन सक्ने थिएँ ।

तिमी लोकमा धर्मिष्ठ भनी कहलाउँछौ, व्याधाले झैं गरी वानर मारेर, कुन धर्मले कोर्ति पाउने भयो ? बानरको मासु अभक्ष्य हुनाले, मलाई मारेर यसलोकमा पो के गर्ने भयौ ? लौ भन ?" भनी वक वक[१] गर्नलागे ।

रामले, "म धर्मको रक्षागर्ने भई यसलोकमा ठोक्रोभिरो घुम्दछू र अधर्म गर्नेलाई मारी[२] सद्धर्मको पालन गर्दछू । सबै लोकमा, छोरी दिदी–बहिनी भाइबुहारी छोराबुहारी यी सबै समान हुन्छन् । यिनै मध्ये कुनै एकलाई अज्ञानले पनि सुमरेमा त्यो 'पातकी' ठहर्छ र राजाबाट वध्य सम्मको सजाय पाउने हुन्छ । तिमी, बलात्कारले आफ्नो कान्छो भाइको पत्नीसंग रमण गर्दछौ ! अतः, धर्ममा बिचार भएको मबाट मारियौ ।

"महात्माहरू डुलफिर बाट लोकलाई पवित्र गराउँदै हिंडेका हुन्छन्, तिनोहरूलाई निन्दा गर्न हुंदैन" भन्ने कुरा, तिमी बानर हुनाले तिमीमा त्यो ज्ञान रहेन्" भने ।।

त्यो सुनेर 'राम, लक्ष्मीपति हुन्' भन्ने पनि सम्झी, भयले त्रासिएको वाली, प्रणाम गरीं भन्नलागे :–

"हे राम ! हे राम ! हे महाभाग ! हजूरलाई परनेश्वर भनो सम्झें, नसम्झदा केही अपवादको बचन लगाएँ, क्षमा रहोस । हजूरका वाणको आघातले त्यसमा पनि हजूरका स्वरूपको ज्ञानपूर्वक हजूरको अगाडिमा प्राण छोड्दछू ।

१–प्रक्रियामा नमिल्ने, वेरितको बाक्यलाई 'वकवक' भन्दछन । ५–अधर्मीलाई मारनु, सद्धर्मपालनको अङ्ग हुनाले, अधर्मीलाई मार्नं दोषछैन भन्नेमात्र ।

हुन त हजूरका स्वरूपको ज्ञान, ठूला योगीहरूलाई पनि दुर्लभ छ ! तथापि धन पुत्रादिमा ममता स्नेहबाट छोपिएकाले पनि, मर्ने बखतमा जसको नाम लिदा परमपद पाउने हुन्छ । अहिले अगाडि मै रहन आएका तिनै परमात्माको दर्शन गर्दै मर्नलागेको मेरो, परमपद प्राप्तिलाई वक्तव्य के रह्यो !

हे देव ! हजरलाई 'पुराणपुरूष' र जानकीलाई 'लक्ष्मी' भन्ने ठान्दछू । ब्रह्माबाट प्रार्थना हुंदा, रावण मार्नलाई जन्मनु भएको हो ।

हे राम ! जान लागेको मलाई उत्तम लोक प्राप्ति निमित्त आज्ञा बक्सियोस । म समान बलभएको बालक अंगद उपर दया रहोस । हे भगवन् ! हजूरका बाहुले मेरो छातिमा छोएर काण निकाली बक्सियोस" भनी प्रार्थना गरे ।

रामले "हुन्छ" भनी, वाण निकाली बाहुले स्पर्श गर्दा बालो, बानरशरीरलाई त्यागी, इन्द्रका स्वरूपमा मिले१ ।

श्रीरामको शर बिझेर पछारिएका, श्री रामले हृदयमा पछि छोइएका ।
त्यागेर बानर शरीर, वनेर दिब्य, पाईनसक्नु पद पाइ गए ति बाली ।।

इति किष्किन्धाकाण्डे द्वितीयः सर्गः ।।२।।

बाली मारिएपछि, भयविह्वल बानरहरू दगुर्दै सहर भित्र पसेर, तारालाई "हे महाभागे ! बाली मारिए ! अंगदलाई बचाऊ, सहरको रक्षालाई मंत्रीहरूलाई अह्राऊ, हामी चारौंतर्फ ढोका वन्द गरी पहरा दिन्छौं, अंगदलाई 'राजा' वनाऊ" भन्नलागे ।

पतिको मृत्युसुनेकी तारा, शोक ग्रस्त भई दुइहातले आफ्नो शिर र छातिमा ठटाउँदै "मलाई, अंगद राज्य धन सहरले के गर्छ ! अहिले नै पतिका साथै अग्निमा प्रवेश गरी मर्दछू" भनी, रूँदै झाँक्रो फिजाउँदे दगुरी, वालीका लाशको नगीचमा पुगेर, रगत र धुलोले मुछिई लडेको लाशलाई देखदा, "हे नाथ ! हा नाथ !!"

१–इन्द्रका अंश हुनाले त्यसैमा लय भयो ।

भन्दै, रूँदै पतिका दुइगोडामा लडीन, दयालाग्दो विलौंना लिदैकी ताराले, नगीचैमा रामलाई देखेर "हे राम! जुन बाणले बालीलाई मारेथ्यौ, त्यही[1] बाणले मलाई मार म पतिसंग एकता भई जान्छू! पतिले मलाई खोजनु हुनेछ। उहाँलाई म विना स्वर्गमा पनि सुख मिल्ने छैन!

पत्नीसंगको वियोगले हुने दुःख, तिमीले पनि भोगेकै छौ; मलाई पतिको जिम्मा लगाऊ तिमीलाई पत्नीदानको[2] फल मिल्नेछ।" भनी, सुग्रीव तर्फ आँखो दिएर "हे सुग्रीव! बालीलाई मार्ने रामले दिलाएको निष्कण्टक राज्य, रूमा[3] लाई रमाउँदै, सुखपूर्वक भोग गर" भनीन्।

एवं, बिलाप लिएकी तारालाई, रामले, दयापूर्वक मधुरो बचन गरी तत्त्वज्ञानको उपदेशबाट सम्झाउन लागे,–"हे भीरू! शोकको ठामै नभएको पति उपर, अबूझ भई व्यर्थको शोक किन लिन्छचौ! तिम्रो पति, शरीर हो कि, जींव हो; कुन हो? बुझेर भन! शरीरलाई मात्रै हो भने, शरीर,–काल–कर्म गुण[4] सम्पन्न पञ्चमहाभूतले बनेको, छाला मासु रगत हाडले जमेको 'जड' हो; त्यो अहिले पनि तिम्रो अगाडिमा नै छदैछ।

जीवलाई मात्रै हो भने 'जीव' अबिनाशी छ, त्यसमा जन्मनु मर्नु बसनु हिंडनु कुनै क्रिया रहदैन। स्त्रो पुरूष नपूंसक कुनैको भाव रहने पनि होइन। एक मात्र भई सर्वत्र समताले रहने आकाशजस्तो हुंदा, मायाका गुण पनि कुनै नरहने, नित्य ज्ञानमध शुद्ध छ। त्यस्तो अबिकारी अबिनाशी उपर के को शोक!" भनी, तत्त्व बुझाए।

तत्त्वको उपदेश सुनीरहेकी ताराले–"हे राम! शरीर, मूढोजस्तो अचेतन र "जीव" अपरिणामी नित्य ज्ञानस्वरूप, हो भने, सुख दुःखादिमा सम्बन्ध कसको हो त?" भनीन।

१–बालीको शरीरमा स्पर्श भएको बाणबाट मेरो शरीरमा स्पर्श हुंदा, मलाई सुख गराउने हुन्छ, भन्ने भाव। २–त्यस धर्मबाट तपाईंले पनि आफ्नो पत्नीलाई भेटन पाउनु हुनेछ, भन्ने भाव। ३–सुग्रीवको पत्नी। ४–सत्त्वरजस्तमोगुण।

रामले "जहाँसम्म, देह र इन्द्रियहरूमा अन्तकरणद्वार अहंकारादि[1] सम्बन्ध रहने हुन्छ, त्यहाँसम्म अविवेकीलाई[2] शरीरादिमा नै 'आत्मा' भन्ने समझ पर्दछ र त्यसैबाट 'सुख दु:खादि संसृति' आत्माको भन्ने बुद्धि गराउँदछ । एवं अर्काको अविवेकले शुद्ध आत्माको उपर आरोप भएको संसृति, आफै हटतैन, तत्त्वको ज्ञानले मात्र हटाउँदछ । जस्तो,–स्वप्नमा देखिएका मिथ्या पदार्थहरू आफै हटतैनन, जाग्रत अवस्थाले मात्र हटाउँदछ ।

अनादि अविद्याका[3] सम्वन्धबाट र तत्कार्य अहंकारबाट उत्पन्न भई राग द्वेष आदिले मुछिएको संसार, अत्यन्त मिथ्या[4] छ । अन्त:करणको मूलकारण पनि त्यहो मिथ्या हो । सुख दु:खादि भोग गराउने मन हो, त्यसै मनसंग समानता भइरहेको आत्मा, मनको स्वभावले हुन आउने बन्धन (भोगादि) बाट, आफू पनि बद्ध भए जस्तो मान्दछ ।

जस्तो–शुद्ध स्फटिक, माहुर आदि रंगीन बस्तुका साथमा रहँदा, तिनै बस्तुका रंगको भान हुन्छ तापनि बास्तवमा रंग चढेको हुंदैन । त्यस्तै–मनसंग समानताले रहेको आत्मामा, मनको बृत्ति (चाल चलन) मिल्न सक्तैन ।

एवं, धर्म कर्म बुद्धि इन्द्रिय आदिको लसपसले गर्दा, आत्मालाई लौकिक जनहरूले बलात्कारै 'सांसारिक' भनो ठान्दछन । मन, जड हुनाले ज्ञानादिपैदा गर्न सक्तैन । आत्माको चैतन्यलाई केही साथमा पाएर, अनेक बिषयहरू भोगदै रहेको हुन्छ । तिनै बिषयहरूका सम्वन्धबाट पर्न आएका रागद्वेषादि सहने भई 'आत्मा' बलात्कारैले वद्ध भएजस्तो भएको हुन्छ ।

मनले, पहिले रागद्वेषादि गुण पैदा ,गरो तिनैबाट सेता[5], राता[6] काला[7] अनेक कर्महरू उत्पत्ति गराई, तिनै कर्म सुहाउँदो गति[8] गराउँदछ ।

१–म मेरो इत्यादि । २–'आत्मा अलग हो' भन्ने ज्ञान नभएकालाई । ३–अनात्मामा आत्मा भन्ने बुद्धिको सम्बन्धबाट वा मायाका सम्बन्धबाट । ४–विनाकामको छ । ५–हिंसादि नपरेको जप ध्यानादिरूप सात्त्विक कर्म । ६–हिंसादि मिसिएको यज्ञ आदि राजसकर्म । ७–तामसिक पाप कर्म ८–पहिलो, सात्त्विक कर्मबाट ब्रम्हलोक प्राप्तिरूप उत्तमगति, दोश्रो–राजसिक कर्मबाट मध्यम स्वर्गगति, तेश्रो–तामसिक कर्मबाट अधम नरकगति ।

एवं प्रकारबाट, कर्मका वशले "जीव' प्रलयकालसम्म घुमीरहने हुन्छ। प्रलयमा अन्तःकरणबाट आरोप भएका कर्म र तदनुसारको वासनाका साथै, अन्तःकरणको स्वभाव–अनादि अविद्याको वशमा परी त्यसैमा लीन भई बस्तछ ।

फेरि सृष्टिकालमा, अगिकै वासना र कर्मका साथै, बर्षाकालमा भ्याक्तौ झैं प्रकट हुन्छ । एवं, सृष्टि र प्रलयमा, घडो थापने यन्त्र झैं, तल र माथि भइरहन्छ।

कुनै बखतमा पुण्यबिशेषले, शान्तसज्जन मेरा भक्त संगको संगत हुन पायो भने, अगि देखि दुर्लभ भइरहेको 'ईश्वर ठूलो' भन्ने बुद्धि आउँदछ र मेरो कथा सुन्ने श्रद्धा पैदा गर्दछ ।

ईश्वर बिषय श्रद्धा भएपछि, मेरो स्वरूपको ज्ञान गराउने बिषयहरूको[1] बोध हुन्छ । त्यसपछि, आचार्यका अनुग्रहले बाक्यार्थ[2] ज्ञानबाट, श्रवण, मननादिमा उत्साह पूर्वक धनुष्ठानद्वारा देह इन्द्रिय मन प्राण अहंकार देखि भिन्न, सत्य आनन्द अद्वितीय 'आत्मा' लाई चिह्नेर, आफैमारहेको आत्माको अनुभव[3] बाट चाँढै नै मुक्त हुन्छ; यी सबै सत्यकुरा बताएको छू ।

यी सबैकुरामा, चित्त लगाई चिन्तन लिनेलाई, ज्ञान प्राप्ति हुने हुंदा संसारको दुःखले छुन सक्तैन । तिमी पनि शुद्ध चित्त भई बिचार राख्ने गर, दुःख भन्ने कुरा पर्ने छैन कर्मको बन्धनवाट छुट्ने छौ ।

हे शुभे ! तिमीले पूर्वजन्ममा उत्तम भक्ति गरेकी थियौ, अतः अहिले मेरोरूप देखाएको छू । हरबखत मेरोरूपमा ध्यान दिई मैले भनेका कुरामा बिचार गर्ने गर, संसारमा परिआएको कर्म गर्दै गरे पनि कर्मको दोषले छुनेछैन" भनी तत्त्वको शिक्षा गरे ।

रामको शिक्षा सुनी आश्चर्य भएकी तारा, 'म' 'मेरो' भन्ने अहंकारले गराएको शोकलाई त्यागो- रामलाई नमस्कार गरेर 'आत्मा' को अनुभवमा संतुष्ट रही अनादि

१–अनित्य, अशुचि, दुःखरूपता, आत्मरूप, वैराग्य, नित्याऽनित्य विबेक आदि । २–'तत्त्वमसि' आदि बाक्यका अर्थको ज्ञानबाट । ३–यस्तो ब्रम्ह मै रहेछु' भन्ने अनुभवबाट ।

देखिको अज्ञानलाई खसाली जीवन मुक्त भईन । ती कुरा सबँ सुनोरहेका सुग्रीव पनि अज्ञानबाट छुटी स्वस्थचित्त भए ।

रामले "हे सुग्रीव ! मेरो बचन[१] लिएर, दाज्यूको निमित्त गर्नुपर्ने यथायोग्य पारलौकिक कर्म, छोरो अंगदबाट रीतपूर्बक गराऊ" भने ।

सुग्रीवले राजोपचार सबै पुऱ्याएको बालीको लाश, मुख्य–मुख्य बलीया बानर-हरूबाट पुष्पक समानको वाहनमा चढाई, दमात्रो कर्णाल आदि बाजा बजाउँदै, ब्राह्मण मन्त्री तारा अंगदसमेत र नगरका फौज मलामी गई, शास्त्रानुसारको संस्कार गरे ।

स्नान गरेर मन्त्रीहरूलाई साथमा लिई फर्केका सुग्रीवले रामका अगाडिमा पुगी नमस्कार गरेर "है राजेन्द्र ! बानरको समृद्ध[२] राज्य हजूरले चलाउनु होस, म दास हूँ ! लक्ष्मणले झैं पछि सम्म हजूरको सेवा गर्दछू" भने ।

रामले मुसुमुसु हाँसी "तिमी नै म हूं शङ्का छैन, मेरो बचन मानेर चाँढो गई किष्किन्धाको आधिपत्यमा आफूलाई अभिषेक गराऊ । म चौध वर्षसम्म सहरभित्र पस्तिन, तिम्रो अभिषेकलाई लक्ष्मण आउने छन् । अंगदलाई यौबराज्यमा अभिषेक गराऊ । म वर्षाकालसम्म यतै नगीच पहाडको टाकुरामा, भाइलाई साथमा लिई पर्खने छू । तिमो, बर्षा भरी शहरमा बसी, सीताको खोजीलाई यत्नपनि गर्दै गर" भने ।

सुग्रोवले, प्रणाम गरी, "आज्ञा बमोजिम गर्नेछू" भनी, लक्ष्मणलाई साथमा लिई शहरमा पसेर, रामको सेवामा उपस्थित भए ।

लक्ष्मण साथका रामले 'प्रवर्षण' पर्वतमा उक्ली सबै भन्दा माथि, प्रशस्त फैलिएको रमणीय टाकुरामा पुग्दा, स्फटिकबाट बनेको उज्ज्वल गुफा र निर्मल तलाउ पनि भेटेर, वर्षा हावा घामको सुविस्ता पनि हुने देखिएको र नगीचमा फल–मूलहरू हरू पनि भएको हुनाले, बासलाई रूचाए ।

१–तिम्रो शत्रुको संस्कारादि हामीले कसोरी गर्ने, भन्लान भनेर 'मेरो बचन लिएर' भन्ने उक्ति भएको ।
२–सम्पत्तिले सम्पन्न ।

दिव्य पुष्प फल मूल फलेको, मोति तुल्य जल ताल जमेको ।
चित्रबर्ण–पत्रुपक्षि झुलेको, टापुमा ति दुइ भाइ रमाए ।।

इति किष्किन्धाकाण्डे तृतीयः सर्गः ।।३।।

त्यस पर्वतमा, अरूपनि उता उति रहेका मणिका गुफाहरूमा घुमदै, रमाई बसेका रामले, आकाशमा हावाले छिचल–बिचल हुंदै, भिन्न–भिन्न बिजुलि चम्केका र केही गर्जेका, पानीले भरिएका मेघहरू; सुनका झुलहरू कसिएका हात्तीहरू झल्कदै गर्जदै हिंडे ज़स्ता देखिदा, रमाइलो मान्दै वर्षादको दिन सुखैसंग टारे ।

त्यहाँ, नयाँ पलाएका घाँस–पातहरू खाई, हृष्ट पुष्ट भएका अनेक जातका मृग र पक्षोहरू रामलाई देखदा उनका मूर्तिमा, एक टंकारसंग ठाडा आँखा लगाउँदै, ध्याननिष्ठ मुनिहरू झैं निश्चल भई रहने भए । एवं, पहाडमा एकान्त भई रहेका रामलाई, 'परमात्मा' भन्ने जानी सिद्धगणहरू मृग–पक्षीका रूपमा फौजभई, रामको पछि लाग्ने भए ।

एकदिन, लक्ष्मणले–"हे देव ! हजूरले अगि[1] बताऐका बाक्यबाट, म मा अनादि अविद्याले पारेका संशय हटचो । अब, लोकमा लौकिक पुष्पादि सामग्रीबाट योगीजन-हरूले गरिआएको पूजारूपक्रियामार्ग, सुन्न इच्छा गर्दछू :– जुन क्रियामार्गलाई नारदव्यास ब्रह्माहरूले "ब्राह्मण क्षत्रियादिका आश्रमको र स्त्री शूद्रहरूको पनि मोक्षदायक सुलभ साधन" भनी मानेका छन्, त्यहो क्रियामार्गविधान बताइ बक्सियोस" भने ।

रामले, "हे भाइ ! मेरो पूजा बिधानले अन्त्य छैन ! तथागि क्रमैसंग संक्षेपले बताउँदछू,–पहिले आफ्नो गृह्यसूत्रको बिधानले ब्रतबन्ध भई गुरूबाट मन्त्र पाएपछि, गुरूले बताएको विधिले मेरो भक्तिमा लागी, हृदय वा अग्नि वा सूर्यमा अथवा सुन, चाँधिका प्रतिमामा अथवा शालिग्राममा, एक चित्तले आराधन गरो पूजामा लाग्नू पर्दछ ।

१–अयोध्याकाण्ड चारौं सर्ग र आरण्यकाण्ड चारौंसर्गहरूमा ।

पूजाक्रममा,–देहशुद्धिका निमित्त वेद वा[१] तन्त्रका मन्त्रले, माटो लगाउने बिधान सहित स्नान गरी संध्या आदि[२] नित्यकर्म सकेर, कर्मसिद्धिका निमित्त संकल्प गरी पहिले गुरूलाई नै म भन्ने सम्झी पूजा[३] गर्नु ।

देवताको पूजामा, प्रतिमा पत्थरबाट बनेको भए, त्यसमा स्नान र, माटो, बा बस्त्र आतिबाट बनेको भए त्यसमा मार्जन सम्म गरी, शास्त्रप्रसिद्धका[४] गन्ध–पुष्पादिले गरेको पूजा, सिद्धि दिने हुन्छ ।

पूजा गर्दा,–मायाका गुण–छल कपट–सेखीहरूमा नफसी नियमले प्रतिमाहरूमा श्रृंगार गराउनु मेरो प्रिय हुन्छ । अग्निमा पूजागर्ने हो भने जुन देवताको पूजा हो उनै देवताको मन्त्रपढी घिउले हवन गर्नू । अथवा, सूर्यमा वा वेदिमा भएपनि पूजा नित्य अटूटले गर्नु । भक्तले श्रद्धागरी चढाएको पानी पनि मलाई प्रीति[५] गराउने हुन्छ, त्यस माथि गन्ध पुष्प भक्ष्य भोज्य आदि सामग्रीहरू जुटाई गरेको पूजामा ता झन के भन्नु पर्ला !

पूजाक्रममा,–देवताको अगाडि,[६] तल कुशासन, बिचमा मृगचर्म, त्यसमाथि कपडा बिछ्याई अथवा तीनमध्ये कुनै एक आसनमा[७] बसी एकाग्र भई, बहिर्मातृका न्यास[८] अन्तर्मातृका न्यास गरी, केशवादि[९] चौबिश नामले तत्त्वन्थास र मूर्तिपञ्जर[१०] न्यास गरेपछि मन्त्रन्यास[११] गर्नु । यिनै न्यास पूजाहुनेमूर्ति वा प्रतिमामा पनि कर्तव्य छन् ।

१–ब्राम्हणले वेदका मन्त्रले र अरू शूद्र स्त्रीहरूले तन्त्रका मन्त्रले । २–आदि शब्दले होम तर्पण इत्यादि । ३–गुरू नगीच नभएमा पनि चिन्तनले जलादिमा पूजनू, भन्ने संप्रदाय छ । ४–जुन बस्तुहरू देबतालाई चढने भनी, शास्त्र प्रसिद्ध छ सो चढाउनू, जुन निषिद्ध छ वा जात चिन्हिदैन, ती बस्तु चढाउन योग्य हुँदैन । ५–यस उक्तिबाट, भक्ति नै मुख्य छ भन्ने बुझाइन्छ । ६–अगाडि भन्नाले, अचल मूर्तिहरूको पूजामा पश्चिमादिमा अभिमुख भएर पनि पूजा हुन्छ दिशाको नियम छैन भन्ने सूचना हुन्छ । ८–'पृथिवीत्वया' इत्यादि मन्त्र पढेर पद्मासन आदि कुनै आशन बाँधी बसेर । ८–तन्त्रमा बताइएका आकारादि क्रमको न्यास बिशेष । ९–केशवादि २४ को नाम र विशेष मूर्ति 'नारदपञ्चरात्र' मा विशेष र काशी खण्ड उत्तरार्द्ध मा संक्षेप छ । १०–बिष्णु पञ्जर स्तोत्रमा कहिएको न्यास । ११–मन्त्रानुसारको, कल्पोक्त षडङ्ग न्यास । ४–'यथात्मनि तथादेवे' इत्यादि प्रमाणले ।

पूजाका सामग्रीहरू फिजाउँदा, आफ्नो अगाडि केही वायाँमा जलपूर्ण कलश र र दाहिनेमा फूल आदि सराजाम राखनू । अर्घ्य[१] पाद्य मधुपर्क आचमनका निमित्त चारपात्र गराउनू । आफ्नो हृदयरूपी कमलमा सूर्य जस्तो चहकिलो 'जीव' नाम गरेको मेरो (रामको) अंशको चिन्तन गरी, त्यसै अंशले, आफ्नो सर्व देह ढाकिएको छ भन्ने भावना राखो, त्यसै अंशलाई मूर्ति वा प्रतिमामा आवाहन गरेर, यथा शक्तिले संपादित उपचारबाट[२] क्रमैसंग पूजागर्नु, उपचार चढाउँदा तत्तद्वस्तुको नाम लिदै मन्त्र पूर्व चढाउनु पर्दछ ।

औंगातले पुग्छ भने, कपूर काश्मीरी केसर श्री खण्ड सुगन्ध पुष्पहरू पनि नाम लिदै चढाई पूजा गर्नु । त्यसपछि, अगस्त्य संहितामा लेखिएका विधानले दशावरण पूजा गरी, क्रमैले धूप दीप नैबेद्य समर्पण गरेर नीराजन गर्नु । जे चढाउँदा पनि श्रद्धाले चढाउनू 'ईश्वर–श्रद्धाभोगो छ' भनी जान्नू । त्यसपछि, त्यसैमा[३] बताए बमोजिमको कुण्डमा वा उपासना भएको अग्निमा घिउ चरूहरूबाट मूलमन्त्रले वा पुरूषसूक्तले म ईश्वरलाई अग्नि भित्र रहेको चिन्तन गर्दै हवन गर्नू। होमशेष समाप्त भएपछि पार्षदहरूलाई[५] बलि दिई, एकाग्रचित्तले मलाईसम्झदै जप गर्नू । सुगन्धवास[६] भएको पान चढाउनू मेरो प्रीतिका निमित्त, नाच गान स्तुति पाठहरू गर्नू गराउनू । मलाई आफ्नो हृदयमा रहेको संझी, भूइँमा दण्डवत भई अष्टाङ्गप्रणाम[७] गर्नू ।

त्यसपछि, दुइहातले फुल–प्रसाद उठाई[८] 'भगवानले मलाई दिएको' भन्ने भावना लिई आफ्नो शिरमा धारण गर्नू र "रक्षमां घोर संसारात्" भनां दर्शन गरेर, अगि जुन भावनाले प्रतिमादिमा जीब कलाको आवाहन भएको थियो, त्यसै भावनाले आफ्नो हृदयमा 'प्रवेश भयो' भन्ने चिन्तनगरो विसर्जन गर्नू ।

उक्त प्रकारले बिधि पुऱ्याई पूजागर्छ भने त्यो यसलोकको र परलोकको पनि सिद्धि पाउने हुन्छ । मेरो भक्त छ र यसै रीतले नित्य पूजा गर्छ भने ता, निःसंदेह

१–यी अर्घ्य पात्रहरू राखनलाई आफू र देवताको बीचमा मधुपर्कपात्र र इसानमा आचमनीय पात्र राखन स्मृतिको उक्ति छ । २–षोडशोपचार वा दशोपचार वा पञ्चोपचार । ३–अगस्त्यसंहितामा । ४–यो बचन ब्राम्हणका विषयमा भनी कहिएको छ । ५–हनूमान आदि । ६–कपूर आदि । ७–'पद्भ्यां कराभ्यां' इत्यादिले बताइएको अष्टाङ्ग प्रणाम । ८–संहार मुद्राले उठाई ।

मेरो सारूप्य पाइने हुन्छ । यो परमपावन रहस्य वरावर पढदछ वा सुन्दछ भने, त्यो पनि पूजाका फलको भागी हुन्छ" भनो, भक्त लक्ष्मणलाई बताए ।

राम, फेरि साधारण मनुष्य झैं मायामा परेर 'हा सीता !' भन्दै, दुःख मानी रहँदा रातमा रामलाई निद्रा परेन ।

किष्किन्धामा, बुद्धिमान हनूमानले सुग्रीवलाई एकान्त पारी, "हे राजेन्द्र ! म तपाइँकै हितका लागि ठूलो कुरा सम्झाउँछू,–रामले तपाइँलाई पहिले नै ठूलो उपकार गरी सके ! लपाइँले कृतघ्नले झैं बिर्सेको ठान्दछू । जसले गर्दा, तीनैलोकमा 'बीर' भनी, कहलाएको बाली मारिए ! तपाइँ राज्यमा प्रतिष्ठित हुनु भयो ! अगि, आफूले कामभाव लिई टुलुक्क हेर्नसम्म नपाउने 'तारा' पनि तपाइँले पाउनु भयो ! ती राम अहिले सोता खोजने कामको गौरबले तपाइँको बाटो हेर्दै एकाग्रभई टापूमा बसीरहेका छन् ? तपाइँ बानरको चेष्टा स्त्रीमा लम्पट भई, कत्ति सम्झना राख्नु हुन्न ! 'गर्छु' भनो प्रतिज्ञा गरेर, सीताको खोजी नगर्ने हो भने, कृतघ्न बनेका तपाइँ पनि बाली झैं मारिनु हुनेछ !" भने ।

हनूमानको कुरा सुन्दा झसङ्ग झैं भई, भय विह्वल भएका सुग्रोवले "हो ! तिमीले भनेको कुरा साँचो हो ! लौ ! अब, तिमीले नै झट–पट गरी, छिटा छरिता बानर दशहजारलाई, 'दशै दिशामा गएर सातै द्वीपका सबै बानरलाई साथैमा लिई पन्ध्र दिन भित्रमा आइपुग्नू, जसले पन्ध्रदिन नघाउँछ त्यो वध्य हुनेछ' भनी खटाऊ" भने । हनूमानले, बानरहरूलाई सुग्रीवको आदेश सुनाई दशदिशामा खटाए ।

बनचर गण मध्ये मुख्य, पाहाड जस्ता ।
अगणित गुणवीर्य[1] बेग भै वायुजस्ता ॥
खटिइकन गए तो बानरैका फऊज ।
अतिशयखुशिमानी दान–मानादि बाट ॥

इति किष्किन्धाकाण्डे चतुर्थः सर्गः ॥४॥

१–सामर्थ्य सहित उत्साह ।

पहाडका टाकुरामा बसेका रामले, सीतासंगकोवियोगबाटपर्नआएकोशोक सहन नसको–"हे लक्ष्मण ! हेर, मेरीसीतालाई राक्षसले हऱ्यो ! मरिन् वा बाँचेकी छन् अहिलेसम्म निश्चय लिन सकिएन ! कसैले 'बाँचेकी छन्' भनी, सुनाइ मात्र दिएपनि त्यसलाई मेरो हितकारक भनी सम्झने थिएँ । बाँचेकीछन् भन्ने मात्र थाह हुंदो हो ता जहाँ कही वसेको भए पनि, समुद्रबाट अमृत निकाले झैं बलात्कारैले लिई आउँदो हूं !

हे भाइ ! अव मेरो प्रतिज्ञा सुन,– मेरी जानकीलाई जसले लगेको छ, त्यसका संतान र बलबाहन सहित त्यसलाई भस्म गराउने छू । हा सीते ! हा चन्द्रवदने ! राक्षसका घरमा दुःख भोगो बसेकी तिमीले, मलाई देखन नपाउँदा कसरी प्राण थामेकी छौ !

हे चन्द्रानने ! तिमीलाई देख्न नपाउँदा, मलाई चन्द्रमाको किरण पनि सूर्यको किरण झैं पोलने भइरहेछ ! हे चन्द्र ! मेरोशरीरलाई शीतलगराउनेसीताकोदेहमा तिम्रो किरणले छोई, त्यसैबाट ठण्डा बनेको किरणले मलाई छोइदेऊ !

निर्दयोसुग्रीव पनि म दुःखितलाई सम्झदैन, निष्कण्टकराज्य पाएर अति कामुकभनो स्त्रीहरूका साथमा मदिरापानमा लागी, कृतघ्न भई बसीरहेछ, शरद ऋतु लागेको देखेर पनि सोताको खोजीलाई आउँदैन ! पहिल्यै उपकार गर्ने मलाई दुष्ट कृतघ्नले बिर्सिदियो ! जस्तो–बाली मारियो, त्यस्तै–त्यो पनि मारिने हुन लाग्यो !" भन्दै विरह लिए ।

राममा क्रोधचढेको बुझेर, लक्ष्मण "मलाई आज्ञा बक्सियोस, म अहिल्यै गई त्यस दुष्टचित्तसुग्रीवलाई मारी झट्टै फर्कने छू" भन्दै ठोक्रो भिरी धनु खड्ग लिई खडा भए ।

रामले, "हे बाबु ! मेरो प्यारो पनि सखि पनि हुनाले, सुग्रीवलाई तिमीले मार्न हुंदैन, किन्तु, 'बाली झैं नमारियौ' सम्म भनी तर्साऊ, के भन्छन जवाफ लिई आएर मलाई सुनाऊ ; पछि जो गर्नुपर्ने होला गरौंला" भने ।

लक्ष्मणले ‘तथास्तु’ भनी, सुग्रीवबाटको कोपले सकलबानरलाई निभाउने हुन् कि झैं भई, छिटोहुंदै किष्किन्धाको बाटो लिए ।

निर्विषयज्ञानस्वरूप सर्वज्ञ भएपनि, लक्ष्मोनामक मायाशक्तिमा मिलेका हुनाले रामले संयोग–वियोग स्बभावमा रहेका सांसारिक जनले झैं, सीताउपर शोक लिए! बुद्धिआदिकासाक्षी, मायाकाकार्यबाट स्पर्श नभएका, राग द्वेष आदि नरहेकालाई, रागद्वेषादिबाट उत्पत्ति हुने शोक कसरी पर्न आयो !

ब्रह्माको प्रार्थनाबाट, रावणवधरूपफलको सिद्धि र राजादशरथका तपस्याको फलसिद्धिका निमित्त मनुष्यभेष लिई जन्मेको हुंदा, त्यसैं भेषको काम पुऱ्याउनलाई पनि मनुष्यको चेष्टा गर्नुपरेको हो ।

लोकमा, अज्ञानमा परी मायाले मुग्ध भएका जनहरूको ‘मोक्ष प्राप्ति कसरी होला’ भन्ने–बिचार लिएर पनि, सबैको पाप नाशगर्ने ‘रामायण’ नामक कथा फैलाउनलाई, व्यवहारसिद्धिकानिमित्त समयसुहाउँदो गरी, काम क्रोध मोह लिदै आफू अनुरक्त नभएपनि अनुरक्त झैं भई, लोकलाई व्यवहारको[1] बोध गराएको पनि हो ।

जो स्वयं विज्ञानमूर्ति, विज्ञानरूपैशक्ति भएका, निर्गुण, सकलप्राणीका शुभाशुभकर्मकासाक्षी, अतः कामादिगुण नरहेका हुंदा, धूलोमैलोनरहने आकाश झैं सधैं निर्मल छन्; जसलाई सनकादिमुनिहरू वेदवाक्यबाट अपरोक्षले साक्षात्कार गर्दछन् । जसलाई, निर्मलचित्तका भक्तहरूले मात्र चिह्न सक्तछन । त्यस्ता भगवान्, भक्तका चित्त अनुसारले ज्ञान बिषय पनि बन्दछन् !

लक्ष्मणले किष्किन्धाशहरको नगीचमा पुगेर, सबै बानरलाई तर्साउने गरी धनुबाट ठूलो टंकार दिए ।

लक्ष्मणलाई देखेका साधारण बानरहरू, ढुङ्गा र बृक्षहरू उठाई पर्खालका टाउकोमा चढी ‘किल किल’ शब्द[2] गर्न लागे । तिनीहरूलाई देख्दैमा क्रोधले राता

१–‘रामले पनि यसै गरेका थिए, यही व्यवहार गर्नु योग्य पर्दछ’ भन्ने बोध । २–बानरको क्रोध र भयमा निस्कने शब्दलाई ‘किल–किल’ शब्द भन्दछन् ।

आँखा गरेका लक्ष्मणले धनु उठाउँदैथिए, लक्ष्मणआएकोथाहपाईझटपट दगुर्दै आएका अंगदले, सबै बानरलाई हटाउँदै लक्ष्मणका नगीचमा पुगी दण्डवत प्रणाम गरे ।

प्रेमवर्द्धकलक्ष्मणले अंगदलाई अंकमाल गरेर "ए वाबु ! तिम्रो काकासंग 'बालीलाई मार्दा झैं रौद्रमूर्ति लिएका रामले पठाई म आएको छू' भन" भने ।

अंगदले 'हवस' भनी दगुर्दै, सुग्रीव छेउ पुगेर "हे राजन ! शहरको ढोकाको बाहिर, रिसले तामोजस्तो राता आँखा लिएका लक्ष्मण आई बसेका छन" भनी सुनाए ।

लक्ष्मण आएको सुन्दैमा त्रासिएका सुग्रीवले हनूमानलाई बोलाई "तिमी अंगद-लाई साथमा लिई झट्टै लक्ष्मण भएका ठाउँमा पुगेर लक्ष्मणलाई नम्रपूर्वक शान्त गराउँदै घरमा लिई आऊ" भनी अह्राई तारासंग "तिमी पनि जाऊ र लक्ष्मणलाई नम्रबोलीले शान्त गराउँदै अन्तःपुरमा ल्याएर, शान्त भएपछि मात्र म संग भेट गराऊ" भने । ताराले 'हुन्छ' भनी मध्यखण्डमा[1] गई बसीन ।

अंगदसाथकाहनूमान, लक्ष्मणको नगीचमा पुगी नम्रपूर्वक शिरझुकाई नमस्कार गरेर, स्वागत बोल्न लागे,—"हे बीर ! हे महाभाग ! यो हजूरको घर हो । पहिले निःशंक प्रवेश गरेर राजस्त्रीहरूलाई पनि दर्शन[2] दिदै, सुग्रीवलाई दर्शम बक्सियोस; पछि जो अह्राइ बक्सिन्छ त्यो सबै गरी पुऱ्याउने छौं" भनी, हातमा समातेर रोज-गृहतर्फ लिई गए ।

किष्किन्धासहरभित्र ठाउँ–ठाउँमा बनेका ठूला–ठूला महल र हात्तीसार समेतको सौंदर्य हेर्दै, इन्द्रको महल जस्तो राजमहलमा पसेपछि, मध्यखण्डमा रहेका सकलश्रृंगारसम्पन्न उज्ज्वलरूपकी ताराले, हँसिलोमुख गरी नमस्कार गरेर "हे देवर ! पाल्नुहोस, हजूर स्वभावैले उपकारी पनि, भक्तवत्सल पनि होइ बक्सिन्छ ! सेवकपनि भक्तपनि बनेको कपीश्वर उपर किन रिसानी भयो ।

१–स्वास्नीमानिसको सञ्चारलाई मर्यादा भएको खण्ड । २–यस उक्तिले, —'सेवकका स्वास्नीहरू भेटन मालिकलाई संकोच हुँदैन' भन्ने आशय बुझाएको छ ।

धेरैकालसम्मनिरन्तरदुःखको अनुभव गरे ! अहिले हजूरबाट रक्षा हुँदा सबै सौख पाएर कामासक्त भई, रघुपतिका सेवामा उपस्थिति भएनन तापनि सबै द्वीपका बानरहरू जम्मा भई आउने भएका छन । सबै दिशामारहेका, पर्बतजस्ता बीरबानरहरूलाई बोलाउन भनी दशहजार बानरहरू खटिई गएका छन् ।

तीसबैआएपछि सुग्रीवले फौजसाथै उपस्थित भई, दैत्यकाफौजध्बस्तपारी रावणलाई मार्ने छन । अहिले रामको दर्शनलाई हजूरके साथमा जानेछन । घरभित्र परिवारकासाथमा बसेका सुग्रीवलाई भेटेर, अभय दिई लगि बक्सियोस, भित्र पाल्नु होस" भनीन् । ताराको मधुरोबचनबाट केही शान्त भएका लक्ष्मण, ताराका साथै सुग्रीव बसेको कोठामा गए ।

रुमालाई१ साथमालिई पलङ्गमा वसेका सुग्रीव, टाढैबाट लक्ष्मणलाई देखेर अतिडराएझैं भई, उफ्री हाम्फाल्दै नगीचमा पुगे ।

मदले आँखाबटारिएकोसुग्रीवलाई देखदा, क्रुद्ध भएका लक्ष्मणले 'हे दुश्चरित्र ! रामलाई बिर्स्यौ ? जुनबाणले बाली मारिएथ्यो, अहिले त्यसै बाणले बाटो हेरिरहेछ ! मैले मार्दा बालीको बाटो लिने छौ !" भने ।

एवं, अत्यन्तखरोबोलीगरेकालक्ष्मणसंग बीर हनूमानले "किन त्यस्तो आज्ञा हुन्छ ? यिनो राममा तपाइँभन्दा बढता भक्त छन, रामका कामको निमित्त हर-बखत जाग्रत छन; बिर्सेका छैनन" यत्ति भन्दै थिए, त्यसै बखतमा, अगि खटिई गएका बानरहरू, आडरले जम्मा भएका अरू फौज समेतलाई साथैमा लिई फर्कदाको 'कल्याङ–कुलुङ' शब्द सुनिदा "हे प्रभो ! ऊ चारौं तर्फ नजर होस, कोटियौं बानर-हरू आइपुगे ! अब चाँढै नै सोताको खोजीमा जानेछन, सुग्रीवले रामको कार्य कत्ति बाँकी नराखी पूर्ण गराउने छन" भने । हनूमानको कुरा सुनी, लक्ष्मण शर्माए जस्ता भए ।

सुग्रीबले, पाद्यअर्घ्यहरूबाट लक्ष्मणलाई पूजागरो अंकमाल गरेर 'म रामको नोकर हूं उहाँबाटै रक्षा पाएको हूं, रामले आँटेमा आफ्नै तेजबाट, सकललोकलाई आधा-

१–सुग्रीवकी पत्नी ।

क्षणमै जित्न सक्नु हुन्छ! हे प्रभो! म ता बानरका साथमा रहने सहाय मात्र हूँ" भने ।

लक्ष्मणले–"मैले प्रेमै सम्झी केही बचन लगाएँ क्षमा राख । राम, सीताको बिरहले अति दुःख मानी, जङ्गलमा एकलै बस्नु भएको छ! चाँढै जाऊँ" भने ।

सुग्रीवले 'हवस' भनी लक्ष्मणका साथमा रथमा चढी, सकल फौजलाई अगि–पछि लगाई, रामका आश्रमको बाटो लिए ।

भेरी मृदङ्गादि बजाइ उफ्रने–नीलाङ्गदादि कपि फौज साथ ली ।
सफेद छाता–चमरादियुक्त भै, सुग्रीव श्रीराम समीपमा पुगे ।।

इति किष्किन्धाकाण्डे पञ्चमः सर्गः ।।५।।

जटाको मुकुट बाँधी, मृगचर्म लगाएका, फैलिएको नेत्र र हँसिलो चेहढा भएका, सीताउपरकोबिरहले एक टंकारसंग, मृग–पक्षीहरूमा आँखा लगाई गुफाका ढोकामा, ढुङ्गामाथी एकलै टुक्रुक्क बसेका श्यामलो वर्णका रामलाई टाढैबाट देखेर लक्ष्मण र सुग्रीव रथबाट ओर्ली, दगुर्दै रामकापाउमा परे ।

रामले सुग्रीवलाई अंकमाल गरी, आरामको प्रश्न गर्दै नगीचमा राखे ।

सुग्रीवले "हे देव! ती आइरहेका बानरकाफौज सबै, हिमालय आदि सात पर्वतमा देवांशबाट जन्मी, ठांउँ–ठाउँका द्विपहरूमा बसेका, पर्वतजस्ता ठूला शरीर भएका अति बलिया छन, युद्धमा सिपालु र कामरूपी छन । यिनमा कोही एकहात्तीका, कोही दशहात्तीका, कोही दशहजारहात्तीका बल भएका र कोही यतिसम्म भनी तोकनै नसकिने बल भएका पनि छन । लामा–लामा भुत्ला भएका, कोही काला, कोही सुनौला, कोही राता, कोही स्फटिकजस्ता सेतावर्णभएका र कोही राक्षसजस्ता पनि छन । यी सबै सधैँ फल–मूलमात्र खान्छन, अहिले हजूरको आज्ञामा रहने भई गर्जदै लडाइँ खोजदै आएका छन ।

अब मुख्य मुख्य सेनापति देखाउँदै छिन्नाउँदछू । यिनी कडोरौंभालुका राजा 'जाम्ववान' नाम गरेका मेरा मन्त्री हुन, ठूलो बुद्धि भएका छन । यि 'हनूमान'

नामले प्रख्यात, बायुका छोरा अति बुद्धिमान, पराक्रमी, मेरो मन्त्री भनी प्रसिद्ध छन। त्यस्तै–यिनीहरू नल नोल गवय गवाक्ष गन्धमादन शरभ मैन्दव गज पनस बलीमुख दधिमुख सुषेण तार नाम गरेका हुन । यिनी हनूमानका बाबु, ठूलो सत्त्व भएका 'केशरी' नामले प्रसिद्ध छन । यी सबै, मुख्य मुख्य फौजका प्रधान सेनापति हुन । ती कोटियौं बानरहरू पनि सबै देवांश हुन, महाबीर्य भएका इन्द्रसमानपराक्रमी छन, हजूरका अधीनमा रहनेछन । यो बालीको छोरो अंगद हो, बाली समानको बलियो छ, राक्षसको बल हटाउन सक्तछ; यी समेत सबै हजूरका निमित्त जीवन त्यागी आएका छन, पहाडका टाकुरा उठाई लड्न सिपालु छन, आज्ञाहोस" भने ।

सुग्रीवको कुरा सुनी, हर्षले आँसु खसालेका रामले "हे सुग्रीव! कामको गौरव, सबै तिमीले बुझेकै छौ, सीताको खोजि निमित्त जुन जुन दिशामा, ज जसलाई पठाउन योग्य पर्दछ खटाऊ" भने ।

सुग्रीवले, सबै दिशामा थरि–थरिका बानरहरूलाई खटाई, दक्षिणदिशामा, विशेषसत्त्वभएका अंगद जाम्ववान हनूमान नल सुषेण शरभ मैन्द द्विविदलाई केही फौजका साथै खटाई, सबैलाई 'तिमींहरूले यत्न पुऱ्याई सीताको पत्ता लगाएर एक महिना भित्र फर्कनु पर्दछ, मेरो बचन नबिर्सनू; यदि सीतालाई नभेटी, महिना बित्यो भने, म बाट प्राणान्त सम्मको सजाय पाउने छौ" भनी सुनाए ।

रामले, फौजसाथै हिंडन लागेका हनूमानलाई बोलाई "हे हनूमन! सीताको जानकारीनिमित्त मेरो नामको अक्षरखोदिएको यो औंठी, एकान्तपारी सीताका हातमा देऊ । तिम्रो बल बुद्धि पराक्रम मैले बुझेको छू, यस काममा मुख्य तिमीनै छौ जाऊ; बाटोमा सुबिस्था होओस" भनी, हनूमानका हातमा औंठीं सुम्पिदिए ।

एवं, सीताको खोजीमा गएका अंगदप्रमुखफौजले घुम्दै बिन्ध्याचलमा पुग्दा मृग–हात्तीहरू खाने भयलाग्दोआकारको पर्वतजस्तोठुलो राक्षसलाई देखे । कोही बानरहरूले 'यो रावण हो' भनी 'किल–किल्ल' शव्द गर्दै, उसलाई मुट्कीले ठटाए । अरू सबैले 'यो रावण होइन' भन्दा, सबै फौज अर्को बाक्लो जङ्गलभित्र पसे ।

त्यस जङ्गलमा सबैलाई प्यास लागदा, पानी खोजेमा नपाई ओठ मुख तालु सुकेका बानरहरूले घुम्दा घुम्दैमा लहरा पातले ढाकिएको अंध्यारो गुफाबाट, पखेटा भिजेका हाँस कन्याङ–कुरुङहरू निस्केको देखे ।

त्यो देखदा अनुमानले 'यहाँ पानी अबश्य छ' भन्ने ठहऱ्याई "सबै जना गुफा भित्र पसूँ" भनी, हनूमानलाई अगाडिलगाई परस्परमाहातसमाती अंध्यारोगुफामापसे ।

धेरै टाढापुगेपछि, स्फटिकझल्केजस्तो निर्मलजलभरिएका तलाउहरू र अनेकजातभई फलहरूले हाँगा नुहेका कल्पबृक्षजस्ता बृक्षहरूका साथै त्यसै ठाउँमा रत्न वस्त्र भक्ष्यबस्तुसहित प्रशस्त मह समेत रहेको र मानिस कोही नरहेको, सकल गुण सम्पन्न–महलहरू पनि देखेर आश्चर्य भए ।

घुम्दा घुम्दै, सबै भन्दा उत्तम एक घरमा आफ्नै प्रभाले उज्ज्वल भएकी, सुवर्णको आसनमा बसी ध्यानमा लागेकी एकली योगिनीलाई देखेर, भक्ति पनि भय पनि मानो सबैले प्रणाम गरे ।

योगिनीले बानरका फौजलाई देखेर "तिमीहरू कहाँबाट किन आएका ह्वौ ? कसैका दूत पो ह्वौ कि ? मेरो यस थलोमा किन धक्का लगायौ ?" भनीन् ।

हनूमानले "हे देवि ! सबैकुरा बताउँदछू सुन्नुहोस" भनी, आफ्नो वुत्तान्त सुनाउन लागे–"अयोध्याकाराजा श्रीमानदशरथका ज्येठा छोरा 'राम' नामले प्रसिद्ध नै छन, उनै राम, वाबुका आज्ञाबाट भाइ र आफ्नीपत्नीसीतालाई साथमा लिई जङ्गलमा आएका बखतमा उनकी पत्नी सीतालाई दुष्टरावणले हरेको हुंदा, उनीहरू दुवै भाई सीताको खोजी गर्दै, सुग्रीव छेउ पुगेका थिए ।

सुग्रीवले, रामसंगको मित्रभावबाट हामीलाई 'रामकोपत्नीसीतालाई पत्ता लगाउन जाओ' भनेकाले, सीताको खोजीलाई जङ्गल–घुम्दै आएका थियौं बीचमा प्यास लाग्दा पानीको खोजी गर्दै यो डरलाग्दो गुफामा पसेको, दैवसंयोगले यहाँ आइ पुग्यौं । तपाइँ, यहाँ किन बस्नु भएको हो ? को हुनुहुन्छ ? हामीलाई बताइ दिनु होस" भने ।

योगिनीले, बानरहरूलाई भोक–प्यास ग्रस्त ठहऱ्याएर "हे बानर हो ! तिमीहरू पहिले यहाँका फल–मूलहरू यथेष्टखाई, अमृतसमानको पानी पिई आऊ, पछि मेरो बृत्तान्त सुनौला" भनीन ।

खुशीमानेका बानरहरू, यथेष्ट फल–मूलहरू खाई जलपान गरेर, योगिनीका नगीचमा गई, हात जोरी बसे ।

योगिनीले, हनूमान्को मुखमा हेरदै भन्न लागीन "धेरैकाल अगि, 'हेमा' नाम गरेकी विश्वकर्माकी छोरीले, नाचबाट शिवजीलाई रिजाएकी थिइन, शिवजीबाट उनोलाई यो दिव्यस्थान बक्सियो र उनी यस ठाउँमा लाखौंवर्षसम्म बसेकी थिईन् । तिनैकी सखी म, मोक्षको आकांक्षाले बिष्णुमा लागी बसेकी 'दिव्यगन्धर्व'[१] की छोरी 'स्वयंप्रभा' नाम गरेकी हूँ ।

'हेमा' ब्रह्मलोक जानुहुंदा मलाई "तिमी कुनैंप्राणीकोसंसर्गनभएको यसै ठाउँमा तपस्या गर्दै रहू, त्रेतायुगमा 'नारायण' दशरथका छोरा भई भूभार हरणलाई जङ्गलमा घुम्नु हुनेछ; उहाँकी पत्नीको खोजी गर्दै हिंडेका बानरकाफौज तिम्रो यो गुफाभित्र पस्नेछन, तिनीहरूलाई सन्मान गरी, रामछेउ पुगेर रामको स्तुति गरेपछि, तिमी योगीलेमात्र पाउने 'बिष्णुलोक' मा पुग्नेछौ" भन्नुभएको थियो ।

त्यसैकारण अब यहाँबाट झट्टै रामको दर्शनलाई जान्छू ! तपाइँहरू आँखा छोपनुहोस, गुफादेखि बाहिर झट्टै पुग्नु हुनेछ" भनीन् र सबै वानरहरू पनि आँखा चिम्ली छोपदा एक क्षणैमा अगि बसेको जङ्गलमा पुगे ।

स्वयंप्रभाले, तुरुन्त रामकानगीचमा पुगेर, राम लक्ष्मण सुग्रीबको दर्शन गरीन र रामलाई वारंवार प्रदक्षिणा[२] प्रणाम[३] गरी, हर्षले रोमाञ्च भई, गद्‌गद बोलीले स्तुति गर्न लागीन :–

१–दिव्य नाम गरेका गन्धर्व । २–'एकहस्त प्रणामं च एकञ्चैव प्रदक्षिणम, अकाले स्मरणं विष्णोः हर्न्ति पुसयं पुराकृतम्' भन्ने बचनले एक प्रदक्षिणाको निषेधहुँदा, वारंवार प्रदक्षिणा । ३–'पद्‌भ्यां कराभ्यां जानुभ्या मुरसा शिरसा दृशा, बचसा मनसा चैव प्रणामोऽष्टाङ्ग इरितः' भन्न र बाहुभ्यां च सजानुभ्यां शिरसा बचसा दृशा, पञ्चाङ्गोयं प्रणामःस्यात् पूजासु प्रवराविमौं' भन्ने बचनले 'प्रणाम' दुइ प्रकारको मानिएको छ ।

"म हुँ दासी हजुरकी, आएँ दर्शन नितिमा ।
दर्शनै पाउन भनी, गुफामा पर्खंदै बसी ।।
हजारो बर्ष भो, मैले गरें तप कठोरको ।
त्यही फल्यो, नुहुन्छु म माया भिन्न हजूरमा ।।
सबैमा भित्र बाहीर रहोकन अलक्ष्य छो ।
पर्दा भै योगमायाले छोपेको नरदेह यो ।।
ज्ञानीले पनि चिन्दैन, नटुवा[1] सरिको हुंदा ।
भक्तवत्सल ह्वौ चिन्लान कृपा पाएर भक्तले ।।
ठूला भक्तहरूलाई भक्तियोग दिलाउन ।
अवतीर्ण भएका ह्वौ कसोरी जानुँ तामसी[2] ।।
लोकमा कोहि जानुन्न लौ चिदानन्दादि तत्त्व त्यो ।
मेरो त मनमा नित्य यही रूप परी रहोस ।।
मोक्ष[3] दर्शक पाऊ जो देखाइबक्सियो प्रभो! ।
संसारीको[4] दृप्य हैन, सन्मार्गीको[5] छ दृश्य त्यो ।।
पत्नी युत्र धनादिमा अभिमान लिनेहरू ।
हुँदैनन, निर्धन[6] धन प्रभुमा, स्तुतियोग्यका ।।
संसार देखि छुट्टै[7] भै निष्किञ्चन र निर्गुण ।
आफ्नै 'आत्मा' चिदानन्द रूपमा नै रमाउने ।।
आदि मध्यान्त शून्यै भै सर्वत्र समचारने[8] ।
जान्दैन कोहि प्रभुको नृविडंवन[9] चेष्टित ।।
न मित्र न उदासीन न शत्रु छ हजूरको ।
मायामा भुलनेले ता ती[10] छन भनि बताउँछन ।।

१-नचुवाले रूप फेरे, झैं राम आदि भिन्न-भिन्नरूप धेरै लिने हुनाले, अगि चिन्हेकोले पनि पछि चिन्ह सक्तैन । २-स्त्री शरीर हुनाले म 'तामसो' । ३-मोक्षमार्ग दर्शक । ४-बिषय वासनामा रहने संसारीको । ५-तत्व-ज्ञानको उपायमा लागेका को । ६-सांसारिक बिषयमा बासना नरहनेकोमात्रधनरूपप्रभुमा । ७-प्रवृत्तिमार्ग देखि अलग्ग भै । ८-अन्तर्यामी । ९-मनुश्यव्यवहारको अनुकरण । १०-तो (शत्रु, मित्र, उदासो) छं भनी, रावण शत्रु, बिभीषण मित्र, अरू उदासीन भनी बताउंछ ।

न जन्मने र गर्ने भै, देव[१] तिर्यक नरादिमा ।
जन्म कर्मादि रहनू, हो अत्यन्त बिडम्वन[२] ॥
अनन्त अविकारी भै, नो जन्म त हजूरको ।
'कथा सुन्दा सिद्धि प्राप्ति निम्ति हो कोहि भन्दछन ॥
कोही 'साकेत[३] राजाको तपको फलसिद्धिमा ।
कौशल्याको प्रार्थनाले[४] जन्मेका' पनि भन्दछन् ॥
'दुष्ट राक्षस नै भार हर्नाका लागि मा अगि ।
ब्रह्माले प्रार्थना गर्दा जन्मेका' कोहि भन्दछन ॥
जे होस लौ, जो कथा सुन्छ गान गर्छ हजूरको ।
संसार तारने पाऊ त्यही दर्शन पाउँछ ! ॥
मायाका गुणले बद्ध-अहंदेखि[५] अलग्ग भै ।
गुण–प्रवर्तक हुंदा, के जानूं[६] र गरूँ स्तुति ॥
प्रणाम मात्र गर्छु म रघुश्रेष्ठ ! क्षमा रहोस ! ॥
धनु ठोक्रो भिरी बस्ने भइलक्ष्मण साथमा ।
सुग्रीवहरूका सेव्य ! राम ! पर्छू म पाउमा ॥"

एवं, योगिनीको स्तुतिबाट प्रसन्नरामले, "तिम्रो मनले के खोज्दछ ?" भनी सोधे । योगिनीले "मलाई म जहाँरहेपनि हजूरको निश्चल भक्ति बक्सियोस, हजूरका भक्तसंग अटूट संगतभई रहोस; भक्तिहोनसंग संसर्गसम्मपनि हुननपाओस । मेरो जिभ्रोले, सधैं 'राम, राम' भनी रहोस । मन पनि, सीता र लक्ष्मणसाथमाभएका, धनुर्वाण लिएका, पीताम्वर मुकुट मोतिका माला, कौस्तुभ धारणगरेका श्यामलरूपलाई सम्झीरहने होस, अरू केही माग्दिन" भनीन ।

रामले "हुन्छ, तिमी वदरीवनमा जाऊ, त्यहीँबाट मलाई सम्झदै, भूतपञ्चकशरीर लाई छोडी, परमात्मामा मिल्न पुग्ने छौ" भनी विदा गरे ।

१–देवतामा 'वामन' आदि, तिर्यकमा 'माछा' आदि, नरमा 'राम' आदि । २–नक्कल । ३–अयोध्याका राजा दशरथ । ४–'मेरो छोरो होइवक्सियोस' भन्ने प्रार्थनाले । ५–मायाकागुण–सत्त्वरजस्तमले बाँधिएको अहंकारदेखि अलग्ग । ६–मन बचन आदि कर्तबाट के जानू !

स्वयंप्रभा, अमृतसार समान शिक्षा,
सुनी, गएर बदरी बनमा बसेकी ।
श्रीराम राम मनले जपि, मूर्ति सम्झी,
छोडेर देह त्यहिं सुद्धभई गईन ती ॥

इति किष्किन्धाकाण्डे षष्ठः सर्गः ॥६॥

सीतालाई खोज्दैमा थाकेका र सीताको पत्तालाउन नसक्दा व्यामोहभएका बानरहरू बृक्षका हाँगाहरूमा बसी परस्परमा चिन्तागर्नलागे :—

अंगदले आफ्नोनगीचमा रहेका बानरहरूसंग "ए भाइ हो ! हेर ! घुम्दा–घुम्दै एक महिना बित्यो ! सीता नभेटिदा राजाकोआदेश[1] पूर्णगराउन सकेनौं ! सीताकोखबर नलिई किष्किन्धा गयौंभने, सुग्रीवले मार्नेछन ! त्यसमापनि, शत्रुकोछोरो हुनाले मलाई ता निहूँलिई अबश्य मार्नेछन ।

म उपर तिनको के को प्रीति ! रामबाट रक्षापाएको हूँ, अहिले रामकोकार्य सिद्ध गर्न नसक्ता, सुग्रीवले त्यही निहूँ[2] लिनेभए ! अकृत्यकर्म गरोइनन कि त भनूँ भने, पापीले आमासमानकी भाउज्यूलाई सुमरी[3] रहेछन, कर्तव्याऽकर्तव्यको बिचार छैन। अतः तिनका नगीचमा पर्न जान्न, यो ज्यूनी कुनैउपायले[4] यहीँ त्यागदछू" भनी, आँसु काढनलागे ।

नगीचमा अंगदकोगुनासो सुनीरहेका बानरहरूले पनि पीरमानी आँसुखसाल्दै अंगद संग "तिमीले शोकलिनु पर्दैन, तिम्रो प्राणरक्षा हामी गर्दछौं, सबैकुरापुगेको देवलोक जस्तो–यसैगुफाभित्र निर्भयभई बसौंला" भने ।

उनीहरूका सुस्त–सुस्तका कुरा, सुनोरहेका नीतिज्ञहनूमानले जुरूक्क उठी अंगद-लाई अंगालो हाली "हे बाबु ! तिमोले, नचाहिंदोचिन्ता[5] किनलियौ ! यिनीहरूले, पनि

१–एकमहिना भित्र फर्कनू भन्ने आदेश। २–रामको कामगर्न सकिनस, भन्ने निहूँ । ३–यसमा,–'ब्राम्हण, क्षत्रिय, वैश्य तीनजातदेखि भिन्नका स्त्रीको लोग्ने मरेमा अर्कोसंग जादा दोष नलाग्ने हुनाले, यो अङ्गदको उक्ति बालभाव (अजान) ले मात्र भएको हो' भन्ने व्याख्वान छ । ४–झुण्डिनु हाम्फाल्नु आदि कुनै प्रकारको उपायले । ५–सुग्रीवबाट मर्नुपर्ला भन्ने चिन्ता ।

'गुफामा बसौंला' भनी, कामै नलाग्नेकुरा गरे ! तिमी 'तारपुत्र' भनो राजाको अतिप्रिय१ छौं । रामको पनि लक्ष्मणमाभन्दा तिमीमा प्रेमवढेको छ, स्यसकारणले तिमीलाई रामबाट पनि भयछैन; राजाबाट ता झन छदैछैन, म, तिम्रो हितमालागेकै छू, सीताभेटनेकामपनि हुन्यैछ; नचाहिदो चिन्तामा नलाग ।

यी बानरहरूले गुफाकोबास नफोरिने ठह्न्याए, रामका बाणले नफोरिने, तीनैलोकमा के रहेछ ? फेरि 'तिम्रो रक्षा हामी गर्दछौं' पनि जो भने, त्यो पनि कत्तिकामनलाग्ने कुरा गरे ! आफ्ना स्वास्नी छोरा घर धन छोडो तिमोसंगकसरीबस्लान ! अर्को गोप्यकुरा बताइदिन्छु सुन :–

राम मनुष्यहोइनन् ! परमात्मानारायण हुन । सीता, जगत्मोहिनी 'माया' हुन । लक्ष्मण जगतकाआधार 'शेष' हुन । राक्षसकाफौजको नाशगर्न भनी, ब्रह्माले प्रार्थना गर्दा, यी तीनैजना लोकरक्षकहरू मायाबाट मनुष्यभावलिएर जन्मेका हुन ।

हामो, बैकुण्ठवासीबिष्णुका पार्षद ह्वौं । परमात्माले मनुष्यभाव लिनुहुंदा, उहाँकैअधीनकी मायाबाट बानरकारूपभई जन्मेका छौं ।

अगि, हामीले तपस्याबाट तिनै जगत्पतिकोआराधनगरेकाहुनाले, उनैका अनुग्रहबाट पार्षदहुनपाएकाथियौं । अहिलेपनि, उनैकोसेवागरी, मायाबाट अलग भएर, फेरि बैकुण्ठपुगी बस्नेछौं" भन्दै, संझाएर सबैफौजलाई साथमालिई, विन्ध्याचलतर्फ गए ।

सीताको खोजोगर्दै दक्षिणसमुद्रकोकिनारमा, 'महेन्द्राचल' पर्वतकोफेंदीमा पुगदा, देखदैमा डरलाग्दो, पारलगाइनसक्नु अगाधको समुद्रलाई देखेर, विह्वलभएका वानरहरू "अब के गर्ने हो" भन्दै, किनारमा थुचू–थुचू बसी चिन्ता लिनलागे –

"हाम्रो एकमहिनाको मियाद घुम्दा–घुम्दै बितिसक्यो ! रावणपनिदेखिएन, सीतालाई पनि भेटिएन ! सीताकोपत्तालिन नसकेमा कडादण्डसुनाउनेसुग्रीवले हामीलाई अवश्य मार्नेछन ! मारिनुभन्दा अनशनलेमरे उत्तमहोला" इत्यादि चिन्तालिई कुशबिछ्याउँदै बसे ।

१–राजाक्रोतारासंग प्रीति हुनाले, तारापुत्र भनी तिमीपनि अति प्रिय छौ । तिमी उपर त्यस्तो व्यवहार होला भन्ने सम्भावना नै रहदैन, भन्ने भाव ।

महेन्द्राचलको गुफाभित्रबसेका ठूलोपहाड जस्ता संपातिनामक गिद्धले बानरका "किल्ल–किल्ल" शब्दसुनी बिस्तार–बिस्तार निस्की बानरकाफौजलाई देखेर सुस्थसंग भन्दछन :– "बल्ल आंज खानेकुरा धेरै पाएँ, अब एकौटागरी दिनदिनै खानेभएँ" ।

संपातिको वाक्यसुन्दा त्रासिएका केही बानरहरू अंगद र हनूमानकामुखमा हेर्दै भन्दछन :– "अब हामी गिद्धको आहार बन्नेभयौं ! सीताको पत्तालिननसक्ता, रामलाई संतोष सुग्रीवलाईहित र आफूलाई कल्याणहुनेकाम कत्ति केही गर्ननसक्ता, व्यर्थमा गिद्धकोमुखमापरी यमलोकमा पुगनेभयौं ।

धन्य–धर्मात्माजटायु ! रामका कल्याणनिमित्तको कामगरीमर्दा योगीलेपनि हतपतिनपाउने 'मोक्ष' पाईगए ! ठूलाबीर तिनैरहेछन !!"

उक्त बाक्यबाट जटायुको नामसुन्दा आश्चर्यमानेकासंपाति, बानरहरूलाई आह्वानगरी भन्दछन–"हे बाबु हो ! मेरोकानको लागि अमृतसमान– 'जटायु' शब्द उच्चारणगर्ने तपाइँहरू को हुनुहुन्छ ? यथार्थ बताउनुहोस मबाट भयमान्नु पर्दैन ।

संपातिको उक्तबाक्यसुनी जुरुक्कउठेकाअंगद, उनकोनगीचमापुगीभन्दछन :–"श्रीमान राजादशरथका छोरा 'राम', भाइलक्ष्मण र पत्नीसीतालाईमात्र साथमालिई जङ्गलमा घुम्दैबसेकाथिए । एकदिन दुवैभाई सिकारमालागेकामौकामा, सीतालाई रावणले हरण गरेछ र सीताले–"हे राम ! हे राम!!" भनी चिच्याउँदा, उक्तचिचाहट सुनेका जटायुनामकाप्रतापीपक्षिराजले रावणसंग लडन्तगर्दा उनी रावणबाट मारिए ! उनकानिमित्तको दाहादिकर्म रामबाट भयो र 'पक्षिराज' रामकोसायुज्यमा पुगे ।

राजा, सुग्रीवले, सीताको पत्तालिनभनी, हामी बानरकाफौजलाई खटाई, "एक महिना भित्रसीताकोपत्ता लगाई फर्केनौभने तिमीहरूको ज्यान लिइनेछ" भनेका थिए । त्यसकामलाई हिंडेका हाम्रो, जङ्गलका गुफा घुम्दैमा एकमहिना बित्यो ! न सीता न रावण कुनैको पत्तालिन नसक्ता, समुद्रको किनारमा अनशनले मर्नभनी बसेका छौं । हे पक्षिराज ! तिमीलाई थाहभए सीता कहाँछन बताईदेऊ"

संपातिभन्दछन–"हे बीर हो ! सुन ! जटायु मेरोभाइ हो, हजारौंबर्षपछि आज भाइ कोखबर सुन्नपाएँ ! तपाइँहरूलाई मुखलेसम्म सहायगरूँला, पहिले मलाई भाइका निमित्त जलाञ्जलिदिनलाई पानीकाछेउमा पुऱ्याइ दिनुहोस, पछि तपाइँहरूको कार्यसिद्धिलाई राम्रोकुरा बताईदिनेछु ।"

संतोषदायक बचनसुनोखुशीमानेका बानरहरूले, संपातिलाईउचाली समुद्रकोकिनार-मा पुऱ्याए। संपातिले स्नानगरीभाइकोनामलिदै जलाञ्जलि[1] दिएपछि उनलाई बानरहरूले नै फेरिउठाई ठाउँमा पुऱ्याए।

संपाति, बानरहरूलाई संतोषनिमित्त सीता रहेको थलो बताउँदछन :–"हे वाबु हो ! सुन ! त्रिकूटाचलको टाकुरोमा, 'लंका' नाम गरेको ठूलोशहर छ, त्यहीँ अशोकका बघैंचामा, राक्षसीहरूका पहरा भित्ररक्षाभएकी सीता बसेकी छन । लंका यहाँबाट चारशयकोश टाढा समुद्रको बीचमा पर्दछ ।

म, गिद्ध हुनाले दूरदृष्टिभई, लंका सीता सबैलाई यहीँबाट देख्तछू; शंका छैन। अतश्च, जसले शययोजनफैलिएकोसमुद्रलाई फटकी नाघनसक्तछ, त्यसले अवश्य सीतालाई भेटी फर्कन शकनेछ ।

मेरो भाइमार्ने दुरात्मारावणलाई म एकलैले मार्नसकने उत्साहसम्म ता म मा छ; किन्तु बलभएतापनि पखेटानहुंदा गमनशक्ति रहेन !

तपाइँहरू यत्नपुऱ्याई समुद्रलाई नाघने उपाय गर्नुहोस, त्यस रावणलाई रामले अवश्यमार्नुहुनेछ ।

फट्की शयौंयोजन सिन्धुपार भै, लंका पसी भेटि ति जानकीसंग ।
व्याख्यान लो फेरि तरेर फर्कने, सामर्थ्य कसमा छ बिचारगर्नुहोस ॥"

इति किष्किन्धाकाण्डे सप्तमः सर्गः ॥७॥

१–यस बाक्यले, पशु–पक्षीमा पनि यथाज्ञानले धर्म-अधर्मको अधिकार रहेछ भन्ने सूचना गराएको छ ।

'यसको पखेटा किन रहेन !' भनी कारण बुझ्न खोजेका बानरहरूको आशय बुझी, संपाति भन्दछन् – "हे बाबु हो ! अगि म र जटायु दुवैभाइ मध्ययौवनका बलका घमण्डी हुंदा, आफ्नो बल जाँचने मनसुवाले सूर्यमण्डलसम्म पुगौंला भनी उड्देगयौं !

कयौं हजारयोजन माथी पुगेपछिभाइ हुनाले उनकोरक्षागर्नभनी, मैले उनीलाई आफ्नो पखेटाले छोपेको थिएँ । परन्तु सूर्यको किरणले मेरा पखेटा डढदा, म खस्तै विन्ध्याचलको टाकुरामा पछारिएँ !

धेरै माथिदेखि खसेको हुनाले, म मूर्च्छामा परी तीनदिनपछि ब्युँझदा, प्राणसम्म रहेको मेरो भ्रान्त चित्तले देश हो वा पहाड निश्चय जान्न नसकी बिस्तारै आँखा खोलदा, केहोपर रमणीय आश्रम देखें र बिस्तार–बिस्तार घिस्रिदै आश्रमको नगोचमा पुगें ।

आश्रममा बसेका 'चन्द्रमा' नामगरेकामुनिले मलाई देखेर आश्चर्यमानी प्रश्न गरे :– "ए संपाति ! के भयो ? तिम्रो विरूप कसले गरायो ? पहिले ता तिमी अत्यन्त बलवान ह्वौ ! अहिले पखेठा के कारणले डढे ? सक्तछौ भने बताऊ" भने ।

मैले, सुस्तसंग आफ्नो बृत्तान्त सबै सुनाएर अति दुःखमानी भनें–"हे प्रभो ! अब पखेटा नभएको यो जीवन कसरी थामूँ ? डढचौलामा डढदछू !

म उपर दयाराखी चिसोआंखा लिएका मुनिले भने–" ए बाबु ! पहिले मेरो कुरा बुझिलेऊ, पछि तिम्रोमनले जे ठहऱ्याउला त्यही गरौला, सुन :–

देह, दुःखको कारण बन्दछ; देहमानै 'अहं (म)' भन्ने बुद्धि लिनाले कर्ममा प्रबृत्त हुन्छ ।

अहंकार, अविद्याबाट हुने हुनाले अनादि[1] जड छ, तथापि पोलेकोफलाम आगो-मामिले झैं सदाकालचित्को छायामा मिलीरहेको हुन्छ र त्यही अहंकारसंग देहको तादात्म्य हुंदा 'देह' चैतन्यवान जस्तो बन्दछ ।

१–अविद्या नै जड हुनाले, त्वसबाट उत्पत्ति हुने अहंकार पनि जड ।

एवं, अहंकारसंगको सम्बन्धकाबलले, देहमा 'म' भन्नेसम्म पर्नआउँदछ र त्यसैबाट अनेककर्म बनी तिनैकर्मद्वारा सांसारिक (सुख दुःखसाधक) बन्दछ ।

एवं, निर्विकार आत्माको अहंकारादिसंग मिथ्यातादात्म्य हुंदा 'अदंदेह' 'अहंकर्ता' भनी सम्झने 'जीव' कर्मगर्ने हुन्छ र तिनैकर्मकाफल—सुखदुःखादिबाट बलात्कार[१] बाँधिने हुन्छ । अर्थात पापले अधोगतिमा र पुण्यले ऊर्द्ध्वगतिमा प्राप्तभई, तल माथी घुमो-रहने हुन्छ ।

कर्मबाट,—'मैले[२] यज्ञ दान आदि कर्मगरो धेरै धर्मगरेकोछु, स्वर्गमापुगी सुख-भोगनपाउने छू' भनो चिताउने हुन्छ, त्यहो अध्याशबाट स्वर्गमापुगी, केहोदिन सुखपनि भोग्दछ र भोगैले पुण्यसकिएपछि कर्मको खटनबाट बलात्कार तलखस्तछ ।

खसेर, पनि, चन्द्रमाको मण्डलमापरी, चन्द्रमाको किरणसंग संवद्धभएको शीतमा मिली भूंईंमा परेर, धेरैकालसम्म धान्यादिका बीजमा मिली, भक्ष्य, भोज्य, लेह्य, चोष्य यो चार खाद्यपदार्थमध्ये[३] कुनै एकपदार्थ बन्दछ ।

त्यो पदार्थ, पुरूषले खाएपछि शुक्रबनेर पुरूषबाट ऋतुकालमा स्त्रीकायोनिमा झारिन्छ र योनिको रगतसंग मिलो एकैदिनमा डल्लोपरी गर्भाशयले वेरिई क्रमैसंग चाम्रो हुंदै बढने हुन्छ :—

पाँचरातमा, फोकाका आकारको हुन्छ । सातरातमा, अण्डका आकारको सानो-डल्लो बन्दछ । पन्ध्रदिनमा, त्यो डल्लो रगतले मुछिएको हुन्छ । पच्चिसरात बितेपछि त्यसैमा अंकुर पलाउँदछ र एवं क्रमैले महिनादिनमा घाँटी शिर काँध पिठ्यूँ पेट समेतका अंकुर पैदा हुन्छन । दोश्रोमहिनामा औंलाहरू, पाँचौंमहिनामा नाक कान आँखा दाँतकापंक्ति नङ र गोप्येन्द्रियका आकारहरू बन्दछन । छैटौंमहिनाभित्र, तिनै नाक कान आदि र नाभिसमेतमा स्पष्टछिद्र बस्तछ । सातौंमहिनामा कपाल र रऊँहरू पनि उत्पन्न हुन्छन एवं, आठौं महिनामा गर्भ सम्पन्न हुन्छ ।

१—यस उक्तिबाट, जसले 'म कर्ता होइन' भन्ने भावमा लिन्छ त्यो वन्धनमा पर्दैन' भन्ने सूचना हुन्छ । २—यहाँ देखिको वाक्यबाट, पुण्य र पापले हुने भ्रमणको विवरण बताइएको छ । ३—प्रशस्त चपाइखाइने च्यूरा खट्टे मकै इत्यादि 'भक्ष्य', हलका चपाइखाइने भात आदि 'भोज्य,' चाटीखाइने 'लेह्य' चुसी खाइने 'चोष्य' ।

हे सम्पाते ! पाँचौंमहिना देखि जीवले चैतन्यपाउँछ र आमाको रसवाहीनसा-संग संवद्ध भई, आफ्नो नाभिमा रहेको नालको मसिनोद्वारबाट, आमालेखाएका बस्तु-को केही सार पाएर त्यो गर्भको डल्लो पुष्टाउने हुन्छ । त्यस्तो मसिनोडोरोको छिद्र-बाट पाएको थोरैं आहारले पनि, आफ्नोकर्मलेगर्दा ऊ मर्दैन ।

त्यो गर्भ, आफूले भोगेका पूर्वजन्महरू र ती जन्ममागरेका कर्मसमेत सम्झी, पेटका आगोले तातदाविष्मातमानीं मनमनै :–"नानाजातिकायोनि हजारौंबाट जन्मी, कडोरौं छोरा स्वास्नी वान्धबहरूसंगको संबन्ध, अनुभव भयो ! कुटुम्हको पोषणमा लाग्दा, धर्म–अधर्मको बिचार नराखी, धनकमाउन पछि लागियो ! बिष्णुकोचिन्तन भनो स्वप्नमा पनि लिइएन ! अहिने, त्यसैको फलस्बरूप–गर्भको कष्ट भोगनुपऱ्यो !

तातेको फलाममापरेको पानीकोथोपाजस्तो अनित्यशरीरमा, नित्यबस्तु जस्तो सम्झी तृष्ना गढेको मैले, कुकर्ममात्र गरैं ! आत्माकोहितमा लागिन । आफ्नै कर्मले गर्दा, अझपनि दुःख भोगदैछू । अब, यो नरक समानको गर्भबाट निस्कनपाएँ भने ता, नित्य अटूट बिष्णुकोपूजामालाग्नेछू" भनि चिन्तालिने हुन्छ ।

परन्तु, नानाचिन्तनलिदैमा, जन्मकालको योनियन्त्रबाट निचोरिदा,–अति दुःख सहदैं, नरकबाट पातकी वा दुर्गँन्धकोघाउबाट किरा झरे झैं, भूइँमा खस्तछ, र फेरि पनि, बाल्यादि अबस्थामापर्ने दुःखको भोगमा पर्दछ ! यो भोग, कोही–कोहीलाईमात्र पर्ने होइन, सबै प्राणीलाई पर्दछ ! यतिसम्म तिमीलाई बताएँ । अरू, यौबनादि अब-स्थामा पर्नआउने, जतिदुःखहुन ती सर्बत्र सबैलाई भोगैबाट अनुभवहुने भएको र तिमीले पनि भोगेको हुनाले, मैले बताइरहनुपर्दैन ।

एवं, देहमा 'अहं (म)' भन्ने समझले, दुःखभोगकोकारण–गर्भवासआदि गरा-उँदछ । त्यसकारणले, स्थूल[1] सूक्ष्म[2] देहद्वयदेखि भिन्न, प्रकृतिदेखि अलग 'आत्मा'लाई ज्ञानले चिह्नो, देहादिमा 'म' 'मेरो' भन्ने बुद्धि बिषयलाई त्यागेर, आत्म ज्ञानवान हुनुपर्दछ ।

अतश्च, जाग्रत स्वप्न सुषुप्ति तीनै अबस्था नरहेको मायाको दोष[3] पनि नपरेको सत्यज्ञानलक्षणको बोधस्वरूप, नित्यशान्त 'आत्मा'लाई चिह्नी, निश्चय लिनुपर्दछ ।

१–विराट । २–हिरण्यगर्भ । ३–सत्त्वादि गुणबाट पैदा भएका दोषहरू नपरेको ।

अज्ञानलेगराएको ममताको समझ नष्ट भएपछि, चिदात्मालाई राम्रोसंग चिह्नेमा, शरीर लडोस वा प्राब्धकर्मका वेगले रहीरहोस ! [वास्ता रहदैन । आत्मज्ञमा, अज्ञानजन्य सुख–दुःख रहदैन । त्यसकारणले जहाँसम्म प्राब्धकर्मको भयहुँदैन, त्यहाँसम्म काँचुलोभिरेकोसर्पझैं देहले सहितभई, आनन्दमानी संतोषले बस । हे पक्षी ! तिम्रो हितका लागी, अर्कोकुरापनि बताइदिन्छु सुन :

त्रेतायुगमा, अनादि–अनन्त 'नारायण' दशरथका छोराभई, रावणबधलाई भाइ लक्ष्मण र पत्नीसीतालाई साथमालिई दण्डकमाआई बस्नेछन । त्यहाँको आश्रममा दुवैभाइ नभएको बेलापारेर, रावणले सोतालाई चोरले झैं लगी लंकामा पुऱ्याउने छ ।

तिनै सीताको खोजीलाई सुग्रीवको निर्देशबाट बानरहरू आउनेछन, कारणवश[१] तिनीहरूसंग तिम्रो समागम हुनेछ र त्यसैबखतमा तिमीले यथार्थसंग सीताको स्थिति वताई दिनू, तिम्रा पखेटा नयाँपालुवाचढेझैं पलाउने छन" भनो, मलाई बोधगराउनुभएको थियो। हुनपनि हेर्नुहोस अहिल्यै मेरापखेटा, नयाँ कोमलभई पलाए ! तपाइँहरूको कल्याण होस। तपाइँहरू सीतालाई देख्नपाउनेनिश्चय[२] लिई समुद्रतर्ने यत्नगर्नुहोस, म जान्छू :–

जसको नामसुनी बुझी मनमनै सम्झेर मात्रै पनी ।
संसारै तरिजान्छ बिष्णुपदमा, दुष्टै भएतापनी ।।
जो हो यो स्थितिलाउने जगतको ती रामकाभक्त छौ ।
प्यारा छौ त्यति सिन्धुमात्र तरनू के हो र हे बानर ! ।।"

भनी, सम्पाति आफ्नो बाटो लागे ।

इति किष्किन्धाकाण्डे अष्टमः सर्गः ।।८।।

'सम्पाति' उडी गएकोदेखदा ज्यादै हर्ष[३] मानी सीताको दर्शनलाई उत्साहलिएका बानरहरू, सानाठूला लहरीहरू उठेको र ग्राह नक्रले[४] व्याप्तभई देखदैमा डरलाग्दो समुद्रमा आँखा लगाउँदै 'कसरो तरने !' भन्दै पक्कपरी चिन्ता लिनलागे ।

१–पखेटापलाउने कारण । २–मुनिका वचन वमोजिम पखेटा पलाएको निश्चयबाट, उनैका वचन वमोजिं रावण बध पनि निश्चय हुने र त्यसका निमित्त आवश्यक पर्नेसीताको दर्शनलाई निश्चयलिई । ३–अगि गिद्धलेखान आँटेकोमा, अहिले अरिष्ट गयो भन्ने हर्ष र गिद्धको पखेटा पलाएकोदेखिदा, सीताको दर्शन अवश्य पाउने छौं भन्ने हर्ष । ४–ठूलो जातको जलजन्तु बिशेष ।

अंगदले "तपाइँहरू सबै अति वलिया अतिशूरा अतिपराक्रमो हुनुहुन्छ, अहिले समुद्र-लाई तरेर राजकार्यसिद्धगर्न सक्ने जो हुन्छ, सबै वानरको प्राणदातापनि त्यही हुनेछ । अतः ठूलो वलपुग्नेले अगाडि सर्नुहोस, वानरहरूको मात्र होइन राम मुग्रीवको मुख्य रक्षकपनि त्यही हुनेछ" भन्दा, कसैले केही नवोली परस्पर मुख-मुखमा हेर्नलागेका हुनाले, पुनश्च "पहिले आफ-आफ्नो वल वताउनुहोस, त्यसपछि कसवाट कार्यसाध्य हुने ठहरिन्छ, निश्चय गरौंला" भने ।

वोर वानरहरूले आफ्नो वल वताउनलागे :—

जाम्ववानले "अगि वामनावतारमा ता, पृथिवीढाक नेपाउलाई एकाइश प्रदक्षिणा पुऱ्याएको थिएँ ! अहिले बुढ्याइँले ग्रस्तहुँदा धेरै फटकन सक्तिन ! नब्बेयोजनसम्म ता सकुला कि !" भने ।

अंगदले "म पारीसम्म पुग्न त सकुँला, फर्कनालाई फटकनेसामर्थ्य रहन्छ वा रहदैन" भन्दा, जाम्ववांनले तपाइँ हामीलाई हाँकदिने राजा हुनाले तपाइँमा समर्थभएपनि, हामोले तपाइँलाई पठाउन योग्य पर्दैन" भने ।

अंगदले "त्यसो हो भने काम पनि कसैले नगर्ने, वाँचन पनि राजभयवाट नपाइने भएपछि अगिकै झैं मर्नेनिश्चयलिई कुशकामुठामा सुतौं !" भने ।

जाम्ववानले "हे वाबु ! हाम्रोकाम जसवाट चाँढो सिद्ध हुन पाउँदछ त्यस-लाई म देखाउँदछू हेर" भनो, केहीपरभई वसिरहेका हनूमान्लाई सम्वोधनगरेर "हे हनूमन् ! कार्यको गौरव परिआउँदापनि, तिमी नजान्ने मुर्खलेझैं किन चुपलागी वस्त-छौ ? हे महावल ! सामर्थ्य देखाउने वेला अहिल्यै हो ।

तिमी साक्षात वायुकाछोरा, वायुसमानपराक्रमी पनि छौ ! रामकोकार्य निमित्त नै जन्माइएका पनि ह्वौं ! पहिले जन्मनेबित्तिकै पनि, आकाशमा उदाएको सूर्यलाई देखेर, 'पाकेको फल रहेछ टिप्दछू' भन्दै, बालचेष्टाले नै पाँचशययोजन माथिसम्म उफ्री, भूइँमा खसेकाथियौं ! अतः तिम्रोबलको बर्णन कसले गर्न सक्तछ ! उठ ! रामको कार्य गर, हामी-लाई पनि बचाऊ" भने ।

जाम्वबानको बाक्यभन्दा, खुशीमानी सुरिएका हनूमान, ब्रह्माण्डै फोर्छन कि झैं, भयंकर सिंहनाद गर्दै उठेर ठूलोपर्वतको आकारलिएको दोश्रो 'वामन' जस्तोभई, भन्नलागे :-

"लौ त ! ए बानर हो ! मेरो बिशेषकुरा सुन, समुद्रलाई नाघी, लंकालाई भस्मगराई, कुलैसमेतको रावणलाई मारेर सीतालाई लिई आउने छू, अथवा रावणको घाँटी-डोरीले बाँधेर, एकहातले समाती, देब्रे हातले पहाडसमेतकोलंकालाई उखाडी ल्याएर, रामका सामुन्नेंमा पछार्नेछू, अथवा शुभलक्षणकी सीतालाई भेटी, दर्शनमात्र गरी फर्कनेछू ।"

हनुमानकोगर्जनासुनेर जाम्ववानले "हे वाबु ! अहिले जिउँदीजानकीलाई दर्शनमात्र गरी फर्क, तिमीलाई कल्याण छ; पछि रामकासाथा रहि, पुरूषार्थदेखा उला भने ।

आकाशमार्गबाट जानलागेका हनूमानलाई सबैले तिमीलाई मंगल होओस, रामका कार्य तिमित्त हिंडेका तिम्रो रक्षालाई, 'बायु' पछि लागुन" भनी, आशीर्वादको योजनागर्दै विदागरे ।

महेन्द्राचलको टाकुरामागई अति ठूलोशरीरलिएका हनूमन अदभूतका देखिए ।

ठूलो पहाडैसरिको शरीर, सुवर्णको वर्ण र रक्त बक्र ।
ठूला फणीझैं अति दीर्घबाहू, देखे सबैले हनुमत्स्वरूप ।।

इति किष्किन्धाकाण्डे नवमः सर्गः ।।९।।

इति किष्किण्धाकाण्डम् समाप्तम् ।।

अथ सुन्दरकाण्डम्

भयङ्कर जलजन्तुहरूको घर बनेको–चारशयकोसफैलिएको समुद्रलाई, लङ्घनगर्न आँटेका, आनन्द समूहजस्तावायुपुत्रले, परमात्मारामलाई सम्झी भन्नलागे–"हे बीर बानर हो ! रामले छोडेको अमोघको[1] ठूलोवाण झैं, आकाशमार्गपक्री जानलागेको मलाई, हेरी रहो । रामकीपत्नी जानकोको दर्शन, आजै गर्नेछू र अति कृतार्थभई झट्टै फर्की रामको दर्शनमा पुग्नेछू ।

जसको नाम, प्राणजाने बखतमा एकैपटक सम्झने पनि, पारलगाई नसक्नु संसार रूपी समुद्रलाई पारगरेर उहाँको परमपदमा पुग्नेहुन्छ ; म उहाँकै दूत हूं । उहाँकै औंलाको औंठी साथमालिएको छू, उहाँलाईनं हृदयमा चिन्तनगरेको छू, यो छोटोसमुद्र-लाई 'तर्छू' भन्न्पर्ने कुरै रहेन" भनो, लामा–लामा दुइहात र पुछरपसारी, घाँटीसोज्याई उर्ध्व दृष्टिभई दुइखुट्टा खुंच्याई, वायुसमान पराक्रमीहनूमान दक्षिण संमुख भएर उफ्रिए ।

वायुसमान वेगले उडो जानलागेका वायुपुत्रलाई देखेर, कौतुहल[2] भई आकाश मा वसी हेरीरहेका देवताहरूले, "यो ठूलोआँटलिएको बानर, हावासमानभई जान ता लागीरहेछ, तर लङ्काभित्र पस्न सक्छ सक्तैन ! कत्तिको बीर रहेछ बिचार गरौं" भनी, जाँचका निमित्त, नागकी आमा 'सुरसा' लाई "तिमी त्यो बानरको अगाडि पुगी केही विघ्न गराई उसको बल बुद्धिसम्म बुजेर फर्की आऊ" भनी, अह्राए ।

सुरसाले हनूमानका अगाडिमा पुगी बाटोछेकेर "ए बाबु ! तिमीलाई देवताहरूले भोका-एकी मेरो आहार निमित्त कल्पनागरेका छन, मेरो मुखभित्र पस" भनीन ।

हनूमानले "हे आमा ! अहिले म रामको आज्ञाबाट सीतालाई भेटन भनी जान लागीरहेकी छू, चाँढै फर्की रामलाई सीताको समाचार सुनाई तिम्रो मुखमा पसुँला; तिमीलाई नमस्कार छ मलाई बाटोदेऊ" भने ।

१–व्यर्थनहुने । २–रमणीयकुरामामा पर्नजाने 'हेरिरहूँ' भन्नेइच्छा ।

सुरसाले "म साह्रै भोकाएकी छू, मेरो मुखमा पसी निस्केर जाऊ, नहीँ भने तिमीलाई खाइ नै दिन्छू" भनीन ।

हनूमानले "लौ त चांढै मुख उघार, तिम्रोमुखमा पसी झट्टै जान्छू" भनी, चार कोस फैलेको शरीर यिए ! हनूमानको रूप देखेर सुरसाले बिशकोसकोमुख उघारीन ! हनूमानले चालिशकोसको शरीरलिई खडाभए ! सुरसाले अशिकोसकोमुख फैलाइन ! हनूमान एकशयबिशकोसका भए ! अझै पनि, सुरसाले दुइशयकोसकोमुख बाहूंदा, हनूमान बुडीऔंला जत्रो भई उनका मुखभित्र पसी निस्की, अगाडिपरेर "हे देवि ! लौ तिम्रो मुखमा पसी निस्कें पनि तिमीलाई नमस्फार छ" भने ।

सुरसाले "हेबुद्धिमन ! जाऊ, रामको कार्य सिद्ध गराऊ, म तिम्रो बलबुद्धि जाँचन भनी, देवताहरूले पठाई आएकी हू; सीतालाई भेटी। फर्केर रामको दर्शन पाउने छौ जाऊ" भनी सुरसा देवलोकतर्फ गईन । हनूमानपनि गरूडउडेझैं वायुमार्गले गए ।

समुद्रले, हनूमानलाईदेखी रामकोकाममा जानलागेको जानेर, आफ्नो पानीभित्र रहेको मणियुक्त सुवर्णको पर्वत 'मैनाक'संग, 'हेर ! ती वायुपुत्र हनूमान, रामको कामलिई लङ्कामा जान लागिरहेछन, तिमी तिनको विश्रामनिमित्त सहाय होऊ। किनभने, अगि मलाई सगरराजालेबढाएका हुनाले मेरो नाम 'सागर' रहेको हो, तिनैका वंशमा जन्मेका रामको कार्यगर्न भनो जान लागेका हुंदा, तिमी पानीबाट उत्री, उनोलाई तिमीमा बिश्राम गराई सुबिस्तासंग पठाऊ" भने ।

मैनाकले हुन्छ' भनो, अगावैं पानीबाट उत्री, मनुष्यको आकारलिई, मणिकाटाकुरामा बसेर, हनूमान आउँदा "हे महाकपे ! समुद्रको आदेशबाट, तपाइँको विश्रामलाई आएको म मैनाक हूँ, पाल्नुहोस; अमृतसमानका पक्वफलहरूखाई केहिबेर विश्राम गरेर सुबिस्थाले पाल्नुहोला" भने ।

हनूमानले "रामको कामलाई हिंडेको मैले बीचमा खान बिश्रामगर्न उचित पर्दैन, चाँढो पुग्नुपर्दछ" भनी, हातका औंलाले टाकुरामोमात्र छोईगए ।

केही टाढा पुगेपछि, हनूमानको छायालाई "छायाग्रह"[१] ले पक्र्यो ! पानीभित्र बसेकी 'सिंहिका' नामगरेकी अति डरलाग्दी छाया (राक्षसी), आकाशमार्गीहरूका

१–अर्काकोछायाले छुंदैमा, उसकोगतिरोकेर उसलाई आफूतर्फ खिचने 'छायाग्रह' ।

छायाको स्पर्शमात्रले, प्राणको गतिलाई रोकी खिचोखाने स्वभावकी थिई। त्यसैले पक्रिदा गति रोकिएका हनूमानले मनमनै–"कुन विघ्नकारीले मेरो वेग रोक्यो! यहाँ कोही देखिदैन, के आश्चर्य हो!" भन्ने चिन्तनलिई तलतिर आँखा लगाउँदा, ठूलोशरीर डरलाग्दो रूप भएकी सिंहिकालाई देखेर, झट्टै पानीमा हामफाली, दुवै खूट्टाले उसलाई बजारी उफ्रेर आफ्नो बाटो लिए।

समुद्रको दक्षिण किनारमा पुगेपछि त्रिकूटाचलको टाकुरामा अनेक जातका फल-फूल-हरू फले–फुलेका, बृक्ष–लहराहरूले शोभाभएको र भिन्न–भिन्न जातका मृग–पक्षीहरू पनि झुलेको धेरै पर्खाल[१] र परिखाले[२] घेरिएको ठूलो लंकाशहर देखेर 'भित्र कसरी पस्ने" भन्ने बिचारले,– 'रातमा सूक्ष्मशरीरभई पस्नुपर्ला' भन्ने निश्चय लिई, त्यहीँ बसेर, रातमा सूक्ष्मशरीरको बानर बनी लंकाको ढोकाभित्र पसे।

ढोका कुरीबसेकी, राक्षसीभेषकी लंकापुरीले वानरलाई देखेर, रीसले राताआँखा लिई डर देखाउँदै "तँ को होस? म लंकिनीलाई अनादार गरी, रातमा चोर्झैं बानरकोरूपले भित्रपसेर के गर्न आँटेको छस?" भन्दै, लातले ठटाई। हनूमानले हेलै संग बायाँहातको मुडकीले ठटाउँदा, प्रशस्तरगत बमन गर्दै भूइँमालडेकी लंकिनी, बिस्तार संग उठेर 'हनूमान' जानी, भन्नलागी :–

हे हनूमन! जानुहोस, तपाइँले लंकालाई जित्नुभयो! तपाइँलाई कुशल छ।

अगि, चौबिशौंयुगमा मलाई ब्रह्माले,–"कुनै बखतमा भूमारहरणलाई, मैले प्रार्थना गर्दा अनादि नारायण, दशरथकाछोरा 'राम' भएर जन्मनुहुनेछ। योगमाया, जनकका घरमा सीताभई जन्मनु हुनेछ र भाइ भार्यासहित 'राम' ठूलो जङ्गलमा पस्नुहुंदा, महामाया सीतालाई रावणले हर्नेछ र पछि रामसंग सुग्रीवकोमित्यारी हुनेछ, सुग्रीवले, सीताको खोजीलाई बानरहरू खटाउने छन। त्यसमध्ये एउटा बानर, रातमा तिम्रो नगोचमा आउने छ र तिनीले हप्काउँदा उसले तिमीलाई मुड्कीले ठटाउनेछ, त्यसमुड्कीको चोटले तिमी पछारिने छौ। त्यसै बखतमा रावणको अन्त हुनेछ" भनी सुनाउनुभएको थियो।

१–भित्रीबाटो, माझको बाटो, बाहिरी बाटोहरूकासम्बन्धले पाउँ–ठाउँमा बनेका हुंदा धेरै पर्खालहरू। २–पर्खाल-देखिबाहिर नगरका किल्लामा, चारोतर्फ खनी पानी जमाएको गहिरो खाडललाइ 'परिखा' भन्दछन।

अहिले म लंकालाई तपाइँले जित्नुभयो ! त्यसैबाट सबैराक्षसकुलाई पनि तपाइँले जित्नुभयो ! जानुहोस । सीता, रावणका खोपोको नगीचमा क्रीडा, निमित्तको उत्तम बघैंचा भित्र, अशोक आदि दिव्यबृक्षहरूको झाँगको माझमा शिशौको बृक्ष छ, त्यसैठाउँमा राक्षसीका घेरामा रक्षाभई बसेकी छन । झट्टै गई दर्शनमात्र गरेर फर्कनुहोस र रामलाई निवेदन गर्नुहोस ।

धेरैभयो 'राम' म सम्झदै थिएँ, जुन्नाम [संसार छुटाउने भनी ।
सद्भक्तको संगत दुर्लभै थियो, आजै बनें धन्य खुशीरहुन तिनी ॥"

भनी, सुनाइन ।

पुगे हनूमान जब सिन्धुपारी, सीता तथा रावणको त वायाँ ।
आँखा र बाहू अति[१] फर्फराए, श्रीरामको दक्षिण फर्फराए ! ॥

इति सुन्दरकाण्डे प्रथमः सर्गः ॥१॥

सूक्ष्मशरीर लिई, रातमा लंकाभित्र पसेका हनूमान शहरका चारौतर्फ घुमी, राज महलको क्याम्पाभित्र पसेर यताउति खोजदा, सीतालाई नदेखी, घुमदै–घुमदै, कल्पबृक्ष-हरू लागेको, ठाउँठाउँमा रत्नका सिंडीभएका तलाउ र सुवर्णका वंगलाले ठाँटिएको, सुन्दर मृग–पक्षीहरू रमाएको, फलेफुलेका बृक्षहरूले घेरेको,– अशोकको बघैंचाभित्रपुगे।

त्यो ठूलो बघैंचामा, प्रतिवृक्ष सोताको खोजी गर्दै हिंडेका हनूमानले, एकठाउँमा मणिका खम्वा लागेको अति अग्लो अतिसुन्दर देवालय देखेर आश्चर्य भई, त्यसमाथि चढी चारौतर्फ आँखा घुमाई ओर्लेर केही पर जाँदा, घामसम्मपनि नछिर्ने अतिबाक्लो झाँग भएको, सुवर्ण वर्णका चराहरू प्रशस्त बसेको शिशौको ठूलोबृक्ष देखे ।

त्यो बृक्ष देखदा लंकिनीको बचनपनि सम्झी, त्यसैका हाँगाका पातको झाँग भित्र घुसी बसेका हनूमानले, त्यसैका फेदमा, राक्षसीका घेराभित्र, एउटा चुल्ठो भएकी उपबासले दुब्लाएकी, महिलो बस्त्र पहिरेकी, रक्षागर्ने कोहीनहुंदा निहाउरी, 'राम राम'

१–यसबाट, राम र सीताना शुभ र रावणमा अशुभको सूचनाभएको बुझाइन्छ ।

भन्दै भूइँमा लडीरहेकी सीतालाई,–पृथिवीमा देबतालाई देखे झैं देखेर, मनमनै,–'कृतार्थ भएँ जानकोलाई देखे ! परमात्मा रामको काम मैले नै सिद्ध गराएँ !' भन्दै थिएँ ।

त्यसैबीचमा खोपी देखी बाहिर नगीचमा, कल्याङ–कुलुङ शब्द सुनिदा 'के को शब्द हो !' भनो, झाँगैमो बसेका थिएँ । तत्कालैमा, स्त्रोका लश्करलिई आएको दशटाउको बिशहात भएको कालो गाजलको थुप्रोजस्तो रावणलाई देखेर पातैभित्र दविए[१] ।

रावण, रामबाट मेरो मरण के गरी चाँढोहोला ! सीताका निमित्त पनि अहिलेसम्म आउँदेनन ! के कारण हो !' भनी, एवंप्रकारले सधैं रामलाई सम्झि रहन्थे ।

त्यसदिन[२] पछिल्लोरातमा, 'रामले पठाई आएको कुनै कामरूपी[३] बानर, सूक्ष्म रूपभई बृक्षका टुप्पामा बसी सीतालाई हेरी रहेको' अद्भूत सपना देखेर, मनमनै–'यो सपना कदाचित सत्यरहेछ भने ता, त्यहाँगई लोतालाई बचनरूपीबाणले छेडेर आकुल–व्याकुल पारी, अति दुःखित गराउँदछू र त्यो सबै देखे सुनेर बानरले रामलाई बताउन जाओस' भन्ने बिचार[४] लिई, झट्टै सीताको नगीचमा पुगेकाथिए ।

रावणको गोडामालाएको पाउजेव र जाँघमालाएको घुँघुराहरूको शब्द सुन्दैमा, अवला हुंदा आँसुकाढेकोसोता, अन्तःकरणलाई राममा अर्पणगरी, आफ्नो शरोरैमा लीन भई घोप्टिएर रहीन ।

नगीचमा पुगेको रावणले, सीतातर्फ आँखा लगाएर "हे सुभ्रु ! मलाई देखेर, व्यर्थमाकिन विलाउँछचौ ? राम, भाइलाई साथमालिई जङ्गलबासीका माझमा बसी रहेछन, कहिलेकहीँ कसैले देखिहालोस, कहिले ता देखिदै देखिन्नन ! तिनीलाई भेटन भनी, मैले धेरैजना[५] पठाएँ,–यत्नपूर्वक खोजीगर्दापनि भेटन सकेनन ।

तिमी उपर स्पृहा नै नभएको रामबाट तिमी के गर्छचौ ! तिमीबाट सधैं आलिंगन[६] भएको र सदाकाल नगीचमा[७] बसेको भएपनि, उनका हृदयमा तिमी उपर

१–आफूलेगर्नेकाम वाँकी नै हुँदा, त्यसमा भङ्ग पर्न जाला भन्ने डरले दविए । २–हनूमानले लंकामा प्रवेशगरेको दिन । ३–इच्छा माफिकको रूप लिन सक्ने । ४–'त्यसो भएमा, राम चाँढो नै आउलान' भन्ने भावको विचार । ५–चेवापुरूषहरू । ६–ध्यानले सधैं हृदयमाचिन्तन भईरहेको, अथवा शक्ति र शक्तिमानमा अभेदरहनेहुनाले आलिङ्गन भएको । ७–व्यापक हुनाले सधैं नगीचमा बसेको ।

स्नेह कत्ति छैन । तिमीबाट बनेका बिषयहरू र तिम्रा[१] गुणको भोग गर्दछन तापनि 'म भोगगर्ने हूं' भनी जान्दैनन[२] ।

अतः कृतघ्न निर्गूण[३] अधम[४] रहेछन। हेर ! मैले सुचरित्रकी तिमीलाई यहाँ ल्याएँ !, दुःख र शोकले आकुल छौ तापनि अहिलेसम्म आउँदैनन्[५] ! तिमीउपर 'मेरो' भन्ने नै नभएको, कसरी आउन ! निःसत्वका,[६] आफै जान्ने[७] ठहरेका किन आउँदथे !

तिमीदेखि विमुख[८] रहेका ती नराधममा,[९] प्रीति राखेर के गर्छ्यौ ! तिमीमा अति आसक्त भएको दैत्यको राजा मलाई स्वीकार गर्‍यौभने, देव गन्धर्व यक्ष नाग किन्नर स्त्रीहरूमा हुकुम चलाउने हुनेछौ" भने ।

रावणको कुरासुन्दा, सहीनसक्नुरिसले तातेकी, भूइँमा घोप्टिएकी सीताले, बीचमा स्याउलाले छेकेर[१०] भन्नलागीन –

हे नीच ! राघवदेखि डराएको तिमीले भिक्षुकको रूपलिई, दुवैभाइ नभएकोबेला पारी यज्ञको हव्य बस्तुलाई कुकुर्नीले दगुराए झैं गरी मलाई ल्यायौं, त्यसको फल चाँढैनै पाउने छौ। जुनबखतमा, रामका वाणको ठक्करले आफ्नो शरीर फुटेको देखलाऊ । त्यसैबखतमा रामलाई मनुष्यभनी चिन्ने पनि छौ; यमराजका नगीचमा पुग्नेपनि छौ !

हे राक्षसाधम ! समुद्रलाई बाणले शोषेर वा पुलले वाँधेर, तिमीलाई मार्न लक्ष्मण सहितराम आउनेछन ! लगत्तै देख्न पाउने छौ शंका छैन ! तिमीलाई मात्र होइन ! तिम्रा छोरा तिम्रा फौज समेत सवैलाई मारेर, मलाई आफ्नो मुलुकमा लिई जानेछन" भनीन ।

सीताको खरोबाक्यसुन्दा, क्रोधले रातो आँखा लिदै खड्ग उठाई सीतालाई मार्न भनी, अगि सरेको रावणलाई, पतिको हितमा लागेकी मन्दोदरीले छेकेर हे महाराज !

१–सुखसंकल्प कामनादिको । २–अहंकार नै नभएको हुनाले म मेरो भनी जान्दैनन । ३–गुणहुनेले उपकार बुझ्दछ, गुणं नहुँदा निर्गुण (वेगुनी) । ४–उपकार नसंझने । ५–तिम्रो रक्षानिमित्त आउँदैनन । ६–छ भन्ने ठाम नभएको । ७–स्वयंबोधस्वरूपको । ८–मायादेखि अलगको हुँदा 'विमुख' रहेका । ९–मानिसमा नगनिने अर्थात 'ईश्वर' । १०-पतिव्रताले,परपुरूषसंग साक्षात अगाडीपरी बोलन उचितनपर्ने हुनाले छेकेर ।

न्यो, अर्कैसंग अनुरक्त भएकी र उसैसंगको वियोगले दुर्गतभई दुःखपाएकी, दुब्लाएकी, दया लाग्दी मनुष्यचोलाकीलाई छोडी दिनुहोस । हजूरलाई प्रेरणा गर्ने, मदमत्त दृष्टिभएका, देव गन्धर्व नागहरूका उत्तमस्त्रोहरू धेरै छन" भनीन् ।

रावणले, डरलाग्दारूपका राक्षसीहरूलाई "तिमीहरूले सीतालाई आदरले हुन्छ वा तर्साएर हुन्छ, मेरो बशमापर्नै गराउनलाई यत्न गर, दुइमहिनाभित्र मेरो वशमा रहने भइनभने, सीताले, मेरासाथमा सकल सुखसम्पन्नराज्यको भोग गर्नेछन । यदि, दुइमहिना पुग्दा पनि मेरो शय्या रूचाइनन भने, त्यस बखतमा यस मनुष्यचोलालाई मारी मेरो बिहारको खानेमा पकुवा गराउनू" भनी, खोपीतर्फ फर्के ।

राक्षसीहरू आफ्ना–आफ्ना बुद्धिअनुसारले, सीतालाई सम्झाउनु तर्साउनु गर्नलागे । एउटीले "तपाइँको यौबन व्यर्थ बित्नलाग्यो ! राजा रावणसंग मिलेमा ता, सफल हुन पाउला !" भनी । अर्कीले रिस देखाएर "यसलाई मार्न किन ढीलो गर्ने ? अहिल्यै काटी हातगोडा छुटचाई टुक्रापारी पकाऊ" भनी । अर्कीले हान्न भनी खड्ग उठाई अगि सरी । अर्की देखदैमा डरलाग्दिले, ठूलो मुख बाहेर तर्साई ।एवं, डर देखाउन लागेका राक्षसी सबैलाई पन्छाई त्रिजटा नाम गरेकी बूढी राक्षसीले–"हे दुष्ट राक्षसी हो ! तिमोहरूलाई हितकाकुरा सुनाइदिन्छू सुन :–

यी रोईरहेकी जानकीलाई नसताओ, नमस्कार गर ! मैले, अहिले भर्खरमात्र सपनामा कमलजस्ता नेत्रभएका रामलाई देखें ! लक्ष्मणलाई साथमा राखी, सेतो ऐरावतहात्तीमा चढी आएर,लंकासहर सबै डढाई लडाइँमा रावणलाई मारेर जानकीलाई काखमा राखो पहाडको टाकुरामा बसेको देखें !

यता, रावणलाई, नाङ्गोभई तेललगाई, आफ्ना टाउकाको माला हातमा लिएर छोरा नातिहरूका साथै गोवरको रहमा डुवेको र बिभोषणलाई, खुशीसंग रामका नगीचमा बसो, भक्तिले रामका पाउको सेवामा लागेको पनि देखें ! त्यसकारणले सर्वथा, रामले चाँढै नै कुलैसमेतको रावणलाई मारी, विभीषणलाई आधिपत्य दिएर, शुभलक्षणकी सीतालाई काखमा लिई, आफ्नो मुलुकमा जानेछन ; कत्ति शंका छैन !" भनी सुनाउँदा डराएका राक्षसीहरू यता–उता भई निद्रामा परे ।

राक्षसीहरूले तर्साएकी, कसैबाट आधार नपाएकी, भय विह्वलभई मूर्च्छापरे-जस्ती भएको सीता, आँसु खसाल्दै मनमनै–"मलाई राक्षसीहरूले बिहानै खानेछन! कुन उपायले अहिल्यै मरण पाउँला" इत्यादि बिलौनालिन लागीन ।

एवं विलौना लिई दिक्क मानो, मर्छू अवश्यै भनि निश्चयै ली ।
हाँगासमातेर नजानि युक्ति, डाँको निकाली रुनमात्र लागीन ।।

इति सुन्दरकाण्डे द्वितीयः सर्गः ।।२।।

सीताले, हाँगा समाती डाँको छोडेको देखदा, हनूमानले "रामबिना राक्षसका माझमा बाँचनाले मलाई के काम छ ! झुण्डिएरै भएपनि शरीरलाई त्याग्दछू, मेरो लामो चुल्ठो नै पासो होइजान्छ !" भन्ने निश्चय लिएको ठहऱ्याई, यसैबखतमा सम्झाउनु पर्दछ भन्ने बिचारले सीताकोकानमामात्र पर्ने गरी सूक्ष्मशब्द निकाली बोल्नलागे :–

"इक्ष्वाकुका कुलमा, ठूला राजा दशरथ जन्मेका थिए । तिनैका चारछोरा–सर्वलक्षण सम्पन्न देवताजस्ता, लोक प्रसिद्ध राम, लक्ष्मण, भरत, शत्रुघ्न जन्मे । ती मध्ये ज्येठाराम, बाबुका आज्ञाले भाइलक्ष्मण र पत्नी सीतालाई साथमालिई, दण्डका-रण्यमा आई गौतमीको किनार पञ्चवटीमा बसेकाथिए ।

एकदिन, राम नभएकोबेलापारी, सीतालाई दुष्टरावणले लग्यो । रामले दुःख मानो, सीतालाई खोजदै हिंडदा, पक्षीका राजा जटायुलाई भूइँमा लडेको देखेर उना-लाई स्वर्गबास गराए ।

पछि ऋष्यमूकमा गएर सुग्रीवसंग मित्यारीलगाई सुग्रीवकी पत्नीलाई हरणगर्ने बालीलाई मारी, सुग्रीवलाई राज्याभिषेक गराई मित्रकार्य सम्पन्न गराए ।

बानरकाराजा सुग्रीवले, दूतद्वारा ठाउँ–ठाउँका पहाडबाट बानरहरू जम्मागरेर, सीताको पत्तालगाउन भनी, चारोंतर्फ खटाए । तिनैहरूमध्ये सुग्रीवको मन्त्री, एउटा बानर म हूं । सम्पातिको सूचनाबाट, झट्टै शययोजनसमुद्रलाई नाघी, लंकामा सीता-लाइ खोजदै, अशोकका बघैंचामा पुगि, शिशौको रूख ढुंढदा त्यसैठाउँमा, शोकलिदै

दु:खमारहेकि रामकि महारानि सितादेविको दर्शन पाएँ ! कृतकृत्य मानेको छू" यतिसम्म सुनाइ बुद्धिका चतुरा हनूमान चुप्पलागे ।

सीताले क्रमैसंगका कुराको शब्द सुन्दा आश्चर्य मानेर मनमनैमा –"आकाशमा हावाले[1] बोलेजस्तो यो मैले के सुनें ! 'स्वप्न हो कि' भनूँभने, दु:खलेगर्दा मलाई निद्रा नै छैन ! भ्रम भनूँ भने–आफूले यथार्थ थाहापाएको कुरा हुनाले, भ्रम भन्न भएन !" भन्ने विचार लिई, सुस्तबोलो गरेर भन्दछीन :– जसले, मेरो कानको अमृतजस्तो बोलो सुनायो, त्यो मेरो प्रियवादी, मेरा अगाडिमा देखाहपरून" ।

सीताको बचन सुनेपछि, रातो मुख पहेंलोवर्ण, भंगेराजत्रो शरीरभई, बानरको रूपलिएका हनूमानले पातका झाँगबाट बिस्तारै ओर्ली, सुस्त सुस्त सीताका अगाडिमा पुगेर हातजोरो नमस्क्षार गरे । त्यसरूपलाई देखदा सशंकसीताले 'मलाई छलनलाई, बानरको रूप लिई रावणआयो' भन्ने ठानो, भयग्रस्तभई, चुपलागी घोप्टोपरीन ।

हनूमानले "हे देवि ! तपाइँले जोशंका लिनुभयो, त्यसप्रकारको म होइन, हे आमा ! म उपर शंका नलिनुहोस । म, कौशलकाराजा परमात्मारामको दास हूँ, बानरका राजा सुग्रीवको मन्त्री हूँ, सबैका प्राणबनेका वायुको पुत्र हूँ भनी, हातजोरीरहे ।

सीताले "जो तिमीले 'रामको दास हूँ' भन्यौ, बानरको र मानिसको संगति कसरो मिलला" भनीन् ।

हनूमान भन्दछन,–"रामले, तपाइँको बिषयमा शवरीसंग सोधनीगर्दा, शबरोले "सुग्रीवलाई भेटनुहोस सीताको खोजीगर्ने काम उनैले गर्नेछन' भनेकी हुनाले राम लक्ष्मण सुग्रीवलाई भेटन ऋष्यमूकमा पुगनुभएको थियो ।

त्यसै पहाडको टाकुरामावसेका सुग्रीवले, टाढैबाट उहाँहरूलाई देखता, बालीले पठाएको हो कि भन्ने भ्रान्तिले डराई दुवैको मनबुझ्न भनी, मलाई पठाए ।

मैले ब्रह्मचारीको रूपलिई, रामको नगीचमा पुगी बुझ्दा, उहाँहरूको सद्भावना

१–जगतका क्रियाको साक्षी 'हावा' हुनाले, 'हावाले बोलेको हो कि' भन्ने भावना ।

देखेर दुवै भाइलाई काँधमा चढाई, सुग्रीवबसेको ठाउँमा पुऱ्याई, राम र सुग्रीवमा मित्यारि पनि गराएँ ।

सुग्रीवकीपत्नीलाई बालीले हरेको हूँदा, रामले एकै वाणबाट बालीलाई मारी, बानरको राज्यमासुग्रीवलाई अभिषेक गराउनुभयो ।

सुग्रीवले, सबै दिशाका बीरबानरहरूलाई जम्मागरी, तपाइँको पत्तालगाउनभनी, दिशा–दिशामा खटाउँदा, हिंडन आँटेको मलाई रामले आदर गरो "हे बायुपुत्र ! मेरो कार्यसाधनमा समर्थ, तिमी नै हुनेछौ, सीतालाई मेरो र लक्ष्मणको कुशल सुनाए । निश्चय[1] बोधका निमित्त, मेरा नाम खोदिएको यो मेरो औंठी सीतालाई दिनू" भनी, आफ्नो औंलाबाट झिकेर, मलाई सुम्पिनुभएको औंठी, जतन पु-याई ल्याएको छू, यही हो हेर्नुहोस" भनी सीतालाई औंठी अर्पेर नमस्कार गर्दै, हनूमान केही पछि हटे ।

सीताले, औंठी हातमालिई हेरेर, हर्षले आनन्दको आँसु गिराउँदै शिरमा चढाइन र हनूमानसंग "हे कपे ! तिमी बुद्धिमान रहेछौ, मेरो प्राणदाता भयौ ! रामको प्रियकारी भक्त रहेछौ ! रामको बिश्वास पनि तिमीमा नै रहेछ ! पूर्ण बिश्वास नपरेको भए, म भएका ठाउँमा तिमीलाई कसरी पठाउनु हूंदो हो !

हे हनूमन ! मेरो दुःखादि सबै तिमीले देखिहाल्यौ ! जसरी हुन्छ म उपर रामको दया पर्न पाउनेगरी सबैकुरा रामलाई सुनाइदेऊ । दुइमहिनासम्म ता मेरो प्राण रहने छ ! रावणको हाँक सुनिहाल्यौ होला । त्यहाँसम्म राम आइपुग्नुभएनभने, त्यस दुष्टले मलाई खानेछ ! दुइ महिना नपुग्दैमा रामले बानरका राजा सुग्रीव र उनका फौजसमेतलाई लाथमा लिई आएर, लडाइँमा छोरा–फौजसमेतकोरावणलाई मारी, मलाई छुटाउनुभयो भने, उहाँको बल प्रताप बीरहरूले र ब्राह्मणहरूले बर्णन गरेअनुसार 'सत्य' ठहरिनेछ । हे हनूमन ! जे जसो गरेर हुन्छ, चाँढैनै रावणलाई मारी, मेरो उद्धार हुनपाउने यत्नको बचनबाट, राममा प्रेरणापुऱ्याई धर्म[2] लेऊ" भनीन ।

हनूमानले "हे देवि ! मैले देखे बुझेसम्मको बिचारबाट, हतियारसहितका राम लक्ष्मण चाँढै नै आउनुहुनेछ र फौजसहित सुग्रीवको सहायबाट, रावणलाई बलात्कारैले मारी तपाइँलाई लिई अयोध्यामा जानुहुनेछ शंकाछैन" भने ।

१–'यो राम कै मानिस रहेछ' भन्ने निश्चय । २–व्यर्थमा परेको थ़ुनुवालाई छुटाउँदा पाइने धर्म ।

सीताले "राम, वानरका फौजलाई साथमा लिई, यो फैलिएको अगाधसमुद्रलाई कसरी तरी आउनुहोला !" भनीन ।

हनूमानले "राम लक्ष्मण मेरो काँधमा चढी आउनु हुनेछ, फौंज सहितका सुग्रीव, आकाश मार्गबाट क्षणैमा समुद्रपार गरी आउनेछन र राक्षसका थुप्रैलाई भस्मीं-भूत गराउने छन, शंका नलिनुहोस ।

हे देवि ! अनुज्ञा पाउँ, राम लक्ष्मणको दर्शनलाई छिटोगरी जान्छू र हजूर छेउ आउनलाई चाँढो गराइँदिनेछू । मेरो कुरामा रामको बिश्वास निमित्त केही सिफा-रिस दिनु भएमा यत्नपूर्वक गुप्त गरी उत्सुकभई जाँदो हूँ" भने ।

सीताले केहो गम गरेर चुल्ठोमा रहेफो 'चूडामणि' झिकी हनूमानको हातमा दिएर यसबाट राम लक्ष्मण दुवैभाइ, तिम्रो कुरामा विश्वास मान्नु हुनेछ । रामलाई बिश्वास गराउने, अर्को एउटा कुरा पनि बताइदिन्छू,– अगि चित्रकूट पर्वतमा एकान्तमा बसदा' एकदिन मेरो काखमा शिर राखी राम सुत्नु भएको थियो । इन्द्रलोकको काक[१] आएर, मासुको आशाले मेरो गोडाको बुढी औंलामा नङ्ग्राले कोर्ने, चुचोले ठुङ्ने गरी रगत निक्लुन्जेल घाउ गरायो ।

रामले बिमझेपछि गोडामा घाउ गराएको देखदा, "मलाई रिस उठाउने काम कुन दुष्टले गऱ्यो" भन्नुभयो र त्यसैबखतमा मुख चुच्चो नङ्ग्रामा रगत लागेको, मेरो अगाडि बसो मलाई नै ताकी रहेको काकलाई देगेर रिसाई, एउटा घाँस टिपी त्यसैमा दिव्यास्त्रचढाएर हेलैसंग फ्याँक्नुहुंदा, त्यो घाँस बल्दै काकलाई झम्टन पुग्यो ! त्यसबाट डराएको काक उडदै इन्द्रलोकदेखि ब्रह्मलोक सम्म घुम्यो !

परन्तु, त्यसलाई इन्द्र ब्रह्माअदि कसैले रक्षागर्न सकेनन र त्रासिदै रामको अगाडिमा आई लडदा, शरणागतवत्सल रामले "यो मेरो अस्त्र ब्यर्थहुंदैन, एउटा आंखा दिएर जा" भन्नुहुंदा, बायाँ आँखा छोडी गएथ्यो ! एवं पुरूषार्थभएका राघवले मलाई अहिले के कारणले वास्ता राख्नुभएन !" भनीन् ।

१–काकको रूप लिएको इन्द्रको छोरो ।

हनूमानले "हे देवि ! तपाइँ यहाँ बसनुभएको छ, भनी रामले थाह पाएको भए राक्षसबाट सिंगारिएको यस लंकालाई, क्षणैमा भस्म गराउनु हुंदोहो" भने ।

सीताले "हे वाबु ! तिमी अतिसूक्ष्मशरीरका छौ, ठूलाशरीरका राक्षसहरूसंग कसरी लडन्त गरौला ! सबै बानर पनि तिमी जस्तै होलान !" भनोन ।

हनूमानले, राक्षसका फौजलाई तर्साउने सुमेरूपर्वतजस्तो, अगिको[१] रूप लिई सीतालाई देखाए ।

ठूलो पर्वतजस्तोहनूमानलाई देखेर, अति हर्ष मानेकी सीताले "हे महासत्त्व ! समर्थका रहेछौ ! महावल भएका तिमीलाई राक्षसीहरूले देखलान,[२] बाटोमा सुविस्ता होस चाँढेनै रामछेउ पुग" भनोन ।

हनूमानले "हे देवि म भोको छू अहिले तपाइँको दर्शनपाउँदा तपाइँकै दृष्टिमा रहेका फलहरूबाट पारण उचितहुने ठान्दछू" भन्दा, सीताबाट 'हुन्छ' भन्ने आदेशपाएर, बघैंचाका फलहरूखाई सीतासंग बिदा लिई, प्रणाम गरो हिंडे ।

केही पर पुगेका हनूमान टक्क अडी, मनमनै–'मालिकको कामलिइ आएकोदूत, मालिकको आदेशमा विरोध नपर्नेगरो, आदेशभन्दा बढता कुनै उत्कृष्ट कर्म नगरि अतः फर्कन्छ भने त्यो निस्कृष्ट ठहर्दछ ! म अरू[३] केहीबीरकर्मगरी, रावणलाई भेटी, केही कुरा गरेर मात्र रामको दर्शनमा जान्छू' भन्ने निश्चयलिई फर्केर, अशोकका बघैंचामा पसी, फेंदमा सीता बसेको शिशौका बृक्ष बाहेक अरू सबै बृक्षउखाडो, वघैंचा नाङ्गो गराए ।

बानरको त्यो तमासादेखेर राक्षसीहरूले सीतासंग "यो बानरका आकारको उद्भूत को हो भनी सोधे ।

सीताले "राक्षसले खडा गरेको मायालाई तिमीहरू नै चिह्नौला, दुःख र शोकमा डुवी आकुल भएकी म यसलाई चिन्दिन" भनिन ।

१–अगि समुद्रपारगर्दा लिएको ठूलो रूप । २–राक्षसीहरूले देखेर रावणलाई सुनाएमा के होला, कसो होला, चाँढै जाउ, भन्ने भाव । ३–अन्होट देखिवढताको कुनै कार्यमा बाधानपर्ने ।

डरले काँपेका राक्षसीहरू दगुर्दै रावणको नगीछमा पुगेर "हे देव ! ठूलो शरीर भएको बानरका आकारको अति बलियो ! को हो आएर सीतासंग कुरागरी, अशोकको बघैंचा सबै, क्षणभरमै उखाडी, त्यत्रो देवमन्दिरसमेत भत्काइ सक्यो ! अति बलियो पराक्रमी रहेछ ! सबै पहरादारलाई पनि दारी त्यहीँ बसीरहेछ !" भनि सुनाए । 'बघैंचा भङ्ग भयो' भन्ने दुःखलाग्दो कुरा सुन्दा, जुरूक्क उठेका रावणले, हजारौं नोकरहरू जम्मा गरि खटाए ।

अगि आफैले भत्काएको देवालयको भूइँतलामा, पर्वतजस्तो शरोर, रातो मोहडा भयलाग्दो आकार भई हातमा फलामको खम्वा लिई, पुछर पनि अलि–अलि हल्लाउँदै बसेका हनूमानले, सन्मुख हुंदै आएका फौज लाई देखेर सिंह झैं गर्जना गरे ।

हनूमानको गर्जनासुन्दैमा टोलहा जस्ता भएका राक्षसहरू नगीचमा पुगदा भयंकर रूपदेखेर, अनेकजातका अस्त्रहरू छोडनलागे ।

हनूमानले जुरूक्क उठी, हातमालिएको फलामको खम्वा घुमाउँदै हात्तीले भुसुनालाई पेले झैं, सबै फौजलाई क्षणैमा भुसुक्क पारे !

किंकरहरू मारिए' भन्ने सुनी, क्रोधले मूर्छाजस्तो भएका रावणले, अति दुर्मत्त सेनापति पाँचलाई खटाउँदा तिनोहरूलाई पनि हनूमानले त्यही लोह खम्बाले बैठयाइ मारे ।

त्यो समेत सुन्दा, अति क्रुद्धभएका रावणले, छोरा सातजनालाई खटाए । हनूमानले तिनीहरूलाई पनि निःशेष गरो अगि बसेकै थलोमा पुगो अरूलाई पर्खे झैं भई बसे ।

त्यसपछि, 'अक्ष' नामगरेका प्रतापी राजकुमार फौजलिई आए । तिनीलाह देखदा हातको खम्वा उठाई आकाशतर्फ उफ्रेका हनूमानले, छिटोसंग टाउकामा ठोकी मारेर, साथमा आएका फौजलाई पनि निःशेष गराए ।

त्यो समेत सबै सुन्दा, अत्यन्त क्रोधले जली काँपेको रावणले, इन्द्रजितसंग "हे बाबु ! मेरो छोरालाई मार्ने शत्रुबसेको ठाउँमा म आफै जान्छू र त्यसलाई मारेर आउँदछू अथवा बाँधेर१ यहीँ लिई आउँछू" भने ।

इन्द्रजितले "हे महामते ! शोक नलिनुहोस, म छोरो छदाछदै हजूरले दु:खित बचनगर्नु किन ! हे पिताजी ! त्यस बानरलाई मैले नै ब्रह्मपासले बाँधी यहीँ लिई आउँछू" भनी रथमा बसी, राक्षसको घेरा गराई, बीर इन्द्रजित हनूमानको नगीचमा पुगे ।

टाढैबाट फौजको गर्जना सुनेका हनूमान फलामको खामो उठाई गरूड झैं आकाश तर्फ उफ्री घुम्नलागे ।

इन्द्रजितले आकाशमा घुमेका हनूमानलाई, टाउकोमा आठओटा, छाति र गोडा-मागरी छओटा, पुच्छरका झुम्कामा एउटा गरी एकै पटकमा पन्ध्रवाण छोडी ठूलो गर्जना गरे ।

त्यति हुंदापनि खुशी नै मानेका हनूमानले, हातको खामो उठाई इन्द्रजितको सवार, घोडा रथ समेत क्षणैमा चूर्ण गराए ।

अतिशौर्य, अतिपराक्रमभएका इन्द्रजितले अर्कोरथमा चढी, हनूमानउपर ब्रह्मास्त्र छोडी त्यसद्वारा वाँधेर रावणको नगीचमा पुऱ्याए ।

राम नाम जपदा सबैजन, कर्मबन्धन छुटाइ झट्ट नै ।
जान्छ मुक्तभइ बिष्णुलोकमा, जो छ कोटि रवितुल्य भासुर ।।
जो, रामका पाउ लिएर छातिमा' सधैं सबै बन्धनबाट मुक्तछन ।
त्यस्ता हनूमानकन बाँधने अरू, कुन पाश हो ! बन्धन हो ! समर्थको ।

इति सुन्दरकाण्डे तृतीयः सर्गः ।।३।।

१–यहां 'मारेर' भनेपछि, मार्न नसकिने हो कि' भन्ने शंकाले 'अथवा बाँधेर' भन्ने उक्ति भएको छ ।

पाशो समाती भयभीत झैं भई, गए हनूमान नजरै[१] घुमाउँदै ।
तमास हेर्ने वटुवासमेत सबै, रिसाउँदै मुढ्कि ठटाउने भए ।।
ब्रह्माजिको त्यो वरदानले[२] गरी, ब्रह्मास्त्रले बन्धनमात्र छोडि गो ।
जाने[३] पनी बद्ध र त्रस्त[४] झै भई, आफै गए कार्यबिशेष[५] लीकन ।।
सभाबिचै रावणका अगाडिमा, पुऱ्याइ भन्छन् सब हाल इन्द्रजित ।
"त्यत्रो बगैंचा अनि मन्दिरैपनी, एक्लैउखाडेर उजाड पार्दियो ।।
फौजे सबै राक्षस मारिनैदियो, ब्रह्मास्त्र छोडीकन मात्र पक्रियो ।
ब्रह्मास्त्रपीडा सहनैसकेन र, आफै हिंडी आइपुग्यो लुरू लुरू ।
'साधारणै बानर हैन यो' भनी, बुझेरमात्रै नृपबाट दण्ड होस ।।
यत्ती सुनी रावणले अह्राउँछन, कालोपहाडैंसरिको 'प्रहस्त'[६] मा ।
"प्रहस्त ! यस बानरलाईसोधलौ, के कामआयो? कुन ठाउँबाट यो ! ।
सबै बगैंचा किन भ्रष्ट गर्दियो ? के कारणै राक्षस मारिए ? भन ।।"
प्रहस्तले नम्रभएर सोध्दछन, "कस्ले पठायो ! तिमीलाई बानर ! ।
समस्तराजेश्वरका अगाडिमा, साँचो बताऊ नडराउ छुट्तछौ ।।"
प्रहस्तको प्रश्न सुनेर खूशि[७] भै, त्रिलोकको कण्टक[८] तर्फ हेरदै ।
मन मनै राम लिएर हर्षले, भन्छन हनूमान सब रामका कथा ।।
"स्पष्टै गरी जान त देवशत्रु हो !, सर्वत्र अन्त:स्थित रामचन्द्रको ।
म दूत हूं, हव्य कुकुरले झई पत्नी हऱ्यौ जस्कि स्वनाश लाई नै ।।
ती राम गै पर्वत ऋष्यश्रृंगमा, मित्यारि सुग्रीवसंगै त गर्नु भो ।
मारेर बालीकन एक बाणले, दिलाउनू भो सब राज्य मित्रमा ।।
सुग्रीवले लक्ष्मण राम साथमा, प्रवर्षणै पर्वत टापुमा बसी ।
जम्मागरी बानरकोटि क्रुद्ध[९] भै, खटाउनू भो ति सबै दशैदिशा ।।
'सीता कहाँ हो' भनि खोजनैकन, त्यसमध्यको एक म वायुपुत्र हूँ ।
खोज्दै त सीता म यहाँ पुगें पनी, भेटै ति सीता र म बानरै हुंदा ।।

१-लंका सहरमा कहाँ-कहाँ के-के रहेछ भनी आँखा घुमाउँदै । २-'तिमीलाई मेरो अस्त्रले पीडा गर्नेछैन' भनी ब्रम्हाजीबाट वरदान पाएकोकुरा, आनन्द रामायणमा स्पष्ट छ । ३-ब्रम्हास्त्रले छोडेको थाहपाएपनि । ४-कातर । ५-रावणसंग भेटआदि गर्ने कार्य विशेष । ६-पौलस्त्यकी तृतीयपत्नी-पुष्पोत्कटाबाट जन्मेका 'महोदर प्रहस्त, महापार्श्व' भन्ने आदित्य पुराणको उक्ति छ । ७-बोलनपाउँदा खूशि । ८-रावणतर्फ । ९-तिमीदेखि क्रुद्ध भई ।

नाशें बघैंचा, अनि मारनै भनी, आए धनुँ काण लिएर राक्षस ।
देखें र यो देह निमित्त मारि दें, प्राणी सबैको 'प्रिय' देह हो प्रभो ! ।।
ब्रह्मास्त्रले बाँधि मलाई इन्द्रजित, आए संगै किन्तु मलाइ पाशले ।
छोएर छोड्यो बिधिका[१] प्रवाहले, जानें[२] सबै तापनि बद्ध झैं भई ।।
पाशो समाती करूणार्द्र चित्तले, आएँ हितै बोध गराउनै भनी ।
विवेकले सोच[३] र लोकको गति, नलेउ यो राक्षस बुद्धि रावण ! ।।
संसारको मोक्षक हेतु जो छ त्यो, दैवो[४] मतिस्पष्ट हितै छ लेउ त्यो ।
ह्वौ ब्रह्मनै उत्तमवंशका तिमी, पौसत्यकापुत्र कुवेर बान्धव ।।
देहात्मको[५] बुद्धि लिएर नै पनी, बिचारलेऊ तिमि ह्वै न राक्षस ।
आत्मा अलग हो भनि जान्दछौभने, झन के भनूँ! राक्षस भो कसोगरी! ।।
शरीरबुद्धीन्द्रिय जन्य झै सबै, दु:खादि कामादि त चित्तबृत्ति हुन ।
नछौ तिमी चित्त,[६] नछन ति आत्ममा,[७] आत्मा अलग्गैछ विकारशून्य छ।।
दु:खादि तो स्वप्न झइँ असत्यछन, 'त्यसोभए सत्य छ वस्तु के कहाँ ? ।'
भन्लाउ 'आत्मा' तिमै छ सत्वको, बिकार छैन अत अद्वितीय छ ।।
जस्तो त आकाश[८] छ सर्वब्यापक, लेपिन्नगन्धादि कुनै कतैपनी ।
त्यस्तै छ आत्मा 'अतिसूक्ष्म' चित्तमा, दु:खादिले छुन्न कसैगरे पनी ।।
देहेन्द्रिय[९] प्राणशरीर संगमा, आत्मा भनी ठान्छ र बन्छ बन्धन[१०] ।।
चिन्मात्र आनन्द[११] अजन्य[१२] अक्षर,[१३] भनेर जाने उहिहुन्छ मोचन[१४] ।।

१-बृम्हाका । २-पाशोले छोडेकोसमेत सबै थाह पाएँ तापनि । ग-यस वाक्यदेखि हित र अहितको वोध गराएको छ,—सत् असत्को विवेकवाट, धर्मले अधर्मले स्वर्ग नरक हुन्छ, भनिने लोकको गतिलाई शोच । ४-पर पीडादिबाट निबृत्ति रूपमार्गको बुद्धिलेउ । ५-देहलाई नै 'आत्मा' भन्ने बुद्धिलिएपनि, उत्तमवंशका बृाम्हण-बाट जन्मीएका हुँदा तिमीराक्षस होइन । ६-दु:खादिको आश्रय चित्तहो, तिमी चित्तहोइनौ । ७-म आत्मा हुँ,' भन्दछौ र ती दु:खादि ममा रहन्छन भन्छौ भने, आत्मालाई निर्गुण निर्विकार मानिने श्रुतिप्रमाणबाट आत्मामा दु:खादि रहनै सक्तैन । ८-यस वाक्यबाट,—चित्तसंगको संवन्धले म (आत्मा) मा पनि दु:खादिको संवन्ध छ' भन्ने शंकाभएमा, आकाशकोदृष्टान्तगरी 'नीलो आकाश' भने झैं 'म दु:खी' 'म सुखी' भन्नु पनि केवल भ्रममात्र हो भन्ने बुझाइएको छ । ९-यस वाक्यमा, देह शब्दले 'सूक्ष्म' र, शरीर शब्दले 'स्थूल' लाई बुझाइएकोछ ।' यो उक्ति, 'मुक्त' 'संसारी' भन्ने व्यवस्था छैन कित ? भन्ने शंकाको निवारणलाई भएको हो । १०-संसारी बन्दछ । ११-आनन्द नै स्वरुप । १२-उत्पत्तिरहित । १३-अविनाशी । १४-मुक्त हुन्छ ।

शरीर[1] जो हो पृथिवो विकार हो, प्रानै पनि बायुस्वरूप[2] मात्र हो ।
त्यस्तै अहंकार–बिकार हो मन,[3] त्यस्तै महत्तत्त्व बिकार[4] बुद्धि हो ।।
'आत्मा' चिदानन्द छ ईश्वरै छ त्यो, उपाधिले मुक्त र देह भिन्न छ ।
सर्वत्र नित्यै छ, प्रकाशरूप छ, विकारमा[5] छैन, उ जानि मोक्ष छ ।।
अतश्च आत्यन्तिक मुक्तिसाधन, सुनाइदिन्छू बुझिलेउ रावण ! ।
श्री बिष्णुको भक्ति, छ चित्त सोधने, त्यसबाट भै ज्ञान[6] अतीवनिर्मल ।।
बिशुद्धतत्त्वानुभवै[7] गराउँछ, जानेपछि ब्रह्म पदैँ पुऱ्याउँछ ।
त्यसकारणै भज्नुहओस राम नै, छोडेर मूर्ख्याइँ[8] र शत्रुभावना ।।
अगाडि सीता अनि पुत्र बान्धव, साथै लिई जानुहओस राममा ।
तिनै परात्मा तिनी नै रमापति, माया अलगका तिनि नै परात्पर ।।
तिनी सधैं छन शरणागतप्रिय, गरी नमस्ते भयबाट छुट्नुहोस ।
प्राणी सबैका मनमा त एक भै, बस्ने परात्मा–सुखरूप राममा ।।
गर्दैन जो चिन्तन भक्तिले भने, कसोरि तर्ला भवदुःख सिन्धु त्यो ।
अतश्च अज्ञानस्वरूप अग्निले, संदग्धआत्मा नसुधारने भए ।
बैरी बनी पातकले[9] अझै तल, खसाल्दछौ मोक्ष कसोरि मान्दछौ ।।"

यतिसम्म, अनूमानको अमृतसमान बचन सुनेर, झन निमठिएका रावणले राता आँखा पल्टाउँदै "तँ बानरमाको अधम, दुष्टबुद्धि भएको रहिछस, मेरो अगाडि निर्भयभई वक–वक गर्दछस । को हो त्यो राम भनेको !, कुन वनडुलुवा हो सुग्रीव !, कसका लेखा ठूलो हो ?, सुग्रीवसंग मिलेको त्यस नराधमलाई म मारी दिन्छू । पहिले तँलाई अहिल्यै मारेर त्यसपछि जानकीलाई र लक्ष्मण सहिको रामलाई मारो, बानरको राजा भएको सुग्रीवलाई सकल बानरका साथै झट्टै मार्नेछू" भने ।

रावणको दुस्कर बचन सुन्दा, रिसले तातेका हनूमानले "हे अधम ! म रामको दास हूँ ! अपार शक्ति भएको छू, कोटि रावण भएपनि मेरोजोडामा पुग्ने छैनन !" भने ।

१–यसउक्तिबाट, देहादिको भिन्नता बुझाइन्छ,–शरीर, पृथिवीको विकारले बन्ने हुँदा 'आत्मा' होइन । २–वायु बाहिर देखिने जड पनि हुनाले र "यः प्राणः स वायुः" भन्ने श्रुतिहुनाले 'आत्मा' होइन । ३–मन, अहंकारको विकार हुनाले 'आत्मा' होइन । ४–बुद्धि, प्रकृतिको विकारमहत्तत्वबाट हुनेहुनाले 'आत्मा' होइन । ५–षड्विकारमा छैन । ६–भक्तिबाट, नित्याऽनित्यविवेकद्वारा 'ज्ञान' । ७–अपरोक्षसाक्षात्कार गराउँछ । ८–'यो मनुष्य हो' भन्ने बुद्धिरूप मूर्ख्याइँ । ९–सीता हरणादि पातकले ।

अति क्रोध चढेको रावणले, नगीचमा बसेको एक राक्षसलाई "ए ! यस बानरलाई यहीँ सबैले देखनेगरी, टुक्रा–टुक्रा पारो काटो मारि दे" भन्दा, खड्ग उठाई अगिसरेको राक्षसलाई, बिभीषणले रोकी,–"हे राजन ! शत्रु राजाको बानर, बधयोग्य होवैन कि ! त्यसमा पनि दूत हुनाले, जाजाबाट बधयोग्य ठह-याउन पनि उचित परोइन !

अर्कोकुरा–यो दूत बनो आएको बानर मारिएमा, तपाइँको उद्देश्य१ सिद्धिलाई राममा कुरा पुऱ्याउने२ को हो ! अतः यस बानर उपर बधसमानको अरू नै केही बिचार ह्रोस र त्यसैबाट केही दाग लागेर जाओस, जुन देखेर सुग्रीवसहित राम चाँढै आउलान र तपाइँको उद्देश्य सफल हुन पाउला" भने ।

बिभीषणका कुरा मानेका रावणले "बानरको पुछरमा अभिमान हुन्छ, अतः पुछरमा तेलले भिजेका कपडाहरूले बलियोसंग वेह्री आगो सल्काएर चारौंतर्फ सहरमा घुमाई छोडिदिनू, सबै बानरले देख्न पाउन" भनी अह्राए ।

प्रशस्त राक्षसहरू जम्मा भई, हनूमानलाई डोरीले बाँधेर पुछरमा तेलमा डुवाएका जात–जातका कपडाले वेह्री, छेउमा वत्ती झैं सानो आगो सल्काएर, बलिया–बलिया राक्षसहरूले डोऱ्याई बराबर थप्पड पनि दिंदै 'यो चोर हो' भनी, झ्याली पिट्दै सहरमा घुमाए !

हनूमान पनि, केही कामपुऱ्याउने आकांक्षाले,३ सबैकुरा सहँदै गएका थिए । पश्चिम ढोकामा पुगेपछि, सूक्ष्मशरीर लिई बन्धनबाट फुत्की, तुरून्तै पहाडका आकारको बनि उफ्रेर, सहरको ढोकामाथि पुगी, त्यसैमाको एउटा खम्वा उखाडी त्यसैले ठोकेर रक्षकहरू सबैलाई उत्तीखेरै मारे ! अझैपनि कामको४ बाँकी सोचेर प्रशस्त बलेको पुछरले, राजमहलको अटालोमा उक्ली, त्यहीँ देखि घर–घरमा उफ्रिदै बाहिरका फाटकसम्मको लंकासहर सबै जलाए ! चारौंतर्फका लंकाबासीहरू 'हा तात ! हा पुत्र ! हा नाथ ! भनी चिच्याउन लागे !

१–'राम आओस' भन्ने उद्देश्य । २–'कुरै नबुझी 'राम' यहाँ कसरी आउला भन्ने भाव । ३–सहर सबैमा आगो लगाउने इच्छाले । ४–आगो लगाउने कामको बाँकी ।

राजमहलका अटालीमा उक्ली रहेका स्त्रीहरू, आगामा खस्तै आगो भित्रका देवताजस्ता देखिन लागे ! बिभीषणको घर वाहेक सबै लंका सहर भस्मगरी, उफ्रेका हनूमान समुद्रमा पुगी पुछर डुवाएर शान्त चित्त भए ।

अग्नि, बायुका मित्रहुनाले र अग्निमा सीताको प्रार्थना पनि भएको हुनाले, वायुपुत्र हनूमानको पुछर सम्ममा पनि, अग्निले दाहग राएनन, झन शीतलमात्र गराए ।

जुन नामको स्मरणबाट पखालिपाप, तापत्रयाग्निकन१ तर्दछ झट्ट प्राणी ।
ती रामकै भइ बिशेषप्रधान दूत, के तात्दथे प्रकृतअग्नि परी हनूमान ।।

इति सुन्दरकाण्डे चतुर्थः सर्गः ।।४।।

हनूमानले फेरि सीताछेउपुगी दर्शन गरेर "हे देवि ! अब रामको दर्शनमा जान्छू; तपाइँसंगको भेटलाई, राम लक्ष्मणका साथै सुग्रीव र कडोरौं बानरका फौज पनि आउनेछन !" भने ।

दुःखमानेकी सीताले "हे बाबु ! तिमीलाई देखेर दुःख बिर्सेकी थिएँ, अब रामकोखबरसम्म पनि सुन्न नपाउनेहूंदा कसरी टिकुँला !" भनीन ।

हनूमानले "त्यसोभए, हे देवि ! हजूरको चित्तले मान्छ भने, मेरो काँधमा चढनुहोस म झट्टै रामसंग भेट गराइदिनेछू" भने ।

सीताले "समुद्रलाई शरका थुप्राबाट शोषेर होस वा त्यसमाथि पुलबाँधेर होस जसो गरेर हुन्छ, बानरका फौजलाई लिई यहाँ आएर लडाइँमा रावणलाई मारी, मलाई साथमालिई जानुभो भने, रामको 'कहिल्यै नहराउने कीर्ति' रहन पाउने छ ! त्यसो हुनाले अहिले तिमी जाऊ; म यथाकथाञ्चित प्राण थामेरै बसूँला" भनीन ।

सीताबाट बिदा पाएका हनूमान, लसुद्रतर्न भनी, पर्वतको शिखरमा पुगेर दुइ-गोडाले पहाडलाई धस्स्याई, वायुका वेगले उड्दा पर्वत पनि पृथिवीमा धसियो !!

१–आध्यात्मिक, आधिभौतिक, आदिदैविक गरी तीनप्रकारका पीडारूपीअग्निलाई तर्दछन । अर्थात् ती तीनले पीडा पार्न सक्तैनन ।

आकाशमा पुगेपछि तीशयोजन अग्ला, पृथिवी समान फैलेका हनूमानले ठूलो शब्द निकाले ।

त्यो शब्द सुन्दा, यताका बानरहरूले हनूमान फर्केको ठह्‌र्याई हर्षले ठूलो स्वर गरी, "अवाजैले थाह पाउँछौं ! कार्य सिद्ध गरी फर्केका हनूमानकै आवाज हो । लौ अब, बानरमध्यका श्रेष्ठ हनूमानलाई हेरौं" भन्दै, चिच्याउन लागे ।

उता, आकाशबाट पहाडको टाकुरोमा ओर्लेका हनूमानले उच्चस्वरबाट "म सीतालाई भेटी, रावणसंग कुरा पनि गरी, बनबघैंचा सहित लंकालाई ध्वस्त पारी, फर्केको छू, अब झट्टै राम सुग्रीवका नगीचमा पुगौं" भनी सुनाए ।

त्यो सुनेर अति हर्षले गद्‌गद भएका बानरहरू उफ्रदै नाची नाची, कोही ह्नूमानलाई अंगालो हालने र कोही उनको पुछरमा चुम्वनगर्ने पनि भए । एवं सबै फौज नाचदै उफ्रदै प्रस्नवण पर्वत तर्फ फर्के ।

एवं, फर्कदा वीच बाटोमा, सुग्रीवले संरक्षण गरेको 'मधु' नाम गरेको बघैंचा भेटेर, सबैले अंगदसंग—"हे बीर ! हामी सबै भोकाएका छौं ! तपाइँको बचन पाएमा यहाँका फल महहरू खाई पिई संतोषसंग रामकोदर्शनमा पुग्दा हौं" भने ।

अंगदले "कृतकार्य यिनै हनूमान हुन यिनैका प्रसादबाट फल—मूल पनि खाऊ, मह पनि पिऊ, चाँढो गर" भनी, बचन दिदा, बझैंचाको मुख्य कार्यकर्ता दधिवक्र[1] द्वारा रहेका रक्षकहरूको वास्तै नराखी, सबै हुल भित्र पसी मह पिउन लागे ।

ती फौजलाई, बघैंचाका रक्षक बानरहरूले धपाउन पिटन खोजदा, ती रक्षकहरूलाई भित्र पसेका फौजले मुट्‌को र खुट्टाले ठोकी थचारो पञ्छाएर खानु—पिउनु गर्नलागे ।

फौजदेखि क्रुद्धभएका दधिवक्रले रक्षकहरूलाई साथैमा लिई सुग्रीबछेउ पुगेर "हे देव ! धेरैंकाल देखि रक्षा भइरहेको तपाइँको मधुवन, अहिले अंगद र हनूमानले नष्ट गराए" भनी सुनाए ।

१—सुग्रीवको मामा ।

त्यो उजुर सुन्दैमा, मनमनै खुशी मानेका सुग्रीवले "अवश्य, सीतालाई भेटी फर्केका हुन, सँदेह छैन! होइनभने, मेरो मधुवनमा पस्न कसको कुन समर्थ! त्यसमा पनि, अवश्य हनूमानले नै कार्य सिद्ध गरेको हुनुपर्दछ" भने ।

केही टाढैबाट, सुग्रीबको बाक्य सुनी, हर्षमानेका रामले "हे राजन! तिमीले सीताको नाम लिई कुन कुरा गरेका ह्वौ ?" भनी सोधे ।

सुग्रीवले "हे देव! बानरहरूले सीतालाई भेटेछन! किनभने, हनूमान आदि सबैले मधुवनमा पसी, त्यहाँका बस्तुहरू खाएछन । त्यहाँका रक्षकहरूलाई चढकन पनि पनि दिएछन! यदि मालिकको काम नपुऱ्याएको भए, मेरो मधुवनलाई हेर्नसम्म पनि सक्तैन थिए । अतश्च, 'सीताको दर्शन पाएछन' भन्ने निश्चित छ" भनी, सुनाएर, दधिवक्र तर्फ फर्की—"तिमीहरू नडराऊ, चाँढै गएर अंगदसमेत सबैसंग "तपाइँहरूलाई राम सुग्रोवले बोलाएको छ" भनी, सबैलाई यहाँ लिई आऊ" भने ।

दधिवक्रसहित रक्षकहरूले वेगसंग दगुर्दै मधुवनमा पुगेर, सबैले सुन्नेगरी "तपाइँहरूको खवर सुनेर अति हर्ष मानेका राम सुग्रीवले, तपाइँहरूलाई चाँढो भेटन खोज्नु भएको छ, जानुहोस" भन्दा, सबै बानरहरू हडवढाउँदै हनूमान र अंगदलाई अगि लगाई, आकाशमार्गबाट आई, राम सुग्रीवका अगाडि भूइँमा ओर्लिए ।

हनूमानले आकाशबाट ओर्लंदा, रामको संतोषनिमित्त "आरामकी सीताको दर्शन पाएँ भनी सुनाउँदै भूइँमा टेकेकाथिए । नगीचमा पुगेपछि क्रमशः राम सुग्रीव लक्ष्मण लाई दर्शन गरी, रामसंग हात जोरेर "शोक ग्रस्त सीताबाट हजूरमा कुशलआज्ञा भएको छ!

अशोकका बघैंचामा राक्षसीहरूका घेराभित्र शिशौको फेदमा निराहारको दुब्ली मलीन बस्त्र पैह्रे की, पछाडिपट्टिमात्र एकचुल्ठो भएकी, 'हा राम! हा राम! हा राम!' भन्दै शोक लिई बसेकी सीताको दर्शनपाउँदा, मैले सूक्ष्मरूपलिई, बृक्षको हाँगाका अन्तरमा दविई सुस्त–सुस्त बोलीले, हजूरको जन्मदेखिका बिस्तारबाट दण्डकमा आगमन, हजूर नरहेको बेलामा रावणले जानकीको हरण हजूरको सुग्रीवसंग मैत्रीकरण, हजूरबाट बालीको मरण र सीताको खोजीलाई सुग्रीवले बानरहरूलाई खटाएकोसमेत सबैकुरा

सुनाएपछि, त्यसैमध्ये सुग्रीवको मन्त्री रामको दास म एउटाले मात्र जानकीको दर्शन-पाइँ, मेरो प्रयास सफलभयो' भनें ।

त्यो बृत्तान्तसुन्दा, आँखा पल्ठाएकी, सीताले "यो शुभ अक्षरबाटबनेको कानको अमृत मलाई कसले सुनायो ! यदि सत्य हो भने, त्यो मेरो दृष्टिमा पर्न आओस" भन्नुभयो र सूक्ष्मदेह बानरका आकारको म अगाडि परी प्रणाम गरी हात जोरदै केही टाडैमा रहें ।

सीताबाट "तिमी को ह्वौ ?" भनी सोधनुभयो । मैले सबै व्यहोरा बोध गराई हजूरले दिएको औठी अर्पण गरें । औंठी देखदा, म उपर अति बिश्वास मानेर "हे हनूमान ! रातदिन राक्षसीहरूको तर्जनाले पोडामा परेकी मलाई जस्तो देखेका छौं, त्यो सबै रामलाई सुनाइदेऊ" भन्नुभयो ।

मैले "हे देवि ! राम पनि तपाइँको निश्चय नपाउँदा, अहोरात्र चिन्तामा रहनु भएको छ ! म चाँढो पुगी तपाइँको परिस्थिति निवेदन गर्नेछू । समाचार सुनेपछि, राम लक्ष्मण सुग्रीव तीनैजना बानरका फौजलाई साथमालिई झट्टै यहाँ आइपुग्नुहुनेछ र कुलै सहितको रावणलाई मारी तपाइँलाई लिई आफ्नो मुलुकमा फर्कनुहुनेछ ! शान्त हुनुहोस । रामलाई बिश्वासनिमित्त केही शिफारीस पाउँ, भनी निवेदन गरें ।

सीताले, आफ्नो चुल्ठोमा रहेको 'शिरोरत्न' दिई, अगि चित्रकूटमा काकलेगरेको बृत्तान्त पनि बताएर आँखा भरी आँसु लिई "राममा मेरो कुशल निवेदन गरीदेऊ है, लक्ष्मणलाई पनि अगि मैले वेसमझबाट दुर्वचन गरें ! क्षमा राखनुहोला भनी सुनाइ देऊ, अरूकुरालाई जसोगर्दा रामबाट मेरो उद्धार हुन पाउँदछ त्यसै गर" भनी, ठूलो दुःखमा परेको सीता रूनलाग्नुभयो । मैले पनि हजूरको बृत्तान्त सवैसुनाई सम्झाएँ ।

सीताबाट विदापाई फर्कदा, रावणको अति प्यारो अशोकको बघैंचा सवै फाँडी धेरै जसो राक्षसलाई पनि छिनैमा मार्दा, अगाडि सरो आएको रावणको छोरो 'अक्ष' लाई पनि मारे ! रावणसंग पनि बोल–चाल गरी सबै लंकालाई भस्म गराएर झट्टै फर्की आएँ" भनी, सुनाए ।

हनूमानको कुरा सुन्दा, अति खुशी भएका रामले "हे हनूमन ! तिमीले, देवताले पनि गर्न नसक्ने काम गरेछौ ! मेरो उपकार गर्ने तिम्रो उपर, मैले गर्ने प्रत्युपकार देखिन ! अहिले तिमीलाई म मेरो सर्वस्व दिन्छु" भनी, आँसुले भिजेका आँखा लिएर ठूलो प्रीति राखी, हनूमानलाई तानी दुइहातले च्यापी, आलिंगन गरेर "परमात्मा मानिएको मेरो आलिंगन लोकमा दुर्लभ छ छ, – तिमी मेरो भक्त पनि प्रिय पनि हुनाले मात्र, तिमीले, पायौ" भने ।

जसको त पाउदुइमा तुलसी चढाई, पूजेरमात्र पनि पाउँछ बिष्णु लोक ।
तो रामबाट गरिए जब अंकमाल, केभन्नु पर्छ अब, 'मुक्तभए हनूमान' ।।

इति सुन्दरकाण्डे पञ्चमः सर्गः ।। ५ ।।

इति सुन्दरकाण्डं समाप्तम् ।।

अथ लङ्काकाण्डम्

हनुमानवाट यथार्थ हालखबर मुन्दा, अति हर्षलिएका रामले "देवताहरुले पनि गर्न नसक्ने पृथिबीमा त कसैकामनले चिताउनै पनि नसक्नेकाम, हनुमानले गरे। शययोजन फैलिएको समुद्रलाई नाघ्नसक्ने को; राक्षसहरुले रक्षागरेको लंकालाई ध्वस्तपार्न सक्ने समर्थबान्को ! सेवकभई गर्नेकाम सबे हनूमानलेनै सिध्याए ! सुग्रीबको यस्तो सेबक अगिपनि भएन, पछि पनि हुनेछैन । हनूमानले सीतासंग भेट पाउँदा, म लक्ष्मण सुग्रीव र रघुका कुनैलाई समेत रक्ष्या गरे । सीतको पत्तालगाउने काम ता यिनेले पूर्णगराए ! सकियो ।

अब, समुद्रलाई सम्झदैमा मेरोमन सेलाएझैं हुन्छ ! ठूला-ठूला मोछा समेत अनेकजात का डरलाग्दा जलजन्तुहरु छ्याल-ब्याल भइरहेको र शययोजन फैलिएको समुद्र लाई कसरो लंधन गरी शत्रुलाई मारुँला र सीलालाई भेटुँला ! "भन्दै, चिन्ता लिनलागे ।

सुग्रीबले "हे राम ! चिन्ता नलिनुहोस चिन्ताले कार्यलाई विगार्दछ, यी बानरकाफौजसवैमा नजर दिनुहोस ठूलो शक्तिभएका र अतिशूरा पनि छन ; तपाइँका कार्यको लागी आगोमा पसनु परेपनि तैयारी छन् ; भयङ्कर जन्तुहरु रहेको समुद्रपनि तरौंला, लँकापनि धस्याउँला, रावनलाई मारौंला पनि ।

पहिले, समुद्रतर्ने बिषयमा निश्चय लिनुहोस । लंका देखेपछि 'रावण मर्‍यो' भन्ने ठान्ने छौं । यहि हाम्रो निश्चयछ । लडाइँमा धनुलिई खडाभएका तपाइँको सन्मुखमा पर्नसक्ने तीनै लोकमा कोही देख्तिन ; सर्वथा हाम्रो जय हुनेछ शंके छैन ! अहिले शकुनपनि त्यस्तै देखिएकाछन " भने ।

एवं, सुग्रीवको भक्तिपनि सामर्थ्ययुक्तउत्साह पनि परेको वाक्य सुनेर, 'हो' ठहर्‍याएका रामले, हनूमान लाई संवोधन गरी -"समुद्रता जसोतसो गरी तरौंला लौ, देव दानव हरूले पनि लडाई गर्नर प्रवेश गर्न नसकिने ठहरेको लंकाको रूप कस्तो छ ? बताऊ, त्यो

बुझेर त्यसको[1] प्रतीकारलाई उपाय गर्नु पर्दछ" भने ।

हनूमानले "हे देव! देखेसम्मको बोध गराउँदछू–लंका, त्रिकूटाचलको टाकुरामा सुनका पर्खालले घेरेको र सुनका अटालीबनेको दिव्य सहर छ, पर्खाल देखि बाहिर परिखाले[2] घेरेको छ । ठाउँ–ठाउँमा अनेक प्रकारका बगैंचा र रत्नका सिंडीलागेका तलाउहरू बनेका छन् । घर–महल हरू, मणिका खामा लागेका चित्र–बिचित्रका छन् ।

बाहिरका ढोका मध्ये पश्चिम ढोकामा, हजारौंहात्ती रहने हात्तीसार छ । उत्तर ढोकामा घोडचढी र केही पैंदल फौज हरू बस्तछन् । पूर्व ढोकामा पनि, हात्ती घोडा पैंदल फौज समेत कडोरौं बसेका हुन्छन । दक्षिण फाठक मा, प्रशस्त रथ हांक्ने राक्षसहरू रहेका हुन्छन् । मध्यखण्डमा पनि, असंख्य हात्ती घोडा रथ र अनेकजातका शस्त्रका साथै कुशल फौजहरू बसेका हुन्छन् ।

एवं, चारौंतर्फको बाटो जो कोहीले पस्न नपाउने गरी रोकिएको छ तापनि मैले– दशटाउके का फौजको चतुर्थांश जसोलाई मारी लंका शहर लाई दाह गरेर सुनका महल हरू पनि भत्काएँ । जहां परिखाले दुर्गम[3] थियो त्यहां पर्खाल भत्काई, परिखामा पुरी सुगम[4] गराएँ ! हे देव ! हजूरको नजर पर्दैमा लंका भस्म हुनेछ, प्रस्थान गरिबक्सियोस; सबै फौजलाई लिई, समुद्रको तीरमा पुगौं" भने ।

रामले, "हे सुग्रीव ! फौजलाई प्रस्थान गर्न अह्राऊ, अहिले 'बिजयमुहूर्त' परेको छ, यसै मुहूर्तमा गएर, राक्षस थुप्रिएको लंकालाई ध्वस्तपारी सीतालाई लिई आउँदछू; मेरो दाहिने आंखा पनि फर्फराइ रहेछ, चांढैनै हिंडीहाल । जाम्ववान आदि सेनापतिहरू अगाडि पछाडि र दायां–बायांमा रही फोजको रक्षागरून । म हनूमानको कांधमा चढी अगाडि जान्छू, त्यसपछि अंगदको कांधमा चढी लक्ष्मण आउन । तिमी मेरो साथसाथैमा हिंड" भनी आफू अगिलागी सबैलाई प्रस्थान गराए ।

तेजस्वी बानरका फौज मध्ये सबैभन्दा अग्ला, हनूमान र अंगदका कांधमा चढेका राम लक्ष्मण आकाशमा तारागण बाट सेवा भएका चन्द्र सूर्य जस्ता देखिए ।

१–शत्रुलाई जितेर, आफुलेपाएका दुःखको साटोफेर्न् । २–शत्रुबाट बचाउका निमित्त, किल्लामा चारैतर्फ गहीरो खाडलखनी पानीजमाएकोलाई 'परिखा' भन्दछन् । ३–जानन्नसकिने । ४–सजिलैसंग जानसकिने ।

मत्ताहात्तीका जस्ता शरीर भएका कामरूपी[१] बानरहरू, फूर्तिले फटका मार्दै 'रावणलाई झट्टै मार्नेछौं' भनो गर्जना गर्दै, ठाउँ-ठाउँका जंगलमा फल महहरू पनि खाँदै, भूइँमा पुछर ठटाउँदै, फूर्तिले बृक्षहरू उखाडी हा्तमा लिएका असंख्य बानरका हुल हावासरिको वेगले पहाडहरू चढदै दक्षिण तर्फ लागे ।

रामबाट रक्षापाएका हृष्टपुष्ट बानरहरूले, अहो रात्रमा क्षणभर पनि कहीं विश्राम नलिई बिचित्रका घनिष्ट जङ्गलहरूमा आँखा घुमाउँदै पहाडको बाटो काटी मलयाचल नाघेर, भयंकर गर्जना भएको समुद्रको किनारमा पुगे ।

किनारमा पुगेपछि, हनूमानका काँधबाट ओर्लिएका रामले सुग्रीवलाई साथमा लिई "हामीसमुद्र सम्म ता आइपुग्यौं, अब बिना उपायले तर्न सकिदैन "तर्ने उपायलाई सल्लाह गरौं, फौजले पनि विश्राम लिउन" भन्दा, सुग्रिवले फौजलाई विश्राम गराए ।

विश्राम लिई टुल्-टुल् हेरिरहेका बानरहरु, ठूला-ठूला तरंग उठेकोर अनेकजातका भयंकर जीवहरु पनि छिचल-बिचल भएको, आकाश झैं फैलिएको समुद्रलाई देख्दा मनमनै -'यो, घोर समुद्र कसरी तरौंला ! अधम रावण आजै मारिने थियो' इत्यादि चिन्तनालिइ खिन्न भए ।

कार्यका निमित्त मात्र, मनुष्यरूप लिएका रामले पनि सीतालाइ सम्झी दुःख मनाउ लिए।

बास्तबमा, राममा दुःख सुखादि गुण रहन सक्तैन ! जसले तत्वज्ञान द्वारा रामलाई -अद्वितीय[२] चित्सरूप सनातन परमात्मा भनी बुझेको हुन्छ, त्यो सांसारिक दुःख शोकादि वाट मुक्त हुन्छ-भन्नेकुरा सबैले जानेकै छन् ! त्यस्ता—केवल आनन्दस्वरूप अबिनाशी भगवान राम-मा, 'दुःखादि रहनै सक्तैन' भनी बुझाउनु पर्ने ता कुरै छैन ! दुःख हर्ष भय क्रोध लोभ मोह घमण्डहरु ता देहाभिमानी[३] मा मात्र रहने, अज्ञानक चिन्ह हुन् । देह नै नभएको ज्ञानस्वरूप चिदात्ममा कसरो[४] रहन सक्लान !

जस्तो—गाढानिद्रामा दोश्रो (सपना वा जागा) नरहने हुँदा, केवल सुखमात्र रहने हुन्छ। त्यस्तै—निर्विकार परमात्मा मा प्रकृतिको बिकार -बुद्धि आदि नरहने हुनाले, बुद्धिका गुण दुःखादि रहनै पाउँदैन।

१–जाननसकिने । २–सजिलैसम जान सकिने । ३–इच्छामाफिकको रूपलिन सक्ने । ४–जोडा नभएको एकमात्र । ५–देह-मा नै 'म' भन्ने अभिमान भएका । ६–उक्त दुःखादि अज्ञानबाट पैदा हुने स्वभाव भयका र 'अज्ञान' देहबाट हुने हुनाले, देहनै नभएको चिदात्मामा कसरी रहन सक्लान् ! । ७–बुद्धि, महतत्वबाट हुने हुनाले प्रकृतिको विकार हुँदा चिदात्ममा रहन नपाउने ।

श्रीराम छन् नित्य पुण्य पूरुष, निरीह छन् नित्य सुखी अनादि छन ।
तथापि मायागुण संगमा हुँदा, सुखी र दुःखी झइँ देख्छ लोकले ।।

इति लंका काण्डे प्रथम सर्ग ।।०।।

उता लंकामा, देवतालेपनि गर्ननसक्ने कर्म, हनूमानले गरेको देखदा, शरम मानी उधोमण्टो लाएको रावणले मन्त्रीहरू संग–"हेर ! हनूमाले गरेको बिध्वंस सबैले देखेकै छौ, कसैले छिर्न नपाउने लंकाभित्र पसेर, एकान्तकी सीतालाई भेटी, बीर राक्षसहरूका साथै मन्दोदरी को छोरो अक्षकुमारलाई मारी लंकालाई डढाएर, कसैलाई कत्तिनटेरी सुबिस्था१ संग समुद्रलाई नाघी फर्केर गयो । अब हाम्रो कर्तव्य के हो ? तिमीहरू सल्लाहमा सिपालुछौ, यत्नपुर्‍याई सल्लाह देओ, जसोगर्नाले मेरो हित हुन्छ" भनी प्रश्नगरे ।

राक्षसहरू सबैले एकैमतगरी "हे मालिक ! लडाइँमा, इन्द्रादिलोकपाल सबैलाई जितेका तपाइँलाई राम देखि के को शंका ! तपाइँका छोराले ईन्द्रलाई बाँधेर आफ्ना मुलुकमा ल्याएथे ! तपाई ले, कुवेरलाई जितेर पुष्पकविमान ल्याई भोग गर्नु भएकै छ ! यमराजलाई जितेको हुँदा, तपाइँलाई कालदण्डबाट पनि भय रहेन ! मनुष्यबाट के को भय ! बरुणलाई 'हूँ' गर्दैमा जित्नु भएकै छ । सबै राक्षसहरू तपाइँको अधीनमा छँदैछन् । दैत्यमध्यमा ठूला ठहरिएका मयले पनि, तपाइँकोडरले छोरी दिएर तपाइँको अधीनमा बसेकै छन्, अरू दैत्यहरूको के कुरा ।

हनूमानबाट विध्वंस हुनु ता उसका उपर हामोले गरेको अपहेलनबाट हुनपाएको हो, यो बानरजावाले हामीलाई के गर्न सक्तछ, र यससाई पुरुषार्थ देखाई के फाइदा !' भन्ने सम्झी, हामी प्रमत्तहुँदा, बानरले झुक्याउन पायो, त्यत्तिनहो, त्यसबाट के भयो र ! यदि त्यसलाई 'यो यस्तो छ' भनी जान्दा हौं त जिउँदै कसरी उम्कदो हो ! जो हुनुथियो भइसक्यो; अव, एक–एक गरो हामी सबैलाई आज्ञा दिनुहोस सबै जगतमा बानर र मनुष्यको शून्यगराई आउने छौं" भनी सुनाए ।

कुम्भकर्णले "हे राजन ! तपाईले जुनकाम उठाउनु भयो, प्रारम्भ देखिनै केवल आफ्नो नाश का निमित्त उठाउनु भयो ! त्यस बखतमा कसो भई तपाइँ रामबाट देखिनुभएन छ ! रामले भेटेको भए उसै बखतमा तपाइँ ज्यूँदै फर्कनु हुने थिएन !

१–यस वाक्यमा, तिमीहरूले उसका उपरगरेका कामले उसका शरीरमा केही लछारेन भन्ने भावपरेको छ ।

हे राजन ! 'राम' मानिस होइनन् ! साक्षात अविनाशी नारायण हुन, रामकी पत्नी 'सीता' साक्षात भगवती लक्ष्मी हुन, तपाइँले राक्षसको नाश गराउन मात्र ल्याउनु भयो ! अहिले बिषको डल्लो जस्तो बल्छी निलेको माछाले छटपटाए झैं, 'के होला !' भन्ने पश्चातापमा पर्नु भयो ! हुन ता तपाइँले नबुझी अनुचित कर्म गर्नु भएको हो, तथापि पराक्रमले सबै समात्नुँला; स्वस्थचित्त हुनुहोस" भने ।

इन्द्रजितले "हे महाराज ! मलाई अह्राइ बक्सियोस, राम लक्ष्मण सुग्रीव र बानरका फौज समेत सबैलाई मारेर फर्कने छू" भने ।

त्यति कुरा हुँदैमा आइपुगेका. बुद्धिमान मा प्रधान भगवद भक्त बिभीषणले, सबैलाई मत्त–प्रमत्त देखेर आश्चर्य मानी, कामातुर रावणको मुखमा हेरी शुद्ध बुद्धि लिई भन्नलागेः–

"राजन् ! महापार्श्व१ तथा महोदर, या कुम्भकर्ण अथवा यि इन्द्रजित् ।
ता रामका साथ लडन्त भो भने, सक्तैन कोहो पनि टिक्न युद्धमा ।।
सीता भनोने ति महाग्रहै बनी, च्यापोनु भो छूटून त मुस्किलै पऱ्यो ।
अतश्च सीताकन रत्नआदिले, सत्कार सम्मान पुऱ्याइ नम्र भै ।।
श्री राम मा सुम्पि सुखी हुनूहओस, उपाय केही अरू छैन गम्नुहोस ।
श्री रामका वाण यहां नआउँदै, सीता बुझाई दिनुहोस राम मा ।।
नहींत लंका पति रामको शर, उढाउने छन् सबै फौजका शिर ।
पहाड जस्ता अतिस्थूल सिंह झैं, नङ्ग्रा र दाह्रा लि लडन्तमा सुरा ।।
आई नपुग्दै कपिफौज ती यहाँ, सीता लगी झट्ट बुझाइ फिर्नुहोल ।
नत्रै तपाई कन रामले कहीं, छोड्ने त छैनन् जिउँदै अवश्य नै ।।
न इन्द्रलोकै गइ बस्नुहोस वा, न मृत्युलोकै न पताल घूस्नुहोस ।
लुकाइ राखुन् सब लोकपालले, रक्षा गरून् तापनि शङ्करादिले ।।"

एवं, विभीषणको हितकारक पवित्र बचनलाई, मर्नेबेलाको बिरामी ले औषधीलाई– तुच्छ माने झैं, कालले कुत्कुत्याएको रावणले स्वीकार नगरी, विभीषणलाई "मैले दिएको भोग

१–"पोलस्त्यकापत्नी चारमध्ये पुष्पोत्कटाबाट जन्मिएका,–महोदर प्रहस्त महापार्श्व तीन छोरा हुन्" भन्ने आदित्य–पुराणको वचन छ ।

-बाट पुष्टभई मेरो साथमा बस्ने भइकन, मेरै बिरूद्ध खोजदो रहिछस : मित्र जस्तो भई शत्रु जन्मेको रहिछस । कृतघ्न छोटा संगको संगत मलाई मिल्दैन ! यहीकुरा अरूले गरेको भए उत्तीखेरै मारी दिन्थें ! राक्षसका कुलमा अधम रहिछस, तँलाई धिक्कार[१] छ, जहाँ जान्छस जा भने ।

रावणको कडो बचनले गर्दा क्रुद्ध भई हातमा गदा लिएका विभीषण सभाबाट आकाशतर्फ उफ्री चारजना सल्लाहकारलाई साथमालिई भन्नलागे,–हितवादी मलाई धिक्कार गर्‍यौ तापनि, ज्येठो दाज्यू भई बाबु समानका हुनाले मैंले तिम्रो हितै चिताउनु पर्दछ, तिमीले नाशिनु नपरोस ; सुन :–

दशरथका घरमा रामकारूपले 'काल'[२] जन्मै । जनकका घरमा सीता नामभई 'काली'[३] उत्पत्ति भईन । ती दुवै, पृथिवीको भारहरणलाई यहाँ आएका हुन । तिनै रामरूपी कालबाट प्रेरणा भएका हुनाले, तिमी मैले गरेका हितकाकुरा नसुन्ने भयौ !

राम, प्रकृति देखि अलग, प्रकृतिका कार्यको द्रष्टा,सर्बत्रका प्राणीमा भित्र बाहिर भई समभावले रहने निर्मलछन् तथापि नाम रूप आदि का भेदले गर्दा भिन्न–भिन्न जस्ता देखिन्छन् । जस्तो–बृक्षहरू अनेक जातका र अनेक प्रकारका देखिन्छन् तापनि सबै बृक्षहरूमा रहने आगो एउटै हून्छ ; केवल अज्ञानका दृष्टिलेमात्र, भिन्न-भिन्न रूपबाट भेद जस्तो गराउँछ । जस्तो – स्फटिक निर्मल छ तापनि नीलो पहेंलो बस्तुका संयोगले, नीलो पहेंलो वर्णको देखिने हुन्छ । त्यस्तै – राम पनि पञ्चको[४] शादिका भेदले, भिन्न–भिन्न जस्ता देखिन्छन् ।

राम, नित्यमुक्तछन् तापनि, मायाकागुण सत्त्वादिले प्रति[५] बिम्वितहुँदा, काल[६] प्रधान[७] पुरूष[८] अव्यक्त[९] गरी चारप्रकारको मानिन्छन् । प्रधान र पुरूषबाट सबै जगत सृष्टि हुन्छ । कालबाट जगतको संहार हुन्छ । तिनै कालरूपो भगवान, ब्रह्माका प्रार्थनाबाट अहिले मायाका साथ मिली रामरूपले तिमीलाई मार्नकालागी यहाँ आएका हुन् । ईश्वर सत्त्यसंकल्प हुनाले, उनकोकल्पना कसरी अन्यथा होला ! अतश्च, पुत्र बलबाहन सहित तिमीलाई अबश्य मार्नेछन् !

१–'भाइ हुनाले मार्न अयोग्य हुँदा, धिक्कार नै बधसमान हुँछ' भन्ने भाव । २–सर्वसंहार कर्ता । ३–सर्वसंहारमा सहाय भएकीशक्ति । ४–'पञ्चकोश' अयोध्याकाण्डको षष्ठसर्गटिप्पणीमा खुलाइएको छ । ५–मुख्यवस्तु जस्तो अर्क । ६–तमोगुणको प्रतिविम्वमा 'काल' । ७–रजोगुणको शतिविम्वमा 'प्रधान' (परिणामी) । ८–मोक्षप्रवर्तक 'पुरूष' । ९–सत्त्वगुणप्रतिविवमा,–अन्तर्यामी भई सर्वपालक हुँदा चिन्हीनशवनुहुनाले 'अव्यक्त' ।

यसैकारणले हे रावण ! रामले मारिने भएका तिमी र राक्षसका कुल समेत सबै-लाई हेर्न सक्तिन[१] ! राम छेउ जान्छू । 'म गएपछि खुशीभई रमण गर' भने ।

हप्की सुनी रावणको विभीषण, उत्तीक्षणैमा घरबार छोडि दी ।
'श्री रामको पाउ यथेष्ट भक्तिले, सेवा म गर्छू' भनि राममा पुगे ।।

इति लंकाकाण्डे द्वितीय: सर्ग: ।। २ ।।

चारजना सहाय साथमालिई, आकाश मार्गबाट आएका विभीषण, रामका अगाडिमा पुगी आकाशैबाट उच्चस्वरले कराउन लागे :–

"हे स्वामि ! हे राम ! म, तपाइँकी पत्नी हरणगर्ने रावणको भाइ विभीषण हूँ । दाज्यूले धिक्कार भनी पन्छाएको हुनाले, हजूरको शरणमा आएको छू, हे देव ! आफूमा आत्मस्वरूप न चिन्हेका उनीलाई मैले 'सीतालाई सत्कार गरी रामछेउ पुऱ्याऊ' भनी वारं-बार सम्झाउँदा, कालपाशका वशमा परेका उनीले सुनाउ नगरी, मलाई मार्नभनी खड्ग उठाउँदा, डरले भागी चारजना सहायलिई, संसारबाट मोक्ष पाउने आशाले हजूरका शरणमा आएको छू ।"

एवं, विभीषणको बाक्य सुनीरहेका सुग्रीवले "हे राम ! मायावी[२]राक्षस बिश्वास योग्य हुँदैन त्यसमा पनि 'सीताहर्ने रावणको भाइ' भनेपछि बलियो रहेछ । हतियार भिरेका साथी समेत संगैहुँदा, मौका[३] परेमा हामीलाई बाँकी राखने छैनन् ! त्यसो हुनाले, अहिले नै–'यसलाई बानरहरुबाट मराऊ' भन्ने आदेश पाऊँ, मेरो त यही बिचार आयो । हजूरको अन्तःकरणबाट के निश्चित हुन्छ ? आज्ञा होस" भने ।

सुग्रीवको कुरा सुनी, मुसु–मुसु हाँसेका रामले "ए सुग्रीव ! यदि मैले इच्छा गरें भने, लोकपालमा कहलाएका इन्द्र आदि सहित सबैलोकलाई आधाझिमिकैमा मार्न पनि सक्तछू ! फेरि सृजनागर्न पनि सक्तछू ! अत: मैले, यसलाई अभय दिएँ झट्टै बोलाऊ । सुन,–अकस्मात् आएर 'म तिम्रोशरणमा छू' भनी, मागने जोसुकै होस, त्यसलाई अभयदिन्छू भन्ने मेरो ब्रत (नियम) छ" भने ।

१–मालिक संझिएका तिमी र आफन्त संझिएका राक्षसका कुलमारिएको म हेर्न सक्तिन । २–छल-कपटकासिपालु । ३–अर्काले लडन्तगर्न नपाउने मौकापरेमा ।

रामकोआज्ञाबाट सुग्रीवले विभीषणलाईल्याई उपस्थित गराउँदा, विभीषणले, हँसिलो मुहारका रामलाई साष्टाङ्गप्रणिपात गरेर भक्तिपूर्वक हातजोरी, हर्षले गद्गदभई स्तुति गर्दछन् :–

"नमस्ते रामराजेन्द्र ! सीतामन रमाउने ।
नमस्ते चण्ड धनुली, भक्तवत्सल मानिने ।।
उग्रतेज ! मनोध्येय ! शान्तशील ! नमोस्तुते ।
सुग्रीवमित्र, रघुकापतिलाई नमोनम : ।।
अन्तर्यामी जगत्काछौ, छौगृहस्थ[1] सधैंभरी ।
जगदुत्पत्तिस्थितिका हेतुलाई नमोनम : ।
जगत्काआदि हे राम ! तिमिनै स्थितिकारण ।
अन्त्यमा लयकोस्थान,स्वेच्छाचार[2] पनी तिमी ।।
चराचरसबैमा छौ भित्र बाहिर भै तिमी ।
व्याप्य[3]व्यापक रूपैले तिमीनै छौ जगन्मय ।।
तिम्रै साथकि मायामा फसी, मोक्षबिरूद्धका ।
सांसारीकर्ममालागी, नष्टज्ञान हुने जति ।।
आफ्नै स्वरूप[4] जान्दैनन् अति विह्वलचित्त भै ।
घुम्छन् संसारमानै[5] ती, पाप-पुण्यबशै परी ।।
एकाग्रज्ञाननभए सम्मलाई नजानिदा[6] ।
अज्ञानले ढाकिदामा पुत्र-दार-गृहादिमा ।।
रमाई बिषयै[7] भोग्छन् अन्त्यमा[8] दु:ख पाउँछन् ।
अज्ञानपरदा जस्तो सिपिमा चाँधि ठान्दछ ।।
त्यस्तै संसारलाई नै 'सत्त्य' हो भनि ठान्दछ ।
ज्ञानलेमात्र 'सिपि हो' भन्ने बुद्धि गराउँछ ।।
एवं एकाग्रको ज्ञान, जगत् 'मिथ्या' चिन्हाउँछ ।
तिमिनै दशदिक्पाल तिमिनै पुरूषोत्तम[9] : ।।

१–सधैं आफ्नो शक्तिरूप मायाको साथमा रहने हुनाले, सधैंकागृहस्थ । २–कसैका अधीनमा नभएका । ३–जस्तो-ठूलो-माछाबाट सानोमाछा ढाकिनेहुन्छ र ठूलो 'व्यापक', सानो 'व्याप्य' ठहर्दछ, त्यस्तै सानो ठूलोरूपले । जगन्मय । ४–आफ्नै देहमा लगाएको गहना, भ्रान्तिले गर्दा आफैंले नसमझेझैं आफुमाको आत्मालाई चिन्दैन । ५–कर्मद्वारा, पाप र पुण्यकोवशमा परी, दु:ख सुखादिको भोगलाई जन्ममरणादिरूप संसारमा घुमदछन् । ६–'ईश्वर' यस्तो हो भनी न जानिदा । ७–सांसारिकवस्तुहरू । ८–विषयहरू वियोगमा दु:खको भोग गराउने हुनाले, अन्त्यमा दु:ख भोगदछन् । ९–सबैका अधिष्ठान हुनाले उत्तम आत्मा ।

अणुभन्दा सानु तिमि, ठूलोमा व्यापकै तिमि ।
लोकैकाछौ पिता माता धाता सर्वत्र पालने ।।
आदि मध्यान्तनभई परिपूर्ण[१] र अच्युत[२] ।
कान आँखा हात पाउ केहीनै छैन तापनि ।।
सुन्दछौ देख्तछौ लिन्छौ छीटोछौ खर मारने ।
कोश[३] देखित छुट्टै छौं, निरूपाश्रय[४] निर्गुण[५] ।।
निर्विकल्प[६] निराकार[७] निर्विकार[८] निरीश्वर[९] ।
अत, अनादि छौ, त्यस्तै माया[१०]देखि अलग्गछौ ।।
माया साथ बनेका[११]झैं, देखिन्छौ मानिसै सरी ।
तथापि 'अज'[१२] जानेमा पाउँछन् मोक्ष 'वैष्णव' ।।
म[१३]ता हजूरका पद्मा, भक्तिरूपी सिंडीकन ।
लिईपछि ज्ञानयोगमहलमा चढ्न खोज्दछू ।।
नमःसीतापते ! राम ! करुणाकर ! ईश्वर ! ।
रक्षा पाऊँ रावणारे ! भवसागरबाट म" ।।

एवं, विभीषणको स्तुतिबाट प्रसन्न रामले "मेरो स्वभाव वर दिने हुनाले तिम्रो इच्छा के छ माग" भने ।

विभीषणले "हजूरकापाउमा दर्शनपाउँदा कृतकृत्य[१४] भई मुक्तछू, हे राम ! हजूरको मूर्तिको दर्शनपाउँदा, म जस्तो धन्य र म जस्तोशुद्ध लोकमा कोही होला जस्तो ठान्दिन । कर्मले गराएको संसाररूपो बन्धन छुटाउनलाई चाहिने ज्ञानमा निमित्तकारण बनेको भक्ति पाउनलाई, हजूर उपर अटूट ध्यान पाऊँ ! हे राजेन्द्र ! बिषयबाट सुख खोज्दिन ! हजूरका पाउमा पर्ने भक्ति नै, म मा अटूट रहोस" भनी, प्रार्थना गरे ।

१–देश र कालबाट नछुट्टिने हुँदा, परिपूर्ण । २–कुनै शक्ति (सामर्थ्य) बाट च्युतनहुने, अर्थात् सर्वशक्तिमान् । ३–अयोध्या काण्डको षष्ठसर्गमा बताइएका 'अन्नमय' आदि पञ्चकोशका दोषबाट अलग । ४–आफूदेखि अर्को आधार नभएका । ५–मायासंगको संबन्धलेमात्र गुणरहे जस्ता भई, स्वतः स्वभावले गुणनरहेका । ६–यसोहोकि उसोहो, भन्नुपर्ने नभई, श्रद्धा ज्ञानमात्रको बिषय, अतश्च 'निराकार' । ७–आकार नभएका । ८–जन्मन्छ, छ, बढ्दछ, बदलिन्छ, घटतछ, नाशिन्छ भनिने कुनै विकार नभएका । ९–आफूले मान्नुपर्ने अर्को नहुनाले 'निरीश्वर' । १०–साथैमा रहने प्रकृतिका गुणदेखि अलग्ग छौ । ११–यो तिम्रोमूर्ति मायाका गुणबाट बनेको हुँदा । १२–'जन्मनभएका' भनी जानेमा । १३–यस वाक्यबाट, मोक्षको निमित्त पहिले भक्तिनै मुख्यहुन आउँद छ, भन्ने भाव बुझाइएको छ । १४–सकल धर्मपैदागर्ने कर्मपुगेको (अर्थात् सबै पुण्यको फल) 'मुक्ति' हो, हजूरकापाउको दर्शनबाट नै मुक्त भएको छू ।

रामले "हुन्छ, म तिम्रो ध्यानको आश्रय हुनेछू; मेरो रहस्य सुन :– म सीतालाई साथमालिई इन्द्रियलाई वशमा राखेका मेराभक्तहरू र रागादि नरहेका योगीहरूको हृदयमा सधैं बस्तछू; अतश्च तिमी सधैं जितेन्द्रियछौ शान्तछौ पापरहितछौ मेरोचिन्तनालिएर, भयानक संसारको बिषय वासनाबाट मुक्तरहने छौ ।

तिमीले सुनाएको मेरो प्रियस्तोत्र पनि, मेरो प्रीतिको निमित्त, पढने वा लेख्ने वा सुन्नेलाई मेरो सारूप्य प्राप्त गराउने हुनेछ" भनी, भक्तउपर आफ्नोपनि भक्ति भएका रामले "ए लक्ष्मण ! यसले मेरो दर्शनको फल अहिल्यै[१] देखिहालोस ! समुद्रकोजल मगाऊ, लंकाको राज्यमा अभिषेक गरिदिन्छू; जहाँसम्म चन्द्र सूर्य रहन्छन, जहाँसम्म पृथिवी रहन्छीन, जहाँसम्म मेरो कथाको प्रचार रहन्छ, त्यहाँसम्म यसले राज्य गरोस !" भनी, कलशमा जलमगाई लक्ष्मण र बिभीषणका चार सचिवद्वारा, लंकाराज्यको आधिपत्य निमित्त अभिषेक गराउँदा, बानरहरू पनि खुशी भए ।

सुग्रीवले विभीषणलाई अंकमालगरी "हे विभीषण ! हामी सबैं रामका सेवक हौं, त्यसमापनि तिम्रो भक्तिबाट, तिमीलाई रामले परिवार गराएको हुनाले मुख्य तिमीनै भयौ ! रावणको बिनाशलाई रामको सहाय हुनुपर्दछ" भने ।

बिभीषणले "परमात्मा रामको सहाय हुने म कत्रो ! को हूँ र ! किन्तु, भक्ति र शक्तिले भ्याएसम्म निष्कपट चाकरि गर्नेछू" भने ।

त्यसैबखतमा, यसतर्फको चर्चानिमित्त रावणले पठाएको 'शुक' नामगरेको राक्षस आकाशमार्गबाट आई, सुग्रीवलाई सम्वोधनगरी "तपाईंलाई राजा रावणले" तिमी ठूलाकुलमा जन्मेका बानरकाराजा, मेरो भाइसमानका[२] छौ, मैले तिम्रो केही बिगारेको छैन, राजपुत्रकी भार्या हरण गरें त तिमीलाई के दुःख पऱ्यो ? बानरका फौजलाईलिई किष्किन्धामा फर्क । लंकालिन देवताहरूले पनि सक्तैनन; साना–तिना मानिस र बानरका फौजले के गर्न सक्लान ! "भन्नु भएको छ" भनी, सुनाए ।

तीकुरा सुन्दैमा, आकाशतर्फ उफ्रेका बानरहरूले शुकलाई तल खसाली मुट्कीले ठटाउन लागे ।

१–मेरो दर्शनबाट पाउने मोक्षरूपी फल, कालान्तरमा हुँदै रहला, अहिले यसै लोकका निमित्तको फल देखिहालोस् ।

२–वालीसंग भ्रातृ भाव हुनाले सुग्रीव पनि भाइसमान ।

बानरका पिटाईमा परेको शुकले "हे राम राजेन्द्र ! राजाहरू दूतलाई कुटपीट गर्दैनन, यी बानरलाई रोकि दिनुहोस" भनी कराउँदा, रामले 'नकुट' भनी, बानरहरूलाई हटाए ।

फेरि उफ्री आकाशमा पुगेको शुकले, सुग्रीवसंग "हे राजन ! म जान्छू, रावणलाई के सुनाऊँ ?" भन्दा, सुग्रीवले "जस्तो, मेरो दाज्यू, मेरी स्वास्नीहर्ने हुँदा मेरो बध्य भयो, त्यस्तै मालिककी भार्या हरणगर्ने तिमो सपुत्र बलबाहन, मेरो यत्नले वध्यभएका छौ ! रामचन्द्रकी पत्नीलाई हरेर, कहाँ जाउँला भन्ने ठानेका छौ ! भने, भनी सुनाऊ" भने ।

रामले "ए सुग्रीब ! मेरो कुरा बुझ, शुकलाई समाती बाँधेर[१] राख" भन्दा, सुग्रीवले उसलाई समाती बाँधेर राखे । त्यसभन्दा अगि पनि चेवाबाट फौजको जाँच–बुझलाई रावणले खटाई आएको 'शार्दुल' नामगरेको राक्षसले बानरहरूको फौज र तिनका बल, देखेसम्मको यथार्थ बताउँदा, रावण लामोसास फेरी शौर्य हराए जस्ता भएका थिए ।

समुद्र देखि झोकिएर राता आँखा लिएका रामले–"ए लक्ष्मण ! हेर यो दुष्ट समुद्र किनार सम्म आइपुगेको मलाई वास्तै राख्तैन ! भेट सम्म पनि गर्दैन, यसले 'यो मानिस हो, बानरका फौजले पो के गर्न सक्तछ र' भन्ने ठान्यो । हेर त यस समुद्रलाई अहिल्यै शोषी–दिन्छू ! बानरहरू सुबिस्थासंग पैदल जालान !" भनी, ताँधो चढाएको धनुउठाएर, ठोक्रोबाट कालाग्नि जस्तो तेजिलोबाण झिकी धनुमा चढाई खिचदै "सबै प्राणीहरूले राम–कावाणको पराक्रम आजै देखन पाउन समुद्रलाई अहिल्यै भस्म गराउँदछू" यत्ति भन्दैथिए, ठूला–ठूला पहाड सहितकी पृथिवी डग–डग भई काँपनलागीन ! दशै दिशासहित आकाशमा अन्धकारले छायो ! समुद्र पनि छचल्किदै किनारको मर्यादा छोडी चारकोश पर पुग्दा, तातेका ठूला–ठूला जलजन्तुहरू तर्सदैं छटपटाउन लागे ।

त्यसै बोचमा झट्टै, दिव्यश्रृंगारका लाथै दिव्यरूप बनी आफूसंगरहेका दिव्यरत्नहरू दुइहातमालिई रामका नगीचमा पुगेका समुद्रले पाउमा रत्नहरू चढाई, दण्डवत प्रणिपात भई प्रार्थना गर्नलागे ।

१–यसमा, 'शुक र सुग्रीवमा वैर भावनदेखिदा, चुप लागीवसेका वानरहरू उपर, शुकले समुद्रले छेकेको लंकामा 'यी आउन सकने छैनन्' भन्ने ठानी कुनै घातादि गर्न नपाओस् भन्नाकालागी शुकलाई बांधनू परेको' भन्ने व्याख्यान पनि छ ।

"हे जगन्नाथ! हे त्रैलोक्य रक्षक! हे राम! क्षमापाऊँ! सकल जगतका सृष्टिकर्ता हजूरबाट सृष्टि हुँदैदेखि म जड[1] हूँ, देवताले तजवीजगरेको स्वभावलाई अन्यथागराउन सक्ने हजूरले सृष्टिगरेका स्थूलपञ्चमहाभूत[2] नै सबै स्वभावैले जड[3] छन्! हजूरका प्रपञ्चको रूपजडत्त्व छोड्दैनन्! तिनैमध्यको एक, जलस्वरूप म हूँ। हे राम! ती पञ्चमहाभूत, तामस अहंकारबाट पैदाहुने हुनाले र कारणमारहेको गुण, कार्यमापनि रहनआउने हुनाले पञ्चमहाभूत सबै जड र तामस स्वभावका नै हुन्छन्!

हजूर, निर्गुण–निराकार भइकन लीलालेमात्र मायाकोगुणलाई स्वीकार गर्दा 'बिराट'[4] नामको हुनुभयो र त्यही गुणस्वरूप विराटबाट, सत्त्वगुणले सनकादि[5], रजोगुणले मनु र इन्द्र आदि, तमोगुणले संहारकर्ता 'रूद्र' पैदा भए। अत: मायाका संबन्धबाट आत्मरूपलाई छोपी, मनुष्यको आकार लिएका हजूरलाई, म तमोगुणले ढाकिएको हुँदा बुद्धिमापनि जड, जडस्वरूपको हुँदा रूपमापनि जडभएको मूर्खले, हजूरलाई 'जगतहाँकने निर्गुण परमेश्वर' भनी, कसरी चिन्ह सकूँ!

अहिले, हजूरले दिएको सजायबाट, हजूरको स्वरूपलाई चिनने भएँ! पशुलाई लहुरो भनेझैं, मूर्खलाई सन्मार्गमालगाउने सजायनै हो। हे भक्तवत्सल! शरणमा पर्दछू, लंकाजानलाई बाटो चढाउँदछू, अभयपाऊँ" यत्ति प्रार्थना गरे।

रामले "यो मैले उठाएकोवाण व्यर्थहुँदैन, कुनठाउँमा खसाल्ने हो त! झट्टै तारो देखाऊ" भन्दा, रामको कुरासुनो, हातमालिएको ठूलोवाणपनि देखदा त्रासिएका समुद्रले "हे राम! उत्तर प्रदेशमा, 'द्रुमकुल्य' नाम गरेको ठाउँमा पापीहरूछन्, मलाईपनि अहोरात्र बाधा गराउँदछन्; यो वाण त्यसै ठाउँमा छोडी बक्सियोस" भने।

रामले "हुन्छ" भनी, द्रुमकुल्यमा छोडेको वाण, त्यहाँ बसेका अहिर जातिका फौजलाई मारी तुरून्तै फर्केर, अगि झैं रामको ठोक्रोमा पस्यो।

समुद्र नम्रभई "हे परमात्मन! मेरो पानोदेखि माथि, विश्वकर्माकाछोरा बुद्धिमान नलले पुल बनाउन, उनी ब्रह्माबाट वरपाएका हुनाले यसकाममा समर्थछन्; सबैको पापनाशगर्ने सेतु बन्धरूप हजूरको कीर्तिलाई लोकलेपनि दर्शन पाउन।" भनी, रामलाई

१–जल स्वरूप हुँदा 'जड'। २–पृथिवी जल तेज वायु आकाश। ३–तमो गुणबाट ज्ञानलाई ढाकिएका हुँदा 'जड'। ४–सृष्टिकर्ता। ५–सनक सनन्दन सनातन सनत्कुमार आदि।

दर्शनगरी अदृश्य भए।

रामबाट, नललाई सबै बानरका मद्दतले चाँढो तैयार हुनेगरी पुलबनाउन आदेश भयो।

आदेशपाई नलले छिटोगरी, बडा–बडा बानर फौज साथली ।
ढुङ्गा र मूढाहरू जोरि गाँसदै, बाँधे बलीयोपुल पारि[१] सम्म नै ।।

इति लंकाकाण्डे तृतीय : सर्ग : ।।३।।

पुलको प्रारम्भमा, विघ्ननिवारण निमित्त र दर्शन गर्नेलाई पुण्य प्राप्तिका निमित्त समेत रामले 'रामेश्वर शिवलिङ्ग' स्थापनगरी–"जसले यो सेतुबन्धलाई नमस्कार गरी रामेश्वरको दर्शनगर्दछ, त्यो सकलपापबाट मुक्त हुनेछ। पुनश्च,–यहाँ स्नान र रामेश्वरको दर्शन गरेर, नियतको नियम[२] लिई, काशीमापुगी त्यहाँको गङ्गाजलल्याई 'रामेश्वरलाई स्नानगराएर, जल ल्याउँदाको भार–भाँडाहरू समुद्रमा सेलाउनेले ब्रह्मलोक पाउने छ" भनी, फलस्तुति सुनाए।

कुशल नलले, पहिलादिनमा चौधयोजन, दोश्रोदिनमा बिशयोजन, तेश्रो दिनमा एक्काइश योजन, चौथो दिनमा बाइशयोजन र पाँचौदिनमा तेइशयोजनगरो पाँचदिनमा, प्रशस्त चौडा र शययोजनलम्वा 'पुल' पूर्णगरे। त्यसै पुलबाट समुद्रको भेललाई छली, असंख्य बानरका भेलछिटैसंग चारशय कोश पारितीरमा पुगे।

राम लक्ष्मण लंकाशहर देखने उत्सुकले हनूमान र अंगदका काँधमा चढी सबै फौजका साथै त्रिकूटाचल पर्वतमा चढे।

त्रिकूटाचलको टापूमा, सबैभन्दा बाहिर चारौंतर्फ परिखा[३] भई त्यसदेखि भित्र सुनका पर्खालले घेरेको, ठाउँ–ठाउँमा सुनका ढोकाहरू बनेको, चित्र–बिचित्रका झण्डाहरू फर्फराएका बिचित्रका सुन्दर महलहरू फैलिएको, अति दुर्गम ठूलो लंकाशहर देखिएपछि, त्यसैको बीचमा प्रशस्त अग्लो प्रशस्त फैलिएको राजमहलको अटालिमा, रत्नकाडाँठ भएका धेरै[४] छाताहरूले घेरिएको, रत्न जडेका दशौटा किरीटले उज्ज्वलभई, मन्त्रीहरू

१--बारशय कोश पारिसम्म। २–बीचमा अरू काममा नलागी, त्यसैको ध्याउन्नमा मात्र लागने नियम। ३–शहरका चारौंगहीरोगरी खनेर पानी जमाएको खाडल। ४–शरीरपनि ठूलो र शिर पनि दशवटा हुँदा धेरै छाता।

का घेरामा बसेको, प्रलयकालका मेघको जस्तो प्रभा हुँदा, कालो पहाडको टाकुरो जस्तो रावण देखियो ।

रावण देखिएपछि, रामले अगि बन्धनमा राखेको शुकलाई छोडोदिने आदेश गर्दा बानरका बथानको थप्पापाउदै दगुरेको शुक रावणको नगीचमा पुग्यो ।

रावणले हाँसो–हाँसी "ए शुक ! तिमोले वैरीबाट पिटाइता पाएनौ ?" भने ।

शुकले "समुद्रको उत्तरकिनारमा पुगी, सुग्रीवलाई आदेश बमोजिम कुरासुनाउँदा बानरहरू उफ्री मलाई समातेर मुट्कोले कुट्ने, दाँतले लुछने, नङ्ग्राले चिथर्ने गर्नलागे र मैले 'हे राम ! मलाई रक्षा गर्नुहोस' भनी, कराउँदा, रामले 'छोडीदेओ' भनेकाले बानरबाट उम्की, ती बानरको बल देखतेमा डरले फर्किएँ ।

हे महाराज ! ती फोज र तिनका ताकत देखदा माता देवता र दानवमा जस्तो हो, त्यस्तै राक्षसका फौज र बानरका फौजमा सन्धिहुने देखिदैंन । बानरका फौज शहरका पर्खाललाई छोपदै आउनलागि रहेछन् ! रोमलाई या त सीता सुम्पिनुहोस; या त लडाइँ दिनुहोस, दुइमा एकको निश्चय चाँढै लिनुहोस !

है राजन ! रामले मसंग "तिम्रो रावणलाई जुनकुराको आधारलिई मेरो सीतालाई हरण गरेको थियौ, त्यो बान्धव र फौजका साथै मनमाफिक पुऱ्याई देखाऊ; भोली मेराबाणले ढोका पर्खाल समेतको लंका र राक्षसका फौज समेत ध्वस्त पारेको देखने छौ, म घोरको रिस पोख्ने छू फौजको बलपुऱ्याई बस्नु, भनी सुनाऊ" भनेका छन् ।

हे प्रभो ! जहाँ राम लक्ष्मण सुग्रीव र विभोषण यी चार बीर पुरूष जम्मा भए, लंका नाशने सामर्थ्य यिनैमा रह्यो ! उखाडी भस्म गराउन सक्ने शक्ति भएका बानरहरू बसोनै रहून ! मैले रामकोरूप, बल, प्रहार देखतामा ता, तो तीनौटापनि परैरहुन, राम एकलैले नै लंका ध्वस्त पार्नेछन् भन्ने ठान्दछू !

लंकालाई छोपदै आएका, बानरका फौजलाई हेर्नुहोस ! पर्वत जस्ता आकार

भई गर्जीरहेकाछन् चिन्ही साध्यका छैनन तापनि, प्रधानमा कुनै–कुनैलाई चिन्हाउँदछू :–

ऊ त्यो, लाखौं फौजको अगाडि भई लंकालाई हेरीरहने, अग्निको छोरो सुग्रीवका फोजको अधिपति 'नील' नाम गरेको हो । त्यो, कमलका केसरको जस्तो वर्ण, पहाडको टाकुरो जस्तो आकार भएको फुर्तिलोभई पुछर ठटाईरहने, बालीको छोरो युबराज अंगद हो; अति पराक्रमी र अति बलियो रहेछ ! अर्को त्यो सीतालाई भेटी, तपाइँको छोरालाई मार्ने, हनूमान हो, प्रख्यातै छ ।

ऊ त्यो चाँधि जस्तो सेतो, सुग्रीवको नगीचैआई झट्टै फर्केको, श्वेत नामगरेको हो, ठूलो बल र बुद्धि फएको छ । त्यो सिंह जस्तो देखिने रम्भ नामगरेको हो, एकलैले लंका फोर्न सक्ला जस्तो बलियो छ । त्यो परैबसी, लंकै खाउँला झैं ठाडा आँखालिई यसतर्फ हेरिरहेको, शरभ नाम गरेको कडोरौं फौजको मुख्य अफिसर हो।

एवं, पनस मैन्द द्विविद र विश्वकर्माको छोरो पुल बनाउने 'नल' इत्यादि ठूला पराक्रमीहरू धेरैछन् । वानरको संख्या गर्न र तिनका गुणको बर्णन गर्न ता कसको सामर्थ्य ! जतिछन् सबै ठूला शरीर भएका बलिया र युद्धमा तत्परछन्! राक्षसका फौजको साथै लंकालाई चूर्णगर्न सक्ने देखिन्छन ! मुख्य दश अफिसरको फौजको संख्या, एक्काइश हजार कडोर छ ! अरूका फौजको संख्या ता म बताउन सक्तिन !

हे राजन् ! 'राम' मनुष्य होइनन् ! साक्षात् 'आदि नारायण'हुन् । 'सीता', जगद्रूप माया जगद्धाताकी चित्शक्तिहुन् । तिनै दुइबाट, स्थावरजङ्गम जगत् उत्पन्न भएको छ । अतश्च, ती दुइ, स्थावर जङ्गमरूप संसारका, आमा–बाबुहुन् । हे पृथिवीपाल ! त्यस्ताको वैरी कसरी टिकला ! थाह नपाएका तपाइँले, जानकी जगतकी आमालाई[1] नै ल्याउनु भयो !

हे राजन ! यो संसार नै क्षणैमा नाशिने अत्यन्त अस्थिर छ, त्यसमापनि पंचमहाभूतले बनेको चौबिशतत्त्वरहेको[2] मल मासु हाडका दुर्गन्धले भरिएको, अहंकारको

१–यसमा तिम्रोपनि 'आमा' भन्ने घटके भनाई परेको छ । २–बुद्धि अहंकार एकादश इन्द्रिय पञ्चमहाभूत र त्यसैका–गुण,–गन्ध रस रूप स्पर्श शब्द र विकारका द्वारा रहने 'प्रकृति' समेत चौविश ।

घरबनेको, क्षणैमा नाशिने जडरूप देहमा, ती पंचमहाभूत आदि सबैदेखि भिन्न 'चैतन्य'कालागी कुन यन्त ? जुन देहको पोषणादि निमित्त अनेक पापादि गरेका छौ, त्यो देह ता यहीं लडदछ, सुख र दुःखको कारण पुण्य र पाप, जीबसंग मिलेका हुन्छन् र पछि अर्को देहसंगको योगादिबाट आत्मालाई सुख र दुःख गराउने हुन्छन्; स्वतः आत्माको होइनन् !

आत्मामा देहकोयोग कस्तो छ त भने,—आत्मामा स्वतः आफ्नो इच्छा रहने होइन तापनि अहंकारसंगको तादात्म्य अभ्यास[१] बाट 'अहं, देह' 'अहं कर्ता' भन्ने पर्न आएसम्म जन्ममरणादि सम्भव[२] हुन्छ। त्यसकारणले हे महामते ! देहादिको अभिमान छोडिदिनुहोस ।

आत्मा, शुद्ध अचल अविनाशी बिज्ञानरूप अतिनिर्मल छ। आफूसंग मिल्न आएको अज्ञानले गर्दा आफ्नो स्वरूप[३] चिन्ह नसकी, शरीरादिको सम्बन्धमा फसी वारंवार कर्ममा प्रबृत्त हुन्छ। अतश्च तपाइँ, शुद्ध बुद्ध मुक्त स्वभावको आत्मालाई चिन्हो, सधैं त्यसैलाई संझने हुनुहोस। छोरा स्वास्नी घर धन आदि सबैमा विरति[४] लिनुहोस। भोगभन्नेकुरा[५] ता नरकमापनि छ। कुकुर सुंगुरका देहमापनि छ !

सर्वथा पृथगात्मताको ज्ञान गराउने, त्यसमापनि ब्राह्मणत्वबिशिष्ट, त्यसमाथिपनि कर्मभूमी भारतवर्षमा जन्मेकोहुँदा अतिशय दुर्लभ देहलाई आत्मज्ञानकोमार्गमा नलगाई, त्यसैलाई आत्मा समान गराई, भोगमामात्र पछिलाग्ने बिद्वान् कस्तो होला ! अतश्च तपाइँ पौलस्त्यका छोरा ब्राह्मण भईकन, अज्ञानीले झइँ सधैं व्यर्थका भोगमा किन फसनु हुन्छ ?

अबदेखि सबैकुरा छोडी, भक्तिभावले परमात्मा रामको आश्रय लिनुहोस। सीतालाई राममा समर्पणगरी, उहाँका पाउको सेबक हुनुहोस; सकल पापबाट मुक्तभई बिष्णुलोकमा पुगनु हुनेछ। नहीं भने, उत्तमगतिमा नफर्कनेभई अघोगतिमा जानुहुनेछ। मैले हितकै कुरा सुनाएको छू, मेरो बचन लिनुहोस।

सत्संगतै गरनु भै भजि 'राम राम', सुग्रीवलक्ष्मणविभीषणका शरण्य ।
सीतासंगै रहिसंधैं धनुवाणभिर्नें, पन्नास्वरूप हरिको शरणै लिनूहोस ।। "

१–डोरिमा सर्प ठाने झैं, मिथ्या ज्ञानबाट। २–ज्ञानीमा देहकोसंवन्धरहेपनि, देहजन्य दुःखादिनरहनेहुँदा, देहयोगले मात्र दुःख पर्ने हुन्छ। ३–शुद्र आदि। ४–गर्नथालेको कामबाट हटी वैराग्य लिनुहोस। ५–त्यस्तो वैणयमा भोगको सुख हराउँदछ, भन्नलाई यो शक्ति भएको हो।

इति लंकाकाण्डे चतुर्थ : सर्ग : ।।४।।

शुकले अज्ञाननाशक बाक्य सुनाउँदा, क्रोधले शुककोउपर राताआँखा पल्टाएका रावणले "ए दुर्मते ! मेरो सेबकभई, मैसंग गुरूले झैं बोल्दछस, तीनैलोकलाई हाँकने म, मलाई शिक्षा गर्ने तँ ? लाजपनि मान्दैनस ? तँलाई अहिल्यै मारिदिन्थें ! किन्तु, तेरो पहिलेको गुण सम्झी बचाई दिन्छू जा, यहाँबाट निक्ली !" भने ।

शुकले 'ठूलो अनुग्रह हो' भनी, डरले काँपदै आफ्नो घर बैखानस आश्रम तर्फ गए ।

शुक, अगि वनमा बसी वानप्रस्थाबिधानले कर्मगर्नै ब्राह्मिष्ठ ब्रह्मज्ञ ब्राह्मण थिए । देवताको कल्याण र राक्षसको बिनाशलाई यज्ञहरूपनि गरिरहन्थे । राक्षसहरूले "देवताको हितमा लागने" भनी, थाहपाएर उनकाउपर बिरोध बुद्धि लिएका थिए ! वज्रदंष्ट्र नामक राक्षसले अपकार निमित्त अवसर खोजदै प्रतिज्ञापनि लिएको थियो !

एकदिन, शुकका आश्रममा आएका अगस्त्य ऋषिलाई शुकले सम्मानगरी भोजन निमित्त निमन्त्रणगर्दा, ऋषिजीले 'हुन्छ' भनी, स्नानलाई गएको मौकामा, बज्रदंष्ट्रले मौका सम्झी अगस्त्यको रूपलिई, शुकसंग "यदि मलाई भोजन गराउने हो भने मैले बोकाको मासु नखाएको धेरैकाल भयो मासुसमेतको भोज्य दिनुहोस" भन्यो र शुकले ऋषिको उक्ति ठानी 'हवस' भनी, धेरै प्रकार गरी मासु बनाउन लगाए ।

ऋषिजी स्नानबाट फर्की भोजनमा बस्ता, राक्षसले मायाबाट शुककी ब्राह्मणीको शरीर भित्र पसी, उनीलाई१ मायाद्वारा वलात्कार मोहगराएर२ , आफू उनी ब्राह्मणी कै जस्तो सुन्दररूप शरीरलिई, ऋषिजीलाई अनेक प्रकार गरी पकाएको मानिसको मासु दिएर अन्तर्धान भयो ।

ऋषिले अपवित्र मासु देखदा रिसाई "हे दुर्मते ! तिमी मलाई मानिसको मासु दिने भएछौ ! मानिस खाने राक्षस भई बस" भनी शराप दिए ।

शराप पाउँदा डराएका शुकले "हे मुनिजी ! भर्खरै मात्र तपाइँले 'आज मलाई मासुको परिकार देऊ' भन्नुभएकोले त्यही बमोजिम गरी मासु बनाएको हूँ ! किन शराप दिनुहुन्छ ?" भने ।

१–शुककी ब्राह्मणीलाई । २–मायाबाट, उनीका शरीरभित्र पसी मोहले भान्साबाट बाहिर निस्कन नसक्ने गराए ।

शुकको उक्ति सुन्दा, आश्चर्यमानी दुइ घडीसम्म ध्यानमारहेका अगस्त्यले राक्षसको चालवाजी सबै थाहपाई "हे शुकजी ! यो सबै, तिम्रो अपकारी राक्षसले छलकपट गरेको रहेछ ! मैले बिचार नगरी झट्टै तिमीलाई शराप दिएँ ! मेरो बचन व्यर्थ नहुने र भनेको पुऱ्याई छोड्ने हुनाले, राम रावणवधलाई लंकामा नपुगेसम्म तिमी राक्षसको शरीरलिई, रावणको पछिलागने भई बस ।

राम, बानरका फौजलाई लिई लंकाको नगीचमा पुगेपछि, रावणले तिमीलाई जासूसगराई पठाउने छ र त्यसै बखतमा रामको दर्शन पाएर शरापबाट मुक्तभएका तिमीले, रावणलाई तत्त्वज्ञानको उपदेशगर्दा, मन नपराएको रावणले "मबाट निस्लो" भनी त्यागेपछि, तिमी आफ्नो बैखानस पदमा रहनेछौ" भनी सुनाउँदैमा, राक्षसको रूप भएका शुक, रावण बसेको ठाउँमा पुगी बसेका थिए ।

अहिले, जासूसरूपले, लक्ष्मण सहित रामको दर्शनपाई, रावणलाई तत्त्वका कुरा सुनाउँदा रावणबाट निकालिई अगि झैं ब्राह्मणको स्वरूप भई बैखानसका साथमा बसन पुगे ।

शुक निकालिएपछि, राजा रावणकी आमाको ज्येठाबाबु बुद्धिका चतुरा नीतिकुशल 'माल्यवान' नामक बूढा राक्षस, सभामा उपस्थित भई शान्तचित्तले मीठोबोली गरी भन्दछन्,–हे राजन् ! मेरो कुरा सुनिदिनुहोस, सबैकुरा सुनेपछि आफ्नो मनले ठहऱ्याएको गर्नुहोला । जुनदिन, रामकी पत्नी जानकी लंकाशहर भित्र पसीन, त्यसै दिनदेखि लंकामा भयानक उत्पातहरू देखिन लागेका छन !

मेघहरू भयंकर गर्जनाका साथै, बज्रपात सहित तातारगत बर्षाउन लागीरहेछन ! देवताका मन्दिरमारहेका मूर्तिहरू आँसुखसालने पसिनाले भिजने यताउति चलने भएका छन ! कालिका, राक्षसहरूका अगाडिमापरी खैरा दाँतदेखाई हाँस्तछीन[१] ! गाईबाट गधा जन्मनलागीरहेछन ! न्याहुरी मूषासंग मिलेका मूषाहरू बिरालासंग र सर्पहरू गरुडसंग लडन्तगर्ने[२] भईरहेछन् ! साम–सवेर सबैका घर–घरमा लामा तेर्सा दाह्रा भएको अग्लो

१–'सबैलाई खानेछू' भन्ने आश्चर्यको हाँसो । २–अगी बिरालाका भक्ष्य भएका मूसा, अहिले बिरालासंग र अगि, गरूडका भक्ष्यभएका सर्पहरू अहिले गरूडसंग बिरोध गर्नेभएका हुनाले, अगि राक्षसका भक्ष्य भईरहेका बानर मानिस-हरूबाट अहिले राक्षसलाई भय देखाउँदछ, भन्ने भाव ।

मुडुलो विकटरूपको कालदेखिन लागीरहेछ ! यस्तै–अरूपनि धेरै उत्पातहरू उठन लागीरहेछन् ! अतः हे दशानन ! कुलको रक्षा निमित्त शान्ति[१] गराऊ ।

सीतालाई सत्कार गरी, धनसमेतकी सीता रामलाई बुझाऊ, रामलाई नारायण भनी चिन्ह उनीसंगको वैरभाब छोड । जसका पाउरूपीडुङ्गाको आश्रयलिदा अन्तःकरण शुद्ध-भएका ज्ञानोहरू संसाररूपी समुद्रलाई तर्दछन, तिनैहुन राम; मानिस होइनन् । सबैका अन्तःकरणमा रहने हुनाले रामलाई भक्तिभावले भजनगर । हुन त, तिमो दुराचारो छौ, तथापि भक्तिले पवित्र हुनेछौ । कुलका कुशलको निमित्त मेरो बचन लेऊ" भने ।

माल्यवानले सुनाएको हितकोकुरालाई, कालको वशमा परेका रावणले मान्यता नदिई माल्यवानसंग "मानिसका चोलाको, हाम्रो दयापात्र भएको, बाबुले पन्छाएको, केवल मुनिकोप्रिय[२] भएको एकलो, बानरको आश्रय लिएको रामलाई, के को आधारले समर्थ ठान्यौ ? तिमी अबश्य रामले पठाई आएका हौ ! ठाउँ न ठहरोको कुरा गर्दछौ, भइगयो; बृद्धपनि हौ, बन्धुपनि हौ, तिमीले भनेकोकुरा सबै सहें जाऊ । अब तिम्राकुरा मेरा कानको प्वाललाई तताउने हुनेछ" भनी, मभागृहबाट निस्की, राजमहलको अटालीमा गएर, बानरका फौजमा आँखा लगाउँदै, मुख्य–मुख्य राक्षसहरूलाई लडाइँका निमित्तको काममा खटाए ।

मुकुटलगाई मन्त्रीका घेरामा बसेको रावणलाई टाढैबाट देखदैमा कोपले धमिलिएका रामले, लक्ष्मणका हातको धनुलिई, त्यसबाट छोडेको अर्द्ध चन्द्राकारको एक वाणले, हजारौ छाताहरू[३] र दशौटा किरीट समेत निमेषभरमा चूर्णगराए ! लंकाबासीहरूलाई आकस्मात आश्चर्य भयो । त्यसबाट लज्जित रावणले झट्टै कोठाभित्र पसी प्रहस्तादि मुख्य–मुख्य राक्षसहरूलाई बोलाई, बानरका फौजसंग लडन्तगर्ने आदेश दिए ।

राक्षसहरू, प्रभावशक्ति[४] उत्साहशक्ति[५] मन्त्रशक्तिले[६] मुक्तभई, खड्ग त्रिशूल धनु

१–उत्पातबाट सूचना भएको अरिष्टलाई नाशने कर्म । २-मुनि प्रिय हुनाले सत्त्व केहीनभएको । ३–अति ठूलो शरीर हुनाले, अटालीमा धेरै छाताले ढाकेको हुँदा हजारौं छाता । ४–ढुकुटी र लडाइँ–भिडाइँबाट बढेको तेज । ५–पराक्रमले बढेको तेज । ६–सन्धि१, विग्रह२, ञयान३, आसन४, द्वैध५, आश्रय६, यी छमा जुनहुन्छ, सल्लाहले एकको निश्चयलिनुलाई 'मन्त्र शक्ति' भन्दछन् ।

१–आफूभन्दा वलियो शत्रुलाई, केहीदिनु खुवाउनू गरी मिलाई राखनू । २–आगो लाउनू, लुटनू इत्यादि उपद्रव । ३–फौजलिई चढाइगर्नू । ४–शत्रु वलवान ठहर्‍याई, फौज र किल्लाहरू तैयार गरी बाटो हेर्नू । ५–'अवसर परेमा सिध्याउँला, अहिले मेलगरू' भनी, शत्रुसंग मिलेझैं गर्नू । ६–आफूभन्दा बलवानको शरण लिनू ।

पाशो लाठो गल इत्यादि भिरी, राँगा, ऊँट, गधा, सिंह, बाघ, हात्ती, घोडाहरूमा चढेर, कठताल मादल दमात्रो आदि बाजा बजाउँदै, बाहिर चारौं तर्फका ढोकामा र लंका भित्र समेत ठाउँ–ठाउँमा पहरा बस्न पुगे।

त्यसभन्दा अगावै, रामको आदेश पाएका बानरहरू, राक्षससंग लडन्तगर्न भनी पहाडका थुम्का[1] टाकुरा र ठूला जातका बृक्षहरू समेत उखाडी हात–हातमा लिएर, ठाउँ–ठाउँमा पहरा दिई बसेका राक्षसहरू उपर आँखा लगाउँदै, लंकामा चढदै गएका थिए।

राक्षसका फौज देखिएपछि तो बानरहरू तल–माथि हुँदै उफ्रदै, फटकदैं "अति बलवान राम लक्ष्मण र रामबाट रक्षा पाएका सुग्रीवको जयहोस" भनी, ठूलोस्वरले चिच्याउँदै, राक्षसका फौजसंग लडन्त गर्न लागे।

हनूमान अंगद कुमुद नील नल शरभ मैन्द द्विविद जाम्ववान दधिवक्र केशरी तार समेतका केही अफिसरहरू, चारौंतर्फ फाटकलाई फटकी राक्षसहरू बाहिर निस्कन नपाउने गरी लंकाभित्र पसेर, राक्षसहरूलाई पर्वतका टाकुरा र बृक्षहरूले ठोक्ने, नङ्ग्राले चिथर्ने, दाँतले लुछने गर्नलागे।

ठूला शरीरका भयलाग्दा बलिया राक्षसहरू, बानरहरूलाई बलात्कार ढोकाबाट बाहिर निकाली आफूहरूपनि निस्केर, खड्ग, त्रिशूल, वन्चरो, घुँएँत्रो आदि हतियार छोडी ठटाउन लागे।

एवं, बानर र राक्षसमा लोकैलाई आश्चर्य गराउने लडाइँपर्दा रणस्थल, दुवैथरीको रगतमासुले हिलो गरायो। बाघ जस्ता राक्षसहरू, घोडा हात्ती रथहरूमा चढी लड्न लागे। परस्परमा जितबाजी खोजने दुवैथरी दशैंदिशा थर्काउने गरी लड्दा, राक्षसले बानरलाई र बानरले राक्षस धेरैलाई लडाए !

साक्षात बिष्णु स्वरूप रामका दृष्टिमारहेका देवांश बानरहरू, अमृत पिएजस्ता भई, हृष्टपुष्ट बलिया नै रहे। सोतामा दुष्टभावको स्पर्शबाट पापोबनेको रावणले पालेका राक्षसहरू श्री हराएकाहुँदा, चतुर्थाश बाँकीरहनेगरो धेरै मारिए।

१–साना ढिस्कालाई 'थुम्का' र ठूला–अग्लालाई 'टाकुरा' भन्दछन्।

आपनो फौज मरेका देखदा, अगि ब्रह्माबाट पाएको वरले वरहस्त भएको सबै अस्त्रमा कुशलपनि भएको, दुष्टस्वभावको इन्द्रजितले अन्तर्धानभई आकाशमा पुगेर, ब्रह्मास्त्र सहित शस्त्रहरू छोडी, बानरका फौजलाई पीडा साथै कोल्हा–कोल्हा गरायो !

रामले, बानरका फौज ढलेको देखदापनि ब्रह्मास्त्रलाई मानराखेझैं, केहोक्षण चुपलागी लक्ष्मणसंग "ए लक्ष्मण ! धनुल्याऊ, यस राक्षसलाई ब्रह्मास्त्रले नै भस्म गराउँद-छू, हेर त मेरो बल !" भन्दैमा, रामको वोली सुनी डराएको इन्द्रजित, मायाबाट अदृश्यभई, लंकाभित्र पस्यो ।

बानरहरू भूइँमा लडेका देखेर दु:खमानेका रामले, हनूमानलाई बोलाई "तिमी झट्टै क्षीरसमुद्रमा पुग र त्यहाँ दिव्य ओषधि उत्पन्न भएको 'द्रोणाचल' पर्वत छ, त्यसलाई झट्टै उठाई लिई आऊ; यो बीर बानरहरूलाई बचाइ देऊ, तिम्रो सुस्थिर कोर्ति रहनेछ" भनी अऱ्हाए ।

रामको अऱ्हौटबाट हावा झैं उड्दै गएका बायुपुत्र, द्रोणाचललाई उखाडी ल्याएर, त्यसमा उत्पन्न भएको औषधिको प्रयोगबाट सकल बानरहरूलाई बचाई, फेरि द्रोणाचललाई बोकी साविक ठाउँमा पुऱ्याई फर्की[१] आए ।

बानरका फौज, अगि जस्तै बलियाभई कराएको सुन्दा, आश्चर्यमा परेका रावणले, आफ्ना मन्त्रीहरूसंग "हेर ! यो राघव ता मेरोलागी देवताहरूले बनाएको ठूलो शत्रु पो हुनआयो ! यसलाई मार्नलाई, मेरा हितचिन्तक सबैले, चाँढोगरी लडाइँमा जानुपऱ्यो, जो काथरभई जावैनन्, ती मेरो बचन लंघनगर्ने जतिलाई म मारि दिनेछू" भने ।

रावणको हाँक सुनी डराएका अतिकाय प्रहस्त महानाद महोदर निकुम्भ देवांतक नरांतक आदि बलिया शूरा लडाकाहरू, बानरसंग लड्न भनी निस्कदा, अरूपनि लाखौं राक्षस जम्मा भई अनेक जातका हतियारको प्रयोगले, बानरका फौजलाई छ्याल–व्याल पारी घाइते गराए !

बानरहरूलेपनि, फेदैदेखि उखाडेका वृक्ष र पहाडका थुम्का, त्यस्तै–नङ्ग्रा दाह्रा समेतका प्रयोगबाट राक्षसका फौजको प्राण निकाल्न लागे !

१–हनूमान सिद्धसंकल्प (मनको आँट पुगने) भएका हुनाले, उनीबाट यस्तो कामहुनू साधारणै छ, आश्चर्य छैन ।

राम लक्ष्मण, सुग्रीव, हनूमान अंगदबाट र एवं बानरका फौजबाटपनि राक्षसहरू धेरै मारिए !

बानरहरू, रामको तेज पाउँदा अति बलिया भए ! रामको शक्ति नपाएका भए बानरमा यस्तो पराक्रम कहाँबाट रहँदो हो !

चिताउँदैमा[1] सब नष्टगर्ने, चिताउँदैमा सब सृष्टि गर्ने ।
मायार[2] नराकारबनेर राम, युद्धादि लीलापनि गर्नलागे ।।

इति लंकाकाण्डे पञ्चम : सर्ग : ।।५।।

अतिकाय सहित बीर राक्षसहरू मरेकोसुनेर, दु:ख मानी रिसले तातेका रावणले, लंकाको रक्षानिमित्त इन्द्रजितलाई राखी, आफू रामसंग लडाइँ गर्नभनी, राक्षसका फौजलाई लिई अनेक जातका शस्त्र र अस्त्र समेतले भरिएको दिव्यरथमा चढेर राम भएकै ठाउँ ताकी दगुर्दै, साँपका जिभ्रा जस्ता, बिषालु बाणहरूले धेरै बानरलाई मारी, सुग्रीब आदि अफिसरहरूलाईपनि लडाए ।

त्यसैका नगीचमा विभीषणलाई देखेर विभीषणका उपर, मयले[3] दिएको 'महाशक्ति' छोड्दा, लक्ष्मणले, 'रामबाट अभय पाएका विभीषणलाई मराउन हुँदैन' भन्ने बिचारले, ठूलो धनुलिई, विभीषणलाई पछाडि राखी आफू अगाडि परी निश्चलसंग खडाभए । त्यो शक्ति अमोघ समर्थकोहुँदा, लक्ष्मणका शरीरमा पस्यो !

लोकमा जति शक्ति हुन्छन, ती सबै मायाबाट प्रकटभएका हुन्छन् अतश्च त्यस्ता शक्ति सबैका आधार[4] मानिएका शेषांश लक्ष्मणलाई केवल जडरूप शक्तिले के गर्न सक्थ्यो !! तथापि नटुवा झैं मनुष्यको भावलिएर मनुष्यकै चाललिई हिंडेको हुनाले मूर्च्छामा परी भूइँमा पछारिए !

भूइँमा लडेका लक्ष्मणलाई, आफूले लिईजान भनो आएको रावण, लक्ष्मणलाई

१–मनले चिताउँदैमा संहारगर्न समर्थ भएका । २–मायाबाट मनुष्यको नक्कल बनेर । ३–मन्दोदरीको बाबुमयले विवाहमा दिएको । ४–जडरूप मायाका शक्तिहरू जतिहुन्छन् ती सबै, ईश्वरका चैतन्यको संवन्धलेमात्र प्रकट हुनेहुँदा, सकलशक्तिका आधार ईश्वर, तिनै ईश्वरको अंश लक्ष्मणहुनाले, लक्ष्मणपनि शक्तिको आधार मानिएका हुन् ।

हल्लाउन सम्मपनि नसक्ता आफै आश्चर्य भयो ! सकल जगतकासार सकल लोकका आधार बिष्णुका अंशलक्ष्मणलाई, त्यो सानो राक्षसले कसरो उचाल्नु !

लक्ष्मणलाई उठाउन खोजेको देखदा क्रुद्धभएका हनूमानले रावणको छातिमा मुटकीले ठटाए । एकै मुट्कीको चोट्टाबाट दुवैघुँडाटेकी भूइँमालडेको रावण, आँखा-लोलाउँदै आँखा कान नाक मुखसमेतबाट रगतबहाई धर्मराउँदै रथको नगीचमा पुगी थचक्क बसे ।

लक्ष्मणलाई हनूमानले उठाई बोकेर रामको नगीचमा पुऱ्याए ।

हनूमान मित्रपनि भक्तपनिहुनाले, उनकानिमित्त जन्म कर्मरहित पूज्यातिपूज्य लक्ष्मण हलुंगो होइदिए ।

लक्ष्मण उपर प्रहारभएको शक्तिपनि, लक्ष्मणलाई नारायणका अंश आफ्नो आश्रय भन्ने जानी फर्केर रावणको रथमा पुग्यो !

रावण, सुस्त सुस्त होसमा आएपछि रथमा बसो रिसको झोकले धनु उठाई रामलाई ताकदै दगुरे ।

रामले, रथमा बसीआएको रावणलाई देखदा, हनूमानको काँधमा चढी धनुबाटबज्र पर्दा जस्तो ठूलो टंकार दिई "ए राक्षसाधम : सर्वत्र समदर्शी[१] म उपर अपराधगरी कहाँ जाउँला भनी ठानेकोछस पर्खी, जुन वाणले तेरा राक्षस मारिए, त्यसै बाणले तँलाई मार्नेछू" भने ।

रामको उक्ति सुनी तर्सिएका रावणले, हनूमानलाई तीखावाण छोडी बेध गराए । वाणको चोट परेतापनि आफ्नैतेज रौद्रतेज सम्झेका हनूमानलाई, रामले आफ्नो तेज समेतबाट हनूमानको तेजलाई बढाइदिए ।

हनूमानमा चोट लागेको देखेर क्रोधले कालरुद्र जस्ता भएका रामले, तीक्ष्ण वाणका प्रहारबाट, रावणका झण्डा छाता रथ सवार घोडा धनु र हतियारका थुप्रासमेत काटी,

१–यस वाक्यमा, 'यहाँबाट भागेपनि मेरो अदृश्यहुनु सम्भव छैन' भन्ने भाव परेको छ ।

ठूलोवाणबाट रावणलाई चटकाए ।

रामका वाणको चोटले हातबाट धनुखसेका रावण, चटपटाउँदै वेहोश जस्ता भए ! त्यस अबस्थामा रामले अर्द्ध चन्द्राकारको वाण छोडी, रावणका चमकदार किरीट सम्म-काटी[1], "अहिले तँ वाणको पोडामा परेको छस जा; पछिलाई मैले जानेको छू। आज लंकामा पसी आराम लिएर बस, भोलि मेरो बल देख्न पाउने छस" भने ।

रामका वाणको चोटबाट सेखि हराएका रावण, शरमाउँदै लंकाभित्र पसे ।

लक्ष्मणलाई मूर्च्छामापरी भूइँमा लडेको देखदा, लीलाले मनुष्यको आचरणमारहेका रामले शोक प्रकटगरी हनूमानलाई "ए वाबु ! अगि झैं दिव्यौषधि ल्याएर, लक्ष्मण सहित बानरहरूलाई बचाऊ" भने । हनूमान उत्तीखेरै हावा समानको बेगले दगुरे ।

रावणका जासूसहरूले रावणछेउ पुगी "हे राजन ! रामले लक्ष्मणलाई बचाउन भनी दिव्यौषधि ल्याउन निमित्त हनूमानलाई क्षीर समुद्रमा पठाए" भनी सुनाए । त्यो कुरा सुन्दा चिन्तामा परेका रावण, रातमा एकलै कालनेमिको घरमा पुगे ।

कालनेमिले, रातमा अकस्मात एकलै आएका रावणलाई देखेर आश्चर्यमानी, यथा-योग्य सत्कार पुऱ्याई, भय विहूल भएर "हे राजेन्द्र ! अकस्मात एकलै आउनु भएको कारण के हो ? मैले के गर्नुपऱ्यो ?" भनी, प्रश्न गरे ।

पीर लिएका रावणले "हेर ! कालको वशले गर्दा ममापनि यस्तो कष्ट पर्न आयो ! मैले शक्तिको प्रहारबाट लक्ष्मणलाई मारें ! त्यसलाई बचाउन निमित्त, औषधि लिनभनी हनूमान गएको छ। हे महामते ! जसोगरेर हुन्छ, त्यसमा विघ्नपार्ने काम गरीदेऊ, माया-बाट मुनिको भेष लिएर त्यस बानरलाई मोह गराई देऊ। त्यत्ति काम, भोलिको सूर्यहुन नपाउँदैमा सकेर घरमा फर्क" भने ।

कालनेमिले "हे मालिक ! पहिले मेरो वक्तव्य सुनि दिनुहोस र यथार्थ बिचार गरी मनमा लिनुहोस। तपाइँको प्रियकर्म ता म अबश्य गर्नेछू, तर मेरो प्राण ता रहने छैन !

१-यस अवस्थाको वीरलाई, मारी हाल्न उचित नपर्ने सझेर र कामको शेषरहने कुरामापनि विचार राखेर किरीटमात्र काटेर ।

अगि जंगलमा मृगरूपी मारीचको जुनगतिभयो, त्यहीगति मेरो अवश्य हुनेछ; शंका छैन !

हे दशानन ! तपाइँकोपनि छोरा, नाति बन्धुहरू धेरै मारिए ! दैत्यका कुलैलाई मराई, तपाइँ आफू बाँचेरपनि के पाउनुहुन्छ र ? यो जडस्वरूप शरीरले राज्य वा सीता पाएर के गरूँला भनी, ठान्नु भएको छ ? सीता, रामलाई सुम्पि दिनुहोस, राज्य विभीषणको जिम्मा दिनुहोस ।

हे महाबाहो ! तपाइँ मुनिगणको आश्रय भई रमणीय बनेको जंगलमागई बस्नुहोस र प्रातःकालमा पवित्रजलमा स्नानगरी सन्ध्या आदि नित्यकर्म गरेर, एकान्तमा पदमासन आदि सुखा सन बाँधी, बाह्य बिषयलाई हटाई, बाह्य बिषयमालागेका इन्द्रिय सबैलाई, आत्म बिषयमा लगाउनुहोस[1] । प्रकृतिदेखि भिन्नको आत्मालाई सधैं चिन्तन गर्नुहोस ।

देह बुद्धि इन्द्रिय आदि चराचर जगत सबै र ब्रह्म देखि मूढोसम्म, जो देखिन्छ सुनिन्छ त्यसैलाई 'प्रकृति' भन्दछन; त्यसैलाई 'माया" पनि भन्दछन । जगतरूपी बृक्षको सृष्टि स्थिति विनाशमा कारणपनि त्यहीहुन्छ, त्यसैले सात्त्विक राजस तामस तीनप्रकारका प्रजा सृष्टि गर्दछ र आफूले सृजनागरेको जगतलाई बढाउनका निमित्त, काम–क्रोधादि छोरा, हिंसा–तृष्णा आदि छोरी सृष्टिगरी 'आत्मा' शब्दले बुझाइने ईश्वर (जीव)लाई, आफूले सृष्टिगरेका पदार्थहरूबाट मोहमा[2] पार्दछ । आफूमारहने कर्तृत्व भोक्तृत्व गुणहरूपनि आफ्नो सन्निधानबाट आत्मामा आरोपगरी[3] उसलाई आफ्नो बशमा[4] गराएर सधैं त्यसैका साथमा क्रीडागर्ने हुन्छ ।

आत्मा, शुद्ध[5] छ तापनि मायासंग मिलोट हुँदा, संगत गुणकोफल भनेझैं मायाका गुणमा भुली आफ्नो आत्मस्वरूपलाई[6] बिर्सी, बाह्यबिषयमा लागेजस्तो भइरहने हुन्छ ।

कुनै बखतमा[7], ज्ञानस्वरूपभएका[8] सद्गुरूबाट उपदेश पाएमा, निदिध्यासनले,

---

१–सबै विषयमा सहाय हुनेमनलाई, आत्मविषयगराउनुनै, सबै इन्द्रियलाई आत्म विषयमा लगाउनू हो । २–ती पदार्थहरूमा, 'म' 'मेरो' भन्ने बुद्धिगराई मोहमा पार्दछ । ३–झुटो लगाऊ गरी । ४–'म' 'मेरो' 'मैले' भन्ने बुद्धिगराउनु नै बशमा गराउनू हो । ५–देखनू सुननू इत्यादि केही नभएको । ६–शुद्ध बुद्ध विज्ञान स्वरूप । ७–त्यसो हो भने, सर्वथास्व स्वरूपको बोध नहुने भई, सधैं प्रकृतिका गुणमा बद्ध नै भईरहने हो कि ? भन्ने शंकाको निवारणलाई यो उक्ति भएको हो । ८–जीवन्मुक्त भएका ।

बाह्यबिषयदेखि निवृत्त दृष्टिभई, शुद्ध मुक्त बुद्ध स्वभावको आत्मालाई चिनने हुन्छ र जीवन मुक्त भई, प्रकृतगुण–सुख दुःखादिबाट छुटतछ। अतश्च तपाइँपनि सबै इन्द्रियलाई वशमाराखी, सधैं आत्माको चिन्तनलिदैं, 'आत्मा' भनेको प्रकृतिदेखि भिन्नकोरहेछ भन्ने निश्चय जानी, मुक्त हुनुहुनेछ।

यदि, त्यस प्रकारले ध्यानलिन सक्नु हुन्नभने, सगुण ईश्वरमा आश्रर्य लिनुहोस,– आफ्नो हृदयरूपी कमल गट्टामा, रत्नजडित मुवर्णको आसनमा सीतालाई साथमालिई बीरासन[1] गरी बसेका, फुलेका कमल झैं फैलिएका नेत्र भएका, बिजुलिको जस्तो चहक भएको पीताम्वर र रत्नको किरिट, मोतिकामाला, बाजू, बाला, कौस्तुभ, बनमालाहरू पैह्रिएका, दुइधनु भिरेका, लक्ष्मणबाट सेवाभएका, सबैका हृदमा रहने आत्मास्वरूप 'राम'लाई भक्ति पूर्वक सम्झने गर्नुहोस मुक्ति पाउनु हुनेछ; भक्तहरूले कथन गरेको उनको चरित्रपनि एकचित्त भईसुनने गर्नुहोस। यसोगरेमा, आगोको झिल्का पर्दा रूवाको थुप्रो नाशिए झैं, अगि गरेका पापहरू ठूलै भएपनि चाँढै नै नाशिनेछन।

भजनोस 'राम' परिपूर्ण[2] र एकमात्र।
वैरत्त्व छोडिकन भक्त वनेर नित्य ॥
सत्तास्वरूप[3] तिनिमा अरूछैन रूप।
नित्यै गुनेर मनले चिन्हि ब्रह्मरूप ॥" भनी, सुनाए।

इति लंकाकाण्डे षष्ठ : सर्ग : ॥ ६ ॥

कालनेमिको अमृतसमान बाक्य सुन्दा, तातेको घिउमा पानीको थोपो पर्दा पटकीउठेको ज्वाला झैं, रिसले जलेको रावणले "पराइबाट केही लिन खान पाइछस, रामको चाकर जस्तो भई बोल्ने भइछस, मेरो बचन नमान्ने तँ दुष्टलाई मारीदिन्छू" भने।

कालनेमिले "हे देव ! रिसले के पुऱ्याउँछ ? मेरो बचन तपाईंलाई रुचाउँदैन भने भइगयो, तपाईंले भनेबमोजिमको काम गर्दछू" भनी उठेर, रावणको अह्रोट बमोजिम

१–एक पाउ तल अर्को पाउ माथिगरी, पलाहिटी मारी, सोझो शरीरलिई वसनुलाई 'वीरासन' भन्दछन्। २–जगतभरी भई परिपूर्ण (सवेमा अन्तर्यामी)। ३–मनको भावनाले मात्र चिन्हिने।

हनूमानमा बिघ्न पार्न भनी निस्के । हिमालयको कोखमा पुगेपछि, हनूमान जाने बाटोको बीचमा तपोवन कल्पनागरी, मुनिको भेष लिएर शिष्यहरूको घेरा समेत गराई बसे ।

हनूमानले जाँदा–जाँदै बीचमा, त्यो रमणीय आश्रम देखदा, मनमनैले 'अगि-आउँदा ता यो मुनिमण्डल देखिएको थिएन ! अहिले ऊ बाटोछोडी अर्कै बाटो आएछु कि ! अथवा मेरो चित्तको भ्रम हो कि ! भइगयो, यो बिचार पो किन चाहियो र ! आश्रम भित्र पसेर मुनिहरूलाई भेटी, पानी पिएर जाउँला' भन्ने मन-सायलिई, गिर्धाभित्र पसे ।

चारकोसको गिर्धाभित्र पाकेका केरा, कटहर, खजूर शालकाफलहरू भएका बृक्षहरूले घेरेको, कसैमा कुनै वैरभाव[1] नदेखिने, शुद्ध र निर्मल लक्षणको आश्रममा, कालनेभि-कपट[2] लिएर शिवजाको पूजामा लागेको थियो ।

हनूमानले अभिवादनगरी मान्यता राखेर "हे भगवन ! म हनूमान नाम गरेको राम-को दूत हूँ, रामको काम लिएर क्षीरसमुद्रमा जान लागीरहेछू, प्यास लागीरहेछ, पानी कहाँ होला ? यथेष्ट पिउने थिएँ बताइ दिनुहोस" भने ।

कालनेमिले,–"त्यो मेरो कमण्डलुको पानी पिऊ, थाकेका होलाऊ यी पाकेका फलहरूपनि खाऊ, नहडवडाऊ आरामलेऊ सुत ! म, तपस्याका प्रभावले भूत भविष्यत वर्तमान सबै जान्दछू; रामले नजर दिएका लक्ष्मण र सबै बानरहरू समेत उठीसके" भन्यो ।

हनूमानले, "मलाई ठूलो प्यास लागीरहेछ, कमण्डलुको पानीले शान्त हुँदैन ! जलाशय देखाउनु होस" भने ।

कालनेमिले 'हुन्छ' भनो, मायाबाट खडा गरेको एक ठिटोलाई "ए वटु ! योवायु-पुत्रलाई प्रशस्त पानी भएको तलाउ देखाइ देऊ" भनी, हनूमानसंग "तिमी आँखा चिम्ली

१–जुन आश्रममा, सर्प र न्याउरी मूसासम्मपनि, परस्परको स्वाभाविक वैरभाव छोडी मिली वसेका देखिन्थे । २–इन्द्र-जालबाट कपटलिएर ।

यथेष्ट पानी पिएर यहाँ आऊ, तिमीलाई औषधि फेलापर्ने मन्त्रको उपदेश गर्दछू" भन्यो। हनूमानले "हुन्छ" भने।

वटुकले टाढैबाट जलाशय देखाउँदा, हनूमान जलाशयमा पुगी आँखा चिम्ली पानी पिउन लागे। पानी पिउँदैमा पानी भित्रबाट अकस्मात निस्केकी भयलाग्दी मकरी[१], हनूमानलाई निल्नभनी ठूलोमुख बाही, वेगले झम्टन आउँदा, झोकिएका हनूमानले आफ्नो दुइहातले उसको मुख च्यातिदिए, मरीपनि।

मकरी मरेपछि, आकाशमा, 'धान्यमाली' नामकी दिव्यरूप अप्सरा खडा भएर "हे कपीश्वर! तपाइँका प्रसादले शरापबाट छुटें! म अगि, बिनाकारण मुनिबाट शरापिएकी थिएँ!

यस आश्रममा तपाइँले जसलाई देखनुभयो त्यो मुनि होइन! तपाइँको काममा विघ्न पार्न भनी रावणले पठाउँदा, मुनिको भेषलिई बसेको बिप्रहिंसक महादैत्य 'कालनेमि' हो! त्यस दुष्टलाई चाँढैनै मारी द्रोणाचल तर्फ जानुहोस। तपाइँको स्पर्शबाट निर्दोष हुन पाएकी म ब्रह्मलोकमा जान्छू" भनी, अदृष्ट भईन।

हनूमान आश्रम भित्रपसदा, कालनेमिले "के कामले ढिलो गर्‍यौ? मबाट मन्त्रहरू लिइहाल, मलाई गुरू दक्षिणा देऊ" भन्यो।

हनूमानले मुठी कसेर "लौ यही हो दक्षिणा" भनी, ठटाए।

कालनेभि मुनिभेष छोडेर, अनेक चटक निकाल्दै हनूमानसंग लडन लाग्यो र महाचटकरूप रामका दूत, चटकी राक्षसका शत्रु हनूमानले कालनेमिको थाप्लोमा मुट्की बजार्दा ऊ टाउको फुटी मर्‍यो!

हनूमानले क्षीर समुद्रको किनारमा पुगी द्रोणाचलमा औषधिको खोजीगर्दा भेट्टाउन नसकी, पर्वतै उखाडी बोकेर, बायुका वेगले दगुर्दै रामको समीपमा पुर्‍याएर "हे देवेश! मैले पहाडै बोकी ल्याएको छू, जो योग्य पर्दछ गरी बक्सियोस" भने।

१–माछाका आकारको भई खुट्टाभएको, ठूलो जल जन्तु विशेषको पोथी।

रामले द्रोणाचलबाट औषधि उखाडी सुषेणद्वारा लक्ष्मणलाई प्रयोग[१] गराउँदा, लक्ष्मण सुती ब्युँझेका जस्ता भई "ए दशटाउके ! पर्खि ! कहाँ गइस ? अहिल्यै मार्नेछू" भन्नलागे।

रामले लक्ष्मणका शिरमा सुँघो आशीर्वाद[२] गरेर, हनूमानलाई "हे बाबु ! बीर बानर ! तिम्रो प्रसादबाट मेरो भाइ लक्ष्मणलाई सुबिस्थाको देखन पाएँ !" भनी, सुग्रीव सहित बानरहरूलाई साथमालिई, विभीषणको सल्लाहबाट लडाइँमा लागे।

लडाइँलाई उत्सुकभई पहाडका थुम्का, ढुङ्गा र बृक्षका मूढाहरू हातमा लिएका बानरहरू, शत्रुका सन्मुखमा पुगे।

सिंहबाट हात्ती, गरुडबाट सर्प झैं, रामबाट तिरस्कार पाएका रावणले घरमागई राक्षसहरूसंग भन्दछन्—ब्रह्माले अगि मलाई "मानिसबाट मृत्युहुने" भनेका थिए ! पृथिवीमा मलाई मार्न सक्ने ता मानिसै छैन ! त्यसैकारणले साक्षान्नारायण नै मनुष्यको रूपलिई, दशरथका छोरा राम भई, मलाई मार्न लंकामा आएकाहुन्, शंका छैन !

अगि मलाई अनरण्यलेपनि "मेरो वंशमा सनातन परमात्मा जन्मनेछन र तिनैबाट, तेरा छोरा नाति बन्धुवर्ग सहित तँ मारिनेछस" भनी शरापेका थिए ! अहिले तिनै सनातन परमात्मा मेरो निमित्त अनरण्यका वंशमा 'राम' भई जन्मे ! मलाई मार्नेछन्[४] !

मूढात्मा[५] कुम्भकर्ण अति बलियो छ तर सधैं निद्राको वशमा छ ! त्यसलाई बिउँझाएर यहाँ लिई आओ" भनी सुनाए।

ठूलाशरीरका बलिया राक्षसहरू कुम्भकर्ण छेउ पुगेर उनलाई यत्नकासाथ बिउँझाई साथैमा लिईआए।

सभामा बसेका कुम्भकर्णलाई निहाउरो बोली गरेका रावणले "ए बाबु ! ठूलोकष्ट

१–ती औषधिमा तेज बढाउनलाई, पहिले आफूले उखाडेर, 'सुषेण' वैद्यहुनाले उनीबाट प्रयोग गराए, यस उक्तिबाट, "चिकित्साको अधिकार वैद्यक शास्त्रमा अभ्यासभई प्रसिद्ध भएकालाईनै छ" भन्ने सूचना हुन्छ। २–'प्रजापते त्वा हु॰' इत्यादि मन्त्रपढी आशीर्वाद। ३–विभीषण, लंकाको छिद्र सबै थाह पाउने हुनाले उनीसँगको सल्लाहले। ४–यो ज्ञान, रजोगुण र तमो गुणबाट भएको हुनाले, उत्तमफलका निमित्तको छैन। ५–निद्राप्रिय हुनाले अत्यन्त तमःप्रकृतिभई, मूढात्मा।

आइपऱ्यो ! के गर्ने ? दशरथको छोरो रामले, हाम्रा शूरा बीर छोरा नाति बान्धव समेत धेरैलाई मारि सक्यो ! सुग्रीवको मद्दतले बानरका फौजबाट बलियोभई, फौजैका साथ समुद्रलाई तरेर हाम्रा फौजको जरो काटन लागिरहेछ ! मुख्य–मुख्य राक्षसहरू बानरहरू-बाट नै मारिए ! त्यत्रो लडाइँमा बानर मासिएको कहिल्यै देखिएन !

हे महाबाहो ! तिमी बलिया छौ बानरको नाशगराऊ, जुन कामकानिमित्त तिमीलाई बोलाएको छू । हे महासत्त्व ! दाज्यूको निमित्त कसैले गर्न नसक्ने परा-क्रमीकर्म गर" भने ।

रावणको विलौना बाक्य सुन्दा, खित्काछोडी हाँसेका कुम्भकर्णले–"हे राजन ! अगि छलफल हुँदा, मैले जो भनेथे, अहिले त्यहो पाप कर्मको फल, तपाइँमा आइपऱ्यो ! मैले पहिले नै 'राम' नारायणहुन, सीता 'योगमाया'हुन भनी सम्झाउँदा तपाइँले सम्झनु भएन ! 'तैंले कसरी थाह पाइस ?' भन्नु होला, एक पटक म जंगलमा जाँदा, पहाडका टाकुराको ठूलो पत्थरमा बसेको थिएँ । रातमा नारद आएको देखेर, मैले उनीलाई 'कहाँबाट आउनु भयो ? कहाँ जानु हुन्छ ?' भनी सोधें ।

नारदले "देवताहरूको सभामा बसेको थिएं, अहिले उतैबाट आउँदैछू, त्यहाँको एउटा खवर सुनाइ दिन्छू सुन,–

तिमोहरू दुइ भाइबाट पीडा पाएका देवताहरू, बिष्णुका शरणमागई भक्तिले स्तुति-गरी "हे देव ! कतैबाटपनि ननाशिने, तीनैलोकको काँढो रावणलाई मारी बक्सियोस ! त्यसको मरण 'मानिसबाटहुन्छ' भनी, अगि ब्रह्माबाट कल्पित भएको हुनाले, हजूरबाट मनुष्यको रूपलिई त्यसलाई मारि दिनुपऱ्यो" भनी निवेदन गर्दा, विष्णुले 'हुन्छ' भनेका थिए । सत्यसंकल्प ईश्वर अहिले रघुका कुलमा 'राम' नामले प्रख्यात मनुष्य भई जन्मेकाछन; तिनैले तिमीहरू सबै राक्षसलाई मार्ने भएकाछन" भनी सुनाएकाहुँदा, मैले थाहा पाएको हूँ ।

अतः तपाइँ रामलाई 'सनातन', 'परब्रह्म' भनी चिन्हेर, उनीसंगको वैरभाव छोडो, भक्ति भावले भजनुहोस । भक्तिले राम प्रसन्न हुन्छन, भक्तिले नै ज्ञान गराउँदछ; ज्ञान गराउनेहुँदा, मुक्ति दिनेपनि भक्तिनै छ । भक्ति बिना गरेको कर्म

निष्फल हुन्छ ।

खेलबहाडले नै नाना जातिमा अवतारलिई, जात अनुसारको चेष्टागर्ने[१] बिष्णुका अवतार धेरै छन ! त्यस्ता अवतार हजारौंको समान कल्याण दायक ज्ञान स्वरूप 'राम' मात्र हुन । जो कुशलभई, मन–बचनले अहोरात्र रामको भजन गर्दछन, ती बिना परिश्रमले संसारबाट तरी बिष्णुका पदमा पुग्ने हुन्छन ।

जो शुद्धचित्त[२] भइ चिन्तन गर्छ 'राम', नित्यं चरित्रपनि पढदछ शान्तभक्त ।
संसार भोग बिषलाई हटाई जान्छ, श्रीरामको पद अनन्त सुखस्वरूप ॥"

भनो, रामको बोध गराए ।

इति लंकाकाण्डे सप्तम : सर्ग : ॥७॥

कुम्भकर्णका कुरा सुन्दा, झन रिसले निधारमा गाँठो पारी रूपै विगारेका रावणले आसनै छोडने ,हो कि झैं उफ्रदैं झोक्किएर "तँलाई, बुद्धिमान छस मलाई ज्ञान देलास भनो बोलाएको होइन ! तेरो चित्तले खान्छ भने, मैले गरेको ब्यवहारमा मिलेर लडाइँमा जा, होइन भने तँलाइ निद्राले बाधा गरेकै छ झट्टै सुत्न जा" भने ।

रावणको बाक्य सुनदा 'अब यो रिसायो' भन्ने बुझेका कुम्भकर्णले तुरून्तै उठी रणस्थल तर्फको बाटोलिए । ठूलो पहाड जस्तो शरीर भएका कुम्भकर्णले पर्खाललाई फटकी, समुद्रसम्म थर्काउने डाँकोले बानरका फौजलाई तर्साउँदै ठटाउनेपनि, खानेपनि गरी छ्याल–व्याल पारी, कोल्हा–कोल्हा गराए ।

बानरहरू, पखेटालिएको कालो पहाड जस्तो कुम्भकर्णलाई देखदैमा, काल हो कि ! यमराज हो कि ! भन्ने समेत भ्रान्तिले डराउँदै भागन लागे ।

वानरका फौजभित्र हात–गोडा मुङ्ग्रो उठाउँदै उफ्रदैं बानरहरूलाई, थिचो मिचो पार्ने र टोकनेपनि गरेका कुम्भकर्णलाई टाढैबाट देखेका बुद्धिमान[३] विभीषणले, दाज्यू भन्ने

१–जुन जातमा अवतार लिएको छ, त्यसै जातमा सुहोउंदो चेष्टागर्ने । २–शुद्ध अन्तःकरण भई । ३–कुनै अवस्थामापनि आफूभन्दा ज्येठालाई ढोकी दिनूपर्दछ, भन्ने सदा चार जानेका बुद्धिमान् ।

सम्झी उनका नगीचमा पुगी ढोकदिदैं "हे दाज्यू ! म विभीषण हूँ, दया गर्नुहोस ! मैले दाज्यू रावणलाई "राम साक्षात् 'जनार्दन' हुन, सीतालाई रामकाहातमा सुम्पी दिनुहोस, भनी धेरै पटक सम्झाएँ सुन्नु भएन ! पापीका घेरामा बसेका उहाँले मलाई लातले हानी, 'तँलाई धिक्कार छ जा' भन्नुहुँदा, चारजना साथीलाईलिई रामको शरणमा पर्न आएको हूँ" भने ।

कुम्भकर्णले भाइ भन्ने चिन्ही१ अंकमाल गरेर "हे वाबु ! रामका पाउको आश्रय लिएका छौ, कुलको रक्षा र राक्षसहरूको हितका निमित्त बाँची रहू । तिमी 'ठूलो भगवत भक्त छौ भन्नेकुरा मैले अगिनै नारदबाट सुनेको छू । अहिले मेरा आँखा क्रोध र मदले गर्दा लट्ठिएकाछन, आफ्नो र पराइ भन्ने केही देख्तिन ! जाऊ२ " भन्दा, आँखा भरी आँसुलिएका विभीषण दाज्यूका गोडामा ढोकदिई फर्के ।

कसो गरेमा यिबानरको नाश होला, भन्ने चिन्ता लिएका कुम्भकर्ण, बानरका फोज भित्र पसी हात गोडाले बानरहरूलाई लछार–पछार पार्दै, मद फुटेको हात्ती झैं घुम्नलागे ।

कुम्भकर्णको चरित्र देखदा, क्रुद्ध भएका रामले बायव्यास्त्र छोडी, उसको मुङ्ग्रो समातेकोदाहिने हात काटिदिए, एक हात काटिएको कुम्भकर्ण चिच्याउँदै बानरहरूलाई किचदै भूईंमा लड्यो र "किचियुँला" भन्ने डरले छेउ छाउमा लागेका बानरहरूपनि राम र राक्षसको लडन्त मात्र हेर्न लागे ।

दायाँहात काटिएको कुम्भकर्ण बायाँहातले शालको बृक्ष उखाडेर रामलाई झटारो हान्न भनी दगुर्दै थियो, तत्कालैमा रामले ऐंद्रास्त्रको प्रयोग गरी शाल समातेको हातै काटिदिए ।

दुवैहात काटिदापनि गर्जदैं आएको कुम्भकर्णलाई, रामले अर्द्ध चन्द्राकारका दुइवाण छोडी उसका दुबैखुट्टा काटिदिदा, छिनिएका दुइखुट्टा, लंकाका ढोकामा ठूलो आबाज दिदैं बज्र झैं पछारिए ।

१–मदले मत भएको हुनाले भर्खरै मात्र चिन्हेर । २–कदाचित् तिमीउपरपनि प्रहार पर्न जाला, भन्ने भाव ।

एवं, हात खुट्टा काटिदापनि, शरीर देखदैमा अति डरलाग्दो कुम्भकर्ण, समुद्रका बडबानलको बासस्थान[१] जस्तो ठूलो मुख बाही चिच्याउँदै, रामलाई झम्टन आउँदा, रामले उसका मुखमा तीखाबाणको बुझोलगाई दिए । मुखभरि बाणको बुझो परेको कुम्भकर्ण, खूब चिच्याउन लाग्यो ।

रामले, सूर्यजस्तो चहक भएको बज्रसमानको ऐंद्रबाण छोडदा, त्यसबाणबाट इन्द्रले वृत्रासुरको टाउको छिने झैं, कुम्भकर्णको कानमा कुण्डल र मुखमा लामादाह्रा भएको पर्वत समानको टाउको, लंकाको ढोकामा र ठूलो पहाड समानको शरीर, समुद्रमा लड्यो ! टाउकोले लंकाको बाटै छेकि दियो ! शरीरले, समुद्रका नक्रआदि[२] जलजन्तुलाई थिची ध्वस्त गरायो ! त्यो तमासा देखदा, हर्षमानेका देवता, ऋषि, गन्धर्व, सिद्ध, यक्ष्य, गुह्य, नाग र पंक्षीगणहरू समेत, रामउपर पुष्पवृष्टि गराउँदै स्तुतिगर्न लागे ।

त्यसै बखतमा, आफ्नो तेज फैलाउँदै, आकाश मार्गबाट आएका देवर्षि नारदले, नीलकमलको जस्तो श्यामलो वर्ण भएका, हातमा धनु र ऐंद्रास्त्र लिएका, केही लालवर्ण भई फैलिएका दयापूर्ण दृष्टिले, राक्षसका चोट्टाबाट पीडित भएका बानरहरूलाई हेरीरहेका रामलाई दर्शनगरी, हर्ष गद्गद स्वरले स्तुति गर्नलागे :—

"देव देव[३] ! जगन्नाथ! परमात्मन्[४] ! सनातन[५] ! ।
नारायण[६] ऽखिलाधार[७] ! विश्वसाक्षिन्नमोस्तुते ।।
विशुद्ध ज्ञान नै रूप भईलोक छकाउँदै[८] ।
मायामनुष्यको रूप लिन्छौ दु:खादि भोग्न झैं ।।
सबैका चित्तमा बस्छौ स्वयं ज्योति:स्वभाव भै ।
मायाले छोपिदामा ता ज्ञानीकामात्र ज्ञेय छौ ।।
नेत्र खोली तिमीलेनै गर्छौं सृष्टि सबै जगत् ।
चिम्लिएर तिमीलेनै गर्छौं संहार त्यो जगत ।।

१–बदवानलको वासस्थान, 'समुद्रमा करीव ४ कोशको हुन्छ' भन्ने उक्ति छ । २–हात्ति जस्तो ठूलो जलजन्तु विशेष । ३–हिरण्य गर्भ आदि सबै देवता कामान्य । ४–जीव जति सबै नै अंश मानिएका । ५–सधैं रहीरहने (नित्य) । ६–जीवसमूहको उदय (बाटो) । ७–जगतको उत्पत्ति स्थिति नाशको कारण । ८–सर्वत्र अन्तर्यामी हुनाले विश्वका साक्षी । ९–आफ्नो विशुद्ध ज्ञान रूपलाई, मायाबाट गोप्य गराई लोकलाई संसारमा पातन गराउँदै ।

जस्मा[१] सबै मान हुन्छ जस्बाट छ चराचर ।
जस्देखि भिन्न लोकैमा केही छैन कतैपनि ॥
त्यस्ता तिमी ब्रह्ममा नै नित्यगर्छु प्रणाम म ।
'व्यक्त[२] ऽ व्यक्त बुबैकाल प्रकृति[३] पूरूषैं[४] भनो ॥'
मान्दछन् मुनिले जस्मा त्यस्ता राम ! नमोनमः ।
भन्छन् 'विकारका शून्य शुद्ध र ज्ञान' वेदले ॥
तिनैले 'जगदाकार–मूर्ति' पनि बताउँदा ।
बिरोध[५] झैं त देखिन्छ वेदको उक्तिमा पनि ॥
कोही निश्चयबुझ्दैन विना तिम्रा प्रसाद ले ।
प्रसाद पाउँदा मात्र जानी[६] 'मायिक' यो जगत् ॥
क्रीडास वै पनि हो है मायाकै भनी बुझ्दछन् ।
बिरोध कत्ति देखिन्न मृगतृणा[७] झईं हुँदा ॥
एवंच भ्रान्तिले हुँछतिमीमा कल्पना[८] जगत् ।
तिम्रो 'निर्गुण' जो रूप, मनको[९] बिषयै छ त्यो ॥
निर्गुणका हुनाले नै देखिदैनौ कतै पनि ।
नदेखिने बस्तुलाई चिन्ही भजने कसोगरी[१०] ! ॥
अतश्च[११], भक्तिसम्पन्न बुद्धिका चतुराहरू ।
अवतार[१२] स्वरूपैमा भजी संसार तर्दछन् ॥
त्यसमा[१३] पनि धेरै जसो काम क्रोधादि शत्रुले ।
चित्तलाई हटाऊँछन् मूसामा विल्लिले झईं ॥

१–सबै विषय व्यवहार । २–व्यक्तस्वरूपकाल,–निमेषादि । अव्यक्त स्वरूपकाल,–क्षग । ३–शक्ति र शक्तिमान्मा अभेद मानिने हुनाले 'प्रकृति' (सत्त्व।दिगुण साम्या वस्था,–'माया') । ४–गीतामा लेखिएको–'ममै वांशो जीव लोके जीवभूतः सनातनः' भन्ने बचनबाट, लोक भरीका जीव, सबै उनैका अंशमानिने भएको र अंश–अंशीमा अभेद मानिने हुनाले 'पूरूषः' । ५–जगतै विकाररूप हुनाले, 'विकारशून्य' पनि भन्ने 'जगदाकार' पनि भन्ने वेदवादमा, बिरोध जस्तो बेखिन्छ । ६–जगत् मायाबाट बनेको हो भन्ने जानी । ७–पानी नभएको बलौटे थलोमा परेक सूर्यको किरणमा, मृगलाई पानीको झझलको परे झैं मात्र हुँदा, बिरोध कत्ति देखिन्न । ८–सिपीमा–चाँधिठाने झैं, भ्रान्तिले मात्र कल्पना । ९–वास्तवमा, तिम्रो निर्गुण रूप, श्रवण मनन निदिध्यासन आदिबाट संस्कार भएको मनको मात्र विषय छ । १०–नेत्र आदि इन्द्रिय कतैबाट नदेखिने नचिन्हिनेलाई कसोगरी सेवागर्ने ! । ११–त्यसलाई चिन्ह असम्भवहुनाले । १२–अवतारका मूर्तिमा । १३–मूर्ति चिन्तनमा ।

तिम्रो[1] नाम जपी, रूप मनले नित्य सम्झने ।
पूजामा लग्गु रहने, कथामा चित्त लाउने ।।
एवं तिम्रा भक्तसंग साथ संगत खोजने ।
भएमा मात्र, संसार सहजै तर्न पाउँछन् ।।
त्यसैहुँदा, सगुणको ध्यानलिन्छू म सर्वदा ।
मुक्त भै लोकमा घुम्छू, पूज्य छू सब देवको ।।
हे राम ! तिमिले ठूलो काम यो गरिनैं दियौ ! ।
देवका हितकालागी मारियो कुम्भकर्ण जो ।।
त्यसैका बधबाटै नै भूभार हटतै गयो ! ।
भोलो[2] लक्ष्मणले आफै मार्नेछन् इन्द्रजित कन ।।
मारिनेछ तिमीबाट पर्सी त्यो दुष्ट रावण ।
आकाशबाट हेर्नेछू सिद्धका साथमा रही ।।
लडाइँको तमासा म, जान्छू पाउँ विदा विभो ! ।।"

यतिसम्म स्तुतिगरी विदा लिएका नारद, ब्रह्मलोक तर्फ गए ।

बलियोमा कहलाएको कुम्भकर्ण, रामका हातबाट सहजै मारिएको सुनेर, ठूलो शोक लिएको रावण मूर्च्छामा परी भूइँमा लडे ! केही वेरपछि उठेरपनि बिलौना गर्न लागे ।

काका मारिएको सुनी, बाबु शोकले विहूल भएको देखेर, इन्द्रजितले बाबुसंग,– "हे महामते ! पीर नलिनुहोस, देवतालाईपनि हटाउने हुँदा 'महाबल' भनी कहलाएको मेघनाद बाँचेसम्म मानिसबाट के को पीर ! म सबै तर्जुमा गर्दछू, शत्रुलाईपनि मार्दछू; पीरलाई छोडेर आराम लिनुहोस ।

अहिले नै निकुम्भिलामा गएर अग्निलाई चाँढै नै तृप्त गराई, रथहरू प्राप्तगरी शत्रुबाट अजेय बन्दछू" भनी, उत्तीखेरै उक्त हवनस्थानमा गएर, राता कपडा राता माला

१–यस वाक्यबाट,–चित्तलाई एकोहरो गराई, ध्यानलाई दृढ गराउने उपाय वताइएको छ । २–यहाँ, भोली, पर्सि भन्ने शद्ब चाँढै नै भन्ने अर्थमा प्रयोग भएको छ ।

रातोचन्दन लगाई मौनभई हवनगर्न लागे ।

मेघनादको चेष्टा थाह पाएर विभीषणले, "हे राम ! दुष्ट इन्द्रजितले प्रारम्भगरेको होम निर्विघ्न समाप्तहुन पायो भने, ऊ देव दैत्य सबैबाट अजेय हुनेछ । त्यसकारले होम समग्रहुन नपाउँदै त्यसलाई लक्ष्मणद्वारा मराउनु पर्दछ, लक्ष्मणलाई मेरो साथमा जानु भनी अह्राई दिनुहोस" भने ।

रामले "त्यस शत्रुलाई मार्नलाई म आफै जान्छू, आग्नेयास्त्रले मार्दछू" भने ।

बिभीषणले "त्यो दुष्ट अरूबाट मारिदैन ! अगि ब्रह्माबाट "जसले बाह्र वर्षसम्म निद्रा र आहार छोडेको छ त्यसैबाट मात्र यसको मृत्यु हुनेछ" भनी, निर्देश भएको छ । लक्ष्मण, जुनदिन अयोध्याबाट निस्की हजूरका साथमा आए, त्यसैदिन- देखि हजूरको सेवा निमित्त, उनोले खानू सुत्नू जानेका छैनन, यो सबै मैले थाह पाएकोछू । त्यसै कारणले, लक्ष्मणलाई मेरो साथमा जान चाँढैनै आदेश दिनुहोस, पृथिवी थामने शेषका अवतार हुन त्यसलाई मार्नेछन ।

हजूर साक्षात् जगदीश ईश, यि 'शेष' हुन् लक्ष्मण रूपधारी ।
भूभार हर्नें भनि जन्मिएका, दुबै जगन्नाटक सूत्रधार ! ।।"

इति लंकाकाण्डे अष्टम : सर्ग : ।। ८ ।।

विभीषणको बाक्य सुनेर, रामले "ए विभीषण ! त्यस इन्द्रजितको अतितामस- इन्द्रजाल सबै मलाई थाहा छ, त्यो ब्रह्मास्त्रमापनि सिपालु छ, टूनामा ओस्ताद छ, अति बलियीपनि छ भन्नेकुरा, मैले थाह पाएको छू ।

लक्ष्मणको बिषयमापनि, उनको स्वरूप र मेरा सेवामालागी, निद्रा भोक छोडेकाछन भन्ने समेत मलाई थाह भएकै कुरा हो, तर पनि भबिष्यत्कार्यको गौरबलेगर्दा चुप[1] लागेको थिएँ", भनी लक्ष्मणलाई बोलाई "तिमी हनूमान आदि फौजलाईलिई, रावणको छोरोलाई मार्न जाऊ । आफ्ना फौज साथमा लिएका जाम्ववान र त्यस ठाउँको छिद्र थाह पाएका

1-पछि इन्द्रजित्को वध गर्ने कामको गौरव पर्ने हुँदा, निद्रा आहार नछोड नभनी चुपलागेको थियें ।

विभीषणपनि, तिम्रो साथसाथै आउनेछन" भने ।

रामको आदेशबाट खुशीमानेका लक्ष्मणले, सबै भन्दा श्रेष्ठ धनुलिई, रामकापाउमा छोएर "आज मेरो धनुबाट छोडिएकाबाण, रावणको छोरोलाई छेडी पातालगङ्गामा पखालिनु पुग्नेछन" भन्दै, आफ्नो रूप र बासस्थानलाईपनि सम्झी, रामलाई प्रणाम प्रदक्षिण गरेर, उत्साह पूर्वक छिटो हुँदै हिंडे। आफ्ना सल्लाहकारलाई साथैमालिई विभीषणपनि लक्ष्मणका साथ–साथमा गए। हनूमान र जाम्ववानपनि आफ–आफ्ना फौज-लिई लक्ष्मणको पछि लागे।

'निकुम्भिला' भन्ने ठाउँमा पुगेपछि केही टाढैबाट इन्द्रजितको रक्षालाई बसेका राक्षसका फौजको थुप्रा देखेर, लक्ष्मण धनुउठाई खडा भए। अंगद र जाम्ववानपनि अगाडि सरी तम्सिए ।

विभीषणले लक्ष्मणसंग "हेर्नुहोस, पहिले ती देखिएका मेघका थुप्रा जस्ता राक्षसका फौजलाई फुटाउने यत्न गर्नुहोस। त्यो फौज फुटेपछि, त्यसैभित्र इन्द्रजित देखिनेछ र उसले प्रारम्भ गरेको कर्म समाप्तहुन नपाउँदै झट्टै गएर, हिंसा नै परमधर्म सम्झने दुष्टलाई मार्नुहोस" भने।

विभीषणको उक्ति मानेका लक्ष्मणले राक्षसी फौज उपर बाणकाधारा बर्षाए! बानरहरूपनि ढुङ्गा मूढा पहाडका टाकुराहरूको झटारो छोडी ती फौजलाई छ्याल–ब्याल पार्नलागे। राक्षसहरूपनि बानरका फौजमा, बाण बञ्चरो, गल, भाला, लाठाहरू बजार्नलागे। परस्परको प्रहारले ठूलो चिच्याहट मच्चियो ।

राक्षसका फौज छिचल–बिचल भएको देखेर अति क्रूर भएको इन्द्रजितले प्रारम्भ गरेको होम र बसेको ठाउँ समेत छोडी, झट्टै निस्केर धनुलिई खड्ग सहित शस्त्रहरू रहेको ठूलो रथमा चढी, ठूलो स्वरले लक्ष्मणलाई सम्वोधन गर्दै "ए सौमित्रे! म मेघनाद हूँ, मबाट जिउँदै उम्कने छैनौ" भनी चिच्याउँदै रणस्थलमा पुग्दा, काकालाई देखेर कठोर बचन निकाली "यसै ठाउँमा जन्मियौ यहीं बढ्यौ, मेरा बाबुको साक्षात भाइ हौ, अहिले आफन्तलाई छोडेर पराइको चाकर हुनआयौ! तिमीलाई धिक्कार छ! छोरो उपरपनि द्रोह[1]

१–मेरो छिद्र शत्रुलाई देखाउने हुँना द्रोह ।

चिताउने भएछौ ! अति पापो, दुर्बुद्धि रहेछौ" यत्ति भन्दैथिए, हनूमानका पछाडिमा रहेका लक्ष्मणलाई देखेर महाधनु[1] उठाई फट्कादैं, "ए बानर हो ! आज मेरा बाणहरू तिमोहरूका प्राण प्यूने भए !" भनी सुनाए ।

इन्द्रजितलाई देखदा क्रुद्ध सर्पले झैं लामोश्वास लिएका लक्ष्मणले वज्रजस्ता कठोर बाण छोडो, इन्द्रजितलाई वेहोसगराई भूइँमा लडाए !

दुइघडो पछि होस पाएका इन्द्रजितले सामुन्नेभई खडारहेका लक्ष्मणलाई देखेर, राता ठाडा आँखालिदैं धनुमा वाणचढाई "ए लक्ष्मण ! तिमीले पहिलो युद्धमा मेरो पराक्रम देखन पाएनौ, अहिले देखने छौ अडेर बस" भनी, तोक्ष्ण धारका वाण सात लक्ष्मणका उपर र दश हनूमान उपर छोडो, रिसले चुरिदैं विभीषणका उपरपनि एकै पटक शयवाणको प्रयोग-गरी घाइते गराए ।

लक्ष्मणले एकवाण छोडी, इन्द्रजितको कवच[2] फेरी रथका छेउ छाउमा छरि दिए !

रिसले चुरिएको इन्द्रजितले लक्ष्मण उपर एकै पटक हजार बाण बर्षाउँदा लक्ष्मणको दिव्य कवच फुटी भूइँमा खस्यो !

एवं, परस्परमा सवाल-जवाफ पाएजस्ता भई, वाणका चोटले सर्वाङ्गमा रगत चुहिदापनि जितहार कत्ति नभएका दुवै वीर, निरन्तर लामोश्वासलिदैं, जोड तोडसंग आश्चर्यदायक[3] लडन्त गर्नलागे !

लडन्त पर्दैमा बीर लक्ष्मणले, पाँचवाण छोडो इन्द्रजितको सवार घोडा रथ सबै चूर्ण गराई, उसका हातको धनुपनि काटो, आफ्ना हातको हलकाइ देखाए । इन्द्रजितले झट्टै अर्को धनुमा ताँदो चढाउँदा त्यसलाईपनि लक्ष्मणले तीनवाणले काटी, इन्द्रजितका उपर समेत वाण प्रयोग गरे ।

बीर इन्द्रजितले अर्को धनु उठाएर दशैदिशा ढाकनेगरी चहकदार वाणहरूको

१-साढे सातवित्ता लामो । २-लडाईंमा शत्रुका हतियारबाट बचाउका निमित्त आँग बाँधनलाई लगाउने । ३-देखवेले विशेष बुझ्न नसकनेगरी ।

प्रहार गर्दा, ती वाणले लक्ष्मणलाई र सबै बानरहरूलाई समेत हा ! हा ! गराए !

त्यो हाहाकार देखेर लक्ष्मणले ऐंद्र१ धनुमा ऐंद्रास्त्रचढाई कानसम्म खिची, रामको पाउपनि सम्झदैं,–"यदि दशरथका छोरा राम धर्मात्मा सत्यप्रतिज्ञ र तीनैलोकमा जोडा नभएका अजोड हुनभने, यस बाणले रावणको छोरोलाई मारोस" भनो, इन्द्रजितका उपर छोडदा, त्यस बाणले इन्द्रजितको झलकदार कुण्डल र मुकुट सहितको टाउको निमठ्दै शरीर-बाट छुटचाई, भूइँमा लडायो !

इन्द्रजितको मरण देखदा, हर्षमानेका देवताहरूले लक्ष्मण उपर गुण–कीर्तन गर्दै पुष्पबृष्टि गरे। ऋषि–मुनिहरूलेपनि खुशी मनाए ! तत्कालैमा निर्मल भएको आकाश-मा देवताका नगराहरू बजेको सुनिनलाग्यो। राक्षसका भारले काँपेजस्ती भएकी पृथि-वीपनि स्थिर भईन। इन्द्रजित मारिदा, स्पष्ट जय भई थकोट हराएका लक्ष्मणले शंख बजाई, धनुको टंकारपनि दिए।

त्यस आवाजबाट खुशी साथै हलुका आंग भएका हनूमान बिभीषण सहित बानरहरूलाई साथमालिई रणस्थलबाट फर्की, राम छेउपुगेका लक्ष्मणले आफ्ना दाज्यू नारायण स्वरूप रामका पाउमा दर्शनगरी, "हजूरका प्रसादबाट रावणको छोरो मारियो !" भनो निबेदन गरे।

लक्ष्मणको निवेदन सुन्दा, खुशी भएका रामले लक्ष्मणलाई प्रीतिपूर्वक आलिंगनगरी शिरमा सुँघी आशीर्वादगरेर स्नेहले "हे भाइ ! लक्ष्मण ! तिमीले गरीनसक्नु ठूलोकाम गऱ्यौ ! संतुष्ट भएँ ! मेघनाद मारिदा, सबै राक्षसका कुल जितियो ! त्यो बीर हो ! तिमीले तीन अहोरात्रमा,–जसो–तसो गरी ढाल्यौ ! मलाई निःशत्रु गरायौ। अब, पुत्रशोक-मा परेको रावण मसंग लड्न भनी निस्कने छ, त्यसलाई म मार्नेछु" भने।

उता, महाबल भनी कहलाएको छोरो मेघनाद "लक्ष्मणबाट मारियो" भन्ने सुन्दा, छोरोमा प्रीतिभएका रावण अकस्मात मूर्च्छामा परो भूइँमा लडे ! केही वेरपछि होसमा आएरपनि छोरोको गुण–पराक्रम सम्झदैं अति दयालाग्दो भई, "आज इन्द्रजित मारियो भन्ने

१–आरण्य काण्डको तेश्रो सर्गमा कहे बमोजिम,–अगस्त्यले रामलाई बुझरको ठोक्रोबाट रामले लक्ष्मणलाई दिएको 'ऐंद्र धनु' र 'ऐंद्रस्त्र'।

सुनेर देवगण ऋषिगण लोकपालहरू समेत, निर्भयभई आनन्दसंग सुतनेछन" इत्यादि विलौना गर्न लागे ।

एवं, पुत्रशोकले ताती, क्रोधको वशमा परेका रावणले, राक्षसका फौजैलाई लडाइँमा नाश गराउने बुद्धिलिई "अव सबैले लडाइँमा जाओ" भनो, हाँक सुनाएर आफूपनि 'सीता नाशिएमा, राम नाशिने' समझले, हातमा नङ्गातरवारलिई सीतालाई मार्न भनी दगुरे !

राक्षसीका पहराभित्र बसेकी एकली सोता, नङ्गा तरवारलिई क्रुद्ध रूपले आएका रावणलाई देखदा भय र शोकले आकुल–व्याकुल भईन !

त्यसै बीचमो साथ–साथै आएका रावणका मन्त्री, शुद्ध समझ भएका बुद्धिमान–'सुपार्श्व'ले "हे दशग्रोव ! साक्षात कुवेरका भाइ, बेदबिद्याव्रतमा स्नान[1] समेत भई स्वकर्ममा रहेका, त्यसमाथिपनि अनेक गुण सम्पन्नभई अतिशय प्रसिद्धभएका तपाइँमा, स्त्रीवधको इच्छा कसरी पर्नआयो ? हामी छदैं छौं हामोहरूलाई साथमालिई लडाइँमा राम लक्ष्मणलाई मारेपछि ता सीतालाई अवश्य पाउनु हुन्यैछ !" भन्दा, रावण फर्किए ।

सुपार्श्वको धार्मिक वाक्य मानि ली, बेसूर[2] भै ती गृहमार्ग पो लिए ! ।
झसङ्ग भै, झट्ट फरक्क फर्किई, आए सभामा पछि मित्र साथ भै ।।

इति लंकाकाण्डे नवम : सर्ग : ।। ९ ।।

सभामा मन्त्रीहरूसंग सल्लाह लिएक रावण, बाँकीरहेका राक्षसको लस्करलाई साथमालिई, बलेको आगोमा लस्कर साथको सलह पसेझैं, रणस्थलमा पसे ।

रामले, सबै राक्षसलाई मारी एकमात्र तीक्ष्णवाणले छातिमा ठोकेका रावण कष्ट सहन नसकी लंकाभित्र पसे ।

१–वेद, विद्या, व्रत सबैमा पूर्णभई समावर्तन भएको । २–त्यस बखतमा, सभाघरमा जानुपर्नेमा शोकलेगर्दा वेसूरभई घरतर्फको बाटोलीई बिचैमा झस्केझैं भई फरक्क फर्की सभाघरमा आए ।

मानिसबाट हुनै नसक्ने रामको पुरुषार्थ र हनूमानको पराक्रम समेत देखेर आत्तिएका रावण शुक्रको शरणमा गई–"हे भगवन ! राघवले सकल राक्षसका साथै लंकालाई नाश पारिदियो ! ठूला बलियाराक्षसहरू र भाइ छोरा बन्धुवर्ग समेत मारिए ! तपाइँजस्ता सद्गुरू मेरो भइकन मैले यस्तो दुःखको थुप्रो सहनु पर्‍यो ! कसरी सहूँ ?" भनी गुनासो गर्नलागे ।

दैत्यकागुरु शुक्रले "हे दशानन ! मैले दिएको मन्त्र लिइजाऊ र झट्टै होम गर्न थाल, होमगर्दा विघ्न परेन भने, होमको अग्निबाट ठूलो रथ बाहन धनु ठोक्रो वाणहरू प्राप्त हुनेछन र तिनैबाट तिमी 'अजेय' हुनेछौ" भनी शिक्षा गरे ।

शुक्रको शिक्षा पाएका रावण झट्टै फर्की, आफ्नो मन्दिर भित्र पाताल जस्तो गहिरो गुफा बनाई, लंकाका सबै ढोकाहरू र अन्यत्रका छिद्रसम्मपनि यत्नपूर्वक बन्दगरी, अभिचारिक१ कर्ममा बताइएका बस्तुहरू सबै जुटाई उक्त गुफाभित्र पसी आसन बाँधेर मौनभई होम गर्न लागे ।

धुवांको मुस्लो देखदा त्रासिएका विभीषणले, आकाशतर्फ आँखालगाई "हे राम ! हेर्नुहोस रावणले होम गर्नलागेछन ! यदि त्यो होम समाप्त हुनपायो भने ता उनी अजेय हुनेछन । अतः त्यस होममा विघ्नपार्नलाई मुख्य–मुख्य बानरहरूलाई खटाउनुहोस" भने ।

रामले, रावणको यज्ञ बिघ्नलाई सुग्रीवको सम्मतिबाट खटाएका अंगद हनूमान आदि बीर बानरहरूले पर्खाल नाघी रावणको मन्दिरमा पुगेर प्रहरीहरू र तिनका साथमा रहेका घोडा, हात्तीहरू समेतलाई मारे ।

बिहान सबेरमा, विभीषणकी पत्नी 'सरमा' का हातको इशाराबाट होमस्थलको सूचना पाउँदा अति बलभएका अंगदले गुफा छोपेको ठूलो पत्थरलाई लातले हानी चूर्ण गराई भित्र पसदा दृढासन बाँधी आँखा चिम्ली बसेका रावणलाई देखेर, अरू बानर सबैलाई बोलाए ।

१–मार्नका निमित्त गरिने टुनाहरूको कर्म ।

कोलाहल मच्चाउँदै भित्र पसेका बानरहरूले त्यहाँका रक्षक राक्षसहरूलाई पिट–पाट गरी होमका सराजामहरू केही कुण्डमा र केही यत्र–तत्र छरिदिए ।

हनूमानले रावणका हातको सुरो बलैले खोसी, त्यसैबाट रावणलाई ठटाउन लागे ! अरु बानरलेपनि रावणलाई दाँतले टोक्ने लाठोले ठोक्ने गर्नलागे । त्यतिहुँदापनि, अजेय हुनपाउने आशालिएका रावणले ध्यान छोडेनन !

रावणले आसन नछोडदा, अन्तःपुरमा गई मन्दोदरीलाई चुल्ठोमा समाती तान्दै रावणको अगाडिमा पुऱ्याएर, अनाथ झैं विलाप लिएकी मन्दोदरीका देहको रत्नजडाउ चोलो चिथोरदैं रत्नपनि छर–छार हुनेगरी टुक्रा–टुक्रा गराए ! रत्नका झुम्का लागेको कटिसूत्रपनि छिनालीदिंदा, सारीको गाँठो सम्मपनि रहेन ! गहनाहरूपनि भूइँमा छर–छार भए !

त्यस महलमा रहेका देव गन्धर्वादिका कन्याहरूपनि सबैलाई, तान्दै त्यसै ठाउँमा ल्याए !

मन्दोदरी, रावणको अगाडि गुनासोलिदैं दयालाग्दोगरीं हुँक्क–हुँक्क रुँदै भन्न लागीन :– "अब निर्लज्ज भएछौ ! आफ्नी स्वास्नीलाई आफ्नै अगाडिमा शत्रुहरूले चुल्ठो समाती घिच्याउँदापनि कत्ति लाज नमान्ने भएछौ ! किन होम गर्दछौ ? जसकी स्वास्नी आफ्ना आँखाको अगाडि दुष्ट–शत्रुहरूबाट पिटिन्छे, त्यसले त्यहीं मर्नु योग्य छ; त्यस्ताले बाँचनु भन्दा मरीजानु बढिया हुन्छ !

हाःमेघनाद ! तिम्री आमा बानरबाटपनि क्लेश भोगने भईन् ! कत्रो खेद ! हा दैव ! तिमी बाँचेको भए मलाई यस्तो कष्ट पो कसरी पर्दो हो र सहनुपर्दो हो ! आज मेरा लोग्नेले आफू बाँचने आशालिई स्वास्नी लाज इज्जत सबै छोडी–सके !" भन्दै कराउन लागीन ।

मन्दोदरीको बिलाप सहन नसक्ता खड्ग समाती आसन छोडेका रावणले "रानीलाई छोडिदे" भन्दै, कत्ति व्याकुल नभई अंगदको कम्मरमा ठटाए ! त्यत्तिबाट, महाफल दायक हवन कर्म ध्वस्तहुँदा खुशीमानेका बानरहरू रामछेउ फर्के ।

रावण, मन्दोदरीलाई मधुरो बचनले संझाउनलागे "हे भद्रे ! यो सबै दैवाधीन छ !

बाँचेको प्राणोले के देख्तैन ! नचिताएको कुरापनि देखिन आउँदछ ! अतश्च 'भावि लंघन हुँदैन' भन्ने निश्चित बुझेर 'मेरो यस्तो अबस्था भयो' भनी शोक नलेऊ ।

शोक, अज्ञानले गराउँदछ, शोकले ज्ञानलाई[१] नाशदछ । आत्मादेखि भिन्नको शरीरादिमा 'म' भन्ने बुद्धिपनि अज्ञानैबाट उत्पन्न भएकोहुन्छ । पुत्र दारादिमा संवन्ध[२] गराउनेपनि, अज्ञान नै हुन्छ । जन्म मरणादि गराउने कर्मको उत्पत्तिपनि अज्ञानबाटै हुन्छ । एवं, हर्ष, शोक, भय, क्रोध, लोभ, मोह, इच्छा आदिपनि अज्ञानले नै गराउँदछ[३] । जन्मनु, मर्नु, बूढो हुनु इत्यादिपनि अज्ञान जन्य कर्मबाट हुनआउँछन ।

'आत्मा' भनिने ता, कुनै भाव नभएको, सुख दुःखादि नरहने, एकलो, शुद्ध, केवल चैतन्य, आनन्द, ज्ञान स्वरूप छ । त्यसमा, सुख दुःखादि कुनै नरहने हुनाले नै, कुनैसंग संयोग वियागपनि रहदैन । त्यहा आत्मा, आफूमा संझेर शोकलाई हटाई बस ।

म अहिले जान्छू र राम र लक्ष्मणलाई मारी फर्कनेछू । भएन भने मलाई रामले वज्र जस्ता वाणले ठोकी मार्लान र म सर्वोत्तम बैकुण्ठलोकमा पुग्नेछू ! त्यस बखतमा, मेरा निमित्तको सपिण्डीकरणसम्मको काम तिमीले[४] गर्नू । यद्वा, तिम्रो मनले खान्छ भने, सीतालाई मारेर मेरो साथमा अग्नि प्रवेश गरौली" भने ।

रावणका कुरा सुन्दैमा, अति दुःख मानेकी मन्दोदरीले,–"हे स्वामि ! मेरो सच्चाकुरा सुनी त्यसैमा लागनुहोस :–

'राम' तपाइँले वा अरु कसैले कहिल्यै जित्न सकिने होइनन ! देवतामा सबैभन्दा ठूला प्रकृति र जीवलाई हाँकने 'ईश्वर' हुन ।

यिनैले अगि प्रलयकालमा, 'माछा' बनेर बैबस्वतमनुलाई सकल आपतबाट रक्षा गरे ! समुद्र मथनमा, यिनै रामले लाखयोजन फैलिएको ठोटरि बनेर, सुमेरू पर्बतलाई पिठ्युँमा अडयाए ! कुनै बखतमा, बनेलका रूपको शरीर लिएर पृथिवीलाई उद्धार गर्ने

१–कर्तव्याऽ कर्तव्य विषयक ज्ञानलाई । २–'मेरा' भन्ने समझ । ३–हर्ष् आदि गराउने कर्मनै अज्ञान जन्य हुनाले । ४–'छोरा नभएमा स्वास्नीले गर्नु' भन्ने धर्मशास्त्रको वचन हुनाले ।

यिनै महात्माले, दुश्चरित्रको 'हिरण्याक्ष' लाई मारे ! अगि, नृसिंहका रूपको शरीर लिएर, लोक कण्टक दैत्य 'हिरण्यकशिपु' लाई मार्नेपनि यिनै रघुनन्दन हुन ! पराक्रमबाट, तीन पाइलाले तीनैलोकलाई ढाकी, बलिराजालाई बाँधेर आफ्नो भक्त इन्द्रलाई राज्य दिलाउनेपनि यिनै रघुनाथ हुन ! पृथिवीलाई भार गराउने–क्षत्रिय आकार भई जन्मेका राक्षसहरू धेरैलाई मारो सबै पृथिवो कश्यपलाई समर्पण गर्ने 'परशुराम' पनि यिनै हुन ! अहिले, तिनै परमात्मा, तपाइँका निमित्त[1] मनुष्यत्त्वप्राप्तगरी रघुका वंशमा जन्मेका हुन ! तिनैकी गृहिणी सीतालाई जंगलबाट जवर्दस्तीगरो किन ल्याउनु भयो ? मेरो छोरो मराउन र आफूपनि मर्नलाई पो हो कि ? होइन भने, अझैपनि सीतालाई रामछेउपठाई, राज्य बिभीषणलाई दिएर, हामी दुवै वनमा जाऊँ" भनीन ।

रावणले–"हे भद्रे ! लडाइँ उठाई, भाइ छोरा सहित फौजलाई मराएर आफूबाँचूँ भनी, बनचर भई बस्ने बुद्धि कसरीलिऊँ ! रामसंग लडदछू, रामका अमोघ वाणबाट मारिई बिष्णुलोकमा जान्छू !

मैले 'राम' विष्णुहुन्, 'सीता' लक्ष्मीहुन भनी नजानेको थिइँन ! रामबाट मरण पाएर परमपदमा पुगुँला भनी जानेर नै, सीतालाई जवर्दस्तीले ल्याएको हूँ ! हे प्रिये ! तिमीलाई छोडी संसारबाट बिदाभई, लडाइँगरी मरेका वीरबन्धुवर्गका साथमा जान्छू। जुन परानन्दमय[2] शुद्धगति, मुमुक्षुकहरूले उपासनादिबाट प्राप्त गर्दछन, त्यस गतिमा, रामबाट लडाइँमा मारिदा म पुग्दछू । यसलोकको देहले गरेको पापहरू[3] पखालेर[4], दुर्लभ मुक्तिमा पुग्दछू ।

जो क्लेशपञ्चलहरी[5] युग[6] नै भमौरी, स्त्री, पुत्र, बन्धु धन रूप छ ग्राह आदि ।
इच्छा[7] छ जाल अनि क्रोध छ वाडवाग्नि, त्यो रूप–सागर तरेर म मुक्त हुन्छू ॥"

१–तपाईंलाई नाश गर्नको निमित्त । २–दुःख रहित हुनाले परानन्दमय । ३–राक्षस देहले गरेको पापहरू । ४–अन्तकालमा, रामको नाम सम्झदै, रामको मूर्तिको दर्शनपनि गर्दै, पखालेर । ५–योगशास्त्रमा, बताइएका, अविद्या[1], अस्मिता[2], रागद्वेष[3], अभिनिवेश[4], गरी पाँच क्लेश । ६–बराबर फेरिदैं घुमीरहने हुनाले. सत्ययुग आदि युगरूपी भमौरी । ७–कामना ।

१–अनित्य अशुचि दुःखरूप देहादिमा अज्ञानले सिपिमा चाँदि ठहराए झैं, नित्त्य शुचि सुखरूप ठहराउनु "अविद्या" । २–शरीरदेखि छुट्टैको 'आत्मा' छैन भन्ने विश्वासलिनु "अस्मिता" । ३–राग द्वेषको लक्षण अयोध्याकाण्डको चतुर्थ सर्ग टिप्पणीमा लेखिएको छ । ४–मरणादिदेखि हुने भय, "अभिनिवेश"।

भनी, आफ्नो अभिप्राय समेत सुनाई शान्त गराए ।

इति लंकाकाण्डे दशम : सर्ग : ॥१०॥

मन्दोदरीलाई, प्रेमैले शान्त गरागर आफू रिसले चुरिदैं भयलाग्दो रूपलिएका रावण महलबाट निस्की, रामसंग लडन्त गर्नभनी, सोह्लपाङ्ग्रा लागेको सकलजातका शस्त्रास्त्रहरूले भरिएको, पिशाच जस्ता गधाहरू जोतेको, ठूलोरथमा बसी फौजलाई साथमालिई रणस्थलमा पुगे ।

डरलाग्दो रूपले आएको निर्दयको रावणलाई देखदा, बानरहरू तर्सिए जस्ता भए ! पराक्रमी हनूमानले मुटकी कसी उफ्रे र रावणको छातिमा ठटाउँदा, घुँडाले टेकी वेहोसभई रथैमा पछारिएका रावण, दुइघडीपछि होस पाएर हनूमानलाई "शूरो रहेछौ ! मेरो जोडा रहेछौ !" भन्न लागे ।

हनूमानले "हे रावण ! मेरो मुटकीबाट तिमी बाँच्यौ ! मलाइ धिक्कार छ ! अत: अब, तिमीलेपनि मेरो छातिमा मुट्को बजाऊ; पछि फेरि मैलेठटाउँदा, तिमीले प्राण छोडने छौ, शंकाछैन" भने ।

रावणले "हुन्छ" भनी रथबाट ओर्ली, एकमुट्की ठटाउँदा केही पीडाले आँखा लोलाउँदैं थुचुक्क बसेका हनूमान, केही वेरपछि रावणलाई मुट्क्याउन अगिसर्दा रावण डराई भागे !

एकत्रभई बसेका हनूमान, अङ्गद, नल, नील चारले, बलियामा कहलाएका अग्निवर्ण सर्परोमा खड्गरोमा बृश्चिकरोमा चार राक्षसलाई अगाडि बढेको देखेर, एक–एकले एक–एकलाई मारी, चारैजना सिंहनाद गर्दै रामका अगाडि पुगे ।

रिसले चुरिदैं फेरि रथमा बसेका रावणले ओठटोकी, आँखा पल्टाउँदै रामतर्फ जाइलागे र, मेघले पहाडकाउपर पानीका धारा बर्षाए झैं कठोर बाणहरू बर्षाई, ओर परमा रहेका बानरहरूलाई घाइते गराए । रामलेपनि रावण उपर आगाका ज्वाला जस्ता, टुप्पामा सुनले मोरेका बाणहरू वर्षाए ।

आकाशबाट इन्द्रले, रामलाई मैदानमा र रावणलाई रथमादेखेर, आफ्नो

चिताउने भएछौ ! अति पापी, दुर्बुद्धि रहेछौ" यत्ति भन्दैथिए, हनूमानका पछाडिमा रहेका लक्ष्मणलाई देखेर महाधनु[1] उठाई फट्कादैं, "ए बानर हो ! आज मेरा बाणहरू तिमोहरूका प्राण प्यूने भए !" भनी सुनाए ।

इन्द्रजितलाई देखदा क्रुद्ध सर्पले झैं लामोश्वास लिएका लक्ष्मणले वज्रजस्ता कठोर बाण छोडी, इन्द्रजितलाई वेहोसगराई भूइँमा लडाए !

दुइघडी पछि होश पाएका इन्द्रजितले सामुन्नेभई खडारहेका लक्ष्मणलाई देखेर, राता ठाडा आँखालिदैं धनुमा वाणचढाई "ए लक्ष्मण ! तिमीले पहिलो युद्धमा मेरो पराक्रम देखन पाएनौ, अहिले देखने छौ अडेर बस" भनी, तीक्ष्ण धारका वाण सात लक्ष्मणका उपर र दश हनुमान उपर छोडी, रिसले चुरिदैं विभीषणका उपरपनि एकै पटक शयवाणको प्रयोग-गरी घाइते गराए ।

लक्ष्मणले एकवाण छोडी, इन्द्रजितको कवच[2] फेरी रथका छेउ छाउमा छरि दिए !

रिसले चुरिएको इन्द्रजितले लक्ष्मण उपर एकै पटक हजार बाण बर्षाउँदा लक्ष्मणको दिव्य कवच फुटी भूइँमा खस्यो !

एवं, परस्परमा सवाल-जवाफ पाएजस्ता भई, वाणका चोटले सर्वाङ्गमा रगत चुहिदापनि जितहार कत्ति नभएका दुवै वीर, निरन्तर लामोश्वासलिदैं, जोड तोडसंग आश्चर्यदायक[3] लडन्त गर्नलागे !

लडन्त पर्दैमा बीर लक्ष्मणले, पाँचवाण छोडी इन्द्रजितको सवार घोडा रथ सबै चूर्ण गराई, उसका हातका धनुपनि काटी, आफ्ना हातका हलकाइ देखाए । इन्द्रजितले झट्टै अर्को धनुमा ताँदो चढाउँदा त्यसलाईपनि लक्ष्मणले तीनवाणले काटी, इन्द्रजितका उपर समेत वाण प्रयोग गरे ।

बीर इन्द्रजितले अर्को धनु उठाएर दशैदिशा ढाकनेगरी चहकदार वाणहरूको

१-साढे सातवित्ता लामो । २-लडाईंमा शत्रुका हतियारबाट बचाउका निमित्त आँग बाँधनलाई लगाउने । ३-देखनेले विशेष बुझन नसकनेगरी ।

प्रहार गर्दा, ती वाणले लक्ष्मणलाई र सबै बानरहरूलाई समेत हा ! हा ! गराए !

त्यो हाहाकार देखेर लक्ष्मणले ऐंद्र१ धनुमा ऐंद्रास्त्रचढाई कानसम्म खिची, रामको पाउपनि सम्झदैं,–"यदि दशरथका छोरा राम धर्मात्मा सत्यप्रतिज्ञ र तीनैंलोकमा जोडा नभएका अजोड हुनभने, यस बाणले रावणको छोरोलाई मारोस" भनो, इन्द्रजितका उपर छोडदा, त्यस बाणले इन्द्रजितको झलकदार कुण्डल र मुकुट सहितको टाउको निमठ्दै शरीरबाट छुटचाई, भूइँमा लडायो !

इन्द्रजितको मरण देखदा, हर्षमानेका देवताहरूले लक्ष्मण उपर गुण–कीर्तन गर्दैं पुष्पबृष्टि गरे । ऋषि–मुनिहरूलेपनि खुशी मनाए ! तत्कालैमा निर्मल भएको आकाशमा देवताका नगराहरू बजेको सुनिनलाग्यो । राक्षसका भारले काँपेजस्ती भएकी पृथिवीपनि स्थिर भईन । इन्द्रजित मारिदा, स्पष्ट जय भई थकोट हराएका लक्ष्मणले शंख बजाई, धनुको टंकारपनि दिए ।

त्यस आवोजबाट खुशी साथै हलुका आंग भएका हनूमान बिभीषण सहित बानरहरूलाई साथमालिई रणस्थलबाट फर्की, राम छेउपुगेका लक्ष्मणले आफ्ना दाज्यू नारायण स्वरूप रामका पाउमा दर्शनगरी, "हजूरका प्रसादबाट रावणको छोरो मारियो !" भनो निबेदन गरे ।

लक्ष्मणको निवेदन सुन्दा, खुशी भएका रामले लक्ष्मणलाई प्रीतिपूर्वक आलिंगनगरी शिरमा सुँघी आशीर्वादगरेर स्नेहले "हे भाइ ! लक्ष्मण ! तिमीले गरीनसक्नु ठूलोकाम गऱ्यौ ! संतुष्ट भएँ ! मेघनाद मारिदा, सबै राक्षसका कुल जितियो ! त्यो बीर हो ! तिमीले तीन अहोरात्रमा,–जसो–तसो गरी ढाल्यौ ! मलाई निःशत्रु गरायौ । अब, पुत्रशोकमा परेको रावण मसंग लड्न भनी निस्कने छ, त्यसलाई म मार्नेछु" भने ।

उता, महाबल भनी कहलाएको छोरो मेघनाद "लक्ष्मणबाट मारियो" भन्ने सुन्दा, छोरोमा प्रीतिभएका रावण अकस्मात मूर्च्छामा परो भूइँमा लडे ! केही वेरपछि होसमा आएरपनि छोरोको गुण–पराक्रम सम्झदैं अति दयालाग्दो भई, "आज इन्द्रजित मारियो भन्ने

१–आरण्य काण्डको तेश्रो सर्गमा कहे बमोजिम,–अगस्त्यले रामलाई बुझरको ठोक्रोबाट रामले लक्ष्मणलाई दिएको 'ऐंद्र धनु' र 'ऐंद्रस्त्र' ।

सुनेर देवगण ऋषिगण लोकपालहरू समेत, निर्भयभई आनन्दसंग सुतनेछन" इत्यादि विलौना गर्न लागें ।

एवं, पुत्रशोकले ताती, क्रोधको वशमा परेका रावणले, राक्षसका फौजैलाई लडाइँमा नाश गराउने बुद्धिलिई "अव सबैले लडाइँमा जाओ" भनो, हाँक सुनाएर आफूपनि 'सीता नाशिएमा, राम नाशिने' समझले, हातमा नङ्गातरवारलिई सीतालाई मार्न भनी दगुरे !

राक्षसीका पहराभित्र बसेकी एकलो सोता, नङ्गा तरवारलिई क्रुद्ध रूपले आएका रावणलाई देखदा भय र शोकले आकुल–व्याकुल भईन !

त्यसै बीचमो साथ–साथै आएका रावणका मन्त्री, शुद्ध समझ भएका बुद्धि-मान–'सुपार्श्व'ले "हे दशग्रोव ! साक्षात कुवेरका भाइ, बेदबिद्याब्रतमा स्नान[1] समेत भई स्वकर्ममा रहेका, त्यसमाथिपनि अनेक गुण सम्पन्नभई अतिशय प्रसिद्धभएका तपाइँमा, स्त्रीवधको इच्छा कसरी पर्नआयो ? हामी छदै छौं हामीहरूलाई साथमा-लिई लडाइँमा राम लक्ष्मणलाई मारेपछि ता सीतालाई अवश्य पाउनु हुन्यैछ !" भन्दा, रावण फर्किए ।

सुपार्श्वको धार्मिक वाक्य मानि ली, बेसूर[2] भै ती गृहमार्ग पो लिए ! ।
झसङ्ग भै, झट्ट फरक्क फर्किई, आए सभामा पछि मित्र साथ भै ।।

इति लंकाकाण्डे नवम : सर्ग : ।। ९ ।।

सभामा मन्त्रीहरूसंग सल्लाह लिएक रावण, बाँकीरहेका राक्षसको लस्करलाई साथमालिई, बलेको आगोमा लस्कर साथको सलह पसेझैं रणस्थलमा पसे ।

रामले, सबै राक्षसलाई मारी एकमात्र तीक्ष्णवाणले छातिमा ठोकेका रावण कष्ट सहन नसकी लंकाभित्र पसे ।

१–वेद, विद्या, ब्रत सबैमा पूर्णभई समावर्तन भएको । २–त्यस बखतमा, सभाघरमा जानुपर्नेमा शोकलेयर्दा बेसूरभई घरतर्फको बाटोलीई बिचैमा झस्केझैं भई फरक्क फर्की सभाघरमा आए ।

मानिसबाट हुनै नसक्ने रामको पुरुषार्थ र हनूमानको पराक्रम समेत देखेर आत्तिएका रावण शुक्रको शरणमा गई–"हे भगवन ! राघवले सकल राक्षसका साथै लंकालाई नाश पारिदियो ! ठूला बलियाराक्षसहरू र भाइ छोरा बन्धुवर्ग समेत मारिए ! तपाइँजस्ता सद्गुरू मेरो भइकन मैले यस्तो दुःखको थुप्रो सहनु पर्‍यो ! कसरी सहूँ ?" भनी गुनासो गर्नलागे ।

दैत्यकागुरु शुक्रले "हे दशानन ! मैले दिएको मन्त्र लिइजाऊ र झट्टै होम गर्न थाल, होमगर्दा विघ्न परेन भने, होमको अग्निबाट ठूलो रथ बाहन धनु ठोक्रो वाणहरू प्राप्त हुनेछन र तिनैबाट तिमी 'अजेय' हुनेछौ" भनी शिक्षा गरे ।

शुक्रको शिक्षा पाएका रावण झट्टै फर्की, आफ्नो मन्दिर भित्र पाताल जस्तो गहिरो गुफा बनाई, लंकाका सबै ढोकाहरू र अन्यत्रका छिद्रसम्मपनि यत्नपूर्वक बन्दगरी, अभिचारिक[1] कर्ममा बताइएका बस्तुहरू सबै जुटाई उक्त गुफाभित्र पसी आसन बाँधेर मौनभई होम गर्न लागे ।

धुवांको गुस्लो देखदा त्रासिएका विभीषणले, आकाशतर्फ आँखालगाई "हे राम ! हेर्नुहोस रावणले होम गर्नलागेछन ! यदि त्यो होम समाप्त हुनपायो भने ता उनी अजेय हुनेछन । अतः त्यस होममा विघ्नपार्नलाई मुख्य–मुख्य बानरहरूलाई खटाउनुहोस" भने ।

रामले, रावणको यज्ञ बिघ्नलाई सुग्रीवको सम्मतिबाट खटाएका अंगद हनूमान आदि बीर बानरहरूले पर्खाल नाघी रावणको मन्दिरमा पुगेर प्रहरीहरू र तिनका साथमा रहेका घोडा, हात्तीहरू समेतलाई मारे ।

बिहान सबेरमा, विभीषणकी पत्नी 'सरमा' का हातको इशाराबाट होमस्थलको सूचना पाउँदा अति बलभएका अंगदले गुफा छोपेको ठूलो पत्थरलाई लातले हानी चूर्ण गराई भित्र पसदा दृढासन बाँधी आँखा चिम्ली बसेका रावणलाई देखेर, अरू बानर सबैलाई बोलाए ।

१–मार्नका निमित्त गरिने टुनाहरूको कर्म ।

कोलाहल मच्चाउँदै भित्र पसेका बानरहरूले त्यहाँका रक्षक राक्षसहरूलाई पिट–पाट गरी होमका सराजामहरू केही कुण्डमा र केही यत्र–तत्र छरिदिए ।

हनूमानले रावणका हातको सुरो बलैले खोसी, त्यसैबाट रावणलाई ठटाउन लागे ! अरु बानरलेपनि रावणलाई दाँतले टोक्ने लाठोले ठोक्ने गर्नलागे । त्यतिहुँदापनि, अजेय हुनपाउने आशालिएका रावणले ध्यान छोडेनन !

रावणले आसन नछोडदा, अन्त:पुरमा गई मन्दोदरीलाई चुल्ठोमा समाती तान्दै रावणको अगाडिमा पुऱ्याएर, अनाथ झैं विलाप लिएकी मन्दोदरीका देहको रत्नजडाउ चोलो चिथोरदैं रत्नपनि छर–छार हुनेगरी टुक्रा–टुक्रा गराए ! रत्नका झुम्का लागेको कटिसूत्रपनि छिनालीदिंदा, सारीको गाँठो सम्मपनि रहेन ! गहनाहरूपनि भूइँमा छर–छार भए !

त्यस महलमा रहेका देव गन्धर्वादिका कन्याहरूपनि सबैलाई, तान्दै त्यसै ठाउँमा ल्याए !

मन्दोदरी, रावणको अगाडि गुनासोलिदैं दयालाग्दोगरी हुँक्क–हुँक्क रुँदै भन्न लागीन :– "अब निर्लज्ज भएछौ ! आफ्नी स्वास्नीलाई आफ्नै अगाडिमा शत्रुहरूले चुल्ठो समाती घिच्याउँदापनि कत्ति लाज नमान्ने भएछौ ! किन होम गर्दछौ ? जसकी स्वास्नी आफ्ना आँखाको अगाडि दुष्ट–शत्रुहरूबाट पिटिन्छे, त्यसले त्यहीं मर्नु योग्य छ; त्यस्ताले बाँचनु भन्दा मरीजानु बढिया हुन्छ !

हा:मेघनाद ! तिम्री आमा बानरबाटपनि क्लेश भोगने भईन् ! कत्रो खेद ! हा दैव ! तिमी बाँचेको भए मलाई यस्तो कष्ट पो कसरी पर्दो हो र सहनुपर्दो हो ! आज मेरा लोग्नेले आफू बाँचने आशालिई स्वास्नी लाज इज्जत सबै छोडी-सके !" भन्दै कराउन लागीन ।

मन्दोदरीको बिलाप सहन नसक्ता खड्ग समाती आसन छोडेका रावणले "रानीलाई छोडिदे" भन्दै, कत्ति व्याकुल नभई अंगदको कम्मरमा ठटाए ! त्यत्तिबाट, महाफल दायक हवन कर्म ध्वस्तहुँदा खुशीमानेका बानरहरू रामछेउ फर्के ।

रावण, मन्दोदरीलाई मधुरो बचनले संझाउनलागे "हे भद्रे ! यो सबै दैवाधीन छ !

बाँचेको प्राणोले के देख्तैन ! नचिताएको कुरापनि देखिन आउँदछ ! अतश्च 'भावि लंघन हुँदैन' भन्ने निश्चित बुझेर 'मेरो यस्तो अबस्था भयो' भनी शोक नलेऊ ।

शोक, अज्ञानले गराउँदछ, शोकले ज्ञानलाई[१] नाशदछ । आत्मादेखि भिन्नको शरीरादिमा 'म' भन्ने बुद्धिपनि अज्ञानैबाट उत्पन्न भएकोहुन्छ । पुत्र दारादिमा संवन्ध[२] गराउनेपनि, अज्ञान नै हुन्छ । जन्म मरणादि गराउने कर्मको उत्पत्तिपनि अज्ञानबाटै हुन्छ । एवं, हर्ष, शोक, भय, क्रोध, लोभ, मोह, इच्छा आदिपनि अज्ञानले नै गराउँदछ[३] । जन्मनु, मर्नु, बूढो हुनु इत्यादिपनि अज्ञान जन्य कर्मबाट हुनआउँछन ।

'आत्मा' भनिने ता, कुनै भाव नभएको, सुख दुःखादि नरहने, एकलो, शुद्ध, केवल चैतन्य, आनन्द, ज्ञान स्वरूप छ । त्यसमा, सुख दुःखादि कुनै नरहने हुनाले नै, कुनैसंग संयोग वियोगपनि रहदैन । त्यहा आत्मा, आफूमा संझेर शोकलाई हटाई बस ।

म अहिले जान्छू र राम र लक्ष्मणलाई मारी फर्केनेछू । भएन भने मलाई रामले वज्र जस्ता बाणले ठोकी मार्लान र म सर्वोत्तम बैकुण्ठलोकमा पुग्नेछू ! त्यस बखतमा, मेरा निमित्तको सपिण्डीकरणसम्मको काम तिमीले[४] गर्नू । यद्वा, तिम्रो मनले खान्छ भने, सीतालाई मारेर मेरो साथमा अग्नि प्रवेश गरौली" भने ।

रावणका कुरा सुन्दैमा, अति दुःख मानेकी मन्दोदरीले,—"हे स्वामि ! मेरो सच्चाकुरा सुनी त्यसैमा लागनुहोस :—

'राम' तपाइँले वा अरु कसैले कहिल्यै जित्न सकिने होइनन ! देवतामा सबैभन्दा ठूला प्रकृति र जीवलाई हाँकने 'ईश्वर' हुन ।

यिनैले अगि प्रलयकालमा, 'माछा' बनेर बैबस्वतमनुलाई सकल आपतबाट रक्षा गरे ! समुद्र मथनमा, यिनै रामले लाखयोजन फैलिएको ठाँटरि बनेर, सुमेरू पर्वतलाई पिठ्युँमा अडयाए ! कुनै बखतमा, बनेलका रूपको शरीर लिएर पृथिवीलाई उद्धार गर्ने

१–कर्तव्या ऽ कर्तव्य विषयक ज्ञानलाई । २–'मेरा' भन्ने समझ । ३–हर्ष आदि गराउने कर्मनै अज्ञान जन्य हुनाले । ४–'छोरा नभएमा स्वास्नीले गर्नु' भन्ने धर्मशास्त्रको वचन हुनाले ।

यिनै महात्माले, दुश्चरित्रको 'हिरण्याक्ष' लाई मारे ! अगि, नृसिंहका रूपको शरीर लिएर, लोक कण्टक दैत्य 'हिरण्यकशिपु' लाई मार्नेपनि यिनै रघुनन्दन हुन ! पराक्रमबाट, तीन पाइलाले तीनैलोकलाई ढाकी, बलिराजालाई बाँधेर आफ्नो भक्त इन्द्रलाई राज्य दिलाउनेपनि यिनै रघुनाथ हुन ! पृथिवीलाई भार गराउने–क्षत्रिय आकार भई जन्मेका राक्षसहरू धेरैलाई मारी सबै पृथिवो कश्यपलाई समर्पण गर्ने 'परशुराम' पनि यिनै हुन ! अहिले, तिनै परमात्मा, तपाइँका निमित्त१ मनुष्यत्त्वप्राप्तगरी रघुका वंशमा जन्मेका हुन ! तिनैकी गृहिणी सीतालाई जंगलबाट जवर्दस्तीगरो किन ल्याउनु भयो ? मेरो छोरो मराउन र आफूपनि मर्नलाई पो हो कि ? होइन भने, अझैपनि सीतालाई रामछेउपठाई, राज्य बिभीषणलाई दिएर, हामी दुवै वनमा जाऔँ" भनीन ।

रावणले–"हे भद्रे ! लडाइँ उठाई, भाइ छोरा सहित फोजलाई मराएर आफूबाँचू भनी, बनचर भई बस्ने बुद्धि कसरीलिऊँ ! रामसंग लडदछू, रामका अमोघ वाणबाट मारिई बिष्णुलोकमा जान्छू !

मैले 'राम' विष्णुहुन्, 'सीता' लक्ष्मीहुन भनी नजानेको थिइँन ! रामबाट मरण पाएर परमपदमा पुगुँला भनी जानेर नै, सीतालाई जवर्दस्तीले ल्याएको हूँ ! हे प्रिये ! तिमीलाई छोडी संसारबाट बिदाभई, लडाइँगरी मरेका वीरबन्धुवर्गका साथमा जान्छू। जुन परानन्दमय२ शुद्धगति, मुमुक्षुकहरूले उपासनादिबाट प्राप्त गर्दछन, त्यस गतिमा, रामबाट लडाइँमा मारिदा म पुग्दछू । यसलोकको देहले गरेको पापहरू३ पखालेर४, दुर्लभ मुक्तिमा पुग्दछू ।

जो क्लेशपञ्चलहरी५ युग६ नै भमौरी, स्त्री, पुत्र, बन्धु धन रूप छ ग्राह आदि ।
इच्छा७ छ जाल अनि क्रोध छ वाडवाग्नि, त्यो रूप–सागर तरेर म मुक्त हुन्छू ॥"

१–तपाईंलाई नाश गर्नको निमित्त । २–दुःख रहित हुनाले परानन्दमय । ३–राक्षस देहले गरेको पापहरू । ४–अन्तकालमा, रामको नाम सम्झदैं, रामको मूर्तिको दर्शनपनि गर्दै, पखालेर । ५–योगशास्त्रमा, बताइएका, अविद्या१, अस्मिता२, रागद्वेष३, अभिनिवेश४, गरी पाँच क्लेश । ६–वरावर फेरिदैं घुमीरहने हुनाले. सत्ययुग आदि युगरूपी भमौरी । ७–कामना ।

१–अनित्य अशुचि दुःखरूप देहादिमा अज्ञानले सिपिमा चाँधि ठहराए झैं, नित्य शुचि सुखरूप ठहराउनु "अविद्या" । २–शरीरदेखि छुट्टै को 'आत्मा' छैन भन्ने विश्वासलिनु "अस्मिता" । ३–राग द्वेषको लक्षण अयोध्याकाण्डको चतुर्थ सर्ग टिप्पणीमा लेखिएको छ । ४–मरणादिदेखि हुने भय, "अभिनिवेश" ।

भनी, आफ्नो अभिप्राय समेत सुनाई शान्त गराए ।

इति लंकाकाण्डे दशम : सर्ग : ॥१०॥

मन्दोदरीलाई, प्रेमैले शान्त गरागर आफू रिसले चुरिदैं भयलाग्दो रूपलिएका रावण महलबाट निस्की, रामसंग लडन्त गर्नभनी, सोह्लपाङ्ग्रा लागेको सकलजातका शस्त्रास्त्रहरूले भरिएको, पिशाच जस्ता गधाहरू जोतेको, ठूलोरथमा बसी फौजलाई साथमालिई रणस्थलमा पुगें ।

डरलाग्दो रूपले आएको निर्दयको रावणलाई देखदा, बानरहरू तर्सिए जस्ता भए ! पराक्रमी हनूमानले मुटकी कसी उफ्रेर रावणको छातिमा ठटाउँदा, घुँडाले टेंकी वेहोसभई रथैमा पछारिएका रावण, दुइघडीपछि होस पाएर हनूमानलाई "शूरो रहेछौ ! मेरो जोडा रहेछौ !" भन्न लागे ।

हनूमानले "हे रावण ! मेरो मुटकीबाट तिमी बाँच्यौ ! मलाइ धिक्कार छ ! अत: अब, तिमीलेपनि मेरो छातिमा मुट्को बजाऊ; पछि फेरि मैलेठटाउँदा, तिमीले प्राण छोडने छौ, शंकाछैन" भने ।

रावणले "हुन्छ" भनी रथबाट ओर्ली, एकमुट्की ठटाउँदा केही पीडाले आँखा लोलाउँदैं थुचूक्क बसेका हनूमान, केही वेरपछि रावणलाई मुट्क्याउन अगिसर्दा रावण डराई भागे !

एकत्रभई बसेका हनूमान, अङ्गद, नल, नील चारले, बलियामा कहलाएका अग्निवर्ण सर्परोमा खड्गरोमा बृश्चिकरोमा चार राक्षसलाई अगाडि बढेको देखेर, एक–एकले एक–एकलाई मारी, चारैजना सिंहनाद गर्दै रामका अगाडि पुगे ।

रिसले चुरिदैं फेरि रथमा बसेका रावणले ओठटोकी, आँखा पल्टाउँदै रामतर्फ जाइलागे र, मेघले पहाडकाउपर पानीका धारा बर्षाए झैं कठोर बाणहरू बर्षाई, ओर परमा रहेका बानरहरूलाई घाइते गराए । रामलेपनि रावण उपर आगाका ज्वाला जस्ता, टुप्पामा सुनले मोरेका बाणहरू वर्षाए ।

आकाशबाट इन्द्रले, रामलाई मैदानमा र रावणलाई रथमादेखेर, आफ्नो

सारथि 'मातलि' लाई–"तिमी मेरो रथ लिएर झट्टै पृथिवीमागई, रामछेउ पुग" भनी अह्राए ।

मातलिले, हरियाघोडा जोतेको अप्रतर्क्य सशस्त्ररथ, आकाशमार्गबाट लिइआएर रामछेउ पुगी "हे रघूत्तम ! म इन्द्रलेपठाई आएको सारथि हूँ, हजूरको बिजय निमित्त, ऐंद्रधनु दिव्यखड्ग, अभेद्यकबच र दुइठोक्रो सहित अप्रतर्क्य[1] रथलिई आएको छू; मलाई साथमाराखी रथमा बसेर, इन्द्रले बृत्रासुरलाई झैं हजूरले रावणलाई मारी बक्सियोस" भनी निवेदन गरे ।

राम, रथलाई प्रदक्षिण र नमस्कारगरी, लोकलाई शुभसूचन[2] बुझाउँदै रथमा चढेपछि महात्मा राम र बुद्धिमान रावणको परस्परमा, देखनेलाईपनि आंगै जुर्जुराउने भयङ्कर युद्ध मच्चियो !

रावणले जुन–जुनजातका अस्त्रहरू छोड्दछन् तिनलाई रामले त्यही–त्यही जातका अस्त्रले नै काटि निष्फल गराए ! अस्त्रमा सिपालुभनो कहलाएको र अति क्रोध चढेको रावणले राक्षसास्त्र छोडदा,–पुछरमा सुनौलावर्ण भएका सर्पका आकार लिएका बिषालु वाणका थुप्रा, रामका चारौंतर्फ घेर्न पुगे ! ती सर्पाकार वाणका मुखबाट निस्केका आगाका ज्वालाले सबैदिशालाई ढाक्यो !

रामले गारुडास्त्रफैलाई गरुडाकार बाणबाट, सर्पाकारकाबाण सबैलाई काटी ध्वस्त पारे !

आफूले प्रयोग गरेका अस्त्र सबै निष्फलहुँदा, रावणले रामकाउपर वाणकाधारा बर्षाई, एक वाणले मातलिलाई चोटपारी रथमा लडाएर, रथको झण्डापनि भाँचिए झैं बङ्ग्याई, रथमा जोतेका घोडाहरूलाईपनि पीडा गराए !

त्यसबखतमा रामले त्रासिए[3] जस्तो आकार लिएको देखेर, ऋषि देव, गन्धर्व चारण पितृहरू सबै धमिलिए जस्ता भए ! बिभीषण सहित बानहरूपनि ओइलाए

१–जस तसको अदृश्य । २–रावण मारिन धेरै बेरछैन, भन्ने बोध गराउँदै । ३–मनुष्य स्वव्यवहारले त्रसिए जस्तो हुनु परेको मात्र हो । वास्तवमा त्रासिएको होइन ।

जस्ता भए ! त्यसै बखतमा रावणपनि दशटाउको बिशहातभई धनुलिएको ठूलो देहको वनी पिनाक पर्वत जस्तो देखियो !

त्यो रूपको रावणलाई देखदा, रिसले आँखिभौंमा गाँठोपारेका रामले राता आँखा कर्काउँदै, बर्षाकालमा देखिने इन्द्रायणी समानको धनु उठाई, एकहातले प्रलयको आगो जस्तो बाण लिएर, शत्रु उपर आँखैले निलने हुन् कि झैं ठाडो दृष्टिदिई प्रहारगर्नलाग्दा, रामको क्रुद्ध चेहरा देखदैमा सबै प्राणीहरू भयत्रस्त भए ! पृथिवीपनि डगडगाईन ! अनेक उत्पात-पनि हुनलाग्यो ! रावणमापनि भय पस्यो ! बिमानमा बसेका देवता सिद्ध गन्धर्व किन्नरहरू टोहोलाहुँदै लोकैलाई प्रलय गराउने हो कि जस्तो महायुद्धको तमासा हेर्नलागे ।

रामले, ऐंद्रास्त्र उठाई रावणका प्रत्येक टाउका काट्दा, रगतले मुछिएका टाउका आकाशबाट तालकाफल खसे झैं खस्नलागे ! एवं, निरवच्छिन्न युद्धले दिन रात साँझ र दिशापनि नछुट्टिने भयो ! परन्तु त्यस युद्धमा, रावणको टाउको काटिएको रूप नदेखिदा[१], राम आश्चर्य भए !

समानतेजका टाउका, एक शय एक पटक काटिंदापनि रावणको चेष्टा कत्ति हराएन र सकल अस्त्रमा कुशलभई सकलअस्त्र साथमा भएका रामले मनमनै–'अगि, जुन–जुनवाणले, महासत्त्व भएका पराक्रमी दैत्यहरू मारिएथे ती सबैं अहिले ढालनमा किन निष्फल भए !' भनी चिन्तालिए ।

नगीचै बसेका विभीषणले "हे राम ! यिनीले ब्रह्माबाट–"काटिएका हात वा टाउका फेरि झट्टै उत्पन्न हुनेछन" भन्ने वर पाएकाछन ! यिनको नाभिस्थानभित्र, चौगडी-को आकारभई 'अमृत' रहेको छ ! अतश्च पहिले आग्नेयास्त्रले त्यसलाई शोषी बक्सियोस, त्यसपछिमात्र यिनको मृत्यु हुनेछ" भनी सूचना गरे ।

रामले विभीषणको युक्ति–युक्त बचन मानेर, पहिले आग्नेयास्त्र छोडी, रावणको नाभिफोरेपछि मात्र टाउका र हातहरू पटापट काटनगागे ।

विभीषणको बाक्य सुनी क्रोधले विह्वल भएका रावणले, बिभोषणलाई मार्न भनी

१–काटिएका टाउका तुरुन्तै प्रकटभई उत्पन्नहुने हुनाले ।

महाशक्ति छोडदा, त्यस शक्तिलाई रामले सुवर्णले मोरेको वाणले काटिदिए !

अरू शिर काटिंदा, एकशिरमात्र भएका रावणको रूप, तेज हराई मलीन भयो ! मुख्य[1] शिर एक र दुइहातमात्र भएका रावण, अति क्रुद्धभई रामका उपर अनेक जातका शस्त्र अस्त्रहरू छोडन लागे । रामलेपनि रावणमा बाणवृष्टि गर्दै रहे ।

एवं, राम र रावणमा घमासानको लडन्त मच्चिन्दा, मातलिले "हे रघूत्तम ! यसको उपर, चाँढैनै ब्रह्मास्त्र छोडो दिनुहोस, देवताहरूले 'रावणको विनाशकाल' भनी बताएको बेला, अहिले परेको छ । हजूरले, यसको टाउको नकाटनु, छातिमा नै ठोकनु पर्दछ" भनी सम्झाए ।

रामले, मातलिको बचन मानेर, कोखामा बायु, टुप्पामा सूर्य र अग्नि, आँखलामा लोकपालहरूको प्रवेश भएको, आकाश झैं फैलिएको, ठूलो देहभई मन्दराचल जस्तो गहरुँगो, सूर्य झैं चहकिलो र श्वासलिएको सर्प जस्तो भइकन लोकको भय हटाउने, जाज्वल्यमान उग्रअस्त्र हातमालिई, बेदोक्त ब्रह्मास्त्र बिधिले मन्त्रिएर धनुमा चढाए । धनुमा जोर्दैमा सकल प्राणीहरू तर्सनलागे, पृथिवीपनि हल्लनलागीन ! अत्यन्त क्रोधलिएका रामले जोडसंग धनुखिचेर रावण उपर छोडे ।

त्यो बज्रसमानका बाहुले छोडेको बज्रसमान मर्मघाती अस्त्र, रावणको छातिमा वज्री ठूलो शब्दले छातिलाई फोरी प्राण निकालेर ठूलो वेगले गर्दा पृथिवीमा घुसी फर्केर फेरि रामको ठोक्रोभित्र पस्यो !

रावणका हातको धनुवाण भूइँमा खसे, प्राण निस्केका रावण धर्मराउँदै भूइँमा पछारिए ! बाँको बचेका राक्षसहरू, रावणको मरण, रामको बिजय देखदा, त्रासिदैं दश-दिशामालागी भागे !

जितबाजीबाट हर्षभएका बानरहरू 'रामबाट रावणको बध, रामको बिजय' भनी, कराउँदै नाची उफ्रन लागे ।

आकाशमा हर्षले अपसराहरू नाचनथाले, देवताका नगराहरू बजनलागे; चारौंतर्फ

१–मुख्यशिर भन्नाले, अरू शिर युद्धादिकालमा मात्र प्रकट हुनेहुन् भन्ने सूचना हुंछ ।

बाट रामका उपर पुष्पबृष्टि भयो । देवता मुनि सिद्ध चारणहरू स्तुतिगर्न लागे ।

रावणको शरीरबाट निस्केको ज्योति, सूर्य झैं चर्हकिंदै सकल देवताका अगाडि, रामका देहमा पस्यो[१] ! त्यो देखेर आश्चर्य मानेका देवताहरू "अहो ! महात्मा रावणको भाग्य ! हामी देवता[२] पनि छौं, सात्त्विक[३] पनि छौं, बिष्णुका करूणापात्रपनि छौं तापनि, भय दुःख आदिले व्याप्त छौं, र वारंवार संसारका भोगमा घुमीरहेछौं । यो राक्षस, क्रूरपनि हो ब्रह्महत्या गर्नेपनि हो, अत्यन्त तामसपनि हो, परस्त्रीमा लागनेपनि हो, तपस्वीलाई मार्ने र बिष्णुलाई द्वेषगर्ने समेत भईकनपनि, सकल प्राणीले देखता देखदै, राममा प्रवेश गऱ्यो ! मोक्षको ढोका खुलायो !" भन्दै थिए–

ती कुरा सुनी, मुसु–मुसु हाँसेका नारदले देवताहरूसंग "यता सुन्नुहोस ! तपाइँहरू धर्मतत्त्वका दूरदर्शी । रावण, रामलाई द्वेषभावले हरबखतै मनमा सम्झी रहन्थ्यो, शत्रुभावले नै आफ्ना नोकर कर्मचारीहरू[४] बाट, सधैं रामको चरित्र सुनोपनि रहन्थ्यो ! रामबाट आफ्नो मरणहुने सुनेर, भयले दिनदिनै सर्वत्र रामलाई नै देखिरहन्थ्यो ! दिन दिनैका सपनामापनि, रामलाई नै देख्तथ्यो[५] । अतः रावणको क्रोधपनि, गुरूको शिक्षाभन्दा ठूलो हुनआयो र सकल पापबाट पखालिई, अन्त्यमा रामका हातबाट मारिंदा, संसारका बन्धनबाट छुटी रामको 'सायुज्य'[६] पायो ! के को आश्चर्य !

पापी होस वा दुरात्मा, परधन परदारादिमा लागु नै होस ।
　स्नेहैले वा डरैले रघुकुलपतिमा नित्य संझेर मर्दा ।।
शुद्धान्तश्चित्त[७] भै त्यो, सकल कसुरको पाप धोई पखाली ।
　ब्रह्माले मानिएको, हतपति नहुने मोक्षमा पुग्छ झट्टै ।।
मारी त्यो रावणै, जो त्रिभुवन भरिको कण्टकै नै कहिन्थ्यो ।
　बायाँ बाहू झुकाई धनुकन भुइँमा टेकदै दाहिने मा ।।
एकै बाणै लिएका शरकृतक्षतयुग देहका रक्तनेत्र ।
　कोटीयौं सूर्यजस्ता म कनपनि दया नित्त्यराखून ति राम ।।"

१–राममा पसेर, उहाँकै अनुग्रहले वैकुण्ठमा पुग्यो । २–तेजले उज्याला छौं । ३-सत्त्व प्रधान छौं । ४–अगि, रामको चेवामा पठाइएका 'शुक' आदिको मुखबाट । ५–यस भनाईबाट, 'श्रवण मनन निदि ध्यासन आदि हुनआयो' भन्ने बुझाइएको छ । ६–रामकासाथमा समानलोककोवास । ७–शुद्ध अन्तः करण ।

इति लंकाकाण्डे एकादश : सर्गः ॥ ११ ॥

श्री रामले, 'सबैलाई उत्साहबढोस' भन्ने मनसायले, विभीषण, हनूमान, अंगद, लक्ष्मण, सुग्रीव, जाम्ववानहरूलाई आह्वान गरी "तपाइँहरूको सामर्थ्य युक्त उत्साहबाट मैले रावणलाई मारें ! जहाँसम्म चन्द्र र सूर्य रहन्छन, त्यहासम्म तपाइँहरूको पुण्यकीर्ति फैलिनेछ। म समेत मिलेकोतपाइँहरूको,–कलिनाशक त्रैलोक्यपावक कथा–कीर्तनगर्नेहरू, परमगतिमा पुग्नेछन" भनी सुनाए ।

उता, रावणबाट पालन भएका मन्दोदरी आदि स्त्रीहरू, रावणका लाशको अगाडिमा पुगो अपशोचले पछारिंदै, बिलौना गर्नलागे ! विभीषणपनि त्यहीं पुगी शोकले लडी विलापन लागे ।

रामले, लक्ष्मणलाई बोलाई "तिमी त्यहाँगई विभीषणलाई सम्झाई[1] शान्त गराऊ, दाज्यूको संस्कारपनि गरिहालुन् किन विलम्व ? त्यहाँ लडी विलापन लागेका मन्दोदरो सहित स्त्रीजनहरूलाईपनि विभोषणले सम्झाउन" भनो अह्राए ।

शोकले लडीरहेका विभीषणको नगीचमा पुगेका लक्ष्मणले "ए विभीषण ! जसका उपर तिमीले शोक लिईरहेछौ, त्यो तिम्रो को[2] हो ? अथवा यसको तिमो को हौ ? सृष्टि भन्दा अगि, तिमी र यसमा कुनै संवन्ध थिएन ! एवं यसपछिपनि कुनै संवन्ध रहने होइन; अगिपनि नरहेको पछिपनि नरहने हुनाले, अहिलेपनि बास्तव संवन्ध छैन ! किन्तु, आभिमानिक मात्र हो ।

जस्तो–बहेका पानीमा पानीकै वेगले खसेका बालुआ, कुनै परस्परमा मिल्दै टाढापनि पुग्दछन, कुनै गहरूँगो भईतल खस्तछन, कुनै हलुकाभई त्यहों बिलाउँदछन वा पानीका साथै जान्छन; तिनीहरूमा परस्पर संवन्ध कुनै रहदैंन । त्यस्तै,–देहधारीपनि कालका वेगले मिल्दछनपनि छुट्टिन्छनपनि, तिनीहरूमा बास्तव संवन्ध रहदैन । जस्तो,–भुटेको जौ तल–माथि पर्दा, कोही चाँढै भुटिने र कोही स्निग्धभावरही छुट्टिनेपनि हुन्छन ।

एवं, ईश्वरका मायाले प्रेरित भएका प्राणीहरू, प्राणीमा संयोग वियोग हुँदै रहन्छन ।

१–'संसार अनित्य छ' भन्ने वाक्यहरूबाट सम्झाई शान्तगराऊ । २–शुद्ध बुद्ध स्वभात्रको आत्माको कसैसंग कुनैसंबन्ध नरहने हुनाले तिम्रो कोहो ? तिमी को हौ ?

यो संयोग वियोग तिम्रोमात्र होइन, कालका वशमा परेका तिमी, हामी, अरूसबैमापनि वरावर छ। ईश्वरबाट कल्पना भएको कर्म सहकृत जन्म मृत्यु जुनबेलामा जसबाट हुनुपर्नेछ, त्यस वेलामा त्यसबाट अवश्य हुन्छ, नभई रहदैंन।

ईश्वर आफू अज[१] छ। फलको अपेक्षा नरहेको बालकले[२] झैं आफूबाट सृष्टि भएका-अस्वतन्त्र प्राणीबाट नै अरू प्राणीको सृष्टि गराउँदछ[३], नाश[४] पनि गराउँदछ !

सृष्टि भएका प्राणीका देहसंग जीवको संवन्ध मानिदा 'जीव' लाई, 'देही' भन्दछन्, सृष्टिहुने देह 'जीव' होइन। देहको कारणपनि, कर्मद्वारा देहनै हुन्छ र देह-बाट अर्कोदेह वन्दछ।

जस्तो–बिऊ बाटनै अर्को बिऊ बन्दछ, त्यस्तै–शरीरबाट नै अर्कोशरीर पैदा-हुन्छ। त्यसो हुनाले, देह अनित्य छ, देहदेखि अलगको देही (जीव) अर्कै छ, ऊ नित्य छ। बास्तवमा, जीवलाई 'देही' भनो व्यवहार गराउने संवन्धपनि कल्पित[५] मात्र हो।

कर्मकाफल–सु:ख दु:ख र जन्मनु, मरनु, बढनु, घटनु इत्यादि, आत्माका धर्म[६] होइनन; अन्त:करण र अन्त:करणका कार्यको स्वभाव हुन। परन्तु, देखनेलाई वांगो दाउरा बल्दा, आगो नै वांगो देखिने भए झैं, ती दु:खादि गुण सबै देह र अन्त: करणको संयोगबाट अहं ममता बुद्धिले, आत्मामा रहने जस्तो भान[७] पर्दछ। जस्तो–कुनै बिषयमा सत् असत् के हो भनी आग्रहले बिचार गर्दा, सत असतको स्पष्टता हुनआउने प्रथा छ; त्यस्तै–यसमापनि[८] छ।

१–जन्म नभएको। २–जस्तो,–यस कामबाट यो फलमिल्दछ, भन्ने अपेक्षा नभएको वालकले, चित्र वा माटोहरूको मूर्तिलाई देखेर, वालभावबाट आफूलेपनि त्यस्तै बनाई, 'यो पुरुष' 'यो स्त्री' भनी कल्पनागर्दछ र फेरी अर्को तेश्रो बनाई, त्यसलाई अगीबनेका–घाँसपनि हल्लाउन नसकने–दुईलाई देखाई 'यिनैहरूबाट जन्मेको, यिनैको संतान' भन्दछ, पछी फेरी परस्परको ठक्करबाट आफैले फोरी बिगार्दछपनि, त्यस्तैझई। ३–स्त्री पुरुषको ग्राम्य व्यवहारद्वारा सृष्टि गराउँदछ। ४–कसै एकबाट कसैको नाश। ५–अन्त: करणमा आत्माको विवेक (आत्मा भित्र हो, भन्ने विवेक) नरहंदा, 'अहं' मतिलेमात्र गराएको हो। ६–स्वभाव। ७–सिपीमा चाँधिको झझल्को परेझैं, झुठो झझल्को पर्दछ। यस बाक्यबाट, देहमा 'मेरो' भन्ने समझनै अबास्तवहुँदा दाज्यू, भाई आदिमा मेरो भन्ने बुद्धि पर्नु, अत्यन्त अबास्तव हो, भन्नेपनि सूचनाहुंछ। ८–यस बाक्यबाट, 'बिचार पुऱ्याएमा 'शोक' निराधार छ' भन्ने तात्पर्य बुझाईए-को छ।

जस्तो–निद्रामा परेकालाई, 'म' भन्ने भाव नरहने हुनाले, संसारैको भान हुँदैन; त्यस्तै–तत्त्वज्ञानले जीबनमुक्त भएकामा अहंकार नरहने हुनाले बाँचदैमापनि सांसारिक दु:ख शोकादि रहन पाउँदैन। त्यसकारणले, मायाबाट पैदाहुने अन्त:करणको स्वभाव–'म, मेरो' भन्ने भ्रमलाई छोड। मनलाई, बाह्येन्द्रियका बिषयको संवन्धबाट हटाई, सकल प्राणीका आत्मा, मायाबाट मनुष्यरूप लिएका परमेश्वर राममा लगाऊ।

अन्त:करणादिमा नै 'म' भन्ने समझ परेको बुद्धिले, बाबु, आमा, भाइ, मित्र प्रिय भनाउने समझ गराउँदछ। आत्मा, देह र अन्त:करणादिदेखि भिन्न छ, एक-तमासको अनौठो छ भनी बुझेमा, 'को कसको बन्धु! कसको भाइ! कसको बाबु–आमा! कसको मित्र! कसको घर! केवल मिथ्याज्ञानबाट कल्पित हुन आएका मात्रहुन्' भन्ने ज्ञान गराउँदछ।

अज्ञानबाट मात्र संवन्ध बुझाउने,–स्वास्नी, छोरा, घर, जमीन, संपत्ति, फौज, ढुकुटी, राज्य, नोकर इत्यादि र अरू शब्दादि बिषय ममेत सबै, क्षणमा भेटिने र क्षणैमा नाशिने हुन्छन! त्यसकारणले उठ! भक्तिभावले रामलाई संझदैं "प्रारब्ध, भोगविना टर्दैन" भन्ने बुद्धिले राज्यादिको भोगगर्दै त्यसको रक्षामापनि लाग।

भइसकेको र पछिहुने कुरालाई, कसरी बित्यो! के होला! भन्ने धन्ना नलिई, बर्तमान कालमा परिआएको कुरालाई टार्दै, नीतिले टहल, सांसारिक दोषले छुन पाउने छैन।

रामबाट, तिमीलाई 'दाज्यूका निमित्त अगिदेखि चलिआएको कर्म, शास्त्र बमोजिम गरी, रुनलागेका स्त्रीजनहरूलाई संझाई हटाऊ र चाँढैनै लंकाभित्र जाऊ' भन्नु भएको छ" भनी सुनाए।

लक्ष्मणको नीतियुक्त बचनलाई मानेका, ज्ञानवान विभीषणले, शोक, मोह, छोडी केही गमेर१, रामको अभिप्राय प्राप्तिका निमित्त रामका नगीचमा पुगी "हे देव! "पराइको द्रोहगर्ने, धर्मको नियम नभएका, मिथ्या व्यवहार भएका, परस्त्रीमा लागेकाको संस्कार म कसरी गरूँ!" भने।

१–भगवान्का शत्रुको कामगर्दा, भगवान् प्रसन्न हो वैनन् कि! भन्ने गम गरेर।

विभीषणको वाक्य सुन्दा, खुशी नै मानेका रामले "वैरभाव भनेको नमरून्जेल सम्ममात्र रहने हुन्छ, अब हाम्रो प्रयोजनपनि निष्पन्न भयो। मरणबाट नै बिरोध हराएको हुनाले, जस्तो–तिम्रो दाज्यू, त्यस्तै–मेरोपनि हो; संस्कार गर" भनी बचन दिए।

विभीषणले रामको आज्ञा पाई फर्केर, बुद्धिमती मन्दोदरीलाई शमर्थ बचनले शान्त गराई, रावणको संस्कार निमित्त वन्धुवर्गहरूलाई साथमालिई, अग्निहोत्रीका निमित्तको बिधानले, मन्त्रपूर्वक आगोदिए। प्रेतनिमित्तक कर्म विधिपूर्वक सकेपछि, सबैले स्नानगरी चिसै कपडाले शिर निहुराई, तिल, कुश सहितको जलाञ्जलि दिएर, उदकदान[१] पनि गरी स्त्रीजनहरू समेत सबैलाई मधुर बचनले संझाई लंकाभित्र पठाएर, विभीषण रामको नगीचर[२] मा पुगी निहुरदै नम्रभई बसे।

शत्रुलाई मार्दा संतुष्टभई आफ्ना फौजका साथमा बसेका रामबाट विदा पाएका मातलि, रामलाई प्रदक्षिण र दण्डवत गरी आकाशमार्गले स्वर्गमा गए।

संतुष्ट रामले लक्ष्मणसंग "मैले विभीषणलाई लंकाको राज्य अगि नै दिइ सकेको छू तापनि, अहिले तिमी लंकामा लगेर, ब्राह्मणद्वारा मन्त्रबिधिपूर्वक अभिषेक गराऊ" भनी अह्राए।

लक्ष्मणले, केही बानरहरूका साथै विभीषणलाई लंकामा लगेर, समुद्रकाजल भरिएका सुवर्णकलशहरूबाट ब्राह्मणद्वारा शुभअभिषेक गराए।

अनेक नजराना हातमा लिएका नगर वासीहरूलाई अगाडि लगाई, लक्ष्मणको साथमा फर्केका विभीषणले, रामलाई नजराना समर्पणगरी दण्डवत प्रणाम गरे।

विभीषणले राज्य पाउँदा, आफूलाई कृतकृत्य[३] मानेका रामले, सुग्रीवलाई अंगालो हालेर "हे बीर! तिमो सहाय हुनाले देवतालेपनि जित्न नसकेको रावणलाई मैले जितें!

१–कमण्डलु आदि पात्रमा जल भरेर प्रेतको उद्देश्यले पिपलको हाँगामा झुण्ड्याई उदकदानगरी। २–युद्धमा मारिएकाको, सद्यःशौच हुनेहुनाले, प्रेत कृत्यसबै त्यसैदिन सम्पाप्तगरी रामका नगीचमा ओईबसे। ३–आफूले प्रतिज्ञागरेको कुरा सिद्ध हुनपाएको हुनाले, 'कृतकृत्य'।

विभीषणलाई लंकामा अभिषेकपनि गराएं !" भनी, आफ्नो कोल्टेमा हातजोरी खडारहेका हनूमानलाई "तिमी विभीषणको अनुमति[१] लिएर रावणका घरमा जाऊ र जानकीलाई रावण मारिएको कुरा सुनाऊ र के भन्छिन उनीको कुरापनि सुनी चाँढैनै मलाई सुनाउन आऊ" भने ।

रामको आदेशबाट लंकाभित्र पसेका हनूमान, दैत्यहरूबाट पूजितहुँदैं, रावणको क्याम्पा भित्र गएर राक्षसोका घेराभित्र शिशौको फेदमा, रामको चिन्तनलिई बसेकी, दुवलो शरीर मलिन चेहडा भएकी सीतालाई नम्रपूर्वक प्रणामगरी, भक्तिले हातमात्र जोरी नवोली खडा रहे ।

हनूमानलाई देखेर झट्टै निश्चय लिन नसक्ता केहीवेर निहुरिएकी सीताले–"यो पहिलेपनि आएको रामको दूत हो" भन्ने सम्झी, हर्षले उज्यालो मुहार लिएपछि हनूमानले– "हे देवि ! सुग्रीव, विभीषण सहाय भएका, राम, लक्ष्मण आराम हुनुहुन्छ; उहाँहरूका साथमा आएका बानरका फौजपनि सबै कुशलछन । रामबाट छोरा, मन्त्री फोज सहित रावणलाई मारी, लंकाराज्यमा विभीषणलाई[२] राखेर हजूरलाई कुशल आज्ञा भएको छ" भनी सुनाए ।

आफ्ना पतिको शुभशंदेष सुन्नपाउँदा हर्षले गद्गद् भएकी सीताले हनूमानलाई "तिम्रो यो प्रिय वाक्यको सट्टालाई कुनै बस्तु देखतिन ! कुनै रत्नहरूहुन् वा गहनाहरू, तिम्रो बचनको जोडा लाग्न सक्तैनन ! तिमीलाई खुशी गराउने तीनैलोकमा केही होला जस्तोपनि देखतिन !" भनीन् ।

हनूमानले–"हे देवि ! शत्रुमारी बिजय भएका रामको दर्शन अटूट गर्दछु, हरएक जातका रत्नका थुप्राहुन वा देवताका राज्यहुन, सबैभन्दा विशेष[३] सुस्थिर त्यहो छ" भने ।

सीताले–"हे सौम्य[४] ! चन्द्रमामा रहने गुण तिमीमा नै रहेको रहेछ ! अब, मपनि

१–विभीषण, लंकाका राजा हुनाले अनुमति लिनु योग्य हुँदा । २–यस वाक्यबाट, कुनैकाम कत्तिवाकीनरही सबै सिद्ध भएको छ, भन्ने बुझाए । ३–निरबधिकफल दिने हुनाले विशेष र सुस्थिर । ४–चन्द्रमामा रहने सात्विक स्वभाव रहेका, अर्थात्, हेर्दैमा सबैको मनलाई आनन्द गराउने ।

रामको दर्शन चाँढै गर्दछू, रामको आज्ञा पाऊँ" भनीन ।

हनूमानले – "हवस" भनी, सीतालाई प्रणाम गरेर रामको दर्शनमा पुगी, सीताको उक्ति सुनाई "यो आरम्भ जसका निमित्त हो, त्यसैको फलोदयरूप भएको र अहिले सम्म शोकमा परेकी जानकीलाई दर्शन ता चाँढै नै दिनुपर्ला कि !" भनी प्रार्थना गरे ।

ज्ञानस्वरूपरामले, मायाबाट खडा भएकी सीतालाई त्यागी अग्निमा रहेकी जानकी-लाई स्वीकार गर्ने बिचार लिएर, विभीषणसंग "हे राजन ! तिमी गएर सीतालाई स्नान गराई शुद्ध बस्त्र गहनाहरू फेराई, चाँढै लिईआऊ" भने ।

विभीषणले हनूमानलाई साथमा लिई गएर सीतालाई अति बूढी राक्षसीहरूद्वारा स्नान श्रृंगारादि गराई उत्तम पालकीमा चढाएर चारौंतर्फ कम्मरपेटी फेटो बाँधेका, हातमा छडो लिएका पुतुवारहरूका[1] पहरालगाई सीताको प्रस्थान गराए ।

बानरका फौजपनि सीताको दर्शनको लालसाले त्यहीं पुगदा, ती फौजलाई छडीदार-हरूले "छेउ लाग" भनी कराउँदै हटाउँदा दुवैथरिमा खलवलो मच्चिदैं रामको नगीचमा पुगे ।

रामले टाढैबाट सीतालाई पालकोमा ल्याएको देखेर, विभीषणलाई झट्टै बोलाई "ए विभीषण ! ती षण्ढहरू, बानरहरूलाई किन हटाउँछन ! बानरहरूले सीतालाई आफ्नी आमालाई झैं देखन पाउन, जानकीपनि पैदलै आउन" भने ।

टाढैबाट रामको बोलि सुनेकी सीता, पालकीबाट निस्केर बिस्तार–बिस्तार पैदलले रामको नगीचमा पुगीन ।

रामले, मतलव सिद्धिको निमित्तमात्र खडा गरिएकी माया सीता उपर "पर पुरूषका घरमा बसेकी तँलाई धिक्कार छ" इत्यादि बचनहरू लगाउँदा, सहन नसकी तातेकी सीताले लक्ष्मणसंग "मेरो बिषयमा, रामलाई र लोकलाई समेत बिश्वास पार्नलाई

१–अन्तःपुरमा काम गर्ने नपुंसक ।

आगो बाल" भनीन् ।

लक्ष्मणले, रामको मनसायपनि बुझ्रो उत्नोखेरै दाउराको थुप्रो लगाएर आगो सल्काई आफू रामको कोल्टेमाआई चुपलागीरहे ।

भक्ति लिएको सीताले, सबै फौजका अगाडि रामलाई प्रदक्षिणा र प्रणामगरी मनले देवता र ब्राह्मणहरूलाई समझदैं अग्निको नगीचमा पुगी हात जोरेर :—

जस्तो हृदय यो मेरो, राममा नित्त्य सत्य छ ।
त्यो जानी लोकका साक्षी—अग्नि, रक्षा[1] गरुन् म मा ।।"

भन्दै, प्रशस्त ज्वाला उठेको अग्निमा प्रणाम प्रदक्षिणा गरी निर्भय मनले प्रवेश गरीन ।

त्यो देखदा, छक्क परेर लोक नै परस्परै दु:ख मनाई भन्दछन् ।

'ज्ञानी भएरैपनि रामले अहो !, पत्नी ति सीता किन त्यागनू[2] भयो ! ।।' इत्यादि ।

इति लंकाकाण्डे द्वादश : सर्ग : ।। १२ ।।

सीताको अग्नि प्रवेश भएपछि, आकाशमार्गबाट समेत आईजम्मा भएका इन्द्र, यम, वरुण, कुवेर, ब्रह्मा र अरू ऋषि, मुनि सिद्ध चारण[3] पितृ, गन्धर्व, अप्सरा, नागहरूसमेत सबैले रामलाई हातजोरी शिर निहुराउँदै स्तुति गर्दछन् :—

"कर्ता छौ सबलोकैका, साक्षी[4] छौ, ज्ञानदेह छौ ।
बसुमा अष्टम तिमी, रूद्रमा शंकरै तिमी ।।
लोकका आदि[5] कर्ता हौ, ब्रह्मा हौ चतुरानन ।
अश्विनी[6] नाकछन् तिम्रा नेत्रछन् चन्द्र सूर्य नै ।।

१—शीतल गराउन् । २—अग्निमा प्रवेश गर्दा किन मंजुर गर्नु भयो ! । ३—गवैया । ४—अन्तर्यामी भईसर्वद्रष्टा । ५—बिराट् रूप । ६—यस वाक्यबाट बिराट् रूप संझाईन्छ ।

आदि[१] हौ अन्त[२] हौ नित्त्य एक नास उदाउँछौ[३] ।
सधैं शुद्ध[४] , सधैं बुद्ध[५] , सधैं मुक्त[६] र एक[७] छौ ।।
मायामा फसनेले ता मर्त्यहुन् भनी ठान्दछन ।
नाम मन्त्र लिनेले ता मान्दछन ज्ञानरूपका ।।
दुष्ट रावणले हाम्रो हरेथ्यो स्थान तेज नै ।
अब त्यो मारिदामा नै फिर्ता पायौं सबै पद ।।"

एवं, देवताहरूबाट स्तुतिहुँदैमा, ब्रह्मा स्तुति गर्दछन :—

"हे देव ! प्रणति म गर्छु पाउमा नै, जो छौ है, सबस्थितिका त एक हेतु ।
आध्यातमी[८] जनहरू भाव्यरूप मान्छन्, जस्मा, ती सुख भय दुःख नै रहन्नन्[९] ।।
एकै छौ सब हृदिमा[१०] त ज्ञानरूप, 'सत्ता'[११] हो भनी सब भन्दछन स्वरूप ।
जो लिन्छन् हठ[१२] अति आग्रहै गरेर, ती मात्रै[१३] विषय[१४] र संशयै[१५] छुटाई ।।
'यो'[१६] यस्तो भनि रवि झैं प्रकाश 'ईश', चिन्छन् है म त जति गर्छु पाउ पर्छु ।
मायाका गुण गणदेखि भिन्नका छौ, मानैमापनि कहिं छैन ठाउँ[१७] वेला ।।
नित्त्यै नै रविशत झैं प्रकाशमान ! हे राम ! प्रणति म गर्छु पाउ पर्छु ।
जस्को त्यो चमककिरीट रत्नको छ, आधै भै सकल जगत् रमाउँदै छौ ।।
ध्येयै[१८] छौ यतिहरूका त योगदाता[१९], भक्तैकापनि तिमि मोह[२०] नाशकर्ता ।
छन् छैनन भनिकन निश्चयै नपर्ने, निर्भोगेश्वर शिवका त पूज्यपाद ।।
जो 'नित्त्य' 'प्रणव' र 'शुद्ध' 'बुद्ध' नै छौ, छौ वीरै तिमि, भइ दैत्यका डढचौला ।
मागेको जति सब काम पूर्ण गर्ने, मेरा ता सबदिन मालिकै तिमी छौ ।।

१–उत्पत्ति गर्ने । २–नाश गर्ने । ३–दिन रात भनिने व्यवहार नभएको । ४–मायाका गुणले नछोइएका । ५–ज्ञान स्वरूप । ६–असंसारी । ७–जोडा नभएका । ८–आत्म विषयक तत्त्व ज्ञान भएकाजनहरू । ९–सुख र दुःखको साधन नै रहन्न । १०–अन्तर्यामी हुनाले, सबैका अन्तःकरणमा ज्ञानरूप भई एकही तवरले रहने । ११–'छ' भन्ने व्यबहार मात्र गराउने । १२–'ईश्वरलाई चिन्ही छोडदछु' भन्ने आग्रह लिएर, तल्लो भागमा चलने अपान वायु र माथिल्लो भागमा चलने प्राण वायुलाई 'कुम्भक' बाट रोकनुलाई 'हठयोग' भन्दछन्' । १३–हठयोगलिने मात्र । १४–सांसारिक विषय वासना । १५–'ईश्वर' छ बा छैन ! ज्ञानरूप बा शरीरी कस्तो छ भन्ने संशय । १६–'यस्तो रहेछ' भनी चिन्दछन् । १७–यस ठाउँमा, यस वेलामा, भन्ने नभएका । १८–चिन्तन गरिने । १९–योग मार्गमा प्रबर्तक । २०–अज्ञानलाई नाशगर्ने ।

आधारै भनि सब मान्दछन जगत्को, देखिन्नौ ! समय र ठाउँ, रूप छैन ! ।
जानिन्नौ कहिं भवका[१] प्रमाणबाट, योगीका सुगमहुँदा त 'योग गम्य' ।।
जानिन्छौ तिमि अतिभक्ति भावले नै, हे राम ! प्रणति म गर्छु भक्तिले नै ।
जो बस्छौ[२] ब्रजकुलमा त देवमानी, कन्दै छौ तिमि सुखका शिवादि[३] वन्द्य ।।
वेदैका बचन र शास्त्रले चिनिन्छौ, नित्यै छौ बिषय विभिन्न ज्ञानरूप ।
मेरो नै बचन सकारि जन्मिएका, हे बिष्णो ! मरकतवर्ण ! पाउ पर्छू ।।
ध्यानैले समझिइ श्याम, राममा नै, श्रद्धाले पढदछ यो स्तवै त जसले ।
आत्माको समझ र ज्ञान पूर्णगर्ने,–ध्याता त्यो कसर[४] छुटेर शुद्ध हुन्छ ।।"

एवं, स्तुति भएपछि जगतका साक्षी[५] अग्निले, निर्मल अरूणको जस्तो कान्ति भएकी, दिव्य आभरणले पूजिएकी, रातो रेशमीबस्त्र पहिरेकी, अति उज्ज्वल स्वरूपकी सीतालाई काखमालिई, शरणागत बत्सल रामसंग "हे रघुनाथ ! अगि जंगलमा, रावणको प्राणनाशका निमित्त, जानकीका रूपकी माया–सीता खडागरो, जनककीछोरी जानकीलाई मेरोजिम्मा राखनु भएको थियो; अहिले परिवार सहितको रावण मारिदा, पृथिवीको भारपनि हटेको र ती छायाँरूप सीतापनि, कृतकृत्यभई ममा लीन भएकी हुनाले, अब, मेरो जिम्माको जानकीलाई स्वोकार गरिबक्सियोस" भने ।

अग्निका बचनबाट खुशीमानेका रामले, अग्निलाई मानराखी, आफूबाट कहिल्यै अलग नहुने–त्रिलोकजननी लक्ष्मोका रूपकी सीतालाई आफैले समाती, काखमा राखे !

सीता साथका रामलाई, भक्तियुक्त इन्द्रले गद्‌गदभई स्तुति गर्दछन :–

"सदा भक्तिले राममा ध्यानगर्छू, सधैं नीर[६] झैं झल्किने मूर्ति सम्झी ।
भवारण्य[७] दावऽग्नि तुल्य प्रभाका, उमाले[८] सधैं ध्यानले भाविएका ।।
सबै नाशका हेतु मुख्यै भएर, सबै देवका दुःखहर्ने बनेका ।

१–लौकिक प्रमाणबाट नचिन्हिने, शास्त्र प्रमाणबाट मात्र जानिने । २–कृष्णा वतारमा, वृन्दा वनमा रही मायाबाट देवताहरूलाई मान्यता राखने । ३–शिब आदि देवताका पूज्य । ४–अज्ञान जन्यपातकादिबाट छुटेर । ५–जगत्मा, सबैका पुण्य–पापका द्रष्टा । ६–नीर रत्न झैं । ७–संसार रूपीवनका डढ्यौलाको जस्तो कान्तिभएका । ८–पार्वतीले ।

परानन्द[१] रूप स्वयम्भू प्रपूज्य, नराकार मूर्ति निराकार[२] स्तुत्य[३] ।।
सधैं संझनेको परानन्द दाता, सबै भक्तका दु:खको नाशकर्ता ।
तपोयोग[४] योगिसिद्धका भावध्येय, कपीशादिका[५] मित्रमा छ प्रणाम ।।
सधैं भोगमा[६] लागनेका त टाढा, सधैं योगमा लागनेका नगीच[७] ।
चिदानन्दका कन्द सीतानुरागी, तिमी राममा नित्य गर्छू प्रणाम ।।
महायोग माया गुणैका[८] हुनाले, नराकार चेष्टालिई खेल[९] गर्छौ ।
तिनै खेल सम्झी कथा[१०] सुन्छ जसले, त्यही भक्त भै बन्छ आनन्दरूप ।।
अहंकार नै पान[११] भै मत्त हुन्थें, धनीले लिए झैं म लिन्थें घमण्ड ।
प्रभो ! पाउको दर्शनैबाट आज, गयो लोकको आधि पत्त्या[१२] भिमान ।।
झलक्दार बाजू र माला छ शोभा, धराभार दैत्यैहरूका डढचौला ।
शरच्चन्द्र मोढा खुलापद्यनेत्र, कसोरी छ वार्पार जान्नू हजूर्को ।।
छ नीरै र आकाश झैं अंगकान्ति, बिराधादि मार्दा बन्यौ लोकशान्ति ।
किरीटादिले शोभिएका अलभ्य !, ठुलो यत्नले खानि झैं मात्र लभ्य ।।
करोडौं शशीतुल्यको गद्दिमाथो, सुनौली चमकदार्बिजूली सरी [की ।
प्रिया जानकी काखमाली बसेका, यिनै रामको ध्यान लिन्छू म नित्य ।।" इति.

यसपछि, पार्वती सहितभई विमानबाट आएका शिवजीले, बिमानैबाट "हे राम ! म तपाईलाई राज्यमा सत्कार हुँदा दर्शन निमित्त अयोध्यामा आउने छू; अहिले तपाइँको यो देह पैदागर्ने पिताजीलाई भेटनु होस" भने ।

खुशीमानेका राम, लक्ष्मण दुवैले, विमानको अगाडिमै बसेका दशरथका पाउमा दर्शन गर्दा, दशरथले रामलाई अंगालोहाली, आशीर्वादले शिरमा सुँघेर "हे वाबु ! तिमीले मलाई दु:खको समुद्र-संसारबाट तारेका छौ" सम्म भनी, शिवजीका साथै बिमानबाट फर्किए ।

१–सर्वका अन्तःकरणमा रहने आनन्द रूपहुँदा सबैका आनन्द दाता। २–ज्ञान स्वरूपहुँदा 'निराकार'। ३–सबैले स्तुति गरिने। ४–शम दम आदि योगयुक्त सिद्धका। ५–सुग्रीव, बिभीषण आदि। ६–सांसारिक भोगमा लागनेका। ७–ज्ञान विषय। ८–मायाका गुण,–सत्त्व आदिले युक्तहुनाले। ९–लीला। १०–तिनै लीलावन कथा। ११–'म' भन्ने अभिमान रूपी पान (मदिरा आदि लागू पदार्थ)ले मत्तभई, तिमीलाई चिन्दैन थिएँ। १२–लोकको आधिपत्यले गराएको अभिमान।

रामले, इन्द्र "हे सहस्राक्ष ! मेरा निमित्तको लडाइँमा मारिई, भूइँमा लडो रहेकाबानरहरूलाई, मेरो बचनले अमृतको बृष्टि गराई बचाऊ" भनी अह्राए ।

इन्द्रले रामको बचनमानी अमृतको बृष्टिबाट बचाएका बानरहरू सुती–उठेका झैं, पहिलेका जस्तै हृष्ट–पुष्टभई रामका नगोचमा जम्मा भए ।

विभीषणले, रामलाई दण्डबतगरी "हे भगवन ! यदि म उपर अनुग्रह रहन्छ भने सीताका साथमा आजै मंगलस्नान गरि बक्सियोस र भोलि भाइका साथै अलंकार पहिरेर, हामीलाई समेत साथैंमालिई अयोध्यामा पाल्नुहोला" भने ।

रामले, "मेरो भाइ सुकुमार भरतले जटावल्कल धारणगरो, शब्दबाटपनि अर्थबाट-पनि प्रणवमा एकाग्रचिन्तालिई, मेरो बाटो हेरीरहेछन । तिनीलाई नभेटी मेरो स्नान श्रृंगार कसरी होला ! यदि तिम्रो इच्छा छ भने, अहिले सुग्रीव आदि फौजलाई, यथोचित सत्कार गर । बीर बानरहरूको सन्मान भएमा, मपनि सन्मानित हुन्छू संदेह छैन" भने ।

रामको बचनपाएका विभीषणले सबैलाई ज जसलाई जे जे जति–जति इच्छा लाग्दछ सुवर्ण बस्त्र, रत्नहरू इच्छामाफिक वितरण गरे ।

फौजले सन्मान पाउँदा संतुष्ट रामले चहकिलो पुष्पक विमानमा चढी, लज्जावती कीर्ति मती सीतालाई काखमा र धनुभिरेका लक्ष्मणलाई साथमा राखी, सुग्रीव, अंगद, जाम्ववान र विभीषण सहित सबै फौजलाई आह्वान गरा "तपाइँहरुले बानरहरूका साथमा रही, सबै मित्रकार्य पूर्ण गराउन भयो ! अब मेरो अनुज्ञाबाट यथेष्ट भई जानुहोला । ए सुग्रींव ! तिमी आफ्ना फौजलाई साथमा लिएर आफ्नो राज्य किष्किन्धामा संतोषलिई बस" भनी, विभीषणलाई "तिमी मेरो भक्त हौ, तिमोलाई इन्द्रसहित देवताहरू कसैले धक्का लाउन सकने छैनन, आफ्नो राज्य लंकामा निर्धक्क भई बस । म पिताजीको राज-धानी अयोध्यामा जान्छू" भनी सुनाए ।

रामको विदाइ सुन्दा, मलीन चेहडा लिएका सबैले हात जोरेर "हे रघूत्तम ! हामी-पनि हजूरकै साथमा अयोध्यामा पुगन इच्छा गर्दछौं ! हजूरलाई अभिषेक भएको हेरी, कौशल्याको दर्शनपनि गरेर, पछिमात्र राज्य सेवा गर्रौंला" भने ।

रामले "हुन्छ, ए सुग्रीव ! विभीषण सहित सबै फौजलाई साथमालिई झट्टै पुष्पक-मा चढीहाल" भनो आज्ञादिए ।

रामको आज्ञासुन्दा स्वच्छ चेहडा लिएका सकलफौजहरू झटपटगरी छिटाहुँदै वि-मानमा चढेपछि, रामका इसाराबाट, पुष्पक आकशतर्फ उड्यो । अति तेजिलो हाँसबाहन भएको बिमानमा अति हर्ष भै बसेका तेजस्वी राम, दोश्रा ब्रह्माजस्ता देखिए !

श्री राम सीता अनि लक्ष्मणैको, पाएर शोभा अति उज्ज्वलैको ।
श्री सूर्यको विम्व भने हुने झैं, विमानले उज्ज्वल तेज पायो ! ।।

इति लंकाकाण्डे त्रयोदश : सर्ग : ।।१३।।

उडेको विमानबाट, चारौंदिशामा आँखा घुमाएका रामले सीतासंग "हेर ! ऊ त्यो त्रिकूटाचलको शिखरमा देखिएको लंकाशहर हो; ठूलो छ, अति उज्यालो छ । यो रगत मासु कटकटिएको, रणस्थल हो, यहाँ राक्षस र बानरको ठूलो मारामार परेको थियो । मैले मारेको रावण ऊ त्यहाँ लडेको थियो, त्यहींनेर कुम्भकर्ण इन्द्रजित आदि मुख्य–मुख्य राक्षस-हरूपनि मारिएका थिए ।

समुद्रमा यो पुल बाँधेको मैले हो, यो ठाउँ 'सेतुबन्ध' नामले प्रसिद्धगरी, तीनैलोकको पूज्य समुद्रको तीर्थ मानिएको छ, परमपवित्र छ; दर्शनमात्रलेपनि पापलाई हटाउँदछ । यसै ठाउँमा मैले 'रामेश्वर' नामगरी शिवजीको स्थापनपनि गरेको छू ।

यहाँ, चारमन्त्री साथमा लिएका विभीषण, मेरो शरणमा आएका थिए ।

यो, सुग्रीवको राज्य किष्किन्धा नामगरेको शहर हो; यहाँ विचित्रको जंगल छ" इत्यादि बताउँदै, किष्किन्धामा पुगेपछि, सीताको वहाडका निमित्त, रामको आज्ञाबाट विमानथामी, सुग्रीवले तारा आदि बानरका स्त्रीहरूलाई बोलाइ ल्याए र तिनीहरूलाई समेत चढाई विमान उडेपछि, रामले फेरि आँखा घुमाउँदै सीतासंग "हेर ! यो ऋष्यमूक नामगरेको पहाड हो । ऊ त्यो ठाउँमा मैले बालीलाई मारेको थिएँ । यो पञ्चवटी नामगरेको ठाउँ हो, जहाँ अगि मैले धेरै राक्षसहरूलाई मारेको थिएँ ।

ऊ त्यतातिर, अगस्त्यको, सुतीक्ष्णको समेत शुभ आश्रमहरू देखिए। त्यहाँदेखिएका ती सबै तपस्वीहरूहुन् । यो उत्तम पहाड 'चित्रकूट' हो, यसैठाउँमा मलाई मनाउन भनी, भरत आएका थिए सम्झ । ऊ त्यतापट्टि यमुनाको किनारमा भरद्वाजको आश्रम देखियो हेर ।

यी लौकैलाई पवित्र गराउने भागीरथी गङ्गाहुन । ऊ परदेखिएको, किनारमा यज्ञका खामाहरूको मालारहेको 'सरयू' हुन् । तो पर देखिएको अयोध्या हुन् प्रणाम गर" इत्यादि क्रमैले बताउँदै, भरद्वाजको आश्रममा पुगे ।

अयोध्याको प्रस्थानबाट चौधवर्ष पूर्णभएको पञ्चमीतिथिका दिन, भरद्वाजको आश्रममा पुगेका रामले, ऋषिजीलाई दर्शन गरेर "हे ऋषीश्वर ! खबर सुन्नु भएको छ कि ! भाइ शत्रुघ्न साथका भरत कुशल होलान ! आमाहरूपनि कुशल हुनुहोला ! अयोध्या समृद्ध होला !" भनी कुशल प्रश्न गरे ।

रामको प्रश्नसुनी खूशीमानेका भरद्वाजले "सबै कुशलछन, भरत ता ठूलो दिलका रहेछन ! जटावल्कल धारणगरी फल–मूल मात्रको आहारलिएर, सकल राज्य कठपाउमा समर्पी, तपाईँलाई पर्खिरहेकाछन् । हे रघुनन्दन ! तपाईँले दण्डकमा, सीता हरणबाट राक्षसहरूको विनाश पार्ने काम, जे जति गर्नुभयो ती सबै, तपाईँका प्रसादले तपस्याबाट मैले थाह पाएको छू ।

तपाइँ, आदि मध्य अन्त नभएका साक्षात 'ब्रह्म' हुनुहुन्छ । तपाइँ, पहिले जलको सृष्टिगरी, पञ्चमहाभूत खडागर्ने अभिप्रायले त्यसै जलमा सुतनुभएको थियो र सबै प्राणीको भित्री आत्मा 'नारायण'[१] कहिनुहुन्छ । हे विश्वात्मन ! ब्रह्मापनि तपाइँका नाभिको कमलबाट उत्पन्न भएकाहुन्; अतःतपाइँ जगतका मालिक, सर्वलोकमान्य, ईश्वर हुनुहुन्छ । तपाइँ बिष्णु, सीता लक्ष्मी, उहाँ लक्ष्मण शेष हुनुहुन्छ ।

तपाइँ आफूले आफ्नी सहकारिणी मायाद्वारा, आफूमा[२] नै जगत सृष्टि[३] गर्नुहुन्छ । परन्तु, आफू त्यसमा आसक्त[४] रहनुहुन्न । आकाश झैं चिन्मात्रशक्तिले सर्वसाक्षी

१–जीव समूहको स्थान । २–अधिष्ठान नै आफू हुनाले । ३–प्रकाश । ४–अरू जनझैं, त्यसमा लागूरहनु हुन्न ।

भई, सबैं प्राणीको बाहिर भित्र, सर्बत्र नै रहनुहुन्छ। एवं, पूर्ण[1] भइकनपनि अबूझका दृष्टिबाट नगाचमा नभए जस्तो भानहुन्छ ! अतश्च,–जगत्, जगदाधार, जगत्प्रतिपालक र जगत्मा भोक्ता, भोज्यपनि सबे तपाइँ; जो देखिन्छ, जो सुनिन्छ, जो सम्झिन्छ त्यो सबै तपाइँ, तपाइँ बाहेकको कतै केहो छैन ! वास्तवमा, स्रष्टृत्त्व भोक्तृत्त्वादिपनि तपाइँमा रहने होइनन। तपाइँका दृष्टिको इसारामात्र पाएकी मायाले, आफूमा रहेको अहंकारादिगुणबाट लोकसृष्टिगर्नेहुनाले, तपाइँमा 'सृष्टिकर्ता' भन्ने हुनआएको व्यवहार, लोकाचार मात्र हो ! जस्तो–चुम्बकको नगीचमा परेको फलाम, बलात्कारले नै चलनेहुन्छ, त्यस्तै,–तपाइँको दृष्टि पर्दा जडरूपकीमाया जगत सृष्टिगर्ने हुन्छीन ।

विश्वको रक्षागर्न चाहने, देह भने नभएका तपाइँको स्थूल र सूक्ष्मगरी दुइ देह छन; स्थूल बिराट हो, सूक्ष्म हिरण्यगर्भ हो । बिराटबाट, हजारौं अवतार प्रकट हुन्छन र काम पुगेपछि त्यसै बिराटमा लय हुन्छन। तिनै अवतारहरूका कथाहरू[2], लोकमा एकचित भई कहने, सुनने, गाउनेहरू मुक्ति पाउने हुन्छन।

हे राघव ! तपाइँ, पृथिवोको भारहरण निमित्त ब्रह्माले प्रार्थना गर्दा, संतुष्ट भई रघुका कुलमा जन्मनु भएको हो; गरीनसक्ना देवकार्यहरू सबै गर्नुभयो ! यही मानुष शरीर लिएर धेरै हजारौं बर्षसम्म, इहलोक र परलोक दुवैको हितका निमित्त, पापनाशक कठोरकर्महरू गर्दै, कोर्तिले चौध भुवन ढाकनु हुनेछ।

हे जगन्नाथ ! प्रार्थना गर्दछू, आज फौजैसमेत यहीं बसेर खान–पान गरी मेरोघर, पवित्र गराई बक्सियोस । भोलो अयोध्यामा पालनु होला" भने । रामले 'हुन्छ' भनी ऋषिजीको बचन स्वीकार गर्दा, ऋषिजोले, फौज सहित राम, लक्ष्मण, सोताको यथायोग्य सत्कार गरे ।

रामले, दुइघडी जति घोरिएर, हनूमानलाई बोलाई "ए हनूमन ! तिमी झट्टै अयोध्यामा जाऊ र राजमन्दिरमा सबेजना कुशलछन छैनन् बुझ। पहिले बाटोमा श्रृंगवेर शहरमा पसी, मेरा मित्र गुहलाई जानकी र लक्ष्मण सहित म फर्कें भनी सुनाऊ। त्यसपछि नन्दिग्राममा गई मेरो भाइ भरतलाई भेटेर, भाइ भार्यासहित मेरो कुशल आशीर्बाद सुनाऊ र

१–खण्डित नभई भरिभराऊ। २–चरित्रहरू।

सीता हरण आदि र रावण बध आदि लडाइँको बृत्तान्त सबै, क्रमैले कहेर, सबै शत्रुलाई निःशेषगरी मारी, सकल कार्यबाट समृद्ध भएका राम, भाइ पत्नी र अरु भालु, बानरका राजा सुग्रीव सहित, फौजलाई साथमालिई, नगीचमा आइपुगेकाछन भनी सुनाऊ। त्यसपछि, त्यहाँ भरतको बिशेष बृत्तान्तपनि बुझेर झट्टै फर्किआऊ" भनी अह्राए।

हनूमानले, मनुष्य शरीर लिएर, ठूलो साँपलाई झम्टने गरूड झैं, बेगले नन्दिग्रामको बाटो लिए। शृंगवेरमा पुगेपछि, गुहलाई भेटी मधुरो बचनले "राजा दशरथका छोरा तिम्रो मित्र, सीता, लक्ष्मण साथका रामबाट तिमीलाई 'क्षेमकुशल' आज्ञा भएको छ; आज भरद्वाजले अतिथि मान्नु भएको छ आउनु हुनेछ दर्शन पाउने छौ" सम्म सुनाई, हावा समान वेगले दगुरे।

क्रमैसंग रामतीर्थ, सरयू फटकी नन्दिग्रामतर्फ जाँदा, अयोध्याबाट कोसभर टाढामा, पुरानो कृष्णाजिन१ र बृक्षका बोक्रा लगाएका, दुबला, आँगभरि धुलो–माटो दलेका, जटा पालेका, फल–मूलको आहार गरी रामको चिन्तनमा मात्र लागेर, रामका कठपाउलाई अगाडि राखी राजशासन चलाएका भरतलाई, गेरुबाबस्त्र२ लगाएका मन्त्री र नागरिक जनहरूको घेरामा, देहधारी धर्मको मूर्ति जस्ता भई, आसन बाँधी बसेका देखेर टाढैदेखि हात जोर्दै गएका हनूमानले भरत छेउ पुगी प्रणाम गरी भन्नलागे :–

"तपाइँले अगि दण्डकारण्यमा तपस्वीकारूपमा देखेका जुन रामको चिन्तन लिनु भएको छ, तिनै रामबाट तपाइँलाई 'क्षेमकुशल' आज्ञाभएको छ। हे देव ! तपाइँको आकांक्षित प्रिय समाचार बताउँद छू, शोक चिन्ता सबै छोडि दिनुहोस, यसै मुहूर्तमा तपाइँका दाज्यैज्यू रामसंग भेट पाउनु हुनेछ। लडाइँमा रावणलाई मारी, सीतालाई भेट्टाएर सबैकाम पूर्णगरेका राम, सीता, लक्ष्मण र बानरका फौज समेतलाई साथैमालिई, नगीचमा आइपुग्नु भएको छ" भनी सुनाए।

यति सुन्दैमा, हर्षले विहूलभई भूइँमा लडेका भरत, झट्टै उठी हनूमानलाई अंगालो हालेर आनन्दको आँसु खसालदै भन्नलागे–"दयाले यहाँ आएका तिमी, चेहडा देखतैमा चन्द्रमा जस्ता प्रेमलागदा छौ ! देवता वा मनुष्य को हौ ? तिम्रो हर्षजनक समाचारको

१–कृष्णमृग चर्न। २–कर्मचारीहरूलाई, मालिकमा सुहाउँदो शिल–स्वभावलिन उचितपर्ने हुनाले।

सट्टामा, एकलाखगाई, एकशय गाऊँ र सकल गहना लगाएका सुन्दरीकन्या सोह्रौटी दिन्छू" भन्दै, फेरिपनि "ठूलो जंगलमा पसेका मेरा प्रभुको धेरै बर्ष बितेपछि अहिले संतोषजनक कीर्तन सुन्दा, यो गाथा सत्त्य हो कि ! लौकिक हो ! भन्ने भाव गराउँदछ ! हुनत आनन्द रहेका पुरूष, शय बर्षपछिपनि, बाँचेका आफन्तसंग भेटगर्न आउँछन ! परन्तु, रामको र बानरहरूको समागमै पो कसरी भयो ? यस कुराको तत्त्व यथार्थ सुनाऊ, जसबाट तिम्रो कुरामा विश्वास पर्ने छ" भने ।

हनूमानले, रामको चरित्र सबै क्रमैसंग सुनाउँदा, परआनन्द लिएका भरतले साथैमा रहेका शत्रुघ्नलाई "हे वाबु ! शहरमा देवताहरू जतिछन सबैलाई, सबै सज्जनहरूले गन्ध–पुष्पादि अनेक उपचारबाट श्रद्धाले पूजा गरून ।

रामको दर्शनकानिमित्त,–पौराणिक स्तुतिपाठक गवैयाहरू र नाचगानका भाण–भणेनीहरूसमेत बोलाइयुन । राजदरवारका स्वास्नीमानिसहरूपनि तैयार रहून । मन्त्री सहित हात्तो, घोडा पैदल फौजका साथै, ब्राह्मण, नागरिक जनता र यहाँ आइपुगेका राजा रजौटाहरूपनि चाँढै जम्मा हुनआऊन्" भनी आदेशदिए ।

आदेश बमोजिमका कामलाई, शत्रुघ्नले खटाएका जनहरू पहिले रत्नजडित उज्ज्वल ध्वजा – पताका साथै फूल – माला दीपावलि समेतबाट घर, शहर सबै शिंगार्न लागे ।

रामको दर्शनलाई उत्सुक भएका जनता, देवतायोग्य नजरानाहरू हातमालिई जम्मा हुनलागे । सजधजगरी शिंगारिएका लाखौं घोडा, हात्ती र सुनकातारले बाँधेका रथ दश–हजारका साथै, पैदल फौजहरूपनि जम्मा भए ।

पहिले राजस्त्रीहरू पालकीमा बसी अगाडि लागेपछि, भरत रामका दुइकठपाउ१ शिरमा राखी दुइहात जोरेर शत्रुघ्नलाई साथमालिई पैदलैले बाटोलागे । केही पर पुगेपछि बिमान चन्द्रमाको किरण उदाएझैं देखिन लाग्यो रहनूमानले "लौ ! हेरी रहो ! ब्रह्माको मनबाट बनेको, सूर्यको जस्तो चहक भएको 'पुष्पक बिमान' परैबाट देखियो ! त्यसैमा सीतासहित राम, लक्ष्मण र बानरका राजा सुग्रीव, आफ्ना मन्त्री साथका विभीषण समेत

१–अग्निचित्र कूटमा रामबाट प्राप्त गरेको कठपाऊ ।

सबै देखिने छन" भने ।

'रामको दर्शन कहिले पाउँला' भन्ने उत्सुक भएका स्त्री, बालक, युवा, वृद्ध समेत सबै फौजका मुखबाट, एकैचोटी निस्केको "ऊ! राम!" शब्दले आकाश मच्चायो ॥ रथ, हात्ती, घोडाहरूमा बसेका सबै भूइँमा ओर्ले ।

फौज सबैले आकाशमा चन्द्रमालाई देखेझैं, विमानको मोहोडामा रामलाई देखे! अति हर्ष भई हातजोरी दगुर्दै रामको संमुखमा पुगी, सुमेरू पर्वतको टाकुरोमा रहेका सूर्यजस्ता[१], रामलाई टाढैबाट दर्शनगर्दा, रामको इशाराले विमान, भूइँमा बस्यो र रामबाट बोलाइएका भरत, शत्रुघ्न दुइभाइले, आफ्नो नाम गोत्रको उच्चारण गरा, रामकापाउमा दर्शन गरे । धेरैकालपछि भेट भएका भाइ भरतलाई रामले उठाई–प्रेमले काखमा राखी अंकमालगरी आशिर्वाद गरे ।

भरतले लक्ष्मणलाईपनि[२] नमस्कार सम्म गरेर सीतालाई आफ्नो नाममात्रको उच्चारणगरी[३] दर्शनगरे । हर्ष र प्रेमले गर्दा गद्गद र विहूल भएका भरतले, सुग्रीव जाम्ववान अंगद मैन्द द्विविद नील ऋषभ सुषेण नल गवाक्ष गन्धमादन शरभ पनस यी मुख्य–मुख्यहरूलाई मित्रभावले अंकमाल गरे ।

सौम्य स्वभावका सुग्रीव आदि सबैले खुशीमानी मनुष्यको रूप लिएर भरतसंग आदर साथ कुशलप्रश्न गरे ।

भरतले, सुग्रीवलाई बिशेष प्रेमले अंगालो हालेर "तिम्रो सहायबाट रामको जय भयो! रावण मारियो! अतः हामी चार भाइका पाँचौं भाइ तिमी भयो!" भने ।

शत्रुघ्नलेपनि अति नम्रभई क्रमैले राम, लक्ष्मण, सीताका पाउसमाती रीतपूर्वक दर्शन गरे ।

१–अतिमाथि उडेको बिमानमा अगाडि बसेका हुनाले, तेजस्वी रामलाई सूर्यको उपमा । २–जन्म प्रकारबाट लक्ष्मण, भरतभन्दा कान्छाहुन् ता पनि, ज्येठाको अभिप्राय बमोजिम चलनेहुनाले, आफूमा भन्दा धेरै गुण रहन गएकोहुनाले, आफ्नो व्यवहारबाट ज्येठो समान संझी नुहुनु उचित ठहऱ्याएर नमस्कार गरे । ३–शास्त्रोक्तरीतिले,–राम र लक्ष्मणलाई नामगोत्रको उच्चारण पूर्वक र सीतालाई स्वीहुँदा नाम मात्रको उच्चारणले ढोक हुनेहुनाले, यहाँ–'नाममात्रको उच्चारणगरी' भनी, भिन्दै लेखिएको हो ।

रामले, धेरै दिनको शोकले विवर्ण भएकी आमा कौशल्याको मनलाई शान्त गराउँदै नगोचमा पुगेर उहाँका पाउमा दर्शनगरी कैकेयी सुमित्रालाईपनि दर्शन गरे ।

भक्तिमान भरतले, रामको नित्त्यपूजा भइरहेको दुइकठपाउ रामकापाउमा पहिराएर हातजोरो "यो नासो भइरहेको हजूरको राज्य, मैले हजूरलाई फर्काउन पाउँदा, आज मेरो जन्म सफल हुनपायो ! अयोध्यामा पालनु भएका हजूरको दर्शन पाउँदा मेरो मनोरथ पूर्ण भयो। हजूरको राज्यमा हजूरकै प्रभावले, राज्याङ्ग–ढुकुटी गोदाम फौजहरू साविकभन्दा दशगुण बढाएको छू ! आफ्नो राज्य पालन गरी बक्सियोस" भनी प्रार्थना गरे ।

भरतको प्रार्थनासुन्दा, भरतको मुखमा हेरिरहेका सुग्रीव समेत सबैले, आँसु[1] काढदै-भरतको प्रशंसा गरे ! खुशी मानेका राम, भरतलाई समाती काखमा राखेर, बिमानबाटैँ भरतको आश्रममा पुगी, बिमानबाट ओर्लिएर विमानलाई "तिमीलाई म विदा दिन्छू धन-पालक-कुवेर भएठाउँमा जाऊ" भनी, आफू गुरू बसिष्ठछेउ गए ।

ढोगेर आचार्य बसिष्ठ पाउमा, जसोरि बाचस्पतिमा त इन्द्रले ।
राखेर उच्चासनमा उहाँकन, आफू बसे राम, नगीच नम्र भै ।।

इति लंकाकाण्डे चतुर्दश : सर्ग : ।।१४।।

भक्तिमान भरतले, घुँडामारी दुइहातजोरो, निहुरिएर,–"हे राम ! अगि, हजूरले मेरी आमाको सत्कारगरी[2] , मलाई राज्य दिनु भएको थियो । अब, त्यो राज्य म हजूरलाई फिर्ता चढाउँदछू, सर्वथा स्वीकार होस" भनी, रामको पाउ समाती पसारिए । कैकेयीलेपनि नम्रप्रार्थना[3] गर्दा, मायाको आश्रयलिई मनुष्यको चेष्टा भएका ईश्वर रामबाट, राज्य फिर्ता स्वीकार भयो ।

आफ्नै सुखरूप आनन्दमा अनुभव भएका, कसैमा संसर्गनभएका, आनन्द ज्ञान स्वरूप जगदीश परमात्मालाई, मनुष्यको राज्य के काम ! जसको आँखिभौं कर्किदामात्र, तीनैलोक क्षणैमा नष्ट हुन्छ ! जसको अनुग्रह मात्रले स्वर्ग सम्पत्ति हुन्छ ! जसको लीलाले अनेककोटी

१–'ई दुई भाईमा यस्तो भ्रातृ स्नेह रहेछ' भनी हर्षले र, आफूमा त्यसको वेपरीत्यहुनाले अपशोचलेपनि आंशु खसालदै ।
२–'मेरो छोराचाई राज्य छोडो, तिमी बनबास गर' भन्ने वाक्यको पालन रूप 'सत्कार' । ३–'मेरो वाक्यको पालनले म सन्तुष्ट भएँ, अव मेरै खुशीले, फेरी त्यो राज्य तिमीलाई सुँपिन्छू, सर्वथा स्वीकार गर' भन्ने कैकेयीको प्रार्थना ।

ब्रह्माण्डरूप महासृष्टि हुन्छ। त्यसता लक्ष्मीपतिका निमित्त यो राज्य कत्रो हो ! के हो !, तथापि उहाँमा भक्तहरूको कामना पुऱ्याउने स्वभाव रहेको हुनाले र लोलाबाट लिएको मनुष्यदेहबाट, मनुष्यकै चालव्यवहार लिएको हुनालेमात्र राज्यस्वाकार भएको हो !

राज्य स्वीकार भएपछि, शत्रुघ्नको आदेशबाट हजाम र राज्याभिषेकका सराजाम-हरूपनि[1] जोरजाम भए।

स्नानको प्रारम्भमा पहिले भरत, लक्ष्मण, सुग्रीव र विभीषणको केश संस्कार र उद्वर्तनादि[2] पूर्वक स्नान भएपछि, रामले केश संस्कार पूर्वक स्नानादिगरी चन्दन फूल–माला–बस्त्र पहिरी आनन्दलिई बसे। राम र लक्ष्मणको उद्वर्तनादिकर्म भरतले गरेका थिए।

सीतालाई राजमहलका स्त्रीहरूले स्नानादि संस्कार पूर्वक, उत्तमबस्त्र गहनाहरू पहिराई सौभाग्य श्रृंगार गराए। त्यसपछि पुत्रवत्सला कौशल्याले, बानरका स्त्रीहरूपनि सबैलाई स्नान श्रृंगारहरू गराउन लगाईन्।

सबैको स्नान–श्रृंगार सकिएपछि, शत्रुघ्नको आदेशबाट सुमन्त्रले सज–धज भएको चहकिलो रथ लिईआए। राम रथमा चढेपछि सारथि भरत भए; शत्रुघ्नले रत्नको डाँठभएको सेतो छाता र लक्ष्मणले पंखा समाते, नगीच बसेका सुग्रीव र विभीषणले चमर डोलाए। अंगद हनूमोन आदि सबै, हात्तो, घोडा रथहरूमाबसो, रामका अगाडि–पछाडिमा लागे। सोता र सुग्रीवका स्त्रीहरूपनि रथ आदिमा चढी, रामका-रथको साथै अयोध्यातर्फ लागे।

आकाशबाट, देवता ऋषि सिद्ध चारणहरूले गरेको मंगलस्तुतिको मधुर शब्द सुनिन लाग्यो। मनुष्यको रूपलिई हात्तीमा बसेका बानरहरू, कर्णाल, शंख, दमात्रो, मादल, कठतालहरू बजाउँदै अगाडि–पछाडि हुँदैगए। एवं, उत्सव साथै अति श्रृंगार भईरहेको अयोध्यातर्फ प्रस्थानहुँदा,अ गि[3] दुःख मानेका नागरिकहरू, रामको दर्शन निमित्त, ठाउँ–ठाउँमा भेला भएका थिए।

१–समुद्रका जल आदि। २–बुकुवा लगाउनु, इत्यादि। ३–अगि बनगमन समयमा, अति दुःख मानेका।

दुवो झई श्यामलदेहका भई, किरीट रत्नाभरणादि भूषित ।
रक्ताब्ज फूलेझइँ दीर्घ नेत्रका, देखेर रैती सब हर्षमा परे ।।
बिचित्रका रत्नउनाउ सूत्र[1] बाँधेर, पीताम्बर पैह्रिएका ।
अमूल्यका मोति उनो बनेका, मालालगाई अति झल्किएका ।।
प्रशान्तसुग्रीव र बानरैले, सेवा भएका रवितुल्य तेजका ।
लगाइ कल्पद्रुम पुष्पमाला, कस्तूरि श्री खण्ड सुगन्धदेह भै ।।
'श्रीरामआए' भनि स्त्रीहरू सबै, मुखै उज्यालोगरि हडवडाउँदै ।
छोडेर प्रारम्भित कर्म गेहको, गरेर श्रृंगार अटालिमा पुगे ।।
नेत्र र चित्तै दुइमा रसाउने[2], आनन्दका मूर्ति चिन्हेर भक्तिले ।
नृहेर सर्ब्रोत्सवरूप[3] राममा, हाँसी उज्याला भई फूल छर्किए ।।
श्रीराम हाँसो अति प्रेमदृष्टि दी, प्रजा सबैलाई रमाउँदै गए ।
विस्तारले, स्वर्गसमान उज्ज्वल,-स्ववंशको मन्दिरमा पुगेपछि ।।
छोडी रथै, भित्र पसेर भक्तिले, गर्दा भए दर्शन[4] मातृपाउमा ।
एवं, क्रमैले सब मातृ वर्गमा, गर्दै गए दर्शन भक्ति भावले ।।

एवं, मन्दिरभित्र पसी, दर्शनादि भएपछि रामले भरतसंग "सकल बस्तु सम्पन्न मेरो मन्दिर, मेरा मित्र बानरकाराजा सुग्रोवलाई देऊ, अरू सबैलाईपनि सुबिस्थाको बास हुनेगरी घर, मन्दिरहरूको तजबिज गर" भनी अह्राए ।

भरतले, सबैलाई बासको तजविज मिलाएर, सुग्रीवसंग "रघुनाथको अभिषेकनिमित्त चार समुद्रको जललिई आउनलाई, छिटा-छरिता दूतहरू खटाउनु होस" भने । सुग्रीवले जाम्ववान हनूमान अंगद र सुषेणलाई खटाए । उनीहरूले बायुका बेगले गई, समुद्रको जल भरेका सुनका घडाहरूल्याए । ऊ घडाहरू, मन्त्रीसाथका शत्रुघ्नले बुझी, अभिषेक निमित्त वसिष्ठलाई बुझाए ।

वृद्ध बसिष्ठले, व्राह्मणहरूका साथमा सबे प्रबन्ध मिलाई, सीता सहितका रामलाई

१-कन्दनी । २-अति आनन्द गराउने । ३-देखने जति सबैका आनन्द दायकहुँदा, उत्सव स्वरूप । ४-यस भनाईबाट, अगाडि आमाहरूको प्रवेश भएपछि, प्रजाहरूमा सन्मानको विलम्वले पछिमात्र रामको प्रवेश भएछ, भन्ने सूचना गराउँदछ ।

रत्नको उच्चसिंहासनमा बसाले। त्यसै बखतमा आकाशबाट स्तुतिगर्दै आएका गण सहित चार लोकपाल र देवताहरूका साथै, ब्राह्मण कन्या मन्त्रीहरू सहितका बसिष्ठ बामदेव जावालि गौतम वाल्मीकिहरूले, कुशकाटुप्पा तुलसी सर्बौषधि संयुक्त पवित्र सुगन्धजलद्वारा, अष्टवसुले—इन्द्रलाई झैं, रामलाई अभिषेक चढाए। त्यस बखतमापनि, रत्नको डाँठ भएको सेतोछाता शत्रुघ्नले र दुइचमर सुग्रीव र विभीषणले समातेकै थिए।

अभिषेकहुँदा, इन्द्रको अह्रावटबाट वायुले रामलाई सुनकोमाला पहिराए। इन्द्रले—सबै रत्नहरूमिलाई सुनकातारमा उनेको हार पहिराए। देवताहरूको कर्णाल बज्नलाग्यो, गन्धर्वहरू मंगल गाउन र अप्सराहरू नाचनलागे। आकाशबाट पुष्पबृष्टि भयो !

दुवाको जस्तो बर्णभएका फुलेका कमलका फूलको पत्ताजस्ता फलिएका नेत्रभएका, हजारौं सूर्यको जस्तो प्रभाभएका, दिब्यचन्दन र पीताम्वर पहिरी रत्नकोकिरीट गहनाहरू लगाएका र बायाँ बाहुले रक्तकमल जस्ता बाहु भएकी, सकलगहनाहरू पहिरेकी सुवर्णवर्णकी सीतालाई अंकमालगरी रत्नका सिंहासनमा बसेका रामको अतिशय शोभा देखेर पार्वती सहितका शंकर जी, भक्तिपूर्वक स्तुति गर्दछन् :—

"नीलोत्पल श्यामलदेहका भै, किरीट बाजू मणिहार पैह्री।
रत्नासनैमाथि बिराजमान, प्रणाम हे राम! सशक्ति[१] लाई॥
हौ एक, आद्यन्त[२] र मध्यहीन[३], सृष्टयादि[४] गर्छौं लिइसाथ माया।
अतश्च छुट्टै[५] चटको[६] झईं भै, सत्तास्वरूपै सुखमानि बस्छौ॥
सम्झीलिनेको[७] सबसिद्धिलाई, मिली गुणैमा[९] अवतार लिन्छौ।
नरादि नाना अवतार तिम्रा, चिन्छन् ति ज्ञानी मुनिमात्र नित्त्य॥
आफै[१०] बनाई सबलोकलाई, तलैबसी शेष बनेर थाम्दछौ।
माथी बसी सूर्य र चन्द्र औषधी[११], हावा र मेघैबनि पाल्दछौपनि॥

१—मायाशक्तिको अवतार सीता सहितलाई। २—उत्पत्ति र नाश नरहेका। ३—आदि अन्त नहुनाले नै 'मध्य' भन्ने व्यवहार नपरेका अतश्च, मायाद्वारा सृष्ट्यादि गर्ने। ४—सृष्टि स्थिति प्रलय। ५—सृष्टि आदि देखि छुट्टै। ६—जस्तो—चटकगर्ने चटकी, आपनो चटकबाट निस्केका जीवादि वस्तु नाशहुँदापनि, दोषभागी हुँदैन, त्यस्तै भई। ७—भक्तिलिनेले। ८—मोक्ष आदिको सिद्धिलाई। ९—मायाका सत्त्व आदि गुणमा। १०—आफ्नै अशबाट कल्पनाले बनाई। ११—औषधी शब्दले अन्न आदि खाद्य पदार्थहरूपनि लिइन्छ।

तिमि सधैं सबका जठराग्नि भै, पचन पारिदिने सब भोजन ।
पवन[१] पञ्चक रूप सहाय भै, सब अखण्ड जगत्कन पोषने[२] ॥
अग्नि चन्द्र रविको सब तेज, जो छ 'जीव' सबका तनुभित्र[३] ।
जो छ धैर्य अनि शौर्य र आयु, सत्त्वहुन् तिनि सबैपनि तिम्रा ॥
रूपले[४] शिव विरिञ्चि र बिष्णु, काल कर्म शशि सूर्य भनिन्छौ ।
भिन्न भाव गरि भक्तिलिनेको, भान[५] हुन्छ सबभिन्न रहेझैं ॥
किन्तु, निश्चय छ, एक छ ब्रह्म, भेद छैन छ अनन्य शरीर ॥
पुराण वेदादि सबै कहन्छन्, 'मत्स्यादिको[६] रूप भएर एक' ।
एवं जतीछन् सद[७] सत्[८] विभाग, सबं तिमी हौ अरू छैन केही ॥
अनन्त ती सृष्टिहुँदा जतीबने, जो भूत वा भावि र वर्तमानछन् ।
सबै ति तिम्रा प्रतिविम्व रूपहुन्, अतश्च यक्लो तिमि नै परात्पर ॥
माया फसी मूढ बनेर लोक, बुझ्दैन कोही परमात्मातत्त्व ।
सच्चित्त भै गर्दछ भक्ति सेवा, जस्ले त्यही चिन्दछ 'ईश' एक ॥
जान्दैन ब्रह्मादि, 'चिदात्मतत्त्व' बाह्यार्थमालागु कसोरि जानोस ।
त्यस्कारणै लोक यही स्वरूप, संझून् सधैं भक्ति लि मुक्त हुन्छन् ॥
तिम्रो यही नाम जपी कृतार्थ भै, बस्छू म काशीलिइसाथ पार्वती ।
मर्नेहरू मुक्त हउन् भनेर नै, सुनाउँछू मन्त्र म 'राम' कानमा ॥
जो भक्तिले यो स्तवलिन्छ चित्तमा, गाउँछ वा लेख्तछ पढछ वा सधैं ।
भोगी सबै लौकिक सौख्य, अन्त्यमा ऊ पुग्छ स्वर्ग प्रभुका प्रसादले ॥"

यति सम्म शंकर जीबाट स्तुतिभएपछि, इन्द्रआदिलेपनि आफू–आफूले भोगेंका दुःख सम्झी प्रार्थना गर्दछन् :–

इन्द्र– "त्यो राक्षसैले वर पाउँदामा, मेरो सबै स्वर्गसुखैं हरेथ्यो ।
पाएँ सबै त्यो प्रभुका कृपाले, अघोरको राक्षस मारिदामा ॥"

१–हृदयमा रहने 'प्राण', गुदद्वारमा रहने 'अपान', नाभिमण्डलमा रहने 'समान', कण्ठस्थानमा रहने 'उदान', शरीर भरि रहने 'व्यान' समेत बाँच बायु । २–गीतामापनि–"अहं वैश्वानरो भूत्वा प्राणिनां देह माश्रृत; प्राणापान समायुक्तः पचाम्यन्नं चतुर्विधम्" भन्ने बचन छ। ३–शरीर। ४–रूपको भेदले। ५–भिन्न–भिन्न रूपमा भिन्न–भिन्न जस्तो ईश्वरमाननेलाई, ईश्वर धेरैं जस्तो भान हुन्छ। ६–दशावतार। ७–ब्रह्म। ८–ब्रह्मदेखि बाहेक अरूसबै।

देवताहरू– "सधैं हर्दथ्यो यज्ञको भाग हाम्रो, विधानैगरी विप्रले अर्पिएको ।
हजूरका कृपाबाट मारो गयो त्यो, अगीकै झईं पाउनै छौं ति भाग।।"

पितृहरू– "गया आदि तीर्थैहरूमा त हाम्रो, बलात्कार खोसी सबै 'पिण्ड' खान्थ्यो ।
महात्मन् ! प्रभो ! मारियो दुष्टदैत्य, भयौं पाउने आजदेखि ति पिण्ड ।।"

यक्ष– "मजूरी बिना काम लिन्थ्यो बलैले, त्यसै पालिक बोक्थ्यौं सधैं दु:ख भोग्थ्यौं ।
मऱ्यो त्यो दुरात्मा हजूर्बाट आज, छुटचौं दु:खबाट हजूर्का कृपाले ।।"

गन्धर्व– "हामी गाउँन ओस्ताद गाउँथ्यौं प्रभुका कथा ।
आनन्दामृत पाउँथ्यौं, पूर्ण भै सुखमा थियौं ।।
पछी रावणले राम ! बलैले बशमा लियो ।
त्यसैको गान गाऊने, भएथ्यौं साथमा रही ।।
आज रावण मारीदा, पायौं रक्षा सुखी भयौं ।"

एवं, मनु प्रजापति अष्टवसु बायु सिद्ध किन्नर अप्सरा गुह्य नागदेखि गाई, पक्षी सम्मपनि सबैले पृथक–पृथक स्तुतिगरी, रामबाट प्रेमपूर्वक विदा पाएपछि, सिंहासनमा बसेका अभिषेकले भिजेका रामलाई सम्झदैं गाथागाउँदै, आफ्ना–आफ्ना लोक तर्फ गए ।

स्वर्गैका वाद्य बज्दै हररर फुलका बृष्टिले मानिएको ।
चारौंतर्फै रहेका सुरमुनिहरूले स्तोत्रले भाविएको ।।
सीता सौमित्रि साथै कपिहरू सबले पाउमा पूजिएको ।
तेजीलो मोहडा भै रबि शशिशत झैं देखियो राममूर्ति ।।

इति लंकाकाण्डे पञ्चदश: सर्ग: ।। १५ ।।

सकलजगतका सुखजनक रामको अभिषेक भएपछि, पृथिवी धान्य आदि सकलवस्तु-बाट सम्पन्न भईन । बृक्षहरू फलसम्पन्न भए । सुगन्ध हराई वैलाएका फूलहरूपनि प्रशस्त सुगन्ध युक्तभई फैलाए । राज्याभिषेक भएपछि हर्षवढाइमा रामले ब्राह्मणहरू समेतलाई, लाखौं घोडा, गाई, बाछाहरू र तीशकरोड नगद, एवं बस्त्र गहना रत्नहरू वितरणगरी सूर्य-

कोकान्ति जस्तो रत्नकोमाला सुग्रीवको हातमा र दुइबाजू अंगदको हातमा दिई, हजारौं चन्द्रमाको जस्तो चहक भएको रत्नकोमाला सीतालाई लगाइदिए ।

सीताले, ऊ माला घाँटीबाट उतारेर हातमालिई रामतर्फ र बानरहरू तर्फ बराबर आँखा घुमाउन लागीन् र सीताको अभिप्राय बुझेका रामले "हे वैदेहि ! तिमी जो देखि खुशी छौ त्यसैलाई देऊ" भन्दा, सीताले हनूमानलाई दिईन् ।

सीताको आदरबाट र त्यस मालाबाट समेत हनूमान अति शोभा वढेका देखिए१ ।

हनूमानको भक्तिबाट संतुष्ट रामले "ए हनूमन् ! तिमीदेखि मपनि प्रसन्न छू, तिम्रो इच्छा परेको वर माग, तीनैलोकमा देवतालेपनि नपाउनेकुरा भएपनि तिम्रो इच्छा म पुऱ्याइ दिनेछू" भने ।

हनूमानले "हे प्रभो ! हजूरको नाम संझिरहने मेरो मन कहिल्यै तृप्त भएन ! त्यस कारणले जहाँसम्म लोकमा हजूरको नाम रहन्छ, त्यहाँसम्म मेरो शरीर रही रहोस,

---

१–यस प्रकारणको ग्रन्थान्तरमा, – "राज्योत्सवमा रामबाट हनुमान बाहेक सबैलाई जातन्जातका रत्नका गहना बाँडी, सीतालाई रत्नको माला लगाईदिदा सीताले ऊ माला हनुमान्लाई दिनूभयो, हनुमान्ले दाँतले टोकदै फोरेर जलाशयमा सेलाए ! त्यो तमासादेखेका देवता र बानर समेत सबैले हनुमान्लाई "हा ! हा !" गर्दै "अरे ! तिमीले किन यस्तो आफ्नो जातको काम देखायौ ?" भन्न लागे ।

रामले, उदारचित्त हनूमान्लाई नगीचमा बोलाई–"सीताले दिएको अमूल्य माला किन फ्याँक्यौ ?" भने ।

हनूमान् भन्दछन् :– "हजूरलाई ब्रह्मज्ञानीहरू 'ब्रह्म' भन्दछन् सज्जन विद्वान्हरूपनि 'आत्मेश्वर' भन्दछन् ! मैले पनि त्यही समझलिदा,–सकलकुराबाट दुःख रूपदेखिएको त्यस मालालाई त्यागेको हूँ !"

राम भन्दछन् :– "यदि, तिमी मबाट कुनैकुराको वर लिन चाहँदैनौ भने, तिम्रो 'इच्छा' नै निर्मूल गराइदिन्छू ! कसो हो ?

हनूमान् भन्दछन् :– "मेरो इच्छा–'श्री रामको कथा सुन्नुमा र चाकरीगर्नुमा सफलगराउँ' भन्नेमा छ, त्यस इच्छामा विरोधपार्ने जोजे हुनआउँडछ,–त्यसलाई निर्मूल गराई बक्सियोस् ! मेरो अन्तः–करणमा,–सीतासहित हजूर निरन्तर बसीनै रहनू भएको छ, लौ सबैले देखून्" भन्दै, दुइहातले आफ्नो छाति च्याती, हृदयरूपी कमलमा सीताबाट पाउ सेवाहुँदै बसेका 'राम' को दर्शन सबैलाई गराए ! हनूमान्को त्यो वैभवदेखेर सबै, ओश्चर्यले छक्कपरे ! रामले हनूमान्लाई दुईहातले च्यापी अङ्गा लोहाले ! मण्डलैभरी 'जय ! जय !' शब्दको आवाज उठ्यो !

त्यो वैभवदेखदा अति खुशीमानेकी सीताले, हनूमान्लाई 'सर्वत्र अभय' वर दिईन् ! यो 'कथा',–अज्ञान जन्मपाप नाशक र आनन्द दायक; रामको लीला रूपी 'अमृत' हो' भनी लेखिएको छ ।

हजूरको नाम संझदै पृथिवीमा बस्तछू, मेरो इच्छा परेको वर यत्ति हो।" भने।

रामले "हुन्छ, सधैं मेरो नामको स्मरणले विषयत्राट[1] मुक्तभई सुख पूर्वक बस, कल्पान्तमा मेरो सायुज्य[2] पाउने छौ", भनी संतुष्ट गराए।

प्रसन्न सीतालेपनि "ए हनूमन्! तिमी जहिले जहाँ बसेपनि मेरा वचनले सबै सुख-भोग तिम्रो पछि लागनेछन्" भनीन। दुवै ईश्वरका वचनबाट हर्षमाना आनन्दको आँसु खसालेका हनूमानले, दुवैलाई वारंवार प्रणाम गरी गाहारो[3] मान्दै, तपस्याको निमित्त हिमालको बाटो लिए।

रामले अगाडिरहेका गुहलाई "हे सखे! तिमी आफ्नो सुन्दर शृंगवेरपुरमा जाऊ, नित्य मलाई चिन्तन गर्दै आफूले कमाएका कर्मको भोग टार्दैंगर; अन्त्यमा मेरो सारूप्य[4] पाउने छौ" भनी, दिव्य भूषणहरू र राज्य थपदिई, आत्मतत्त्वका ज्ञानको उपदेशपनि गर्दै, आलिंगनले विदा गरी, अरू बानरहरूलाईपनि उत्तम अलंकार सहित बस्त्रहरूले संतुष्टगराई विदागरे। संतुष्ट भएका सुग्रीव आदि बानरहरू किष्किन्धामा र काँढो मरेको राज्य पाएका विभीषण लंकामा फिरे।

सवैमा समानप्रेम भएका राम, सवैलाई संतोषगराई राज्यशासनमा लागे। यौव-राज्यमा लक्ष्मणको ईच्छा थिएन तापनि, रामले लक्ष्मणलाई अभिषेक गराए। लक्ष्मणपनि ठूलो भक्तिलिई रामको सेवामा लागे।

राम आफू, परमात्मा सर्वकर्मसाक्षी कर्तृत्व भोक्तृत्व आदि नरहेका[5] निर्विकार आफ्नै आनन्दमा संतुष्ट[6] हुन् तापनि, मनुष्यको शरीर लिएकाहुनाले, लोकलाई उपदेश बुझाउँदै अश्वमेघादि यज्ञपनि[7] गरे।

रामको राज्यमा, अति सौराज्य थियो! लोकभरि कहींपनि बिलापपर्न पाएन, विधवापनि भएनन्, सर्प, बाघ, रोग, चोर इत्यादिको भयपनि कहीं रहेन! कहीं कुनै अनर्थपनि परेन, बूढो छदैमा बालक मर्ने भयपनि भएन! सकलजनताहरू रामको चिन्तन र

१–शब्द स्पर्श रूप रसगन्ध आदि बिषय। २–एकत्त्व। ३–रामको दर्शनबाट छुट्टिन गाहारो मान्दै। ४–ईश्वरका साथमा समान ऐश्वर्यको लाभ। ५–अभिमान नरहेका, अतएव निर्विकार। ६–लौकिक आनन्दको सामातीमा अपेक्षा नगर्ई, 'संतुष्ट'। ७–रामले गरेका यज्ञादिको प्रयोजन नै लोकलाई उपदेश हो, भन्ने अभिप्राय।

रामको पूजनमा तत्पर रहनें भए । मेघहरूपनि समय अनुसार बृष्टि गराउनें भए । दुनियाँहरू जात र आश्रम अनुसारको धर्ममा रहने भए ।

सकल गुण सम्पन्न धर्मपरायण रामले आफूमा प्रीतिभएका दुनियाँलाई, वाबुमा प्रीति भएका छोरालाई वाबुले झैं प्रीति पूर्वक रक्षागर्दै, एघारहजार बर्षसम्म राज्यशासन गरे !

रहस्य यो धान्य धनादि बर्धक, आरोग्य दीर्घायुद पापनाशक ।
पवित्र 'आध्यात्मिक'[1] रामको कथा, अगी कहेको शिवबाट प्रेमले ।।
जो सुन्छ एकाग्र भएर भक्तिले, जो पढ्छ वा चित्तलगाई प्रेमले ।
मनोरथै सिद्धगराइ शुद्ध भै, पखालि पापादि रहन्छ ज्ञानले ।।
रामाभिषेकै अति यत्नले सुनोस् धनाभिलाषी धन धेर पाउँछ ।
पुत्राभिलाषीपनि यो सबै[2] पढोस, सुशीलको पुत्र त पाउने छ त्यो ।।
जो सुन्छ राजा, यहि रामसंहिता[3] , दवाइ शत्रु र बढाइ राज्य नै ।
समृद्ध पृथ्वीपति भै सधैंभरी, दु:खै हटाई बिजयो रहन्छ त्यो ।।
सुनून जनानापनि रामका कथा, हुन्छन् सुपूज्या चिरजीवि पुत्र भै ।
बाँझीपनि भक्ति लि सुन्दछे भने, जन्माउँछे सुन्दरपुत्र लोकमा ।।
त्यागेर ईर्ष्यादि र काम क्रोध नै, श्रद्धागरी भक्ति लिएर राममा ।
सुनोस वा पाठ गरोस नित्य जो, त्यही सुखी निर्भय हुन्छ लोकमा ।।
अध्यात्मरामायण आदिदेखि नै, जो सुन्छ त्यस्मा सब देवताहरू ।
संतुष्ट हुन्छन् सब विघ्न हट्तछन्, अपूर्वका सम्पति शान्ति बढ्दछन् ।।
रजस्वला[4] चित्तलगाइ राममा, सुनोस रामायण भक्ति भाव ली ।
चिरायुको उत्तमपुत्र पाइ त्यो, पतिव्रता भैकन मान्य बन्दछे ।।
पूजा[5] गरी नमस्कार, गर्छन् जो नित्य भक्तिले ।
पापले छोडिएका ती, बिष्णुको पद पाउँछन् ।।
अध्यात्मरामायण यो, सुनेमा भक्ति पूर्वक ।
आफूले नै पढेमा वा, हुन्छन् 'राम' प्रसन्न नै ।।

१–आत्मालाई चिन्हाउने । २–आदिदेखि अन्त्य सबै । ३–'आध्यात्मरामायण संहिता । ४–रजस्वलाको श्रवण,–चारौं दिनमा प्रारम्भगरी बाह्रौं रात सम्म । ५–पुस्तकको पूजागरी ।

राम नै हुन् 'परब्रह्म', तिनो तुष्ट भए भने ।
धर्मार्थकाम मोक्षैमा, जो इच्छा हुन्छ मिल्छ त्यो ॥
नियमैलिइ सुन्नू यो, रामायण अखण्डले ।
आरोग्यायुष्य दाता छ, सबै पाप हटाउँछ ॥
रामायण श्रवणले, सबै ग्रह र देवता
महर्षिपनि संतुष्ट, भई सुख दिलाउँछन ॥

खोजी वेद सबै झिकी उपनिषत् सारांश स्पष्टै बुझी ।
"जो छन् तारक ब्रह्म, 'राम' तिनिहुन् श्रोबिष्णुका मूर्तिहुन् ॥"
भन्ने जानि, ति गुप्ततत्त्व प्रभुको, सम्पूर्ण स्पष्टै गरी ।
संक्षेपै सित पार्वतोसंग कथा भन्नू भयो शम्भुले ॥

इति लंकाकाण्डे षोडश : सर्ग : ॥ १६ ॥

इति लंकाकाण्डं समाप्तम् ॥

अथ उत्तर काण्डम्

जयछन् रघुकुल तिलकः कौशल्याका रमाउने मूर्तिः ।
दशमुख राक्षस मार्ने, दशरथका सुपुत्र ती रामः ॥

परमात्मा रामको तत्त्वकथा सुनेर श्रद्धाबढेकी पार्वतीले, शिवजीसंग "हे भगवन् ! कौशल्याका आनन्द बर्द्धक राम, रावणादि राक्षसलाई मारेर सीताका साथमा अयोध्यामा राज्याभिषेक भएपछि, मनुष्य लीलाले पृथिवीमा कतिबर्षसम्म बसनु भयो ? अन्तमा कुन चरित्रले मनुष्य लोक छोडनु भयो ? यी कुरामा चाख लिएकी मलाई सबै सुनाइ दिनुहोस; कथारूपी अमृतको स्वाद पाउँदा त्यसैमा तृणा बढीरहेछ" भनी प्रश्न गरोन् ।

शिवजी भन्दछन् :– राक्षसलाई मारी, राज्यमा अभिषेक लिईबसेका रामको दर्शन र स्तुति गर्नभनी, विश्वामित्र असित कण्व दुर्वासा भृगु अङ्गिरा कश्यप वामदेव समेत ऋषिकाडफा र आफ्ना शिष्य समेत साथमालिई आएका अगस्त्यले, रामका ढोकामा पुगी ढोकेसंग–"अगस्त्य आदि ऋषिहरू आशीर्वाद चढाउन आएकाछन् भनी समाचार पुऱ्याइ देऊ" भने ।

ढोकेले, रामछेउ पुगी, "हे देव ! हजूरको दर्शननिमित्त प्रशस्त ऋषिहरूलाई साथमालिई आएका अगस्त्य बाहिर बसनु भएको छ" भनी निवेदन गर्दा, रामले "जाऊ झट्ट सुविस्था साथलिई आऊ" भने

ढोकेले ऋषिहरूलाई आदरपूर्वक बाटो देखाउँदै रत्नसज्जित महलमा पुऱ्याए ।

रामले ऋषिहरूलाई देखदैमा उठी हातजोरेर, पाद्य अर्घ्य मधुपर्क समेतबाट यथायोग्य सत्कार पुऱ्याई दिव्य आसनहरूमा बसालेर कुशल प्रश्न गरे ।

प्रसन्न भईबसेका ऋषिहरूले "हे रघुनन्दन ! तपाईंमा सर्वत्र कुशल रहीरहोस ! शत्रुमारेका तपाईंलाई कुशलदर्शन पायौं ! त्यो राक्षसेश्वर रावण पृथिवीको भार थियो !

हुन त धनु समातेका तपाइँ तीनैलोकलाई जित्नसक्नेहुनाले, तपाइँबाट रावण आदि राक्षसहरू आनन्दैसंग मारिए, यमराज जस्ता कुम्भकर्णहरूपनि यमराजै जस्ता वाणबाट मारिए ! यति सम्मता सह्य थियो । हे महाबाहो ! इन्द्रजितलाई मारनु ठूलोकुरा हुनआयो !

अगि, हामोलाई अभयरूप दक्षिणादिने प्रतिज्ञा गर्नुभएको थियो, अहिले राक्षसका-फौजलाईमारी, त्यो प्रतिज्ञा पूर्णगराएर कृतकृत्य भई रहनुभयो ! हजूरको जीवन नै प्रशंसनीय छ" भने ।

ऋषिहरूका कुरा सुनी अचम्म मानेका रामले "तपाइँहरूले, तीनैलोकलाई जितने रावण कुम्भकर्ण आदि राक्षसहरूलाई पर्वाहै नराखी इन्द्रजितको प्रशंसा किन गर्नुभयो ?" भनी प्रश्नगरे ।

महातेजस्वी अगस्त्यले "हे राम ! रावणको र इन्द्रजित्को वृत्तान्त सुन्नुहोस,—जन्म कर्म र वरप्राप्ति समेत सबै संक्षेपले बताउँदछू—

अगि सत्ययुगमा ब्रह्माका छोरा महाविद्वान् 'पुलस्त्य' तपस्या[१] गर्न भनी सुमेरू पर्बतको कोखमागई, राजर्षि तृणविन्दुको रमणीय आश्रममा बसेर, नियमपूर्वक तपस्यामा लागेका थिए । रमणीयहुँदा त्यस आश्रममा, देवता र गन्धर्वका कन्याहरू आई कत्ति नहचकिने भई, गाउने वजाउने नाचने हाँसने गर्दै, पुलस्त्यको तपस्यामा विघ्नपार्न-लागे । त्यसबाट क्रुद्धभएका तेजस्वी पुलस्त्यले ठूलोबोली गरी "अबदेखि जो स्त्री मेरो दृष्टिमा परली त्यसले गर्भधारण गर्नेछ" भनी सुनाउँदा, त्यस शरापका डरले त्यहाँ स्त्रीजनहरू कोही आउने भएनन् ।

राजर्षि तृणबिन्दुकी छोरीले त्यो शराप नसुनेकीहुँदा, निर्भयसंग मुनिलाईपनि हेर्दै, आश्रममा घुमेकी थिईन । त्यत्तिले गर्दापनि तिनको शरीर क्रमशः गर्भप्रकाशक—सेतो पहेंलो वर्णको रूवरूवाउँदो हुँदैआयो र आफ्नोशरीरको वैवर्ण्य देखेर डराई, बाबुलाई बताईन् ।

मन्त्रशक्ति युक्त प्रभावशक्ति भएका राजर्षि तृणबिन्दुले छोरीको रूपदेखेर केहीवेर ध्यानलिदा विज्ञानदृष्टिबाट, मुनिको शरापनै कारण बनी हुनआएको बुझेर ती कन्या पुलस्त्य-

---

१—'तपस्या' को लक्षण, यसैकाण्डको द्वितीयसर्ग टिप्पणीमा लेखिएको छ ।

लाई दिदा, मुनिलेपनि प्रसन्नैसंग कन्याको हात समाती स्वीकार गरेका थिए । पछि शुश्रूषामा अति तत्पर भएकी देखेर संतुष्टमुनिले उनीसंग "तिमीलाई, दुवै[1] कुललाई बढाउने एउटा छोरो दिनेछू" भनेका थिए ।

केहीदिनपछि, राजकन्याले पुत्र पैदा गरीन् जो 'पुलस्त्यको छोरो ब्रह्मज्ञ' 'बिश्रबा' भनी प्रख्यात भए । बिश्रबाको उत्तमस्वभाव देखेर उनीलाई पत्नीनिमित्त भरद्वाज ऋषिले आफ्नी छोरी दिए । तिनीबाट जन्मिएका छोरा बाबुकैं स्वभावभई, ब्रह्मालेपनि मनपराएका थिए; जो 'बैश्रवण[2]' नामले प्रख्यात भए ।

बैश्रवणको तपस्याबाट संतुष्ट भएका ब्रह्माले, बैश्रवणलाई मनले चिताएको धनेशत्त्वरूप[3] वर दिए । बर पाएका बैश्रवण, ब्रह्माले नै दिएको 'पुष्पक विमान' मा बसी, बाबु बिश्रबाको दर्शनमा आए । बाबुलाई दर्शनगरी, तपस्याको फल सबैबताई "ब्रह्माले मलाई उत्तम बर दिई, बसने ठाउँ भन्नु भएन ! अतः मलाई बसनलाई कसैको हकनभएको ठाउँ बताई दिनुहोस" भने ।

बिश्रबाले "अगि राक्षसहरूलाई बसन भनी विश्वकर्माले बनाएको 'लंकाशहर' अति राम्रो छ, त्यहाँ बसेका राक्षसहरू बिष्णुकाडरले अगिनै रसातलमा पसेका र त्यसपछि कसैले धक्कालाउन नसकेको त्यो शहर अहिलेसम्म खाली नै छ, समुद्रको बीचमा पर्दछ; तिमी त्यहीं गई बस" भने । बाबुको आदेश पाएका बैश्रवण लंकाशहरमागई धेरैकाल सम्म बसेकै थिए ।

धेरैकालपछि कुनैबखतमा, सुमाली नामगरेको राक्षसले आफ्नी छोरी अति सुन्दरी कन्या 'कैकसी' लाई साथमालिई, रसातलबाट मर्त्यलोकमाआई घुमदै बसेको थियो । एकदिन, पुष्पकमा बसी आकाशमा घुमेका कुवेरलाई देखेर, राक्षसहरूको हित सम्झी, छोरीसंग "हे नानी ! तिम्रो बिवाहकाल भयो, यौवन वढी सक्यो ! दिन्न भनेमा आफ्नो अपमान होला भन्ने डरले मागन कोही सक्दैनन् ! तिमी आफै, ब्रह्मकुलमा जन्मेका यी[4] मुनिलाई बरणगर तिम्रो कल्याण हुनेछ ! तिनैबाट तिमोलाई ऊ[5] ती कुवेर जस्ता सुन्दर र

१–आमा तर्फ र बाबु तर्फ गरी दुवैकुललाई । २–कुवेर । ३–अखण्ड ऐश्वर्यको मालिक । ४–विश्रवा मुनि । ५–आकाशमा, बिमानमा वसी उडिरहेका कुवेरलाई औंलाले देखाएर ।

अतिबलिया छोराहरू हुनेछन्" भन्यो ।

कैकसीले "हुन्छ" भनी, मुनिको सामुन्नेमा पुगेर लाजले झैं निहुरी गोडाको बुढी-औंठाले भूइँमा कोरी रहँदा, मुनिले "तिमो को हौ ? कुन जातकी हौ ? कन्या हौ कि बिवाहिता हौ ?" भनी सोधे ।

हातजोरेकी कैकसीले "हे ब्रह्मन् ! ध्यानबाट नै थाह पाउनूहुन्यैछ" भनीन् र मुनिले ध्यानलिई बिचार गर्दा सबै थाहपाई कैकसीलाई "तिम्रो मनले खोजेको कुरा मैले बुझें ! मबाट छोरा इच्छागर्दी रहिछौ ! अहिले भयानक बेलामा आइछौ, अतः तिमीलाई दुइटा भयानक राक्षस छोरा हुनेछन्" भने ।

मुनिको बाक्यसुन्दा झस्के झैं भएकी कैकसीले "हे मुनिश्रेष्ठ ! तपाइँबाट हुनेछोरा-पनि त्यस्ता[1] त ?" भनीन् र मुनिजीले "पछिल्लो एउटा छोरो ठूलो बुद्धिमान, रामको भक्ति-मा तत्पर रहने हुनेछ" भनेका थिए ।

केही कालपछि कैकसीले दशघाँटी दशटाउका बिशहात भएको अति भयलागदो 'रावण' जन्माईन् ! त्यो जन्मनुका साथै, पृथिवी काँपीन् ! नाशकाकारण[2] बनेका अनेक उत्पातपनि निस्कनलागे ! त्यसपछि ठूलो पहाड जस्तो देह भएको 'कुम्भकर्ण' जन्मियो । त्यसपछि शूर्पणखा नामगरेकी रावणको बहिनी जन्मी । त्यसकोपछि, देखतैंमा सुन्दर शान्तस्वभाव भएका, बेदाध्ययन र नित्त्यकर्ममा तत्पर रहने, नियतको आहार भएका बि-भीषण पैदा भए ।

देखतैंमा डरलाग्दो दुष्टचित्तभएको कुम्भकर्ण, नित्त्यकर्म–अग्निहोत्रादिबाट संतुष्ट चित्तभएका शान्त स्वभावका ऋषिहरू समेतलाई खाँदै घुमदथ्यो । प्रशस्त बलीयो रावण, देहधारीलाई भयगराउने रोग झैं लोकलाई भयगराउने हुँदै, लोक नाश निमित्त बढदै गयो !

हे राम ! प्रभु नित्त्य, निर्मल तथा बिज्ञान नै रूपले,
साक्षी[3] भै सबभित्र गुप्तरहँदा, सर्बत्रको बोध छ ॥

१–तपाईबाटहुने छोरा ता, ठूलो बुद्धिभएको यो हुनुपर्दछ, भन्ने भनाई । २–राक्षसकाकुलको र लोककोपनि नाश गराउने कारण । ३–सबै देखने बुझने ।

लीलाले नररूप भैकनपनि सक्तैन माया[1] छुन,
लीलाबाट सुहाइ सोधनि[2] हुँदा भन्छू कुरा ती[3] सबै ।।
हे राम ! केवल ! अनन्त ! अचिन्त्य शक्ति ! चिन्मात्रका अज र अक्षर गूढ रूप ! ।
जो आत्मतत्त्व छ सबै, प्रभुमै छ ज्ञान, मूढो[4] प्रबृत्त छु अनुग्रहले म हिंड्छू ।।"
एवं अगस्त्य बचनै सुनि हाँसि–हाँसी, सम्झाइ बोलनु भयो प्रभु रामचन्द्रः ।
"मायाश्रितै सब छ[5] यो अरू केहि छैन, मेरो छ पापहरकीर्तन जानिलेऊ[6] ।।"

इति उत्तरकाण्डे प्रथम : सर्ग : ।।१।।

केहिकालपछि, वाबुको दर्शनगर्न भनी पुष्पक विमानबाट, कुवेर आएका थिए ।
कैकसीले, तेजस्वी कुवेरको कान्तिदेखेर आफ्नो छोरो रावण बसेको ठाउँमा गई, "ए वाबु ! कुवेरलाई हेर त ! कस्तो तेजिलो ! आफ्नै तेजले धपक्क बलला जस्तो छ । तिमीपनि जे जसो गरेर हुन्छ त्यस्तै हुनपाउने यत्नमालाग" भनीन् ।

कैकसीको उक्ति सुनदा गर्माएको रावणले झट्टै मनमनै प्रतिज्ञालिई–"ए आमा ! म पनि त्यो समानको वा त्यसभन्दा बढताको चाँढनै हुनेछू, मलाई उज्यालो आँखाले हेरनुहोस" भनी, कठोरको तपस्या निमित्त, दुवै भाइलाई साथमालिई, फल सिद्धिकालागी गोकर्ण तीर्थमा गयो ।

गोकर्णमा पुगेका तीनैभाइ आफ्नो–आफ्नो बासना अनुसारको नियम[7] लिएर, सबैलोकलाई तापगराउने दुष्करतपस्यामा[8] बसे ।

१–मायाका गुण–रज आदिले हुन शक्तैन । २–लीलालेमात्र नररूपलिएका, प्रबृत्तिमार्गमा नरहेका हजुरले नराकारका आचरणमा सुहाउँदोगरी, नजान्ने झैं भई सोधनीहुँदा । ३–राक्षसबाट हुनआएका कुरा । ४–मूढोभई प्रबृत्तिमार्गमा लागेकोछ, अनुग्रहलेमात्रहिंडदछू । ५–यो जगत्–'साक्षी' 'अन्तर्यामी' इत्यादि भनिने सवै मायाश्रित छ । ६–मेरो कीर्तनबाट पापहरण हुनेहुनाले, मेरो जन्म त्यसैकानिमित्त छ । ७–राजस तामस सात्त्विक स्वरूपनियम लिएर । ८–चित्तलाई, शुद्ध र विषयबाट निरन्त गराउनलाई, शरीरको कष्टबाट गरिने,–बतनियमहरूलाई 'तपः' वा 'तपस्या' भन्दछन् । तपस्या,–शारीरिक वाचिक मानसिक गरी तीनप्रकारका हुन्छन्, अर्थात–देवताको पूजा, मान्यजन बिद्वानको आदर सत्कार, ब्रूह्म चर्य, अहिंसा आदि 'शारीरिकहुन् । साँचो बोलनु, मिठो बोलिगर्नु, बेदशास्त्रहरू पढनु आदि 'बाचिक' हुन् । मौना बलंवन, आत्मनिग्रह आदि 'मानसिक' हुन् । यी प्रत्येकमापनि,–सात्त्विक राजसिक तामसिकगरी फेरी तीन–तीन प्रकारका हुन्छन्; जस्तै–फलको आकांक्षा नराखी श्रद्धाले गरिनेलाई 'सत्त्विक', समाजमा सत्कार सन्मान आदि लाभकालागि गर्छ भने, त्यो पारत्रिकफलशुन्यलाई 'राजसिक', अत्यन्त दुराग्रहद्वारा आफूमापीडापारी, अर्कालाई उत्सादन (पखालनु बा हतोत्साह गराउनु) का निमित्त गरिनेलाई 'तामसिक' भन्दछन् ।

कुम्भकर्णले, दशहजार वर्ष तपस्यागऱ्यो। सत्यधर्ममा लागेका धर्मात्मा विभीषण,–पाँच हजार वर्षसम्म एकपाउ मात्रले टेको खडारहे! रावणले दिव्यवर्ष दशहजारसम्म निराहार भई, प्रत्येक हजार वर्ष पूर्णहुँदा एउटा टाउको काटी अग्निमा होमगर्ने कर्मको नियमलिई, एवं कर्मले नौ हजार वर्ष बिताई, दशौंहजार वर्ष पूर्णहुँदा, दशौंटाउकोपनि काटन आँटेको समयमा ब्रह्मा उपस्थित भई "हे बत्स! दशग्रीव! म खुशी छू, तिम्रो मनमालागेको वर माग दिनेछू" भने।

उपस्थित ब्रह्माको बचन सुन्दा,–अन्तःकरणदेखि हर्षमानेको रावणले "हे ईश! यदि मलाई वर दिने हो भने–'मर्नु नपर्ने' वर मागदछू, पंक्षो, नाग, यक्ष, देवता, दैत्य, समेत कसैबाट नमारिने वर दिनुहोस! मनुष्यता घाँसैजस्ता[१] हुन्!" भन्यो।

ब्रह्माले "तथास्तु" भनी, फेरिपनि "हे दैत्यश्रेष्ठ! तिमीले अगि अग्निमा होम गरेका तिम्रा टाउकाहरूपनि, तिमीमा अगि झैं रही अक्षय हुनेछन" भनी संतोष गराएर, नगिचेमा नुही हातजोरोरहेका विभोषणलाई "हे वत्स! तिमीले धर्मकानिमित्त उत्तम-तपस्या गरेका छौ, आफ्नो हित ठहऱ्याएको वर माग" भन्दा, विभीषणले "हे देव! मेरो बुद्धि सधैं धर्ममा रहोस कुनै ठाउँमापनि कुनै समयमापनि अधर्ममा नलागोस" भने।

विभीषणको प्रार्थना सुनी खुशीभएका ब्रह्माले "हे बाबु! तिमी धर्मशील[२] छौ, धर्म बुद्धि नै भई रहनेछौ। तिमीले नमागेको भएपनि म तिमीलाई मर्नुनपर्ने वरपनि दिन्छू" भने।

त्यसपछि, कुम्भकर्णलाई "ए सुब्रत! वर माग" भन्दा, देववाणीले[३] छोपिएको कुम्भकर्णले "हे देव! छ महिना सुतछू, एकदिन खान्छू" भन्यो। ब्रह्माले "एवमस्तु" भने। यी तीन भाइको वरदानमा आकाशमा बसी, हेरी सुनिरहेका देवताहरू र कुम्भकर्णको मुखबाट बाहिर निस्केकी सरस्वतीपनि भेलाभई संतोषैले स्वर्गतिर गए।

दुष्टात्मा कुम्भकर्ण "मनले नचिताएको कुरापनि मुखबाट कसरी निस्कियो! अहो

१–"यसबाक्यमा 'मर्नु नपर्ने' भनी मागेको वरनै, भगवानका इच्छा वशको हो! किनभने अगाडि आफैले 'मर्नु नपर्ने' भनी मागीसकेपछि, फेरी पक्षी इत्यादिको नामले छुट्याई माग गरेको हुनाले" भन्ने व्याख्यान छ। २–उत्तम स्वभावका छौ। ३–देवताबाट प्रार्थना भएकी 'देवाणी'।

दैव ! !" भन्दै चिन्तालिनलाग्यो ।

पातालमा सुमाली दैत्यले, आफ्ना नाति राक्षसहरूले वर पाएको थाह पाएर निर्भय भई, प्रहस्त[१] आदि दैत्यहरूलाई साथमालिई आएर रावणलाई अंगालो हाली भन्न लाग्यो :–

"हे पुत्र ! तिम्रो पुरूषार्थले मेरो मनोरथ पूर्णगरायो ! जुन डरले हामीहरू लंका-लाई छोडी रसातलमा पुगेका थियौं, बिष्णुले गराएको त्यो डर अब हरायो ! लंका, पहिले हामीहरूका हक[२] भोगको थियो। अहिले तिम्रो दाज्यू कुवेरले छोपेको छ । अब, राम्रो बचनले हुन्छ वा बलात्कारले हुन्छ, तिमीले फर्काई आफ्नो अधीनमा राखनु पर्दछ। राजा-को बन्धु मित्र[३] हुँदैन !" भन्यो ।

रावणले "त्यसो ता नभन, कुवेर हाम्रा मान्य नै हुन्" भने । प्रहस्तले "शूराहरूको दाज्यू भाइ आदिमा परस्पर मेल रहदैंन ! सुन्नुहोस–देवतापनि राक्षसपनि सबै कश्यप कै छोराहुन्, तथापि परस्पर मित्रता छोडी सशस्त्र भई लडन्त गर्दथे ! हे राजन् ! देवताहरूले उठाएको वैरभाव, अहिलेकोमात्र[४] होइन, प्राचीन हो" भनी सुनायो ।

दुष्ट प्रहस्तको कुरा मानी, कुवेरदेखि क्रुद्धभई राता आँखा लिएको रावण त्रिकूटा-चलमा पुगी, प्रहस्तलाई दूतबनाई कुवेर छेउ पठाएर, कुवेरलाई निकाली सहायक राक्षसहरू साथमालिई निर्भय भई लंकामा बस्यो ।

कुवेरले पितृवाक्यबाट लंकालाई छोडेर[५] कैलाशको शिखरमा गई, तपस्याबाट शिवजीलाई रिझाउँदा, संतुष्ट शिवजीबाट मित्रत्त्व प्राप्तगरो, आनन्द पाएका कुवेरले, कैलाशकै शिखरमा 'विश्वकर्मा' द्वारा 'अलका' नाम गरेको शहर बनाए । शिवजीले उनीलाई दिक्पालपनि गराए ।

लंकाराज्यमा, राक्षसहरूले भाइहरूसाथको रावणलाई अभिषेक गरे ।

१–पौलस्यका पत्नी चार मध्ये पुष्पोत्कताबाट जन्मेको 'प्रहस्त' । २–यस बाक्यमा,–अगि हाम्रो संबन्धभएको हुनाले त्यसलंकामा, मातृ संबन्धबाट तिम्रो हक पुग्दछ' भन्ने पेट परेको छ । ३–बन्धुसमेत सवैलाई दबाएरमात्र, राज्य प्रवृत्ति हुनेहुनाले । ४–लंका हरणबाटमात्र होइन । ५–यसमा,–"कुवेरले, रावणको दुतपुगेपछि बाबु भएठाउँमा गई 'रावणले यसो भन्यो, केगरेमा उचित पर्ला' भनी शिक्षामागदा, बाबुले–'त्यो अबध्य छ, लंका त्यागनू नै उचित पर्दछ' भन्दा, लंकाछोडेकाहुन्" भन्ने पौराणिक गाथा छ ।

द्रोही[१] रावणले तोनैलोकलाई बाधा गराउँदै, राक्षसको राज्य चलायो। आफ्नी बहिनी विकटरूपकी शूर्पणखा, कालखञ्जका बंशको 'विद्यु ज्जिहू' लाई दियो। विद्यु ज्जिहू ठूलो मायावी (इन्द्रजाली) दैत्य थियो।

दितिको छोरो, राक्षसहरूको विश्वकर्मा 'मय' दैत्यले रावणलाई आफ्नो छोरी लोकसुन्दरी 'मन्दोदरी' दिई, आफ्नो फर्मायसीबाट बनेको अमोघको शक्तिपनि दियो। बैरोचनकी छोरो पट्टिको नातिनो 'बृत्रज्वाला' संग कुम्भकर्णको विवाह भयो। गन्धर्वका राजा "शैलूष" की छोरी धर्ममा शील भएकी सर्वलक्षण सम्पन्न सुन्दरी 'सरमा' संग विभीषणको विवाह भयो।

मन्दोदरीले छोरा जन्माईन्, उसले जन्मनाका साथै मेघ गर्जे जस्तो आवाज निकालेको हुनाले, उसलाई सबैले 'मेघनाद' भनी प्रसिद्ध गराए।

कुम्भकर्ण, "मलाई निद्राले बाधा गरायो" भनी, प्रशस्त फैलिएको ठूलो गुफा बनाउन लगाई गुफाभित्र मूढो लडे झैं लडी घुरदै सुत्यो।

कुम्भकर्ण सुतेपछि, लोकैलाई खलबल्याउने रावण, ब्राह्मण, ऋषि, देवता, देवताकास्त्री, दानव, किन्नर, मनुष्य, नागहरू समेत सबैलाई धमकाउँदै मारपिट गर्न थाल्यो; देवताको श्रीपनि हरन लाग्यो।

एवं, रावणको अन्यायको आचरण सुनेर, कुवेरले दूतद्वारा 'अधर्म नगर' भनी संझाउन पठाउँदा, झन क्रुद्ध भएको रावणले, अलका शहरमा गई कुवेरलाई जिती 'पुष्पक विमान' हरण गरी ल्यायो। त्यसपछिपनि लडाइँ उठाई यम र वरूणलाई जिती, इन्द्रलाई मारने इच्छाले स्वर्गलोकमा गयो। सकल देवता सहित इन्द्रसंग लडाइँ पर्दा, इन्द्रले रावणलाई समातो बाँधे।

वाबु बाँधिएको सुनी, स्वर्गमा पुगेको, महाबल भनी कहलाएको मेघनादले भयङ्कर युद्ध उठाई, देवताहरूलाई जिती, वाबुलाई बन्धनबाट छुटाई, इन्द्रलाई बाँधी लंकामा लिईआयो[२]। इन्द्रलाई लंकामा पुऱ्याएको थाह पाउँदा, ब्रह्मा आफै लंकामाआई मेघनादलाई

१–अर्काको उपर, 'यसको उपर यसोगरेमा नाश होला' भनी चिताउने। २–यस उक्तिले, इन्द्रबाट रावण बाँधिनु, मेघनादबाट इन्द्र बाधिनु भएबाट, इन्द्रजितको उत्कर्ष बुझाइएको छ।

उनका इच्छा बमोजिमका वरहरू दिई इन्द्रलाई फर्काए ।

एवं, सर्वत्र बिजयी भएको रावण, क्रमैसंग सबै लोकलाई जिती, फलामका खामा जस्ता हातले कैलाशलाई उचालन पुग्यो !

कैलाशलाई हल्लाउँदा अति रिसाएका[१] नन्दीश्वरले रावणलाई "तँ बानर र मानिस-बाट नाश भएस" भनी शराप दिए ।

नन्दीश्वरको बाक्यलाई वास्तै[२] नराखी सहस्रार्जुनको शहरमा पसेको रावणलाई सहस्रार्जुनले बाँधदा पुलस्त्यले छुटाए ! त्यति हुँदापनि सहस्रार्जुनसंग प्रीति राखी, बलको घमण्डी भई बालीलाई मारन भनी किष्किन्धामा गएको थियो । बालीले उसलाई काखीले च्यापी चार समुद्र घुमाई 'लौ जा' भनी हुत्याई फ्याँकीदिदा दङ्ग परेको रावणले बालीसंग मित्यारी लगायो ।

हे भगवन् ! एवं बलको घमण्डी रावणले सबैलोकलाई बशमा राखी, सर्वत्र आफैले चहिन गर्दथ्यो ! त्यस्तो प्रभावशक्ति रहँदा, लोकैलाई खलबल्याउने बनेको रावणलाई, हजूरले मारी बक्सियो ! इन्द्रजित महात्मा लक्ष्मणबाट मारियो ! ठूलो पहाड जस्तो कुम्भकर्णपनि हजूरबाट मारियो !

हजूर, साक्षात नारायण जगतको उत्पत्तिकर्ता व्यापकहुनाले, यो स्थावर[३] जंगम[४] सबै हजूरकै स्वरूप हो। ब्रह्मापनि हजूरको नाभिकमलबाट उत्पन्न भएकाहुन्। अग्नि र बचनपनि हजूरको मुखबाट निस्केका[५] हुन्।

एवं,–बाहुबाट लोकपाल, नेत्रबाट चन्द्र सूर्य, कानबाट दिशा–विदिशा, प्राणबाट प्राणबायु र अश्विनीकुमार; पिंडौला घूँडा तिघ्राबाट भुवर्लोक आदि र कोखाबाट चार समुद्र, स्तनबाट इन्द्र र वरूण, वीर्यबाट बालखिल्यहरू[६] , लिङ्गबाट यम, गुदद्वारबाट मृत्यु, मनबाट तीन नेत्र भएका रूद्र, हाडबाट पर्वतहरू, केशबाट मेघहरू, शरीरका रौंबाट औष-धि समेतका खाद्य पदार्थहरू र नङबाट गधाहरू उत्पन्न भएकाहुन् !

१–कैलासलाई हल्लाएको र नन्दीश्वरको अनुहार बानरको जस्तोदेखी हाँसेकोले, रावणदेखि रिसाएको । २–'यसको शरापले, के गर्न सक्छ र' भनी परवाह नराखी । ३–नचलने । ४–चलने । ५–"मुखादग्नि र जायत" भन्ने र 'वागग्निमप्येति" भन्ने श्रुतिवचन हुनाले । ६–ऋषिविशेषहरू ।

हजूर, मायाशक्ति मिसिएका विश्वरूप (विराट) ! एवं च मायाकागुण–सत्त्व आदिको अंश परस्पर थोरै धेरै भई मिसिदामा, ब्रह्मा, विष्णु, रूद्र आदि नाना रूप जस्तापनि देखिनुहुन्छ ! देवताहरू, हजूरलाई नै आश्रय[1] मानेर यज्ञमा अमृत[2] पिउँदछन् ! हजूरले सृष्टि गरेका स्थावर जंगम सबै, हजूरमै आधारलिएर बाँचदछन् ! सबैवस्तु र व्यवहारपनि सत्ताभानले हजूरैसंग मिलेका हुन्छन् ।

जस्तो–दुधमा रहने घिउ सबै दुधलाई ढाकेर रहेकोहुन्छ; त्यस्तै–हजूरपनि सर्वत्र ढाकेर रहनुहुन्छ । अतश्च, हजूरमा 'सत्' भन्ने व्यवहार रहेको छ । हजूरका तेजले सूर्य तेजिलाहुन्छन्, सूर्यका तेजले हजूर तेजिलोदेखिने होइन !

एकमात्र, नित्य, सर्वव्यापो हजूरलाई ज्ञानरूपी नेत्र भएकोलेमात्र देखन पाउँदछन् । अज्ञानरूपीनेत्र हुनेले देखतैनन् ! जस्तो–अन्धो आँखाले सूर्यलाई देखन पाउँदैन। अतश्च ज्ञान चक्षु भएका योगीजनहरू, हजूरलाई आफूभित्र नै खोजदछन्[3] र यदि उनीहरू, दृश्य (जड) जति सबैलाई त्यागने–उपनिषद्का मद्दतबाट, अहोरात्र हजूरका पाउमा गरेको भक्तिले पक्रिने भए भने हजूरलाई, 'चिन्मात्र' भनी चिन्ह सक्नेहुन्छन् । अन्यथा चिन्हेबाटो छैन ।

मैले केहि गरें बक्बक सर्वज्ञका अगाडिमा ।
क्षमा पाऊँ, हजुरको अनुग्रह म भोग्दछू ॥
दिक्देश कालपनि छैन, विनाश छैन ।
चिन्मात्रका अचल भै, गुणका अनन्त ॥
माया अलग्ग रहि, भक्तहरू छ प्रेमी[4] ।
जस्को त हे रघुपते ! तिमिलाइ भज्छू ॥" भने ।

इति उत्तरकाण्डे द्वितीय : सर्ग : ॥ २ ॥

रामले "हे ऋषिजी ! लोकमा–'वालो र सुग्रीव बानरका आकार भई, इन्द्र र सूर्य जन्मेका' भन्ने सुनिन्छ कसो हो ?" भनी प्रश्न गरे ।

१–अग्नि स्वरूप हजूरको आश्रयलिएर । २–होमहुने वस्तुबाटको भागरूप अमृत । ३–यसबाट, 'सर्वत्र चैतन्यरूप भएका तिमी नै हौ' भन्ने सूचनाहुँछ । ४–'आफूदेखि भिन्नछैनन्', भन्ने बुद्धि विषय ।

अगस्त्य भन्दछन्–"हे प्रभो ! सुवर्णमय सुमेरू पर्वतको, मणिजस्तो प्रभाभएको माझ टाकुरामा, शययोजन फैलिएको ब्रह्माको सभागृह छ, कुनैबखत त्यसै टाकुरामा ध्यानलिई वसेका ब्रह्माका दुवै नेत्रबाठ आनन्दको आँसु प्रशस्त खस्यो र त्यो आँसु ब्रह्माले हातमालिई, केही गमी भूइँमा छोडदा, भूइँमा पर्नेविक्तिकै जमी त्यसैबाट एउटा ठूलोबानर पैदाभयो र त्यसलाई ब्रह्माले "केहीकालसम्म, यसै ठाउँमा मेरो नगीच भई वस, पछि तिम्रो कल्याण हुनेछ" भनेका हुनाले ऊ त्यहीँ नगीच नगीच भई वसेको थियो ।

केहिकालपछि त्यसै पहाडमा फल–मूलको खोजीगर्दै घुमीरहेको त्यो बानरले, एक ठाउँमा मणिको पत्थरले घेरेको निर्मल पानी भएको कुवादेखेर, पानी पिउन भनी कुवामा पुगदा, पानीभित्र आफ्नै छायाको रूप,–बानरदेखेर आफूसंग विरोध गर्ने दोस्रो ठह्र्याई पानी भित्र पस्यो ! परन्तु बानरलाई नदेखी झट्टै उफ्री बाहिर निस्कदा, आफूलाई अति सुन्दरी स्त्रीको रूप वनेको देख्यो र आश्चर्य भई त्यहीँ पाखामा बसेको थियो ।

त्यसै बखतमा, ब्रह्माको पूजागरो मध्यान्हमा फर्केका इन्द्रले, ती सुन्दरी स्त्रीलाई देखेर काम पीडित भई उनीसंग भेटहुन नपाउँदै बीर्य पतनगराए । त्यो बीर्य तिनै सुन्दरीका केशमा परी भूइँमा खसदा, तत्कालैमा इन्द्रसमान पराक्रम भएको 'वाली' पैदाभयो र त्यसलाई इन्द्रले सुवर्णको माला लगाईदिई, आफू स्वर्गतर्फ गए ।

त्यसै ठाउँमा उत्तीखेरै पुगेका सूर्यलेपनि सुन्दरीलाई देखदा कामका वशमापरी उनका घाँटोमा, प्रशस्त बीर्य पतन गराउँदा, त्यसबाटपनि तत्कालैमा ठूलोशरीर भएको बानर उत्पत्ति भयो र त्यसलाई हनूमान सहाय दिएर सूर्य फर्किए । ती दुवै छोरालाई साथमालिई आश्चर्यहुँदै गएकी सुन्दरी, कुनै ठाउँमा पुगदा निद्रामा परी सुतीन् !

बिहान ब्यूँझदा, आफूलाई अगाडिकै रूपको पुरूष वनेको देखेर पुनश्च आश्चर्यले छक्क पर्दै फल–मूल र दुइछोरा समेत साथैमालिई ब्रह्माका अगाडिमा पुगी हातजोरी वसे ।

ब्रह्माले ती बानरलाई कुराले सम्झाई१ , एकजना देवदूतलाई "तिमी यी बानरलाई साथमालिई, विश्वकर्माले वनाएको, सर्व सौभाग्य सम्पन्न–दिव्य शहर किष्किन्धमा गई, यी

१–'भावी', नटरनेहुनाले, "मेरो स्त्रीरूप कसरी भयो !" भन्ने खेद नलेऊ' भनी संझाई ।

वीरलाई त्यहाँको राजागराई सिंहासनमा राखी अभिषेक गराऊ; सातै द्वीपका वानरहरू यिनैका बशमा रहनेछन् ।

पछि, जुनबखतमा 'नारायण' पृथिवीको भार वनेका राक्षसहरूलाई नाश गर्न भनो, "राम' बनेर पृथिवीमा जन्मनुहोला, त्यसवखतमा उहाँको सहाय निमित्त, सवै बानर उहाँको पछिलागनेछन्" भने ।

देवदूतले, आदेश बमोजिमको काम पूर्णगरी फर्केर, ब्रह्माछेउ उपस्थित भए । त्यसै बेलादेखि किष्किन्धा, बानरहरूको आश्रय वनेको हो । अहिले, ब्रह्माबाट प्रार्थना भएका हजूरनै सकल वानरका ईश्वर हुनुहुन्छ !

लीलाले नै नरदेहलिएका हजूरले, पृथिवीको भार सवै पन्छाउनु भयो ! हुन ता—सकल प्राणीमा रहने, नित्य मुक्त अखण्ड आनन्दरूप चिदातमाहजूरको लेखामा, यो पराक्रम कत्रो हो, र के हो ! तथापि सज्जनहरूले, सकललोकको पापनाश र सुख प्राप्तिका निमित्त, हजूरको कीर्तिलाई आश्चर्यै जस्तो गराई वर्णन गर्दछन । यो वाली र सुग्रीवको जन्मकथापनि, हजूरकै आश्रयमा रहेकोहुनाले, जसले कीर्तन गर्दछ त्यसले पाप कटाउँछ !

अव, हजूरमा नै आश्रय भएको, अर्कोकथा सुनाउँदछू जुन कुराकालागी दुष्ट रावणले सीतालाई हरण गरेको थियो ।

अगि सत्ययुगमा रावणले, ब्रह्माका छोरा सनतकुमारलाई एकान्तमा भेटी नम्रपूर्वक दर्शन गरेर "हे भगवन् ! देवतामध्यमा सवैभन्दा वलीयो, सवै मध्यमा प्रधान को हो ? देवताहरू कसको आश्रय लिदा युद्धमा विजयो वन्दछन् । ब्राह्मणहरू कसलाई उद्देश्य गरेर नित्ययाग गर्दछन् ? योगोहरू कसलाई सम्झी चिन्तन गर्दछन् ? यत्तिकुरा मलाई बताइदिनुहोस" भन्यो ।

योगदृष्टि भएका सनतकुमारले रावणका मनको अभिप्राय[1] बुझेर "हे बत्स ! सुन, जो सधैं जगतका मालिकछन्, जसको जन्म मरण आदि छैन; जसलाई देव—दानव सवैले सधैं नुहेकाछन् । जो 'हरि' 'नारायण' 'अव्यय' इत्यादि पदवाच्यछन् । जसका नाभि-

१—त्यस्ताबाट मेरो मरण हुनपाओस, भन्ने मनको इच्छा ।

कमलबाट, ब्रह्मा पैदाभए । जसले स्थावर जंगम सवै जगतको सृष्टि गरे। तिनैको आश्रय लिदा, देवताहरू युद्धमा विजयी हुन्छन् । योगीहरूपनि ध्यानयोगले सधैं तिनैको ध्यान गर्दछन्" भनी सुनाए ।

ऋषिको वाक्यसुनी रावणले फेरि "विष्णुबाट मारिएका दैत्य, दानव, राक्षसहरू कुन गतिमा पुग्दछन् ?" भनी सोद्धा, मुनिले "देवताले मारेकाहरू स्वर्गमा पुग्छन र भोगक्षय भएपछि त्यहाँबाट खसी, अगि कमाएका पुण्य–पापले फेरि पृथिवीमा जन्मन्छन् र मर्दछन् पनि । जो विष्णुबाट मारिन्छन् ती मुक्ति पाउने हुन्छन्, जन्मने मर्ने हुँदैनन्" भने ।

मुनिको सत्त्य बचन सुन्दा दङ्ग[1] परेको रावणले मनमनै 'अब म बिष्णुसंग लडन्त गर्दछू, लडूँ पो कसोरी !' भन्ने चिन्तालियो । रावणका मनको चिन्ता बुझेका मुनिले "हे वत्स ! तिम्रो इच्छा पुग्नेछ, केहीकाल पर्खी आनन्दसंग बस, रूपै नभएका ती परमात्माको, मायाबाट लिएको रूप बताइदिन्छू सुन,–

स्थावरमा होस, खोलोमा होस, नदीमा होस सर्वत्र व्याप्तछन् । ॐ कार[2], सत्त्यवाक्य, गायत्री, पृथिवी भनिनेपनि सबै तिनैहुन् ! समस्त जगतका आधार शेषरूपपनि तिनैहुन् । देवता समुद्र, काल, सूर्य, चन्द्र, दिन, रात, यम, बायु, अग्नि, इन्द्र, मृत्यु, मेघ, अष्टवसु, ब्रह्मा, रूद्र आदि र अरू देव–दानवहरू समेत सबैपनि तिनै अव्ययात्मा बिष्णुका रूप[3] हुन् !

सूर्यमा रहने प्रकाश, अग्निमा रहने जलन, जगतको रक्षण, जगतको संहार-पनि तिनैहुन् ! खेल बहाड गरेझैं बिना परिश्रमले, क्रीडा गर्दछन् । चराचर जगत सबै तिनैले ढाकेकाछन् !

नीलकमलका[4] पातको जस्तो, श्यामलोवर्णभई, विजुली जस्तो चहकदार पीताम्वर पहिरी शुद्ध सुवर्ण जस्तो वर्णभएकी आफूबाट कहिल्यै नछुट्टिनेभई बायाँकाखमा बसेकी लक्ष्मोमा कर्के आँखा दिदैं, आलिगन[5] गरी बसेकाहुन्छन । त्यस्ता भइकन, देव दानव कसैले

१–मुक्ति पाउने कुरा सुन्दा खुशीमानेको । २–सवै बोलि, ("ॐ कारो वै सर्वावाक्" भन्ने श्रुतिप्रमाणहुनाले) । ३–यसबाट 'विराटरूप' संज्ञाएको छ । ४–यस वाक्यबाट, उक्तनिरा कारमा ध्यानलिन नसक्नेलाई, अर्को ध्येयरूप बताइन्छ । ५–शास्त्र सिद्धान्तबाट, शक्ति र शक्तिमानमा अभेद मानिने हुनाले आलिङ्गन ।

तिनको दर्शन पाउन सक्दैनन ! उनको प्रसाद पाउनेले मात्र दर्शन पाउँदछ !

यज्ञ तपस्या दान अध्ययन आदि कुनै उपायबाट उनीलाई देख्न पाइदैन ! नेत्रगोचर छैनन् ! किन्तु, उनोमा नै एकचित्तभई सकलपापबाट छुटी, वेदान्तका बाक्यको बोधबाट निर्मल ज्ञानरूप दृष्टिभएका भक्तलेमात्र परिचयलिन सक्तछन ।

अथवा, उपायबिनापनि पहिचानलिन इच्छा गर्छौ भने सुन,–त्रेतायुगमा ती परमेश्वरले राजाको शरीर लिनेछन् । देवता र मनुष्यको हितका निमित्त, प्रशस्त समर्थवान भई, इक्ष्वाकुका कुलमा, दशरथको छोरा 'राम' नामले प्रख्यात हुनेगरो जन्मनेछन् र वाबुका अह्रोटबाट भाइ र आफ्नीमाया जगन्माता[1] का साथमा दण्डकमा आई घुमनेछन् !

हे रावण ! तिमीलाई सबै व्याख्यान गरी सुनाएँ, भक्तिभाव लिएर लक्ष्मी सहित-का–रामलाई भज" भनी सुनाए ।

रावणले मुनिजोबाट सबै व्याख्यान सुनेपछि, केहीवेर घोरिई, हजूरसंग बिरोध[2] गर्ने चर्चालियो र लडाइँ खोजने वनी, सबैलोकमा घुमनलाग्यो ! हे भगवन ! हजूरसंगको बिरोधले हजूरबाट मृत्युपाउने आशाले नै, बुद्धिमान रावणले देवी जानकीलाई हरण गऱ्यो !

जो यो कथा सुन्दछ पढ्छ भक्तिले, श्रद्धालिनेलाई सुनाइदिन्छ वा ।
आयुष्य आरोग्य अनन्तसौख्य र अक्षय्य ऐश्वर्य उ प्राप्त गर्दछ ॥

इति उत्तरकाण्डे तृतीय : सर्ग : ॥३॥

एकपटक, लोक–लोकमा घुमीरहेको रावणले, ब्रह्मलोकदेखि घुमदैआएका नारदलाई भेटेर–"हे भगवन ! मसंग लडन्तगर्न सकने बलीया–बलीया कहाँ–कहाँछन् ? म, 'बेलियोहु" भन्नेसंग लडन्तगर्न चाहन्छू ! हजूरलाई तीनै लोकको ज्ञान छ, वताइदिनु होस" भन्यो ।

नारदले केहीवेर बिचारगरी "हे महामते ! श्वेतद्वीपका बासिन्दाहरू, ठूला शरीर

१–जगतको कारणहुनाले, जगन्माता । २–रावण, तमोगुण प्रधानहुनाले उसमा बिरोधको चर्चा रहन आएको हो ।

भएका अति वलियाछन्, त्यहीं जाऊ; त्यहाँ विष्णुकापूजामा लाग्ने र विष्णुबाट मारिएका मात्र जन्मिएकाहुन्छन, अतश्च देव दानव कसैले जितन नसक्ने अजेयछन्" भने ॥

"त्यहाँका अजेयछन्" भन्ने सुन्नुकासाथै, लडाइँखोजी हिंडेको रावण, वेगले दगुरी मन्त्रीहरूलाई साथमालिई पुष्पकविमानमावसेर श्वेतद्वीपको नगीचमा पुगदा, त्यस द्वीपको प्रभापरी आफ्नो तेज हराएको 'पुष्पक' चल्न सकेन र विमानलाई ओरै छोडी पैदल गयो ।

द्वीपभित्र पस्नलागेको रावणलाई भित्र पस्न नपाउँदैमा, एउटी स्त्रीले हेलसंग एक हातले समातेर "तँ को होस ? कहाँबाट आइस ? कसले पठायो ? वता" भनीन । नगीचै भई हाँसी रहेका अरू स्त्रीहरूलेपनि, हेलैगरी वारंवार सोधन लागे ! ती स्त्रीबाट कष्टसंग छुटेको रावणले, ठूलो आश्चर्यमा परी चिन्ता लिदैं–"विष्णुबाट मारिई बैकुण्ठमा जान्छू, जुन कामबाट विष्णु कुप्पेलान्, त्यहीकाम म गर्दछू" भन्ने निश्चयलिई, सीतालाई जंगलबाट हरण-गर्‍यो । हजूरलाई 'परात्मा' भन्ने जानेर नै, हजूरबाट आफ्नो मरणको आकांक्षाले, सीतालाई हरणगरी, आमालाई झैं रक्षा गरेको थियो ।

राम !, ज्ञानस्वरूप[1] ईश्वर तिमी आफै सबै जान्दछौ ।
जो जेछन् सव ती त्रिकाल[2] घटना भावी हऊन भूत हुन ।।
भक्तानुग्रह[3] लाई रूप नरको लीदा नराचार भै ।
सुन्दैछौ मुनिका कथाहरूपनि सूहाउँदै लोकमा ।।

एवं स्तुतिगरी, रामबाट संतोषपाएका अगस्त्य, ऋषिहरुका साथै आफ्नो आश्रम तर्फ फर्किए ।

राम, विषयासक्त होइनन् तापनि भाइ, पत्नी, मन्त्री, साधु–सज्जन र बानरहरू समेतबाट सेवा भएकाहुँदा, आसक्त झैं भई सीतालाई साथमालिई सांसारिक विषयको भोगमा रहेका थिए ।

१–ज्ञान स्वरूपभई ज्ञानै दृष्टि भएका । २–भूत भविष्यत वर्तमान तीनैकालका घटना । ३–आफ्नो चरित्रको कीर्तनादिबाट पापक्षय गराउने अनुग्रहको निमित्त ।

एकदिन, पुष्पकविमान आएर "हे देव ! कुवेरले मसंग "तिमीलाई पहिले रावणले जिती लगेको थियो, पछि रामले जितीलगेको हुनाले, राम पृथिवीमा बसेसम्म तिमी रामकै सेवा गर ! जुनबेलामा राम बैकुण्ठमा जानुहोला त्यसबेलामा म भएठाउँमा आऊ" भनी मलाई पठाएकाछन्" भनी सुनाए ।

रामले "तिमीलाई कल्याण छ, अन्तर्धान भई बस, मैले सम्झेको वखतमा मेरो सन्मुखमा पर, अहिले जाऊ" भनी, आफू मन्त्रीहरूका साथमा नागरिक कार्यमा लागे ।

रामबाट पृथिवीको पालनहुँदा, पृथिवी धान्यादि समृद्ध भईन् । बृक्षहरू फल–पुष्प संपन्न भए । जनताहरू धर्मतत्पर भए । स्त्रीहरू पतिभक्तिमा तत्पर थिए । रामकाराज्यमा पुत्र मरण सुन्नु परेन ।

रामले, पृथिवीमा राम्रो रक्षा छ छैन भन्ने बिचारले सीता र भाइ मन्त्री समेतलाई साथमालिई पुष्पकविमानबाट पृथिवीमा भ्रमणहुँदा, मानिसबाट हुनैनसक्ने कामपनि धेरै गरे ।

एकपटक कुनैठाउँमा, ब्राह्मणको छोरो बालक अकालमा मरी, ब्राह्मणलाई शोक परेको देखेर, शूद्रले बनमा बसी तपस्या गर्न लागेको थाह पाउँदा, त्यस शूद्रलाई मारी, ब्राह्मणको बालकलाई वचाई, शूद्रलाई स्वर्गकोबास गराए ।

परमातमा रामले, लोकलाई उपदेश होस भन्नाका निमित्त, ठाउँ–ठाउँमा कोटियौं शिव लिङ्गको स्थापनपनि गरे । सीतालाईपनि दिव्यबस्तुका भोगबाट रमाउँदै गरे । एवं, परम धर्मज्ञ रामले, धर्मपूर्वक राज्यचलाई, सबै लोकलाई पवित्र गराउने आफ्नो चरित्रकथा, सर्वत्र चिरस्थायी गराए ।

मायाबाट मनुष्यबनी, एकपत्नी ब्रत लिएका, सकल लोकका पूज्य नित्य शुद्ध राजर्षि रामले लोकशिक्षा निमित्त गृहस्थी धर्मपनि गर्दै एघार हजार बर्ष पृथिवीमा राज्य गरे !

पतिको अभिप्राय बुझेको पतिब्रता सीता, सकल इन्द्रियलाई वशमा राखी, भक्ति, शरम, डरसमेतलिई, रामको मनसुवामिल्दो चालमा रहन्थीन् ।

एकदिन, सकलबस्तु सम्पन्न बघैंचा घरको एकान्तमा आराममलिई बसेका, दिव्य आभरण र चहकदार बस्त्र पहिरेका, नीरमणिको जस्तो वर्ण भएका रामको पाउ दापी रहेकी कमल जस्ता नेत्र भएकी सकल आभरण सहित शृंगार भएकी सीताले भन्न लागीन् :—

"हे जगन्नाथ ! इन्द्रादि देवताहरू, वारंवार म भएठाउँ एकान्तमाआई हजूरको—बैकुण्ठागमनलाई मसंग "हे जगद्धात्री ! राम, हामीलाई र आफ्नो सनातन स्थान बैकुण्ठ-लाई समेत त्यागेर, चित्शक्ति तिमोलाई साथमालिई पृथिवीमा बस्नुभई रहेछ ! अतः पहिले तिमी बैकुण्ठमा जाऊ, त्यसो भएमा रामपनि आउनु[१] हुनेछ र अनाथ भई रहेका हामी सनाथ हुनपाउने छौं" भनी प्रार्थना गर्दछन्। अहिले मौकामा हजूरलाई सुनाएकी छू, जो योग्यपर्दछ त्यो गरी बक्सियोस" भनीन् ।

सीताको बचनसुनी, केहीवेर गमेका रामले भन्दछन् "हे देवि ! मैले सबै थाह पाएकोछू, यसमा तिमीलाई एउटा उपाय वताइदिन्छू सुन :—

तिमीउपर पर्न आएको लोकापवादलाई निहुँगरेर, लोकापवादबाट डराएझैं भई तिमीलाई जङ्गलमा छोडीदिन्छू ! अहिले तिमोमा गर्भ देखिएको छ, त्यहाँ जङ्गलभित्र बाल्मीकिको आश्रममा तिमीबाट दुइकुमार जन्मनेछन् र केहीदिनपछि म भएठाउँमा आई लोकलाई विश्वासका[२] निमित्त शपथ लिएर तिमी पृथिवीको दुलोलाई बाटोगराई बैकुण्ठमा जाउली, त्यसपछि मपनि जानेछू; यही निश्चयभयो। अहिले तिमी आफ्नो महलमा गई बस" भनी, सोतालाई बघैंचाघरबाट विदागरेर, आफू तत्त्वज्ञमन्त्रीहरू र हँसि ठट्ठाका कुशल जनहरूलाई जम्मागरी बसेका थिए ।

हाँस ठट्ठाका कुशल—जनहरू कथाका प्रसङ्गबाट हाँसदै हँसाउँदै रामको सेवामा लागेका थिए । कथाकै प्रसङ्गमा रामले बिजय नाम गरेका पुरूषसंग "यहाँका शहरबासी, देशबासीहरू मेरो बिषयमा शुभ अशुभ के भन्दछन् ? त्यस्तै—आमालाई सीतालाई भाइहरू-लाई वा कंकेयीलाईपनि राम्रो नराम्रो कुरा के के भन्दछन् ? तिमीले डराउनु पर्दैन, मैले शपथलिई सोधेको छू, यथार्थ भन" भने !

बिजयले "हे देव ! सबै दुनियाँहरू, 'आत्मा चिन्हेका रामले सबै गरीनसक्ना काम-

१—शक्तिबिना शक्तिमान रहन नसक्ने हुनाले । २—'सीतामा दोष रहेन छ,' भन्ने बिश्वास ।

हरू गरे ! किन्तु, रावणलाई मारी निर्जनजङ्गलमा दुष्ट रावणले हरणगरेकी सीतालाई फर्काएर, सही नसक्नु कुरापनि सही घरभित्र प्रवेश गराए ! तिनका हृदयमा सीतासंगका भोगको तृष्णा कत्तिको गढेको रहेछ ! अब, 'जुन व्यवहारको राजा त्यही व्यवहारको प्रजा' हामोलेपनि स्त्रीजनहरूको दुष्कर्म सहनुपर्ने हुनेछ !' भन्दछन्" भनी सुनाउँदा, रामले त्यहाँ बसेका अरू सुहृज्जनहरूसंग "कसो हो ?" भनी सोधे। सबैले नम्रभई हातजोरेर "यो कुरा ता साँचै हो" भने।

रामले, मन्त्रीसमेत सबैलाई विदागरी, लक्ष्मणलाई बोलाएर "ए बाबु ! सीताको बिषयबाट मलाई कलंक पर्नआयो ! बिहान, सीतालाई खोपीबाट निकासेर बाल्मीकिका आश्रम नगीचमा छोडी, तिमी रथबाट झट्टै फर्कीआऊ। यसमा केही बोल्यौ भने मलाई मारे[१] जस्तो हुनेछ" भने।

रामको उक्तिसुन्दा डराएका लक्ष्मण बिहान उठी, सीतालाई सुमन्त्रले हाँकेको रथमा चढाएर बनको बाटोलागे। बाल्मीकिका आश्रमको नगीचमा पुगेपछि, सीतालाई बीचमा त्यहीँ छोडी, "हे देवि ! तपाईंलाई रामले लोकापवादका डरले बनमा छोडाएको हो ! हे आमा ! म मा दोष कत्तिछैन, यहाँ नगीच मुनिका आश्रममा गईबस्नुहोस" भनी, आफू झट्टै फर्की, रामछेउ पुगे।

सीता, अज्ञानीले झैं विलाप गर्नलागीन्। शिष्यहरू द्वारा थाहपाएका बाल्मीकिले दिव्य दृष्टिबाट 'सीता' हुनभन्ने जानेर, सीतालाई अर्घ्य आदिले पूजागरी सम्झाई उनीको भविष्यपनि सम्झी, रक्षाका निमित्त मुनिपत्नीहरूको जिम्मा लगाए।

मुनिका उपदेशबाट, परमात्माकी लक्ष्मी भनी जानेका मुनिपत्नीहरू भक्तिले दिन–दिनै सीताको पूजा, शुश्रूषा गर्नलागे।

सीता छुटेका परमात्मराम, बिज्ञानदृक् केवल आदि देव ।
छोडी सबै भोग, वनी विरक्त, मुनिब्रतै[२] ली मुनी झैं रहे थे ! ॥

१–मलाई मारेमा गर्नु पर्ने प्रायश्चित्त गर्नुपर्नेछ। २–"निर्वृत्तः[१] सर्वतत्त्वज्ञः काम क्रोधविवर्जितः। ध्यानस्थो निष्क्रियो दान्तः तुल्यमृत्काञ्चनो मुनिः"।

१–सबैकुरा सिद्ध भएको।

इति उत्तरकाण्डे चतुर्थ : सर्ग : ।। ४ ।।

अब शिवजीबाट राम लक्ष्मणको सम्वादरूप बाटोलिई परमतत्त्वको उपदेश हुन्छ :—

"जगत्भरी मङ्गलरूप[१] रामले पुऱ्याइ रामायण कीर्ति[२] उत्तम[३] ।
लिए सबैआचरण[४] स्ववंशको, राजर्षिको सेवित जो थियो अगि ।।

सौमित्रिको प्रश्न सुनेर धर्ममा[५] , श्रीराम भन्छन अगिका कथाहरू[६] –।
'प्रमत्त राजा नृग[७] ब्रह्मशापले कच्छ्वा भएथे' भनी सूचना गरे ।।

एकदोन, एकान्त नगोचमा वसी सौमित्रिले लीकन शुद्ध[८] भावना ।
नूहेर ढोगीकन भक्तिभावले श्रीराममा प्रश्न उठाउँदै भने– ।।

'हे राम ! चैतन्य ! समस्त जन्तुका आत्मा निराकार र शुद्ध ईश[९] छौ ।
पादाब्जसंलग्न छ चित्त जसको, ज्ञानै छ आँखा, तिनको प्रतित छौ ।।

संसार तार्ने, यतिले रूचाउने तिम्रा दुईपाउ सधैं म पर्दछू ।
अतश्च, अज्ञान स्वरूपसागर सुखैसंगै तर्न उपाय खोजदछू ।।'

यत्तो सुनी लक्ष्मणको निवेदन अज्ञानको नाश गराउनै भनी ।
प्रसन्न भै राम, प्रमाण[११] लीकन 'विज्ञान व्याख्यान[१२]' बुझाइ भन्दछन ।।

'अगाडि[१३] जात्त्याश्रमका क्रिया सबै[१४], गरेर अन्त:करणै सुधारनू ।

१–यहाँ 'महल' भनी 'आनन्द' लाई बुझाएको छ, अतः जगत्भरीका आनन्द रूप,–अर्थात 'बृह्मानन्द' । २–बाल्मीकि आदिबाट लेखिएका नानारामायणलाई प्रष्टत्तिगराउने,–रावण बध आदि कर्मबाट हुनआएको 'कीर्ति' । ३–सुनने पढनेलाई मोक्षदिनेहुँदा 'उत्तम' । ४–आपना पुरूषालीराजाहरूले गरिआएको आचरण । ५–धर्मा धर्मका विषयमा । ६–पुराना राजाहरूमा पर्नआएको,–धर्म अधर्मको निर्णय गराउने कथाहरू । ७–धर्म अधर्मका बोधको प्रसङ्गमा, अज्ञानले पर्नआउने 'अधर्मको दृष्टान्तलाई,–'आपना गाईका बथानमा मिसिन आएको ब्राह्मणको गाई अज्ञानले दानहुँदा, 'धर्म प्रमत्त राजानृग' ब्राह्मणको शरापले 'कछुवा' भएथे !" भनी, अज्ञानबाट पर्नआउदापनि त्यस्ता परम धार्मिकलाई त्यो अवस्था भोगनु पऱ्यो ! अतश्च 'बृह्मस्वबाट सर्वथा बचनु पर्दछ' भन्ने समेत धर्मा ऽ धर्मको सूचना गरे । ८–शुद्ध अन्तः करणलिई । ९–अनबच्छिन्न चैतन्यरूप । १०–इन्द्रियलाई बशमा राखेका योगीले । ११–'तमेव बिदित्वा ऽ तिमृत्यु मेति' इत्यादि वेद प्रमाण । १२–आत्मतत्त्वको व्यारव्यान । १३–यस बाक्यबाट,–ज्ञान प्राप्तिलाई क्रमैले चाहिने 'बहिरङ्ग' (नित्यनैमित्तिक कर्म) र 'अन्तरङ्ग' । शम दम आदि) साधन मध्ये 'बहिरङ्ग' बताइन्छ । १४–जाति र आश्रमलाई शास्त्रले बताए बमोजिमका नित्य, नैमित्तिक, यज्ञ, दान, आदि कर्म सबै ।

एवं, अनुष्ठान पुर्‍याइ छोडदै[१] खोजी[२] गुरु–श्रोत्रिय[३] ; आश्रयैलिनू ।।
क्रिया सबैबन्छ शरीरबाट नै, तिनै क्रिया धर्म अधर्मको[४] भई ।
शरीर बन्छन र सधैं यसैगरी पाङ्ग्रा घुमे झैं भवमा[५] घुमाउँछन ।।
त्यसमा[६] छ अज्ञान त मूलकारण, त्यसलाइ पन्छाउनु नै विधान छ ।
अज्ञानको नाशक ज्ञानमात्र छ, अज्ञानको कर्म सबै बिरूद्ध[७] छ ।।
सक्तैन अज्ञान त राग[८] नाशन फेरी बढाऊँछ सदोष[९] कर्म नै ।
अतश्च संसार[१०] नछूटने हुँदा, विवेकले 'ज्ञान' लिने बिचार[११] होस ।।
भन्लाउ[१२] 'जुनवेद[१३] क्रिया बताउँछ त्यै भन्छ 'विद्या' पुरूषार्थ साधन ।
क्रिया[१४] छ कर्तव्य भनी सिकाउँछ, छुटचो भने दोष[१५] पनि लगाउँछ ।।
त्यहीं देखाऊँछ सहाय[१६] ज्ञानको मुमुक्षुको[१७] कार्यपनि छ भन्दछ ।'
त्यो[१८] हैन ! विद्या छ स्वतन्त्र[१९] मोक्षको, खोज्दैन साथी मनलेपनि कतै ।।

१–वाह्य कर्मलाई अनुष्ठान पुर्‍याई छोडदै । २–यस बाक्यबाट,–'घुमनेपाङ्ग्रो जस्तो संसारको निष्पत्तिलाई, पहिले अज्ञानलाई हटाउनु पर्दछ, अज्ञान हटाउनलाई तत्वज्ञानमा आवश्यक पर्दछ, 'पत्त्वज्ञान' वेदान्तको बिचारले मात्र साध्यहुने हुनाले, त्यसैकानिमित्त गुरूको आश्रय चाहिन्छ', भन्ने र 'व्युत्पत्तिका बलले आफ्नै मात्रको विचार, फल दायक हुदैन' भन्नेपनि सूचना हुन्छ । ३–ब्रूह्ममा लागेको । ४–सुख र दुःखका जनक भई । ५–संसारमा ।
६–पाङ्ग्रा झ घुमाउने कर्महरूमा । ७–कर्मबाट, 'अज्ञान' नाशिने किन भएन ! भन्ने शंकालाई, कर्मको स्वरूप नै–अज्ञान जन्य देहाभिमान जन्य हुनाले, अज्ञान नाशमा विरूद्ध छ । ८–अगीदेखि–भोगेको सुखलाई पछिपनि खोजी पस्नुलाई 'राग' भन्दछन्, त्यसलाई 'अज्ञान' ले नाशन सक्तैन । ९–सुख दुःख जनक कर्म । १०–जन्म मरणादि ।
११–वेदान्तका बाक्यबाट विचार । १२–यसमा,–ज्ञान र कर्मको समुच्चयबाट हटाइ, 'ज्ञानमात्र मोक्षको कारण छ' भनी बुझाउनलाई, डेढस्लोकले पूर्वपक्षीको शक्तिलिएको छ । १३–यहाँ 'वेद' भनी श्रुतिस्मृतिप्रराणोक्त लक्षणलाई–पनि बुझाएको छ जस्तो–उभाभ्या मेव पक्षाभ्यां यथाखे पक्षिणांगतिः । तथैव ज्ञान कर्मभ्यां प्राप्यते 'ब्रूह्म' शाश्वतम् ।।" इत्यादिबाट 'क्रियापनि' ज्ञानसाधन हो भन्ने उक्तिछ । १४–'नित्यनैमित्तिक–क्रिया कर्तव्य छ' भनी सिकाउँद छ । १५–नित्य नै मित्तिक कर्म छुटेमा 'प्रत्यबाधी' हुँछ, भनी दोषपनि देखाउँदछ । अतः 'प्रत्यबाध' परेमा ज्ञानको उत्पत्तिपनि हुनपावैन ! । १६–"तथैब ज्ञान कर्माभ्यां प्राप्यते 'ब्रूह्म' शाश्वतम्" इत्यादि उक्तिले, ज्ञान र कर्मबाट 'ब्रूह्म' प्राप्य छ भनी कर्मलाईपनि ज्ञानको सहाय देखाउँदछ, र 'कर्म' अवश्य कर्तव्य' भनी, कर्म छुटेमा 'प्रत्यबाय' पर्ने उक्तिपनि हुनाले, प्रत्य बाय परेमा ज्ञानको उत्पत्तिपनि होवैन ! त्यस कारणले, जस्तो :–माटाका घैंटाको उत्पत्तिमा,–पाङ्ग्रो लानेहरूको परस्पर सहायताहुँछ, त्यस्तै–ज्ञानको उत्पत्तिमा क्रियाको सहायता–पनि देखाउँछ । १७–मोक्ष खोजनेको 'कर्तव्य' पनि भन्दछ । १८–यहाँदेखि उत्तर पक्षोको उक्तिहो ।
१९–बिना सहायले आफ्नो काम (मोक्ष) सिद्ध गराउन सक्ने, यस बचनबाट 'ज्ञानबिद्या' तेज जस्तो छ' भन्नेपनि सूचना हुँछ ।

फेरी[1] भनौला तिमि 'सत्त्यकर्मको, यज्ञ[2] पनि खोज्छ सहाय[3] अङ्गको ।
त्यसैगरी कर्मबिशिष्ट[4] भैकन बिद्यापनि बन्दछ मुक्तिदायिनी ॥"

तो[5] हुन कुरा कोहि बितर्कबादि[6] का, हुन्छन् 'असत्' दृष्टबिरोधका[7] हुँदा ।
देहाभिमानै[8] त बढाउँछ क्रिया, 'बिद्या' अहंकार अलग[9] प्रसिद्ध छ ॥

अतश्च बिज्ञान बिचारको हुँदा, 'बिद्या' त त्यो अन्तिम आत्मबृत्ति छ ।
'यज्ञादिकर्म' भवभोग पार्दछ, 'बिज्ञान बिद्या' भवभोग हर्दछ ॥

त्यसकारणै त्यागनु कर्म ती[10] सवै, बिरोधका[11] भै ति दुई नमुच्छियुन ।
अतः सवै इन्द्रिय बृत्ति छोडदै, आत्मानुसन्धान परायणै हुनू ॥

आत्मा नचिन्हे भइ, देहमा 'म हूँ' भन्ने भएसम्म त कर्म[12] गर्दछन् ।
पछी–पछी जानि जगत सवै झुठो, चिन्ही परात्मा सबकर्म छोडदछन्[13] ॥

जोवेशमा ऐक्य गराउने जब, बिज्ञान नै फुर्दछ चित्तभित्रमा ।
अज्ञान[14] त्यो जान्छ विलाइ झट्टनै, संसार जो कारण[15] भै गराउँथ्यो ॥

विशुद्ध[16] बिज्ञान जमी हटाइयो, श्रुति[17] प्रमाणै भइ नाशिएपछि ।
अज्ञान त्यो फेरि कसोरि फर्कला[18] के टिक्न सक्ला र विगारपाइला ॥

नफर्कने भो भनि जानिएपछि, फेरी 'म' भन्ने मति पो कसोरि[19] होस ! ।

१–यस उक्तिलेपनि पूर्वपक्षीलाई पक्रेको छ । २–'अक्षयंह वै चातुर्मास्य याजितः सुकृतं भवति' इत्यादि वेदका उक्तिले बुझाएको 'यज्ञ' । ३–उपकारक सराजाम र देशकालादि रूप अङ्गको सहाय । ४–अङ्गाङ्गीमा भने सिद्धहुने–यज्ञ आदि कर्मविशिष्ट भईकन । ५–यहाँदेखि उत्तर पक्षीको उक्तिछ,–यस उक्तिबाट कर्म र बिद्यामा बिरोधको दृष्टान्त भएको छ । ६–विना प्रमाणले दुवैलाई मुर्छा तर्कना लिनेहरूका । ७–तलकहिने प्रमाणबाट लोकदृष्ट बिरोधहुँदा । ८--आत्मादेखि भिन्नको देहादिमा, आत्म त्वअभिमान पर्दा क्रिया बढाउँदछ । ९--ज्ञान विद्या, अहंकारदेखि अलग हुनाले, अहंकारत्ने छोडेकालाई मात्र सिद्धहुँछ; एवं, क्रियामा अहंकार रहने र ज्ञानमा अहंकार निर्मूल हूनेहुनाले ती दुइको समुच्चय, बिरूद्ध मानिएको छ । १०--फलभोग गराउने 'यज्ञ' आदि काम्यकर्म सबै । ११--ज्ञानबिद्या र कर्ममा बिरोध हुनाले । १२--अबिद्याले गर्दा, आत्मादेखि भिन्न शरीरादिमा 'अहंकर्ता' इत्यादि रूप आत्म बुद्धि रहेसम्म, 'यजेत' इत्यादि कर्मबादको बशमा परी, काभ्य कर्म गर्ने हुन्छ । १३--'अर्थात आदेशो नेति-नेति' इत्यादि वाक्य बोधले जगत्को मिथ्यात्व बुझी, सत्यत्वले परमात्म स्वरूपको ज्ञान लिएपछि, कर्मबादलाई त्यागने हुँछ । १४–तत्तज्जीवमा उपाधिभई रहेको अज्ञान रूपी माया । १५–जुन 'माया' उपादान कारण बनी संसार जन्म मरण आदि गराउँन्थ्यो । १६–निदिध्यासनको परिपाकबाट बिशेष शुद्ध भएका बिज्ञान । १७–'तत्त्वमसि' आदि श्रुति प्रमाण । १८–जस्तो–अज्ञानले डोरीमा सर्पको भ्रान्ति गराउँछ, र ज्ञानले 'डोरी' भनी संझाए पछि त्यो अज्ञान हराउँदछ फेरी फर्कदैंन । १९–अहं (म) भन्ने बुद्धिको कारण अविद्या हो, त्यही न रहने भएपछि 'म' भन्ने अहंकारी समझ कसोरी रहोस् ।

अतश्च 'विद्या' छ स्वतन्त्र, मोक्षमा[१] खोज्दैंन केही पनि साथमा लिन ।।
यही कुरा भन्दछ 'तैत्तिरीय[२] , ले क्रिया सबै छोडन आदरै गरी ।
त्यही कुरा 'बाजसनेय[३] ' मान्दछ, बिमोक्षको साधन 'ज्ञान' भन्दछ ।।

'बिद्या सरो हो, क्रतु[४] ' भन्दछौ तिमी, दृष्टान्तता केहि भएन है यहाँ[५] ।
फलै पृथकछन्[६] 'क्रतु' अंगसाध्यछन्[७], त्यसदेखि उल्टो[८] भनी 'ज्ञान' मान्दछन् ।।

'म प्रत्यवायी[९] छु' अनात्मका कुरा, अबूझमाको न त तत्त्वदर्शिको ।
तस्मात् क्रियाबुद्धि[१०] लिएर जो[११] भने, ती कर्मनै त्याज्य छ आतमबुद्धिको ।।

बिश्वास मानी गुरूशास्त्र बाक्यमा[१२], श्रद्धागरी भक्तिलि शुद्धचित्त[१३] भै ।
जोबात्मको ऐक्य[१४] बुझी सुखीभई[१५], पहाड झैं निश्चलचित्त[१६] भै बसोस ।।

बाक्यार्थ[१७] को ज्ञान निमित्त, मुख्य भै पदार्थमा[१८] कारणपर्छ रीतिले[१९] ।
'तत्' 'त्वम्' परात्मा अनि[२०] जीव भन्दछन्, यी युग्ममा ऐक्य[२१] बुझाउने 'असि' ।।

प्रत्यक[२२] परोक्षादि बिरोध युग्मको[२३] त्यागेर, तो लक्षणकाप्रमाणले[२४] ।
चिदात्मताजानिलिएर आफुमा, ठान्नू[२५] 'म' छू अद्वय चित्स्वरूपको ।।

१–मोक्ष दिनुमा । २–'नकर्मणा नप्रजया धनेनत्यागेनैके अमृतत्त्व मानशुः' इत्यादि बचनले । ३–'एता बदरे खल्वमृतत्त्वम्' (मोक्षको साधन ज्ञान हुन्छ, कर्महुँदैन) इत्यादि बाक्यले मान्दछ । ४–यज्ञ । ५–समानतामा । ६–यज्ञले भोग गराउने र ज्ञानले मोक्षगराउनेहुँदा, फलैपृथक । ७--अहं ममतारूप अभिमान र बाहनसामग्रीका साथै देश-कालादिको नियम समेत कोसहायबाट साध्यहुने हुनाले 'अङ्गसाध्य' । ८--असहाय । ९--'कर्म छोडेमा म प्रत्यबा-ईहुँला' भन्ने शंका आत्म ज्ञान नभएका अबूझमा रहने मात्र हो; तत्त्वदर्शीमा अहंकार बुद्धि नै नरहने हुनाले, त्यो शंका पर्नै सक्तैन । १०--क्रियाबाट पाइने फलमा बिचार लिएर । ११–प्रकाश गरे । १२--गुरूको बचन र शास्त्रका बाक्यमा । १३–फलमा कामना नरहने कर्मको अनुष्ठानबाट, शुद्धचित्त भई । १४--मनन निदिध्यासनको परिपाकबाट जीव र आत्मा एकता बुझी । १५--संतोषले सकल दुःख हीन भई । १६–बिषयमा अभिलाषा नरहेको शुद्ध अन्तः करण भई । १७--'तत्त्वमसि' बाक्यका अर्थको । १८--तत्, त्वम्, असि, यी तीन पदका अर्थमा । १९--भ्रम प्रमाद रहन नपाउने रीतिले । २०--'तत्' शब्दले 'परमात्मा'–(सर्वज्ञत्वबिशिष्ट) र 'त्वम्' शब्दले 'जीव' (किञ्चिज्ज्ञ त्वबिशिष्ट) । २१--एकता बुझाउने । २२–'जीव' मा अहंबुद्धिवेघत्व, र 'परमात्मा' मा परोक्षत्व आदि धर्मले परस्परमा हुनआएको बिरोध (फरक) । २३--जीव र आत्माको । २४--तल बताइने, जहदा दिलक्षणा (शाक्य संबन्ध) का प्रमाणले । २५--पहिले देखिनै, आफ्नै घाँटिमा रहेको गहना, भ्रान्तिले अन्यत्र खोजिगर्दा अर्कोले देखाएमा 'पाएँ'! भनी ठाने झैं, आफूमानै चिदात्मता जानी 'म' चित्स्वरूपको छू भनी ठान्नू ।

एकात्मकै[१] भै जहती नमीलने, बिरोध[२] बाटै अजहत् नमीलने ।
'सोऽयं' पदार्थै झइँ भागलक्षण[३] , मिल्दोछ 'तत्–त्वम्' पदमा अदोष[४] भै ।।

पृथ्व्यादि पाँचैपनि पाँच भाग[५] भै, शरीर जो प्राक्तन[६] कर्म जन्य छ ।
मायाा[७] विकारै छ र स्थूलरूप छ, अनित्य उत्पत्ति र नाशयुक्त छ ।।

घरै छ त्यो दुःखसुखादि भोगको, आत्मा त्यही 'स्थूल उपाधि' मान्दछ ।
शरीर अर्को छ बिलक्षणै[८] सधैं, बुद्धीन्द्रिय[९] प्राण मनै मिलीकन ।।

नफोरिएका[१०] सब भूतले[११] बनी, सुखादिको साधन भै अदृश्य छ ।
नेत्रादिको गोचर छैन त्यो कतै, आत्मा त्यही 'सूक्ष्म उपाधि' मान्दछ ।।

अनाद्यऽनिर्वाच्य[१२] छ कारणै[१३] छ त्यो[१४], 'माया' छ उत्कृष्ट[१५], प्रधान देह छ ।

१–जस्तो,–'गङ्गामा गाउँ' भनेमा, गङ्गापदको अर्थ (निरन्तर बहनु) मा, गाउँको आधार उप पत्ति नहुनेहुँदा, बहनू अर्थलाई त्यागी, 'तीर' रूप अर्थको लक्षण हुन्छ र त्यो लक्षण प्रकृतबाट एकात्मक भई, विशेष्य अंशमा एकत्व हुनेहुनाले, सर्वथा स्वार्थत्याग नहुने हुँदा 'जहती लक्षण' हुन्छ, त्यो यहाँ मिल्दैन । २–'काकबाट दही बचाऊ' भनेमा, काक पदको स्वार्थलाई नछोडी, दही बिगार्ने कुरा सबैमा लक्षण हुनेहुनाले 'अजहल्लक्षण' हुन्छ, त्यो पनि बिशेषण त्यागबाट सर्वथा स्वार्थत्याग नहुनेहुँदा, यहाँ मिल्दैन । ३–शब्दयार्थांशको भेदलाई त्यागी, अरू अंशको बोध गराउने– 'जहदजहल्लक्षण', जस्तो–'त्यही यो देवदत्त हो' भनेमा, 'त्यही' पदले त्यस ठाउँको वा त्यस बखतको भन्ने र 'यो' पदले यस ठाउँको वा अहिलेको भनी बुझाउने हुँन्छ, दुबैपद विशेषणार्थका मात्र भई, ऐक्य असम्भब हुनेहुनाले, लक्षणबाट 'त्यस ठाउँको' 'यस ठाउँको' भनी बुझाउने बिशेषणको अंशलाई त्यागी, विशेष्यको अंशलाई मात्र लिएमा ऐक्य बुझाउने हुन्छ, त्यसंगरी यहाँपनि 'जहद जहल्लक्षण' मिलनेहुन्छ, यसैलाई 'भागलक्षण' भन्दछन् । ४–'जहत' र 'अजहत' लक्षणमा बुझाइएको दोष नपर्ने भई । ५–पृथिवी, जल, तेज, वायु, आकाश यी पांच अलग-अलगलाई आधा-आधा गरी, त्यसमध्ये एकको आधाभागलाई चार भाग गराई, ती चारलाई आफ्नो आधा बाहेक अरू चारका आधा-आधा भागमा मिलाउँदा एक-एक सबै 'पञ्चात्मक' हुन्छन् ! भन्ने उक्तिहुनाले पाँच भाग भई । ६–पूर्व जन्मको कर्म अनुसार । ७–परम्परा मायाको बिकारबाट बनेको । ८–कुनै कारण नरही सधैं आफै एकतमासको (लिङ्गदेह) । ९–बुद्धि१, इन्द्रिय२, प्राण३, मन४, समेत सत्र जम्मा भएको । १०–स्थूल शरीरमा झैं पाँच भाग नलागेका । ११–पृथिवी आदि पञ्च महाभूतबाट पैदा भएको । १२–यति सम्मले जीवको स्थूल र सूक्ष्म दुई उपाधि बताई, यहाँदेखि 'ईश' को उपाधि बताइन्छ,–अनादि (उत्पत्ति नरहेको), अनिर्वाच्य (सत्त्व, असत्त्व भनी बयानदिन नसकिने) । १३–सकल प्रपञ्चको कारण । १४–लिङ्गदेह । १५–ईश्वर व्यवहार संपादक हुँदा, 'उत्कृष्ट' ।

१–निश्चयमति । २–नाक, कान, आँखा, जिभ्रो, छाला गरी पाँच ज्ञानेन्द्रिय, बोली हात पाउ गुदद्वार र लिङ्ग वा भग समेत पाँच कर्मेन्द्रिय गरी दश इन्द्रिय । ३–प्राण, अपान, व्यान, उदान, समान गरी पाँच प्राण । ४–संकल्पात्मक, यिनैको जम्मा सत्र ।

उपाधिले मात्र छ भिन्नभावको[१] , स्वात्मा र आत्मा क्रमले[२] उही बुझोस ।।
जो कोशमा[३] भिन्नझई छ आकृति, त्यो संगले हो स्फटिकै[४] झई भई ।
यसमा[५] बिचारे त असङ्ग रूपको[६] , चिनिन्छ आत्मा अज[७] अद्वितीय[८] त्यो ।।
स्वप्नादि[९] तीनैपनि बुद्धि बृत्तिहुन, गुणत्रयी रूपहुँदा त बुद्धिको ।
आत्मा छ आनन्द असङ्ग व्यापक, त्यसमाथि मान्नू व्यभिचारले झुठो[१०] ।।
देहेन्द्रियप्राण[११] मनश्चिदात्मको समूहले, बृत्तिरहन्छ[१२] बुद्धिको ।
रजस्तमो मूलहुँदा छ अज्ञ त्यो, त्यही रहेसम्म छ जन्म[१३] लोकको ।।
'नेति'[१४] प्रमाणैलिई शान्तशील भै, सच्चित्तले[१५] स्वाद लि चिद्घनामृत[१६] ।
त्यागोदिनू[१७] दृश्यसमूह यो जगत, रसै चुसो फ्याकिइने फलैझई[१८] ।।
न मर्छ[१९] 'आत्मा' न कदापि बढदछ, न घट्छ कैल्यै न त जन्मलिन्छ त्यो ।
सुखात्म भै व्यापक स्वप्रकाश छ, सधैं सुखी अद्वय नित्य नै छ त्यो ।।
त्यस्तो सुखज्ञानमयात्ममा पनि, दुःखात्म[२०] संसार कसोरि ठानिनू ।

१--एकमात्र चैतन्यलाई, उपाधिको भेदले गर्दा, 'जीव' 'ईश' भनी भिन्न जस्तो समझ गराउँदछ । २--उपाधिले गर्दा मात्र भिन्न जस्तो समझलिएको बुद्धिलाई उपरोक्त लक्षणले हटाई, श्रवण मनन निदिध्यासनका क्रमले स्वात्मा (जीव) र आत्मा (परमात्मा) मा एकता ज्ञान गरोस । ३--अयोध्या-काण्डको छैटौं सर्गमा बताइएका 'अन्नमय' आदि पञ्चकोशमा । ४--जस्तो,--रङ्गिन बस्तुका संगतमा परेको स्फटिक, रंगिन बस्तुकै 'रङ्ग' को देखिने हुन्छ, त्यस्तै,--कोशका संगतले भिन्न-भिन्न झई देखिने हुन्छ । ५--'तत्त्वमसि' बाक्यमा । ६--कसैसंग संग नभएको । ७--जन्म नभएको । ८--बिजोडा । ९--यस बाक्यले,--बुद्धिको सत्त्व रजस्तमो रूपहुँदा, जाग्रत स्वप्न सुषुप्ति अवस्थापनि बुद्धिका धर्महुन्, आत्माका होइनन्, भनी बुझाउँछ । १०--स्वप्नमा, जाग्रत र सुषुप्ति नरहने; जाग्रतमा, स्वप्न र सुषुप्ति नरहने; सुषुप्तिमा, जाग्रत र स्वप्न नरहनेहुँदा, परस्परको व्यभिचारबाट ती अवस्थाको स्वभावै झुठो हुनाले, व्यभिचारी धर्म-(स्वभाव) लाई आत्मामा मानहुनु, सम्भव नै नरहनेहुँदा झुठो । ११--यस बाक्यबाट,--संसारको जरा बनेको--बुद्धिको स्वभाव बताइन्छ । १२--स्वभाब । १३--रजस्तमः स्वभावको बुद्धिरहेसम्म लोकमा जन्म मरण गराउँछ । १४--'यसदेखि अरू आदेश छैन' भन्ने प्रमाण । १५--सत्त्व स्वभावको चित्तले । १६--चितको लक्षणले जमेको अमृत । १७--बिर्सिदिनु । १८--यस उक्तिबाट, 'देह इन्द्रिय आदिले नै 'ज्ञान' प्राप्त गराउनेहुँदा, उपजीव्य भएका ती देहादिको त्याग कसरी ?' भन्ने शंकालाई, 'जस्तो--सुन्तला, नरिवल आदि फलका भित्रको रस (सारांश) चुसी, त्यसैका घर बनेका फल (खोष्टा) त्यागिनेहुंछ; त्यस्तै--सबै दृश्यको सारांश 'ब्रह्म' जानेपछि, निःसारका (दुःख भय आदिको सम्भावना रहने) दृश्य, त्यतिनैहुंछ' भन्ने दृष्टान्त भएको छ । १९--यस बाक्यबाट,--जन्मन्छ बढदछ, बिग्रन्छ, घटदछ, नाशिन्छ भनिने सड्भाव नरहने,--'आत्मा' एक मात्र नित्यछ, ऊ बाहेक अरू सबैमा षड्भाव रहने हुनाले, सबै अनित्यछन्, भन्ने बुझाएको छ । २०--दुःख रूप संसार ।

अज्ञान[१] अध्यास हुँदा त ठान्दछ, ज्ञानै भएमा[२] बिलि जान्छ तत्क्षणै ॥
एकमा त अर्को भ्रमबाट ठान्नु नै, 'अध्यास' बिद्वानहरू भन्दछन् त्यही ।
जस्तो त सर्पै भनी ठान्नु डोरिमा, त्यस्तै जगत् हो भनि ठान्नु ईशमा ॥
बिकल्पमाया[३] नहुने चिदात्मक[४], समस्तका कारणमात्र 'ब्रह्म' मा ।
जो त्यो अहंकार लगाइयो अगी[५], त्यही छ अध्यास[६] भनेर जानन ॥
इच्छादि रागादि सुखादि ती सबै, संसारका कारण बुद्धिका गुण ।
हुन्छन् र निद्राभितरै[७] हराउँछन्, अतः 'सुखैमानि सुतेछु' भन्दछौं[८] ॥
अनादि–अज्ञान समुत्थबुद्धिमा[९], जो पर्छ बिम्ब त्यहो[१०] 'जीव' भन्दछन् ।
आत्मा छ साक्षी[११] अलगै[१२] रहन्छ त्यो, आत्मा र जीव त्यहि एकमात्र[१३] हो ॥
चिद्‌बिम्व[१४] बुद्धोन्द्रिय[१५] आत्ममेलले, एकत्र भै अग्नि र लोहमा झई[१६] ।
अन्योन्य[१७] अध्यासहुँदा झुकान छ, चिदात्म जीव दुइमा जडाऽजड[१८] ॥
आचार्यको बाक्य[१९] र वेदबाक्यले[२०] बिचारि ज्ञानै[२१] लिइ आफुभित्रको– ।
आत्माकनै संझि उपाधि भिन्नको, अरू जतीछन् जडदृश्य छोडनू[२२] ॥

१–अज्ञान मूलक 'अध्यास' पर्दा, अर्थात्–देह र अन्तः करणमा 'म' 'मेरो' भन्ने भ्रान्तिरहेसम्म । २--'ज्ञान' अज्ञानको बिरोधी हुनाले, ज्ञानको उत्पत्ति भएमा, अध्यासको कारण 'अज्ञान' हराउनेहुंदा, 'अध्यास' पनि क्षणैमा बिलाउँदछ । ३--बिकल्पको कारण माया देखि अलग । ४--चित्स्वरूप । ५--यथार्थ बुझनु भन्दा अगि । ६--अहं बुद्धि रूप 'अध्यास' । ७--सुषुप्ति अवस्थामा बुद्धिको चाल नरहने हुनाले, इच्छादि सबै हराउँदछन । ८--निद्राबाट ब्युंझेपछि 'म आनन्दसंग सुतेछू' भन्दछौं र सुख रूप आत्म स्वरूपलाई, बुद्धिका गुणदेखि भिन्नको निश्चय गराउँदछौं । ९--अनादिको अज्ञानबाट उत्पन्न भएको अन्तः करणमा । १०–चित्का प्रकाशको बिम्ब । ११--अन्तर्यामी । १२-अन्तः करणका स्वभावदेखि अलग । १३--ज्ञानबाट, प्रति बिम्बको[१] आधार अज्ञानको बिलयहुने हुनाले, प्रतिबिंबपनि बिलय हुनेहुदा, 'एक मात्र' । १४--चिदाभास । १५--यहाँ 'बुद्धि' भनी 'अन्तः करण' लाई र 'आत्मा' भनी मनलाई मानिएको छ । १६--अग्निको दाह गर्ने धर्म, लोहमा र लोहको डल्लो पर्नु आदि धर्म अग्निमा भान परे झैं, आत्मामा 'जड', जीवमा 'अजड' को भान पर्दछ । १७--परस्परमा तादात्म्यको आभासहुँदा । १८--चिदात्मामा 'जड' (अज्ञान), चित्तका बृत्तिमा 'अजड' (ज्ञान) भन्ने झुकान पर्दछ । १९--यसबाट, 'मनन' बुझाइएको छ । २०--यसबाट, 'श्रवण' बुझाइएको छ । २१--यसबाट, 'निदिध्यासन' बुझाइएको छ । २२--दृश्य सबैमा उदासीन (प्रिय अप्रिय केहि नभएको) भई रहनु ।

१--मुख्य वस्तु जस्तो अर्कै बस्तु ।

*'प्रकाश[१] आफै छु, अजै[२] छु, अक्षय[३], सधैं[४] प्रकाशै छु अतीवनिर्मल[५] ।
बिशुद्ध बिज्ञान निरामयै[६] छु म, संपूर्ण[७] आनन्दमयै[८] छु निष्क्रिय[९] ।।
म छू सधैंमुक्त[१०], अचिन्त्यशक्तिमान्[११], अतीन्द्रियज्ञान[१२] अविक्रियात्मक ।
अपारको[१३] छू 'म' भनि बुझेर नै, संझी रहन्छन् सव वेद वादिले ।।
यसैगरी नित्य अखण्डचित्तले[१४], चिन्तालिनेको[१५] भइ शुद्धभावना[१६] ।
नाशिन्छ 'अज्ञान' र 'कर्म'[१७] झट्टनै, सेवाहुँदा औषधिले त रोग झैं ।।
एकान्तमा[१८] आसन बाँधि रीतिको[१९], रोकी सबैइन्द्रिय[२०] शुद्धचित्त भै ।
बिज्ञानदृक्[२१] केवल[२२] आत्मसंस्थ[२३] भै, अनन्य[२४] भै ध्यानलगाइ[२५] नै रहोस ।।
जो बिश्व[२६] हो यो परमात्मभासको, त्यसलाइ आत्माभितरै बिलाइयोस[२७] ।
'आत्मा' चिदानन्द स्वरूपपूर्ण[२८] छ, न बाह्य केही न त भित्रि जान्दछ[२९] ।।
समाधिको[३०] पूर्व चराचरै जगत्, 'ॐकार बाच्य' भनी भावना लिओस ।
'जगत् छ बाच्य प्रणवै छ बाचक अज्ञानले मात्र', न तत्त्वबोधले[३१] ।।
अकारको बाच्य त बिश्वरूप[३२] हो, उकारको तैजसलिङ्गदेह[३३] हो ।
मकारले प्राज्ञ[३४] भनो बुझाउँछ, समाधिपूर्वै[३५] न त तत्त्वकापछि[३६] ।।

१–अर्काले प्रकाश गराउनु नपर्ने (आफै चहकिले) । २–जन्म आदि बिकार नरहेको। ३–गोडान भएको। ४–'न तत्र सूर्यो भाति न चन्द्रतारकम्' यो श्रुति र 'न तद्भासयते सूर्यः' योस्मृतिको प्रमाणले सधैं प्रकाश। ५–मायाको आवरण र विक्षेप नपरेको। ६–'कर्तृत्व' अभिमान नरहेको। ७–देशका लपरिच्छेद रहित। ८–सधैं आनन्द–स्वरूप। ९–परिणाम रहित। १०–सबै कुराबाट अलग। ११–परमात्मा। १२–इन्द्रियबाट नभेटिने 'ज्ञान' रूप। १३–अपरिणामी। १४–काल र ठाउँबाट पारमानिने रहेको। १५–विषयमा नफसेको चित्तले। १६–ध्यान लिनेको। १७–ब्रह्माकारान्तः करणवृत्तिः। १८–पुनर्जन्म गराउने कर्म। १९–जनताको घञ्च–मञ्च नभएको ठाउँमा। २०–पद्मासन आदि यथोचितरीतिको आसन बाँधी। २१–सबै इन्द्रियलाई कर्मबाट रोकी। २२–बिज्ञानमा मात्र एकोहरो चित्तपारी। २३–बिषयमा असंग भई। २४–आत्मामा मात्र मर्यादा राखी। २५–तत्त्व ज्ञानदेखि अर्कोपनि मुक्ति साधन होला कि ! भन्ने भ्रान्ति नपरेको भई। २६–एकोहरो चिन्ता लिदैं रहोस्। २७–परमात्मा भास गराउने, जो यो–भूत भविष्यत् वर्तमान् 'विश्व हो'। २८–मायाको सन्निधानले मात्र, उपादान कारण बनने आत्मामा बिलाइयोस्। २९–चिन्दानन्द स्वरूप 'आत्मा', आफ्नो काम्य नहुँदा 'पूर्ण' छ। ३०–पूर्ण भई, सर्वत्र ब्रह्म देखने हुनाले, बाहिरी भित्री जान्दैन। ३१–समाधि (सकल बिषय व्यासङ्ग निबृत्ति पूर्वक ब्रह्माकारबृत्तिः) नभएसम्म। ३२–निर्विशेष ब्रह्म साक्षात्कारको बोधले। ३३–बिश्व शब्दले बुझाइने जाग्रत्साक्षी,–'विराट्'। ३४–तैजसपद वाच्य–स्वप्न साक्षी 'लिंग देहाभिमानी' हिरण्यगर्भः। ३५–'प्राज्ञ' पदवाच्य माया उपाधिक, कारण त्वाभिमानी सुषुप्ति साक्षी ३६–उक्त भावना, समाधिसिद्ध नभएसम्म मात्र हो। ३७–तत्त्व साक्षात्कार भएपछि, सकल कुरा ब्रह्ममा बिलाइने हुनाले, त्यो भावना रहनै सक्तैन।

अकार[१] जो बिश्वभनी[२] बताइयो, उकारमा तैजसमा[३] बिलाउनू ।
उकार त्यो तैजसलाई लीकन, ॐकारको अन्त्य 'म'मा[४] बिलाउनू ॥

मकार जो प्राज्ञ[५] भनी बताइयो, चिदात्ममा त्यसकन नै बिलाउनू ।
पछी[६], 'म छू ब्रह्म[७]' उपाधि मुक्त छू[८], बिज्ञानदृक्[९] छू' भनि भावना लिनू ॥

एवं, सदा संझि परात्मभावना[१०], स्वानन्द संतोषलि बिर्सनू सबै[११] ।
बिमुक्त[१२] त्यो हुन्छ, सुखप्रकाशक[१३], निश्चालको[१४] पानि हुने समुद्र झैं ॥

एवं च अभ्यासलिदै समाधिमा, जिती सबैइन्द्रिय[१५] षड्गुणै[१६] पनि ।
जो लिन्छ 'आत्मा' बशमा निरन्तर, त्यो बन्छ योगी र म 'दृश्य' बन्दछू ॥

यसैगरी चित्त दिएर आत्ममा, सधैं सबै बन्धनबाट[१७] मुक्त भै ।
प्रारब्धभोग्दै[१८] अभिमानछोडदै[१९], साक्षात् ममा नै मिलि लीन हुन्छ त्यो ॥

अगाडिमा[२०] माझ र अन्त्यमापनि, 'संसार' हो दुःख भयादि पारने ।
त्यो जानि, छोडी सब कर्मबाद ती[२१], समस्तका जीव 'परात्ममा' भज ॥

अभेदमानो[२२] स्वस्वरूप आत्ममा, बिचारनू एक, उही छ यो भनी ।

१–यस बाक्यदेखि बिलापन प्रकार बताइन्छ । २–अकार बाच्य–स्थूलदेह 'बिराट' । ३–उकार–बाच्य–हिरण्य गर्भ (लिङ्गदेह) माबिलाउनू (भावना गर्नू) । ४–'म' कार बाच्य 'प्राज्ञ' मा । ५–माया उपाधिक–कारणत्वाभिमानी पुरूष । ६–समाधि सिद्ध भएपछि । ७–सर्वबिलापाधिष्ठान 'बृह्म' । ८–रागद्वेषादिमलिन–अहं पदार्थको बृह्म त्वमा भावना कसरी ? भन्ने शंकाको निवारणलाई 'उपाधिमुक्त' (निर्मल) भनी बिशेषण भएको छ । ९–निदिध्यासनबाट, बृह्ममात्रकोज्ञानमा अटूट दृष्टि भएको । १०–परात्मामा एकता भएको । ११–पुत्र धन देह आदि सबै,–परिणाममा दुःखका रूप हुनेहुनाले बिर्सनु । १२–जीवन्मुक्त । १३–आत्मसुखप्रकाशक । १४–बिषय संबन्धरूप–लहरी नचलेको पानीहुने समुद्र झैं, बिषय संबन्धबाट निश्चल रहन्छ । १५–सबै इन्द्रियका बिषय (शब्दाहि) । १६–सर्वज्ञत्त्व, नित्यतृप्तत्व, बोधरूपत्त्व, स्वतन्त्रत्व, नित्यमलुप्तत्व, अनन्त, यही रूपका षगुणलाईपनि जिती । १७–सुखदुःखादि भोग गराउने कर्मरूपी बंधनबाट । १८–अगिल्लो जन्मको प्रारब्ध कर्मलाई सुखदुःखादिले टारदै । १९–'म' 'मेरो' 'मैले' भनिने अभिमानलाई छोडदै । २०–जस्तो,–धन आदि पदार्थ, पहिले कमाउँदा दुःख, माझमा बचाउलाई चोर आदिको भय, पछि,–नाशिए मासिएमा, शोक–पछुताउ गराउनेहुँदा, दुःख भय–शोक गराउनेहुँछ; त्यस्तै–संसारपनि आदि मध्य अन्त्यमा, दुःख भय शोकहरू गराउने हुन्छ, भन्ने जानी । २१–'यजेत' इत्यादि कर्मवादलाई छोडी, अर्थात् कर्मबादबाट बताइएका कर्महरू, सांसारिक भोगगराउने हुनाले तिनलाई छोडी । २२–स्वस्वरूप (जीव) लाई, सर्वाधिष्ठान आत्मामा, नामरूपले अभेदे भावनागरी ।

मेरोसमानै[१] तव हुन्छ त्यो पनि, जस्तै[२] त हावा, दुध, पानि, अम्वर ॥
त्यसैगरो जानि[३] यहीं[४] बसेपनि, प्रमाणले[५] 'लोक' झुठो चिताउँदै ।
प्रारब्ध[६] टारेपनि जान्छ त्यो[७] भ्रम, ज्ञानैहुँदा, चन्द्र,–दिशा भ्रमैझईं[८] ॥
"ममा[९] अधिष्ठान छ, यो जगत्' भनी, नजानिएसम्म त भक्तिभावले ।
मलाई आराधन नै गरी रहोस, त्यसको सधैं दृश्य म हुन्छु[१०] चित्तमा ॥
रहस्य[११] यो वैदिक सार संग्रह, मैले बताएँ सब निश्चयैगरी ।
जो बुद्धिमान हेर्दछ घोरिएर त्यो, सबैबुझी[१२] पातकबाट[१३] छुट्तछ ॥
हे भाइ ! यो जे जति देखतछौ जगत्, माया[१४] भनो निश्चयलेउ चित्तले ।
ममा गढेको अति शुद्धचित्तले, आनन्द[१५] मानेर सुखी भई बस[१६] ॥
कदापि सेवा म कनै त गर्छ जो, गुणात्म[१७] ठानी गुणभिन्न[१८] ठानि वा ।
म तुल्यको हुन्छ र, पाउले छुँदा, लोकै सबै पार्छ 'पवित्र' सूर्यझैं[१९] ॥
वेदान्त वेद्यचरणै[२०] म हुँदा त मैले, बिज्ञानको सकलसार झिकेर गाएँ ।
श्रद्धा र भक्तिलिइ पढदछ यो त जसले, सारूप्य पाउँछ मलाई चिन्हेर[२१] त्यसले ॥

१–आतमस्वरूप परमेश्वरदेखि अभिन्नहुंछ । २–जस्तो–छालाका खलाती आदिमा रहेको हावा, नामरूपले अभेद भई ठूलो हावासंग एउटैभई मिल्दछ । जस्तो–गाईहरूका दुधमा मिलाएका अरू दुधपनि, एकै रूपको दुधहुंछ । जस्तो–समुद्रमा पसेका नदीहरूको पानी समुद्रनै हुंछ । जस्तो–घडाभित्रको आकाश, घडा फुटदा एकै भई, महाकाशमा मिल्दछ । त्यस्तै-जीव र परमात्मा (ईश्वर) पनि चिन्हेपछि, अभिन्नरूपले एकहीहुन आउँदछ । ३–जीव र परमात्माको ऐकात्म्य जानी । ४--लोकमा । ५--'अतो ऽन्यदार्तम्' इत्यादि श्रुतिप्रमाण र त्यसैबाट बोधहुने 'जगन्मिथ्या ऽ दृश्यत्वात् शुक्ति र जतवत्' इत्यादि युक्ति रूप प्रमाणले । ६–जीवन्मुक्ति अवस्थामापनि, प्रारब्धवश पर्नआएको लोक व्यवहार गरेपनि । ७--ज्ञान नहुंदासम्म पर्न आएको,–जगत्सत्यत्वभ्रम, हराउदछ । ८--एक मात्रको चन्द्रमालाई, 'हिजोको' 'आजको' भनी, दुइटा ठाने झैं र दिशा छुट्याउन नसक्ता, एकदिशालाई अर्को दिशा ठाने झैं, आफूमा परेको भ्रम । ९--यस बाक्यबाट, 'यस्तो ज्ञानको बोधनिमित्त म (राम) उपरको मेरो आराधन नै मुख्य उपाए छ' भन्ने बुझाइएको छ । १०--,ये यथा मांप्रपद्यन्ते तांस्तथैव भजाम्यहम्' यो स्मृतिको बचन मुताबिक दृश्यवदछ । ११--श्रुतिसार संग्रहहुदा 'रहस्य' । १२--आत्माको तत्त्व सवैबुझी । १३–अज्ञानले पर्नआएको पातकबाट । १४--मायाबाट खडाभएको 'जड' । १५--आफ्नो घाँटीको गहना, आफ्नै भ्रान्तिले 'हरायो' भनी खोजेमा, अर्काले देखाउँदा, 'ए ! पाए' भनी आनन्द माने झैं । १६--यसबाट, उपदेश पूर्वकको आशीर्वाद बुझाइन्छ । १७--माथि कहिएका-सर्वज्ञत्व आदिगुणवान ठानी । १८--प्राकृत सत्वरजस्तमो गुणरहित ठानी । १९--जस्तो,-सूर्यले आफ्नो किरणबाट अन्धकारको नाशगरी, 'जगत' उज्यालो गराउँदछन्, त्यस्तै, मेरो भक्त, मसमान हुन्छ र पाउको धुलोले छुंदा, अज्ञान रूपी अन्धकारलाई हटाई, लोकलाई पवित्र गराउँछ । २०-उपनिषद्का बाक्यले चिन्हिने चरण भएको मैले । २१--बिश्वास मानेर ।

इति उत्तरकाण्डे रामगीता नाम पञ्चम : सर्ग : ।। ५ ।।

एक बखत, लवण राक्षसबाट भय मानेका यमुना किनारका मुनिहरू, रामबाट अभय पाउने आशाले, च्यवन ऋषिलाई अगाडि लगाई, रामछेउ पुगेका थिए।

रामले, ऋषिहरूलाई पूजा सन्मान गरी मीठो बोलीले हर्ष गराउँदै,–मैले तपाइँहरू-को कुनकाम गर्नु पर्‍यो ? म भएठाउँमा के कारणले आउनु भएको हो ? तपाइँहरूको आगमनबाट, म आफूलाई धन्य सम्झिन्छू, कठोरको काम परेको भएपनि भन्नुहोस म गर्नेछू। ब्राह्मण, मेरा देवताहुन् ! मलाई नोकर सम्झी आज्ञा दिनुहोस" भने ।

रामको बाक्यसुन्दा, संतुष्ट–च्यवनले "हे राजेन्द्र ! अगि सत्ययुगमा, देव, ब्राह्मण पूजक, अतीव धर्मात्मा 'मधु' नाम गरेका ठूला दैत्य थिए। उनिदेखि संतुष्त भएका शिवजी-ले, उनिलाई अतिउत्तमत्रिशूल१ दिएर, "यसले जसलाई हान्दछौ त्यो तुरून्त भस्महुनेछ" भनेका थिए। मधुकी पत्नी रावणकी बहिनी कुम्भीनसीबाट जन्मेको 'लवण राक्षस' अति बलियो र देव ब्राह्मण हिंसकहुँदा, कसैले सहन नसकिने दुरात्मा भयो ! हामी त्यसैबाट पीडितहुँदा, हजूरका शरणमा आएका छौं" भनी निवेदन गरे ।

च्यवनको दयालाग्दो बचन सुनेका रामले–"तपाइँहरुले भय लिनु पर्दैन, लवणलाई नाशी दिनेछू ! आनन्दसंग जानुहोला" भनी, भाइहरूसंग "लवणलाई कसले मार्दछौ ? ब्राह्मणहरूलाई ठूलो अभयदान हुनेछ" भने ।

भरतले "आज्ञापाऊँ, म मार्दछू" भन्दा, शत्रुघ्न रामको अगाडि सरी हात जोरेर भन्दछन् –"लक्ष्मणले लडाइँमा ठूलो–ठुलो काम गरे ! महाबुद्धि भएका भरतलेपनि नन्दिग्राममा दुःखको अनुभव गरे ! अहिले लवणलाई मार्नलाई म जानपाऊँ, हजूरका प्रसादले राक्षसलाई अवश्य मार्न सक्नेछू।"

रामले, शत्रुघ्नलाई अंकमालगरी, "लौ, म तिमीलाई मथुराको राज्य निमित्त, अहिल्यै अभिषेक गरिदिन्छू" भनी लक्ष्मणद्वारा अभिषेकका सराजाम मगाई बसिष्ठ आदिबाट अभिषेक गराएर, हातमा दिव्यबाणदिई, "लौ लेऊ, यस बाणले लोक कण्टकलवणलाई

१--शत्रु बधलाई अति उत्तम ।

मार ! त्यो राक्षस, आफ्नो घरमा त्रिशूलको पूजागरी त्यहीँ छोडेर, प्राणीहरूलाई मारी खान भनी जंगलमा जाने गर्दछ। जहाँसम्म जंगलबाट फर्कोइन त्यहाँसम्म तिमी धनुलिएर शहरको ढोकामा बसी कुरीरहू। जब त्यो आई तिमीलाई देखेर क्रुद्धभई बिनात्रिशूलले तिमीसंग लडला, त्यसबेलामा त्यो अवश्य बध्य हुनेछ !

त्यस क्रुरलाई मारेपछि, मेरो आदेशले त्यस मधुबनमा शहर बसालेर, तिमी त्यहीँ बसनु। तिम्रो निमित्त,–पाँच हजार घोडा, पच्चिस शय रथ, छशय हात्ती, तीश हजार फौज पछि आउनेछन। पहिले तिमी एकलैगई, राक्षसलाई मारीहाल" भनी, शिरमासुँघी[१] शत्रुघ्नलाई मुनिहरूका साथमा पठाए।

शत्रुघ्नले, रामको आदेश बमोजिम कर्मपुऱ्याई, लवणलाई मारी, मधुबनमा मथुरा नामको शहर[२] बनाई, बस्ति बसाली, समृद्ध[३] जनबासस्थान गराए।

यता, बाल्मीकिको आश्रममा, सीताबाट दुइकुमार पैदाभए ! बाल्मीकिले ज्येठो-लाई 'कुश' र कान्छोलाई 'लव' भनी, नामकरणगरी[४] दुबैलाई क्रमैसंग विद्यासम्पन्न गराए। मुनिबाट उपनयभई, वेदाध्ययनमा तत्पर रहेका सीतापुत्र दुबैलाई, बाल्मीकिले वेदको तात्पर्यार्थ ज्ञानका निमित्त, अगि शंकरजीले पार्वतीलाई बताएको "रामायणकाव्य" सबै, शब्द र अर्थ समेतबाट बोध गराए।

अश्विनीकुमार जस्ता सुन्दर र उत्तम स्वर सम्पन्न दुबैभाई, तारको अवाज र तालमा समेत मिलनेगरी, एकैस्वरमा एकैलयले गाउँदै[५], जंगलमा घुमन लागे। यत्र–तत्र मुनि-हरूका समाजमा गाउँदै हिंडेका, देव स्वरूपका तेजिला, एकै जोडाका दुइलाई देखेर र उनीहरूका गानापनि सुन्दा आश्चर्यमानेका मुनिहरू–

"पृथ्वी किन्नर देवलोकहरूमा, गन्धर्वका लोकमा,
घूमेथ्यौं, चिरजीवि भै जगत यो ब्रह्मालयैमा पुग्यौं।

१--"प्रजापतेस्त्वा" इत्यादि पढी आशीर्बाद गरी। २--त्यस अगि, केवल जंगलमात्र भएको। ३--अत्यन्त धनी। ४--यसमा, नवजात बालकको संस्कार गर्दा, कुशको मुठालाई बीचमा भाँची, फेद तर्फबाट संस्कार भएकालाई 'कुश' र टुप्पा तर्फबाट संस्कार भएकालाई 'लव' नाम भयो, भन्न व्याख्यानपनि छ। ५--'रामं चिन्तय चित्तवर्वर ! चिरं चिन्ताशतैः किंफलम् किंमिथ्या शत जल्पनेन शततं हे वक्र ! रामंवद। श्रोत्रः त्वं श्रृणु रामचन्द्र चरितं किं गीत वाद्यादिभिः, चक्षू राममयं निरीक्ष सततं नारीमयं त्यज्यताम्।" इत्यादि गाउँदै।

देखेनौं न सुन्यौं कहीँ[१] अगिपनि हामीहरूले कतै,
यस्तोगीत[२] र बाद्यको त गरिमा, कस्तो अनौठा अहो ! ।।" भन्नलागे ।

एवं, प्रशंसा भएका कुश, लव दुवै, ऋषिमण्डलका समीप बाल्मीकिका आश्रममा, आनन्द पूर्वक बसेका थिए ।

यता, रामले सीताको सुवर्णमय प्रतिमा स्थापनगरी[३], अश्वमेध आदि यज्ञहरूको प्रारम्भ गरे । यज्ञको प्रारम्भमा, यज्ञ दर्शनाभिलाषी ऋषि, राजर्षि, ब्राह्मण, क्षत्रिय, वैश्य-हरूपनि ठाउँ–ठाउँबाट आई जम्मा भएका थिए ।

बाल्मीकिपनि, कुश, लवलाई साथमालिई, त्यहीँ आएर ऋषिहरूका बासस्थान-मा बसेका थिए ।

एकदिन कुशले, कथाका प्रसङ्गबाट बाल्मीकिसंग ज्ञानशास्त्रमा प्रश्न गर्दछन्– "हे भगवन् ! देहीमा, संसार रूपी दृढबन्धन कसरी पर्नआउँदछ ? भव बन्धनमा परेको देही केगरी उम्कन्छ ? यी कुरा संक्षेपले सुन्न इच्छा गर्दछू ! शिष्य हूँ, मलाई बोध गराइ दिनुहोस ।"

बाल्मीकि भन्दछन् "तिमीलाई, बन्धन र मोक्षको स्वरूप साथैं, साधन समेत संक्षेप-ले बताई दिन्छू, मैले भने बमोजिम गर्ने गर जीवनमुक्त हुनेछौ ! सुन :–

चिदात्माको देहसंग संबन्ध रहदैन तापनि देह नै ठूलो घर हुन्छ र त्यसै देहमाआत्मा-को सान्निध्यबाट मायाले खडागरेको अहंकार, आत्माको मन्त्री बनो आफूमा रहेको बिषय (म मेरो मैले भनिने अभिमान), चिदात्मामा आरोप गरी त्यसैसंग तादात्म्य (एक ज्यू) भई,–आफ्नो चेष्टा सबै, चिदानन्दमा भान गराउँदछ ! अर्थात आत्मासंगको संपर्कबाट नै, आफू त्यस्तो समर्थबान बन्दछ र त्यसैका कल्पनाले बाँधिएको आत्मा, घर, स्वास्नी, छोरा इत्यादि चिताउने हुन्छ, तो चिन्तित बस्तु नपाउँदा वा नाशिदा शोकलिनेपनि हुन्छ !

१--फलानो ठाउँमा, यसता विशेष गायकछन्, भन्नेपनि सुनेका थिएनौं । २--श्लोकवद्ध रामायणगीत । ३--'यस्य-भार्या ऽ न्यदेशस्था नेष्यते पतिमा ऽ थवा । अशक्ता प्रतिकूला वातस्याः प्रतिनिधिक्रिया ।।' भन्ने बचनबाट, प्रतिनिधि-को अनुमतहुनाले ।

त्यस अहंकारको, तमः सत्त्व रजोरूपका, अधम उत्तम मध्यमगरी तीन प्रकारका देह हुन्छन्। तमः प्रधानकर्मबाट, तामस चेष्टाले अत्यन्त तामस भई कीरा फटचाङ्ग्रा बन्दछ। सत्त्वप्रधान कर्मबाट, सत्त्वस्वभावले धर्मज्ञान परायण भई सुखस्वरूपले रहने हुन्छ र त्यसैबाट मोक्ष पाउने हुन्छ। रजः प्रधान कर्मबाट, रजोगुणकै स्वभावले पुत्रदारादिलोक व्यवहारमा अनुरंजितहुँदै संसारमा अलझिदैं सुख दुःख भोगगर्ने हुन्छ। सत्त्वस्वरूप कर्मले, क्रमैसंग सबैकर्मको नाशद्वारा परमपद प्राप्त गराउँदछ। बास्तवमा अहंकारका स्वभावलाई त्यागेपछि, मोक्ष प्राप्तहुन्छ।

अतश्च, तिमी सबै इन्द्रियका बिषयलाई त्यागी, मनलाई मनैले फर्काएर, बाह्येन्द्रिय-सहित आभ्यन्तरेन्द्रियका बिषयहरूमा संकल्पलाई[१] हटाऊ। यदि, तिमी पातालमा वा पृथिवीमा वा स्वर्गमा बसी हजारौं वर्षसम्म तपस्या गर त पनि, तपस्या सिद्धिलाई मानसिक संकल्पो पशमन बिना अर्को उपायछैन। यसकारणले, विषय संवन्ध विना पाइने, दुःख कत्ति नपर्ने,–आफ्नो आत्मरूप सुखको प्राप्ति निमित्त, पुरूषार्थ पुऱ्याई मानसिक चेष्टालाई छुटाउने यत्नगर। सबैभाव मानसिक कर्मरूपी धागोमा उनिएका हुन्छन्। त्यस धागोलाई तोडेमा सांसारिक विभव कहाँ हराउँछन्! थाह हुँदैन। निःसंकल्पभई[२] आइपरेको व्यवहारपनि टार्दैगर; संकल्प क्षय भएमा जीवले ब्रह्मत्त्व प्राप्तगर्दछ।

सुनि बुझिकन 'ब्रह्मतत्त्व' पक्री, हठलिइ छोडि विकल्पका[३] समूह।
परमपद[४] छ अद्वितीय लेऊ, अति सुखलाई सुषुप्तचित्त[५] होऊ ॥

इति उत्तरकाण्डे षष्ठः सर्गः ॥ ६ ॥

बाल्मीकिको शिक्षाबाट भ्रमहराएका 'कुश', अन्तर्मुक्त भई वाहिरका लोकाचारपनि गर्दैरहे।

सहरका बाटोमा र लस्करहरूमा गाउँदै हिंडेका गम्भीर बुद्धिभएका सीतापुत्र दुवैलाई बाल्मीकिले–"तिमोहरूको गान रामले सुन्न इच्छा गरे भने रामको अगाडिमा गई गाउनू, कदाचित केही धनहरू दिए भने नलिनू" भनी सिकाए। उनीहरू जहाँगएपनि अगि

१–मनको चेष्टा। २–मानसिक कर्ममा नलागी। ३–अनित्यका समूह। ४–ब्रह्म पद। ५–सुतेका बखतको जस्तो चित्तवृत्ति (सांसारिक बिषय रहित ब्रह्माकारा चित्तबृत्तिः) भएको होऊ।

ऋषिबाट शिक्षापाए बमोजिमको गान, गाएरै हिंडदथे ।

अपूर्वको पठनबाट गीतमा मिलानगरी गाउँदै हिंडेका दुइकेटाको खबर सुन्दा आश्चर्य मानेका रामले, फुर्सतको समयमा, ऋषि, राजा, विद्वान्, पौराणिक र नागरिक महाजनहरू समेतलाई बोलाई, ती दुइ गायकलाई सभामा प्रवेश गराए ।

सभामा जम्माभएका सबैले, तो दुइ वटुकको चेहडा देखता, राम र ती दुइमा आँखा लगाई झिम्मपनि नगरी विष्मय भई, परस्परमा "यी दुइकेटा, छायाबाट छाया बनेझैं रामै जस्ता देखिन्छन् ! यदि जटा–बल्कल धारण नगरेका हुँदाहुन् त, राम र यी दुइलाई, विशेषगरी छुटचाउन सक्तै नथियौं !" इत्यादि कुरागर्दैमा, तो दुइले गाउन सुरूगर्दा, मनुष्य-लोकमा हुनै नसक्ने अति सुरिलो, अतिमधुरो गान्धर्वगान प्रबृत्त भयो !

अपरान्हकालमा ती दुइको समानस्वरमा मधुरो गीत सुन्दा प्रसन्न रामले भरतसंग "यी दुइलाई दशहजार असर्फी देऊ" भने ।

कुश, लव दुबैले "हे महाराज ! हामी बनैयाँ बस्तु खान्छौं, संतुष्ट छौं; सुवर्णको के काम !" भनी, दिएको धन नलिई आफू बसेको बाल्मीकिको आश्रममा गए ।

एवं, दुइ केटाका गान्धर्व गानबाट आफ्नै चरित्र सुन्दा छक्क परेका रामले, 'यो दुवै सीताका छोराहुन्' भन्ने निश्चयलिई, शत्रुघ्न हनूमान सुषेण विभीषण र अंगदलाई वोलाई, "तिमीहरू देवता समानकामहात्मा बाल्मीकिका आश्रममा गई, सीतासहित उहाँलाई यहाँ लिईआऊ। यसै सभामा, सोताले आफ्नो शुद्धत्त्व निश्चय गराउने शपथ लिउन र जनता सबैले, 'सीता निर्दोषकी रहिछन' भनी निश्चयलिन पाऊन्" भने ।

रामको बाक्यमा, आश्चर्य मान्दै गएका शत्रुघ्नहरूले, बाल्मीकिलाई भेटी, रामको उक्ति सबै सुनाउँदा, रामको मनको कुराबुझेका बाल्मीकिले–"स्त्री जातिको ठूला देवता पति नै हुन्; सीताले पतिको वचन मानेर भोली शपथ लिनेछन्" भने ।

मुनिको उक्तिसम्मलिई, झट्टै फर्केका शत्रुघ्नहरूले, रामलाई मुनिको उक्ति सुनाउँदा रामले, सभामा वसेको सबैसंग 'सुन्नुहोस ! भोली, सीताको शपथबाट, सबैलोकले सीतामा धर्मा ऽ धर्मको निश्चय पाउने भए ।" भनी सुनाए ।

भोलिपल्ट, राजा ऋषिदेखि बैश्य शूद्रसम्मका रैति र बानरहरूसमेत कौतुहलहुँदै[१] सभा गृहमा जम्मा भए ! मुनिवर बाल्मीकिपनि सीतालाई साथमालिई आइपुगे ।

बाल्मीकि सहित सीताको सभामा प्रवेशहुँदा, बाल्मीकिलाई अगाडि लगाई उधोमण्टो गरी गहभरी आँसुलिई हातजोरी प्रवेशगरेकी सीतालाई, सभ्यहरूले ब्रह्माको पछि लागेकी लक्ष्मी जस्ती देखेर, ठूलो हर्षको आवाज निकाले !

रामको सामुन्नेमा पुगेका बाल्मीकिले—"हे दाशरथे ! उत्तमनियम पूर्ण धर्म चारिणी, कुनै दोष नपरेकी यी सीतालाई, लोकापवादबाट डराएका तिमीले, अगि मेरो आश्रमको नगीच घोर जंगलमा छोडेका थियौ ! ती सीता अहिले यहाँ सकल जनताका अगाडि, निर्दोषत्त्वबोधक विश्वासजनक शपथ लिने भएकीछन्, बचनदेऊ !

यो दुइकुमारपनि सीताबाट जम्ल्याहा जन्मेका, निर्दोषका तिम्रै छोराहुन्; सत्यकुरा बोलेको छू। हे रघुकुलश्रेष्ठ ! म प्रचेताको दशमपुत्र हूँ, झुठोबोलेको संझन्न ! यी दुइ तिम्रै छोराहुन्। मैले धेरै वर्षसम्म, सत्यनियमले तपश्चर्या गरें, गर्दैछू। यदि सीता दोषी रहिछन् भने त्यस तपस्याको फल भोगन नपाऊँ !" भनी सुनाए।

रामले "हे सुब्रत ! तपाईंले जो कुरा भन्नुभयो त्यो सबै सत्त्य छ। तपाईंको कत्ति कसर नपरेको बाक्यमा मलाई पूर्ण बिश्वास छ। सीताले अगि लंकामापनि देवताहरूका अगाडि मलाई ठूलो बिश्वास[२] दिएकी हुनाले, मैले आफ्नो मन्दिरमा प्रवेश गराएको थिएँ। हे ब्रह्मन् ! यी सीता निर्दोषको पतिब्रताहुन्, मलाई बिश्वास छ। तरपनि लोकले उठाएको बदनामीका डरले मात्र मैले त्यागनु परेको हो ! क्षमा रहोस।

सीताबाट जन्मेका यी कुश, लव मेरै छोराहुन् भन्नेपनि मलाई बिश्वास छ। तथापि जगतका अगाडि लिएको शपथबाट सबैले शुद्धत्त्व मानिएकी सीतामा, मेरो अटूटप्रीति रहनपाओस" भने।

त्यसैबेलामा, रामको अभिप्रायबुझी उत्सुकभएका[३] हजारौं देवताहरू, ब्रह्मालाई अगाडि लगाई त्यहीं आइपुगे ! दुनियाँहरूपनि उत्सुकताले जम्मा भए।

१–रमणीय कुरालाई, कहिले देखुँला भन्ने इच्छा। २–अग्नि प्रवेशबाट बिश्वास। ३–मनपरेको कुरा पाउनलाई उत्साह भएका।

रेशमीबस्त्र पहिरेकी सीताले, उत्तरमोहोडा गरी, जमीनतर्फ आँखालगाई हात जोरेर :–

"राम देखि अरू मेरो चित्तले नै नसम्झने ।
हो भने पृथिवी मेरो बाटोलाई सुरूङ् दियुन् ।।"

भनो शपथलिदा, तत्कालैमा पृथिवीबाट दिव्यदेहका नागहरूले बोकेको सूर्यजस्तो चहकिलो दिव्यसिंहासन प्रकट भयो र सीतामा स्नेह भएकी पृथिवी देवीले, दुइहात उठाई सीतालाई समातेर 'स्वागतम्' भन्दै, सिंहासनमा राखीन ! सिंहासनमा बसेकी–रसातलमा प्रवेशहुने भएकी सीताउपर, निरन्तर दिव्य पुष्पवृष्टि भयो ! देवताहरूले साधुवाद उठाए ।

सीताको शपथ देखदा, आश्चर्यमानेका देवतादेखि स्थावर जंगमसम्म सबै, कोही–चिन्तालिने[१] कोही ध्यानलिने[२] कोही टोल्हाए झैं भई रामलाई हेरीरहने[३] , कोही सीतालाई हेरीरहने[४] र आफू–आफूमा अनेक कुरागर्ने[५] पनिभए । एवं, सीताको पृथिवीमा प्रवेशहुँदा, सबैजना होस हराएजस्ता टोलाहा भए !

राम, भविष्यत् कार्यको निश्चय ज्ञाता भइकनपनि अज्ञानी झैं सीताउपर शोकलिए-जस्ता[६] देखिदा, ऋषिसहित ब्रह्माले रामलाई संझाउने[७] बुझाउने गरे ।

स्वप्नबाट व्युँझे झैं भएका राम आफ्नो कार्यमालागी, त्यहाँ जम्मा भएका ऋषि लगायत सबैलाई रत्न आदि धनहरू यथायोग्य वितरणगरी बिदागरेर, कुश लव दुइलाई साथैमालिई अयोध्या तर्फ गए ।

त्यसदिनदेखि, रामले कुनै कुरामा स्पृहा नराखी, आत्मचिन्तामालागी एकान्तमा रहने गरेका थिए ।

१–सीता कहाँ जानेहुन् ! भन्ने चिन्ता । २–पृथिवीमा प्रवेशगर्ने वेलाकी सीताको रूपमा ध्यान । ३–के गर्नेहुन् ! भनीहेरीरहने । ४–कसरी जानेहुन्, भनी हेरीरहने । ५–एक पटक अगिनै शपथलिई शकेकीलाई फेरिपनि शपथलिन, किन प्रश्न भए ! इत्यादि कुरा । ६–लोक व्यवहारका अनुसार, लोकलाई देखाउने शोक । ७–'भावी' टर्न सक्तैन' इत्यादि बचनबाट ।

एकदिन, आत्मचिन्तनमालागी, एकान्तमा बसेका रामछेउ, रामलाई 'साक्षात नारायण' भनी चिन्हेकी कौशल्या आएर, श्रद्धाले नम्रभई–"हे राम ! तिमी जगतका-कारण, आदि मध्य अन्त नभएका, सबैका उत्कृष्ट आत्मा, आनन्दस्वरूप, सकलकामनापूर्ण अतएव ईश्वर[१] ! मेरा पुण्यको प्रभावले, मेरो गर्भरूपीगृहबाट जन्मेका जस्ता भएका मात्र हौ ! अहिले मेरो अतिबृद्धा[२] बस्थामा, प्रश्नलाई समय मिलेको छ। सर्वदा तिम्रोसंगबाट मेरो अज्ञान केहि छुट्यो तापनि, सर्वथा छुटेको छैन। अहिले आखिरी अवस्थामा जसोगरी हुन्छ, मलाई भवबन्धमोक्षको बाटो संक्षेपले बुझाइदेऊ" भनीन्।

विषयबाट अलग भई बोलेकी र वुढचाइँले गलेको आमालाई, दयालु मातृ-वत्सल रामले–"हे आमा ! मैले अगि, मोक्षप्राप्तिको साधक,–कर्मयोग, ज्ञानयोग, भक्तियोग गरी तीनमार्ग बताएको थिएँ। तो मध्ये, 'भक्तियोग' सबैभन्दा सुलभ मानिएको छ। त्यो भक्तिपनि जसमा जस्तो स्वभाव छ, त्यसमा त्यसैका स्वभाव अनुसार हुनेहुनाले तामसी राजसो सात्विको गरी तीन प्रकारको हुन्छ। भक्ति,–तीन प्रकारहुँदा, भक्तपनि तोन प्रकारका हुन्छन्। जस्तै–

जो हिंसा[३], दम्भ[४], मात्सर्यको[५] उद्देश्यले[६] कर्म गर्दछ, जसको भेददृष्टि[७] हुन्छ, जो संरम्भी[८] छ, त्यसलाई 'तामसभक्त' भन्दछन्।

स्वर्ग आदि फलको आशाले जामसैजन्मको भोगलाई धन यशको आशाले कर्मगर्नेलाई र प्रतिमा आदिमा पूजागर्दा, उपास्य र उपासकमा भिन्नता संझने बुद्धिले[९] पूजागर्नेलाई "राजसभक्त" भन्दछन्।

१–सर्वनियन्ता। २–तिम्रो अवतारको समाप्तिहोला र मेरोपनि अतिबृद्धा वस्थामा। ३–शत्रुको विकार गर्नू। ४–छल,–कपटबाट आफूलाई मान लाभ आदि गराउनु। ५–अर्काको भलो नसहनु। ६–तात्पर्य वा मतलवले। ७–शत्रु मित्र इत्यादि ठहऱ्याउने दृष्टि। ८–पराईको गुणमा दोषलगाउने। ९–'यो उपास्य, म उपासक' भनी भिन्न-समजलिने बुद्धिले। –वास्तवमा, उक्त वाक्यबाट 'नादेवो देवमर्चयेत्' (आफूमा देवत्वभावना नलिई, देवतालाई आफूदेखिभिन्न संझी पूजा नगर्नू) भन्ने र त्यस्तै,–पूजाबिधानमा,–"देवताको आवाहन गर्दा, आफ्नु हृदयमा देवताको चिन्तनगरी, उनको मूलमन्त्र वा नाम मन्त्र उच्चारण गरेर, सुषुम्ना नाडीद्वारा नाकका प्वालबाट निकालेको चैतन्य-लाई, आफ्नो हातमा लिएको पुष्प पत्रादिमा स्थापन भएको चिन्तन गर्नु" भन्ने र विसर्जनमापनि,–'संहार मुद्रा' द्वारा फूल–प्रसाद उठाई सुँघी, त्यसैका गन्धको साथै देवताको तेज आफ्नो हृदयमा पुऱ्याएको भावनागर्नु' भन्ने समेत आगमको वचनलाई स्मरण गराई, उपास्य र उपासकमा भेदबुद्धि नलिनु, भन्ने बोध गराएको छ।

जसले पाप नाशलाई भन्ने बुद्धिले वा 'शास्त्रोक्त हुनाले अवश्यकर्तव्य छ' भन्ने बुद्धिले कर्म गरेर ईश्वरमा समर्पण गर्दछ, त्यसलाई "सात्त्विक भक्त" भन्दछन् ।

एवं, समुद्रमा गङ्गाका पानीको अविच्छिन्न संवन्धरहे झैं, मेरो गुणसुनी अनन्त-गुणका खानी ममा अविच्छिन्न मनोबृत्तिरहनु, "निर्गुण भक्तियोग" को लक्षण हुन्छ र फलको उद्देश्य नभएको, कतोबाट नरोकिएको[१] त्यो भक्ति ममा पर्न आउँछ र त्यस भक्तिबाट मेरो सालोक्य[२] सामीप्य[३] सारूप्य[४] सायुज्य[५] मुक्ति प्राप्तहुन्छ ! तथापि त्यसमा लागेका भक्त-हरू, मेरो सेवा विना ती मुक्ति स्वीकार[६] गर्दैनन ! त्यसैलाई[७] भक्तिमार्गको "आत्यन्तिक-योग" भन्दछन्; आत्यन्तिक योगबाट, सत्त्वरजस्तमोरूप मायालाई नाघेर म जस्तै हुनपाउँछ ।

हिंसा[८] आदि दुष्कर्म नपरेको, फलको उद्देश्यपनि नभएको, नित्य नैमित्तिक धर्मरूप कर्म योगले, मेरो दर्शन बन्दन स्मरण स्तुति पूजा दण्डवतमा लागेको, सकल प्राणीमा मेरो भावनाराखने, दुष्टसंगको संगत र असत्यलाई त्यागने, आफूभन्दा ठूलामा सत्कारगर्ने, दु:खी-का उपर दयाराखने, आफूसमानमा मित्रभावगर्ने; यम नियम प्राणायाम आदिको सेवामा लागने, वेदान्तकाबाक्य सुनने, मेरो नामको कोर्तन गर्ने, सत्संगतबाट सोझो स्वभावमा रही अहंकारलाई त्यागने, म उपर पूजा आदि धर्मको आकांक्षालिने इत्यादि नियमबाट अन्त:करण शुद्धभएको पुरुष, मेरो गुण सुन्नाले मात्रपनि, मदेखि अभिन्न हुन्छ ।

जस्तो,–हावाकावशले आफ्नो आश्रयबाट उठेको गन्ध, नाकभित्र पसनेहुन्छ, त्यस्तै,–योगाभ्यासमा लागेको चैतन्य, आत्मामा मिलनेहुन्छ । हे आमा ! सबै प्राणीमा रहने चैतन्य नै म हूँ । त्यसलाई[९] नचिन्ही मूढचित्त भई, केवल क्रियामार्गले गरेको अनेक बस्तु समर्पण[१०] बाट, मलाई संतोष गराउँदैन[११] ।

प्राणोहरूमा अपमान गर्नेले गरेको पूजा मेरोपूजा ठहर्दैन, त्यस्ताले पूजागरेको प्रतिमा वा मूर्तिपनि शिष्टहरूले पूजागर्न योग्यको हुँदैन ।

१–आफूमा विशेष संबन्ध भएको । २–एक लोकको वास । ३–नगीचको वास । ४–समान रूपलाभ । ५–ईश्वर संग एकत्व । ६–उक्त मुक्तिहरूमा, मेरो सेवा हुननपाउने हुनाले, स्वीकार गर्दैनन् । ७–सालोक्य आदिको तिर-स्कारलाई । ८–यहाँदेखि 'कर्मयोग' बतायिन्छ । ९–यहाँदेखि 'क्रियायोग' बताइन्छ । १०–चन्दन फूल धूपदीप नैवेद्य इत्यादिबाट । ११–मोक्षफलदिने संतोष गराउँदैन ।

जहिलेसम्म, मलाई 'सबैप्राणीमा रहने' भनी समझदैन[१], त्यहाँसम्म[२] आफ्नो मन लागोले प्रतिमाहरूमा पूजागरी रहोस ।

जसले, आफूमा र अर्कामा आत्माको भेद चिताउँछ, त्यस्तो भिन्नदृष्टि भएकालाई, मृत्युले भय गराउँदछ अर्थात त्यसता अज्ञानीको जन्म र मरण भई रहन्छ । अतः मलाई, एकमात्र भई सबै प्राणीमा समताले रहने ठह्र्याई, भिन्न बुद्धि नलिई, सबैका उपर ज्ञान मान[३] मित्रभावले[४] मर्यादा गरोस । एक चैतन्य मलाई, जीवरूपले सर्वत्र रहेको ठह्र्याई सबैमाप्रणाम गरोस । यसैकारणले, ईश्वर र जीवमा भेद कहिल्यै नदेखोस[५] ।

हे आमा ! मैले, भक्तियोगको प्रसङ्गमा ज्ञानयोगपनि बताएँ । केवल भक्तियोगपनि शान्तिदायक[६] छ, अतश्च भक्तियोगबाट, मलाई सबैका हृदयमा रहने उत्कृष्ट ईश्वर सम्झेर वा छोरो सम्झेर अटूट सम्झना राखनु भएमा शान्ति पाउनु हुनेछ" भनी सुनाए ।

रामको उपदेशबाट संतुष्टचित्त लिएकी कौशल्या, एकोहरोचित्तले हरबखत रामको चिन्तनलिई, संसार रूपी बन्धनबाट छुटी, सात्त्विक[७] राजस[८] तामस[९] तीनगतिलाई लंघनगरी, परमगतिमा[१०] लीन भईन ।

कैकेयी योगसंज्ञी अगि रघुपतिले जोकहेको[११] थियो त्यो,
श्रद्धाले रामलाईपनि मन मनमा संझदै प्राण छोडी ।
तेजस्वो रूपकी भै दशरथ निकट स्वर्गमा गै बसीन ती,
माता श्रीलक्ष्मणैकोपनि सबुझहुँदा भर्तुपद्मा पुगोन् ती ।।

इति उत्तरकाण्डे सप्तमः सर्गः ।। ७ ।।

केही कालपछि, भरतका मामा युधाजितले, आफ्ना मुलुकको नगीच गन्धर्व देशका

१–'जो त्यो हो, त्यही महूँ' भन्ने संझदैन । २–त्यो समझ भएपछि पूज्य–पूजकभाव हराउने हुनाले, 'त्यो समझ नभए सम्म' । ३–सन्मान । ४–सर्वत्र 'मित्रबुद्धि' लिओस' सत्रुबुद्धि' नलिओस । ५–परस्परजीवमापनि भेद नगरोस । ६–'भक्ति योग', परिणाममा 'ज्ञानयोग' गराउने 'हुनाले 'शान्तिदायक' । ७–'दहर' आदि योग लिनेले पाउने गति । ८–कर्मगनले पाउने गति । ९–जन्मिने मरिने । १०–पूर्ण ज्ञान भएकाले पाउनेगति । ११–जो, अगि चित्रकूटमा कहेको थियो ।

दुष्ट गन्धर्वहरूलाई मार्न भनी बोलाएका भरत, रामका आदेशबाट केही फौज लिई गएर तीन कोटी गन्धर्वलाई मारी, त्यसै मुलुकमा 'पुष्करावत' र 'तक्षाशिल' नामक दुइ शहर बसाली, आफ्ना छोरा 'पुष्कर' लाई पुष्करावतीको र 'तक्ष' लाई तक्षशिलाको राज्यमा अभिषेक गरी, धनधान्य सुहृत्समृद्ध गराई रामका सेवामा फर्के।

एकदिन रामले, लक्ष्मणलाई बोलाई–"तिमो, तिम्रा दुइछोरालाई लिएर पश्चिम दिशामा जाऊ, त्यहाँ सबैसंग बिरोध गर्ने दुष्टमल्लहरूछन् तिनलाई जितेर अंगद र चित्रकेतु दुइछोराका निमित्त, दुइ शहर बसाली, हात्ती, घोडा, धन–रत्नहरू समेतले संपन्न गराई, छोराहरूलाई राज्यमा अभिषेक गरेर चाँढैनै फर्की आऊ" भनी अह्राए।

रामको आज्ञामानी, हात्तो, घोडा सहित केही फौजलाई लिई, पश्चिम दिशामा गएका लक्ष्मण, सबै दुष्टहरूलाई मारो, दुइ शहर बसालो, दुई छोरालाई राज्यमा अभिषेक गरो त्यहीं छोडेर आफू रामछेउ फर्के।

त्यसदेखि धेरै समयपछि, धर्मपथमा रहेका रामको दर्शनलाई, ऋषिको भेषलिई आएका 'काल' ले लक्ष्मणलाई भेटी–"हे धीमन्! म अतिबल महर्षिमुख्यको दूत हूँ, धेरै वेर लगाई बुझाउनुपर्ने कुरा लिई आएको छू, रामको दर्शन पाउनलाई निवेदन चढाइदेऊ" भने।

तिनको बाक्यसुन्दा, हडबडाउँदै गएका लक्ष्मणले रामछेउ पुगी, तपस्वीको समाचार सुनाए।

रामले–"को मुनिहुन्! सत्कारपूर्वक झट्टै प्रवेश गराऊ" भने।

लक्ष्मणले–"हवस" भनो, छिटोहुँदै निस्केर, देखदैमा घिउले सेचनभएको आगोको ज्वाला झैं आफ्नै तेजले जलेका तपस्वीलाई सत्कारपूर्वक भित्रयाए।

रामको नगोचमा पुगेका मुनिले रामलाई मधुरो स्वरले 'वर्धस्व' भनी, आशीर्वाद- चढाई आरामी प्रश्न गरे।

रामले, मुनिलाई यथाबिधि सन्मान गरेर आरामी प्रश्नगरो, "हे मुने! जुनकुरा[1]

१–आफ्ना मालिकले समाचार पठाएका कुरा।

लिई आउनु भएको छ ती कुरा मलाई सुनाउनु होस" भने ।

मुनिले, –"दुइ जनामात्र भई भन्नुपर्ने, कसैलाई सुनाउन नहुने कुरा हुनाले, कसैले सुन्यो वा कुरामालागेका हामी दुइलाई देख्यो भने मात्रपनि, त्यो तपाइँबाट वध्य[१] होओस" भने ।

रामले,–"हुन्छ" भनी प्रतिज्ञा गरेर लक्ष्मणलाई "तिमी ढोकामा गई बस, यहाँ एकान्तमा कोही आउन नपाओस; यदि कोहीहोस[२] आएछ भने, त्यो अवश्य मेरो वध्य हुनेछ" भनी, लक्ष्मणलाई बाहिर पठाई, मुनिसंग–तपाइँलाई जसले पठाएको छ तिनैका मनसायको वा तपाइँकै मनसायको, जे कुरा भन्नु छ सुनाउनु होस" भने ।

मुनिले–"हे राम ! सत्यकुरा सुन्नुहोस, मलाई ब्रह्माले पठाएको हो, म[३] पहिले[४] मायाको दृष्टि मात्रबाट जन्मेको[५] तपाइँको छोरो, सबैलाई नाशने 'काल' हूँ ! सबै देवता र ऋषिहरू समेतले पुकारेका ब्रह्माले, तपाइँसंग स्वर्गलोकको रक्षानिमित्त समय-प्रार्थना[६] गरेकाछन् :–

"अगि, तिमो एकमात्र थियौ, आफ्नी भार्या बनेकी मायाको साथभई लोक संहार गरेर, पहिले म छोरोलाई र जलशायी 'शेष' लाई पैदागर्‍यौ । हामीदुइलाई[७] पैदा गरेपछि, ठूलो पराक्रम बल भएका मधु र कैटभ दुइ दैत्यलाई मारी, तिनैका बोसो र हाडका थुप्राबाट पहाड मिसिएकी पृथिवी खडागर्‍यौ । पछि तिनै शेषमा सुतेका तिम्रो नाभिमा रहेको चहकिलो कमलबाट मलाई उत्पन्नगरी प्रजाध्यक्ष गराएर सबैभार[८] ममा सुम्पियौं ।

प्रजाको उत्पादनादि व्यवहार जिम्मालिएको मैले तिमीसंग–"मेरा प्रजाहरूलाई दुःखदिने प्राणीहरूबाट रक्षागर" भनेको थिएँ र तिमी 'बामन' रूपलिई कश्यपबाट जन्मेका थियौ । अहिलेसम्मपनि राक्षसका फौजलाई मार्दै भूभार हटाएकै छौ !

हे धरणीधर ! एवं प्रकारले प्रजाको उद्धारगर्दा, रावणलाई मार्ने इच्छाले मर्त्य-

१–मारिने । २–तिमी नै वा अरू कोही । ३–तिमी को हौ ? भन्ने जिज्ञासाको संभावना राखेर उत्तरको रूपमा आफै बताउँदछन् । ४–सबैसृष्टि भन्दा पहिले । ५–यसलाई, 'महत्तत्त्वको अंशविशेष' मानिएको छ । ६–यतिका–कालसम्म भूलोकमा बसी, अब स्वर्गमा फर्कने समयको प्रार्थना । ७–यी दुवैलाई, 'महत्तत्त्वको अधिष्ठाता' भन्दछन् । ८–प्रजाको उत्पादन–पालन आदि भार ।

लोकमा आएका हौ, एघार हजार वर्ष बित्यो; अव देवतासंग गरेको आफ्नो प्रतिज्ञापनि पूर्ण भएको र, नरलोकमा सुहाउँदो आयुपनि पूर्ण भएकोले, म काल तपस्वीको रूपलिएर आएको छू ! अझैपनि राज्यसेवामा इच्छा छ भने, राज्यसेवा नै भई रहोस" भन्ने यहि प्रार्थना छ ।

हे जितेन्द्रिय ! यदि देवलोक जाने बिचार हुन्छ भने, देवताहरूलेपनि बिष्णुको दर्शन पाउने भई हर्षमनाउन पाउनेछन् ।"

ब्रह्माको प्रार्थना भनी, जगतको नाशक कालले सुनाएका कुराबाट मुसु–मुसु हाँसेका रामले–"तिम्रो कुरा बुझें, मेरोपनि त्यही इष्ट छ । मेरो उत्पत्तिको प्रयोजन–तीनैलोकको कुशलनिमित्त हो ! मनोरथ पुगेको छ । अहिले तिम्रो आगमनबाट संतुष्ट छू, तिमीलाई कल्याण छ ! जहाँबाट आएथें उहीं जानेछू, अरू बिचार छैन । मेरा सेबक देवताहरूको कार्यसिद्धिका निमित्त, मैले मायासंग१ मिली बस्नुपर्दछ, जस्तो–तिमीले 'ब्रह्माले भनेको' भनी सुनायौ" भने ।

एवं, ती दुइको कुरा नटुंगिदैमा राजद्वारमा आइपुगेका दुर्वासा ऋषिले लक्ष्मण-लाई देखेर–"मलाई झट्टै रामसंग भेट गराऊ, मेरो अत्यन्त जरूरी छ चाँढै जाऊ" भन्नलागे ।

लक्ष्मणले आगोजस्ता तेजस्वी मुनिसंग "रामले गर्नुपर्ने तपाइँकोकाम के हो ? भन्नुहोस म पूर्णगर्दछू; राम अहिले ब्रिशेष राजकार्यमा लागेका हुनाले दुइघडी पर्खनु पर्ने भयो" भने ।

लक्ष्मणको उक्तिसुन्दैमा तातेका दुर्वासाले–"ए लक्ष्मण ! सुन ! यसै क्षण-भित्र रामसंग भेट गराएनौ भने, दशरथको वंशलाई देशसहित भस्म गराइदिन्छू, शंका नराख" भने ।

लक्ष्मणले अत्यन्त भयलाग्दो बचनसुनेर बाक्यकोरूप२ बिचारगरी मनमनै–'दुर्वासा रूप कारणबाट सबैको नाश हुनुभन्दा, म एउटाको नाशहुनु भलो छ' भन्ने निश्चयलिई भित्रपसेर रामलाई समाचार सुनाए ।

१–यस उक्तिबाट,–'यो सबै माया नै हो' भन्ने झलका दिएको छ । २–निर्दयता ।

लक्ष्मणको कुरासुन्दा, रामले काललाई विदागरी आफूपनि झट्टै निस्केर दुर्वासालाई आदरसंग अभिवादनगरी "तपाइँको के कामपर्‍यो ? भन्नुहोस म गर्दछू" भने ।

ऋषिले–"आज मेरो हजार वर्षको उपवास समाप्त हुनेहुनाले, तपाइँकहाँ बनेको खाद्य खान इच्छा गर्दछू" भने ।

मुनिको माग सुनी संतोष मानेका रामले मुनिलाई तत्काल तयारी पदार्थहरूबाट भोजन गराए । अमृत जस्ता मिष्ट पदार्थहरूखाई तृप्तभएका ऋषि निसकी आफ्नो आश्रमको बाटो लागे ।

राम, कालसंग भएका कुरा संझदा, आफ्नो प्रतिज्ञाबाट लक्ष्मण मारिए जस्तो हुनआई, शोक र दुःखले मलोनमन अति विहूल भई बोलनपनि नसकी, शिर झुकाई बसे ।

एवं, स्नेहले पारेको बन्धनलाई धिक्कारदै, दुःखमानी चिन्तालिई१, चुपलागो बसेका रामलाई देखदा, मर्मबुझेका लक्ष्मणले "हे रघुनन्दन ! मेरो निमित्तमा ताप नलिनुहोस, मलाई वध गर्नुहोस । कालकोगति अगिदेखि नै यस्तै छ; अबश्यभ्भावी टर्दैन । मेरोनिमित्त, तपाइँको प्रतिज्ञा हानि भएमा, मेरोपनि अबश्य नरकबास हुनेछ । यदि ममा प्रीति र अनुग्राह्यता रहन्छ भने, हे प्राज्ञ ! शंका नलिई मलाई बध गर्नुहोस ! प्रतिज्ञा धर्मलाई नछोड्नु होस" भने ।

लक्ष्मणको बचनबाट, मनर्फकिएका२ रामले, बसिष्ठ र मन्त्रीहरूसमेत सबैलाई बोलाई अगि कालले गरेका कुरा, आफूले गरेको प्रतिज्ञा, दुर्वासाको आगमन समेत सबै सुनाए ।

रामको कुरा सुनेका गुरू पुरोहित मन्त्री समेत सबैले हातजोरी, बिरूद्धकर्ममा नपरेकारामसंग–"भूभार हरण निमित्त मात्र शरीरलिएका तिम्रो लक्ष्मणसंग वियोग हुने कुरा, हामीले बिज्ञान दृष्टिबाट पहिले नै थाह पाएका छौं ! लक्ष्मणलाई त्याग, प्रतिज्ञालाई पालन गर । प्रतिज्ञा भङ्ग भएमा धर्म निष्फल हुन्छ । धर्म नष्ट भएमा, तिमी तीनैलोकका पालक हुनाले, तीनैलोक अबश्य नाशिन्छ । हे रघूत्तम ! लक्ष्मण एउटालाई त्यागी, तीनै-

---

१–भ्रातृत्व स्नेहले गर्दा वधमा अशक्त भएको, र वधन गरेमा प्रतिज्ञाहानिहुने कुराको चिन्ता । २–भ्रातृ स्नेह छुटेका ।

लोकलाई रक्षागर" भने ।

एवं, बसिष्ठ आदि सबैले सहमतगरी बोलेको, धर्मार्थमा मिलने न्याययुक्त बचन सुनेर, रामले–"ए लक्ष्मण ! तिमी जहाँ मनलाग्दछ उहीँ जाऊ, धर्मको क्षय हुननपाओस । सज्जनका निमित्त परित्याग नै बधसमान हुन्छ" भनी, लक्ष्मणलाई विदादिए ।

रामको उक्तिसुन्दैमा; दुःखमानी आँखा लोलाएका लक्ष्मण, रामलाई प्रणाम गरी पहिले आफ्नो घरमा पसे । घरबाट निसकी सरयूको किनारमा पुगी आचमन गरेर, दुइहात जोरी शरीरका नवद्वारलाई[१] रोकी, प्राणलाई तालुमा चढाई, मनलाई अविनाशी परब्रह्म बासुदेवको[२] चिन्तनमा लगाए ।

प्राणादि बायु रोकेका लक्ष्मण उपर, देवता ऋषि अग्निहरू पुष्पबृष्टि गर्दै स्तुतिगर्न लागे । देवता सम्मकोपनि आँखानपर्ने सूक्ष्मशरोर लिएका लक्ष्मणलाई, इन्द्रले स्वर्गमा पुऱ्याए ! स्वर्गमा पुगदा, बिष्णुको चतुर्थांश शेषरूप लिएका लक्ष्मणलाई, देवर्षिहरूले स्वागत गरे ।

स्वर्गमा जब पुगे ति लक्ष्मण, धातृसाथ[३] भइ सिद्धलोक का ।
सिद्ध आइकन शेषरूपमा[४], भेटि दर्शनगरी फिरे सबै ।।

इति उत्तरकाण्डे अष्टम : सर्गः ।। ८ ।।

लक्ष्मणसंग बिछोडपर्दा, दुःखमानेका रामले मन्त्री महाजन सहित बसिष्ठसंग "म पनि आजै अधिराज्यमा भरतलाई अभिषेक गरेर लक्ष्मणको पछिलाग्दछू" भने ।

रामको वाक्य सुन्दैमा दुःखमानेका नागरिक रैतिहरू, जरा उखाडिएका बृक्षझैं, भूइँमा पछारिए[५] । भरतपनि मूर्च्छामा परेझैं भई, राज्यलाई तुच्छगर्दै भन्नलागे–"म आफ्नो सत्यसम्झी शपथ गर्दछू, हजूरबिना स्वर्गमा होस वा पृथिवीमा राज्यको आकांक्षा गर्दिन । हे महाराज ! यो कुश, लव दुइलाई अभिषेक होस, कुशलाई कोशलको र लवलाई

१–दुइ आँखा दुइकान, नाक, मुख, बायु उपस्थ ब्रह्मरन्ध्र समेत नवद्वार । २–'वासुदेवो ऽ हं' भनी चिन्तन गर्दै । ३–ब्रह्माको साथ भई । ४–यसमा,–'जस्तो–दुध, दहीको भाव बन्दछ; त्यस्तै–उही शरीर स्वर्गमा पुगदा, सर्पको आकार 'शेष' बने ! भन्ने बुझाइएको छ । ५–रामसंग छुट्टिनु पर्लाभने त्रासले, कातरभई भूइँमा लडे ।

उत्तरपट्टिको राज्यमा अभिषेक बक्सियोस । शत्रुघ्नलाई लिई आउन दूत खटियुन हाम्रो स्वर्गबासलाईहुने गमन सुन्न पाउन" भने ।

भरतको कठोर बाक्य सुन्दा बसिष्ठले भरतको मुखमा र भूईंमा लडिरहेका रैतिहरू-मा समेत आँखा घुमाउँदै दयाले रामसंग–"हे बाबु ! आदरले हेरनुहोस, दुनियाँहरू सबै भूईंमा लडीरहेछन् ! पहिले तिनीहरूलाई उनका अभिप्रायमा मिल्दो प्रसन्नता दिनुहोस" भने ।

रामले, बसिष्ठको बचन स्वीकारगरी सबै रैतिलाई स्नेहपूर्वक उठाएर "तिमीहरू-लाई के गर्नु पर्‍यो ?" भने ।

भक्तिपूर्वक हातजोरेका रैतिले "हजूर जहाँगएपनि, हामी पछिलागन पाऊँ ! यही हाम्रो ठूलो लालसा छ, हजूरको पछिलागनु नै अक्षय धर्म संझेका छौं । हे रघुनन्दन ! तपोबनमा वा स्वर्गमा जहाँगएपनि स्वास्नी, छोरालाई समेतलिई पछिलागने निश्चय लिएका छौं" भने ।

रामले, रैतिकामनको दृढ निश्चय बुझ्रो, कालको बचनपनि संझेर, भक्त नागरिक-हरूलाई "हुन्छ" भनो सुनाए ।

त्यसैदिन कुश, लव दुइभाइ प्रत्येकलाई आठहजार रथ एकहजार हात्ती साठीहजार घोडा समेतका फौज र अरू रत्नादि धन समेत भागलगाई राज्यमा स्थापन गरे ।

धन रत्न आदिले संपन्न भएका र हृष्ट पुष्ट जनताबाट सेवाभएका कुश, लव राम-लाई दर्शन गरी बियोग जन्य दुःख मनाउँदै बिदा भए ।

रामले शत्रुघ्नलाई बोलाउन भनी दूतहरू पठाए । मथुरामा पुगेका दूतहरूले शत्रुघ्न-लाई, कालको आगमन, रामको प्रतिज्ञा, दुर्वासाको चेष्टा, लक्ष्मणको निकाला, छोराहरूमा अभिषेक भएको र अरूपनि रामलेआँटेको[1] कुरा सबै सुनाए ।

सबैभाइ नाशिनेकुरा सुन्दा दुःख मानेका शत्रुघ्नले, धैर्यलिई छोराहरूलाई 'सुबाहु'

१--स्वर्गारोहण आदि ।

लाई मथुरामा र 'यूपकेतु' लाई त्रिदिशा शहरमा छोडी, आफू हडवढाउँदै अयोध्यामा पुगे ।

अयोध्यामा चिरजीवी ऋषिहरूका माझमा, अग्निका ज्वाला जस्ता तेजस्वी, धोती र उपर्नामात्र लगाईबसेका, रमानाथ रामका पाउमा दर्शनगरी, हातजोरेर "हजूरकोपछि लागन पाउने निश्चयलिई, दुइ छोरालाई राज्यमा अभिषेक दिएर उपस्थित भएको छू; बिशेष भक्त हूँ, मलाई नछोडिबक्सियोस" भनी निवेदनगर्दा, रामले "तिमी मध्यान्हमा तयार भईरहू" भने ।

त्यसै बखतमा, रामको बाहिरिने कुरा सुनी आएका कामरूपी बानर, भालु, राक्षस समेतका फौज र ऋषि देवताहरूका छोराहरू समेत सबैले 'हामीपनि पछिलागन निश्चित छौं' भने । त्यसै बखतमा आइपुगेका सुग्रीवलेपनि दर्शनगरी "मपनि पछिलागन पाउने निश्चयलिई, समर्थ अंगदलाई राज्य जिम्मा लगाई आएको छू" भने ।

एवं, सबैको दृढ आग्रह सुन्दा, रामले नरमबचनगरी बिभीषणलाई "तिमी जहाँसम्म पृथिवीले प्रजाधारण गर्दछिन्, त्यहाँसम्म प्रजापालनगरी, राक्षस संबन्धिराज्य चलाई बस । यसमा तिमीले कुनैकुरालिई आग्रह गर्‍यौ भने मलाई मारेजस्तो हुनेछ" भनी, हनूमानलाई "ए हनूमन ! तिमो चिरञ्जीवीभई बस, मेरो बचनलाई लंघन नगर" भनी, जाम्वबानलाई[१] "तिमी द्वापरसम्म पृथिवीमा नै बसोरहू, द्वापरमा केहीकारणबाट, तिमीसंग मेरो लडन्त पर्नेछ ! त्यसपछि स्वर्ग जान पाउनेछौ" भनी, ती बाहेक अरू सबैलाई "तिमीहरू मेरा साथैमा जानपाउने छौ" भनी, संतुष्ट गराए ।

त्यसको बिहानै रघुनाथ भन्दछन वसिष्ठमा नम्रभएर "हे गुरो !
मेरा सराजाम यि अग्निहोत्रका अगाडि लागून विधिपूर्ण भैकन" ॥
यत्ती सुनी तत्परभै बसिष्ठले प्रस्थानका कर्म गरे बिधानले ।
ततश्च क्षौमाम्वर[२] पैह्रि रामलेलिई दुईकौश[३] पवित्र हातमा ॥
आकाशमा चन्द्र उदाए झैं भई निस्के पुरीबाट[४] सहस्त्रचन्द्र[५] झैं ।
लक्ष्मोपनि[६] पद्मलिई त्यसैबखत आईन र बायाँ नगिचै भई रहीन् ॥

१–"यहाँ जाम्ववान भनी, ऐन्द्र, द्विविदकोपनि उपलक्षण छ" भन्ने, कहीँ व्याख्यानकर्ताको उक्ति छ । २–पट्ट वस्त्र । ३–कुशका पबित्र । ४–अयोध्या पुरीबाट । ५–सहस्त्र चन्द्रको तेजनिस्के झैं । ६–अगि गइसकेकी सीता, अहिले लक्ष्मीको रूपले नगीचमाआई बायाँतर्फ रहीन ।

आइन ति पृथ्वीपनि[१] दिव्यदेह भै रक्तोत्पलै लीकन दाहिने रहीन् ।
समस्त शस्त्रास्त्र र शास्त्रलेपनि शरीर ली आइ अगाडि भै रहे ।।

शरीरधारी[२] श्रुति साथमालिई आइपुगे चारमुनीश्वरैपनि[३] ।
श्री वेदमातापनि[४] ॐ र व्याहृति साथैलिई आइपुगीन शरीर ली ।।

त्यसै बखत कैकयिपुत्र[५] निस्किए पत्नी र भाई सब नोकरैलिई ।
ढोका खुलेको अपवर्ग[६] सदृश–श्री रामबाटैं अगि इष्टप्राप्त[७] भै ।।

प्रजाहरू पुत्रकलत्र साथ ली पछी–पछी लागि गए प्रसन्न भै ।
लक्ष्मीसंगैका रघुनाथ देखदा, पुरीनिवासी जनताहरू सबै ।।

रमाउँदै बृद्ध र वाल साथ ली मन्त्रीहरूका संगमा मिली हिंडे ।
न कोहि थीए भवदुःख[८] भोगने न ता थिए वाह्यसुखादि[९] संझने ।।

आनन्दरूप प्रतिभास[१०] पाउँदा, विरक्त मे राम पछी–पछी गए ।
सुसूक्ष्म प्राणीपनि जे जती थिए स्थावर[११] जंगमै[१२] पनि ।।

गए पछीलागि अनन्तशक्तिमा मिले विरक्तै बनि एक ईशमा ।
श्रीराम संझेर पछी नलागने कोही भएनन् शहरै वरी–परी[१३] ।।

श्रीरामले छोडीदिदा बजारनै चांचूम भै शून्यभयो जताततै ।
सुग्रीवकासाथ सबै ति बानर नुहाइआए शुभशब्द बोलदै ।।

श्रीरामले केहि परै पुगेपछि देखेर गंगाजिकिनारमा पुगी ।
संझी विराट्रूप–स्वरूप आफनू देखेजगत यो सब चित्तभित्र नै ।।

त्यसैबखत सिद्ध र देवता ऋषि साथैलिई आइपुगे प्रजापति[१४] ।
विमानका लश्कर कोटियौंपनि अपारभै[१५] सूर्यसमान तेजली ।।

१–पृथिवीकी अधिष्ठातृ देवता । २--शरीर लिएका चारवेद । ३--सनकादि चार । ४--गायत्री । ५--भरत । ६--मोक्ष । ७--अगि प्रजाले 'हामीपनि पछि लागन पाऊँ' भन्दा, रामले 'हुन्छ' भनेको हुँदा इष्ट प्राप्त । ८--सुखका निमित्तको दुःखलाई भोगेका । ९--बाहिरका बिषयलाई संझने । १०--आनन्दरूप रामकोपछि लागदा तिनैको टकपरी आनन्द र त्यस आनन्दद्वारा 'विरक्त' (कुनै बिषयमा तृणा नरहेको) । ११–नचलने । १२--चलने । १३–अयोध्या शहरको बरी–परी । १४–ब्रह्मा । १५–यहाँदेखि त्यहाँसम्म भन्ने नभई ।

आईपुगे देवसुसेवितै भई, "आकाश" तारागण पूर्ण झैं भयो ।
पुण्यंगरी जो अगि स्वर्गमा थिए आए महात्माहरू तीपनी त्यहाँ ।।

सुगन्धसंयुक्त समीर फैलियो सुगन्ध संयोजित पुष्प वृष्टि भो ।
मृदङ्गवीणाहरू बज्नलागदा गाए सबै पक्ष र किन्नरादिले ।।

श्रीराम, टेकी दुइपाउ पानीमा घुमे नदीमाथि अनन्तशक्ति भै ।
त्यसैबखत अञ्जलि बाँधि आत्मभू[1] भन्छन्– "परात्मन् परमेशहौ[2] तिमी ।।

आफै सदानन्द र पूर्णईश छौ अतः सबै तत्त्वस्वरूप[3] बुझ्दछौ ।
तथापि[4] मानेर कुरा मदासको गर्छौ सबैकाम र "भक्तभक्त" छौ ।।

अतश्च भन्छू–, दुइभाइ लीकन प्रवेशहोस् वैष्णवदेह एकमा ।
यद्वा अरूदेह रूचाउनेभए त्यसमापसी पालनहोस लोकको ।।

हौ हैं तिमी "बिष्णू" अमर्त्यका पति, चिन्दैनकोही म विना तिमीकन ।
नमो नमस्तेछ सहस्रवार नै हे राम ! देवेश ! प्रसन्न भैरहू" ।।

ब्रह्माजिको माग सुनेर रामले, देवादिको दृष्टिछलेर[5] झट्ट नै ।
ठूलो प्रकाशैलिइ चारबाहु भै सशंखचक्रादि[6] लिए ति बाहुमा ।।

कैकेयिकापुत्र वने सुदर्शन शत्रुघ्न शंखै बनि बाहुमा मिले ।
थिए अगी लक्ष्मण जो ति शेषभै शय्याबने[7] बिष्णुस्वरूप रामको ।।

सीता ति लक्ष्मीवनि साथमैथिईन्, अतश्च श्रीराम अनादि "बिष्णु" हुन् ।
भाई मिलाई अगिकैं[8] शरीर लो अत्यन्त तेजोमयमूर्तिका भएं ।।

ती ब्रिष्णुपाई, मुनिसिद्ध देवता ब्रह्मा र यक्षादिपनी सबैमिली ।
चारौंदिशा भै स्तुतिगीत वाद्यले पूजागरी सिद्ध मनोरथै बनी ।।

१–ब्रह्मा । २–जगतको सृष्टि स्थिति प्रलयकर्ता । ३–ब्रह्मरूप । ४–यी बाक्य–, त्यसता ब्रह्मरूपले शरीरलिनु किन त ? भन्ने शंकाको निवारणलाई भएको हो । ५–आफ्ना रहेको प्रकाशबाट, कसैका आँखाले देखन नपाउनेगरी । ६–शंख चक्र गदा पद्म । ७–अगि लक्ष्मणरूपबाट यहाँककाहुन् तापनि, अहिले आफ्नो शेषरूपलिई बिष्णुको शय्याबने । ८–बिष्णुकै ।

आनन्दको नेत्र र शान्तचित्तली खडारहे अञ्जलिबाँधि सामुमा[1] ।
भक्तानुरोगी भइ बिष्णु भन्दछन् ब्रह्माजिमा "यी अनुरक्तछन् ममा ।।

हुन् भक्त सानाहरू[2] नै भएपनि म जानलाग्दा पछिलाग्न खोज्दछन् ।
जाऊन यि वैकुण्ठसमान लोकमा पठाउ मेरो बचनै लिईकन" ।।

तद्रूप निर्देश सुनी विरिञ्चिले "जाउन् यि सान्तानिक लोकमा सबै ।
मदेखि[3] माथी अतिदीप्यमान छ, हजूरको नाममलि प्राण छोड्ने ।।

योगादिले ध्यानलिने पनी सबै हजूरमाभक्ति हुने जती सबै ।
पुग्छन् त्यहाँ चित्र–बिचित्र भोग छ" भनी सुनाएपछि, हृष्ट भै सबै ।।

डुब्कीलिई वानर राक्षसैहरू गंगाजिमा ऐहिकदेह छोड्दै ।
पुगे सबै ती अगिके स्वरूपमा जुन् अंशका हुन् उहिरूपमा मिले[4] ।।

सुग्रीव जो वानरमुख्य वीर हुन् श्रीसूर्यका वीर्यहुँदा उहीँ मिले ।
त्यसैपछी, मानिस जो जता थिए डुवेर गङ्गामनि देह छोड्दै ।।

पाएर श्रृंगार, विमानमा बसी ति "सान्तानिक" लोकमा पुगे ।
साना ति प्राणी पनि रामदृष्टिका[5] भित्रै जलैमा पसि स्वर्गमा पुगे ।।

तमास हेर्ने जनता पनी सबै, श्रीरामको दृष्टिपरो विमुक्त[6] भै ।
चिन्हेर "लोकै भरिका ठुला" भनो संज्ञी "परात्मा" डुवि स्वर्गमा पुगे ।।

यो यत्ति नै ऊत्तरकाण्डमा भने श्रीरामको अन्त्यकथा ति शम्भुले ।
यसमध्य थोरैपनि पाठगर्छ जो अज्ञानको पाप हटाउनेछ त्यो ।।

१–यहाँसम्मको उक्तिले, "श्रीरामको बिष्णुरूप प्राप्तिबाट वैकुण्ठबास भयो" भन्ने बुझाइएको छ । परन्तु, महाभारत सभापर्वमा सबै लोकपालको बर्णन हुँदा, यमसभाको प्रस्तावमा नारदले "रामलक्ष्मण पनि यमसभामा देखेथे" भन्ने उक्तिगरेको लाई–, उहाँहरू बिष्णु र शेषकारूपले आ-आपना स्थानमा पुगेका भएपनि, उहाँहरूको अवतारमा, दुष्टवधबाट शिष्टकोपालन र आफ्नो आचरणबाट, लोकलाई धर्मको मर्यादा बोधसमेत दुइप्रयोजन रहने हुनाले, मायिक शरीरबाट त्यहाँपनि रहनु, अथबा उपासकका उपरअनुग्रहनिमित्त प्रतिमा रूपमा रहनु कुनै क्षति छैन ।
२–सानातिना प्राणी नै भएपनि । ३–ब्रह्मलोकदेखि माथि । ४–अगि, जो जसकाअंशबाट पैदाभएका थिए, अहिले ती तिनैकारूपमा मिले । ५–रामका दयादृष्टिमा परेका । ६–रामका दृष्टिमा पर्दा, मायामोहबाट छुटेकाभई ।

अतश्च अज्ञान र पाप नाशन जो पढछ एकै पनि श्लोक भक्तिले ।
छुटी सबैदोष र जान्छ रामको सालोक्यमा,१ जो अरूबाट छैन त्यो ।।

श्रीशम्भुसंवद्ध भविष्यदर्थको श्रीपार्वतीमा शिवले सुनायको ।
आख्यान यो श्रीरघुनाथरामको सुनेर नै "राम" खुशी मनाउँछन्२ ।।

जो भक्तिले सुन्छ र पढ्छ नित्य, त्या हुन्छ जन्मान्तरपापमुक्त ।
अध्यात्मरामायण लेखनेको सुन्ने र पढने पनि तो सबैको ।।
श्रीराम, सोता संगमा लिएर सर्बत्रकल्याण गराउने छन् ।।

रामायणै जनमनोहर आदिकाव्य,
ब्रह्मादिदेव सबले अति मानिएको ।

श्रद्धालिई पढछ वा सुनिलिन्छ नित्य,
त्यो हुन्छ शुद्ध अनि पाउँछ "बिष्णुलोक" ।।

इति उत्तरकाण्डे नवमः सर्गः ।। ९ ।।

अध्यात्मरामायणं समाप्तम् ।।

१–एकैलोकमा सहवास । २–यसमा, 'सर्बत्रव्यापक भगवान्लाई सुनाउँछु, भन्ने बुद्धिले बाचन लगाउँछ वा . आफैं बाचतछ भने "राम संतुष्ट हुन्छन् र सबैकुराको सिद्धि प्राप्त हुन्छ, भन्ने भाव परेको छ ।

नेपाल प्रिन्टिग सर्भिस
१२३, असन त्यौडटोल
काठमा[illegible]-११
* मुद्रकः *